मौलिक हक सम्बन्धी स्रोत सामग्री

सम्पादन

हरिप्रसाद जोशी
सहन्यायाधिवक्ता

महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाण्डौ, नेपाल

मौलिक हक सम्बन्धी स्रोत सामग्री

सम्पादन : हरिप्रसाद जोशी
विशेष सहयोग : प्रकाश गौतम
सम्पादन सहयोग : नारायण स्वर्णकार

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय
प्रकाशन मिति : २०७८ असार
प्रकाशन संख्या : १००० प्रति

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :-.....

मन्तव्य



प्रत्येक नागरिकका नैसर्गिक हकलाई संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ। कतिपय अवस्थामा यस्तो हक व्यक्तिको हकमा समेत लागू हुन्छ। विभिन्न मुलुकको तुलनामा नेपालको संविधानमा धेरै प्रकारका मौलिक हकहरु राखिएका छन् । यी संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयनमा ल्याउन तथा कृयाशील बनाउन विभिन्न कानूनहरु निर्माण भएका छन्। २०७५ असोजमा एकैचोटी विभिन्न १६ वटा विषयका कानूनहरु कार्यान्वयनमा ल्याइएका छन्। संविधान कार्यान्वयनका सवालमा यो एउटा महत्वपूर्ण उपलब्धि हो । मौलिक हकलाई सर्वसाधारणको हितमा कार्यान्वयन र प्रचलनमा ल्याउन नेपालको संविधानले सरकार र सरकारी संयन्त्र विरुद्ध असाधारण अधिकारक्षेत्र अन्तरगत सर्वोच्च अदालत तथा उच्च अदालतमा निवेदन गर्न सक्ने व्यवस्था गरेको छ । कतिपय विषयमा जिल्ला अदालतमा समेत निवेदन लाग्न सक्ने व्यवस्था छ । अदालतले यी मौलिक हक कार्यान्वयनका लागि आदेश गर्न सक्ने संवैधानिक प्रत्याभूति संविधानले गरेको छ ।

सरकार तथा सरकारी निकायका विरुद्ध दायर हुने यस्ता रिट निवेदनहरुमा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जिम्मेवारी महान्यायाधिवक्तालाई सुम्पिएको छ । सोही बमोजिम महान्यायाधिवक्ता आफैले वा अधिकार प्रत्यायोजन गरे बमोजिम मातहतका सरकारी वकीलहरुबाट सो जिम्मेवारी निर्वाह हुदै आएको छ। प्रतिरक्षालाई गुणस्तरीय, प्रभावकारी र जनमुखी बनाउन सरकारी वकीलको व्यावसायिकता र संस्थागत विकासको आवश्यक्ता पर्दछ। यसका लागि श्रोत सामग्रीहरुको उपलब्धता स्वभावत: आवश्यक हुन्छ । महान्यायाधिवक्ताको कार्यालय विभिन्न विषयका श्रोत सामग्री तयार गर्न निरन्तर लागिरहेको छ र यसमा केही उपलब्धि पनि हांसिल भएका छन्। मौलिक हक सम्बन्धी यो श्रोत सामग्री यसकै एउटा कडी हो । यसमा समेटिएका विषयवस्तु सरकारी वकीलको कार्य सम्पादनमा उपयोगी हुने र मौलिक हक सम्बन्धीका विवादहरुमा प्रतिरक्षालाई प्रभावकारी बनाउन सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

मौलिक हक सम्वन्धीको यो श्रोत सामग्री सरकारी वकीलको सहभागिता र मेहनतबाट तयार भएको छ । यस श्रोत सामग्रीमा मौलिक हकको परिचय, अपराध पीडितको हक, सूचनाको हक, छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक, वैयक्तिक गोपनीयताको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, ज्येष्ठ नागरिकको हक, अपांगता भएका व्यक्तिको हक, उपभोक्ताको हक, खाद्य सम्बन्धी हक, आदि समेटिएको छ । यस अतिरिक्त ती हक कार्यान्वयनसँग सम्बन्धित कानूनी व्यवस्था, यसको अवधारणा र अदालतको दृष्टिकोण लगायतका विषयहरु समेटिएका छन् ।

सरकारी वकीलहरुको आफ्नै प्रयासमा यो श्रोत सामग्री प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस प्रकाशनले मौलिक हक कार्यान्वयन सम्वन्धी विवादहरुमा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षामा संलग्न रहने सरकारी वकीललाई तथा यस विषयमा रुचि राख्ने जो कोहीलाई पनि लाभ पुग्ने अपेक्षा राखेको छु। प्रस्तुत स्रोत सामाग्री तयार गर्ने कार्यमा संलग्न सबै लेखकहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । पुस्तकको सम्पादन कार्यमा संलग्न सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी र सम्पादन समूहलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ असार

.....

रमेश वडाल

महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

मौलिक हक कार्यान्वयन सम्बन्धी कानूनको व्यावहारिक कार्यान्वयनको अपेक्षा

कानूनः अधिकार र कार्यविधिको स्रोत तथा साधन मात्र हो र यो आफैमा साध्य हुन सक्दैन । कानूनी व्यवस्थालाई राज्यले उपलब्ध गराउने सेवा प्रवाहका क्षेत्रमा कार्यान्वयनमा ल्याउन सकिएन भने त्यसको सार्थकता रहदैन र कानून कोरा कागजमा सीमित हुन पुग्छ । कानूनको यस व्यावहारिक प्रयोग/उपयोगको आवश्यकता र सार्थकतालाई बोध गरी संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयनमा ल्याउन आवश्यक विभिन्न १६ वटा विषयका कानूनहरु एकसाथ निर्माण भई कार्यान्वयनमा आएका छन् । सार्वजनिक सेवाका क्षेत्रमा यी कानूनहरुको व्यावहारिक प्रयोग र उपयोग गरी सर्वसाधारणका मौलिक मानव हकको संरक्षण, सम्बर्द्धन र उनीहरुको उत्थान, विकासका पक्षमा सेवा प्रवाह हुन सकेमा मात्र कानून निर्माणको सार्थकता रहन्छ ।फौजदारी न्याय प्रशासनका क्षेत्रमा यी मौलिक कानूनहरु कार्यान्वयनको अझ बढी महत्व रहेको छ ।

सरकारी वकील फौजदारी न्याय प्रशासनको महत्वपूर्ण र अनिवार्य स्तम्भ हो । राज्य पक्षको पैरबी गर्ने वकील भएको नाताले फौजदारी न्याय प्रशासन र सर्वजनिक सेवा प्रवाहका विभिन्न क्षेत्रहरुमा यी कानूनहरुको माध्यमबाट जनहितकारी न्याय सम्पादन गर्ने कार्यमा सरकारी वकीलको जिम्मेवारपूर्ण भूमिका रहन्छ । यस्तो महत्वपूर्ण भूमिकामा खरो उत्रिन यस क्षेत्रमा कार्यरत जनशक्तिको तदअनुरुप व्यवसायिकता, विशेषज्ञता र क्षमता विकास आवश्यक पर्दछ । महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलको व्यवसायिकता विकासका लागि योजनाबद्ध ढंगबाट विभिन्न तालिम, गोष्ठी, सेमिनार, स्रोत सामग्रीको प्रकाशन गरिरहेको छ ।

सरकारी वकीलको प्रमुख कार्य (Core Function) अभियोजनलाई वस्तुगत र तथ्य प्रमाणयुक्त बनाई प्रभावकारी अभियोजन कार्यका माध्यमबाट न्याय सम्पादनमा सहयोग पुऱ्याउनु हो । यो उद्देश्य पूरा गर्न क्षमता विकासका योजनाबद्ध कर्यक्रम संचालनका साथ साथै आ व ०७७।०७८ लाई अभियोजन सुधार वर्ष घोषणा गरी तदअनुरुपका कार्यक्रमहरु अगाडि बढाइएको छ । यस्ता कार्यहरुमा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको रिट निवेदनहरुमा प्रतिरक्षालाई प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउने पनि एउटा प्रमुख कार्य रहेको छ ।

प्रतिरक्षाको विषय मौलिक हक कार्यान्वयन तथा प्रचलनका लागि राज्यका विरुद्ध संविधानको धारा १३३ र १४४ बमोजिम पर्न आउने रिट निवेदनसँग सम्बन्धित हुन्छ । अदालतमा यस्ता निवेदनहरुको चाप उल्लेखनीय रहेको छ । नेपालको संविधानको धारा १५८ को उपधारा (२) र उपधारा (६) बमोजिम सरकारको विरुद्धमा पर्ने त्यस्ता निवेदनहरुमा राज्यको तर्फबाट प्रतिरक्षा गर्ने अधिकार र कर्तब्य सरकारी वकीलको रहेको छ । प्रतिरक्षालाई प्रभावकारी बनाउन सरकारी वकीलको व्यावसायिकता विकास विकासमा टेवा पुऱ्याउने स्रोत सामग्रीको आवश्यकता हुन्छ नै । यो पुस्तिकाको निर्माण पनि यसकै एउटा कडी हो । यसले सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन लगायत समग्र न्यायिक काम कारबाहीमा कसूरजन्य कार्यमा संलग्न व्यक्ति,

तथा पीडितको हकको व्यावहारिक प्रत्याभूति तथा मौलिक हक कार्यान्वयन सम्वन्धी विवादहरुमा वहस पैरवी र प्रतिरक्षालाई सशक्त बनाउने लगायत सरकारी वकीलहरुको समग्र कार्य सम्पादनमा सहयोग पुऱ्याउनेछ भन्ने विश्वास गरिएको छ ।

मौलिक हक कार्यान्वयन सम्बन्धीको यो स्रोत सामग्री महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुको सामूहिक प्रयत्न र क्रियाशीलताको परिणति हो ।यसमा सरकारी वकीलहरुको ज्ञान, अनुभव र अभ्यासको विषयगत परखको अभिव्यक्ति छ ।फरक फरक विषयमा महत्वपूर्ण लेखहरु उपलब्ध गराई योगदान पुऱ्याउनु हुने सम्पूर्ण लेखक सरकारी वकीलहरुमा प्रस्तुत सामग्रीको सम्पादकको रुपमा हार्दिक कृतज्ञता र सम्मान प्रकट गर्दछु ।

यस स्रोत सामग्रीमा मौलिक हकको परिचय, हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न विषयका कानूनहरुको अवधारणा, कानूनी व्यवस्था, कानून कार्यान्वयनमा सरकारी वकीलको भूमिका र समावेश भएका सबै शीर्षकमा सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्त तथा नजीरहरुको सन्दर्भ उल्लेख भएको छ ।स्रोत सामग्रीमा समावेश भएका लेखहरुको क्रमबद्धता मिलाउंदा मौलिक हकको परिचय सम्बन्धीको लेख लाई शुरुमा राखी बांकी लेखहरु नेपालको संविधानमा उल्लिखित मौलिक हकहरुको क्रम अनुसार क्रमबद्धता मिलाई समावेश गरिएको छ ।यसमा समावेश गरिएका कतिपय विषयले पूर्णता नपाएको हुनसक्छ।कतिपय भाषिक शुद्धता लगायत प्रविधिक त्रूटी होलान् ।समेट्नै पर्ने विषय छुटेका हुनसक्छन्।यस सम्बन्धमा यहाँहरुका समालोचनात्मक र रचनात्मक टिप्पणी तथा प्रतिक्रियाहरु स्वागतयोग्य हुनेछन् । त्यस्ता प्रतिक्रियाहरुका आधारमा यसमा रहेका कमी कमजोरीहरु हामी सुधार र परिमार्जन गर्न प्रतिबद्ध छौं।प्रस्तुत सामग्रीमा भएका त्रूटी कमजोरीका लागि क्षमायाचना गर्दछु र सम्पादकको रुपमा नैतिक जिम्मेवारीबोध गर्दछु ।यो स्रोत सामग्रीलाई सरकारी वकीलले आफनो कार्य व्यवहारमा सहयोगी सामग्रीको रुपमा उपयोग गर्नसकेमा संस्थागत प्रयासले सार्थकता पाउनेछ भन्ने अपेक्षा राख्दछुं ।

अन्त्यमा, प्रस्तुत स्रोत सामाग्रीमा मन्तव्यसहित मार्गदर्शन दिई प्रोत्साहित गरिदिनु भएकोमा माननीय महान्यायाधिवक्ता श्री रमेश वडालज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।यो स्रोत सामग्री सम्पादनको जिम्मेवारी दिनुहुने वरिष्ठतम नायब महान्यायाधिवक्ता श्रीमान् पद्मप्रसाद पाण्डेय ज्यू र सम्पादन र लेखनका लागि हरदम प्रोत्साहित गर्नुहुने नायब महान्यायाधिवक्ता श्रीमान् श्याम कुमार भट्टराईज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।यसका साथै प्रकाशनयोग्य सामग्री उपलब्ध गराई योगदान गर्नु हुने विद्वान लेखकहरु प्रति पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।सम्पादनको क्रममा विशेष सहयोग पुऱ्याउनु हुने उपन्यायाधिवक्ता श्री प्रकाश गौतम, सम्पादन सहयोगी श्री नारायण स्वर्णकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हरिप्रसाद जोशी

सम्पादक

नेपालको संविधान

मौलिक हक सम्बन्धी व्यवस्थाः

भाग-३

मौलिक हक र कर्तव्य

धारा :

१६. सम्मानपूर्वक बाँच्न पाउने हकः

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।

१७. स्वतन्त्रताको हकः

(१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ)नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च)नेपालको कुनैपनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

तर

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता रस्वाधीनता, संघीय इकाइबीचको सु-सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात,

जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिंगको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु- सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

१८. समानताको हकः

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग,आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर

सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा

असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

स्पष्टीकरणःयस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न"भन्नाले संघीय कानूनम तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

१९. सञ्चारको हकः

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटलवा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर

यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

२०. न्याय सम्बन्धी हकः

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी"भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

२१. अपराध पीडितको हकः

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

२२.यातना विरुद्धको हकः

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२३. निवारक नजरबन्द विरुद्धको हकः

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ ।

तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।

(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२४. छुवाछूत तथा भेदभाव विरुद्धको हकः

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२५. सम्पत्तिको हकः

(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि "सम्पत्ति"भन्नाले चल अचल लगायत सबै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

२६. धार्मिक स्वतन्त्रताको हकः

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

२७. सूचनाको हकः

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

२८ .गोपनीयताको हकः

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

२९. शोषण विरुद्धको हकः

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३०. स्वच्छ वातावरणको हकः

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

३१. शिक्षा सम्बन्धी हकः

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

३२. भाषा तथा संस्कृतिको हकः

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

३३. रोजगारीको हकः

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

३४. श्रमको हकः

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

स्पष्टीकरणः यस धाराको प्रयोजनका लागि "श्रमिक"भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

३५. स्वास्थ्य सम्बन्धी हकः

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

३६. खाद्य सम्बन्धी हकः

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

३७. आवासको हकः

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

३८. महिलाको हकः

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

३९. बालबालिकाको हकः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४०. दलितको हकः

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

४१. ज्येष्ठ नागरिकको हकः

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

४२. सामाजिक न्यायको हकः

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ । **पहिलो संशोधनद्वारा संशोधित ।**

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

४३. सामाजिक सुरक्षाको हकः

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

४४. उपभोक्ताको हकः

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

४५. देश निकाला विरुद्धको हकः

कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

४६. संवैधानिक उपचारको हकः

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

४७. मौलिक हकको कार्यान्वयनः

यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ ।

४८. नागरिकका कर्तव्यः

प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन्ः-

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

विषयसूची

मौलिक हक : अवधारणागत पक्ष र नेपालको अभ्यास १

श्यामकुमार भट्टराई

अपराध पीडितको संरक्षण सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण १४

खेमराज ज्ञवाली

महेन्द्रप्रसाद अधिकारी

छुवाछूत तथा जातीय भेदभाव विरुद्धको कानून र कार्यान्वयनको अवस्था ६१

संजीवराज रेग्मी

शिव वाग्ले

सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था र यसको प्रयोग ८९

डा. गोपीचन्द्र भट्टराई

सुशिल देवकोटा

वैयक्तिक गोपनीयताको हक सम्बन्धी कानून र न्यायिक दृष्टिकोण ११६

गोपालप्रसाद रिजाल

सविता शर्मा

वातावरणीय न्याय, कानून र हाम्रो अभ्यास १३९

उद्धवप्रसाद पुडासैनी

गोकुलबहादुर निरौला

शिक्षा सम्बन्धी अधिकार: कानून र व्यवहार १६४

शम्भु कार्की

सन्तोष शर्मा

खाद्य तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार: कानून र व्यवहार १९४

ठाकुरप्रसाद बस्ताकोटी

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार २२१

ध्रुवकुमार चौहान

सोमकान्ता भण्डारी

ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी कानूनी व्यवस्था २४३

लोकराज पराजुली

विष्णुप्रसाद पनेरु

अपांगता भएका व्यक्तिको अधिकार : अवधारणा, कानून र व्यवहार २७४

हरिप्रसाद जोशी

प्रकाश गौतम

Consumer Law and Practice in Nepal **310**

Ashma Khadka

Prabhat Chhetri

मौलिक हक : अवधारणागत पक्ष र नेपालको अभ्यास[1]

सारांश

संविधानले राज्यका विरुद्ध नागरिक र व्यक्तिलाई संरक्षण गर्न प्रत्याभूति गरेका अधिकारहरु मौलिक हक हुन् । मौलिक हक राज्यका विरुद्ध परिलक्षित हुन्छन् । मौलिक हकको प्रचलन गराउनका लागि संविधानले उपचारको विशेष प्रबन्ध गरीदिएको हुन्छ । यो शासनमा स्वेच्छाचारिता नियन्त्रण गर्न गरिएको व्यवस्था पनि हो । मौलिक हक र प्रजातन्त्रको सापेक्ष सम्वन्ध हुन्छ । मौलिक हकको दायरा बढ्दै गएमा प्रजातन्त्र संस्थागत हुदै जान्छ अर्थात मौलिक हक जति प्रभावकारी रुपमा उपभोग्य हुन्छ त्यहाँ प्रजातान्त्रिक वातावरण त्यति धेरै फराकिलो हुन्छ । नेपालको संवैधानिक अभ्यास हेर्दा मौलिक हकको संरक्षणमा मात्र नभई मौलिक हकको उन्नयन र विकास एवम् विस्तारमा समेत सर्वोच्च अदालतले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस परिच्छेदमा मौलिक हकको अवधारणागत पक्ष र नेपालको वर्तमान संविधानमा प्रत्याभूत गरीएका मौलिक हकका बारेमा संक्षेपमा चर्चा गरिएको छ ।

परिचय

संविधानले राज्यका विरुद्ध नागरिक र व्यक्तिलाई संरक्षण गर्न प्रत्याभूति गरेका अधिकारहरु मौलिक अधिकार हुन् । मौलिक हक राज्यका विरुद्ध परिलक्षित हुन्छन् । त्यसैले मौलिक अधिकारलाई नकारात्मक अधिकार पनि भन्ने गरीन्छ । मौलिक अधिकार राज्यले नागरिकलाई दिएका उपहार होइनन् । मौलिक अधिकारले मौलिक मूल्य बोकेको हुन्छ । त्यसैले यसको विशिष्ट महत्व रहको छ । संविधानले पनि मौलिक अधिकार दिने होइन । यसले त मौलिक अधिकार घोषणा गरीदिने मात्र हो । यो त सरकारको अख्तियारीमा सीमा लगाउने र नागरिक अधिकार संरक्षण गर्ने व्यवस्था हो । यसको विशिष्ट महत्व रहेको छ । यसले सरकारको शक्तिलाई संवैधानिक तथा कानूनी सीमामा राख्न सहयोग गर्दछ ।

मौलिक हकका विशेषताहरु

वैयक्तिक स्वतन्त्रताको संरक्षण र नागरिकको जीवनस्तरमा सुधार गरी उत्तरदायी शासन सञ्चालनका लागि संविधानमा मौलिक हकको व्यवस्था गरिएको हुन्छ । मौलिक हकका आधारभूत विशेषताहरु यसप्रकार रहेकाछन् :

क. संविधानले प्रत्याभूति गरेको हुन्छ । घोषणात्मकरुपमा संविधानमा राखीएको हुन्छ ।

ख. मौलिक हक उल्लंघन भएमा संविधानमा नै उपचारको व्यवस्था गरिएको हुन्छ । संवैधानिक उपचारको हक स्वयम् मौलिक हकको रुपमा रहेको हुन्छ ।

---

१ कार्यपत्र लेखन सहकार्य: नायब महान्यायाधिवक्ता श्यामकुमार भट्टराई

ग. मौलिक हकको प्रचलनका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था अनिवार्य हुन्छ । मौलिक हक प्रचलन गराउनु न्यायपालिकाको कर्तव्य पनि हो ।

घ. मौलिक हक सामान्यतया परित्याग गर्न पाइदैन ।

ङ. मौलिक हकको सम्मान गर्नु राज्यको कर्तव्य हो । मौलिक हकको उपभोग गर्न सक्ने वातावरण बनाउनु राज्यको दायित्व हो ।

च. सामान्यतया मौलिक हक स्वःक्रियाशील हुन्छन् । कतिपय मौलिक हकको कार्यान्वयनका लागि थप कानूनी व्यवस्था गरीनु पर्दछ ।

छ. मुलतः मौलिक हक नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित हुन्छन् । पछिल्लो समयमा आर्थिक तथा सामाजिक अधिकारहरु पनि मौलिक हकमा समावेश हुन थालेका छन् ।

मौलिक हक संविधानको आधारभूत संरचना हो

संविधानले प्रत्याभूत गरेका मौलिक हकको मौलिक मूल्य हुन्छ । त्यसैले मौलिक हकलाई संविधानको आधारभूत संरचना मानिन्छ । भारतीय संविधानको व्याख्याको क्रममा केशनन्द भारतीको मुद्दामा आधारभूत संरचनाको सिद्धान्त विकास भएको हो ।[२] त्यसैले उक्त मुद्दालाई भारतमा Fundamental Rights Case भनेर चिनिन्छ । यो व्याख्याले संविधान संशोधन गर्दा मौलिक हकलाई संकुचन गर्ने गरी गर्न नपाइने गरी सीमा लगाएको छ । संविधानले दिएको संविधान संशोधनको अधिकार प्रयोग गर्दा संविधानको मौलिक मूल्य नष्ट गर्न मिल्दैन भन्ने नै आधारभूत संरचनाको सिद्धान्तको सार हो । नत विधायिकी कानून वा कार्यकारी निर्णयबाट नै मौलिक हकमा संवैधानिक सीमा नाँघेर कुनै नियन्त्रणकारी व्यवस्था गर्न सकिन्छ । नेपालको संविधानको धारा १३३ र १४४ मा पनि मौलिक हकमा अनुचित बन्देज लगाएको अवस्थामा न्यायिक पुनरालोकन हुने र मौलिक हक प्रचलन गराउनका लागि रिट जारी गर्न सकिने व्यवस्था गरिएको छ ।

मौलिक अधिकारको आवश्यकता

संविधानमा मौलिक हक अधिकारको व्यवस्था गरी सरकारलाई उत्तरदायी बनाउनु यसको उद्देश्य हो । यसले विशिष्ट मानव अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूति गरी शासन व्यवस्थामा प्रजातान्त्रिक गुणहरु समेटेको हुन्छ । यसले सरकारलाई सीमित तुल्याउँदछ । नागरिकहरुलाई अधिकार सम्पन्न बनाउँदछ । मौलिक हकको प्रचलन गराउनका लागि संविधानले उपचारको प्रवन्ध गरीदिएको हुन्छ । यो शासनमा स्वेच्छाचारिता नियन्त्रण गर्न गरिएको व्यवस्था पनि हो । मौलिक हक र प्रजातन्त्रको सापेक्ष सम्वन्ध हुन्छ । मौलिक हकको दायरा बढ्दै गएमा प्रजातन्त्र संस्थागत

२ Kesavananda Bharati v. State of Kerala, AIR 1973 SC 1461

हुदै जान्छ अर्थात मौलिक हक जति प्रभावकारी रुपमा उपभोग्य हुन्छ त्यहाँ प्रजातान्त्रिक वातावरण त्यति धेरै फराकिलो र संस्थागत हुँदै जान्छ ।

जनताको जीवन, स्वतन्त्रता र सुखको प्रत्याभूतिका लागि मौलिक अधिकारको विकास भएको हो । पहिलो आधुनिक संविधान भनेर चिनिने अमेरिकाको संविधानमा शुरुमा मौलिक हकको व्यवस्था थिएन । पछि मौलिक हकहरू थप गरीए, जसलाई विल अफ राइट्स भनेर चिनिन्छ । अमेरिकी स्वाधीनताको घोषणा र फ्रान्सेली राज्यक्रान्तिको घोषणामा पनि नागरिकका आधारभूत अधिकारहरूको प्रत्याभूतिका विषय समावेश भएका थिए । त्यसले मौलिक हकको संवैधानिक प्रबन्ध गर्न आधारको काम गरेको थियो ।

यथार्थमा विधायिका र कार्यपालिकालाई नागरिक अधिकारको अतिक्रमण गर्न रोक लगाउन मौलिक हकको आवश्यकता परेको हो । यसले सरकारलाई सीमित बनाउन सहयोग गर्दछ । आइभर जेनिङ भन्छन्; मौलिक अधिकारका तीन वटा चुनौती छन्ः

- पहिलो मौलिक अधिकारको प्रबन्ध गरेपछि त्यसको उपचारका लागि आवश्यक संयन्त्रको निर्माण गर्नु पर्दछ ।
- दोस्रो मौलिक अधिकारका बारेमा जनताको दृष्टिकोणसमेत परिवर्तन आवश्यक पर्दछ ।
- तेस्रो कुनै पनि अधिकार आफैमा निरपेक्षरूपमा अभ्यास गर्न सकिदैन।[३]

यद्यपि लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि मौलिक हकको सुरक्षणको प्रत्याभूति अपरिहार्य हुन्छ।संविधानमा मौलिक हकको प्रत्याभूति गर्नुको पहिलो कारण नागरिकको र कतिपय अवस्थामा व्यक्तिको अधिकारको संरक्षण गर्नु नै हो । किनकी संविधानले प्रत्याभूत गरेका अधिकारहरू सहजरूपमा परिवर्तन गर्न सकिदैन[४] अर्को कारण हो संविधानबाट प्रत्याभूत गरीएका मौलिक हक अधिकारको विपरीत हुने गरी वा त्यस्ता अधिकारको कटौती हुने गरी विधायिकाले कुनै कानून बनाउन वा सरकारले कुनै निर्णय गर्न पनि सक्दैन।[५] मौलिक अधिकारको यो मान्यतालाई नेपालको संवैधानिक अभ्यासमा समेत आत्मसात गरिएको छ।

मानव अधिकार र मौलिक अधिकारमा भिन्नता

मानव अधिकार र मौलिक अधिकारको चरित्र र विशेषतामा आधारभूत भिन्नता रहेको छ । मानव अधिकार जन्मसिद्ध अधिकार हो । मौलिक अधिकार राज्य र नागरिकका बीचको सम्वन्ध परिभाषित गर्ने व्यवस्था हो । मानव अधिकार सिद्धान्तहरुको सँगालो हो, घोषणाहरुको संग्रह हो । यो अन्तराष्ट्रिय कानूनको विषय हो । मौलिक अधिकार संविधानको घोषणा हो जसले राज्यका अंगहरुलाई

३ Sir Ivor Jenning, The law and Constitution (5th ed.), The English Language Book Society and University of London Preess Ltd, 1959
४ Ibid
५ Surya P. Dhungel et. al, Commentary on the Nepalese Constitution, Delf, Kathmandu, 1998 P. 94

नागरिकहरु प्रति उत्तरदायी बनाउदछ । मानव अधिकार र मौलिक अधिकारका बीचको भिन्नतालाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

मानव अधिकार	मौलिक अधिकार
• मानवोचित व्यवहारका लागि आवश्यक पर्ने अधिकारहरुको समूह मानव अधिकार हो । • मानव अधिकारको दायरा बृहत हुन्छ । • सन्धि सम्झौताहरुबाट संहिताबद्ध हुन्छ । • यो अन्तराष्ट्रिय कानूनको विषय हो । • स्थानीय अदालतदेखि मानव अधिकार समितिसम्म उपचारको प्रबन्ध गरिएको छ ।	• संविधानमा समेटिएका अधिकारहरु जो मौलिक हकमा उल्लेख भएका हुन्छन् । • निश्चित अधिकारहरु समेटिएका हुन्छन् । • संविधानको मौलिक हकबाट प्रत्याभूत गरिएको हुन्छ । • यो राष्ट्रिय कानूनको विषय हो । • संविधानले तोकेका अदालत खासगरी उच्च अदालतहरुलाई मौलिक अधिकार प्रचलन गराउने अधिकार दिइएको हुन्छ ।

मौलिक हकमा पनि वर्गीकरण हुन्छ

मौलिक हक सबै एकनाशका हुँदैनन् । यसमा पनि विविधता हुन्छ । नागरिक तथा राजनीतिक हक र आर्थिक तथा सामाजिक हक भनेर वर्गीकरण गर्न सकिन्छ । मानव अधिकारको पुस्तावारी विभाजनका आधारमा पनि मौलिक हकलाई विभाजन गर्न सकिन्छ । मौलिक हकको उपभोगकर्ताको दृष्टिले यसप्रकार बर्गीकरण गर्न सकिन्छ :

क. नागरिकलाई मात्र प्रत्याभूत गरीएका मौलिक हक : संविधानमा केही मौलिक हकहरु राज्यले आफ्ना नागरिकलाई मात्र प्रत्याभूत गर्दछ । खास गरी मूलभूत राजनीतिक अधिकारहरु यो कोटीमा पर्दछन्।[६]

ख. व्यक्तिलाई प्रत्याभूत गरीएका मौलिक हक : कतिपय मौलिक हकहरु नागरिक र गैरनागरिक भनी नछुट्याई व्यक्तिका लागि सुनिश्चित गरिएको हुन्छ ।[७]

ग. समूहलाई प्रत्याभूत गरीएका मौलिक हक : कतिपय हकहरु नागरिक वा व्यक्ति नभनी कुनै निश्चित समूहलाई प्रत्याभूत गरिएको हुन्छ ।[८]

घ. समुदायलाई प्रत्याभूत गरीएका मौलिक हक : केही मौलिक हक निश्चित समुदायका लागि सुनिश्चित गरिएको हुन्छ ।[९]

६ यसको उदाहरणको रुपमा धारा १७(२) को स्वतन्त्रताको हक नेपाली नागरिकलाई मात्र प्रत्याभूत गरिएको छ ।
७ यसको उदाहरणको रुपमा धारा २० को न्याय सम्बन्धी हकलाई लिन सकिन्छ ।
८ यसको उदाहरणको रुपमा धारा ३९ को बालबालिकाको हकलाई लिन सकिन्छ ।
९ यसको उदाहरणको रुपमा धारा धारा ४० को दलितको हकलाई लिन सकिन्छ ।

ङ. व्यक्ति र समुदायलाई प्रत्याभूत गरीएका हक : कुनै हक व्यक्ति र समुदायका लागि सुनिश्चित गरीएका हुन्छन् ।[१०]

नेपालको संवैधानिक विकासक्रममा मौलिक हक

मौलिक हकको दृष्टिले नेपालको संवैधानिक विकासक्रम हेर्दा क्रमशः विस्तार हुँदै आएको पाइन्छ । नेपाल सरकार वैधानिक कानून, २००४ मा भाग २ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको थियो । सो संविधानको धारा ४ मा भनीएको थियोः लोकनीति र सदाचारका सिद्धान्तहरूको वर्खिलाप नगरी मौलिक हकहरूको विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभसाथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू दिने काम भएको छ ।

नेपाल अन्तरिम शासन विधान, २००७ को धारा १३ देखि २० सम्म राज्य नीतिका निर्देशक सिद्धान्तहरू अन्तर्गत विभिन्न हकहरूको व्यवस्था गरिएको छ । ती हकहरू मूलतः नागरिक तथा राजनीतिक अधिकारसँग सम्बद्ध रहेको देखिन्छ । तथापि निर्देशक सिद्धान्तभित्र समावेश भएकाले ती व्यवस्थालाई मौलिक हक मान्न सहज देखिदैन ।

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ मा धारा ३ देखि ९ सम्म मौलिक हकको व्यवस्था गरिएको छ, जसमा वैयक्तिक स्वतन्त्रता, समानता, धर्म, सम्पत्ति, राजनीतिक स्वतन्त्रता, सार्वजनिक हित र संवैधानिक उपचारको हकको प्रत्याभूति गरिएको छ । धारा ८ को सार्वजनिक हितको विषय मौलिक हकभन्दा पनि सोको सीमा जस्तो देखिन्छ ।

नेपालको संविधान, २०१९ को धारा १० देखि १६ सम्म मौलिक हकको व्यवस्था गरिएको छ, जसमा समानताको हक, स्वतन्त्रताको हक, देश निकाला विरुद्धको हक, शोषण विरुद्धको हक, धर्मसम्बन्धी हक, सम्पत्तिको हक, संवैधानिक उपचारको हक रहेकाछन् । यो संविधानमा पनि धारा १७ मा सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज लगाउन सकिने व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ देखि २३ सम्म १३ वटा मौलिक हकको प्रत्याभूति गरेको थियो । यथार्थमा मौलिक हकको कार्यान्वयनले प्रभावकारिता देखाएको पहिलो संविधानको रूपमा यो संविधानलाई लिन सकिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा धारा १२ देखि ३२ सम्म २१ वटा मौलिक हकको प्रबन्ध गरीयो । आर्थिक सामाजिक अधिकारहरुलाई मौलिक हकमा थप गर्ने अभ्यास यही संविधानबाट भएको हो ।

१० यसको उदाहरणको रुपमा धारा धारा ३२ को भाषा तथा संस्कृतिको हकलाई लिन सकिन्छ ।

वर्तमान संविधानले धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको प्रत्याभूति गरेको छ । यो संविधानले ३ वर्षभित्र मौलिक हक कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था गर्न समेत निर्देश गरेको छ । सामान्यतया मौलिक हकमा पहिलो पुस्ताका भनेर चिनिने नागरिक तथा राजनीतिक अधिकार मात्र समेटिने गरेको भए पनि पछिल्लो चरणमा आएर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु पनि मौलिक हकमा समेटिन थालेको पाइन्छ । नेपालको संवैधानिक अभ्यासमा पनि सोही अनुसार मौलिक हकको दायरा विस्तार हुँदै आएको छ।

मौलिक हकहरु संविधानका आभूषण होइनन्

संविधानमा मौलिक हकको विस्तार हुनु राम्रो पक्ष हो । तर मौलिक हकको संख्यात्मक विस्तार हुनु मात्र चाँही पटक्कै राम्रो होइन । मौलिक हकको आधारभूत चरित्र नै यो उपभोग्य हुनु पर्दछ । कुनै कारणले उपभोग हुन अवरोध भएमा राज्यको जिम्मेवारीको विषय बन्दछ । यसको प्रचलन गराउने जिम्मा न्यायालयमा रहेको हुन्छ । त्यसैले मौलिक हकलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने उपयुक्त वातावरण सिर्जना गर्ने जिम्मा राज्यको हुन्छ । संविधानका कोरा प्रतिबद्धताहरु यथार्थमा मौलिक हक हुँदैनन् । मौलिक हक संविधानका शोभाका विषय होइनन् । यिनलाई संविधानको आभूषणको रुपमा मात्र लिनु हुँदैन । यथार्थमा यी उत्तरदायी शासनका आधार हुन् । नागरिक स्वतन्त्रताप्रतिका उच्च प्रतिबद्धता हुन् । यो विषयलाई ऋषिराम घिमिरेको रिटमा सर्वोच्च अदालतले स्पष्ट पारेको छ ।[११] सो व्याख्यामा भनिएको छ :

> संविधानमा मौलिक हकहरुको व्यवस्था गरेर मात्रै पुग्दैन, तिनको प्रचलन गर्न पाउनु पनि पर्दछ, त्यसका लागि कानून, नियम, निर्देशिका र आवश्यक भौतिक संस्थागत तथा अन्य आधार खडा गर्नु पर्ने हुन सक्छ । यदि यस्ता हकहरु विद्यमान भए पनि तिनको प्रचलनमा पर्याप्त अवरोधहरु छन् भने तिनलाई अपराधीकरण पनि गर्नु पर्ने ।...संविधान वा कानूनमा स्वीकृत हकहरु राज्यका उपर दायित्व हुन्, जसलाई सुनिश्चित नगरीकन सूचीहरुको प्रतिस्पर्धा मात्र गर्नाले अन्ततः कानूनले निश्चितता गुमाउन पुग्ने र अराजक परिस्थितिहरु सिर्जना गर्न मद्दत पुग्ने ।...समाजभित्रै एक वर्गले विधिबाट प्राप्त सबै हकहरुको सार्वजनिक लाभको अवस्था भोगी विशिष्ट स्थितिमा रहने र जुन दीनहीन वर्गको लाग राज्य वा सामाजिक पद्धतिको सहयोगको आवश्यकता पर्ने हो, त्यही वर्गबाट त्यस्तो वर्गलाई चाहिएको बेला सबै सेवा सुविधाबाट च्यूत भएर बस्नु परेको अवस्था कानून, न्याय र सभ्यताको दृष्टिले समेत सह्य अवस्था हुन नसक्ने ।...संविधान तथा अन्तराष्ट्रिय आलेखमा भएका व्यवस्थाहरु स्वतः कार्यान्वयनमा आउने होइनन् । यी व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याउनको लागि कानून निर्माण गरीनु पर्ने हुन्छ । उनीहरुको विशेष स्वास्थ्य स्थिति तथा उनीहरु प्रति समाजले गर्ने विभेदकारी व्यवहार लाञ्छनाको कारणबाट विविध अधिकारहरुको उपभोग गर्न उनीहरु असक्षम रहेको हुँनाले ती अधिकारहरुको उपभोग गर्ने वातावरण बनाउनको लागि विशेष कानूनी व्यवस्था हुनु पर्ने । ... जनताको मानव अधिकारको रक्षा गर्ने दायित्व बोकेको सरकारले के कस्तो कानून बनाउने र कहिले बनाउने भन्ने कुराको एकलौटी अधिकार विधायिकाको मात्र भएको भनेर पन्छिन मिल्ने अवस्था हुँदैन । सरकारले मानव अधिकार सम्बन्धी विभिन्न अन्तराष्ट्रिय आलेखहरु तथा संविधानमार्फत व्यक्त गरेको प्रतिबद्धता अनुरुप जनताप्रतिको आफ्नो दायित्व निर्वाह गर्नै पर्ने ।

११ ऋषिराम घिमिरे वि. प्रम तथा मपकासमेत, नेकाप २०६८ अंक १० नि.नं. ८७०३

यो व्याख्याले पनि न्यायालयले विधायिकी जिम्मेवारीलाई झक्झक्याएको देखिन्छ । संवैधानिक प्रतिबद्धताहरु पूरा गर्ने दायित्वबाट राज्य कुनै पनि बहानामा बाहिर रहन सक्ने देखिदैन । मौलिक हकको कार्यान्वयनका लागि पनि राज्यले प्राथमिकतापूर्वक कानूनी व्यवस्था र आवश्यक भौतिक एवम् प्रक्रियागत प्रबन्ध गरी त्यस्ता हकहरु उपभोग्य बनाउनु पर्ने दायित्वलाई यो आदेशमा स्मरण गराइएको छ ।

राजुप्रसाद चापागाईको एउटा रिटमा मौलिक हकको कार्यान्वयनको बारेमा आदेश गर्दै सर्वोच्च अदालतले भनेको छ :

मौलिक हकको रूपमा भएका संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी राज्य उपर नै रहने हुँदा संविधानमा उल्लेखित मौलिक हकको कार्यान्वयनमा नागरिकले महशुस गर्न सक्ने स्वरूपको बनाउन आवश्यक नियम कानूनको तर्जूमा र त्यसलाई कार्यरूपमा लैजाने जिम्मेवारी राज्यले नै लिनु पर्ने हुन्छ ।[१२]

सर्वोच्च अदालतले मौलिक हकको कार्यान्वयनका लागि बारम्बार निर्देशन गरेको भए पनि मौलिक हकको कार्यान्वयन पक्ष सन्तोषजनक हुन नसकेको अवस्था छ । कतिपय हकहरू अत्यन्त महत्वाकांक्षी पनि देखिएका छन् । कतिपय हकहरू एकापसमा विरोधाभाषपूर्ण रहेको पनि देखिन्छ । मौलिक हकको बारेमा आममानिसलाई सूचित गरी कार्यान्वयनका लागि अधिकारमुखी अवधारणा विकास गराउन पनि बाँकी नै रहेको अवस्था छ ।

मौलिक हक संवैधानिक नैतिकताको आधार हुन्

मौलिक हक राज्यले गरेका पूर्ण प्रतिबद्धता हुन् । यिनलाई उधारो प्रतिबद्धताको रुपमा लिनु हुँदैन । मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि राज्यको तर्फबाट प्राथमिकतापूर्वक प्रयास गरिएको हुनु पर्दछ । यो संवैधानिक नैतिकताको आधार हो । कुनै पनि कारण वा बाहनामा मौलिक हकलाई अकार्यान्वयनको अवस्थामा पुऱ्याउने अधिकार कसैमा पनि रहदैन।चाहे त्यो विधायिका होस् वा कार्यपालिका। न्यायपालिकाले संविधानको रचनात्मक व्याख्या गर्दा लिने एउटा मूल आधारको रुपमा मौलिक हक रहेका हुन्छन् ।

मौलिक हक कार्यान्वयनका लागि कानून बनाउने व्यवस्थाको समय सीमा

नेपालको अन्तरिम संविधान, २०६३ मा कतिपय मौलिक हकहरु कानून बमोजिम क्रियाशील हुने व्यवस्था गरिएको थियो । तर ती हकहरु कार्यान्वयनका लागि कानून बनेनन् । सो क्रममा उक्त संविधानले प्रत्याभूत गरेका हक अधिकारको प्रचलनका लागि सर्वोच्च अदालतमा रिट दायर गरीयो । सर्वोच्च अदालतले कानूनको अभावका त्यस्ता हकहरु क्रियाशील गराउन नसकिने भन्दै मौलिक हक कार्यान्वनयका लागि आवश्यक पर्ने कानून बनाउनका लागि निर्देशनात्मक आदेश जारी गर्यो । सो आदेशमा भनीएको थियोः

१२राजुप्रसाद चापागाई वि. नेपाल सरकारसमेत, नेकाप २०७४ अंक ४ नि.नं. ९७९०

कतिपय मौलिक हकको कार्यान्वयनका लागि कानून बनाई लागू गर्नु भनी संविधानद्वारा प्रस्ट रूपमा राज्यको तर्फबाट प्रतिबद्धता जनाएको अवस्थामा उक्त संविधान जारी भई लागू भएको यति धेरै समय व्यतीत भई सक्दा पनि उल्लिखित मौलिक हकको प्रत्याभूति गर्नका लागि राज्यको तर्फबाट हालसम्म सरकारले कुनै चासो नदेखाउनु वा कानून निर्माण गर्ने तर्फ कुनै पहल नगर्नु लोककल्याणकारी राज्य स्थापना गर्ने जिम्मेवारी लिएको सरकारका लागि आफैमा सुहाउने कुरा होइन । लोक कल्याणकारी राज्य स्थापना गर्ने उद्देश्यले जनताको अभिमत प्राप्त जनउत्तरदायी सरकारले कानूनी राज कायम गरी समतामूलक समाज स्थापना गरी सबै नागरिकलाई संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति दिनका लागि समेत संविधानमा उल्लिखित व्यवस्था कार्यान्वनयका लागि तत्काल कानून निर्माण गर्नु आवश्यक हुन आउँछ ।[१३]

तथापि उक्त संविधानको कार्यकालमा त्यस्ता हक कार्यान्वयन हुने गरी कानून बनेनन् । त्यसको प्रभाव संविधान निर्माणको क्रममा पनि पर्यो र संविधान निर्माताले निधारित समयावधिभित्रै मौलिक हक कार्यान्वयनका लागि कानून बनाउन संविधानमा नै निर्देशित गरे । नेपालको संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान जारी भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ भन्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था कार्यान्वयनका लागि २०७५ असोज २ गते विभिन्न १६ वटा कानूनहरु जारी गरीएका थिए । ती मध्ये १२ वटा नयाँ कानून बनेका थिए भने चार वटा भैरहेका कानूनमा संशोधन गरिएको थियो । ती कानूनहरुको सूची यसप्रकार रहेको छ :

१. सार्वजनिक सुरक्षा ऐन, २०४६ (तेस्रो संशोधन, २०७५),

२. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५

३. उपभोक्ता संरक्षण ऐन, २०७५

४. जनस्वास्थ्य सेवा ऐन, २०७५

५. आवासको अधिकार ऐन, २०७५

६. खाद्य अधिकार एवम् खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

७. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५

८. भूमि सम्बन्धी ऐन, २०२१ (सातौं संशोधन, २०७५)

९. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

१०. रोजगारीको हक सम्बन्धी ऐन, २०७५

११. जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ (पहिलो संशोधन, २०७५)

१२. सामाजिक सुरक्षा ऐन, २०७५

१३ अमृत थापा मगर वि. प्रम तथा मपकासमेत, २०६४ सालको रिट नं. ०१३९ आदेश मिति : २०६५।१।४

१३. अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (पहिलो संशोधन, २०७५)

१४. वातावरण संरक्षण ऐन, २०५३ (पहिलो संशोधन, २०७५) पछि यो ऐन खारेज भई वातावरण संरक्षण ऐन, २०७६ जारी भएको ।

१५. अपराध पीडित संरक्षण ऐन, २०७५

१६. बालबालिका सम्बन्धी ऐन, २०७५

यी कानूनका अलावा केही कानूनहरु विगतदेखि नै जारी भई कार्यान्वयनमा रहेका पनि छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ लाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।

राजनीतिक रुपान्तरण पनि मौलिक हकको विस्तारमा मुख्य कारक हो

नेपालको संवैधानिक विकाससँग मौलिक हकको विस्तार हुँदै आएको पाइन्छ । खासगरी उपभोग्य रुपमा मौलिक हकको विस्तार नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि भएको हो । मौलिक हकको प्रचलन र विस्तारका लागि सर्वोच्च अदालतले पनि यही संविधानको कार्यान्वयनको क्रममा आदेश गरेको हो । यसको परिणतिस्वरुप मौलिक हक अधिकारको बारेमा आम नागरिकमा सचेतना विस्तार भयो । अधिकारमुखी अवधारणाको विकास भयो । यो पृष्ठभूमिमा नेपालमा सशस्त्र विद्रोह र दोस्रो जनआन्दोलनबाट राजनीतिक परिवर्तन भयो । सो परिवर्तनलाई सम्बोधन गर्नका लागि संक्रमणकालीन संविधानको रुपमा नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । यो संविधानले नागरिक तथा राजनीतिक अधिकारका अलावा आर्थिक, सामाजिक अधिकारहरु पनि मौलिक हकमा समावेश गर्यो । उक्त संविधानले परिकल्पना गरेको संविधान सभाबाट बनेको नेपालको संविधानले मौलिक हकमा सारभूत रुपमा विस्तार गर्यो । अहिले मौलिक हकको संख्या ३१ पुगेको छ ।

मौलिक हकको निलम्वन

सामान्य अवस्थामा मौलिक हकहरु निलम्वन गर्न सकिदैन । तर विशेष अवस्थामा मौलिक हकमा नियन्त्रण कायम गर्न सकिने व्यवस्था संविधानले नै गरेको पाइन्छ । सबैलाई जानकारी भएको साझा विषय हो– संकटकालमा मौलिक हकहरु निलम्वन गरीन्छन् । यो संविधानले गरेको निर्देश अनुसार निलम्बन हुने अधिकारको सूची भिन्न भिन्न पनि हुन सक्छ । नेपालको संविधानको सन्दर्भमा हेर्दा संकटकाल लागेको अवस्था र मौलिक हकमा उल्लिखित प्रतिवन्धात्मक वाक्यांशका आधारमा मौलिक हकहरु नियन्त्रित रहेको पाइन्छ ।

संविधानको धारा २७३ को उपधारा (१०) मा राष्ट्रपतिबाट संकटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक

निलम्बन गर्न सकिने व्यवस्था छ । तर धारा हक निलम्बन नगरीने प्रत्याभूति पनि सोही उपधाराको प्रतिवन्धात्मक वाक्यांशमा गरिएको छ ।[१४]

त्यसैगरी भाग ३ का विभिन्न धारा उपधारामा गरीएका प्रतिवन्धात्मक वाक्यांशले पनि मौलिक हकलाई कार्यान्वयन योग्य बनाउनुका साथै अधिकारको स्वेच्छाचारी प्रयोगमा नियन्त्रण समेत कायम गरको पाइन्छ ।

संकटकालीन अवधिमा मौलिक हकको कार्यान्वयनका बारेमा सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधान, २०४७ को कार्यावधिमा दुई वटा महत्वपूर्ण आदेश गरेको छ ।

क. संकटकाल लागू हुनुभन्दा अगाडिका रिट संकटकाल लागेको समयमा पनि हेर्न मिल्छ

नेपाल अधिराज्यको संविधान, २०४७ को कार्यावधिमा २०४७।८।११ मा मुलुकमा संकटकाल घोषणा भएको थियो । उक्त संकटकाल लागू भएको भनी घोषणा गरिएको विज्ञप्तिमा बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक संवैधानिक उपचारको हक समेत निलम्बन गरिएको घोषणा गरिएको थियो । सो घोषणाले न्यायिक कार्य सम्पादनमा अन्यौलता ल्यायो । संकटकालीन अवस्था लागू हुनुभन्दा अगाडि नै दायर भएका रिट निवेदनको सुनुवाइ संकटकाल लागेको अवधिमा गर्न मिल्ने नमिल्ने भन्ने विषयलाई मदन केसीको रिट निवेदनमा सर्वोच्च अदालतको विशेष इजलासले व्याख्या गरी यो विषयलाई प्रष्ट गरेको थियो ।[१५] सो आदेशमा भनीएको थियो :

... विद्यमान संकटकालीन अवस्थाको घोषणा वा आदेश हुनु पूर्व संविधान बमोजिम हक संरक्षण र प्रचलनका लागि धारा ८८ अंगाली यस अदालतमा परेका र विचाराधीन रहेका रिट निवेदनहरुमा संविधान बमोजिम रोक लगाएको अवस्थाको अभावमा न्याय प्रदान गर्ने कार्य स्थगन गर्नु संविधानसम्मत हुँदैन । अतः मिति ०५८।८।११ गते अर्थात संकटकालीन अवस्था घोषणा हुनु पूर्व संविधानको धारा २३ लाई आधार लिई यस अदालतमा परेका र विचाराधीन रहेका रिट निवेदनहरुमा हेरी कानून बमोजिम कारवाही किनारा गर्न र आवश्यक उपचार प्रदान गर्न बाधा पर्ने देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन कारवाही किनारा गर्न कानूनको रीत पुऱ्याई संयुक्त इजलासमा पेश गर्नु ।

यो आदेशले मौलिक हक कार्यान्वयनका बारेमा संकटकाल लागू भएको समयमा पनि संकटकाल लागू हुनुभन्दा अगाडिका विवादहरु किनारा गर्न सकिने गरी सकारात्मक मार्गदर्शन गरेको देखिन्छ ।

---

१४ धारा २७३ (१०) उपधारा (१) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो घोषणा वा आदेश बहाल रहेसम्मका लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ । तर धारा १६, धारा १७ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा १८, धारा १९ को उपधारा (२), धारा २०, २१, २२, २४, धारा २६ को उपधारा (१), २९, ३०, ३१, ३२, ३५, ३६ को उपधारा (१) र (२), ३८, ३९, ४० को उपधारा (२) र (३), ४१, ४२, ४३, ४५ र धारा ४६ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।

१५ सर्वोच्च अदालतको विशेष इजलासले ०५८।८।१४ मा मदन केसी वि. भूमिसुधार कार्यालय, काठमाडौंसमेत (२०५५ सालको रिट नं. ३१७०) भएको रिटमा यो आदेश गरेको हो ।

ख. संकटकालमा निलम्बन नगरीएका मौलिक हकहरु प्रचलन गराउन सकिने

डम्बर गदाल विरुद्ध इलाम नगरपालिका भएको रिटमा भएको व्याख्या मौलिक हकको सम्बन्धमा न्यायापालिकाले गरेको अत्यन्त महत्वपूर्ण मानिन्छ ।[१६] यो मुद्दामा संकटकाल लागेको अवस्थामा बन्दी प्रत्यक्षीकरण बाहेक अरु संवैधानिक उपचारको हकलाई निलम्बन गरेको अवस्थामा पनि निलम्बन नभएका मौलिक हकको प्रचलनका लागि रिट निवेदन दायर गर्न र त्यस्तो रिटको सुनुवाइ गर्न पाइने गरी रचनात्मक व्याख्या गरिएको छ । सर्वोच्च अदालतको बृहत विशेष इजलासले गरेको व्याख्यामा भनीएको छ :

... धारा ११५ को उपधारा (८) मा संकटकालीन अवस्थामा निलम्बन गर्न सकिने धाराहरु उल्लेख गर्नुको अर्थ उक्त उपधारा (८) मा उल्लेख एका धाराहरु मात्र निलम्बन हुन सक्ने र उपधारा (८) मा उल्लेख भएका धाराहरु बाहेक भाग ३ का अन्य कुनै पनि धाराहरु निलम्बन हुन सक्दैन भन्ने स्वतः स्पष्ट हुने ।

यदि संकटकालीन अवस्थामा सबै मौलिक हकहरु निलम्बन गर्ने संविधान निर्मार्ताहरुको मनासय रहेको भए उपधारा (८) मा अरु धारा उल्लेख नगरी सो घोषणा बहाल रहेसम्मको लागि संवैधानिक उपचारको लागि अदालतमा प्रवेश गर्ने व्यवस्थ गरिएको धारा २३ मात्र निलम्बन गर्न सकिने व्यवस्था गर्नु नै पर्याप्त हुने थियो । धारा ११५ को उपधारा (८) मा त्यस्तो व्यवस्था नगरी संकटकालको अवस्थामा निलम्बन गर्न सकिने धाराहरु किटान साथ उल्लेख गरिएको पाइएकोले त्यसदेखि बाहेकका अन्य मौलिक हकहरु निलम्बन गर्नै नसकिने अवस्थामा राखेको स्पष्ट हुने ।

संकटकालीन अवस्थामा निलम्बन नै नगरिएको मौलिक हकको प्रचलनका लागि समेत संवैधानिक उपचारको हक निलम्बन गरिएको भन्ने व्याख्या गर्नु संविधानसम्मत तथा तर्कसँगत नहुने ।

संविधानको धारा ११५ अनुसार संकटकालीन अवस्थाको घोषणा गरी धारा ११५ को उपधारा (८) बमोजिम धारा २३ द्वारा व्यवस्थित संवैधानिक उपचारको हकसमेत निलम्बन गरिएको अवस्थामा उक्त उपधारा अनुसार निलम्बन नगरीएका अन्य मौलिक हकहरु तथा अन्य प्रभावकारी उपचारको व्यवस्था नभएको कानूनी हकको प्रचलनका लागि संविधानको धारा ८८(२) अन्तर्गत यस अदालतमा रिट निवेदन दर्ता हुन नसक्ने भन्न नमिल्ने।

संकटकालीन अवस्थामा बन्दी प्रत्यक्षीकरण वाहेक अरु रिटहरु दायर हुन नसक्ने भनी रजिष्ट्रारबाट भएको दरपीठ उपरको निवदेन सुनुवाइको क्रममा सर्वोच्च अदालतले उपर्युक्त व्याख्या गरेको हो ।

अधिकारसँग कर्तव्य पनि जोडिएर आउँछ

पूरानो उक्ति छ । अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा हुन् । तर जुनरुपमा अधिकारमुखी अवधारणाको विकास भएको छ, सो रुपमा कर्तव्यको पालनको बारेमा जागरण विस्तार हुन सकेको

१६ डम्बर सिंह गदाल वि. इलाम नगरपालिकासमेत, नेकाप २०६१ अंक १२ नि.नं. ७४६९

देखिदैन । नागरिकका मौलिक कर्तव्यलाई विर्सिएको भागको रुपमा समेत चर्चा गरेको पाइन्छ ।[१७] मौलिक हकसँगै नागरिकका कर्तव्य पनि निर्धारित हुन्छन् । नेपालको संविधानले कर्तव्यलाई दुई प्रकारले उल्लेख गरेको छ । केही कर्तव्य प्रत्यक्ष रुपमा उल्लेख गरिएको छ । धारा १ मा संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने व्यवस्था छ । त्यसैगरी धारा ४८ मा भनीएको छ । प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन् :

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

केही कर्तव्य अप्रत्यक्ष रुपमा उल्लेख गरिएको हुन्छ । मौलिक हकमा लगाइएका प्रतिबन्धात्मक बाक्यांशहरुले पनि कर्तव्यलाई स्मरण गराइरहेको देखिन्छ । भौगोलिक एकता, अखण्डता एवम् सार्वजनिक शान्ति र व्यवस्था कायम गर्नु नागरिकको कर्तव्य हो । हाम्रो संविधानमा कर्तव्यको औपचारिक सूची छोटो नै छ र त्यो पनि अमूर्त प्रकृतिको रहेको छ । पालनाको दृष्टिले पनि कर्तव्यको व्यवस्था कमजोर रहेको देखिन्छ । प्रचार प्रसार पनि समुचित रुपमा हुन सकेको छैन । अभ्यासबाट के देखिन्छ भने संविधानमा मौलिक कर्तव्यको खण्डमा थप विस्तार र उचित प्रचार प्रशार गरीनु पर्दछ । कर्तव्य पालनाले अनुशासन मात्र कायम गर्दैन, यसले त सम्भताको सूचकको रुपमा पनि योगदान गर्दछ । मौलिक हक जस्तै कर्तव्यलाई अझ स्पष्ट र विस्तृतरुपमा उल्लेख गर्नु आवश्यक भने देखिन्छ । भारतीय संविधानमा प्रारम्भमा मौलिक कर्तव्यको व्यवस्था थिएन । सन् १९७६ मा ४२औं संशोधनबाट धारा ५१ ए मा १० वटा मौलिक कर्तव्य थप गरिएको देखिन्छ । पछि सन् २००२ मा ८६औं संशोधनबाट थप एउटा मौलिक कर्तव्य थप गरिएको छ ।[१८] भारतीय संविधानमा जस्तो प्रष्ट व्यवस्था हाम्रो संविधानमा रहेको छैन ।

---

१७ Right and duty are like a married couple. Both are two sides of the same coin in the sense that they may not see the face of each other yet they must stay together. They co-exist together; they support, sustain and strengthen each other. One will not survive long without the other. === In a way right and duty both are children of conscience. Right is *claim* of conscience, Duty is *dictate* of conscience. And, being boold relations, they must be treated with equality. The neglect of any one is violation of virtue. Justice R.C. Lahoti, Fundamental Duties: A Forgotten Chapter of the Constitution, Dimentions of Justice, EBC, 2018 page 226

१८ Art. 51-A. It shall be the duty of every citizen of India —

1. To abide by the Constitution and respect its ideals and institutions, the National Flag and the National Anthem;
2. To cherish and follow the noble ideals which inspired our national struggle for freedom;
3. To uphold and protect the sovereignty, unity and integrity of India;
4. To defend the country and render national service when called upon to do so;
5. To promote harmony and the spirit of common brotherhood amongst all the people of India transcending religious, linguistic and regional or sectional diversities; to renounce practices derogatory to the dignity of women;
6. To value and preserve the rich heritage of our composite culture;
7. To protect and improve the natural environment including forests, lakes, rivers, wildlife and to have compassion for living creatures;
8. To develop the scientific temper, humanism and the spirit of inquiry and reform;
9. To safeguard public property and to abjure violence;
10. To strive towards excellence in all spheres of individual and collective activity so that the nation constantly rises to higher levels of endeavour and achievement;
11. Who is a parent or guardian, to provide opportunities for education to his child, or as the case may be, ward between the age of six to fourteen years.

मौलिक हक र राज्यका निर्देशक सिद्धान्त

मौलिक हक र राज्यका निर्देशक सिद्धान्तको मौलिक चरित्रमा भिन्नता हुन्छ । यद्यपि यी व्यवस्था एक अर्काका प्रतिस्पर्धी होइनन् । परिपूरक हुन् । दुवै संवैधानिक व्यवस्था शासकीय व्यवहारलाई मार्गदर्शन गर्न क्रियाशील रहेका हुन्छन् । यी दुई संवैधानिक प्रबन्धमा रहने भिन्नतालाई देहायको तालिकामा उल्लेख गरिएको छ :

मौलिक अधिकार	राज्यका निर्देशक सिद्धान्तहरु
• मूलतः यसमा नकारात्मक अधिकारहरु रहेका हुन्छन् । • यसले सरकारको स्वेच्छाचारिता नियन्त्रण गर्दछ । • यो राज्यका विरुद्ध लक्षित हुन्छ । • न्यायिक उपचारको प्रबन्ध गरिएको हुन्छ । • यो न्यायिक पुनरावलोकनको आधार हो । • यो तत्काल लागू हुन्छ । • यसमा मुख्यतः पहिलो पुस्तामा पर्ने नागरिक तथा राजनीतिक अधिकारहरु समेटिएको हुन्छ । • यसको पालना राज्यका लागि बाध्यकारी हुन्छ । • यसको कानूनी दायित्व रहेको हुन्छ । • यो राज्यका विरुद्ध नागरिकलाई प्रदान गरेका हकहरुको सूची हो । • यसले राजनीतिक प्रजातन्त्रमा जोड दिन्छ । • यसलाई सामान्यतया विधायिकी प्रक्रियाबाट खारेज वा संशोधन गर्न सकिदैन ।	• यो सकारात्मक अधिकारको सूचीकरण हो । • यसले लोककल्याणकारी भूमिका निर्वाह गर्न सरकारलाई निर्देशित गर्दछ । • यसले राज्यलाई कुनै काम गर्न निर्देशित गर्दछ । • यो न्यायिक निरोपणको विषय होइन । • सामान्यतया न्यायिक पुनरावलोकन हुदैन । • यो सरकारका लागि संवैधानिक मार्गनिर्देशन हो । यसलाई संवैधानिक प्रतिज्ञा पनि भनिन्छ । • यो भविष्यदर्शी हुन्छ । • यसले मुख्यतः दोस्रो पुस्ताका आर्थिक सामाजिक अधिकार समेट्दछ । • यसको पालना स्रोत साधनले भ्याएसम्म गर्दै जाने हो । • यसको नैतिक वा राजनीति दायित्व हुन्छ । • यो नागरिकको आर्थिक, सामाजिक र साँस्कृतिक उत्थान गर्ने राज्यको दायित्व हो । • यसले आर्थिक प्रजातन्त्रमा जोड दिन्छ । • यो विधायिकद्वारा स्पष्ट पारिने विषय हो ।

निष्कर्ष

मूलतः मौलिक हकहरु राजनीतिक प्रजातन्त्रसँग जोडिएका हुन्छन् । नागरिक स्वतन्त्रतासँग जोडिएका हुन्छन् । सिद्धान्ततः कुनै अधिकार नकारात्मक वा सकारात्मक हुँदैनन् । तथापि मौलिक हकहरु राज्यका विरुद्ध परिलक्षित हुने भएकाले यिनलाई राज्यको दायित्वको हिसावले नकारात्मक अधिकार भन्ने गरीन्छ । राज्यका नीति निर्देशक सिद्धान्तहरु सरकारलाई मार्गदर्शन हुने भएकोले यिनलाई सकारात्मक अधिकार भन्ने गरीन्छ । मौलिक हकको विस्तार हुनु एउटा सकारात्मक उपलव्धि हो । तर सो बमोजिम कार्यान्यनमा आउने सकेमात्र संविधानमा मौलिक हक विस्तारको सार्थकता रहन्छ । मौलिक हकको कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण गर्ने दायित्व राज्यको हो । तर यसका लागि नागरिक, नागरिक समाज, राजनीतिक दल, सबै तहका सार्वजनिक संयन्त्र र राज्यका अंगहरुको साझा प्रयास र सहकार्य एवम् सहयोग र समन्वय आवश्यक पर्दछ ।

अपराध पीडितको संरक्षण सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण[१]

१. परिचय

सामान्यतया कानूनले निषेध गरेको कार्य गर्नु वा कानूनले गर्नु भनेको कार्य नगर्नुलाई कसूर वा अपराध मान्ने गरीन्छ र त्यस प्रकारका कसूर वा अपराधबाट क्षति, पीडा पाएको व्यक्ति वा संरक्षक, परिवार, संस्था वा समुदाय समेतलाई सो कसूर अपराधको पीडित भनी बुझ्न सकिन्छ । अर्को शब्दमा कुनै पनि आपराधिक कार्यको फलस्वरुप वा कसूरका कारण व्यक्तिगत, पारिवारिक वा सामूहिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले शारीरिक, मानसिक, आर्थिक, साम्पत्तिक, भावनात्मक वा भौतिक चोट वा क्षति व्यहोरेका व्यक्ति वा पक्षलाई पीडित (Victim) भनिन्छ । अर्थात् अपराध वा कसूरका कारण भएका पीडित नै अपराध पीडित (Victims of crime) हुन् । समाजमा घट्ने कसूर वा अपराधका कारण अपराध पीडितका अन्य नागरिक सरहका हक अधिकारको उल्लंघन हुने गर्दछ । कुनै पनि मुलुकको फौजदारी कानूनले निषेध गरेको कार्य वा अपराधको परिणामस्वरुप अनाहकमा त्यसको परिणाम भोग्न बाध्य व्यक्ति नै अपराध पीडित हो, जसले अनिच्छित रुपमा जीउ, ज्यान, सम्पत्ति वा अन्य कुनै प्रकारको हानि नोक्सानी व्यहोर्नु परेको हुन्छ । अपराध पीडितलाई पनि केही विद्वानहरुले पूर्ण निर्दोष पीडित, सानोतिनो गल्ती गर्ने पीडित, स्वैच्छिक पीडित, कसूरदारभन्दा दोषी पीडित, अति दोषी पीडित, काल्पनिक पीडित आदिको रुपमा चित्रित गर्ने गरेका छन् । नेपाल कानूनले भने अपराध पीडितलाई प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितको रुपमा चित्रित गरेको पाइन्छ ।

फौजदारी कसूर वा अपराध गर्ने पीडकको आपराधिक कार्यबाट शारीरिक, मानसिक, सामाजिक, आर्थिक रुपमा पीडित भएका अपराध पीडितले गम्भीर पीडा र अनेकन समस्या भोग्नु परेको तीतो यथार्थ कसैको सामु लुकेको छैन । त्यसमा पनि मूलतः मानवको हत्या, मानव बेचबिखन, वेश्यावृत्ति, मानव अंग प्रत्यारोपण, मानव तस्करी, अपहरण वा शरीर बन्धक, घरेलु हिंसा, संगठित अपराध, लागू औषध, करणी सम्बन्धी कसूर वा अपराधको कारण विशेषगरी असहाय, महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित पीडितको समस्या ज्यादै नै विकराल स्वरुपका छन् । त्यस्ता अपराधका कारण उल्लेखित वर्ग र समूहका व्यक्तिले भोग्नु परेको पीडाका कारण निजहरूको स्वतन्त्रताको हक, समानताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक समेतमा गम्भीर असर परेको छ । अन्तराष्ट्रियस्तरमा र विभिन्न मुलुकमा अपराध पीडितका अधिकार र अपराध पीडितको संरक्षण, सुरक्षा र सहयोगका सम्बन्धमा पछिल्ला वर्षहरुमा भएका प्रयासहरुको मुक्तकण्ठले प्रसंशा गर्नु नै पर्दछ । प्रस्तुत सन्दर्भमा अपराध पीडितको हक र संरक्षणको सम्बन्धमा विश्वमै पहिलो पटक नेपालको संविधानमा मौलिक हकमा समावेश गरी उक्त हकको कार्यान्वयन गर्नको लागि अपराध पीडित संरक्षण ऐनको निर्माण गरी लागू समेत गरिएको छ ।

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता खेमराज ज्ञवाली र सहायक न्यायाधिवक्ता महेन्द्रप्रसाद अधिकारी

कुनै पनि आपराधिक कार्य वा कसूरबाट पीडित व्यक्ति, निजका परिवारका सदस्य, आफन्तका अलावा समाज र राष्ट्रलाई पनि ठूलो असर पुग्दछ । समाजमा शान्ति र व्यवस्था कायम गरी कानूनको शासन, सुशासन र न्यायको प्रत्याभूति गर्न राज्यले फौजदारी न्याय प्रणालीको व्यवस्था गरेको हुन्छ । अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने, अपराध पीडितलाई पुनःस्थापना, राहत एवं क्षतिपूर्ति सहितको न्याय प्रदान गर्ने र पीडक वा अपराधीलाई दण्ड सजाय दिलाई दण्डहिनताको अन्त्य गर्ने फौजदारी न्याय प्रणालीको मुख्य उद्देश्य भएकोले त्यसको अति महत्वपूर्ण पक्षको रुपमा रहेको अपराध पीडितको संरक्षण गर्नु आजको आवश्यकता हो । नेपालमा न्यायको उद्देश्य प्राप्तिको लागि अपराध पीडितको न्यायमा सहभागिता र सन्तुष्टिलाई फौजदारी न्याय प्रणालीको अभिन्न अंगको रुपमा स्वीकार गरीसकिएको अवस्था छ । कानूनको शासनको प्रबर्द्धन गरी दण्डहिनताको अन्त्य गर्नको लागि अपराध पीडितको संरक्षण अति जरुरी छ ।

प्रस्तुत आलेखमा अपराध पीडितको संरक्षण गर्ने सम्बन्धी अवधारणा, आवश्यकता र महत्व, क्षेत्र, विषय, चरण, विधिशास्त्रीय पद्धति, पीडितका अधिकार, अन्तराष्ट्रिय महासन्धिका व्यवस्था, अन्य केही मुलुकका कानूनी प्रावधान, नेपालको संवैधानिक र कानूनी व्यवस्था, कानून र न्यायका मान्य सिद्धान्त, न्यायिक दृष्टिकोण, अपराध पीडितको संरक्षण सम्बन्धमा सरकारी वकीलको भूमिका, अपराध पीडितका समस्या र समस्या समाधानका उपायहरु समेतका विषयवस्तुलाई समेटेर एउटा खाका कोर्ने प्रयास गरिएको छ ।

२. अवधारणा

सन् १९८५ को नोभेम्बरमा संयुक्त राष्ट्रसंघीय महासभाले अख्तियारको दुरुपयोग र अपराध पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र (Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 1985) मार्फत अपराध पीडितका अधिकारहरुको सम्बन्धमा उल्लेख गरेको पाइन्छ । उक्त घोषणापत्र पारित भएपश्चात पीडित न्यायशास्त्र र अपराधशास्त्रलाई एकै सिक्काका दुई पाटाका रुपमा हेरिनुपर्छ भन्ने दृष्टिकोण तथा अवधारणा विकसित भएको पाइन्छ । उक्त घोषणापत्रको धारा १ मा पीडित भन्नाले अख्तियारको दुरुपयोग हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रुपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारवान क्षति लगायतको हानि व्यहोराइएको व्यक्ति जनाउँछ भन्ने उल्लेख गरेको छ । उक्त घोषणापत्रमा अपराध पीडितका अधिकारका रुपमा न्यायमा सहज पहुँच र स्वच्छ व्यवहारको अधिकार (Access to Justice and Fair Treatment), पुनर्स्थापनाको अधिकार (Right to Restitution), क्षतिपूर्तिको अधिकार (Right to Compensation) तथा सहायता प्राप्त गर्ने अधिकार (Right to Assistance) समेतलाई उल्लेख गरिएको छ । साथै उक्त घोषणापत्रमा गोपनीयताको अधिकार, संरक्षणको अधिकार, आफ्नो भनाई राख्न पाउने अधिकार, भौतिक, स्वास्थ्योपचार र सामाजिक सहयोगको अधिकार समेतलाई अपराध पीडितका अधिकारका रुपमा लिइएको छ ।

समाजको स्थापना र अस्तित्वसंगै कसूर वा अपराधको समेत अस्तित्व सिर्जना भएको हुन्छ । कसूरदारलाई सजाय र पीडितलाई न्याय दिनु तथा समाजमा शान्ति सुव्यवस्था कायम गर्नु फौजदारी

कानूनको मुख्य उद्देश्य हो । अपराध पीडितलाई क्षतिपूर्ति, सुरक्षा, पुनर्स्थापना सहितको न्याय प्रदान गर्नु कानूनी राज्यको एउटा महत्वपूर्ण पक्ष र राज्यको दायित्व समेत हो । कुटनीतिक उन्मुक्तिका सवालमा राज्य स्वयंको दायित्व तथा बालबालिका वा असहाय कसूरदार रहेको हकमा राज्यले अभिभावकका रुपमा गर्नुपर्ने तथा प्रतिवादी नरहेमा वा दायित्वबाट उन्मुक्ति वा मृत्य भएमा समेत राज्यले अपराध पीडितका हक अधिकारको सुनिश्चितता प्रदान गर्नुपर्ने अवस्था हुन्छ भने अन्य अवस्थामा सामान्यतया अपराध पीडितको क्षतिपूर्ति समेतको अधिकारको प्राप्तिका लागि कसूरदार समेतको दायित्व रहन्छ । विशेषगरी अपराध पीडितको न्यायमा पहुँच र सुनिश्चितता, सुरक्षा, संरक्षण, सुविधा/ कल्याण, राहत तथा पुनर्स्थापना सम्बन्धमा पीडित न्याय प्रणाली (Victim Justice System) मा पीडितलाई केन्द्रियतामा राखी अध्ययन गर्ने अवधारणाको विकास हुँदै जाने क्रममा रोमानियन कानूनशास्त्री Benjamin Mendelsehn ले सर्वप्रथम् सन् १९४७ मा पीडितशास्त्र (Victimology) भन्ने शब्दको प्रयोग गरेका र निजले फौजदारी न्याय प्रणालीमा पीडितको अलग भूमिका रहने कुरालाई जोड दिएको पाइन्छ । पीडित न्यायशास्त्रको विकासको शुरुवात विशेषत उन्नाइसौं शताब्दीको अन्त्यतिरबाट भएको देखिन्छ । पीडितलाई क्षतिपूर्ति दिलाउने सम्बन्धमा सन् १८७८ को स्टकहोम सम्मेलनदेखि जोडदार रुपमा आवाज उठेको पाइन्छ । पीडितशास्त्र तथा पीडित न्याय प्रणालीको विकासका सम्बन्धमा न्यूजिल्याण्डमा सन् १९६३, बेलायतमा सन् १९६४ देखि विशेष रुपमा सम्बोधन भएको, अष्ट्रेलिया र क्यानाडामा पनि अपराध पीडित क्षतिपूर्ति सम्बन्धमा कार्यक्रमहरु संचालित भएको, भारतमा Probation of Offenders Act, १९५८ मा पीडित पक्षलाई राहतका रुपमा क्षतिपूर्ति दिन सक्ने व्यवस्था रहेको, अमेरिकामा सन् १९८० को दशकदेखि पीडित सहायता कार्यक्रमको शुरुवात भएको पाइन्छ । पीडितशास्त्र सम्बन्धी विस्तृत अध्ययन सन् १९९० मा Andrew Karmen ले गरेका र पछि निजको Crime Victims: An Introduction to Victimology भन्ने पुस्तक समेत प्रकाशन भएको पाइन्छ । नेपालको सन्दर्भमा पीडित न्याय प्रणालीको औपचारिक विकास निकै पछाडि भएको भए तापनि पीडितलाई क्षतिपूर्तिको व्यवस्था सम्बन्धमा केही छरिएर रहेका कानूनहरुमा (जस्तैः साबिकको मुलुकी ऐनको जबरजस्ती करणीको महल, प्रतिलिपि अधिकार ऐन, २०५९ समेतमा) केही व्यवस्था रहेको पाइन्छ । गणतन्त्र कोरिया (दक्षिण कोरिया) ले संबिधानमै अपराध पीडितका हकलाई उल्लेख गरेको, स्वीट्जर्ल्याण्डले समेत सो सम्बन्धमा संवैधानिक प्रावधान राखेको सन्दर्भमा नेपालले मौलिक हककै रुपमा संविधानको धारा २१ मा अपराध पीडितको हकका रुपमा व्यवस्था गरेको छ ।

२.१. अपराध पीडितको संरक्षणको आवश्यकता र महत्व

विशेषतः कुनै कसूर वा अपराधको परिणामस्वरुप पीडित बनेका व्यक्तिको लागि क्षतिपूर्ति सहितको न्याय, सुरक्षा, सहायता, संरक्षण तथा आवश्यकता अनुसार सामाजिक पुनःस्थापना समेतको सुनिश्चितता गर्दै पीडित क्षतिपूर्तिउन्मुख र पीडितमैत्री न्याय प्रणालीको विकास एवं दण्डहिनताको अन्त्य गरी तेस्रो पक्षलाई अपराध पीडित हुनबाट बचाउनको लागि समेत अपराध पीडित संरक्षणको आवश्यता पर्दछ । अपराध पीडितको संरक्षणको आवश्यकता र महत्वलाई बुँदागत रुपमा निम्न बमोजिम उल्लेख गर्ने प्रयास गरिएको छ :

- अपराध पीडितको सम्मानपूर्वक बाँच्न पाउने, जीवन, वैयक्तिक स्वतन्त्रता, समानता, सम्पत्ति, ख्याति, प्रतिष्ठा लगायतका अधिकारको सम्मान, रक्षा र संरक्षण गर्न,
- अपराध पीडितलाई अभियुक्त वा निजसम्बद्ध पक्षबाट हुन सक्ने संभावित शारीरिक, आर्थिक, मानसिक, भौतिक क्षति, पीडा, हानि वा खतराबाट जोगाउन,
- अपराध पीडित उपर पुगेको शारीरिक, आर्थिक, मानसिक, सामाजिक, साँस्कृतिक पीडा र क्षतिको पूर्ति वा न्यूनिकरण गर्न,
- अपराध पीडितलाई पूर्वअवस्थामा पुनःस्थापित गराउन,
- अपराधको अनुसन्धान, अभियोजन र न्याय निरुपण प्रक्रियामा अपराध पीडितबाट सहयोग प्राप्त गर्न,
- प्रमाण लोप वा नाश हुन नदिन,
- साक्षीको रुपमा प्रस्तुत अपराध पीडितलाई प्रतिकूल बकपत्र गर्नबाट रोक्न,
- आवश्यकता अनुसार अपराध पीडितलाई अन्तरिम क्षतिपूर्ति र आर्थिक सहायता दिलाउन,
- अपराध पीडितको उचित सुरक्षाको प्रबन्ध गर्न,
- अपराध पीडितको न्यायमा सहज पहुँचको सुनिश्चितता गर्न र निजलाई न्यायको पूर्ण प्रत्याभूति दिलाउन,
- अपराध पीडितलाई पुनःपीडित हुनबाट जोगाउन,
- पीडकलाई सजाय दिलाई अपराध पिडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाउन,
- फौजदारी न्याय प्रशासनलाई प्रभावकारी तुल्याउन,
- न्याय प्रणालीप्रतिको जनआस्था अभिवृद्धि, दण्डहिनताको अन्त्यका साथै कानूनी राज्यको अवधारणालाई साकार तुल्याउन ।

२.२. अपराध पीडितको संरक्षणका क्षेत्र

अपराध पीडितको संरक्षणका क्षेत्रहरुलाई बुँदागत रुपमा निम्न बमोजिम उल्लेख गर्ने प्रयास गरिएको छ :

१. **भौतिक, शारीरिक र पारिवारिक :** अपराध पीडितको संरक्षणको पहिलो क्षेत्र अन्तर्गत अपराध पीडितको भौतिक र शारीरिक सुरक्षा एव संरक्षण पर्दछ । त्यसका साथै अपराध पीडितको परिवारका सदस्य र आफन्तको सुरक्षा र संरक्षण पनि यसै क्षेत्रभित्र समेटिने गर्दछ ।

२. **आर्थिक सहयोग, राहत, क्षतिपूर्ति र अन्तरिम क्षतिपूर्ति :** अपराध पीडितको संरक्षणको दोस्रो क्षेत्र अन्तर्गत निज र निजको परिवारलाई बाँच्नको लागि आवश्यक पर्ने खान, बस्न, यातायात खर्च समेतको लागि आवश्यक आर्थिक सहयोग पर्दछ । त्यसका साथै निजले कानून बमोजिम प्राप्त गर्नुपर्ने राहत, क्षतिपूर्ति र अन्तरिम क्षतिपूर्ति पनि यसै क्षेत्रभित्र समेटिने गर्दछ ।

३. **बसोबास, पुनर्बास** : अपराध पीडितको संरक्षणको तेस्रो क्षेत्र अन्तर्गत आफ्नो घरबाट विस्थापित भएको अवस्थामा तत्काल र दीर्घकालीन बसोबासको व्यवस्थाका साथै आवश्यकता अनुसार पुनर्बासको व्यवस्था समेत पर्दछ ।

४. **सामाजिक पुनःस्थापना** : अपराध पीडितको संरक्षणको चौथो क्षेत्र अन्तर्गत निजको सामाजिक पुनःस्थापना पर्दछ । जस अन्तर्गत विशेषगरी रोजगारी, शिक्षा, व्यावसायिक तालिम आदि पर्दछन् ।

५. **दैनिक तथा भ्रमण खर्च** : अपराध पीडितको संरक्षणको पाँचौं क्षेत्र अन्तर्गत निजलाई अनुसन्धान र न्यायिक प्रक्रियाको सन्दर्भमा लाग्ने न्यूनतम् दैनिक तथा भ्रमण खर्चको व्यवस्थापन पर्दछ ।

६. **पीडितमैत्री वातावरण** : अपराध पीडितको संरक्षणको छैठौं क्षेत्र अन्तर्गत पीडितमैत्री वातावरण पनि पर्दछ । उद्धार, अनुसन्धान देखि न्यायिक प्रक्रिया र फैसला कार्यान्वय तथा त्यपछिको चरणमा पनि पीडितमैत्री वातावरण श्रृजना गर्नु राज्यको दायित्व भित्रै पर्दछ ।

७. **न्यायिक प्रकृयामा सहजीकरण** : अपराध पीडितको संरक्षणको सातौं क्षेत्र अन्तर्गत न्यायिक प्रकृयामा सहजीकरण पर्दछ । यो प्रकृया भित्र सरल, स्पष्ट र छिटोछरितो कार्यविधिको अनुसरण समेतका कुरा समेटिने गर्दछन् ।

८. **औषधोपचार** : अपराध पीडितको संरक्षणको आठौं क्षेत्र अन्तर्गत औषधोपचार पनि पर्दछ । मागको आधारमा जतिबेला आवश्यक पर्दछ, त्यतिबेला औषधोपचारको व्यवस्था राज्यको तर्फबाट गरीदिनु पर्ने हुन्छ ।

९. **परामर्श** : अपराध पीडितको संरक्षणको नवौं क्षेत्र अन्तर्गत परामर्श सेवा पर्दछ । परामर्श सेवा अन्तर्गत कानूनी, मानसिक, मनोवैज्ञानिक, चिकित्सकीय, मनोचिकित्सकीय, सामाजिक, धार्मिक लगायतका परामर्श सेवाहरु पर्दछन् ।

अपराध पीडितको संरक्षणका क्षेत्रहरुलाई सरल रुपमा बुझ्नको लागि निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ :

२.३. अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय

अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय मूलतः देहाय बमोजिम रहेका छन् :

१. **अपराध पीडितको अधिकारहरुको संरक्षण :** पीडितको अधिकारहरुको संरक्षण पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । अपराध पीडितका सम्पूर्ण अधिकारहरुको संरक्षण गर्ने जिम्मेवारी र दायित्व कानून कार्यान्वयन गर्ने अधिकारीहरुको हुन्छ ।

२. **सम्मान र मानवोचित व्यवहार :** अन्य आमनागरिक सरह अपराध पीडितले पनि सम्मान र मानवोचित व्यवहार पाउने विषय पिन अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । मूलतः कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितलाई उचित सम्मान र मानवोचित व्यवहार प्रदर्शन गर्न सक्नु पर्दछ ।

३. **सुरक्षाको प्रत्याभूति :** सुरक्षाको प्रत्याभूति पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । मूलतः कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितको सुरक्षाको प्रत्याभूति दिन सक्नु पर्दछ।

४. **पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी :** आफू पीडित भएको मुद्दाको कारबाही सम्बन्धी जानकारी पाउने विषय पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितलाई निज पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी कानून बमोजिम समयमै उपलब्ध गराउनु पर्ने हुन्छ ।

५. **गोपनीयताको प्रत्याभूति :** गोपनीयताको प्रत्याभूति पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीहरूले अपराध पीडितलाई गोपनीयताको प्रत्याभूति दिन सक्नु पर्दछ।

६. **पीडितको अवस्थाको अनुगमन :** अपराध पीडितको यथार्थ अवस्थाको बारेमा समय समयमा अनुगमन गर्ने र आवश्यकता अनुसार सुधार गर्दै जाने विषय पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितको वास्तविक अवस्थाको अनुगमन समय समयमा गरी सुधार प्रक्रियालाई निरन्तरता दिन जरुरी छ ।

७. **पीडितमैत्री वातावरण :** पीडितमैत्री वातावरणको प्रत्याभूति पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितलाई पीडितमैत्री वातावरणको बारेमा सुनिश्चितता दिलाउन सक्नु पर्दछ ।

८. **पीडितका विभिन्न सामग्रीको सुरक्षा :** अपराध पीडितका विभिन्न सामग्रीहरुको सुरक्षाको प्रत्याभूति पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । कानून कार्यान्वयन गर्ने अधिकारीहरुले अपराध पीडितलाई निजहरुका विभिन्न सामग्रीहरुको सुरक्षा र संरक्षणको पूर्ण प्रत्याभूति गर्न सक्नु पर्दछ ।

९. **शिष्ट भाषा र सभ्य व्यवहार :** शिष्ट भाषा र सभ्य व्यवहारको प्रत्याभूति पनि अपराध पीडितको संरक्षणसँग सम्बन्धित विषय हो । अपराध पीडितले पनि अन्य सामान्य नागरिकले सरह शिष्ट भाषा र सभ्य व्यवहारको अपेक्षा गरेका हुन्छन् । सो अनुसारको व्यवहार कानून कार्यान्वयन अधिकारीले गर्नुपर्ने हुन्छ ।

अपराध पीडितको संरक्षणका विषयहरुलाई सरल रुपमा बुझ्नको लागि निम्न रेखाचित्रमा प्रस्तुत गरिएको छ :



२.४. अपराध पीडितको संरक्षणका चरणहरु

फौजदारी न्याय प्रशासन सञ्चालनका क्रममा अवलम्बन गरीने चरणहरुलाई नै अपराध पीडितको संरक्षणका चरणहरुको रुपमा लिन सकिन्छ, जसको चर्चा रेखाचित्रको माध्यमबाट निम्न बमोजिम गर्ने प्रयास गरिएको छ :



२.५. अपराध पीडित संरक्षण सम्बन्धी विधिशास्त्रीय पद्धति

अपराध पीडित संरक्षण सम्बन्धी विधिशास्त्रीय पद्धतिले मूलतः पीडितले अनाहकमा सहनु परेको हानि नोक्सानी एवं क्षति र व्यहोर्नु परेको पीडा वा दुःख वापत राज्यको औपचारिक न्याय प्रणाली मार्फत प्राप्त गर्ने क्षतिपूर्ति सहितको न्यायको वकालत गर्दछ । अपराध पीडित संरक्षण सम्बन्धी विधिशास्त्रीय पद्धति अन्तर्गत अपराध पीडितले न्याय प्राप्तिको सन्दर्भमा पुनरुद्धार, रिपारेसन, रेस्टिटयुसन, परिपूरण तथा क्षतिपूर्ति प्राप्त गर्ने, पुनर्थापनाको हक हुने, आपतकालीन राहत पाउने, सामाजिक सुरक्षा पाउने, राज्यको तर्फबाट सुरक्षा र संरक्षण प्राप्त गर्ने, आर्थिक सहायता प्राप्त गर्ने, पुनः पीडित हुन नपर्ने, भेटिङ वा सरकारी निकायका पदाधिकारी र कर्मचारीमा सुधार गर्ने, विभिन्न प्रकारका परामर्श, मध्यस्थता, मेलमिलाप र मिलापत्र, मानव अधिकारको संरक्षण आदि जस्ता कुराहरु समेटिने गर्दछन् । माथि उल्लिखित सामाजिक सुरक्षा अन्तर्गत निःशुल्क शिक्षा, ट्राभल पास, अनुदान, सहायता, रोजगारी सुविधा आदिको व्यवस्थपान पर्दछ भने अपराध पीडितको सहायता र संरक्षण अन्तर्गत स्कर्टिङ, प्रि ट्रायल, केश ब्रिफिङ आदि पर्दछन् । त्यसैगरी आर्थिक सहायता अन्तर्गत अपराध पीडित सहायता कोष, पीडित राहत कोष आदि पर्दछन् भने परामर्श अन्तर्गत चिकित्सा सेवा, कानूनी सेवा, मनोवैज्ञानिक सेवा, सामाजिक सेवा, धार्मिक सेवा आदि क्षेत्रमा प्रदान गरीने परामर्श सेवाहरु पर्दछन् । त्यसका साथै पीडित न्याय प्रणाली अन्तर्गत बाल न्याय र संक्रमणकालीन न्यायका विभिन्न पद्धतिहरुको पनि अवलम्बन गर्ने गरीन्छ ।

२.६. अपराध पीडितका अधिकार

अपराध पीडितका अधिकारलाई नेपालमा मौलिक हक र कानूनी हकको रुपमा प्रत्याभूति गरिएको छ भने गणतन्त्र कोरिया र स्वीट्जर्ल्याण्डमा संवैधानिक हकको रुपमा र अन्य कतिपय मुलुकमा कानूनी हकको रुपमा व्यवस्था गरिएको पाइन्छ । कतिपय अन्तराष्ट्रिय सन्धि वा लिखतहरुमा पनि अपराध पीडितका अधिकारहरुका बारेमा उल्लेख गरिएको पाइन्छ । अपराध पीडितका सबै अधिकारहरु वास्तवमा कुनै न कुनै रुपमा मानव अधिकारका विषय अन्तर्गत नै पर्दछन् । माथि उल्लिखित कानूनी व्यवस्थाहरु बमोजिम अपराध पीडितका अधिकारहरु निम्न बमोजिम रहेका छन् :

- सम्मानपूर्वक बाँच्न पाउने हक,
- जीवन, स्वतन्त्रता, समानता र मर्यादाको हक,
- पुनरुद्धार तथा आपतकालीन राहतको हक,
- न्यायमा पहुँच सम्बन्धी हक,
- स्वच्छ व्यवहार र अविभेदको हक,
- स्वच्छ सुनुवाइको हक,
- सम्पत्ति फिर्ता पाउने हक,
- गोपनीयताको हक,
- कानून व्यवसायीसँग परामर्श गर्ने र निःशुल्क कानूनी सहायताको हक,
- पीडित हुन नपर्ने हक,

- दोभाषेको सुविधा पाउने हक,
- क्षतिपूर्ति प्राप्त गर्ने हक,
- हर्जाना प्राप्त गर्ने हक,
- समाजिक पुनर्स्थापनाको हक,
- आर्थिक सहायता र भौतिक सुविधा प्राप्त गर्ने हक,
- औषधोपचार सम्बन्धी हक,
- मुद्दाको प्रक्रियामा सहभागी हुन पाउने र धारणा व्यक्त गर्ने हक,
- सरकारी मुद्दा असफल भएमा तथा फिर्ता भएमा मुद्दाको पक्ष बन्न पाउने हक,
- मुद्दा फिर्ता लिंदा वा कसूरदारलाई माफी दिइदा पीडितको परामर्श लिइनु पर्ने हक आदि ।

३. अपराध पीडितको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धिका व्यवस्था

मानव अधिकार सम्बन्धी महत्वपूर्ण दस्तावेजका रुपमा रहेका अन्तर्राष्ट्रय घोषणापत्र, सन्धि, महासन्धिमा उल्लेख भएका हक अधिकार सम्बन्धित सबैको हकमा लागू हुने हुंदा अपराध पीडितको हकका सन्दर्भमा समेत उत्तिकै महत्वपूर्ण रुपमा लागू हुन्छन् । जस्तैः मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, १९४९; राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको महासन्धि, १९७९; यातना विरुद्धको महासन्धि, १९८४; बाल अधिकार महासन्धि, १९८९ आदि रहेका तथा सोही सन्दर्भमा अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५, अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०, अन्तराष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान, १९९८, अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००, मानव बेचविखन खासगरी महिला बालबालिकाको बेचबिखनलाई रोक्ने दबाउने र सजाय गर्ने सम्बन्धी उपलेख, २००१, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा व्यवस्था भएको महासन्धिको स्वैच्छिक उपलेख, २००२, महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा ब्यस्था भएको महासन्धि, २००२ समेतका अन्तराष्ट्रिय दस्तावेजहरुले अपराध पीडितका हक तथा न्याय सम्बन्धी आधारभूत अधिकारको सम्बन्धमा विशेष व्यवस्था गरेको पाइन्छ ।

४. अन्य केही मुलुकका कानूनी प्रावधान

परम्परागत फौजदारी न्याय प्रणालीमा पीडक वा कसूरदारलाई सजाय दिएपछि न्याय प्राप्त भएको मान्ने गरीन्थ्यो तर पीडित न्याय प्रणालीमा अपराधी र पीडित शब्द एउटा सिक्काका दुई पाटा मानी अपराधीलाई सजायका साथै पीडितलाई क्षतिपूर्ति सहितको न्यायका साथै सामाजिक पुनर्स्थापना भएपछि मात्र न्याय प्राप्त हुन्छ भन्ने मान्यताको विकास गरिएको छ । पीडित न्याय प्रणालीमा अपराध पीडितका माथि उल्लिखित अधिकार माथि विशेष जोड दिइन्छ । न्याय प्राप्तिको प्रक्रियाले पूर्णता पाउनको लागि अपराध पीडित तथा साक्षीको अत्यन्त महत्वपूर्ण भूमिका हुने गर्दछ । जघन्य, गम्भीर,

संगठित र आतंकवादी कसूर वा अपराधमा संलग्न व्यक्ति वा समूहलाई अदालतको कठघरामा पुऱ्याई दण्ड सजाय दिलाउन र त्यस्ता कसूरजन्य कार्यलाई रोक्नको लागि अनुसन्धानको सिलसिलामा अपराध पीडितको मौकाको कागज, मौकाको भनाइ तथा अदालती कारबाहीको क्रममा बकपत्रको माध्यमबाट व्यक्त अपराध पीडितको भनाइले ज्यादै नै महत्व राख्दछ । अपराध अनुसन्धानदेखि अदालती कारबाहीसम्मको चरणमा न्याय प्राप्तिको सन्दर्भमा अपराध पीडितको भूमिकाको कारण निजका विरुद्धमा हुन सक्ने डर, त्रास, धाकधम्की, आर्थिक प्रलोभन, रिसइवी, भौतिक आक्रमण, जीवनरक्षाको चुनौती एवं पुनःपीडित हुनु पर्ने यथार्थता र वास्तविकतालाई मध्यनजर राखी अपराध पीडितको जुनसुकै तरहले संरक्षण गर्नुपर्ने राज्यको दायित्व र कर्तव्यलाई बोध गरी विश्वका धेरै मुलुकले पीडितको संरक्षण गर्ने विभिन्न कानूनी व्यवस्था गर्दै आएको पाइन्छ । त्यसमध्ये केही मुलुकको कानूनी व्यवस्थाको बारेमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

१. संयुक्त अधिराज्य

संयुक्त अधिराज्यमा Crown Prosecution Service ले फौजदारी मुद्दाको अभियोजन गर्ने यातना पीडितहरुका हकमा Criminal Compensation Act, 1995 जारी गरी लागू गरिएको छ । त्यस बाहेक पनि त्यहाँ अन्य अभियोजन निकायहरु समेत रहेका र अपराध पीडितहरुको अनुसन्धानको उठान तथा अभियोजन समेतमा निजहरुको नेतृत्वदायी भूमिका रहेको पाइन्छ । अपराध पीडितहरुको अधिकारहरुको थप सुनिश्चितताका लागि सन् २००६ मा जारी भएको Code of Practice for Victims of Crime ले अपराध पीडितलाई अनुसन्धानको बारेमा सूचना प्राप्त गर्ने, अभियुक्त पक्राउ परेको तथा अदालती कारबाही समेतको सूचना पाउने अधिकार समेतका अपराध पीडितका अधिकारहरुको व्यवस्था गरेको पाइन्छ भने पीडितहरुलाई अधिकारहरुका बारेमा सचेतना, न्यायिक निकायबाट प्राप्त सेवा समेतमा चित्त नबुझेमा Parliamentary Ombudsman मार्फत संसदमा उजूरी दिन सकिने, Victim Support कार्यक्रम मार्फत निःशुल्क र भरपर्दो कानूनी सल्लाह पाउने व्यवस्था, कानूनी प्रक्रियाबाटै पीडितलाई शारीरिक, आर्थिक तथा संवेगात्मक पक्षमा विचार गरी क्षतिपूर्ति उपलब्ध गराइने समेतको पीडितमैत्री व्यवस्था अवलम्बन गरिएको पाइन्छ ।

२. संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा अपराध पीडितको संरक्षणको सम्बन्धमा क्यालिफोर्नियामा सन् १९६५ मा पहिलोपटक अपराध पीडित क्षतिपूर्ति कार्यक्रम (Crime Victim Compensation Program) जारी गरी लागू भएको पाइन्छ । त्यसैगरी अपराध पीडितको संरक्षण सम्बन्धमा Child Abuse Prevention and Treatment Act 1974, Parental Kidnapping Prevention Act 1980, Victim and Witness Protection Act, 1982, Victims of Crime Act 1984, Justice Assistance Act, 1984, Mandatory Victims' Restitution Act 1996, Victims' Rights Clarification Act,1997, Crime Victims with Disabilities Awareness Act, 1998, Trafficking Victims Protection Act 2000, Tribal Law and Order Act, 2010 समेतका दर्जनौं कानूनहरु प्रचलनमा रही अपराध पीडितको क्षतिपूर्ति पुनःस्थापना सहितको न्यायका सम्बन्धमा विभिन्न अधिकार तथा कानूनी व्यवस्थाहरु गरेको पाइन्छ ।

३. अष्ट्रेलिया

अष्ट्रेलियामा सन् २००६ मा जारी भएको पीडितको बडापत्र (Victims' Charter) मा फौजदारी न्याय प्रणाली तथा पीडित सहयोगी निकाय (Victim Support Agency) ले कसरी अपराध पीडितका लागि सहयोग गर्छन् भन्ने समेतको व्यवस्था उल्लेख गरेको छ, जसमा उक्त बडापत्रका व्यवस्थाहरुलाई फौजदारी न्यायिक निकायहरुले अपराध पीडितहरुसँग व्यवहार गर्दा अनिवार्य अनुशरण गर्नुपर्ने र पालना नभएमा उजूरी गर्नसक्ने समेतको व्यवस्था गरिएको पाइन्छ । उक्त बडापत्रमा अपराध पीडितलाई समयमै यथार्थ सूचनाको उपलब्धता, आवश्यक कानूनी सहायताको प्राप्ति, अनुसन्धान, अभियोजनका सम्बन्धमा जानकारी पाउने, साक्षीका रुपमा उपस्थित हुने, क्षतिपूर्ति तथा आर्थिक सहायता प्राप्त गर्ने समेतका अधिकारहरु उल्लेख गरिएको छ । त्यहाँ अपराध पीडितकै लागि Victim of Crime Assistance Act,1996 समेत जारी भई लागू गरिएको छ ।

४. क्यानडा

क्यानडामा अपराध पीडितका लागि संघीय कानूनका अधीनमा रही धेरैजसो Province हरुले UN को घोषणापत्रलाई समेत सम्बोधन हुने गरी कानूनहरु निर्माण गरेको पाइन्छ । सन् १९८० को मध्य र पछिल्लो दशकमा Manitoba, New Brunswick, Newfoundland, The Northwest Territories, Nova Scotia, PEI, Quebec and Saskatchewan ले Provincial Bill of Rights for Victims जारी गरेका तथा सन् १९९० को मध्य र पछिल्लो दशकमा BC, Alberta and Ontario ले अपराध पीडितको अधिकार सम्बन्धमा कानून बनाई लागू गरेको देखिन्छ । Manitoba ले सन् २००० मा सो सम्बन्धी कानून जारी गरेको पाइन्छ । समग्रमा विभिन्न Province हरुले अपराध पीडितको उचित क्षतिपूर्ति सहितको न्याय प्रप्तिको सुनिश्चितताका लागि विभिन्न कानूनी व्यवस्था तथा कार्यक्रमहरु संचालन गरेको पाइन्छ ।

५. जापान

जापानमा The Fundamental Act on the Protection of Victims of Crime, 2004 जारी गरी लागू गरिएको छ । उक्त ऐनले अपराध पीडितका अधिकारका मौलिक सिद्धान्तलाई स्थापित गर्दै अपराध पीडितको प्रभावकारी संरक्षणको सम्बन्धमा Central and Local Government लाई उत्तरदायी घोषित गरेको पाइन्छ ।

६. भारत

भारतमा Probation of Offender Act, 1958 को दफा ५ मा पीडितलाई क्षतिपूर्ति दिइनुपर्ने व्यवस्था रहेको देखिन्छ । त्यस्तै Indian Penal Code, 1960 तथा Indian Code of Criminal Procedure, 1973 समेतमा अपराधबाट पीडितले अपराधको सूचना/उजूरी (First Information Report) गर्ने, तथा अपराधको सूचना/उजूरी दर्ता नभएमा सो भन्दा माथिल्लो प्रहररी अधिकृत समक्ष तथा निजबाट समेत दर्ता नभएमा Magistrate समक्ष उजूरी दिई अपराधको अनुसन्धान गराउन सक्ने तथा निज पीडित सो अपराधको अभियोजनको साक्षीको रुपमा रहनेसम्मको व्यवस्था रहेको पाइन्छ ।

७. दक्षिण अफ्रिका

दक्षिण अफ्रिकामा पीडित तथा साक्षी संरक्षणका सन्बन्धमा Witness Protection Act, 1998 जारी भई लागू गरिएको पाइन्छ ।

५. अपराध पीडितको संरक्षण सम्बन्धी नेपालको संवैधानिक र कानूनी व्यवस्था

अपराध पीडितको संरक्षणसँग सम्बन्धित नेपालको संवैधानिक र कानूनी व्यवस्थाको कुरा गर्दा विश्वकै अग्रणी मुलुकको रुपमा उभिन नेपाल सफल भएको छ । नेपालको संविधानमै अपराध पीडितको हकलाई मौलिक हकको रुपमा समावेश गर्ने नेपाल विश्वकै हालसम्मको एक मात्र र पहिलो मुलुक पनि हो । अपराध पीडितको हकलाई कार्यान्वयन गर्न नेपालको संविधानको धारा ४७ बमोजिम संविधान जारी भएको ३ वर्षभित्र अपराध पीडित संरक्षण ऐन निर्माण गरी लागू गरीसकिएको छ । त्यस बाहेकका अन्य कानूनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । अपराध पीडितको संरक्षण सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थालाई तलको रेखाचित्रले पनि थप स्पष्ट पार्नमा सहयोग पुऱ्याउँछ ।



५.१. संवैधानिक व्यवस्था

नेपालको संविधानमा अपराध पीडितको संरक्षण सम्बन्धी विभिन्न मौलिक हकहरुको व्यवस्था गरिएको छ । मौलिक हक अन्तर्गत अपराध पीडितको संरक्षणसँग प्रत्यक्ष सम्बन्धित हकको रुपमा अपराध पीडितको हक रहेको छ भने अन्य व्यक्ति सरह अपराध पीडितको हकमा पनि आकर्षित हुने विभिन्न हकहरुको पनि व्यवस्था गरिएको छ । ती मौलिक हकहरु निम्न रहेका छन् :

(क) अपराध पीडितको हक (धारा २१) : उपधारा (१) मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने र उपधारा (२) मा अपराध

पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने व्यवस्था गरिएको छ ।

(ख) अपराध पीडितको संरक्षण सम्बन्धी अन्य अन्तर्सम्बन्धित मौलिक हकहरु : त्यस बाहेक नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८), न्याय सम्बन्धी हक (धारा २०), यातना विरुद्धको हक (धारा २२), छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), गोपनीयताको हक (धारा २८), शोषण विरुद्धको हक (धारा २९), श्रमको हक (धारा ३४), स्वास्थ्य सम्बन्धी हक (धारा ३५), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), सामाजिक सुरक्षाको हक (धारा ४३), संवैधानिक उपचारको हक (धारा ४६) आदि हकहरुको व्यवस्था गरिएको छ ।

५.२. कानूनी व्यवस्था

अपराध पीडितको संरक्षणका सम्बन्धमा उपर्युक्त संवैधानिक व्यवस्थाका साथै प्रत्यक्ष सम्बन्धित कानूनको रुपमा अपराध पीडित संरक्षण ऐन रहेको छ भने अन्य अन्तर्सम्बन्धित विशेष कानूनको रुपमा बालबालिका सम्बन्धी ऐन, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, संगठित अपराध निवारण ऐन, जातीय भेदभाव तथा छुवाछूत (कसूर तथा सजाय) ऐन, घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, प्रमाण ऐन आदि र सामान्य कानूनको रुपमा मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता आदि रहेका छन् । अपराध पीडितको संरक्षणसँग सम्बन्धित कानूनी व्यवस्थाहरु निम्न बमोजिम रहेका छन् :

(क) अपराध पीडित संरक्षण ऐन, २०७५

१. ऐनको उद्देश्य र केही परिभाषाहरु

अपराध पीडित संरक्षण ऐन, २०७५ को **उद्देश्य** स्पष्ट पार्दै प्रस्तावनामा "नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रकृयाको अभिन्न अंगको रुपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरुप व्यहोर्नु परेको क्षति बापत पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गरी पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले" उल्लेख गरिएको छ । यस ऐनमा भएका मुख्य मुख्य विशेषता तथा व्यवस्थाहरुको सम्बन्धमा तलका अनुच्छेदहरुमा क्रमशः चर्चा गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत ऐनमा कसूर, कसूरदार, पीडित, विभिन्न प्रकारका पीडित, क्षति आदिका सम्बन्धमा परिभाषित गरिएको पाइन्छ । ऐनको दफा २ (ख) मा **"कसूर"** भन्नाले पीडितको मृत्यु भएको वा पीडितले क्षति

व्यहोर्नु परेको प्रचलित कानून बमोजिम सरकार वादी हुने फौजदारी कसूर सम्झनु पर्छ । दफा २ (ग) मा **"कसूरदार"** भन्नाले कसूरमा अदालतबाट कसूरदार ठहर भएको व्यक्ति सम्झनु पर्छ । दफा २ (ञ) मा **"पीडित"** भन्नाले प्राकृतिक व्यक्तिको रुपमा रहेको प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडित सम्झनु पर्छ ।

त्यसैगरी ऐनको दफा २ (ज) मा **"प्रथमस्तरको पीडित"** भन्नाले पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणाम स्वरुप फौजदारी दायित्व बेहोर्नु नपर्ने वा पीडकको पहिचान नखुलेको वा पीडक विरुद्ध अभियोग नलागेको वा कसूरसँग सम्बन्धित मुद्दा फिर्ता भएको वा कसूरदारलाई भएको सजाय माफी भएको वा कसूरदार ठहर नभएको वा पीडितसँग पीडकको जे जस्तो पारिवारिक सम्बन्ध भए पनि पीडित विरुद्ध वारदात भएकोमा कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसूरमा संलग्न नरही देहायको कुनै अवस्थामा मृत्यु भएको वा क्षति पुगेको व्यक्तिलाई समेत जनाउनेछ : (१) कसूर गरीरहेको व्यक्तिलाई कसूर गर्नबाट रोक्ने कार्य गर्दा, (२) कुनै व्यक्तिको विरुद्धमा कसूर भइरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई कसूरबाट बचाउने उद्देश्यले मनासिब सहयोग र उद्धार गर्ने कार्य गर्दा, (३) कसूर गरीरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकार प्राप्त अधिकारीलाई सहयोग पुऱ्याउँदा ।

ऐनको दफा २ (च) मा **"द्वितीयस्तरको पीडित"** भन्नाले प्रथमस्तरको पीडितको विरुद्धमा भइरहेको वा भएको कसूरमा संलग्न नभएको तर त्यस्तो कसूरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नु परेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसूरमा संलग्न नरहेको तर कसूरको बारेमा जानकारी भएको वा प्रत्यक्षदर्शी साक्षी भएको कारणबाट क्षति व्यहोर्नु परेको प्रथमस्तरको पीडित नाबालिगको संरक्षक र प्रथमस्तरको पीडितको विरुद्धमा भएको कसूरका सम्बन्धमा थाहा पाएको कारणले क्षति बेहोर्नु परेको प्रथमस्तरको पीडितको संरक्षक, प्रथमस्तरको पीडित नाबालिग भएमा, र त्यस्तो क्षति बेहोर्नु परेको व्यक्ति त्यस्तो कसूरमा संलग्न नरहेमा त्यस्तो व्यक्तिलाई समेत जनाउनेछ ।

ऐनको दफा २ (झ) मा **"पारिवारिक पीडित"** भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको प्रथमस्तरको पीडित विरुद्धको कसूरमा संलग्न नरहेको मृतक पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा पीडितमा आश्रित एकासगोलको परिवारको अन्य सदस्य सम्झनु पर्छ ।

त्यस्तै ऐनको दफा २ (ड) मा **"क्षति"** भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको क्षतिहरु जस्तैः शारीरिक अङ्गभङ्ग, जबरजस्ती करणीको कारण गर्भ रहेको, पीडितको शारीरिक वा मानसिक स्वास्थ्य वा आयु माथि प्रतिकूल प्रभाव पार्ने चिकित्सा विज्ञानद्वारा मान्यता प्राप्त सरुवा रोग लाग्नु, चिकित्सकद्वारा पहिचान गरिएको मानसिक चिन्ता, मानसिक तनाव (इमोसनल ट्रमा) वा क्षति, शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट हुनु वा सो क्षमतामाथि गम्भीर क्षति हुनु, जबरजस्ती करणीका कारण पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव, मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति, आर्थिक वा भौतिक क्षति, पीडितको शारीरिक सौन्दर्य कुरुप हुनु सम्झनु पर्छ ।

त्यसैगरी प्रस्तुत ऐनमा यस ऐनको प्रयोजनको लागि **पीडित नमानिने कार्य**को बारेमा समेत उल्लेख गरिएको छ ।[२] त्यस्ता कार्यहरुमा (क) कानून बमोजिम निजी रक्षा अन्तर्गत आफ्नो वा अरु कसैको जीउ, ज्यान, सम्पत्ति वा सतित्वको रक्षा गर्ने सिलसिलामा कुनै कार्य गर्दा, (ख) अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम खटाएको वा तैनाथ रहेको सुरक्षाकर्मीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्रचलित कानून बमोजिम कुनै कार्य गर्दा, (ग) कानून बमोजिम अनुसन्धान गर्ने अधिकार पाएको अनुसन्धान अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र रही अनुसन्धानको सिलसिलामा कुनै कार्य गर्दा, (घ) कानून बमोजिम आपराधिक दायित्व बहन गर्नु नपर्ने अवस्थामा भएको कुनै कार्य ।

२. फौजदारी न्यायिक प्रक्रियामा अपराध पीडितका अधिकार र कर्तव्य

प्रस्तुत ऐनमा फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार र कर्तव्यको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको पाइन्छ । ऐनको परिच्छेद २ मा अपराध पीडितको संरक्षणसँग सम्बन्धित माथि उल्लेख भएका धेरैजसो अपराध पीडितका अधिकारहरुको बारेमा उल्लेख गरिएको भए तापनि केही अधिकारहरु भने समावेश हुन छुट भएका छन् । त्यसका साथै अपराध पीडितका अधिकार मात्र नभएर केही कर्तव्यहरुको पनि चर्चा गरिएको पाइन्छ । ती अधिकार र कर्तव्य निम्न बमोजिम रहेका छन् :

ऐनको दफा ४ मा अपराध पीडितको **स्वच्छ व्यवहार पाउने अधिकार** अन्तर्गत पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुने व्यवस्था गरिएको छ ।

ऐनको दफा ५ मा अपराध पीडितको **भेदभाव विरुद्धको अधिकार** अन्तर्गत फौजदारी न्यायिक प्रक्रियामा पीडितको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नु नहुने व्यवस्था गरिएको छ ।

ऐनको दफा ६ मा अपराध पीडितको **गोपनीयताको अधिकार** अन्तर्गत जबरजस्ती करणी, हाडनाता करणी, मानव बेचविखन, यौन दुर्व्यवहार र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुने तथा पीडितले चाहेमा उक्त कसूरको अनुसन्धान, तहकिकात र अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर, पीडितको वास्तविक स्वर बदल्न दिएर, अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गरेर र अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर गर्नु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ७ मा अपराध पीडितको **अनुसन्धान सम्बन्धी सूचनाको अधिकार** अन्तर्गत पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले निजलाई कानून बमोजिम पीडितले प्राप्त गर्ने

२ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३ ।

चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श, अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना, अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर, अनुसन्धान तथा तहकिकातको प्रगति विवरण, शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया, शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा, शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा, अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुनः पक्राउ भएमा सो को व्यहोरा, अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानून बमोजिम हिरासतबाट छाडेमा सो को व्यहोरा र कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारीका विषयमा यथाशीघ्र सूचना दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ८ मा अपराध पीडितको **अभियोजन सम्बन्धी सूचनाको अधिकार** अन्तर्गत अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा मुद्दा नचलाउन निर्णय गरेको भएमा मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण, कुनै व्यक्ति विरुद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरीएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण, मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम हुने अदालती कारबाहीको प्रक्रिया सम्बन्धी सामान्य जानकारी, मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानून बमोजिम थप माग दावी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको आदेश, पीडित व्यक्ति कसूरको साक्षी समेत भएकोमा निजले साक्षीको रुपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी, अभियोगपत्र दायर हुँदा फरार रहेको अभियुक्त मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ भई वा आफै हाजिर हुन आएमा सोको व्यहोरा, कसूरका सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोराको सूचना यथाशीघ्र दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ९ मा अपराध पीडितको **न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकार** अन्तर्गत अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा निजलाई अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा वा नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा, अदालतमा हुने सुनुवाइको मिति, स्थान र समय, अभियुक्तले जमानत वा तारेखमा छोडी पाऊँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा, अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा, अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाऊँ भनी प्रचलित कानून बमोजिम शुरु अदालतको आदेश विरुद्ध पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको व्यहोरा, पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेकोमा पुनः पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा, अभियुक्त वा कसूरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मुक्त गरिएकोमा सुरिवेक्षण शर्तहरु र त्यस्ता शर्तहरू हेरफेर भएमा हेरफेर गरीएका शर्त

सम्बन्धी व्यहोरा र त्यस्तो हेरफेर लागू हुने मिति, सुपरिवेक्षणमा थुनाबाट मुक्त भएको अभियुक्त वा कसूरदारले सुपररवेक्षणका शर्तहरु पालना गरे नगरेको, अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरीएमा सो सम्बन्धी व्यहोरा, कसूरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय, कसूरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुनः पक्राउ भई आएमा सो को व्यहोरा, कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसूरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा, प्रचलित कानून बमोजिम सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्दा नचलाइएको वा कारागार नपठाइएको वा कैदबाट मुक्त गरिएको पीडकले सुपरिवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने निकाय र उजूरी गर्ने तरिका, कसूरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना, कसूरदारले प्रोवेशन, प्यारोल वा सामुदायिक सेवा वा खुला कारागार वा यस्तै किसिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी व्यहोरा, कसूरका सम्बन्धमा भएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको, फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा, फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सोको परिणाम, कसूरदारलाई सुपरिवेक्षणमा राखीएकोमा सुपरिवेक्षणको शर्त परिवर्तन गर्न वा सुपरिवेक्षणको आदेश खारेज गर्न कसूरदार वा अन्य कसैले प्रचलित कानून बमोजिम निवेदन दिएकोमा सो निवेदनमा भएको निर्णय, थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा, विदेशी अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम नेपाल सरकारले नेपालको राज्य क्षेत्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोराको सूचना यथाशीघ्र दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १० मा अपराध पीडितको **सुरक्षित हुन पाउने अधिकार** अन्तर्गत पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुने व्यवस्था गरिएको छ ।

ऐनको दफा ११ मा अपराध पीडितको **धारणा व्यक्त गर्ने अधिकार** अन्तर्गत पीडितले सम्बन्धित कसूरमा शंकास्पद व्यक्तिका सम्बन्धमा अभियोग लगाउँदा, शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्दा नचलाउने निर्णय गर्नु परेमा, अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा, प्रचलित कानून बमोजिम हुने सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा, मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्रमा प्रचलित कानून बमोजिम थप माग दाबी गर्नु पर्ने भएमा, कसूरदारलाई सजाय तोक्नु अगावै प्रचलित कानून बमोजिम सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा, कसूरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा, अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा, प्रचलित कानून बमोजिम अभियुक्त वा कसूरदारका हकमा दिशान्तर (डाइभर्सन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा, कसूरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा, प्रचलित कानून बमोजिम अदालतमा विचाराधीन कसूर

सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा सुनुवाइ गर्दा सम्बन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउने र सोका लागि सम्बन्धित अधिकारीले पीडितलाई मनासिब समय प्रदान गर्नु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १२ मा अपराध पीडितको **कानून व्यवसायी राख्न पाउने अधिकार** अन्तर्गत पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउने व्यवस्था गरिएको छ ।

ऐनको दफा १३ मा अपराध पीडितको **सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार** अन्तर्गत पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुने र त्यसरी पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १४ मा अपराध पीडितको **सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार** अन्तर्गत अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १५ मा अपराध पीडितको **सम्पत्ति फिर्ता पाउने अधिकार** अन्तर्गत अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्ने, सो सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १६ मा अपराध पीडितको **कसूर सम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्न सक्ने** अन्तर्गत पीडित र अभियुक्त दुबैको सहमतिमा कसूरसँग सम्बन्धित कुनै विषयमा अदालतले छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा, छलफल अदालतको सुपरिवेक्षणमा हुने भएमा तथा छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा पीडित र अभियुक्तबीच छलफल गराउन सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १७ मा अपराध पीडितको **लिखित निवेदन दिन सक्ने अधिकार** अन्तर्गत अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय विरुद्ध नेपाल सरकारलाई प्रचलित कानून बमोजिम निवेदन वा पुनरावेदन दिने अधिकार भएमा पीडितले सो आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १८ मा अपराध पीडितको **क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार** अन्तर्गत पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नु पर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा १९ मा अपराध पीडितको **क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार** अन्तर्गत पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुने तथा पीडितको समाजिक पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा २० मा अपराध पीडितको **निवेदन दिन वा पुनरावेदन गर्न सक्ने** अन्तर्गत कुनै कसूरमा अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरुद्ध प्रचलित कानून बमोजिम निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएको छ ।

माथि उल्लिखित अपराध पीडितका अधिकारहरुको अलावा ऐनको दफा २१ मा **अपराध पीडितको कर्तव्य** अन्तर्गत कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने, कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने, कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने, आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने अपराध पीडितका कर्तव्य हुने व्यवस्था गरिएको छ ।

ऐनको दफा २२ मा अपराध पीडितको **अधिकारको सम्मान गर्नु पर्ने** अन्तर्गत कसूरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरूपणको प्रक्रियामा संलग्न हुने अधिकारीले यस ऐन तथा प्रचलित नेपाल कानून बमोजिम प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यानन्वयनको लागि उचित ध्यान दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा २३ मा ऐन प्रदत्त **अधिकारको प्रचलनको लागि** पीडितले सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

३. पीडित प्रभाव प्रतिवेदन

पीडित प्रभाव प्रतिवेदन समेतको आधारमा न्यायकर्ताले सजाय निर्धारण गर्नुका साथै क्षतिपूर्ति यकिन गर्न र प्रभावको मूल्यांकन गर्न सक्ने व्यवस्थालाई अपराध पीडित संरक्षण ऐनमा स्थान दिइएको छ । अपराध पीडितको क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने तथा पीडक र राज्यको पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने दायित्वलाई यथार्थमा परिणत गर्न प्रस्तुत व्यवस्था प्रभावकारी हुन सक्ने देखिन्छ । साथै अपराध पीडित र सम्पूर्ण समाजलाई भविष्यमा हुन सक्ने सम्भावित आपराधिक जोखिमबाट न्यूनिकरण गर्न र फौजदारी न्यायिक प्रक्रियामा पीडितको सहभागिता र धारणा व्यक्त गर्न पाउने व्यवस्थाको पालनामा पनि प्रस्तुत व्यवस्था सहायकसिद्ध हुन सक्छ । पीडित प्रभाव प्रतिवेदनहरुको समग्र मूल्यांकन हुने गरी अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट अनुसन्धान गरी अपराधको प्रवृत्ति यकिन गर्न एवं सजाय तथा क्षतिपूर्तिको पुनरावलोकन गर्न महान्यायाधिवक्ता मार्फत नेपाल सरकार र संघीय संसद समक्ष सिफारिश गर्ने महत्वपूर्ण आधार समेत बन्न सक्छ ।

ऐनको दफा २५ मा **पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने** अन्तर्गत पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्ष रुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र अदालतमा दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष तोकिएका विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा २७ मा **पीडित प्रभाव प्रतिवेदनलाई आधार लिन सक्ने** अन्तर्गत अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा पीडित प्रभाव प्रतिवेदनलाई समेत आधार लिन सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा २८ मा **कसूरबाट क्षति कम भएको अनुमान नगरीने** अन्तर्गत पीडितले ऐनको परिच्छेद ३ बमोजिम पीडित प्रभाव प्रतिवेदन पेश नगरेकै कारणबाट पीडितलाई कसूरबाट क्षति वा प्रभाव कम भएको अनुमान नगरीने व्यवस्था गरिएको छ ।

४. क्षतिपूर्ति

संविधान जारी भए पश्चात जारी भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐन र संहिताहरुले सजायको प्रकार अन्तर्गत क्षतिपूर्तिलाई पनि समावेश गर्दै नेपाली समाजमा कुनै पनि अपराध भएको खण्डमा उक्त अपराधबाट पीडित भएको व्यक्तिले क्षतिपूर्ति प्राप्त गर्ने सुनिश्चितता प्रदान गरेको छ । अपराध पीडितलाई औषधोपचार, राहत, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति समेत उपलब्ध हुने व्यवस्था अपराध पीडित संरक्षण ऐनमा समावेश गरिएको छ । अपराधी पत्ता नलागेको वा अपराधीको पहिचान नखुलेको वा पीडक विरुद्ध अभियोग नलागेको वा पीडकको उमेर, मानसिक अवस्था, कुटनीतिक वा पदीय उन्मुक्तिको कारण फौजदारी दायित्व व्यहोर्नु नपर्ने वा मुद्दा फिर्ता वा सजाय माफी भएको वा कसूरदार ठहर नभएको वा ठहर भए पनि निजसँग कुनै सम्पत्ति नभएको अवस्थामा पनि अपराध पीडित व्यक्तिले क्षतिपूर्ति पाउने संवैधानिक प्रत्याभूतिबाट बञ्चित हुनुपर्ने अवस्था देखिदैन । अपराध पीडितको संरक्षणका सम्बन्धमा ऐनमा समावेश गरिएको क्षतिपूर्ति सम्बन्धी व्यवस्था अत्यन्त सकारात्मक र व्यवहारिक हुनुको साथै अन्तर्राष्टिय कानूनी दस्तावेजका व्यवस्थाहरुसँग पनि मेल खाने देखिन्छ । ऐनमा समावेश प्रस्तुत क्षतिपूर्ति सम्बन्धी व्यवस्थाले राज्यको अभिभावकत्वको सिद्धान्तलाई समेत आत्मसात गरेको देखिन्छ ।

ऐनको दफा २९ मा **अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने** अन्तर्गत पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्ने, त्यसरी आदेश भएमा पीडितलाई पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३० मा **कसूरदारबाटै क्षतिपूर्ति भराइ दिने** अन्तर्गत अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भराइदिने गरी आदेश गर्न सक्ने तर कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएमा अदालतले पीडित राहत कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराईदिने गरी

आदेश गर्न सक्ने र आदेश प्राप्त भएको पैंतीस दिनभित्र कोषबाट क्षतिपूर्ति बापतको रकम पीडितलाई उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३१ मा **क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरु** अन्तर्गत अदालतबाट पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च, पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च, पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च, पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च, कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति, पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति, क्षति पुगेका व्यक्तिगत सामानको मर्नत सम्भार वा नयाँ खरीद गर्दा लागेको वा लाग्ने खर्च, कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता, पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर, पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति, जबरजस्ती करणीको कसूरको हकमा सो कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव, जबरजस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च, कसूरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च, विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरुद्ध हुन सक्ने थप कसूरबाट बच्ने असल नियतले परेको मनासिब खर्च, पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति, क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार, विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च, नाबालिग सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व मध्ये कुनै वा सबै विषयलाई आधार लिन सक्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३३ मा **एकभन्दा बढी हैसियतमा क्षतिपूर्ति प्राप्त नहुने** अन्तर्गत कुनै व्यक्तिले प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितको रुपमा वा अन्य कुनै रुपमा एकभन्दा बढी रुप वा हैसियतमा यस ऐन बमोजिमको क्षतिपूर्ति प्राप्त गर्न नसक्ने व्यवस्था गरिएको छ ।

क्षतिपूर्ति उपलब्ध नगराइने : ऐनमा अपराध पीडितको क्षतिपूर्तिको अधिकारको सम्बन्धमा मात्र नभएर क्षतिपूर्ति उपलब्ध नगराइने अवस्थाहरुका साथै अपराध पीडितलाई क्षतिपूर्ति दिन बाधा नपर्ने अवस्थाहरुको बारेमा पनि विस्तृत रुपमा स्पष्ट दिशानिर्देश गरिएको छ । ऐनको दफा ३४ मा **क्षतिपूर्ति उपलब्ध नगराइने** अन्तर्गत देहायको अपराध पीडितलाई प्रस्तुत ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध नगराइने व्यवस्था गरिएको पाइन्छ :

- जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूर गर्ने, सोको उद्योग गर्ने, सो कसूर गर्न दुरुत्साहन दिने वा षडयन्त्र गर्ने वा कसूर गर्न सहयोग गर्ने वा सो कसूरमा संलग्न मतियार,
- क्षतिपूर्ति दाबी गर्ने व्यक्ति अन्य कुनै कसूरमा संलग्न भएको बखत वा सोही कारणले निज विरुद्ध कसूर भएकोमा प्रथमस्तरको पीडितको हैसियतमा यस ऐन बमोजिमको क्षतिपूर्ति पाऊँ भनी माग गर्ने,
- कसैको विरुद्ध कसूर गर्न गएका बखत वा सोही कारणबाट मृत्यु भएको व्यक्तिको पारिवारिक पीडित,

- प्रचलित कानून बमोजिम सवारी दुर्घटनाको कारणबाट भएको क्षतिको सम्बन्धमा तेस्रो पक्षको बिमा व्यवस्था अन्तर्गत क्षतिपूर्ति पाउने व्यक्ति, तर मार्ने वा क्षति पुऱ्याउने उद्देश्यले सवारी साधन प्रयोग गरी मारेमा वा क्षति पुऱ्याएमा यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन बाधा नपर्ने,
- प्रथमस्तरको पीडित अन्य कुनै कसूरमा संलग्न भएको जानकारी भएकोमा वा त्यस्तो जानकारी पाउनुपर्ने मनासिब कारण भएको द्वितीयस्तरको पीडित वा पारिवारिक पीडित व्यक्ति, तर जुन कसूरमा क्षतिपूर्ति पाउने हो सो कसूर हुँदा साक्षी रहेको व्यक्तिको हकमा यो व्यवस्था लागू नहुने,
- कसूरको कारणबाट पीडितलाई गर्नु पर्ने उपचार सरकारको तर्फबाट निःशुल्क गरिएको वा सरकारले खर्च व्यहोरेको र पीडितलाई निको हुने सम्भावना भएमा त्यस्तो व्यक्ति, तर चिकित्सकीय परामर्श वा औषधोपचार रकम बाहेक अन्य क्षतिको हकमा क्षतिपूर्ति दिन बाधा नपर्ने,
- प्रचलित कानून बमोजिम कैद सजाय पाई थुनामा रहेको अवधिमा निज विरुद्ध कसूर भएको कारणबाट मानसिक क्षति व्यहोरेको पीडित कैदी, तर प्रचलित कानून बमोजिम लागेको जरिवाना तिर्न नसकेको कारणबाट मात्र कैदमा बस्नु परेकोमा मानसिक क्षति बापत समेत क्षतिपूर्ति दिन बाधा नपर्ने,
- प्रचलित कानून अन्तर्गत राज्य विरुद्धको कसूरमा कसूरदार ठहरिएको व्यक्ति,
- प्रचलित कानून अन्तर्गतको संगठित अपराधमा कसूरदार ठहरिएको व्यक्ति,
- नाबालिग वा मानसिक सन्तुलन नभएको पीडित बाहेक पीडितले आफू विरुद्ध कसूर गर्न उक्साएको वा पीडितको आचरणको कारण निज विरुद्ध भएको कसूरबाट पीडित व्यक्ति,
- कसूरका सम्बन्धमा अनुसन्धान वा अदालती कारबाहीका सम्बन्धमा जाहेरी वा उजूरी नदिने, झुट्टा जाहेरी वा उजूरी दिने, अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग नगर्ने वा कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले बयान, बकपत्र गर्ने वा प्रमाण पेश गर्ने वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष भएको बयान भन्दा अदालतमा प्रतिकूल बयान वा बकपत्र गर्ने व्यक्ति,
- जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूरको सम्बन्धमा नेपाल सरकारको अन्य कुनै स्रोतबाट आर्थिक सहायता वा क्षतिपूर्ति पाएको वा पाउने देखिएको व्यक्ति,
- न्यायको दृष्टिले क्षतिपूर्ति प्रदान गर्न अनुचित देखिएको व्यक्ति,
- क्षतिपूर्ति लिन नचाहेको व्यहोराको निवेदन दिने व्यक्ति,
- पीडितले अदालतको आदेश बमोजिमको जरिवाना, विगो वा अन्य कुनै रकम वा नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने राजश्व वा अन्य रकम तिर्न बुझाउन बाँकी रहेको व्यक्ति,
- झुट्टा उजूरी दिएको ठहर भएमा,
- कसूर हुँदाका बखत पीडित र पीडक दुबै सगोलका परिवारका सदस्य रहेको कारण क्षतिपूर्तिको लाभ पीडकले प्राप्त गर्न सक्ने देखिएमा त्यस्तो पीडित, तर देहायको अवस्थामा यो खण्ड बमोजिम अपराध पीडितलाई क्षतिपूर्ति दिन बाधा नपर्ने व्यवस्था गरिएको छ :

- पीडकको उमेर वा मानसिक अस्वस्थताका कारण निजले प्रचलित कानून बमोजिम आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा,
- त्यस्तो कसूरमा पीडितले कसूरदारबाट क्षतिपूर्ति पाउने कानूनी व्यवस्था नभएको वा भएपनि पीडक वा सगोलका परिवारका नाममा सम्पत्ति नरही वा अन्य कुनै मनासिब कारणले पीडितले पीडकबाट क्षतिपूर्ति पाउने अवस्था नदेखिएकोमा कसूर भइसकेपछि पीडित व्यक्ति पीडक व्यक्ति रहेको सगोलको परिवारबाट मानो छुट्टिई भिन्न बसेको प्रमाणित भएमा, वा जबरजस्ती करणीबाट पीडित महिला वा निजबाट जन्मेको सन्तान ।

ऐनको दफा ३५ मा **क्षतिपूर्ति रकमले पहिलो प्राथमिकता पाउने** अन्तर्गत कसूरदारले अदालतको फैसला बमोजिम जरिवाना, सरकारी बिगो, दशौंद, बिशौंद, दुनियाँको बिगो वा अन्य कुनै रकमका अतिरिक्त पीडितलाई क्षतिपूर्ति समेत बुझाउनु पर्ने भएकोमा कसूरदारबाट असुल उपर भएको रकमबाट सबैभन्दा पहिले यस ऐन बमोजिम पीडितले पाउने क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिइने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३६ मा **सरकारी बाँकी सरह असुलउपर गरीने** अन्तर्गत यस ऐन बमोजिम अदालतले कसूरदारबाट पीडितलाई भराई दिइएको क्षतिपूर्तिको रकम कसूरदारले पीडितलाई उपलब्ध नगराएमा अदालतले कसूरदारको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुलउपर गरी पीडितलाई उपलब्ध गराई दिने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३७ मा **आश्रित सन्तान वा अभिभावकले क्षतिपूर्ति पाउने** अन्तर्गत यस ऐन बमोजिम क्षतिपूर्ति प्राप्त नगदै पीडितको मृत्यु भएमा त्यस्तो क्षतिपूर्तिको रकम निजमा आश्रित सन्तान वा अभिभावकले पाउने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३८ मा **क्षतिपूर्ति बापत पहिले पाएको रकम कट्टा गरीने** अन्तर्गत पीडितलाई यस ऐन बमोजिम क्षतिपूर्ति बापतको रकम भुक्तानी गर्दा निजले पहिले अन्तरिम क्षतिपूर्ति बापत प्राप्त गरेको रकम कटाएर बाँकी रहन गएको रकम मात्र उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

ऐनको दफा ३९ मा **क्षतिपूर्ति रकम पीडित राहत कोषमा दाखिला गरीने** अन्तर्गत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने जानकारी पीडितलाई दिएको मितिले छ महिनासम्म क्षतिपूर्ति लिन नआएमा सो अवधिपछि त्यस्तो क्षतिपूर्ति रकम पीडित राहत कोषमा दाखिला गरीने व्यवस्था गरिएको छ ।

ऐनको दफा ४० मा **क्षतिपूर्ति रकममा अन्य कसैको अधिकार नहुने** अन्तर्गत प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा २९ वा ३० बमोजिम क्षतिपूर्ति स्वरुप पाएको रकम यस ऐन बमोजिम फिर्ता, कट्टा वा असुलउपर हुनेमा बाहेक सो रकममा अरु कसैको अधिकार नहुने व्यवस्था गरिएको छ ।

५. पीडित संरक्षण सुझाव समिति

ऐनको दफा ४४ मा **पीडित संरक्षण सुझाव समिति रहने** अन्तर्गत कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको संयोजकत्वमा पीडित

संरक्षण सुझाव समिति रहने, जसमा नेपाल कानून आयोगका अध्यक्ष, अर्थ मन्त्रालयको सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव, नेपाल प्रहरीको प्रहरी महानिरीक्षक र पीडित न्यायशास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको एक जना विज्ञ सदस्य व्यवस्था गरिएको छ ।

ऐनको दफा ४५ मा **पीडित संरक्षण सुझाव समितिको काम** अन्तर्गत उक्त समितिको काम पीडितको हक हितको संरक्षणको लागि विद्यमान कानूनमा गर्नु पर्ने सुधार तथा परिमार्जनका विषयमा नेपाल सरकारलाई सुझाव दिने, पीडितको सुरक्षा तथा पीडितले कसूरको कारणबाट बेहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नको लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिगत उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, पीडितको अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिश गर्ने र पीडित आवश्यकता पहिचान गरी आवश्यकता अनुसारको खास सेवा संचालन गर्न नेपाल सरकारलाई सुझाव दिने रहेको छ । नेपाल सरकारले पीडित संरक्षण समितिको सुझावलाई समेत विचार गरी कसूर पीडितको सुरक्षा, हक हितको संरक्षण एवं कसूरको कारणबाट पीडितले व्यहोरेको वा व्यहोर्ने क्षति, प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि आवश्यकता अनुसार उद्धार, सामाजिक पुनःस्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक, कानूनी सहायता लगायतका सेवा संचालन गर्ने व्यवस्था गरिएको छ ।

६. विविध

ऐनको दफा ४७ मा **पीडित राहत कोषबाट उपलब्ध गराइने** अन्तर्गत पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति र अन्य कुनै कारणले आपराधिक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट भएको कुनै कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई पीडित राहत कोषबाट मनासिब माफिकको रकम क्षतिपूर्ति उपलब्ध गराइने व्यवस्था रहेको छ ।

ऐनको दफा ४८ मा **क्षतिपूर्तिको दावी लिनु पर्ने** अन्तर्गत कुनै कसूरमा अभियोजन गर्दा प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दावी लिनु पर्नेछ व्यवस्था रहेको छ । सरकारी वकील वा अभियोजनकर्ताले कुनै पनि फौजदारी मुद्दाको अभियोजन गर्दा प्रस्तुतम विषयमा विशेषा सतर्कता अपनाउनु पर्ने देखिन्छ ।

ऐनको दफा ४९ मा **सूचना उपलब्ध गराउनु पर्ने** अन्तर्गत यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीलाई त्यस्तो विषयको काम कारबाहीमा संलग्न रहेका वा त्यस्तो सूचनाको अभिलेख राख्ने वा त्यस्तो सूचनामा पहुँच भएका सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो सूचना यथाशीघ्र उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।

ऐनको दफा ५० मा **पेशीको सूचना दिने** अन्तर्गत अदालतले कसूर सम्बन्धी मुद्दामा कम्तीमा सात दिन अघि नै पेशीको सूचना सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनु पर्ने र त्यसरी सूचना प्राप्त गरेपछि सरकारी वकील कार्यालयले सम्भव भएसम्म सम्बन्धित पीडितलाई यथाशीघ्र पेशीको जानकारी दिनु पर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ५१ मा **पीडितलाई सूचना दिने तरिका** अन्तर्गत यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएका सम्बन्धित निकाय वा अधिकारीले आवश्यकता अनुसार लिखित, मौखिक, टेलिफोन वा अभिलेखमा रहने गरी विद्युतीय माध्यमबाट समेत सूचना दिन सक्ने व्यवस्था गरिएको छ ।

त्यसका साथै ऐनको दफा ५३ र ५४ मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले पीडित संरक्षण सुझाव समितिसँग परामर्श गरी आवश्यक नियम बनाउन र ऐन र नियमावलीको अधीनमा रही पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्देशिका बनाउन सक्ने व्यवस्था रहेको छ ।

(ख) बालबालिका सम्बन्धी ऐन, २०७५

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी थुप्रै व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा ७ मा संरक्षणको अधिकार, दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा सूचनाको अधिकार, दफा ११ मा गोपनीयताको अधिकार, दफा १८ मा विशेष संरक्षण र संरक्षण समेतका विषयमा राज्यको दायित्व, दफा ३५ मा बन्द इजलासको व्यवस्था, दफा ३९ मा पुनर्स्थापकीय न्यायको मान्यता अनुकूल बाल न्याय सम्पादन गर्नु पर्ने व्यवस्थाका साथै दफा २५ मा **पीडित बालबालिकाका अधिकार** अन्तर्गत अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा बालअनुकूल न्यायको अधिकार, जानकारी पाउने, सहभागी वा संलग्न हुने, परिचयात्मक विवरण गोप्य राख्न पाउने, पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, अलग्गै कानून व्यवसायी राख्न पाउने, निःशुल्क दोभाषे, सांकेतिक भाषाविज्ञ वा अनुवादकको सुविधा पाउने, कागजातको प्रतिलिपि निःशुल्क पाउने, पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने, बन्द इजालसमा मुद्दाको सुनुवाइ हुने, कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने अधिकारको व्यवस्था गरिएको छ । त्यसैगरी ऐनको दफा ५० मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था गर्दै सोको उपदाफा (८) मा बाल कल्याण अधिकारीले अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्ने, दफा ६३ मा बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्न बालकोषको व्यवस्था र दफा ६९ मा तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्ने, दफा ७३ मा क्षतिपूर्ति तथा राहत दिनु पर्ने र दफा ७८ मा बालबालिकाको गोपनीयता कायम राख्नु पर्ने समेतका व्यवस्था गरिएको छ ।

(ग) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा १९ मा **क्षतिपूर्तिलाई असर नपर्ने गरी जरिवाना निर्धारण गर्नु पर्ने**, ४१ मा **क्षतिपूर्ति भराई दिनु पर्ने** अन्तर्गत कुनै कसूरको परिणाम स्वरुप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति बापत अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई दिनु पर्ने, कसूरको परिणाम स्वरुप पीडितलाई चोटपटक लागेको वा अङ्गभङ्ग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएकोमा सद्गत खर्च एवं काजक्रिया खर्च समेत भराई दिनुपर्ने, पीडितको क्षति

भएको सम्पत्ति वा वस्तु यथास्थितिमा नै फिर्ता गराइदिनु पर्ने, क्षतिपूर्ति भराउँदा नगर वा जिन्सी वा दुवै भराउन सकिने र कसूरबाट पीडितको मृत्यु भैसकेको अवस्थामा निजको आश्रित हकवालालाई क्षतिपूर्ति भराई दिनु पर्ने, दफा ४५ मा **क्षतिपूर्ति नतिरे कैद हुने** व्यवस्था गरिएको पाइन्छ । त्यसैगरी ऐनको दफा ४८ मा **पीडित राहत कोष खडा गर्नु पर्ने** अन्तर्गत कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष नामक एक कोष खडा गरीने, त्यसरी खडा भएको कोषमा अदालतको फैसला बमोजिम जरिबाना बापत असूलउपर भएको वा अपराध संहिता बमोजिम कैद बस्नु पर्ने कसूरदार कैद नबसी कैद बापत जरिबाना तिरेको रकममध्ये पचास प्रतिशत रकम नेपाल सरकारले जम्मा गर्नु पर्ने, त्यस्तो रकम बाहेक कानून बमोजिम व्यवस्था भएको रकम वा नेपाल सरकारबाट वा अन्य कुनै स्रोतबाट प्राप्त भएको रकम समेत उक्त कोषमा जम्मा हुने र उक्त कोषको सञ्चालन, पीडितको वर्गीकरण, कोषबाट पीडितलाई दिइने राहत रकमको आधार, त्यस्तो रकमको हद तथा वितरण प्रक्रिया सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ ।

(घ) बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा २ मा पीडक र पीडितको परिभाषा, दफा ६ मा पीडित, निजको परिवार तथा अन्य व्यक्तिलाई आवश्यक परेमा तत्काल सुरक्षाको उचित प्रबन्ध प्रहरीले गर्नु पर्ने, दफा ९ मा पीडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न सक्ने, दफा १० मा अदालतले पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने, दफा १२ मा अदालतले पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति, उपचार खर्च र कुरुवा खर्च समेत भराई दिन सक्ने, दफा १४ मा पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्नु परेमा प्रहरीले नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था गर्नु पर्ने र दफा १८ मा पीडितले माग गरेमा प्रस्तुत कसूर सम्बन्धी मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरीने समेतको व्यवस्था गरिएको छ ।

(ङ) संगठित अपराध निवारण ऐन, २०७०

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा १० मा सरकारी, सार्वजनिक वा निजी सम्पत्तिको क्षति भएको रहेछ भने कसूरदारबाट क्षतिपूर्ति भराउनु पर्ने, दफा ३४ मा सुराकी, उजूरीकर्ता वा साक्षीलाई श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न वा अभियुक्तले नदेख्ने गरी निजको बकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न वा अदालत बाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सकिने, दफा ३५ मा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गराउन सकिने, दफा ३६ मा सुराकी, उजूरीकर्ता वा साक्षीलाई अभियुक्तले जिरह वा प्रश्न गर्न नसक्ने समेतको विशेष व्यवस्था गर्न सक्ने, दफा ४२ मा बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने, दफा ५३ मा सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था गर्ने, दफा ५४ मा दोभाषे वा अनुवादक राख्न सक्ने, दफा ५६ मा छुट्टै कानून व्यवसायी राख्न सक्ने समेतका व्यवस्था गरिएको छ ।

(च) जातीय भेदभाव तथा छुवाछूत (कसूर तथा सजाय) ऐन, २०६८

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा ९ मा प्रस्तुत ऐन बमोजिम कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिनु पर्ने र उपचार खर्च, थप हानि नोक्सानी बापत मनासिक रकम भराउने आदेश दिनु पर्ने व्यवस्था गरिएको छ ।

(छ) घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा २ मा शारीरिक, मानसिक, आर्थिक, यौनजन्य यातना, पीडित, पीडक समेतको परिभाषा, दफा ४(७) मा उजूरी प्रारम्भिक छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षाको व्यवस्था गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सहयोग मिलाउनु पर्ने, दफा ६ मा अदालतले पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने, दफा ६क मा पीडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न सक्ने, दफा ७ मा पीडितले अनुरोध गरेमा प्रस्तुत कसूरको मुद्दा अदालतले बन्द इजलासमा गर्नु पर्ने, दफा ९ मा उपचारको रकम पीडकले व्यहोर्ने, दफा १० मा अदालतले पीडकबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिन सक्ने, दफा ११ र १२ मा पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा बस्नको लागि सेवा केन्द्र र सेवा कोषको व्यवस्था गर्ने, दफा १२क मा पीडितलाई संरक्षण गर्ने काम समेतको लागि संरक्षण अधिकृत तोक्ने समेतको व्यवस्था गरिएको छ ।

(ज) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रस्तुत ऐनमा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा २ मा पीडित र शोषणको परिभाषा, दफा ६ मा अपराध पीडितको बयान तत्कालै प्रमाणित गराउनु पर्ने, दफा १० मा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्ने, दफा ११ मा पीडितले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने, दफा १२ मा कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्ने, दफा १३ मा पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनःर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले पुनस्थापना केन्द्र स्थापना गर्ने, दफा १४ मा पुनःर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनःर्स्थापन कोष स्थापना गर्ने, दफा १७ मा अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने, दफा २५ मा कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न नहुने, दफा २६ मा उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्र वा महिला मानव अधिकार रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध

गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा–जाँदा सुरक्षा दिने, निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने, पुनस्थापना केन्द्रमा राख्ने मध्ये कुनै वा सबै व्यवस्था गरीदिनु पर्ने, दफा २६क मा साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने र दफा २७ मा बन्द इजलासमा कारबाही हुने समेतका व्यवस्था गरिएको छ ।

(झ) प्रमाण ऐन, २०३१

प्रस्तुत ऐनमा अपराध पीडितलाई प्रमाणको रुपमा पेश गर्दा निजको मौकाको कागज, विभिन्न मुचुल्कामा निजको सहभागिता, निजको मौकाको बयान वा निजको अदालत समक्षको बयानको क्रममा निजले दिएको अभिव्यक्तिको प्रमाणिक महत्वका सम्बन्धमा केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये ऐनको दफा १० मा मौकामा व्यक्त गरेको कुरा, दफा ११ मा मरेको व्यक्तिले होस छदै व्यक्त गरेको कुरा, दफा १२ मा खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुरा, दफा ३७(२) मा मौखिक प्रमाण प्रत्यक्ष हुनु पर्ने, दफा ३८ मा साक्षी हुन सक्ने व्यक्ति, दफा ३९ मा बोल्न नसक्ने व्यक्तिको गवाही, दफा ४७ मा साक्षीले जवाफ दिन कर लाग्ने, दफा ४८ मा साक्षी पेश गर्ने र बकाउने, दफा ४९ मा साक्षी बकाउँदाको कार्यविधि, दफा ५० मा सोधपुछ र जिरह, दफा ५१ मा साक्षीसँग अनुचित प्रश्न सोध्न अदालतले मनाही गर्न सक्ने, दफा ५३ मा अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्ने समेतका व्यवस्था गरिएको छ ।

(ञ) अपराध पीडितले क्षतिपूर्ति पाउने सम्बन्धी अन्य केही ऐनका व्यवस्था

- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३६(३),(४),(५)
- उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५०,५१,५२
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३३
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार सम्बन्धी ऐन, २०६३ को दफा ७६
- प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७(२),२८
- सवारी तथा यातायात व्यवस्था ऐन, २०५९ को दफा १२९,१३३(१),१६३, १६५(५)
- यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ३,६,८

त्यसैगरी बेपत्ता पारीएका व्यक्तिहरुको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा दफा १७ मा अदालतमा साक्षी उपस्थित हुँदा वा बकपत्र पछि घर फर्कदा तथा निजको एवं परिवारका सदस्यको सुरक्षाको प्रबन्ध प्रहरीले गर्नु पर्ने व्यवस्था गरिएको छ ।

(ट) मुलुकी अपराध संहिता, २०७४

प्रस्तुत संहितामा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये संहिताको दफा ३२ मा फौजदारी न्यायको सामान्य सिद्धान्तको रुपमा **अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने** अन्तर्गत अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक तथा कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने व्यवस्था गरिएको छ । त्यस्तै ऐनको दफा

४० मा सजायको प्रकार अन्तर्गत क्षतिपूर्ति र क्षतिपूर्ति नतिरे बापतको कैद, दफा ४८ मा अन्तरिम क्षतिपूर्तिका लागि आदेश दिन सक्ने अन्तर्गत पीडित व्यक्ति तथा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गर्नु पर्ने भएमा, क्षतिपूर्ति वा राहत रकम दिनु परेमा अभियोग लागेको व्यक्तिलाई अदालतले आदेश दिन सक्ने । निजले उपलब्ध गराउन नसकेमा पीडित राहत कोषबाट उपलब्ध गराउने आदेश दिन सक्ने व्यवस्था गरिएको छ । त्यस बाहेक संहिताको विभिन्न दफाहरुमा पीडितले अदालतबाट क्षतिपूर्ति सहितको न्याय पाउने (क्षतिपूर्ति /बिगो भराउने) देहायका प्रावधानहरुको व्यवस्था गरिएको छ :

प्रस्तुत संहिताको भाग२ - अन्तर्गतका कसूरहरुमा जस्तैः

परिच्छेद २ - सार्वजनिक शान्ति विरुद्धको कसूर- दफा ७३(३)

परिच्छेद ४ - सार्वजनिक न्याय विरुद्धको कसूर- दफा ९८(३)

परिच्छेद ५ - सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर- दफा १२७

परिच्छेद ६ - हातहतियार तथा खरखजाना सम्बन्धी कसूर-दफा १३६

परिच्छेद ७ - विष्फोटक पदार्थ सम्बन्धी कसूर- दफा १४५

परिच्छेद ८ - राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर- दफा १५३

परिच्छेद १०- भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर- दफा १६९

परिच्छेद १२ -ज्यान सम्बन्धी कसूर- दफा १८६

परिच्छेद १४- कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर-दफा १९८

परिच्छेद १५ - गैरकानूनी थुना सम्बन्धी कसूर- दफा २०४

परिच्छेद १६ - व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर- दफा २०८

परिच्छेद १७ - अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर- दफा २१७

परिच्छेद १८ - करणी सम्बन्धी कसूर- दफा २२८

परिच्छेद १९ - इलाज सम्बन्धी कसूर- दफा २३९

परिच्छेद २० - चोरी तथा डाँका सम्बन्धी कसूर- दफा २४६(क),२४७(बिगो) समेत

परिच्छेद २१- ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर- दफा २५४

परिच्छेद २५ - लिखत सम्बन्धी कसूर- दफा २८

परिच्छेद २६- आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर- दफा २८५(४),२८६(३)

प्रस्तुत संहिताको भाग ३ - अन्तर्गतका कसूरहरुमा जस्तैः

परिच्छेद १- गोपनीयता विरुद्धका कसूर- दफा ३०३

परिच्छेद २- गाली बेइज्जती सम्बन्धी कसूर- दफा ३०७ (२),(३)

(ठ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

प्रस्तुत संहितामा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये संहिताको दफा २१(१) मा कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नु परेमा पाएसम्म महिला चिकित्सकद्वारा र महिला चिकित्सक उपलब्ध नभएमा महिलाको रोहवरमा पुरुष चिकित्सकद्वारा जाँच गराउनु पर्ने, दफा ३२(१) र (६) मा पीडितलाई भराउनु पर्ने क्षतिपूर्तिको दाबी अभियोग पत्रमा लिनुपर्ने, मुद्दा नचल्ने निर्णय भएकोमा सोको सूचना जाहेरवाला वा पीडितलाई सरकारी वकीलले अनुसन्धान अधिकृत मार्फत दिनु पर्ने, दफा ४१ मा कुनै कसूरको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले सोको कारण सहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशीघ्र दिनु पर्ने, दफा ५२(६) र ५३ मा कसूरबाट हुन गएको क्षति पूर्तिको लागि पीडित वा हकवाला समेतले छुट्टै उजूरी दिन सक्ने, दफा १०९ मा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सक्ने, दफा ११३ मा साक्षीलाई दैनिक तथा भ्रमण भत्ता र सुरक्षा दिनु पर्ने, दफा ११४ मा साक्षी वा पीडितको संरक्षण गर्ने, दफा १२९ मा संवेदनशील पीडित भएका जासुसी, मानब बेचबिखन तथा ओसारपसार, यौनजन्य कसूर, बालबालिका अभियुक्त वा पीडित भएका मुद्दा, महिला विरुद्धको हिंसा, जबरजस्ती करणी, हाडनाता करणी आदि मुद्दा बन्द इजलासमा सुनुवाइ हुने, दफा १६५ मा अभियुक्तले क्षतिपूर्ति नतिरे कैद गराउन पाउने, दफा १७४ मा अनुवादकको सहयोग लिन सक्ने, दफा १८३ मा पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने अन्तर्गत कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत अदालतलाई अनुरोध गर्न सक्ने, त्यसरी अनुरोध भएकोमा अदालतले त्यस्तो विवरण गोप्य राख्न आदेश दिन सक्ने र त्यसरी गोप्य राखीएको विवरण सम्बन्धित मुद्दाको सुनुवाइका बखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेश बमोजिम काल्पनिक नाम, थर, वतन वा बाबुको काल्पनिक नाम राखी प्रकाशन गर्नु पर्ने र दफा १८४ मा अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने व्यवस्था गरिएको छ ।

(ड) अपराध पीडितको संरक्षण सम्बन्धी विभिन्न नियमावली र निर्देशिकाका व्यवस्था

माथि उल्लेख भए बाहेक अपराध पीडितको संरक्षणका सम्बन्धमा विभिन्न नियमावलीहरु र निर्देशिकाहरुमा पनि केही व्यवस्था गरिएको पाइन्छ, जसको संक्षेपमा चर्चा तलका अनुच्छेदहरुमा गरिएको छ ।

फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये नियम ३ मा कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिएको, नियम ५ मा कोषको सञ्चालन समितिको गठन, नियम ६ मा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार, नियम ८ मा जिल्ला अदालतलाई समितिले रकम उपलब्ध गराउने, नियम १० मा अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति प्राप्त गर्न निवेदन दिनु पर्ने, नियम ११ मा अभियुक्त पत्ता नलागेको कारण मुद्दा दायर हुन नसकेका पीडितलाई राहत उपलब्ध गराउनु पर्ने, नियम १२ मा अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने, नियम १३ मा कसूरदारबाट क्षतिपूर्ति रकम असूल उपर गर्ने, नियम १७ मा पीडितलाई दिइने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकमको हद र आधार, नियम १८ मा तत्काल रकम उपलब्ध गराउनुपर्ने, नियम १९ मा थप रकम निकाशा गर्न सक्ने, नियम २१ मा कसूरदारले रकम कोषमा जम्मा गर्नु पर्ने, नियम२३ मा बैंक खातामा रकम उपलब्ध गराउने समेतको व्यवस्था गरिएको छ ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये नियम ६ मा क्षतिपूर्ति भराउने प्रक्रिया र नियम ७ मा जायजातको कार्यविधि समेतको व्यवस्था गरिएको छ ।

कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये नियम २१(२)(छ)मा अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई धरौटी, जमानत, हाजिर जमानी वा तारेखमा छोड्दा कसूरबाट पीडितलाई पुगेको क्षति समेतलाई विचार गरी धरौट वा जमानत वा बैंक ग्यारेन्टी रकम तोक्नुपर्ने समेतका व्यवस्था गरिएको छ ।

मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये नियम ११(४) मा अभियोगपत्रमा कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराउने दाबी लइएकोमा क्षतिको स्पष्ट विवरण र प्रकृति उल्लेख गरी क्षतिपूर्ति भराउने प्रयोजनका लागि सम्बन्धित प्रतिवादीको हक पुग्ने सम्पत्तिको विवरण समेत खुलाउनु पर्ने, नियम ११(५) मा क्षतिपूर्ति सम्बन्धी अभियोग दावी पुग्ने अवस्था देखिएमा क्षतिपूर्ति भराउनका लागि आवश्यक पर्ने हदसम्मको सम्पत्ति अभियोगपत्र दर्ता हुनासाथ अदालतले रोक्का राख्न आदेश दिन सक्ने, नियम११(६) मा पीडितले सरकारी वकील कार्यालय मार्फत प्रतिवादीको कुनै सम्पत्ति देखाई रोक्का राख्न निवेदन दिएमा र दावी पुग्ने अवस्था देखिएमा प्रतिवादीहरुको माग दावीको हदसम्मको सम्पत्ति अदालतले रोक्का राख्ने आदेश दिनसक्ने, नियम १७ मा विगो तथा क्षतिपूर्तिको लागि पीडितको तर्फबाट दायर हुने मुद्दाको कार्यविधि, नियम ६१ मा साक्षी तथा पीडितको संरक्षण सम्बन्धी व्यवस्था अन्तर्गत आफ्नो सुरक्षामा खतरा रहेको कारण देखाई सुरक्षा प्रबन्ध गरीदिन पीडित वा साक्षीको तर्फबाट परेको निवेदनमा उल्लेख गरेको कारण मनासिब देखिएमा अदालतले पीडित वा साक्षीलाई अदालताबाट निजको बसोबास रहेको स्थानसम्म पुऱ्याउने प्रबन्ध मिलाउने, संरक्षण गृह वा त्यस्तै प्रकारका संस्थामा सुरक्षित रुपमा बसोबास गर्ने प्रबन्ध मिलाउने, बासस्थानको सुरक्षा गर्ने, पीडित तथा साक्षीको सुरक्षामा खलल पुऱ्याउने व्यक्तिलाई आवश्यक कानूनी कारबाही गर्ने, पीडित तथा साक्षीलाई सुरक्षित राख्न अन्य आवश्यक व्यवस्था गर्ने गरी सम्बन्धित निकायलाई आदेश दिन सक्ने, नियम ६३ मा बन्द

इजलासबाट हेरिने मुद्दाको गोपनीयता, नियम ६४ मा कसूरबाट पीडित वा साक्षीको व्यक्तिगत परिचय गोप्य राख्ने, नियम ६५ मा बालबालिकाको व्यक्तिगत परिचय गोप्य राख्ने, नियम ९६ मा मुद्दामा लगातार कारबाही र सुनुवाइ गरीने लगायतका व्यवस्था गरिएको पाइन्छ ।

जिल्ला अदालत नियमावली,२०७५ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये अदालतको फैसलाले लागेको दण्ड, जरिबाना,सरकारी बिगो र कैदको लगत राखी असुल तहसित गर्ने,फैसला बमोजिम बिगो भराउने लगायतका फैसला कार्यान्वयन गर्नुपर्ने काम तहसिल शाखाले गर्ने समेतका व्यवस्था गरिएको छ ।

अदालत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ मा पनि अपराध पीडितको संरक्षण सम्बन्धी केही व्यवस्था गरिएको पाइन्छ । जसमध्ये परिच्छेद ७ मा अपराध पीडित तथा साक्षीको संरक्षण सम्बन्धी, परिच्छेद ८ मा पीडित वा साक्षीको परिचयको गोपनीयता सम्बन्धी, परिच्छेद ९ मा बन्द इजलास सम्बन्धी र परिच्छेद १० मा श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) सम्बन्धी व्यवस्था गरिएको छ ।

त्यस बाहेक बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ मा पनि अपराध पीडितका सम्बन्धमा केही व्यवस्था गरिएको छ ।

६. न्यायिक दृष्टिकोण र त्यसको विश्लेषण

अपराध पीडितको संरक्षणका सम्बन्धमा नेपालको सर्वोच्च अदालतबाट पनि विभिन्न सिद्धान्त प्रतिपादन भएको पाइन्छ । ती मध्ये केही महत्वपूर्ण न्यायिक दृष्टिकोण र सोको संक्षिप्त विश्लेषण निम्न बमोजिम रहेका छन् :

१. मुस्ताक महमदको जाहेरीले नेपाल सरकार विरुद्ध मुन्ना मिया अन्सारी भन्ने गुलाव मिया समेत, मुद्दा नाबालकसँग अप्राकृतिक मैथुन (जबरजस्ती करणी)[३]

क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था मानसिक, शारीरिक, भौतिक, सामाजिक रूपमा क्षति पुगेको व्यक्तिलाई त्यस्तो क्षतिको मूल्यबापत भराइ दिने आर्थिक मूल्य (Financial Compensation) वा अन्य परिपूरण (Reparation) भराइ दिने व्यवस्था हो । कानूनले प्रस्टसँग पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था गरेको अवस्थामा प्रतिवादीहरू नाबालक भएको कारण यसबाट पीडित अर्को नाबालकलाई क्षतिपूर्ति नभराउने हो भने संविधानको धारा १८(१) मा उल्लिखित कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरीने छैन भन्ने समानताको हक समेतको प्रतिकूल भई पीडितलाई अन्यायमाथि थप अन्यायको स्थिति पैदा हुन जाने । क्षतिपूर्तिलाई कैद र जरिवाना सरहकै सजायको रूपमा राखी प्रतिवादीले क्षतिपूर्ति नतिरे सो बापत निजले कैद समेत बस्नु पर्ने हुन्छ भन्ने व्याख्या गरी पीडित हुन पुगेका बालकलाई निजको कानून बमोजिमको क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न मनासिब नहुने । प्रतिवादीहरूका नाउँमा कुनै सम्पत्ति नभए निजहरूका आमा बुबाका नाउँमा रहेको निजहरूको अंश भागमा पर्न आउने सम्पत्तिबाट पीडितले क्षतिपूर्ति भराइ पाउने र सो अवस्था नभए कानून बमोजिम खडा भएको पीडित राहत कोषबाट क्षतिपूर्ति पाउने ।

३ ने.का.प. २०७६, अंक ९, नि.नं. १०३६१ ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा क्षतिपूर्तिलाई कैद र जरिवाना सरहकै सजायको रुपमा स्वीकार गर्दै पीडित नाबालकलाई पनि मानसिक, शारीरिक, भौतिक, सामाजिक रूपमा क्षति पुगेको अवस्थामा अन्याय माथि थप अन्याय हुन नदिन कानून बमोजिम आर्थिक मूल्य र अन्य परिपूरण भराइदिने व्यवस्था गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन अपराध पीडितको संरक्षणका सन्दर्भमा अत्यन्त सकारात्मक देखिन्छ ।

२. गीता सुनार समेतको जाहेरीले नेपाल सरकार विरूद्ध विष्णु काप्री समेत, मुद्दा कर्तव्य ज्यान[४]

ठगीको आरोप लागेका सानु सुनारलाई निजको व्यक्तिगत अधिकार, स्वास्थ्य स्थिति र अवस्थाको ख्यालै नगरी हिरासतमा गरीएका व्यवहार समेतबाटै निज मृत्युको मुखसम्म पुगेको यथार्थ अवस्था देखिएकोले दोषीले सजाय, निर्दोषले सफाइ तथा पीडितले न्याय पाउने सुनिश्चितता हुने गरी अनुसन्धान, प्रमाण सङ्कलन, अभियोजन र अभियोजनलाई समर्थन गर्ने प्रमाण जुटाउनको लागि आधुनिक अनुसन्धान पद्धतिको प्रयोग, कानून र तथ्यको विश्लेषण एवं मानव अधिकारको संरक्षण गर्न सक्ने अपराध अनुसन्धान सम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति रहने छुट्टै प्रहरी समूह गठन गर्नेतर्फ सम्बन्धित अनुसन्धान निकाय र अभियोजन पक्षको ध्यानाकर्षण गराउने । हिरासतमा रहेका व्यक्तिको मृत्यु भएको र फितलो तथा कमजोर अनुसन्धानको कारण कसूरदारले उन्मुक्ति पाएकै आधारमा पीडितले क्षतिपूर्तिसहितको पूर्ण न्याय पाउने हकबाट वञ्चित हुनु न्यायोचित मान्न सकिँदैन । पीडितलाई न्यायको अनुभूति गराउन राज्यले केही जिम्मेवारी लिनै पर्ने हुन्छ । प्रतिवादीले सजाय भोग्ने विषय पीडकको अनिवार्य दायित्व हो भने पीडितले क्षतिपूर्ति पाउने विषय पीडितलाई न्यायको अनुभूति गराउने परिपूरणको एउटा माध्यम हो । क्षतिपूर्ति पीडकबाट भराउन नसकिने अवस्थामा त्यसको दायित्व राज्यले लिनुपर्ने कुरा लोक कल्याणकारी राज्य तथा नागरिकप्रति उत्तरदायी सरकारको दायित्व पनि हो । यसबाट नागरिकले राज्य हाम्रो अभिभावक हो भन्ने महसुस गर्न सक्ने । पीडितको मृत्यु भइसकेको अवस्थामा निजमा आश्रित निजका परिवारले राज्यका तर्फबाट केही न केही राहत अनुभूति गर्न पाउनु पर्छ । प्रस्तुत मुद्दामा कमजोर अनुसन्धान भएको भन्ने कुरा राष्ट्रिय मानव अधिकार आयोग र स्वयं प्रहरी संगठनबाट गठित समितिका प्रतिवेदनबाटै प्रस्ट देखिन्छ । यस अवस्था र परिवेशमा हिरासतमै रहेका व्यक्तिको मृत्यु भएकोमा पीडितका आश्रित प्रति संरक्षकत्वको भूमिकाबाट राज्य पन्छिन वा विमुख रहन मिल्ने देखिँदैन । तसर्थ मृतकको नजिकको हकवालालाई बैंक खाता खोल्न लगाई सो खातामार्फत पीडित राहत कोष वा त्यस्तै प्रकारको सरकारी कोषबाट राहत स्वरूप सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उचित क्षतिपूर्ति उपलब्ध गराउनु भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा निर्देशात्मक आदेश समेत जारी हुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा प्रतिवादीले सजाय भोग्ने विषय पीडकको अनिवार्य दायित्व भएको र पीडितले क्षतिपूर्ति पाउने विषय पीडितलाई न्यायको अनुभूति गराउने परिपूरणको एउटा माध्यम भएको साथै पीडकबाट क्षतिपूर्ति भराउन नसकिने अवस्थामा पनि राज्यले त्यसको दायित्व लिनुपर्ने कुरा लोक कल्याणकारी राज्य तथा नागरिकप्रति उत्तरदायी सरकारको दायित्व र मानव अधिकार संरक्षणको विषय भएको जसबाट नागरिकले राज्य हाम्रो अभिभावक हो भन्ने महसुस

४ ने.का.प. २०७५, अंक ११, नि.नं. १०१४४ ।

गर्न सक्ने सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन अपराध पीडितको संरक्षणका सन्दर्भमा अत्यन्त सकारात्मक देखिन्छ ।

३. निवेदक राधाकृष्ण बानिया विपक्षी जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोक समेत[५]

मुद्दा नचलाउने निर्णय गर्दा पीडितलाई परेको क्षति तथा राहत सम्बन्धमा पनि कुनै कुरा उल्लेख नगरिएको देखिएकोले सरकारवादी हुने फौजदारी मुद्दा नचलाउने निर्णय गर्दा वारदातबाट पीडित पक्षलाई न्याय हुने गरी राहत तथा क्षतिपूर्ति सम्बन्धमा आवश्यक विचार गरेर राजनीतिक लगायत अन्य प्रभावबाट मुक्त रही मात्र मुद्दा नचलाउने निर्णय गर्नु भनी महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा सरकारवादी हुने फौजदारी मुद्दा नचलाउने निर्णय गर्दा अपराध पीडितलाई न्याय हुने गरी राहत र क्षतिपूर्ति सम्बन्धमा विचार गरी जुनसुकै प्रभावबाट मुक्त रही मुद्दा नचलाउने निर्णय गर्नु भनी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला मुद्दा नचल्ने स्थितिमा पनि अपराध पीडितको संरक्षण गर्नुपर्ने सम्बन्धमा अत्यन्त सकारात्मक देखिन्छ ।

४. परिवर्तित नाम W को जाहेरीले नेपाल सरकार विरुद्ध तेज बहादुर थारु, मुद्दा जबरजस्ती करणी[६]

प्रतिवादीबाट पीडितलाई के कति क्षतिपूर्ति भराई दिने भन्ने कुरा अदालतको jurisdiction भएपनि अभियोगपत्रमा क्षतिपूर्ति समेतको माग गर्ने legal duty वादी नेपाल सरकारको हो । एकातिर यसरी वादी नेपाल सरकारले क्षतिपूर्तिको माग गरेको देखिँदैन भने अर्कोतिर प्रतिवादीको बयान हेर्दा प्रतिवादीको आफ्नो कुनै जग्गा जमिन, आयस्रोत र घरबाससमेत केही नभई गाईवस्तु चराउने समेतको काम गरी अर्काको घरमा बसेको देखिन्छ । प्रतिवादीले आरोपित कसूर गरेको अवस्थामा जबरजस्ती करणीको महलको १० नं. र १० (ग) नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराउनु पर्ने हो । तर कुनै प्रकारको सम्पत्ति र आयस्रोतसमेत नभएको प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने गरी फैसला गर्दा त्यो औचित्यपूर्ण र कार्यान्वयनयोग्य नहुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा अभियोगपत्रमा क्षतिपूर्ति समेतको माग गर्ने कानूनी दायित्व नेपाल सरकारको हुने तर्फ सजग गराएको देखिए तापनि संविधानले प्रत्याभूत गरेको क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने अपराध पीडितको मौलिक हक प्रदान गर्न इन्कार गरिएको कार्यलाई भने सकारात्मक मान्न सकिदैन ।

५. प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार विरुद्ध नाइजेरियन नागरिक Obunneme Michael Ozor, मुद्दा लागू औषध सेतो हेरोइन[७]

आफू विरूद्ध लागेको अभियोग, कसूरका बारेमा जानकारी उपलब्ध गराउनु राज्यको प्राथमिक दायित्व हुन आउने । विदेशी नागरिकका हकमा भाषागत कठिनाइका कारण हुन सक्ने कठिनाइले न्यायिक प्रक्रियालाई नै कमजोर गराउन सक्ने हुन्छ । न्यायिक प्रक्रियाभित्र ल्याउन यस्ता विदेशी

५ २०७१-wo-०३४५ फैसला मिति २०७५।०८/०४ ।

६ ने.का.प. २०७४, अंक १, नि.नं. ९७४६ ।

७ ने.का.प. २०७२, अंक ५, नि.नं. ९४००, पृ. ८३८ ।

नागरिकलाई पक्राउ गर्दा, अभियोजन गर्दा तथा निज विरूद्ध भएको जुनसुकै न्यायिक कारवाहीमा निजलाई सोधपुछ, निजको बयान तथा निजउपरको न्यायिक दायित्व वहन गराउन समेतका लागि निजले बुझ्न सक्ने दोभाषे समेतको व्यवस्था गर्न अनुसन्धान निकाय अभियोजनको निकाय एवम् यस अदालत र मातहतका सबै अदालतहरूमा यथासम्भव प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिहरूको सूची तयार पारी नियमित वा पटके जुनरूपमा व्यवस्था गर्न व्यावहारिक र सम्भव हुन्छ सोहीरूपमा आवश्यकता अनुसार सेवा लिने र सेवा उपलब्ध गराउने नीतिगत र कार्यगतरूपमा निश्चित व्यवस्था अविलम्ब गराउनु, भाषागत एवम् भाषा जान्ने व्यक्तिको सेवा लिनुपर्ने स्थानको क्षेत्रगत आधारमा दोभाषेहरूको सूची तयार गरी राख्ने व्यवस्था गर्नु, दोभाषेको सेवा लिने गर्दा त्यस्तो दोभाषे छनौट गर्ने, सेवा लिए बापतको शुल्क वा पारिश्रमिक दिने व्यवस्था, दोभाषेको जवाफदेहिताको अतिरिक्त दोभाषेको सेवालाई नियमित बनाउन आवश्यक निर्देशिका सहितको व्यवस्था गर्नु र तत्कालको लागि कम्तीमा अङ्ग्रेजी विषयमा स्नातक उत्तीर्ण गरेको दोभाषे समेत नियुक्त गर्न जो चाहिने आवश्यक प्रबन्ध गर्नु भनी प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय एवम् यस अदालतका रजिस्ट्रारको नाउँमा निर्देशन समेत जारी हुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा मुद्दाको कारबाहीको जानकारी र दोभाषेको व्यवस्था गर्नुपर्ने मान्यतालाई आत्मसात गर्दै सो सम्बन्धी नीतिगत र संस्थागत संयन्त्र निर्माण गर्नु भनी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको सन्दर्भमा पनि सान्दर्भिक देखिन्छ ।

६. "ख" कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध लोकबहादुर सार्की समेत, मुद्दा मानव बेचबिखन, बालविवाह, जबरजस्ती करणी[८]

अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुऱ्याउनु वा पुनस्थापना गर्न सक्नु पर्छ । तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्ति सम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयन समेत हुनु अपरिहार्य हुने । अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरे बमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुलउपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकार समेतबाट सो सम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी देखिने । पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रूरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तराष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्यास समेतको आधारमा हामीकहाँ समेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा मान्नुपर्ने हुन्छ । यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो । यस हकलाई व्यवहारिक, वास्तविक र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व र राज्यको कर्तव्य हुने । पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत

८ ने.का.प. २०७२, अंक २, नि.नं. ९३४६ ।

नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने । पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस् अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनस्थापन राज्यले नै गर्नुपर्ने । पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले पीडितलाई थप पीडा दिन नमिल्ने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा वर्तमान संविधान लागू नहुँदैको अवस्थामा पनि अपराध पीडितको पुनस्थापना र क्षतिपूर्ति प्राप्त गर्ने कुरालाई मौलिक हकको रुपमा स्वीकार गर्दै पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने राज्यको कर्तव्य हुने कुरा औंल्याउने गरी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा अत्यन्त सान्दर्भिक र सकारात्मक देखिन्छ ।

७. माइती नेपालको तर्फबाट अधिवक्ता उमा तामाङ समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, परमादेश[९]

अपराधबाट पीडित हुन पुगेका व्यक्ति वा निजका आश्रितलाई भराउने क्षतिपूर्ति लगायतका राहत कार्यक्रमलाई प्रभावकारीरूपमा दिलाउनको लागि कसूरदारलाई छिटो छरितोरूपमा कानूनको कठघरामा उभ्याई उचित दण्ड दिन र पीडितलाई न्यायस्वरूप कानून बमोजिमको क्षतिपूर्ति लगायतको राहत उचित र मनासिब समयभित्रै उपलब्ध गराउनको लागि हाल प्रचलनमा रहेको परम्परागत फौजदारी न्याय प्रशासनको कार्यशैलीमा परिवर्तन गर्नैपर्ने । यस्तो किसिमको परिवर्तन भनेको फौजदारी मुद्दाहरूको सुनुवाइ प्रक्रिया लगातारूपमा गरेर शीघ्र न्यायिक विन्दुमा पुग्नु नै हो । यही अहम् सवाललाई सम्बोधन गर्न जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन गरी कानूनी व्यवस्था गरीएबाट यसको प्रयोग अनिवार्यरूपमा नै गर्नुपर्ने । मुद्दा प्रवाहको व्यवस्थापनमा देखिएका समस्याहरूलाई निराकरण गरी मुद्दाका पक्षलाई छिटो छरितो न्याय प्रदान गर्ने उद्देश्यले कानूनमा व्यवस्था गरिएको लगातार कारवाही र सुनुवाइलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यक संयन्त्रहरूको निर्माण गर्न समेत जरूरी हुने । मुद्दाको जटिलता र प्रकृतिका आधारमा मुद्दाहरूलाई वर्गीकरण गरी फरक व्यवस्थापन पद्धति (Differentiated Case Management System) लाई अँगाल्ने भन्ने कुरालाई पनि नीतिगत सुधारकैरूपमा हेर्नुपर्ने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा अपराध पीडितलाई न्यायस्वरूप कानून बमोजिमको क्षतिपूर्ति लगायतको राहत उचित र मनासिब समयभित्रै उपलब्ध गराउन, लगातार कारवाही र सुनुवाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक संयन्त्रहरूको निर्माण गर्न र मुद्दाको जटिलता र प्रकृतिका आधारमा मुद्दाहरूलाई वर्गीकरण गरी फरक व्यवस्थापन पद्धतिलाई अँगाल्न निर्देश गर्ने

९ ने.का.प. २०७०, अंक ११, नि.नं. ९०७८, पृ. १३६६ ।

गरी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा अत्यन्त सान्दर्भिक र सकारात्मक देखिन्छ ।

८. अधिवक्ता देवकी पोखरेल समेत विरुद्ध प्रधानमन्त्री तथ मन्त्रिपरिषद्को कार्यालय समेत[१०]
जाहेरवाला पीडित लगायत सरकारी पक्षका गवाहहरुले अदालतको आदेशानुसार उपस्थित भई आफ्नो भनाई स्वतन्त्र न्यायपालिका समक्ष राख्न पाउनुपर्ने अधिकार वास्तविक रुपमा नै उपभोग गर्न पाउनु पर्छ ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा जाहेरवाला, पीडित र सरकारी पक्षका साक्षीले आफ्नो अधिकार निर्वाध रुपमा प्रयोग गर्न पाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा सान्दर्भिक नै देखिन्छ ।

९. महिला, कानून र विकास मन्त्रको तर्फबाट अधिवक्ता मिरा ढुंगाना समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, उत्प्रेषण समेत[११]

मानब बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसुस गर्न नसक्ने । ऐनको दफा २६ बमोजिम पीडितलाई पर्याप्त सुरक्षा प्रदान गरीनु पनि उत्तिकै आवश्यक छ । यी समग्र व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनबाट मात्रै मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिले ऐनको दफा १५(६) बमोजिम अदालतले बोलाएको समयमा उपस्थित भई न्यायिक प्रक्रियालाई सहयोग गर्न समर्थ हुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा अपराध पीडितलाई क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल हुनु पर्ने र निजलाई पर्याप्त सुरक्षा प्रदान गर्नु पर्ने गरी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा अत्यन्त सान्दर्भिक र सकारात्मक देखिन्छ ।

१०. सुन्तली धामी (शाह) विरूद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय समेत, परमादेश[१२]

अन्तिम अवस्थासम्म सरकारबाटै पीडितको तर्फवाट मुद्दामा प्रतिरक्षा लगायतको काम गरीन्छ। पीडितको हैसियत गवाहमा सीमित हुन्छ। हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन। पीडित राज्यवाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाण सहित प्रहरीमा उजूर गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकवाट वञ्चित हुन पुग्ने।

१० २०७०-wo-०३४१, पृ. २० ।
११ ने.का.प. २०७०, अंक ३, नि.नं. ८९७३, पृ. ३२६ ।
१२ ने.का.प. २०६८, अंक १, नि.नं. ८५४१, पृ. ११२ ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा नेपाल सरकारबाट पीडितको तर्फवाट मुद्दामा प्रतिरक्षा लगायतको काम गर्ने र मुद्दा नचलाउँदा पीडित न्याय पाउने मौलिक हकवाट वञ्चित हुने सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा सान्दर्भिक देखिन्छ ।

११. अधिवक्ता ज्योति लम्साल पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, उत्प्रेषणयुक्त परमादेश[१३]

समाजमा कतै कुनै अपराध हुन गएमा अपराध गर्ने व्यक्तिउपर अनुसन्धान गरी मुद्दा चलाई अभियुक्तलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउनु पर्ने सरकारको संवैधानिक कर्तव्य हुने हुँदा यस्तो जवाफदेहीबाट सरकार पन्छिन नसक्ने। अपराधमा अनुसन्धान र अभियोजनमा कमि अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरवाही, गल्ती, बद्नियत आदि कुनैको पनि स्थान हुन हुँदैन। यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनुपर्ने। राज्यले पीडित महिलाको सहयोगको लागि आवश्यक स्रोत र साधन अनुसार प्रत्येक जिल्लामा पीडित महिलाको लागि एक Counseling Centre को क्रमशः व्यवस्था गर्दै जानुपर्ने। बलात्कार पीडितलाई न्याय दिलाउन योजनाबद्ध तरिकाले क्रमशः प्रत्येक जिल्लाका अस्पतालमा आवश्यक प्रविधि, प्रयोगशाला र विज्ञको व्यवस्था तुरुन्त गर्नुपर्ने। यसको लागि बजेटको अभाव, विज्ञको अभाव, कर्मचारीको अभाव भन्ने कुरा Excuse हुन नसक्ने। प्रत्येक जिल्ला अदालतले जवरजस्ती करणी मुद्दामा पीडित र पीडितलाई Accompany गर्ने व्यक्ति, वादी एवं पीडितका साक्षी एवं प्रतिवादी पक्षको लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा अभियुक्तलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउनु पर्ने सरकारको संवैधानिक कर्तव्य तर्फ सजग गराउँदै अपराधमा अनुसन्धान र अभियोजनमा कमि, अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरवाही, गल्ती, बद्नियतको जिम्मा सरकारले लिनुपर्ने, राज्यले पीडित महिलाको सहयोगको लागि प्रत्येक जिल्लामा एक Counseling Centre को व्यवस्था गर्दै जानुपर्ने र प्रत्येक जिल्लाका अस्पतालमा आवश्यक प्रविधि, प्रयोगशाला र विज्ञको व्यवस्था तुरुन्त गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको संरक्षणको सन्दर्भमा अत्यन्त सकारात्मक र सान्दर्भिक समेत रहेको देखिन्छ ।

१२. क कुमारको जाहेरीले नेपाल सरकार विरुद्ध पवनकुमार यादव समेत, मुद्दा जबरजस्ती करणी[१४]

बालबालिका सम्बन्धी ऐनको परिभाषा भित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुनसक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसँगति ल्याउन सक्ने। बालबालिका सम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने।

---

१३ ने.का.प. २०६७, अंक ११, नि.नं. ८५०७, पृ. १९०३।

१४ ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९४।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा कानूनको द्वन्दमा परेको र पीडित दुवै पक्ष बालबालिका भएको अवस्थामा पनि अपराध पीडित बालबालिकाले प्राप्त गर्ने क्षतिपूर्तिको अधिकारलाई संकुचित हुने गरी अर्थ गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडित बालबालिकाको संरक्षणको सन्दर्भमा अत्यन्त सकारात्मक र सान्दर्भिक समेत रहेको देखिन्छ ।

१३. महिला कानून र विकास मञ्चको तर्फबाट अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत, परमादेश[१५]

मुलुकी ऐन जबरजस्ती करणीको महलको ११ नं. को हदम्यादको वर्तमान व्यवस्था ज्यादै कम भई पीडितलाई न्याय दिलाउने कार्यमा बाधा पर्न गएकोले पीडितहरूको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी अपराधको गम्भीरतालाई हेरी प्रभावकारी अनुसन्धान र अभियोजन गर्न सक्ने गरी पर्याप्त हदम्यादको व्यवस्था गर्ने हिसाबले जबरजस्ती करणीको महलको ११ नं. मा व्यवस्था भएको हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा जबरजस्ती करणीको मुद्दाको हदम्याद बढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने भनी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला जबरजस्ती करणी मुद्दाका अपराध पीडितको सन्दर्भमा अत्यन्त सकारात्मक र सान्दर्भिक समेत रहेको देखिन्छ ।

१४. महिला कानून र विकास मञ्चको तर्फबाट अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, परमादेश समेत[१६]

गोपनीयताको अधिकारको व्यवस्था अन्तर्गत व्यक्तिको गोपनीयता र निजको गोप्य सूचनाहरू समेत संरक्षित हुने देखिन्छ । व्यक्तिका तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरण र निज सम्वद्ध अन्य सूचनाहरूको गोप्यताको संरक्षण नहुने हो भने गोपनीयताको हक अत्यन्त संकुचित भै आफ्नो उद्देश्य हासिल गर्न नसक्ने । विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रूपमा संलग्न महिला, बालबालिका पक्ष भएका वा एच.आई.भी./एड्स संक्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थिति देखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनीयताको स्तर कायम रहने गरी सम्बन्धित पक्षको हक र दायित्व सहितको कानून निर्माण गर्न विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाममा निर्देशात्मक आदेश जारी हुने । संविधानमा गोपनीयताको हकको व्यवस्था भएपनि विषयगत हिसाबले खास खास वर्गका व्यक्तिहरूको गोपनीयता संरक्षण हुने खास खास अवस्थाहरूको किटान गरी कुन अवस्थामा व्यक्तिगत सूचनाहरू खुला हुने हो सो को कानूनी व्यवस्था पनि आइनसकेको सन्दर्भमा निर्देशात्मक आदेश जारी हुने ठहरेकाले सो बमोजिमको व्यवस्था नहुन्जेल यसै साथ संलग्न विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिमको व्यवस्थाको पालना गर्नु गराउनु भनी उक्त विपक्षीहरूका नाममा आदेश जारी हुने ।

---

१५ ने.का.प. २०६५, अंक ११, नि.नं. ८०३८ ।

१६ ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८०, पृ. १२०८ ।

प्रस्तुत न्यायिक दृष्टिकोणमा सर्वोच्च अदालतद्वारा विशेष प्रकृतिका मुद्दामा पीडित महिला, बालबालिका वा एच.आई.भी./एड्स संक्रमित व्यक्तिहरू भएको मुद्दामा मुद्दा दर्तदेखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनीयताको स्तर कायम रहने गरी सम्बन्धित पक्षको हक र दायित्व सहितको कानून निर्माण गर्न नेपाल सरकारको नाममा निर्देशात्मक आदेश जारी भएको र सो बमोजिमको व्यवस्था नहुन्जेल विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिमको व्यवस्थाको पालना गर्नु गराउनु भनी विपक्षीहरूका नाममा आदेश जारी हुने भनी सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ, जुन फैसला अपराध पीडितको गोपनीयता कायम गर्ने सन्दर्भमा अत्यन्त सकारात्मक र सान्दर्भिक समेत रहेको देखिन्छ ।

७. अपराध पीडितको संरक्षणको सम्बन्धमा सरकारी वकीलको भूमिका

माथि उल्लेख भए बमोजिम अपराध पीडितको संरक्षण सम्बन्धी अवधारणा र सन्दर्भ, आवश्यकता र महत्व, संरक्षणका क्षेत्र, विषय, चरण र विधिशास्त्रीय पद्धति, अपराध पीडितका अधिकार, संवैधानिक र कानूनी व्यवस्था तथा न्यायिक दृष्टिकोण समेतका आधारमा अपराध पीडितको संरक्षणको दायरा स्पष्ट भैसकेको छ । अपराध पीडिलाई आफू पीडित भएको मुद्दाको अनसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक तथा कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने मौलिक हकको सुनिश्चितताका लागि सरकारी वकीलको अहम् भूमिका रहन्छ । अपराध पीडितको संरक्षणमा सरकारी वकीलको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिकालाई बुँदागत रुपमा देहाय बमोजिम चर्चा गरिएको छ :

- अपराध पीडितको पहिचान, उद्धार, राहत र अपराध पीडित बालबालिकाको उमेर निर्धारणका सम्बन्धमा,
- अपराध पीडितको भौतिक, शारीरिक र पारिवारिक सुरक्षा र संरक्षणको सम्बन्धमा,
- कानून बमोजिम अपराध पीडितले प्राप्त गर्न सक्ने आर्थिक सहयोग, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको सम्बन्धमा,
- अपराध पीडितको मानव अधिकारको संरक्षण गर्ने, सभ्य व्यवहार र सम्मान गर्ने, पीडितमैत्री व्यवहार गर्ने, अपराध पीडितको मौलिक हक तथा कानूनी अधिकारको संरक्षण गर्ने, अपराध पीडितको उद्धार गर्ने र राहत उपलब्ध गराउने, अपराध पीडितलाई अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति उपलब्ध गराउने, सामाजिक पुनर्स्थापना गर्ने, अपराध पीडितको स्वास्थ्य परीक्षण गर्ने र चिकित्सकीय, मनोचिकित्सकीय, सामाजिक, कानूनी, धार्मिक, साँस्कृतिक लगायतका परामर्श उपलब्ध गराउने, अपराध पीडितलाई कानून व्यवसायीसँग भेटघाट र परामर्श गर्न दिने सम्बन्धमा कानूनी व्यवस्थाको पालना नभएको पाइएमा वा त्यस्तो हुन सक्ने अवस्थामा अपराध अनुसन्धानकर्तालाई आवश्यकता अनुसार उपयुक्त निर्देशन दिने सम्बन्धमा,
- अपराध पीडितको बसोबास र पुनर्बासको सम्बन्धमा,
- अपराध पीडितको रोजगारी, शिक्षा, व्यावसायिक तालिम लगायतका सामाजिक पुनर्स्थापनाका सम्बन्धमा,

- कानून बमोजिम अपराध पीडितले पाउनु पर्ने दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउने सम्बन्धमा,
- पीडितमैत्री कक्षको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा,
- पीडितमैत्री वातावरणको सुनिश्चितता दिलाउने सम्बन्धमा,
- अपराध पीडितलाई सहज हुने किसिमका सरल, स्पष्ट र छिटोछरितो कार्यविधिको अनुसरण गर्ने गराउने गरी न्यायिक प्रकृयामा सहजीकरण गर्ने सम्बन्धमा,
- अपराध पीडितको शारीरिक जाँच र औषधोपचारको सम्बन्धमा,
- अपराध पीडितलाई कानूनी, मानसिक, मनोवैज्ञानिक, चिकित्सकीय, सामाजिक, धार्मिक लगायतको परामर्श सेवाको उपलब्धताको सम्बन्धमा,
- अपराध पीडितका मौलिक हक र कानूनी अधिकारहरुको सम्मान र संरक्षण गर्ने सम्बन्धमा,
- अपराध पीडितलाई उचित सम्मान र मानवोचित व्यवहार प्रदर्शन गर्नु पर्ने सम्बन्धमा,
- विभिन्न चरणहरुमा अपराध पीडितको सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा,
- अपराध पीडितले आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी प्राप्त गर्ने सम्बन्धमा,
- अपराध पीडितको स्वच्छ व्यवहार पाउने र भेदभाव विरुद्धको अधिकारलाई सुनिश्चितता दिलाउने सम्बन्धमा,
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको सबै चरणमा गोपनीयताको प्रत्याभूतिको सम्बन्धमा,
- अपराध पीडितको वास्तविक अवस्थाको अनुगमन गरी सुधार प्रकृयालाई निरन्तरता दिने सम्बन्धमा,
- अपराध पीडितले न्यायिक प्रकृयालाई सघाउने क्रममा विस्थापित हुनुपर्दा निजका सबै सरसामान र सामग्रीहरुको सुरक्षा र संरक्षण गर्ने सम्बन्धमा,
- अपराध पीडितसँग शिष्ट भाषा र सभ्य व्यवहार गर्ने गराउने सम्बन्धमा,
- पीडित न्याय प्रणाली अन्तर्गत बाल न्याय र संक्रमणकालीन न्यायका विभिन्न पद्धतिहरुको अवलम्बन गर्ने सम्बन्धमा,
- अपराध पीडितको संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा,
- अपराध पीडितको संरक्षण सम्बन्धी नेपाल पक्ष रहेका अन्तराष्ट्रिय महासन्धिका प्रावधान राज्यको दायित्व बमोजिम पालना गर्नु पर्ने सम्बन्धमा,

- अपराध पीडितको संरक्षण सम्बन्धी अन्य मुलुकको असल अभ्यासको अनुसरण गर्ने सम्बन्धमा,
- अभियोगपत्रमा कानून बमोजिम अपराध पीडितलाई उपलब्ध गराउनु पर्ने राहत, औषधोपचार, क्षतिपूर्ति र आवश्यकता अनुसार अन्तरिम क्षतिपूर्ति र विगो समेतको दावी लिने सम्बन्धमा,
- अपराध पीडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न पाउने र निजसँग परामर्श गर्न पाउने सम्बन्धी विषयमा,
- अपराध पीडितले सम्पत्ति फिर्ता पाउने सम्बन्धमा,
- अपराध पीडितलाई मुद्दाका सम्पूर्ण प्रक्रियामा धारणा व्यक्त गर्ने, सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने, मुद्दाको सुनुवाइमा उपस्थिति र सहभागी हुन पाउने विषयका सम्बन्धमा,
- कसूरदारलाई अभियोग लगाउँदा, अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा, शंकित व्यक्तिलाई मुद्दा नचलाउने निर्णय गर्नु परेमा, सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा, अभियोगपत्रमा प्रचलित कानून बमोजिम थप माग दाबी गर्नु पर्ने भएमा, सजायपूर्वको प्रतिवेदन तयार गर्नु परेमा र कसूरदारलाई सजाय तोक्दा, अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा, कसूरदारलाई दिशान्तर (डाइभर्सन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा, कसूरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा, अदालतमा विचाराधीन कसूर सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा,
- अपराध पीडितले आफू पीडित भएको कसूर सम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्न सक्ने सम्बन्धमा,
- अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरुद्ध प्रचलित कानून बमोजिम निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्ने विषयका सम्बन्धमा,
- अपराध पीडितको कर्तव्य पालना गराउने सम्बन्धमा,
- पीडित प्रभाव प्रतिवेदनका सम्बन्धमा,
- अपराध पीडितलाई उचित र मनासिब क्षतिपूर्ति र अन्तरिम क्षतिपूर्ति दिलाउने सन्दर्भमा अभियुक्तको सम्पत्ति विवरणको फेहरिस्त संकलन र पेश गर्ने सम्बन्धमा,
- शीघ्र कारबाही र बन्द इजलासको सम्बन्धमा,
- पीडितलाई पेशीको जानकारी दिने सम्बन्धमा,

- अभियुक्तले क्षतिपूर्ति नतिरे कैद गर्ने सम्बन्धमा,
- अपराध पीडित तथा साक्षीको सुरक्षा, संरक्षण, क्षतिपूर्ति, पुनःस्थापना, पीडितको हक अधिकारको उपभोगको सुनिश्चितता समेतका सवालहरुमा अनुसन्धान निकाय, अदातल, नागरिक समाज, पत्रकार समेतका सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने सम्बन्धमा,
- अपराध पीडितको संरक्षण गर्ने सम्बन्धमा भएका संवैधानिक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न सरकारी वकील, कर्मचारी र अनुसन्धानकर्तालाई प्रशिक्षण प्रदान गर्ने सम्बन्धमा,
- समुदायमा सरकारी वकील कार्यक्रम मार्फत समेत अपराध पीडितका लागि क्षतिपूर्ति सहितको न्यायका सम्बन्धमा जानकारी तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा,
- अपराध पीडितको हक हितको संरक्षणको लागि विद्यमान कानूनमा गर्नु पर्ने सुधार तथा परिमार्जनका विषयमा नेपाल सरकारलाई सुझाव दिने सम्बन्धमा,
- पीडितको सुरक्षा तथा पीडितले कसूरको कारणबाट व्यहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नको लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिगत उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने सम्बन्धमा,
- पीडितको अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने सम्बन्धमा,
- पीडित आवश्यकता पहिचान गरी आवश्यकता अनुसारको खास सेवा संचालन गर्न नेपाल सरकारलाई सुझाव दिने समेतका कार्यका लागि महान्यायाधिवक्ताको संयोजकत्वमा रहने पीडित संरक्षण सुझाव समिति मार्फत सुझाव दिने सम्बन्धमा आदि।

८. अपराध पीडितको संरक्षणको लागि सरकारी वकीलको भावी कार्यदिशा

अपराध पीडितको संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा सरकारी वकीलले बहन गर्नुपर्ने जिम्मेवारी र भूमिका स्पष्ट नै छ । प्रथमतः यसका लागि सरकारी वकील जानकार, सक्षम, इमानदार र पीडितमैत्री हुन आवश्यक छ । संविधान र प्रचलित कानूनले गरेका व्यवस्था र आफूले बहन गर्नुपर्ने जिम्मेवारीका बारेमा सरकारी वकील सूचित र जानकार हुनुपर्ने अवस्था छ । यसले सक्षमता सिर्जना गर्न मद्दत गर्दछ । नयाँ कानूनी व्यवस्थाको कार्यान्वयनलाई बोझ ठानी जिम्मेवारी बहन गर्ने कुरामा जागरुक नहुने आम प्रवृत्ति रहेको सन्दर्भमा यस्तो अनिच्छा वा मानसिकतालाई हटाउन पनि उत्तिकै जरुरी छ । कानूनले गरेको परिवर्तनसँगै आत्मसात् गरीएका नयाँ अवधारणात्मक पक्ष र तिनको कार्यान्वयनमा सरकारी वकीलको जिम्मेवारी, भूमिका र कर्तव्यका बारेमा सरकारी वकीलहरुलाई समयमै अभिमुखीकरण र प्रशिक्षित गराउन आवश्यक हुन्छ ।

अपराध पीडितको प्रभावकारी रुपमा संरक्षण हुन नसकेको कारण अपराध पीडितले न्यायको अनुभूति गर्न नसकेर नेपालको फौजदारी न्याय प्रणालीको आलोचना हुने गरेको कुरा मुलुकको फौजदारी न्याय

प्रणालीको सबैभन्दा महत्वपूर्ण अवयवको रुपमा रहेको सरकारी वकीलले हेक्का राख्न आवश्यक छ । अपराध पीडितलाई सुरक्षा र संरक्षण प्रदान गर्न निजसँग निरन्तर सम्वाद र समन्वय बढाउने एवं सरकारी वकील कार्यालयमा अपराध पीडितको परिचयात्मक विवरण सहितको अभिलेख व्यवस्थापन गर्ने कुरा अत्यावश्यक भैसेकेको छ । अपराध पीडितको सुरक्षा र संरक्षण प्रकृयामा सरकारी वकीलले सहजीकरण गरीदिन पनि जरुरी छ । अपराध पीडितको सुरक्षा र संरक्षणको व्यवस्था प्रभावकारी भए नभएको सम्बन्धमा नियमित सुपरीवेक्षण र अनुगमन पनि आवश्यक हुन्छ । अतः अपराध पीडितको संरक्षणको लागि सरकारी वकीलको भावी कार्यदिशालाई देहाय बमोजिम उल्लेख गरिएको छ :

१. **अभिलेख व्यवस्थापन र न्याय सम्पादनमा सहयोग गर्ने :** प्रत्येक सरकारी वकील कार्यालयमा संरक्षण गर्नुपर्ने अपराध पीडित र साक्षीको अभिलेख रजिष्टर तयार गरी अद्यावधिक गर्ने व्यवस्था मिलाउने, पीडित तथा साक्षी संरक्षण शाखाको स्थापना गर्ने, अपराध पीडितलाई सम्मान र आदरपूर्ण व्यवहार गर्ने, हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी तुल्याउने, साक्षीको उपस्थितिलाई सुनिश्चित गर्ने र कसूरको अनुसन्धान तहकिकात र अदालती कारवाहीको सिलसिलामा अपराध पीडित र साक्षीलाई सत्यतथ्य व्यक्त गरी न्याय सम्पादनमा सहयोग पुऱ्याउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

२. **अपराध पीडितको संरक्षण सम्बन्धी प्रशिक्षण र जानकारी :** अपराध पीडितको संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकील एवं कर्मचारी तथा अनुसन्धानकर्तालाई अपराध पीडितको संरक्षण सम्बन्धी विषयमा प्रशिक्षण गर्ने र समुदायमा सरकारी वकील कार्यक्रममा अपराध पीडित र साक्षी संरक्षणको विषयलाई समावेश गर्ने, संविधान, ऐन, नियम र निर्देशिकाहरुमा भएका अपराध पीडितको संरक्षण सम्बन्धी विषयलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने, अपराध पीडितको संरक्षण सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाका साथै उपर्युक्त योजनाको बारेमा सरोकारवाला र सरकारी वकीललाई प्रशिक्षण कार्यक्रमको माध्यमबाट जानकारी गराई त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

३. **जोखिम नियन्त्रण र क्षतिपूर्ति प्रदान गर्ने :** शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदार वा निजसम्बध्द व्यक्तिबाट अपराध पीडितका विरुध्द हुन सक्ने खतरा एवं अनुचित प्रभावबाट सुरक्षा प्रदान गर्ने, अपराध पीडित विरुध्द हुन सक्ने सम्भावित कसूर नियन्त्रण गर्ने, अपराध पीडितले न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको कारण निजलाई हुन सक्ने जोखिमको फलस्वरुप निजको हत्या, अंगभंग वा अन्य हिंसाजन्य कार्यबाट शिकार भएमा आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्ने ।

४. **बकपत्रमा हुन सक्ने हैरानी र प्रचारमा रोक लगाई गोपनीयता कायम गर्ने :** अपराध पीडित साक्षीलाई ललाइफकाई वा कुनै प्रलोभनमा पारी वा झुक्याई वा अन्य कुनै प्रभावमा पारी अदालती प्रक्रियामा उपस्थित वा सहभागी हुन नदिने वा उपस्थित वा सहभागी भए तापनि मुनासिव कारणबिना अनुसन्धानकर्ता र अभियोजनकर्ता समक्ष दिएको जानकारी वा प्रमाण वा बयान भन्दा अदालतमा प्रतिकूल बकपत्र गर्न (Hostile) वा प्रमाण दिन लगाउने कार्य वा

सत्यतथ्य व्यक्त गर्नबाट अवरोध पुऱ्याउने कार्यलाई रोक्ने, अपराध पीडित साक्षीलाई सोधपुछ र जिरह गर्ने क्रममा विपक्षी वा निजको कानून व्यवसायीबाट हुन सक्ने परेशानी, हैरानी, दुर्व्यवहार र अभद्र व्यवहारलाई रोक्ने र रोक्न पहल गर्ने, अति संवेदनशील मुद्दाका अपराध पीडितलाई आवश्यकता अनुसार निरन्तर सुनुवाइ, शीघ्र सुनुवाइ एवं बन्द इजलासबाट मुद्दाको सुनुवाइ गर्ने तथा संचार माध्यमबाट हुने अनावश्यक प्रचारबाट अपराध पीडितलाई अलग राख्ने व्यवस्थालाई प्रभावकारी बनाउन पहल गर्ने, आवश्यकता अनुसार अपराध पीडितको पहिचानको गोप्यता राख्न र नयाँ पहिचान दिलाउन प्रयत्न गर्ने गराउने एवं नयाँ पहिचान तथा अप्रकट प्रमाणपत्र उपलब्ध गराउन पहल गर्ने ।

५. **दण्डहिनताको अन्त र अपराध पीडितको सुरक्षाको प्रबन्ध गर्ने :** अपराधीलाई दण्ड सजाय हुने कुराको सुनिश्चितता गरी दण्डहिनता हुन नदिने पीडकलाई सजाय पीडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने कार्यको सहयोगी मौखिक प्रमाणको रुपमा रहेको अपराध पीडितको सुरक्षा र संरक्षण गर्ने, अति संवेदनशील मुद्दाका पीडित र साक्षीलाई आवश्यकता अनुसार सुरक्षाको प्रबन्ध तथा स्कर्ट सेवा उपलब्ध गराउन पहल गर्ने, अपराध पीडितको सुरक्षाको निमित्त अंगरक्षक उपलब्ध गराउनु पर्ने मुनासिव कारण देखिएमा सो को लागि आवश्यक पहल गर्ने, अपराध पीडितको हत्या हुन सक्ने वा निजमाथि हिंसाजन्य आक्रमण हुन सक्ने पर्याप्त आधार देखिएमा निजको सुरक्षाको निमित्त सुरक्षा बन्दोबस्तीका सामान उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

६. **अपराध पीडित विरुध्द हुन सक्ने दबाब, प्रभाव र प्रलोभनलाई रोक्ने तथा प्रतिकूल हुनबाट जोगाउने :** गम्भीर कसूर र जघन्य कसूरमा सरकारी साक्षीको रुपमा रहेका अपराध पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदार वा निजसम्बध्द व्यक्तिबाट बाधा अवरोध पुऱ्याउने, हैरानी गर्ने, डरत्रास, धाकधम्की, दवाव, प्रभाव, आर्थिक लगायतको प्रलोभन दिनसक्ने कार्यबाट जोगाउन भरमग्दुर प्रयत्न गर्ने, शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदार वा निजसम्बध्द व्यक्तिबाट अपराध पीडितका विरुध्द हुन सक्ने हत्या, अंगभंग, गम्भीर चोट वा हिंसा वा अपराध पीडितको जीवन, स्वास्थ्य, शारीरिक अनतिक्रम्यता, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा साम्पत्तिक अधिकार माथि दिन सक्ने धम्की, डर, त्रास, दवाव, हैरानी वा यातनाजन्य व्यवहारलाई रोक्ने तथा अपराध पीडित साक्षीलाई प्रतिकूल (Hostile) हुनबाट जोगाउन हरसम्भव उपायहरुको अवलम्बन गर्ने ।

७. **अपराध पीडितलाई आत्मनिर्भर, स्थानान्तरण र पुनःस्थापना गर्ने :** आवश्यकता अनुसार अपराध पीडितको बसोबासस्थलबाट सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गर्ने, सुरक्षित स्थानमा स्थानान्तरण गरिएको अपराध पीडितलाई आवश्यकता अनुसार सुरक्षित आवासको व्यवस्था गर्न विभिन्न निकायको समन्वयमा पहल गर्ने, अपराध पीडितलाई आत्मनिर्भर बन्न सघाउ पुऱ्याउन विभिन्न निकायसँगको समन्वयमा आवश्यकता अनुसार औपचारिक शिक्षा, सीप र व्यवसायमूलक तालिमको व्यवस्था गर्ने।

८. **भत्ता, आर्थिक सहायता, परामर्श सेवा, औषधोपचार प्रदान गर्ने :** अपराध पीडितलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने प्रभावकारी व्यवस्था गर्ने, दैनिक निर्वाहको निमित्त अपराध पीडितको कुनै आयस्रोत नभएको वा निजको बकपत्रको सिलसिलामा त्यस्तो आयस्रोतबाट बञ्चित हुनुपर्ने स्थितिमा मुनासिब आर्थिक सहायताको प्रबन्ध गर्ने, अपराध पीडितको हितको निमित्त आवश्यकता अनुसार चिकित्सकीय, मनोबैज्ञानिक, मनोचिकिस्तकीय, कानूनी, सामाजिक, धार्मिक वा अन्य परामर्श सेवा उपलब्ध गराउन विभिन्न निकायसँगको समन्वय र सहयोगमा आवश्यक व्यवस्था मिलाउने, अपराध पीडितको अन्तरिम संरक्षण सेवा उपलब्ध गराउन आवश्यक पहल गर्ने, अपराध पीडितको संरक्षण गर्नुपर्ने अवधि भित्र निजको निःशुल्क औषधि उपचारको प्रबन्ध गर्ने।

९. **सुपरीवेक्षण र अनुगमन गर्ने :** अपराध पीडितले संरक्षण प्राप्त गरे नगरेको र सरकारी वकीलले तत्सम्बन्धमा अनुसन्धानकर्ता प्रहरीलाई दिएको निर्देशन पालना भए नभएको सम्बन्धमा नियमित रुपमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट सुपरीवेक्षण र अनुगमन गर्ने गराउने ।

९. निष्कर्ष

फौजदारी न्याय प्रशासनको प्रमुख उद्देश्य भनेको कसूरदारलाई सजाय र अपराध पीडितको संरक्षण गरी क्षतिपूर्ति सहितको न्याय प्रदान गर्नु भए तापनि परम्परागत फौजदारी न्याय प्रशासनमा पीडितको अधिकारहरुको वेवास्ता गरिएको कारण पीडितले अपराध सम्बन्धी सूचना दिन तत्पर नहुने, अनुसन्धानको प्रक्रियामा सहयोग गर्न हिचकिचाउने, बकपत्र गर्न अदालतमा उपस्थित नहुने र उपस्थित भए पनि प्रतिकूल बकपत्र गर्ने समस्या विद्यमान थिए । ती समस्याको समाधान गर्न अपराध पीडितको अधिकार र संरक्षण सम्बन्धी चासोलाई आधुनिक फौजदारी न्याय प्रशासनद्वारा सम्बोधन गर्ने प्रयत्नको प्रारम्भ र निरन्तरता जारी नै छ ।

अपराध पीडित नै मुद्दाको सबैभन्दा भरपर्दो र बलियो साक्षी प्रमाण भएकोले निजको हक अधिकारको संरक्षण गरी निजको उद्धार, अन्तरिम राहत, क्षतिपूर्ति, पुनर्स्थापना, औषधोपचार, परामर्श, सहायता र सुरक्षा समेतको व्यवस्था गर्नु राज्यको दायित्व पनि हो । अपराध पीडितको संरक्षणको विषय केबल निजको हितका लागि मात्र नभएर समग्र समाजको शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने उद्देश्यसँग जोडिने हुँदा उक्त उद्देश्य पूरा गरी अपराध पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्यायको अनुभूति दिलाउन फौजदारी न्याय प्रशासनको महत्त्वपूर्ण अंगका रुपमा रहेका अनुसन्धानकर्ता र अभियोजनकर्ताले आफ्नो कर्तव्य, जिम्मेवारी र भूमिका बुझी पीडितको संरक्षणमा इमान्दार प्रयत्न गरेमा आधुनिक फौजदारी न्याय प्रशासनलाई सवल, प्रभावकारी र जीवन्त बनाउन सकिन्छ । यसले अपराध पीडितको फौजदारी न्याय प्रणालीप्रतिको विश्वास बढाउन सकारात्मक योगदान पुऱ्याउँछ ।

नेपालमा मौलिक हकका रुपमा अपराध पीडितको हकको व्यवस्था भएको, सो हक कार्यान्वयन गर्नका लागि विशेष ऐनका रुपमा अपराध पीडित संरक्षण ऐन जारी भएको, त्यस बाहेकका अन्य विशेषा ऐनहरु तथा सामान्य कानूनको रुपमा रहेका मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता समेतमा अपराध पीडितका हक अधिकार र सोको संरक्षणको विषय उल्लेख भएको पाइन्छ ।

विद्यमान संवैधानिक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानून कार्यान्वयन अधिकारीहरु तथा सरोकारवालाहरुको प्रभावकारी भूमिकाको सुनिश्चितता गर्दै अपराध पीडितको सुरक्षा, पुनःस्थापना, मनासिब क्षतिपूर्ति सहितको न्यायको सुनिश्चितता र सुदृढीकरणका लागि उक्त विषयहरुमा आएका पछिल्ला नवीनतम् विधिशास्त्रीय दृष्टिकोणहरु तथा अन्तराष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गर्दै सम्बद्ध कानूनमा समयानुसार परिमार्जन तथा थप गर्दै लैजानु पर्ने आवश्कता देखिन्छ ।

सन्दर्भ सामग्री

नेपालको संविधान

अपराध पीडित संरक्षण ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५

संगठित अपराध निवारण ऐन, २०७०

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रमाण ऐन, २०३१

मुलुकी अपराध संहिता, २०७४

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३

भ्रष्टाचार विरूध्दको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

अन्तरदेशीय संगठित अपराध विरूध्दको संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००

अपराध पीडित र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५

अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८

खेमराज ज्ञवाली, संवैधानिक र प्रशासकीय कानून, प्रथम संस्करण, २०७७, पैरवी बुक हाउस प्रा. लि., काठमाण्डौ ।

नेपाल कानून पत्रिकाका विभिन्न अंकहरु, सर्वोच्च अदालत, काठमाण्डौ ।

नेपाली बृहत् शब्दकोश, २०७५, दशौं संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ ।

पीडितको अधिकार सम्बन्धी जानकारी पुस्तिका, २०७१, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ ।

पीडित संरक्षण दिग्दर्शन २०७०, प्रथम संस्करण, २०७१, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ।

डा. शंकर कुमार श्रेष्ठ (सं.), नेपाली कानूनी शब्दकोश, आठौं संस्करण, २०७५, पैरवी प्रकाशन, काठमाण्डौ ।

डा. शंकर कुमार श्रेष्ठ, पीडितशास्त्र, प्रथम संस्करण, २०७४, पैरवी प्रकाशन, काठमाण्डौ ।

विभिन्न वेवसाइटहरु ।

छुवाछूत तथा जातीय भेदभाव विरुद्धको कानून र कार्यान्वयनको अवस्था[1]

१. विषय प्रवेशः

नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको थियो।[२] नेपाली समाजमा जातीय तथा सामाजिक भेदभाव तथा छुवाछूत धेरै लामो समय देखि एउटा सांस्कृतिक परम्पराको रुपमा रहदै आएको र समाजमा यद्यपी यस प्रकारको विभेद र असमानता रहदै आएको सन्दर्भमा हरेक व्यक्तिलाई कुनैपनि प्रकारको भेदभाव र छुवाछूत विरुद्धको हक हुने संवैधानिक प्रत्याभूति आफैमा महत्वपूर्ण विषय हो। अन्तरिम संविधानले गरेको यो व्यवस्थालाई नेपालको संविधानले पनि छुवाछूत तथा जातीय भेदभाव विरुद्धको मौलिक हकको रुपमा निरन्तरता दिएको छ। यस हकको कार्यान्वयन गर्न तथा विभेद र छुवाछूतका कार्य नियन्त्रण गर्न यस सम्बन्धी कानून समेत निर्माण भै कार्यान्वयनमा रहेको छ। संवैधानिक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनले मात्र मौलिक हकको रुपमा व्यवस्थित यस हकको महत्व र सार्थकता हुन्छ।

छुवाछूत र जातीय विभेद मानव अधिकार र मानव मर्यादा विरुद्धको कार्य हो। एक्काइसौं शताब्दीमा पनि समाजलाई विभाजित गरी मानिस मानिस बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय विभेदलाई संविधानले निषेधित कार्य मानेको सन्दर्भमा त्यसको कार्यान्वयन गर्न बनेको कानूनको प्रभावकारी र सहज कार्यान्वयन हुनुपर्ने कुरामा दुईमत हुन सक्तैन। समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछूतको परम्परागत मान्यतालाई समाजबाट सम्पूर्ण रुपमा निर्मुल गर्नका लागि सजाय सहित कानून निर्माण भएको छ । जातीय विभेद र छुवाछूतको अन्त्य गरी समतामुलक समाज निर्माण गर्न यस हकको संरक्षण र यस सम्बन्धी कानूनको कार्यान्वयन गर्न जरुरी छ । यही सन्दर्भमा छुवाछूत तथा भेदभाव विरुद्धको हक तथा जातीय भेदभाव तथा छुवाछूत कसूर र सजाय सम्बन्धी कानूनको कार्यान्वयनको अवस्था सम्बन्धमा प्रस्तुत लेखमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

२. छुवाछूत सम्बन्धी अवधारणागत पक्ष र नेपालको परिवेश

दक्षिण अफ्रिकामा गोराहरुले कालाहरुमाथि गरेको विभेदका विरुद्धमा नेल्सन मण्डेलाले आफ्नो नेतृत्वमा सन् १९५२ मा राष्ट्रिय कंग्रेसको स्थापना गरी शान्तिपूर्ण संघर्ष गरेका थिए । जातीय विभेद विरुद्धका सम्बन्धमा सन १९६० को मार्च २१ मा दक्षिण अफ्रिकाको सार्पभिलमा रंगभेद विरुद्धको शान्तिपूर्वक विरोध प्रदर्शनमा उत्रिएका जनताहरु माथि सुरक्षाकर्मीहरुले गोली प्रहार गर्दा ६९ जना मानिसहरुको ज्यान गएको थियो। यो विभेदको विरुद्ध सिंगो मानव समुदाय उभियो । फलस्वरुप

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता संजीवराज रेग्मी र सहायक न्यायाधिवक्ता शिव बाग्ले

२ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४

संयुक्त राष्ट्र संघको महासभाले सन् १९६५ को २१ डिसेम्बरका दिन सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि पारित गऱ्यो।[३]

कसैले कसैलाई कुनै पनि आधारमा भेदभाव, वहिष्कार, नियन्त्रण, प्रतिबन्ध, निष्काशन, अवहेलना लगायतका विभेद तथा छुवाछूतजन्य कार्य जातीय भेदभाव तथा छुवाछूत मानिन्छ ।नेपाल कानूनले उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कसैलाई पनि कुनै पनि कार्यमा बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना गर्नु गराउनु जातीय भेदभाव तथा छुवाछूत हुने व्यवस्था गरेको छ । छुवाछूत र जातीय विभेद सामाजिक कुप्रथा मात्र नभै कानूनी रुपमा पनि निषेधित कार्य हो।तथापी नेपालमा यो सामाजिक रुपमा कायम रहदै आएको छ भने यसलाई नियन्त्रण गर्न भएका प्रयासहरु प्रभावकारी हुन सकेका छैनन्। ऐतिहासिक परिवेश हेर्दा नेपालमा जातीय विभेद र छुवाछूतलाई सामाजिक रुपमा र कानूनी रुपमा मान्यता दिईएको थियो।सोही कारणपनि समाजमा यसको स्वरुप निर्मुल हुन सकेको छैन।

नेपालको पहिलो संहितावद्ध कानूनको रुपमा रहेको मुलुकी ऐन, १९१० ले पेशाका आधारमा मानिसलाई तागाधारी, मतवाली, पानी नचल्ने तथा छुन नहुने जातिको रुपमा बर्गीकरण गरी[४] जातीय भेदभावलाई मान्यता दिएको थियो।समाजमा व्याप्त यस प्रकृतिको भेदभावका कारण मानिसहरु वीच एउटै पानीको स्रोत प्रयोग गर्न, मन्दिर वा सार्वजनिक स्थानभित्र प्रवेश गर्न तथा कथित उच्च जातीसँग वैवाहिक सम्बन्ध कायम गर्न नपाईने अवस्था रहेको थियो।यो भेदभावजन्य अवस्थालाई तत्काल प्रचलित कानूनले नै संरक्षण गरेको थियो ।समाजमा कानूनी रुपमा विद्यमान रहेको सामाजिक तथा जातीय विभेदको अवस्थालाई हटाउने उद्धेश्यले २०२० सालमा मुलुकी ऐन जारी भयो।उक्त ऐनले शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न नसक्दा छोटा बडा सबैलाई कसूर अनुसार एकै सजाय होस् घटी बढी नपरोस् भन्ना निमित्त चिरकालसम्म शान्ति र व्यवस्था कायम राख्ने र विभिन्न वर्ग, जात, जाति र क्षेत्रका जनताको सुसम्बन्ध बनाई राख्ने उद्धेश्य राखेको थियो।[५] समाजमा विद्यमान रहेको जातीय विभेद र छुवाछूतलाई अन्त्य गर्ने उद्धेश्य अनुरुप मुलुकी ऐन, २०२० जारी भएको भन्न सकिन्छ।तथापी लामो समयदेखि सामाजिक रुपमा कायम रहेको छुवाछूत र जातीय विभेदलाई अन्त्य गर्ने र यस्ता कार्यलाई दण्डनिय बनाउन कानून निर्माण हुन सकेको थिएन। यस सम्बन्धी प्रयास नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको थियो।उक्त संविधानमा कुनैपनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछूतको भेदभाव नगरीने, सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वन्चित नगरीने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था रहेको थियो।[६] यही संवैधानिक व्यवस्था अन्तर्गत मुलुकी ऐन, २०२० को

३ जातीय विभेद विरुद्धको अधिकार विषयगत पुस्तिका, २०६९, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुर पृ. १२

४ जुरी नेपाल, छुवाछुत तथा जातीय विभेद अपराध विरुद्ध कानूनी उपचार, प्रथम संस्करण, २०७०, पृष्ठ ११

५ मुलुकी ऐन, २०२० को प्रस्तावना

६ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११

अदलको महलमा १०क.नं. थप गरी कसैले कसैलाई जातिपातीका आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा वहिष्कार वा निषेध गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरु प्रयोग गर्नबाट वन्चित गरेमा एक बर्षसम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने गरी छुवाछूत र जातिय भेदभावलाई दण्डनीय कसूर मानियो।[७] तर सोही नं को स्पष्टीकरण खण्डमा "कुनै मन्दिर वा धार्मिक स्थलहरुमा परम्परादेखि चली आएको व्यवहारलाई भेदभावपूर्ण मानिने छैन भन्ने अपवादजनक व्यवस्था गरी विभेदको स्वरुपलाई मान्यता दिइएको थियो । उक्त स्पष्टीकरणको व्यवस्था तत्कालिन नेपाल अधिराज्यको संविधानको समानताको हकको प्रतिकूल रहेकोले सर्वोच्च अदालतले असंबैधानिक ठहर गरेको थियो।[८] स्पष्टीकरणको व्यवस्थाले जातिय भेदभाव र छुवाछूतलाई मान्यता दिन खोजेको र सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट कसैलाई पनि वन्चित नगरीने समानताको हकको आधारमा सर्वोच्च अदालतले सो कानूनी व्यवस्थाको परीक्षण गरेको देखिन्छ ।

वि.स.२०६३ सालमा मुलुकी ऐन लगायत केही नेपाल कानूनमा गरिएको संशोधनले उल्लेखित अदलको महलको कानूनी व्यवस्थामा परिवर्तन गरी जातीय छुवाछूत सम्बन्धी कसूरको क्षेत्र र सजायमा पुनरावलोकन गर्यो। जस अनुसार कसैले कसैलाई जातीपाती, धर्म, वर्ण, वा अन्य कामको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गरेमा तीन महिना देखि तीनबर्षसम्म कैद वा एक हजार देखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था गरीयो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा छुवाछूत विरुद्धको हकलाई मौलिक हक अन्तर्गत समावेश गरी[९] सो अन्तर्गत कुनै पनि व्यक्तिलाई जात, वंश, जाति, समुदाय, पेशा, वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत वा जातिय भेदभाव नगरीने र यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने तथा पीडित व्यक्तिले कानूनद्धारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने समेत प्रत्याभूति गरीयो । यसैगरी कुनै पनि व्यक्तिलाई जात जातिका आधारमा सार्वजनिक प्रयोगका रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नवाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वन्चित नगरीने र कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरीने हक समेतको व्यवस्था गरिएको थियो । यही व्यवस्था अनुसार २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, जारी भएको हो ।

---

७ नेपाल राजपत्र भाग २, मिति २०४९।९।१८, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना ।

८ ने.का.प.२०४९, अंक १२, नि.नं.४६७०, पृ. १०१०

९ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४

नेपालको संविधानले मौलिक हकको रुपमा नै यो भेदभाव विरुद्धको हकको व्यवस्थालाई निरन्तरता दिएको छ भने सोको कार्यान्वयनका लागि जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनमा पुनरावलोकन गरिएको छ। उक्त कानूनमा भएका पछिल्ला संशोधनहरुले ऐनको नाम लगायत कसूर, दण्ड सजाय, पीडितको संरक्षण तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थामा समेत समयानुकूल पुनरावलोकन गरेको छ। यस कानूनले छुवाछूत र भेदभावको कार्यलाई कसूरको रुपमा स्वीकार गर्नुका साथै र यस्तो कार्य गर्ने गराउनेलाई सजाय हुने व्यवस्था गरेको छ ।

३. जातीय भेदभाव तथा छुवाछूतको प्रकृति

जातीय छुवाछूत तथा सामाजिक भेदभाव निश्चित समुदाय र पेशाका मानिसहरुलाई अर्को समुदाय का मानिसले छुन नहुने, निश्चित स्थान वा मन्दिरमा प्रवेश गर्न नदिने, सामाजिक रुपमा बहिष्करण र अपहेलित गर्ने लगायत अपमानजनक व्यवहार गर्ने असामाजिक कुरीति प्रथा हो । यो मानिस मानिस वीचको असमानर अमानवीय व्यवहार पनि हो ।धर्म, वर्ण, जात, जाती, सम्प्रदाय, पेशाका नाममा कथित तल्लो जात भनी भेदभाव र छुवाछूत गर्ने अमर्यादित कार्य हो। नेपालको प्रचलित कानूनले जात जाति, धर्म वर्ण समेतका आधारमा गरीने भेदभावलाई जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसूर मानेको छ। निश्चित समुदाय र पेशाका मानिसहरुलाई अर्को समुदायका मानिसले छुन नहुने, निश्चित स्थान वा मन्दिरमा प्रवेश गर्न नदिने, सामाजिक रुपमा बहिष्करण र अपहेलित गर्ने लगायत अपमानजनक व्यवहार गर्ने कार्य छुवाछूत र भेदभावजन्य कसूर हो ।

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा गरीने कुनै पनि प्रकारको छुवाछूत वा भेदभावजन्य कार्यजातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसूर हो। यस्ता कार्य गम्भीर सामाजिक अपराध हुने गरी कानूनद्धारा दण्डनीय हुने संवैधानिक व्यवस्था गरिएको छ।[१०]

यसै गरी नेपालको संविधानले छुवाछूत र भेदभावलाई समानता विरुद्धको कार्य मानेको छ। यसले सामाजिक असमानता बढाउनुका साथै सामाजिक सद्भावलाई समेत कमजोर बनाउछ। यसले समुदायका वीचमा सामाजिक रुपमा दुरी बढाउनुका साथै स्वस्थ्य सामाजिक विकासमा पनि अबरोध सिर्जना गर्दछ। जातीय भेदभाव र छुवाछूतले मानव समूदाय र जातीका वीचमा असमानता उत्पन्न गर्ने र मानवीय मर्यादा र सम्मानमा पनि असर गर्ने हुँदा यसलाई सभ्य समाजमा अस्वीकार्य मानिन्छ ।

४. जातीय विभेद र छुवाछूत विरुद्धका अन्तराष्ट्रिय कानून

अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनले जातीय भेदभाव र छुवाछूतलाई पूर्णत निषेध गरेको छ । अन्तराष्ट्रिय मानव अधिकार कानूनको रुपमा रहेका निम्न अन्तराष्ट्रिय दस्तावेजहरुले जातीय विभेद र छुवाछूतका सम्बन्धमा गरेका व्यवस्थाहरु निम्न रहेका छन् ।

१० नेपालको संविधानको धारा २४(५)

४.१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले सबै मानव जाति स्वतन्त्र रुपले जन्मन्छन र मानव प्रतिष्ठा एवं अधिकारमा समान छन् भन्ने भावनालाई समेटेको छ। प्रत्येक व्यक्ति कुनै पनि किसिमको खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव विना सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरुको हकदार छन् भन्ने यसले घोषणा गरेको छ । सबै मानव जाति कानूनको अगाडि समान हुने तथा कुनै पनि भेदभावको प्रोत्साहन विरुद्ध कानूनको समान संरक्षणको हकदार हुने कुरालाई यसलेस्वीकार गरेको छ । यस घोषणापत्रले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव नगरीने सिद्धान्त यसले स्वीकार गरेको छ ।[११]सबै व्यक्तिहरूलाई यस घोषणापत्रको उल्लङ्घन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव विरुद्ध वा त्यस्तो भेदभावको दूरुत्साहन विरुद्ध समान संरक्षण पाउने अधिकार हुने कुरा यसमा समावेश गरिएको छ ।

४.२. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रले सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव नगरी प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरूको सम्मान र उपभोग हुने सुनिश्चितता प्रदान गरेको छ । यस्ता अधिकारको उल्लङ्घन भएको खण्डमा प्रभावकारी उपचारको व्यवस्था गर्नुपर्ने दायित्व पक्षराष्ट्रलाई हुने प्रतिज्ञापत्रले व्यवस्था गरेको छ।

४.३ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६

यस अनुबन्धको धारा २ मा पनि यस अनुबन्धका पक्षराष्ट्रहरूले अनुबन्धमा उल्लिखित अधिकार जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना उपभोग गर्न पाउने कुराको प्रत्याभूति गरेको छ ।

४.४. बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९८९

यस महासन्धिको धारा २ अनुसार पक्ष राष्ट्रहरूले प्रत्येक बालबालिकाहरूलाई निजको वा निजका बाबु आमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूको सम्मान तथा सुनिश्चितता गर्नुपर्दछ ।

११ मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ को धारा २

४.५. जातीय विभेदका सबै रुप उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६५

महासन्धिले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा अन्य क्षेत्रमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरू समान आधारमा कुनै पनि व्यक्तिले पाउने, उपभोग गर्ने र अभ्यास गर्ने कुरालाई कमजोर र प्रभावहीन तुल्याउने उद्धेश्य राखी जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि प्रकारको भेदभाव, बहिष्कार, नियन्त्रण, वा प्राथमिकतालाई जातीय भेदभावको रुपमा परिभाषा गरेको छ।[१२] न्यायाधिकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार, कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार, राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारका आधारमा निर्वाचनहरूमा भाग लिने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार, राष्ट्रको सिमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार, आफ्नो देश लगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्कन पाउने अधिकार, राष्ट्रियताको अधिकार, विवाह गर्ने तथा बरबधु छान्ने अधिकार, एकल वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार, पुख्यौली सम्पत्ति प्राप्त गर्ने, विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने तथा संघ संगठन गर्ने स्वतन्त्रता, काम गर्ने, स्वेच्छाले रोजगारी खोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारविरुद्ध संरक्षण पाउने, समान कामका लागि समान ज्याला पाउने र उचित पारिश्रमिक पाउने अधिकार, ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार, आवासको अधिकार, सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार, शिक्षा तथा तालिमको अधिकार, साँस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार र यातायात, होटल, रेष्टुरेन्ट, क्याफे, नाँचघर तथा उद्यान जस्ता सार्वजनिक स्थलहरूमा वा सेवामा पहुँचको अधिकार प्रमुख रहेका छन्।[१३] महासन्धिको धारा ६ ले भेदभाव विरुद्धका अधिकारको उल्लङ्गनमा प्रभावकारी कानूनी उपचार र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने पक्ष राज्यको दायित्व हुने व्यवस्था गरेको छ।नेपालले सन् १९७१, जनवरी ३० मा महासन्धि अनुमोदन गरी पक्षराष्ट्र बनेको छ। पक्षराष्ट्रको दायित्व अनुसार नेपालले यस सम्बन्धी कानूनी व्यवस्था गर्न जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ निर्माण गरेको छ ।

४.६. डर्बान घोषणापत्र, २००१

दक्षिण अफ्रिकामा सन् २००१ मा जातीय भेदभाव विरुद्धको महासन्धिका सम्बन्धमा भएको विश्व सम्मेलनले फौजदारी न्याय प्रणालीको प्रशासनिक तथा कार्य प्रणालीमा हुने जातीय भेदभावका कारण जातिबाद, विदेशीप्रति घृणा यससँग सम्बन्धित असहिष्णुता, वंशका आधारमा भेदभावमा परेका, समाजबाट सीमान्तिकृत आदिवासी समूह माथि प्रतिकूल प्रभाव पार्न सक्ने विषयमा छलफल गरेको थियो । उक्त

१२ जातीय विभेदका सबै रुप उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को धारा १
१३ ऐ धारा, २, ३ र ४

सम्मेलनले महिला तथा बालबालिका, जात, लिङ्ग तथा उमेरका कारण भेदभावबाट पीडित हुन सक्ने भएकोले उनीहरुको अवस्थालाई विशेष ध्यान दिँदै फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्य प्रणालीमा जातीय भेदभाव रोकथाम हुनुपर्ने तर्फ ध्यानाकर्षण गर्दै डर्बान घोषणापत्र, २००१ र डर्बान कार्ययोजना जारी गरेको थियो। नेपालले पनि डर्बान घोषणापत्रमा प्रतिवद्धता व्यक्त गरेको छ ।

४.७. जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, १९६६

यस महासन्धिमा जाति हत्याकोपरिभाषा गर्दै यस विरुद्धको कार्यलाई निषेध गरेको छ । पूर्ण वा आंशिक रुपमा राष्ट्रिय, सम्प्रदाय विशेष, जातीय वा धार्मिक समूहलाई नास गर्ने उद्देश्यले गरीएका समूहका सदस्यको हत्या गर्ने, समूहका जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार,सदस्यको भौतिक विनास गर्ने, शारीरिक वा मानसिक क्षति पुऱ्याउने, समूहको जन्ममा नै रोक लगाउने, समूहको बालबालिका अर्को समूहलाई जिम्मा लगाउने लगायतका कार्यलाई जाति हत्या भनी परिभाषित गरेको छ ।

५. संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान एवम् विभिन्न राष्ट्रिय कानूनले समेत छुवाछूत तथा भेदभावको कार्यलाइ निरुत्साहित गर्दै सो कार्यका विरुद्ध विभिन्न संवैधानिक एवम् कानूनी व्यवस्थाहरु गरेको पाइन्छ ।

५.१. छुवाछूत तथा भेदभाव विरुद्धको हक

नेपालको संविधानको धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधानको भन्दा केही फरक रुपमा निम्न अधिकारहरु समावेश रहेका छन् ।

१. कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरीने,

२. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरीने,

३. कुनै जात, जाति वा उत्पत्ति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने,

४. जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने,

५. उल्लिखित कुराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने,

नेपालको संबैधानिक व्यवस्थामा कुनै पनि आधारमा गरीने जातीय भेदभाव र छुवाछूतजन्य व्यवहार तथा कार्यहरु दण्डनीय मानि यस्ता कार्यबाट पीडितले क्षतिपूर्ति पाउने विषयलाई मौलिक अधिकारको रुपमा व्यवस्थित गरिएको छ ।कुनै पनि सार्वजनिक स्थानमा मात्र नभै निजी स्थानमा पनि कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न नपाईने व्यवस्था समावेश गरिएको छ ।दासयुगीन कुसंस्कार तथा समाजलाई विभाजित गरी मानिस मानिस बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय भेदभावलाई अन्त्य गर्ने उद्धेश्य संविधानले राखेको छ।संविधानको यो व्यवस्था कार्यान्वयन गर्न र जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावलाई दण्डनीय बनाई नियन्त्रण गर्न २०६८ सालमा जारी भएको ऐन पुनरावलोकन गरी यसको नाम र अन्य कानूनी व्यवस्थामा संशोधन सहित कार्यान्वयनमा ल्याईएको छ ।[१४]

५.२. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८

प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आमत्साथ गर्दै कुनै पनि आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी यस्तो कार्यलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने उद्धेश्यका साथ यो ऐन जारी भएको छ ।मूलत जातीय भेदभाव र छुवाछूतलाई अपराधिकरण गर्ने र पीडितलाई क्षतिपूर्ति प्रदान गरी समतामुलक समाजको सिर्जना गर्ने यो कानूनको उद्धेश्य रहेको छ ।यस ऐनमा २०७२।११।१३ मा केही नेपाल ऐन संशोधन गर्ने ऐन मार्फत,मिति २०७५।६।२ मा भएको पहिलो संशोधन ऐन, २०७५ र मिति २०७५।११।१९ मा नेपालको संविधान अनुकूल बनाउन जारी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले केही संशोधन गरिएको छ ।यस ऐनका महत्वपूर्ण प्रावधानहरु देहाय अनुसार रहेका छन् ।

क. वाह्य क्षेत्राधिकार लागू हुने

यो ऐन नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध कसूर गर्ने नेपाली नागरिकलाई समेत लागू हुने गरी ऐनको बर्हिक्षेत्रीय प्रयोग हुन सक्छ ।[१५] तथापी यस्तो कार्य नेपाल बाहिर बसी कसूर गर्ने नेपाली नागरिकलाई मात्र लागू हुन सक्दछ।नेपाल बाहिर बसी गरेको कसूरमा कुन जिल्लामा उजूरी दिने भन्ने महत्वपूर्ण प्रश्न रहन्छ। यस ऐनको दफा ५ ले उजूरवाला बसोवास गरेको वा प्रतिवादी रहेको जिल्लाको प्रहरी कार्यालयमा उजूरी दिनुपर्ने व्यवस्था रहेको छ ।

१४ २०७२।११।१३ मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२, मिति २०७५।६।२ मा जातीय भेदभाव तथा छुवाछूत(कसूर र सजाय) पहिलो संशोधन ऐन, २०७५ र २०७५।११।११ मा नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०७५ ले उक्त ऐनमा संशोधन गरेका छन । संशोधित व्यवस्था अनुसार ऐनको नाम जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ रहेको छ ।

१५ ऐनको दफा २

ख. छुवाछूत तथा भेदभाव विरुद्धका अधिकारको सूची

यस ऐनको पहिलो संशोधनले[१६] प्रत्येक व्यक्तिलाई छुवाछूत तथा भेदभाव विरुद्धको अधिकार हुने भन्दै यस अन्तर्गत निम्न अधिकार प्राप्त हुने व्यवस्था गरेको छ ।[१७]

(क) अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,

(ग) सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,

(ङ) सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,

(च) विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,

(छ) शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,

(ज) रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,

(झ) समान काम गरे बापत समान तलब पाउने अधिकार,

(ञ) सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,

(ट) छुवाछूत तथा भेदभाव विरुद्ध सिघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार

ग. जातीय भेदभाव तथा छुवाछूत कसूर

कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारिरिक अवस्थाका आधारमा ऐन अन्तर्गतको कुनै काम गरे गराएमा छुवाछूत तथा भेदभाव गरेको मानिने व्यवस्था गरेको छ। यस अन्तर्गत छुवाछूत वा भेदभाव गरी सार्वजनिक वा निजी स्थानमा गरीने निम्न १३ प्रकारको कार्य जातीय भेदभाव तथा छुवाछूत कसूरको रुपमा समावेश छन्।[१८] यस्ता कार्य कसैले गरेमा कसूर हुने गरी दण्डनीय मानिएको छ। यस्ता कसूरमा कसूरको प्रकृति अनुसार सजायको व्यवस्था गरिएको छ ।

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने कार्य,

---

१६ मिति २०७५।६।२ मा भएको पहिलो संशोधनले थप गरेको ।

१७ जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा २ क.

१८ ऐ दफा ४

(ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने कार्य,

(ग) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्नेकार्य,

(घ) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्ने कार्य,

(ङ) जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने वा त्यस्तो कुनै क्रियाकलापमा जानीजानी सहभागी हुने कार्य,

(च) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने कार्य,

(छ) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशावा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने वा गराउने कार्य,

(ज) कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्ने वा रोक लगाउने कार्य,

(झ) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउने कार्य,

(ञ) जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउने कार्य,

(ट) प्रचलित कानून बमोजिम उमेर पुगेका वर–वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने कार्य,

(ठ) कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा विद्युतीय माध्यमबाट वा अन्य कुनै

तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहऱ्याउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्ने वा गराउने कार्य,

(ङ) उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने वा गराउन कार्य,

घ. दण्ड सजायको व्यवस्था

जातीय भेदभाव वा छुवाछूतको कसूरमा उक्त कसूरको प्रकृतिका आधारमा कसूरदारलाई न्युनतम एक महिनादेखि एकबर्षसम्म कैद र पाँचसय देखि पाँच हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय र अधिकतम तीन महिना देखि तीनवर्षसम्म कैद वा पचास हजार रुपैयादेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । यसैगरी यस्तो कसूर गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ भने पटके कसूरदारलाई पटकै पिच्छे निर्धारित सजायको दोब्वर सजाय हुने व्यवस्था छ ।[१९] यस्तो कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेमा पचास प्रतिशत थप सजाय हुने गरी सार्वजनिक पद धारण गरेको व्यक्तिका हकमा थप आपराधिक दायित्वको प्रावधान रहेको छ ।[२०]

ङ. क्षतिपूर्ति र उपचार खर्च सम्बन्धी व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर गरेको ठहरेमा कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था रहेको छ । जस अनुसार अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति भराईदिनुपर्ने हुन्छ । ऐन जारी हुँदा क्षतिपूर्तिको बिगो पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म रहेकोमा ऐनमा गरिएको पहिलो संशोधनले यसमा वृद्धिगरी दुईलाखसम्म क्षतिपूर्ति कायम गरिएको छ ।

यसैगरी कसूरदारले पीडितलाई कुनै शारिरीक हानि नोक्सानी पु¥याएको रहेछ भने अदालतले हानि वा नोक्सानीको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिनसक्छ । त्यस्तो रकम कसूरदारबाट तत्काल भराउन नसकिएमा पीडित राहत कोषबाट भराउनु पर्ने र पछि सम्बन्धित कसूरदारबाट असुल गरी कोषमा सोधभर्ना गराउनु पर्दछ ।[२१]

---

१९ ऐ. दफा ७ (१) र (१क.)

२० ऐ दफा ७ (२)

२१ ऐ दफा ९

च. हदम्याद र जातीय छुवाछूत सम्बन्धी कसूर सरकारवादी हुने व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धीकसूर भएकोमा कसूर भएको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्ने गरी हदम्यादको सिमा तोकिएको छ ।[२२] यस्तो मुद्दा नेपाल सरकार वादी हुने र मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरिएको छ ।[२३] यस्तो कसूरको अनुसन्धान अधिकारी प्रहरीबाट हुने र सम्बन्धित सरकारी वकीलले अभियोजनको कार्य गर्दछ।सरकार वादी हुने भएपनि अपराध पीडितले कसूरको समयमा नै सूचना दिनुपर्ने र अनुसन्धान र अभियोजनको कार्यमा सहयोग र समन्वय गर्नुपर्ने कुरामा भने पीडितको जिम्मेवारी रहन्छ ।

छ. उजूरी सम्बन्धी विशेष व्यवस्था

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्छ । यस्तो कसूर नेपालबाहिर नेपाली नागरिकले गरेमा उजूरकर्ता बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजूर गर्न सकिन्छ ।[२४] यस्तो उजूरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजूरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत गर्न सक्ने विशेष व्यवस्था गरिएको छ । प्राप्त उजूरी राष्ट्रिय दलित आयोग वा स्थानीय तहले सम्बन्धित प्रहरी कार्यालयमा कारवाहीका लागि लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजूरीउपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्ने अनिवार्यता हुन्छ ।

ज. अनुसन्धानमा सहयोग लिन सक्ने

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी मुद्दाको अनुसन्धानमा अनुसन्धानकर्ताले कसूरबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज, संघ, संस्थाको प्रतिनिधिको सहयोग लिन सक्ने विशिष्ट व्यवस्था यस ऐनमा रहेको छ ।[२५] अनुसन्धानकर्ता र अभियोजनकर्ताले आवश्यक सहयोग सम्बन्धित संघ संस्थाबाट लिन सक्ने देखिन्छ ।

झ. अन्य कसूरमा मुद्दा चलाउन सकिने

यस ऐन बमोजिम कसूर मानिने कार्य अन्य प्रचलित कानून कमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा पनि मुद्दा चलाई कारवाही गर्न सकिने व्यवस्था ऐनमा समावेश गरिएको छ ।[२६]

---

२२ ऐ दफा १०
२३ ऐ दफा ११
२४ ऐ ऐनको दफा ५
२५ ऐ ऐनको दफा ६
२६ ऐ ऐनको दफा १३

५.३. मुलुकी अपराध संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरी कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने कानूनी व्यवस्था समेत गरिएको छ। सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुदैन भनी यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको अवस्था छ। सो संहिताको दफा १६० मा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिक माथि जानीजानी भेदभावपूर्ण व्यवहारको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । यसैगरी कसैले कुनै बस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गर्ने वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराउने वा बिक्री वितरण नगर्ने कार्य गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ ।

यस्तै दफा १६६ मा कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछूत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी पधेरो प्रयोग गर्न बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुने व्यवस्था रहेको छ ।यस संहितामा जातीय तथा अन्य सामाजिक भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ मा तोकिएको तीनमहिनाको हदम्याद भन्दा बढी अर्थात कसूर भए गरेको थाहा पाएको मितिले छ महिनाको हदम्याद रहेको छ । एकै प्रकृतिको कसूर र सजायको व्यवस्था फरक फरक कानूनमा गरिएको सन्दर्भमा कुन कानून लागू गर्ने भन्ने समस्या कानून कार्यान्वयन गर्ने निकायलाई पर्ने र यसले कार्यान्वयनमा जटिलता आउने अवस्था रहन्छ ।

६. जातीय भेदभाव तथा छुवाछूत कसूरको अभियोजनको अवस्था

जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान प्रहरी अधिकृतबाट हुन्छ भनेअभियोजन कार्य सम्बन्धित सरकारी वकीलबाट गरीन्छ । यस्ता कसूरको अनुसन्धानमा प्रहरीलाई निर्देशन गर्ने, राय परामर्श दिने, शंकित व्यक्तिको बयान लिने, शंकित व्यक्तिलाई अनुसन्धानका लागि हिरासतमा राख्न अदालतसँग म्याद थप

माग गर्ने, अनुसन्धान पश्चात प्राप्त मिसिल हेरी थप प्रमाण संकलन गर्न वा थप अनुसन्धान गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्ने जिम्मेवारी सरकारी वकीलमा रहन्छ ।कसूरको अनुसन्धानलाई प्रभावकारी बनाउने र प्रमाणबाट कसूरमा संलग्न देखिएको अवस्थामा मात्र अभियोजन गर्नेर गरिएको अभियोजनलाई सफल बनाउने कार्यमा सरकारी वकील जिम्मेवार रहनुपर्ने हुन्छ।कानूनले दण्डनीय मानेका कार्य उपर अभियोजन गरी कसूरदारलाई सजाय र पीडितलाई क्षतिपूर्ति दिलाउने कार्यमा अभियोजनकर्ताको महत्वपूर्ण भूमिका रहन्छ । यसबाट कानून कार्यान्वयन पनि प्रभावकारी हुनसक्छ।विगत ६ आर्थिक बर्षको यस्ता कसूर सम्बन्धी मुद्दामा भएकोे अभियोजनको अवस्थालाई निम्न अनुसार विश्लेषण गरिएको छ । अभियोजनको अवस्थाले यो कानून अन्तर्गत हुने कसूर सम्बन्धी मुद्दाको अवस्था, दण्ड सजाय भएको संख्या लगायत कानूनको कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्न सकिन्छ ।

६.१. आ.व.०७१।०७२ को अभियोजन अवस्था

यस आ.व. मा जातीय छुवाछूत सम्बन्धी कसूर अपराधमा अभियोजन भएका जिल्लामा ईलाम, सुनसरी, पर्सा, चितवन, काठमाण्डौ, नुवाकोट, धादिङ, गोरखा, रुपन्देही र सल्यान रहेका छन्।यी १०जिल्लामा १५ वटा मुद्दा अभियोजन भएको र ४५ जना अभियुक्त उपर अभियोगपत्र दायर भएको देखिन्छ।[२७]आ.व.०७०।०७१ बाट जिम्मेवारी सरेका मुद्दा संख्या १४ रहेकोमा आ.व.०७१।०७२ मा जिल्ला अदालतमा बिचाराधिन कुल मुद्दाको लगत संख्या २९ र प्रतिवादीहरुको संख्या १४० रहेको देखिन्छ यस मध्ये २४ वटा मुद्दा फैसला भएका छन् ।यसमध्ये १२ वटा मुद्दामा कसूर कायम भएको छ भने कसूर कायम भएका प्रतिवादीहरुको संख्या ३४ रहेको छ ।यसैगरी सफाई पाएको मुद्दाको संख्या १२ रहेको छ भनेप्रतिवादी संख्या९० रहेको छ।यस आ.व.मा कसूर ठहर भएको प्रतिशत ५० रहेको छ भने सफाई प्रतिशत ५ रहेको छ ।आ.व.०७१।०७२ को मुद्दाको लगत र फस्र्यौटको अवस्था निम्न तालीकाबाट देखिन्छ ।

आ.व.०७१।७२	गत आ.व	जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाकी
१५	१४	२९	१४०	२४	१२ (५०%)	१२ (५०%)	५

६.२ आ.व.०७२।७३ को अभियोजनको अवस्था

यस आ.व.मा ताप्लेजुङ्ग, सुनसरी, उदयपूर, सिराहा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गोरखा, कास्की, बाग्लुङ, प्युठान, बाँके, बर्दिया, सुर्खेत, मुगु, अछाम र कन्चनपूर गरी २० जिल्लामा जातीय छुवाछूत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा उल्लेख रहेको देखिन्छ । अभियोजन भएका कुल मुद्दा संख्या २० रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ४७ रहेको छ । गत आ.व. ०७१।०७२ को जिम्मेवारी सरेको मुद्दा संख्या र यस आ.व.मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या २५ र प्रतिवादीहरुको संख्या ६३ रहेको छ । यस मध्ये १० वटा मुद्दा फैसला भएकोमा ६ वटा मुद्दामा कसूर कायम भएको छ । जसमा प्रतिवादीको संख्या १३ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ४ रहेको छ भने प्रतिवादी संख्या

२७ महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन २०७१।०७२

१५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ६० रहेको छ भने सफाई प्रतिशत ४० रहेको छ ।सो अवस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

आ.व.०७२।७३ को संख्या	गत आ.व को लगत	मुद्दा जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाकी
२०	५	२५	६३	१०	०६ (६०%)	०४ (४०%)	१५

६.३. आ.व.०७३।७४ को अभियोजन अवस्था

यस आ.व.मा इलाम, मोरङ, सिराहा, सिन्धुली, रामेछाप, मकवानपुर, लालितपूर, काठमाडौं, नुवाकोट, तनँहु, पर्सा, कास्की, नवलपरासी, रुपन्देही, कपिलवस्तु, रुकुम, बाँके, सुर्खेत, डोल्पा र बझाङगरी १९ जिल्लामा छुवाछूत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ । अभियोजन भएका कुल मुद्दा संख्या २५ रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ६२ रहेको छ । आ.व.०७२।०७३ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७३।०७४ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ३८ र प्रतिवादीहरुको संख्या ८८ रहेको छ । यस मध्ये २० वटा मुद्दा फैसला भएकोमा ११वटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या २३ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ९ रहेको छ भने प्रतिवादी संख्या १५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५५ रहेको छ भने सफाई प्रतिशत ४५ रहेको छ ।सो अवस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

आ.व.०७३।७४ को संख्या	गत आ.व को लगत	मुद्दा जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाकी
२५	१३	३८	८८	२०	११(५५%)	०९ (४५%)	१८

६.४.आ.व.०७४।७५ को अभियोजन अवस्था

यस आ.व.मा ताप्लेजङ, झापा, मोरङ, सुनसरी, सिराहा, महोत्तरी, सर्लाही, रौतहट, काभ्रेपलान्चोक, काठमाडौं, धादिङ, पर्वत, गूल्मी, नुवाकोट, रुपन्देही, प्यूठान, सुर्खेत, केलाली र कन्चनपुर गरी १८ जिल्लामा छुवाछूत सम्बन्धी कसूर अपराधको मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ । अभियोजन भएका कुल मुद्दा संख्या २२ रहेको छ भने अभियोग लगाईएको प्रतिवादी संख्या ५३ रहेको छ । आ.व. ०७३।०७४ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७४।०७५ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ४५ र प्रतिवादीहरुको संख्या १०२ रहेको छ । यस मध्ये ३६ वटा मुद्दा फैसला भएकोमा २१वटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या ३५ रहेको छ । सफाई पाएको मुद्दाको संख्या १५ रहेको छ भने प्रतिवादी संख्या ३८ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५८.३३ रहेको छ भने सफाई प्रतिशत ४१.६७ रहेको छ ।सो अवस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

आ.व.०७४।७५ को संख्या	गत आ.व को लगत	मुद्दा जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाँकी
२२	२३	४५	१०२	३६	२१५८.३३%	१५४१.६७%)	९

६.५. आ.व.०७५।७६ को अभियोजन अवस्था

यस आ.व.मा तेह्रथुम, भोजपूर, मोरङ, सुनसरी, खोटाङ, ओखलढुगां, सिराहा, महोत्तरी, सर्लाही, बारा, रामेछाप, सिन्धुपान्चोक, काठमाडौं, गोरखा, तनहुँ, स्याङजा, पर्वत, म्याग्दी, प्यूठान, बाँके, सल्यान, दैलेख, कालिकोट, कैलाली र कन्चनपुर गरी २५ जिल्लामा छुवाछूत सम्बन्धी कसूर अपराधको २५ वटा मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ। [२८] आ.व. ०७४।०७५ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७५।०७६ मा अदालतमा दायर गरी कुल मुद्दाको लगत संख्या ५२ र प्रतिवादीहरुको संख्या १३४ रहेको छ । यस मध्ये १६ वटा मुद्दा फैसला भएकोमा ९ वटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या १६ रहेको छ । सफाई पाएको मुद्दाको संख्या ७ रहेको छ भने प्रतिवादी संख्या १५ रहेको छ । कसूर ठहर भएको प्रतिशत ५६.२५ रहेको छ भने सफाई प्रतिशत ४३.७५ रहेको छ ।सो अवस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

आ.व.०७५।७६ को संख्या	गत आ.व को लगत	मुद्दा जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाँकी
४५	७	५२	१३४	१६	९५६.२५%	७४३.७५%	३६

६.६ आ.व.०७६।७७ को अभियोजन अवस्था

यस आ.व.मा मोरङ १, सुनसरी १, सोलखुम्बु २, सिराहा २, महोत्तरी १, सिन्धुपान्चोक ३, भक्तपूर १, काठमाडौं ४, धादिङ २,चितवन १, नवलपरासी पूर्व १, कास्की २, पाल्पा १ , कपिलबस्तु १, गुल्मी १,प्यूठान २, सल्यान २, दैलेखमा १, मुगु १, कालिकोट १, अछाममा २, कैलालीमा ३, कन्चनपुर ३ र डडेलधुरा १ गरी जिल्लामा छुवाछूत तथा भेदभाव सम्बन्धी कसूर अपराधको ४० वटा मुद्दा अभियोजन भएको महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनबाट देखिएको छ । आ.व.०७५।०७६ को जिम्मेवारी सरेको मुद्दा संख्या र आ.व. ०७६।०७७ मा दायर गरी कुल मुद्दाको लगत संख्या ७८ र प्रतिवादीहरुको संख्या २१५ रहेको उल्लेख छ । यस मध्ये ३९ वटा मुद्दा फैसला भएकोमा १० वटा मुद्दामा कसूर ठहर भएको छ । जसमा प्रतिवादीको संख्या ३३ रहेको छ । सफाई पाएको मुद्दाको संख्या २९ रहेको छ भने प्रतिवादी संख्या ७९ रहेको छ । कसूर ठहर भएको प्रतिशत २५.६४ रहेको छ भने सफाई प्रतिशत ७४.३४ रहेको छ ।सो अवस्था निम्न तालीकाबाट प्रष्ट हुन्छ।

आ.व.०७६।७७ को संख्या	गत आ.व को लगत	मुद्दा जम्मा	प्रतिवादी	फैसला	कसूर ठहर	सफाई	बाँकी
४०	३८	७८	२१५	३९	१० २५.६४%	२९७४.३४%	३९

उल्लिखित छ आर्थिक बर्षको जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी कसूरको अवस्थालाई हेर्दा यस सम्बन्धी कसूरको संख्या अन्य कसूरको तुलनामा कम रहेको देखिएको छ।६ बर्षमा अभियोजन गरिएको कसूरको संख्या १६७ रहेकोमा फैसला भएको मुद्दा संख्या १४५ रहेको छ।जसमध्ये कसूर

२८ महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन २०७५।०७६, पृष्ठ ३५५

कायम भएको मुद्दा संख्या ६९ अर्थात ४७.५८ प्रतिशत देखिन्छ भने सफाई भएको मुद्दा संख्या ७६ अर्थात ५२.४२ प्रतिशत रहेको छ।समग्रमा अभियोजनको अवस्थालाई निम्न तालीकामा देखाईएको छ ।

आर्थिक बर्ष	मुद्दा जम्मा गत आव को समेत	प्रतिवादी	फैसला	कसूर कायम	सफाई
२०७१।०७२	२९	१४०	२४	१२ (५०%)	१२ (५०%)
२०७२।७३	२५	६३	१०	०६ (६०%)	०४ (४०%)
२०७३।०७४	३८	८८	२०	११ (५५%)	०९ (४५%)
२०७४।०७५	४५	१०२	३६	२१ ५८.३३%	१५ ४१.६७%)
२०७५।०७६	५२	१३४	१६	९ ५६.२५%	७ ४३.७५%)
२०७६।०७७	७८	२१५	३९	१० २५.६४%	२९ ७४.३४%
जम्मा	**२६७** **खास मुद्दा १६७**	**७४२**	**१४५**	**६९४७.५८%**	**७६ ५२.४२%**

यो तथ्याकंले सफलताको तुलनामा असफलता प्रतिशत बढी रहेको देखिएको छ ।यसबाट जातीय विभेद र छुवाछूतका घटनामा गरिएको अनुसन्धान र अभियोजन प्रभावकारी हुन नसकेको स्थिति देखिन्छ ।

७. कार्यान्वयनको अवस्था

जातीय छुवाछूत तथा भेदभाव (कसूर तथा सजाय) ऐनको कार्यान्वयनको अवस्थालाई हेर्दा अभियोजनको अवस्थाले प्रभावकारी रुपमा हुन नसकेको कुरालाई इगिंत गर्दछ । यसका अलावा कानून कार्यान्वयन गर्ने निकायहरुले उजूरी लिन नमान्ने, कसूरका पीडितहरुलाई उजूरी दिन सकिने विषयमा पर्याप्त ज्ञान नहुनु, कसूरमा पीडितलाई मिलापत्र गर्न दवाव दिने, उजूरी दर्ता गरीए पनि प्रभावकारी अनुसन्धान हुन नसकेको कुरा विभिन्न अध्ययनले देखाएका छन् ।[२९] यसबाट एकातिर पीडितले न्याय पाउन नसक्नुका साथै न्यायमा पहुँचको अवस्था समेत कमजोर रहेको देखाउछ । जातीय भेदभाव तथा छुवाछूतकै कारण कैयौं व्यक्तिहरुले ज्यान गुमाउनु परेको,सार्वजनिक रुपमा अपमान हुनुपरेको, अमानवीय र यातनाजन्य व्यवहार भएको, विभिन्न अवसरबाट बञ्चित हुनु परेको, अपहेलित हुनुपरेका लगायतका धेरै घटना समाजमा घटेको तथ्यगत घटनाबाट पनि देखिन्छ।सामाजिक अपराधको रुपमा रहेको जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारबारे गाउँ- गाउँसम्म चेतना अभिवृद्धि गर्न नसकिएको कारण पनि कानून पालना र कार्यान्वयनमा कठिनाई भएको पाइन्छ । कानून कार्यान्वयन गर्ने निकायहरुले उच्च प्राथमिकताका साथ यस विषयमा काम

२९ राष्ट्रिय मानव अधिकार आयोगको अध्ययन प्रतिवेदन, २०७६ पृष्ट ८२

गर्ने वातावरण निर्माणहुन सकेको अवस्था छैन । दलित तथा अन्य समुदाय आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक रुपमा अत्यन्त कमजोर रहेको कारणबाट पनि न्यायमा पहुँच सुनिश्चित हुन सकेको छैन । यो कानूनले गरेका दण्डनीय व्यवस्थाका बारेमा सबैमा सचेतना हुन नसकेको देखिन्छ । कानून पालनामा सबैको सकारात्मक सहयोग हुन आवश्यक हुन्छ ।

कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा यस कानूनको प्रचार प्रसारहुन नसक्नु, गाउँ-गाउँसम्म चेतनाको अभाव हुनका साथै सचेत र शिक्षित व्यक्तिले पनि यस किसिमको कुसंस्कारजन्य सोचलाई परिवर्तन गर्न नसक्दा पनि जातीय भेदभाव तथा छुवाछूत विरुद्धको कानून पालना हुन नसकेको हो । अन्तरजातीय विवाह गरेका आधारमा, मन्दिरमा पूजा पाठ गर्ने विषयमा, सार्वजनिक भोजमा सहभागी हुने विषयमा, धारा, इनार, कुवामा पानी लिने/भर्ने विषयमा, जन्म, नामाकरण, विवाह, मृत्यु लगायतका सामाजिक तथा सांस्कृतिक कार्यमा सहभागी हुने विषयमा, दलित समुदायले उत्पादन गरेको वस्तुहरुको विक्री वितरणका विषयमा र होटल लगायत अन्य पेशा व्यवसाय सञ्चालन गर्ने विषय लगायतका क्षेत्रमा विभेद र छुवाछूतका समस्याहरु बढीदेखिन्छन।[३०]

यो कानून आफैंमा लामो समय देखिको कुसंस्कार र कुरीतिका रुपमा समाजमा र मानिसको सोचमा रहेको जातीय छुवाछूत र भेदभाव जस्तो गलत संस्कार र व्यवहारलाई नियन्त्रण गर्ने र यो प्रचलनलाई निर्मुल गर्ने उद्धेश्यले आएको हो। समाजमा रहेको विभेदकारी सोच र छुवाछूतको धारणा पनि यो कानूनको पालनामा उत्तिकै जिम्मेवार रहन्छ। यसका लागि सचेतना वृद्धि र कानून पालना गर्ने संस्कारको विकास आवश्यक हुन्छ। राजनीतिक दल, स्थानीय तह, यस क्षेत्रमा काम गर्ने संघ, संस्था, नागरिक समाज, संचारजगत लगायत सबैको सहयोग कानून कार्यान्वयनले खोज्दछ। यो समस्या कुनै समुदायको मात्र नभै समग्र समुदायको हो भन्ने सोचमा परिवर्तन आउन नसकेको अवस्थाले पनि कार्यान्वयन र कानून पालना कमजोर भएको मान्न सकिन्छ। यी सबै कुराहरुले समग्रमा जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हकको कार्यान्वयन र यस सम्बन्धी कानूनको कार्यान्वयनको अवस्था सन्तोषजनक मान्न सकिने देखिदैन । तथापी यस कानूनले राखेको उद्धेश्य र गरीएका व्यवस्थाहरु आफैमा महत्वपूर्ण छन्। अभियोजनको अवस्थाले ऐनको कार्यान्वयनको अवस्था प्रभावकारी बन्न नसकेको देखिएपनि अत्यन्तै कमजोर रहेको निष्कर्षमा भने पुग्न सकिदैन।

८. कानून कार्यान्वयनमा सरकारी वकीलको भूमिका

जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयन तथा यस ऐन अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनमा सरकारी वकीलको महत्वपूर्ण जिम्मेवारी रहेको छ। ऐनको कार्यान्वयन र अभियोजनका सम्बन्धमा सरकारी वकीलको जिम्मेवारीलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

३० राष्ट्रिय मानव अधिकार आयोग, जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन, २०७६ पृष्ठ ८२

८.१. निर्देशन र परामर्श सम्बन्धी भूमिका

जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी कसूरको प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्रहरी अनुसन्धानकर्ताबाट प्राप्त भएपछि प्रतिवेदन अध्ययन गरी उक्त कसूरको अनुसन्धानको सम्वन्धमा कुनै निर्देशन दिनुपर्ने देखिएमा सरकारी वकीलले आवश्यक निर्देशन दिन सक्दछ ।[३१] यो व्यवस्थाको उद्धेश्य सम्बन्धित कसूरको अनुसन्धानलाई प्रभावकारी बनाई कसूर भए वा नभएको सम्बन्धी आवश्यक प्रमाण संकलन गर्ने कुरामा अनुसन्धानकर्तालाई मार्गदर्शन गर्नु हो । सरकारी वकीलले दिने निर्देशनमा जातीय छुवाछूत तथा भेदभावजन्य कसूर अपराधका सम्बन्धमा कसूर भए वा नभएको पुष्टि गर्ने सबुद, प्रमाण र कागजातका विषय र कानूनी कार्यबिधि पालना गरी रीतपूर्वक प्रमाण संकलन गर्ने कुरामा निर्देशन गर्न सक्दछ । साथै कसूरबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज, संघ, संस्थाको प्रतिनिधिको अनुसन्धानमा सहयोग लिन सक्ने कुरामा पनि अनुसन्धान अधिकारीलाई निर्देश गर्न सक्ने क्षेत्र हो।

यसैगरी कसूर अपराधको उजूरी दर्ता नगरेको वा दर्ता गर्न ईन्कार गरेकोमा सम्बन्धित उजूरवालाले सरकारी वकील कार्यालयमा निवेदन गरेमा उक्त उजूरीका सम्बन्धमा दर्ता गरी कानून बमोजिम अनुसन्धान गर्न सरकारी वकीलले परामर्श र निर्देश गर्नसक्छ ।[३२] अभियोजन कार्यका लागि प्राप्त फाईल अध्ययन गरी सरकारी वकीलले थप सबूद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबूद प्रमाण संकलन गर्न वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने अधिकार रहेको छ।[३३]

८.२ अभियोजन सम्बन्धी कार्य र वहस पैरवी सम्बन्धी भूमिका

कसूरको अनुसन्धानवाट संकलित सवुत प्रमाणका आधारमा जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ वमोजिम कसूर भए वा नभएको आधारमा मुद्दा अभियोजन गर्ने वा नगर्ने कार्य सरकारी वकीलले गर्दछ ।अभियोजन सम्बन्धी निर्णय गर्दा संकलित प्रमाणबाट अभियुक्तले गरेको जातीय छुवाछूत तथा भेदभाव सम्बन्धी कसूर र सो कसूरमा हुने उपयुक्त सजायको दावी रकसूरबाट पीडितलाई क्षतिपूर्तिको समेत माग दावी गरी अभियोग पत्र दायर गर्ने जिम्मेवारी सरकारी वकीलमा रहेको छ । यसको उद्धेश्य छुवाछूत सम्बन्धी कसूर अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई अपराधिक दायित्व वहन गराउनु र यस्ता अपराधमा कमी ल्याउनु हो भने कसूर पीडितलाई न्याय र क्षतिपूर्ति दिलाउनु पनि हो।यसका साथै दायर मुद्दाका कसूर पीडित र साक्षीलाई अदालतमा तोकिएको दिन उपस्थिति गराई बकपत्र गराउने,मुद्दाको कारवाही प्रकृया र अवस्थाका बारेमा पीडित तथा कसूरको सूचनाकर्तालाई नियमित रुपमा सूचना दिने,पीडित र साक्षी संरक्षणको सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,सरोकारवाला निकाय वा संस्थासँगको समन्वय गर्ने,

३१ मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १० (३)
३२ ऐ संहिताको दफा ५
३३ ऐ.दफा ३१

कसूर सम्बन्धी मुद्दाको सुनुवाइमा अदालतमा उपस्थित भै वहस पैरवी, प्रतिरक्षा गर्ने तथा फैसलामा चित्त नबुझेमा सो उपर पुनरावेदन सम्बन्धी कार्यमा लागि प्रस्ताव गर्ने लगायतका भूमिका सरकारी वकीलमा रहेको छ । सरकारी वकीलले यो जिम्मेवारीलाई कानूनको कार्यान्वयनमा सहयोग पुग्ने हिसावले हेर्नुपर्ने देखिन्छ ।यस्ता विषयमा हुने कसूर र पीडितलाई हेर्ने विद्यमान सोच तथा सामाजिक संरचना जस्ता कारणले कसूरको अनुसन्धान र अभियोजन कार्य प्रभावकारी बन्न नसकेको हुँदा अन्य परम्परागत कसूर भन्दा यस्ता कसूरको अनुसन्धान र अभियोजनलाई अलग ढंगले हेर्नुपर्ने हुन्छ । यसका लागि सरकारी वकीललेपीडितबाट पर्याप्त सहयोग प्राप्त गर्ने, गम्भीर सामाजिक अपराधको रुपमा यस अपराधको संवेदनशिलतालाई विचार गर्ने, अभियोजनको सफलतामा सुधार गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

९. न्यायिक दृष्टिकोण

९.१. मन बहादुर विश्वकर्मा वि. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय समेत [३४]

२०४९ सालमा थप गरिएको अदलको महलको १० क.नं ले जातिय छुवाछूत कार्यलाई अपराधिकरण गरी त्यस्तो कार्य गरेकोमा सजायको व्यवस्था गरेको थियो । सोही नं. को स्पष्टीकरण खण्डमा "कुनै मन्दिर वा धार्मिक स्थलहरुमा परम्परादेखि चली आएको व्यवहारलाई भेदभावपूर्ण मानिने छैन" भनी गरिएको व्यवस्था संविधान प्रदत्त समानताको हकको विपरित भेदभावजन्य रहेको हुँदा उक्त कानूनी व्यवस्था अमान्य र वदर घोषणा गरेको छ ।

९.२. डिल बहादुर विश्वकर्मा वि. नेपाल सरकार समेत.[३५]

कुनै पनि प्रकारले छुट्टयाउन, प्रतिवन्ध लगाउने, बाहेक गर्ने तथा बन्देज लगाउने जस्ता कार्यहरु व्यक्तिहरु वीच भएको भेदभाव मानिने हुँदा संस्कृत छात्रावासको सुविधा पाउनवाट महिला तथा ब्रतवन्ध गर्न नपर्ने जाति जनजातिका व्यक्तिहरु प्रवेश गर्न नसक्ने गरी शर्त तोकेको विषय असमान र भेदभावजन्य हुने भन्ने आदेश सर्वोच्च अदालतले गरेको छ ।

९.३. दुर्गा सोब वि. नेपाल सरकार[३६]

डोटीको शैलेश्वरी मन्दिरमा दलितलाई प्रवेश गर्न नदिई असमान ब्यवहार भनी परेकोमा बिना भेदभाव समानताको हक प्राप्त हुने कानूनी ब्यवस्था तथा संरचनाको निर्माण गर्नु भनी सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको छ ।

---

३४ ने.का.प.२०४९, अंक १२, नि.नं.४६७०, पृ. १०१०

३५ ने.का.प. २०६२ अंक १० नि.न.७६०३

३६ (२०५७ सालको रिट नं ३६४३ फैसला मिति २०५८/६/१२

९.४. रत्न बहादुर वागचन्द वि. मन्त्रिपरिषद् सचिवालय समेत

जातिपाती छुवाछूत तथा भेदभावजन्य कार्यहरु नागरिक वीचको समानता विरुद्धको हुने र यसले सामाजिक विकृति निम्ताई राष्ट्रिय उत्थानमा वाधक हुने कुरामा कसैको दुईमत हुन नसक्ने भएकोले समाजमा व्याप्त रहेको कुरीति सिर्फ कानून बनाएर मात्र जान नसक्ने हुँदा अशिक्षाको कारणले समाजमा देखिरहेको कुरीति हटाउनलाई चेतना अभिवृद्धि हुने खालका उद्देश्यमूलक कार्यक्रमहरु गर्नेतर्फ सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको छ ।[३७] साथै जातीय छुवाछूत सम्बन्धमा विद्यमान कानूनको अपर्याप्तता रहेको र यस सम्बन्धमा जातीय छुवाछूत विरुद्धको अन्तराष्ट्रिय महासन्धिको व्यवस्था अनुसार अध्ययन गरी सम्बद्ध सरोकारवालासँग परामर्श समेत गरी नयाँ कानून निर्माण गर्न समेत सरकारका नाममा आदेश दिएको थियो। यो आदेश समेतका आधारमा २०६८ सालमा छुट्टै जातीय भेदभाव छुवाछूत (कसूर र सजाय) ऐन निर्माण भै कार्यान्वयनमा आएको छ।

९.५ अधिवक्ता श्यामकुमार विश्वकर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

यस मुद्दामा सर्वोच्च अदालतले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ समाजमा व्याप्त जातीय भेदभाव र छुवाछूतको परम्परागत मान्यतालाई सम्पूर्ण रुपमा निर्मूल गर्न तर्जुमा भएको हुँदा यसको प्रभावकारी कार्यान्वयनका लागि नियमावली बनाउन सरकारको नाममा आदेश जारी गरेको छ।[३८] यस मुद्दामा अदालतले जातीय छुवाछूत सामाजिक कलकंको रुपमा रहेको भन्दै यस्तो कसूरको गम्भीरता र त्यसले ल्याएको विभाजन, वर्तमान र भावी पुस्तामा पर्ने असर समेतका बारेमा व्यापक रुपमा रहेको प्रचार प्रसार गरी सामाजिक रोगको रुपमा प्रस्तुत अपराधको मूल जरो उखेल्न प्रयत्नशील रहनुपर्ने कुरामा जोड दिएको छ ।

९.६ गोपाल सूचीकारको जाहेरीले वादी नेपाल सरकार वि. टेक बहादुर विष्ट[३९]

जातीय विभेदजन्य कार्यहरुले व्यक्तिको सम्मान र प्रतिष्ठामा आँच पुग्ने हुँदा यस्ता विकृति र विसँगतिका कार्य हुन दिनु हुदैन भन्दै यस मुद्दामा सर्वोच्च अदालतले जातीय विभेद र छुवाछूत जस्ता कसूरजन्य कार्य गरी अपमानजनक काम कारवाही गरेको भन्ने अभियोग ठोस प्रमाणबाट पुष्टि हुनुपर्दछ भन्दै प्रतिवादीलाई सफाई दिएको शुरु र पुनरावेदन अदालतको फैसला कानून सम्मत ठहर गरेको छ ।

३७ ने.का.प. २०६२ अंक २ नि.न. ७४१९
३८ ने.का.प २०७३ अंक ७, नि.न. ९६३६
३९ ने.का.प २०६९ अंक ७ नि.न. ८८६३

९.७. सत्येन्द्र झा समेत वि. नेपाल सरकार[४०]

महोत्तरीमा दलित समुदायको कृष्ण कुमार पासवान र प्र. सत्येन्द्र झा की छोरी सरोज कुमारी झा बीच प्रेम सम्बन्ध रहेको कारण निज कृष्ण कुमार पासवानको कर्तव्य गरी मारेको भन्ने प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले जातीय विभेद र छुवाछूतको कारण भएको अपराधमा कसूरको गम्भिरता विचारणीय हुने भन्दै जातीय विभेदको कुनै पनि रुप सामाजिक कलकं हुने व्याख्या गरेको छ । यस मुद्दामा मानव सभ्यताको इतिहासमा नै कालो धब्बाका रुपमा रहेको जातीय छुवाछूत जस्तो कुरालाई कुनै बहानामा सहन गरी त्यसको आवरणमा ज्यान मारेको अपराधमा हलुको दृष्टिकोण लिई सहन गर्ने प्रवृत्ति कायम गर्न नहुने भन्दै अरुको जीवनलाई तृण बराबर ठान्ने र त्यसलाई मासेर भए पनि आफ्नो वा आफ्नो परिवारको कृत्रिम उच्चता प्रदर्शित गर्ने सोच, संस्कार र व्यवहार रहेसम्म समाजमा समानता र न्यायको उद्बोधन हुन नसक्ने हुनाले भेदभाव र असमानता रुपी विषम र विकृत परिस्थितिमा एक जना निहत्था र निर्दोष व्यक्तिलाई धेरै व्यक्तिहरु मिली षडयन्त्रपूर्वक गरेको हत्यामा पनि हलुको दृष्टिले सजाय कम गर्नु विवेकहिन हुने भन्दै शुरु अदालतले साविक अदालती बन्दोवस्तको १८८ नं बमोजिम सजाय घटाउने गरी गरेको फैसला उचित नहुने भन्दै जन्म कैद सजाय हुने व्याख्या गरेको छ ।

९.८. मोहन शाशंकर वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत [४१]

राज्यको योगदान रहेको कानूनी वा सार्वजनिक संस्थाले दिने शिक्षा वा अन्य सेवाहरू सर्वसुलभ हुनुपर्नेमा जातअनुसार छुट्टाछुट्टै शिक्षालय वा सेवा केन्द्र खडा गर्नुपर्ने भन्ने सोच स्वयंले सेवामा पहुँचलाई निषेधित गरी भेदभावलाई वढवा दिने र अन्ततः सामाजिक एकीकरणको सट्टा विखण्डीकरणलाई प्रश्रय दिने हुँदा विपक्षी पशुपति क्षेत्र विकास कोषबाट सञ्चालन अभिभारा लिएको विद्याश्रम जस्तो पवित्र शैक्षिक संस्थालाई त्यस्तो गलत र भेदभावपूर्ण कुराको माध्यम वा केन्द्र वनाउन नमिल्ने हुनाले नेपाल वेद विद्याश्रमबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूमा जातजातीको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भन्ने परमादेशको आदेश सर्वोच्च अदालतबाट जारी भएको छ। हिन्दु धर्ममा नेपाल वेद विद्याश्रमबाट पठनपाठन हुने शैक्षिक ज्ञानको महत्व र सो ज्ञान वा शिक्षा हासिल गर्न चाहने इन्छुक विद्यार्थीको चापलाई ध्यानमा राखी आवश्यक स्रोत जुटाउने तथा त्यहा कार्यरत शिक्षक एवं अध्ययनरत विद्यार्थीहरूको हितलाई सम्बोधन गर्ने गरी निश्चित नीति नियम तर्जुमा गरी सेवालाई व्यापक र संस्थागत गर्न जो चाहिने आवश्यक व्यवस्था गर्नु भन्ने समेत आदेश भएको पाइन्छ ।

---

४० ने.का.प २०६८ अंक ९ नि.न. ८६८५

४१ ने.का.प २०६६ नि.न. ८३७९

१०. महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रयासहरु

१०.१. कानून निर्माताहरुसँग छलफल

महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा "जातीय भेदभाव तथा छुवाछूत विरुद्धका कानून कार्यान्वयनको अवस्था"विषयक एक दिवसीय राष्ट्रिय कार्याशाला मिति २०७६ असार ७ गते ललितपुरमा सम्पन्न भएको थियो । उक्त कार्याशालामा प्रतिनिधि सभाका माननीय सदस्यहरु, राष्ट्रिय सभाका माननीय सदस्यहरु, नेपाल सरकारका सचिवहरु, स्थानीय निकायका प्रमुख तथा उपप्रमुखहरु, अधिकारकर्मीहरु, प्रहरीका उच्च पदस्थ अधिकारीहरु लगायतका व्यक्तित्वहरुको सहभागिता रहेको थियो । सो कार्यशालाले निम्न ७ वटा निष्कर्षहरु पारित गरेको थियोः

- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लाई नेपालको संविधानले प्रत्याभूत गरेको दलितको हक र छुवाछूत विरुद्धको हक अनुकुल हुने गरी आवश्यक पुनरावलोकन गरीनु पर्दछ । खास गरी जातीय छुवाछूत विरुद्धको कसूरको प्रमाण संकलन, प्रस्तुतीकरण, प्रमाणको भार, साक्षीको बकपत्र गराउने विधि, मुद्दाको सुनुवाइ लगायतका कार्यविधिगत व्यवस्था र हदम्यादमा समेत पुनरावलोकन गर्नु पर्ने भनी छलफलमा उठेका विषयलाई सम्बद्ध सबै क्षेत्रबाट गम्भीरतापूर्वक लिनु पर्ने आवश्यकता छ ।
- जातीय भेदभाव तथा छुवाछूत विरुद्धको कसूर मानव मर्यादा विरुद्धको कसूर हो । यो कसूरको प्रकृति, स्वभाव र गाम्भिर्यताका आधारमा अनुसन्धान, अभियोजन र न्याय सम्पादन गर्ने कार्यमा क्रियाशील रहने अनुसन्धानकर्ता, अभियोजनकर्ता एवं न्याय सम्पादन गर्ने अधिकारीहरुको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यी निकायहरू बीचको समन्वयलाई अझ प्रभावकारी बनाउनु पर्दछ।
- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव कसूरको निवारणका लागि सरकारी निकाय र गैरसरकारी क्षेत्र, निजी क्षेत्र, संचार क्षेत्र, अधिकारकर्मी र नागरिक समाजको साझा सक्रियता आवश्यकता पर्दछ । सोही अनुसार जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐनको व्यवस्थाको बारेमा प्रदेश र स्थानीय तह समेतसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनु आवश्यक छ । सरकारी वकील,प्रहरी र अदालतले सञ्चालन गर्ने सामुदायिक संवाद कार्यक्रममा यो विषयलाई प्राथमिकतापूर्वक समावेश गर्नु उपयुक्त हुन्छ ।
- संविधानले अपराध पीडितको हकको सुनिश्चितता गरी सो सम्बन्धी छुट्टै कानून समेत बनिसकेको अवस्थामा जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसूरका पीडितको सहायता, सामाजिक समायोजन एवं सो विषयका साक्षीको संरक्षणका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाज समेतका सबै पक्षबाट विशेष अग्रसरता प्रदर्शन गर्नु आवश्यकता छ।

- जातीय भेदभाव तथा छुवाछूत विरुद्धको कसूरको अनुसन्धानको प्रारम्भदेखि फैसला कार्यान्वयनसम्म अपराध पीडितको सहायता र संरक्षण एवं प्रतिनिधित्व र प्रतिरक्षाको कामलाई प्रभावकारी बनाउन सरकारी वकीलले थप अग्रसरता लिनु पर्दछ ।
- जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनमा हालसम्मको अवस्थाको बारेमा अनुसन्धानमूलक अध्ययन गरी प्राप्त नतिजाका आधारमा कानूनी, कार्यविधिगत एवं व्यवहारिक विषयमा सुधारको आवश्यकता रहेको छ । महान्यायाधिवक्ताको कार्यालयले यस विषयमा अग्रसरता लिनुपर्दछ ।
- दलित तथा गैरदलित समुदायमा सचेतना कार्याक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सरकारी, गैरसरकारी तहबाट विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने, वितरणात्मक न्याय सम्बन्धी कानूनको कार्यान्वयनमा राज्यका सम्बद्ध निकायबाट विशेष पहल हुनपर्ने र पीडितलाई न्याय र पीडकलाई दण्ड दिने कुरामा थप प्रभावकारिता ल्याउन फौजदारी न्याय प्रणालीको कार्यान्वयनमा संलग्न निकाय र अधिकारीहरुको अझ सशक्त भूमिका हुन आवश्यक छ।

१०.२. छाउपडी सम्बन्धमा सरोकारवालासँगको छलफल र प्रतिबद्धता

मिति २०७६।०९।०७ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षता तथा नेपाल सरकारका गृह सचिवको उपस्थिति र छाउपडी प्रभावित क्षेत्रका सुरक्षा निकाय तथा सरकारी वकीलहरु समेतको सहभागितामा महान्यायाधिवक्ताको कार्यालयमा बैठक बसी उक्त समन्वय समितिको देहायको निर्णय कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त भएको थियो । सो निर्णय कार्यान्वयन गरी गराई व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक तथा मानव अधिकारको प्रचलन गर्ने गराउने कार्यमा राज्य तथा सरोकारवाला सबैको जिम्मेवारी बोध गर्दै विभिन्न किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहारका कार्यहरुलाई कानूनी दायरामा ल्याउने कार्यमा सरोकारवाला सबैले सहयोग गरी दिन अनुरोधसमेत भएको छ ।

- मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा रहेको छ । यसले विभिन्न सामाजिक अपराधहरुलाई पनि समेटी सजायको व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताले भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर र सजायको व्यवस्था गरी कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था समेत गरेको छ । सोही व्यवस्था अन्तर्गत महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनी यस किसिमका कार्यहरुलाई निषेध गरी सजायको व्यवस्था गरेको अवस्था छ । यस किसिमका अपराधजन्य कार्यहरु नेपालका विभिन्न भूभागमा भई रहेको हुँदा यी र यस्तै प्रकृतिका अपराधहरुले व्यक्तिको मौलिक हक तथा मानव अधिकारको प्रचलनमा अवरोध सृजना गर्ने र सामाजिक तथा व्यक्तिगत जीवन र सुरक्षामा समेत नकारात्मक असर पार्ने हुन्छ । यस किसिमका अपराधहरुको नियन्त्रणका

लागि राज्यका संरचना तथा सरोकारवालाको साथ सहयोग भएमा कसूरदारलाई कानून बमोजिमको सजाय दिलाउन र पीडितलाई न्यायको महसुस गराउन सकिने विश्वास गर्न सकिन्छ । छाउपडी र अन्य भेदभाव तथा अपमानजन्य व्यवहारका विरुद्ध प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वयपूर्वक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने, छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रमा समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहेको एक संयन्त्र बनाई मुलुकी अपराध संहिताले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहार विरुद्धका कानूनले गरेका व्यवस्थाका सम्बन्धमा देशव्यापी रुपमा सचेतनामूलक अभियान सञ्चालन गर्ने भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको समन्वय समितिबाट निर्णय भएको छ ।

११. प्रभावकारी कार्यान्वयनका लागि सुधारका क्षेत्रहरु

- जातीय छुवाछूत र भेदभाव विरुद्धको मौलिक हकको प्रयोग र यस सम्बन्धी कानूनको बारेमा राजनीतिक दल, आम नागरिक, सम्बन्धित समूदाय र नागरिक समाज तथा कानून कार्यान्वयन गर्ने अधिकारीमा चेतना अभिवृद्धि गर्नु महत्वपूर्ण हुन्छ ।जातीय छुवाछूत सामाजिक कलकंको रुपमा रहेको र यसले समाजमा ल्याउने विभाजन, वर्तमान र भावी पुस्तामा पर्ने असर समेतका बारेमा व्यापक रुपमा प्रचार प्रसार गरी सामाजिक रोगको रुपमा यसको जरो उखेल्न सवैको सार्थक प्रयास हुन जरुरी छ ।
- नेपालको संविधानले यो कसूरलाई गम्भिर सामाजिक अपराधका रुपमा दण्डनीय हुने व्यवस्था गरेकोमा सो अनुसार दण्ड सजायमा पुनरावलोकन हुन र यस्ता कसूरबाट पीडितलाई पर्ने शारीरिक तथा मानसिक क्षतिका आधारमा उपलब्ध हुने क्षतिपूर्तिमा पनि पुनरावलोकन गर्न उपयुक्त हुने देखिन्छ।
- यस ऐन अन्तर्गतको कसूरको संवेदनशिलतालाई ध्यानमा राखी प्रमाण संकलन, प्रमाणको भार, पीडितको बकपत्र गराउने बिधि, मुद्दाको सुनुवाइ, हदम्याद लगायतका कार्यबिधिगत व्यवस्थाहरुमा पुनरावलोकन गर्न आवश्यक छ । यस ऐनमा कसूर मानिएका कतिपय कार्य मुलुकी अपराध संहितामा पनि कसूर मानि सजायको व्यवस्था गरिएको छ । एकै विषयमा फरक फरक कानूनी व्यवस्थाले कार्यान्वयनमा हुनसक्ने कठिनाईलाई सम्बोधन गर्न विशेष ऐनको रुपमा अलगै कानून रहेको सन्दर्भमा सोही ऐनमा नै यस सम्बन्धी व्यवस्था रहनु वान्छनिय देखिन्छ ।
- यस्ता कसूरको अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीको प्रकृयामा पीडित तथा यस सम्बन्धी संस्था र स्थानीय तहको सहयोग प्राप्त गर्ने तर्फ ध्यान जान आवश्यक

रहेको छ । साथै पीडित पक्षको सहयोग लिने कुरामा र पीडितलाई न्याय दिलाउने कुरामा अनुसन्धानकर्ता र अभियोजनकर्ताले विश्वास दिलाउन सक्नुपर्ने र अपराधका पीडित तथा साक्षीको संरक्षण सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक छ ।

- जातीय छुवाछूत जस्तो कुरालाई कुनै बहानामा सहन गरी त्यसको आवरणमा गरीने अपराधलाई अनुसन्धान, अभियोजन तथा सजाय निर्धारणमा हलुको दृष्टिकोण लिने प्रवृत्ति सम्बद्ध निकायहरुले लिनु हुदैन । मानिसमा रहेको कृत्रिम उच्चता प्रदर्शित गर्ने सोच, संस्कार र व्यवहार रहेसम्म पीडितलाई न्याय र पीडकलाई दण्ड दिलाउने कुरामा प्रभावकारिता आउन सक्तैन । तसर्थ फौजदारी न्याय प्रणालीमा संलग्न निकाय र अधिकारीहरुको भूमिका सोही अनुरुप सशक्त बन्न आवश्यक छ । यसका लागि सम्बन्धित अधिकारीहरुको क्षमता विकास गर्न र प्रशिक्षित गर्न जरुरी देखिन्छ ।
- जातीय भेदभाव तथा छुवाछूत बिरुद्धको कसूर मानव मर्यादा विरुद्धको कसूर हो । यो कसूरको निवारणका लागि सरकारी निकाय, गैरसरकारी क्षेत्र, निजी क्षेत्र, संचार क्षेत्र, अधिकार कर्मी तथा नागरिक समाजको साझा सक्रियता आवश्यक पर्दछ । सोही अनुसार कानूनको बारेमा प्रदेश, स्थानीय तह समेतसँग सहकार्य गर्दै सचेतनामूलक कार्यक्रम संचालन गरीनु उपयुक्त हुने देखिन्छ।
- नेपालको संविधानमा मौलिक हकको रुपमा व्यवस्था गरिएको सन्दर्भमा तीनै तहको सरकारले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने विषयलाई कार्यक्रममा समावेश गरी अभियानको रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि काम गर्ने संवैधानिक अगंहरुको रुपमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय समावेशी आयोग लगायतको महत्वपूर्ण भूमिका रहने देखिन्छ ।आयोगहरुले गर्ने अनुसन्धान र सोका आधारमा दिने निर्देशन तथा सुझावहरु सरकार र सम्बद्ध निकायका लागि कार्यान्वयन गर्न महत्वपूर्ण हुन्छन ।
- सञ्चारमाध्यमहरुले जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी घटना र तथ्यलाई प्राथमिकताका साथ प्रकाशन गर्ने र जातीय भेदभाव तथा छुवाछूत अन्त्य वा सुधारका लागि भएका राम्रा तथा उदाहरणीय घटना वा तथ्यलाई जनसमक्ष ल्याउने कार्य गर्न मनासिव देखिन्छ । यसबाट आम नागरिक सुसूचित हुने र कानून कार्यान्वयन गर्ने निकाय पनि थप सजग हुन सक्तछन् ।
- राजनीतिक दल तथा तिनका भातृसंस्थाहरुले संविधान तथा कानूनले गरेका जातीय भेदभाव तथा छुवाछूत विरुद्धका प्रावधानहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग गरी अधिकारहरु उपभोग गर्ने वातावरण निर्माण गर्नुपर्ने हुन्छ । जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी सामाजिक अपराधलाई अन्त्य गर्न समाज तथा व्यक्तिको सोच र व्यवहारमा परिवर्तन गर्न जरुरी हुन्छ । राजनीतिक दलहरुले गाउँ-गाउँ सम्म जनचेतना

अभिवृद्धि गर्न कार्यकर्ता परिचालन गर्ने र आम नागरिकलाई जातीय छुवाछूत र विभेदका विरुद्ध सशक्त रुपमा प्रशिक्षित गर्ने गरी कार्यक्रम संचालन गर्न सक्दछन् ।

- जातीय विभेद तथा छूवाछुत अन्त्यका लागि सर्वोच्च अदालतबाट भएका आदेशहरुको कार्यान्वयन गर्ने दिशामा सरकारको ध्यान जान आवश्यक छ । ऐनको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कुरा, ऐन कार्यान्वयनका नियमावली निर्माण गर्ने कुरा, यस्ता कसूरको रोकथामका लागि शैक्षिक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने लगायतका विषयमा अदालतबाट आदेशहरु भएका छन्। यसतर्फ सम्बद्ध निकायको ध्यान जान आवश्यक छ ।

१२. निष्कर्ष

नेपाली समाजमा लामो समय देखि जातीय विभेद र छुवाछूतको प्रचलन विद्यमान रहेको र यसले मानव मानव वीच असमानता सिर्जना गरेकोले यसलाई निवारण गर्न र समतामुलक समाज स्थापना गर्न कानूनी हस्तक्षेप आवश्यक थियो ।सोही अनुरुप नेपाल अधिराज्यको संविधानले यस कार्यलाई दण्डनीय बनाउने व्यवस्था गरेको थियो। नेपालको अन्तरिम संविधानले मौलिक हकको रुपमा जातीय छुवाछूत र भेदभाव विरुद्ध हरेक नागरिकलाई हक हुने प्रबन्ध गऱ्यो। सोही व्यवस्था अनुसार जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) सम्बन्धी अलगै कानून निर्माण गरी जारी गरीयो नेपालको संविधानले केही परिमार्जन सहित मौलिक हकको रुपमा जातीय छुवाछूत र भेदभाव विरुद्धको हकको प्रत्याभूति गरेको छ भने सोही अनुरुप कानून संशोधन समेत गरिएको छ। कानूनले कुनै पनि आधारमा गरीने भेदभाव तथा छुवाछूतलाई दण्डनीय बनाएको छ। यसको कार्यान्वयनका लागि प्रबन्ध समेत गरेको छ। यस्ता कार्यहरु निषेध गरिएको छ भने कसैले गरेमा अनुसन्धान गरी कानूनी कारबाही गर्ने व्यवस्था रहेको छ। सोही अनुरुप यस्ता घटना अनुसन्धान भै दोषी व्यक्ति उपर सजाय समेत भएका छन् । कानूनको पालना नगर्ने मानवीय सोच र पालना नगर्दा प्रभावकारी रुपमा कानूनको कार्यान्वयन हुन नसक्दा छुवाछूत र भेदभावपूर्ण कार्यहरु भै रहेका छन्। यसमा समाजमा रहेको जातीय र सामाजिक संरचना, मानिसको सोच, अशिक्षा, चेतनामा कमी जस्ता कारण एकातिर जिम्मेवार रहेका छन् भने अर्कोतर्फ कानून कार्यान्वयनको पक्ष पनि कमजोर रहेको छ। यसका लागि मानवीय व्यवहार र सोचमा परिवर्तन गर्न र कानूनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

जातीय भेदभाव र छुवाछूत सम्बन्धी कार्यलाई गम्भिर सामाजिक अपराध रुपमा सबैले स्वीकार गर्नु आवश्यक छ। यसका अलावा यो अपराध निवारण रोकथाम गर्न र हुन नदिन सोही अनुसार मानिसको सोच र व्यवहारमा परिवर्तन गर्न आवश्यक हुन्छ। यो अवैज्ञानिक र अमानवीय कार्य हो भन्ने चेतना सबैमा जगाउन जरुरी छ। यसका लागि व्यापक रुपमा सामाजिक सचेतता बढाउन आवश्यक हुन्छ। यस्तो कसूर हुन नदिने र भएमा त्यसको प्रभावकारी अनुसन्धान गरी कसूर गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याउने कुराले पनि यस्ता कार्य नियन्त्रणमा सहयोग पुग्दछ। यसका लागि अनुसन्धान

गर्ने जिम्मेवारीमा रहेको प्रहरीको र दोषी उपर अभियोजन गर्ने सरकारी वकीलको महत्वपूर्ण भूमिका रहन्छ। गम्भीर, सामाजिक कसूरको रुपमा यो अपराधको अनुसन्धान र अभियोजन देखि न्यायिक प्रकृयामा सरकारी वकील विशेष रुपमा सजग र संवेदनशिल भै कार्य सम्पादन गर्न सकेमा कानूनको कार्यान्वयन प्रभावकारी हुन सक्छ। विद्यमान कानूनमा देखिएका कमजोरी र हटाउने तथा कार्यबिधिगत व्यवस्थामा पनि सुधार गर्न आवश्यक छ। कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउने कुरामा आम नागरिक, राजनीतिक दल, समुदाय, सरोकारवाला निकाय, सम्बद्ध संघ, संस्थाको सामूहिक प्रयास पनि उत्तिकै महत्वपूर्ण हुने देखिन्छ। तीनै तहका सरकार, संचार जगत र कानून कार्यान्वयन गर्ने निकायका अलावा छुवाछूत र विभेदका कसूरवाट असर पर्ने व्यक्ति तथा समुदाय पनि सहयोगी बन्न जरुरी छ। यसबाट मात्र मौलिक हकको रुपमा रहेको विभेद र छुवाछूत विरुद्धको हकको कार्यान्वयन भै व्यक्तिको अधिकार मानवीय मर्यादा कायम हुन र समाजमा हरेक मानिसल सम्मानपूर्वक व्यवहार पाउन सक्छ।

सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था र यसको प्रयोग[१]

१. भूमिका

लोकतान्त्रिक शासन व्यवस्थामा शासन प्रणालीलाई पारदर्शी एवं जवाफदेही बनाउन, सेवाग्राही जनतामा सरल र सहज ढंगले प्रभावकारी सेवा प्रवाह गर्न, सुशासन मार्फत सम्वृद्ध समाजको उद्देश्य हांसिल गर्न नागरिकलाई सूचनाको हक प्रदान गरिएको हुन्छ । सूचनाको अन्तिम मालिक जनतानै हो भन्ने भावनालाई आत्मसात गरेर यसको दायरा फराकिलो पार्दै जाने काम आजका विकसित मुलुकहरुले गरिरहेका छन् । यो त भयो आधुनिक विकसित समाजको अवस्था । तर ऐतिहासिक रुपमा हेर्दा पनि सूचना प्रवाहको व्यवस्था र महत्वमा धेरै तथ्यहरु फेला पर्छन् । तत्वदर्शी देवता र ऋषिहरुले आकाशवाणीद्वारा वा आफ्ना दूतहरुद्वारा सूचना प्रवाह गर्ने गरेका कुराहरु पाइन्छन् । नारद, हनुमान, आदि देवताहरु चाडो सूचना प्रवाह गर्नेमा पर्दछन् भने विभिन्न दूतहरुद्वारा युध्द वा शान्तिका सन्देशहरु एक ठाउँबाट आर्को ठाउँमा पूराईन्थे । महाभारत, रामायण, श्रीमदभागवत्, आदि ग्रन्थहरुमा यस्ता कथा र तथ्यहरु फेला पर्छन् । काग, परेवा आदिलाई प्रयोग गरेर चिट्ठी पत्रहरु प्रेषित गर्ने कुराहरु पनि ऐतिहासिक कालखण्डमा प्रचलित थिए भनिन्छ । स्वीडेनका एक जना सांसदले 'यदि कार्ल मार्क्स रहेको भए उनले पूँजीको बारेमा नलेखी सूचनाको बारेमा लेख्ने थिए' भनी अभिव्यक्त गरेको भनाईलाई हृदयंगम गर्ने हो भने[२] आजको युगमा मानिस सूचना बिना बाँच्नै सक्दैन । त्यसैले आधुनिक युगमा सूचना मानिसको प्राणवायु (oxygen) जस्तै हो ।

नेपालमा हिन्दु विधिशास्त्रका मान्यता बमोजिम राज्यसत्ताका सीमित कामकारबाही र जनताको राज्यप्रतिको कर्तब्य सम्बन्धीका सूचना विभिन्न माध्यमबाट हुने गरेका भएपनि नेपालमा लोकतान्त्रिक प्रणालीको अवलम्वन सँगसंगै संवैधानिक, कानूनी तथा संस्थागत प्रबन्धका माध्यमबाट सर्वसाधारणमा सूचना प्रवाह तथा सूचनामा पहुँचसहितको सूचनाको हकलाई राज्यले प्राथमिकताका साथ सम्बोधन गर्दै आएको पाइन्छ । खासगरी विश्व परिवेशमै सार्वजनिक तथा विकास प्रशासनको अवधारणाको विकास सँगसंगै नेपाल पनि सर्वसाधारणको सूचनाको हक संरक्षण, सम्बर्द्धन सहितको सूचनाको युगमा प्रवेश गरेको मानिन्छ ।राज्यको काम कारबाहीमा कानूनको शासन, पारदर्शिता उत्तरदायित्व समेतका माध्यमबाट सुशासन कायम गर्दै नागरिकको सूचनाको हक संरक्षण, प्रबर्द्धन गर्न विश्वव्यापी मान्यताहरुलाई आत्मसाथ गर्दै विभिन्न संवैधानिक, कानूनी, संस्थागत संयन्त्रहरु निर्माण भई कार्यान्वयनमा आएका छन् ।नागरिकको सूचनाको हक संरक्षण र प्रबर्द्धनमा अदालतको भूमिका पनि

---

१ कार्यपत्र लेखन सहकार्यः सहन्यायाधिवक्ता डा. गोपीचन्द्र भट्टराई र उपन्यायाधिवक्ता शुसिल देवकोटा

२ कल्याण श्रेष्ठ, सूचना तथा संचार प्रणाली र सूचना सम्बन्धी हक, नेपालको संवैधानिक कानून, फ्रिडिल, दोश्रो जन्म २०५४ पृष्ट,१४३

महत्वपूर्ण रहेको छ ।यीनै सन्दर्भ समेतमा प्रस्तुत लेखमा सूचनाको हक सम्बन्धी अवधारणाको विकास, नेपालको कानूनी व्यवस्था, यस क्षेत्रका समस्या समेतका विषय समेटिएको छ ।

२. अवधारणागत पक्ष

२.१. सूचनाको हक सम्बन्धी दर्शन शास्त्र

"A society that is not well informed is not truly free."[३] बास्तबमा राम्रो सँग सूचित नगरिएको समाज स्वतन्त्र हुदैन । त्यो समाज अन्धकारमय हुन्छ । हाम्रो समग्र जीवन पद्धति'तमसोमा ज्योतिगर्मय' को लागि हो, अध्यारोबाट उज्यालोतिर लम्किनको लागि हो, अन्धकारमा जाकिनको लागि हैन । Effective operation of the democracy depends on the people's ability to analyse,discuss and contribute to government decision making. For this they need information. It is well known that much material about government operations is provided voluntarily. There is well established tradition of publishing legislation and sub-ordinate legislation. The right to information has important role to play in enhancing the proper working of our democracy by giving citizens the right to demand and to receive information. Such access to information facilities assessment of the government enables people to participate efficiently in the policy and decision making process of the government.[४]

सूचना भए के गर्न सकिन्न र सूचना नभए केहीं पनि गर्न सकिन्न, जुन सुकै विषय सूचनासँग जोडिन्छ । यही नै सूचनाको दर्शन शास्त्र हो भन्नमा अत्यूक्ति नहोला ।

२.२. सूचनाको हक सम्बन्धी कानूनको विकास

सरकारले सूचनाहरु आफ्नो लागि मात्र नभई जनताको लागि नै संग्रह गरी जनताकै नासोको रुपमा राख्छ भन्ने मान्यता अनुरुप सूचनामा जनताको पहुँच पुग्नुपर्छ भन्ने अवधारणा **२१औं** शताब्दिको विकसित अवधारणा हो ।सूचनाको हकको विश्वव्यापी ईतिहासतर्फ दृष्टिपात गर्दा सन् १७७६ मा स्वीडेनमा सूचनाको हक सम्बन्धी पहिलोपटक कानून जारी भएको पाइन्छ । खास गरीकन त्यहाँको सेनाले आफ्नो खर्च सार्वजनिक गर्न अनिच्छा व्यक्त गरेको कारण जनदवाव थेग्न नसकी त्यहाँ यो कानून जारी हुन पुग्यो । फिनल्याण्डले पनि विश्वको एकमात्र शक्ति सम्पन्न मुलुक अमेरिका भन्दा आफ्नो शासन प्रणाली उत्कृष्ट छ भनी बताउन सन् १९५१ मा यो कानून जारी गर्यो ।अमेरीकाले पनि आफूलाई लोकतान्त्रिक मुलुक भनी देखाउने उद्देश्य अनुरुप यो कानून सन् १९६६ मा जारी भन्यो । सन् १९७० मा डेनमार्क र नर्वेले पनि यस्तो कानून बनाए । हाल करिब १३१ वटा देशहरुले सूचनाको हक सम्बन्धी कानून जारी गरीसकेको पाइन्छ ।

दक्षिण एसियामा सूचनाको हक सम्बन्धी कानून जारी गर्ने पहिलो देश पाकिस्तान हो, त्यहाँ सन् २००२ मा पाकिस्तानका केपी र पञ्जाब गरी २ वटा प्रदेशमा यो कानून जारी भयो । भारतमा सन् २००५ मा, नेपालमा सन् २००७ मा, बंगलादेशमा सन् २००९ मा सूचनाको हक सम्बन्धी कानून जारी भए । सन् २०१४ मा अफगानिस्तानमा र मालदीभ्समा, सन् २०१६ मा श्रीलंकामा पनि यस्तो

---

३ Inter – American Court of Human Rights,"Compulsory membership in an Association Prescribed by Law for the Practice of Journalism (Article 13 and 20 of the American convention on Human Rights) Advisory opinion oc-5/85 of November 13,1985" para. 70

४ Dr. Ram Krishna Timalsena,RIGHT TO INFORMATION, Philosophy, Law and Practice, 2003 (Publisher- Mrs. BigyaTimalsena)

कानून जारी भएको पाइन्छ । हुन त यस सम्बन्धी कानूनको विकासमा विभिन्न अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरु पनि नभएका होइनन् ।

विचार र अभिव्यक्तिको स्वतन्त्रताका सम्बन्धमा विश्वव्यापी घोषणापत्रमा "Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek,receive and import information and ideas through any media and regardless of frontiers".[५]उल्लेख भएको पाइन्छ ।सूचनाको हक सम्बन्धी अन्तराष्ट्रिय प्रबन्धहरुलाई अध्ययन गरी हेर्ने हो भने यो सूची धेरै लामो हुन सक्छ[६] ।

संयुक्त राष्ट्र संघको मानव अधिकार आयोगले सन् १९९७ देखि आफ्नो वार्षिक प्रतिवेदनमा लगातार रुपमा सूचनाको स्वतन्त्रता (freedom of information) सम्बन्धमा जोड दिदैं सूचनाको संग्रह गर्ने राज्यको दायित्व जनताप्रति सकारात्मक हुनुपर्छ भनी सन् १९९८ मा प्रतिवेदन समेत तयार गरेको थियो । यसै आयोगले सन् २००४ को प्रतिवेदनमा सरकारको सूचना लुकाउने प्रवृत्ति प्रति कडा प्रहार पनि गरेको पाइन्छ ।[७] सूचनाको हकलाई मौलिकहकको रुपमा मान्यता दिनुपर्छ भन्ने मान्यता तीब्र बढदो छ । Organization of American States,Council of Europe,African Union लगाएतका संगठनहरुले सूचनाको हकको महत्त्वका सम्बन्धमा जोड दिइ रहेको पाइन्छ । सन् १९६६ मा Freedom of Information Act अमेरीकाले जारी गरेको छ भने बेलायतले सन् १९११ मा officialsecrets Act जारी गरी अति गोप्य सूचना सार्वजनिक गरेमा सजायको व्यवस्था गरेको छ । भारतीय संविधानको धारा १९(१) (१) मा वाक तथा अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था भए पनि छुट्टै कानून थिएन । तर सन् २००२ मा 'The Freedom of Information Act' निर्माण भएको छ । सो कानून आउनु भन्दा अगाडि प्रदेशका कतिपय विधान सभाले यस्तो कानून बनाई लागू गरेका थिए । भारतीय प्रधानमन्त्री मनमोहन सिहंले सूचनाको हक सुशासन कायम गर्ने प्रमुख औजार हो भनी स्वीकार समेत गरेको पाइन्छ[८] ।

नेपालको कानून सम्बन्धमा क्यानाडामा मुख्यालय रहेको सेन्टर फर ल एण्ड डेमोक्रेसी नामक संस्थाले आफ्नो वेवसाईटमा सन्२०२० जुलाई सम्ममा विश्वका १२८ मुलुकको सूचनाको हक सम्बन्धी कानूनको तुलनात्मक अध्ययन गरी विश्व बरियताक्रम सार्वजनिक गरेको छ । कूल १६१ वटा सूचकांकको आधारमा गरिएको अध्ययनमा नेपालको कानूनले १५० पूर्णाङ्कमा ११३ अंक प्राप्त गरी हाल नेपालको कानून विश्व वरियताको २१ औं उत्कृष्ट कानूनको रुपमा रहेको छ । यसरी हेर्दा नेपालको सूचनाको हक सम्बन्धी कानून तुलनात्मक रुपमा हेर्दा उत्कृष्टकै सूचीमा रहेको कुरा गर्वका साथ भन्न सकिन्छ ।[९]

---

५ Universal Declaration of Human Rights,Article 19

६ European Convention for the Protection of Human Rights and Fundamental Freedom,1950; International covenant on civil and political Rights,1966 ; The American Convention on Human Rights,1969,The American Charter on Human and People's rights, 1981 etc

७ Report of the special Rapporteur,18 Jan. 200, Para 42

८ शिवगाँउले, सूचनाको हक, (लोकतान्त्रिक संविधानका आधारहरु, प्रकाशन-अग्रसारथी पेज नं ९४)

९ सूचनाको अधिकार (A Journal of RTI) वर्ष ५,अंक ५ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनमा राष्ट्रिय सूचना आयोगको अहम् भूमिका, कृष्णहरि बाँस्कोटा पृष्ट ५०

२.३. सूचनाको हक किन ?[१०]

सूचनाको हक नागरिकको मौलिक अधिकारको रुपमा प्रत्याभूत भएको हुन्छ ।राज्य र नागरिकबिचको सम्बन्ध सेतुको रुपमा रहेको यो हक हरेक नागरिकको अत्यन्तै सरोकारको विषय रहिआएको छ । नागरिकको जीवनमा यसको आवश्यकता किन भन्ने सम्बन्धमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छ:

- सार्वजनिक हक महत्व र सरोकारका विषयमा सर्वसाधारणलाई सुसूचित गराउन,
- लोकतान्त्रिक मूल्य मान्यतालाई दीर्घ जीवन दिन,
- निर्माणकार्य भै रहेको सार्वजनिक महत्वको निर्माण कार्य भै रहेको स्थलको भम्रण र अवलोकन गर्न,
- कानूनले निषेध गरेको अवस्थामा बाहेक राज्य सम्बन्धी सूचनामा नागरिकको पहुँच स्थापित गर्न,
- कानूनले निषेध गरेको अवस्थामा बाहेक राज्य सम्बन्धी सूचनामा नागरिकको पहुँच स्थापित गर्न,
- कानूनले पूर्ण कार्यान्वयन गराई प्रजातान्त्रिक पद्धतिको संरक्षणको लागि संस्थागत उत्तरदायित्व, खुलापन, पारदर्शिता तथा जनसहभागिता जस्ता पक्षहरुको प्रबर्द्धनमा सहयोग पुऱ्याउन,
- सचेत र सुसूचित नागरिक बनाउन,
- सुशासनको अबधारणालाई मूर्तरुप दिन,
- सरकारप्रति नागरिकको जनविश्रवास बढाउँछ,
- सरकारका कामकारबाहीमा लोकतान्त्रिक पद्धति भित्र्याउन,
- सामाजिक उत्तरदायित्व र जवाफदेहिता कायम गर्न,
- सार्वजनिक महत्त्व सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकूल असल पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गराउन,
- व्यक्तिको स्वतन्त्रता र मानव अधिकारको रक्षा गर्न,
- स्रोत, साधनको परिचालनको अवस्था बारेमा सर्वसाधारणमा जानकारी भई दुरुपयोग हुन नदिन,
- समाजमा शान्ति सुव्यवस्था कायम गर्न,
- आवश्यक कानूनको निर्माण र कार्यान्वयन गर्न,
- सार्वजनिक सेवालाई छिटो छरितो र प्रवाभकारी तुल्याउन,
- प्राकृतिक प्रकोप र संकट व्यवस्थापन गर्न,
- गोपनीयतामा हुर्केको परम्परागत समाजलाई परिवर्तन गर्न,
- राज्यका संपूर्ण निकाय र अंगहरुलाई पारदर्शी, जनउत्तरदायी, सहभागितामूलक, संवेदनशील र सकृय बनाउन।

१० कृष्ण प्रसाद भण्डारी,सूचनाको हक ; लोकतान्त्रिक प्राणबायु, सुशासनको आधारशिला, A Journal Of RTI, वर्ष ५,अकं ५, पृष्ठ ४०

२.४. सूचनाको हक सम्बन्धी सिद्धान्तहरु

सूचनाको हकमा खासगरी सूचना पाउने अधिकार, स्वतन्त्र र सन्तुलित सूचना प्रवाह, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सुसूचित हुने अधिकार (Right to be informed), सच्चिने अधिकार, उत्तर दिने अधिकार हुनुपर्छ भनी नैरोबी सम्मेलनमा युनेस्कोका महासचिवले भन्नु भएको कुराहरु यस सन्दर्भमा मननीय छन् । हाल आएर असहमतिको अधिकार (Right to dissent) को सिद्धान्तलाई पनि महत्वपूर्ण रुपमा लिइन्छ। सूचनाको हकको सम्बन्धमा निम्न आधारका सिद्धान्त तथा मान्ताहरु रहेको पाइन्छन् ; जसलाई **आर्टिकल १९ सिद्धान्त** पनि भनिन्छ ।

सिद्धान्त १: बढीभन्दा बढी प्रकाशन (Maximum disclosure)
सिद्धान्त २: सूचना प्रकाशनको दायित्व (obligation to publish)
सिद्धान्त ३: खुला सरकारको प्रबर्द्धन (Promotion of open Government)
सिद्धान्त ४: सीमित अपवादको सिद्धान्त (Limited Scope of Exception)
सिद्धान्त ५: सूचना प्राप्त गर्न पहुँच सहज पार्ने सिद्धान्त (Process to Facilitate access)
सिद्धान्त ६: सूचनाको लागत (Cost) सूचना पाउने अवरोध नहोस्
सिद्धान्त ७: खुला बैठक (Open meeting)
सिद्धान्त ८: प्रकाशनलाई रोक गर्ने कार्यविधि परिविधि परिमार्जन (Disclosure takes precedence)
सिद्धान्त ९: संखघोष प्रबर्द्धन (Promotion of Whistle Blower)

३. नेपालमा सूचनाको हक सम्बन्धीको कानूनी व्यवस्था

३.१. संवैधानिक व्यवस्था

वि.सं २०४६ सालको जनआन्दोलनको उपजको रुपमा तत्कालिन अन्तरिम सरकारका प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईको कार्यकालमा नेपाल अधिराज्यको संविधान,२०४७ साल कार्त्तिक २३ गते जारी भयो । यो संविधानले पहिलो पटक सूचनाको हकलाई नेपालको संविधानमा मौलिकहकका रुपमा स्वीकार गर्यो ।[११] सो संविधानमा सार्वजनिक चांसो वा सार्वजनिक महत्त्वको सूचनामा नागरिकको पहुँच रहने प्रत्याभूती गरीयो । तर यसको प्रभावकारी प्रचलनका लागि छुट्टै कानूनी व्यवस्था गर्न नसकिएका कारण केही रिटहरु सर्वोच्च अदालतमा दायर भए । सूचनाको हकका सम्बन्धमा धेरै महत्वपूर्ण फैसला भए । तर पनि कतिपय मुद्दामा उदार दृष्टिकोणले व्याख्या हुन सकेन । केही महत्वपूर्ण रिटहरुमा भएको व्याख्याले नागरिकको सूचनाको हक राज्य प्रणालीबाट अनतिक्रम्य हुने भन्ने तथ्य भने स्थापित भयो ।[१२]

२०६२/०६३ सालको जनआन्दोलनले देशमा गणतन्त्र स्थापना गर्यो । संविधानसभाबाट संविधान निर्माण गर्न तर्फ राष्ट्र उन्मुख भयो । तत्कालिन सशस्त्र द्वन्दरत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र

---

११ नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १६

१२ माधव कुमार वस्नेत, गणेश कुमार अग्रवाल, अधिवक्ता बालकृष्ण न्यौपाने, अधिवक्ता रविराज भण्डारी, योगी नरहरीनाथ, त्रि.वि रजिष्ट्रर विरुद्ध सूचना आयोग, गोपाल शिवाकोटी, बालकृष्ण न्यौपाने (टनकपुर परियोजना), काशिराज दाहालले दायर गरेका छुट्टा छुट्टै विभिन्न मितिका रिटहरु

नेपाल सरकारबिच विस्तृत शान्ति सम्झौता भएपछि द्वन्द अन्त्य भयो । नेपालको अन्तरिम संविधान,२०६३ जारी भयो । साविकको २०४७ सालको संविधानले सार्वजनिक महत्वको बिषयमा सूचना पाउने नागरिकको हक स्थापित गरेकोमा यस संविधानले व्यक्तिसँग सूचनामा पनि हक कायम हुने भयो[१३] । प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुन्छ भन्ने व्यवस्था गरीयो । संविधान सभाको प्रथम कार्यकालमा संविधान निर्माण हुन सकेन । दोस्रो संविधान सभाले २०७२ सालमा संविधान निर्माण गरी जारी गरीयो । यो संविधानको धारा २७ मा हुबहु रुपमा २०६३ कै संवैधानिक प्रावधानलाई नै सूचनाको हक सम्बन्धमा व्यबस्थित गरीयो । यसलाई संयोग नै मान्नु पर्छ । तर कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन बाध्य पारिने छैन भन्ने थप व्यवस्था पनि गरीयो[१४] ।

सूचनाको हक सँगसँगै गोपनीयताको हकको पनि अन्योन्याश्रित सम्बन्ध रहन्छ । त्यसैले २०७२ सालको संविधानको धारा २८ मा गोपनीयताको हकको पनि व्यवस्था छ । यस अनुसार कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी बिषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्प हुनेछ । यस सम्बन्धी छुट्टै कानून पनि जारी गरिएको छ । गोपनीयताको हक सम्बन्धी मुद्दा जिल्ला अदालतमा दायर हुन्छ ।

३.२. कानूनी व्यवस्थाहरु

३.२.१. सूचनाको हक सम्बन्धी ऐन, २०६४,

यो ऐन तत्कालिन व्यवस्थापिका संसदबाट २०६४ साल श्रावण २ गते पारित भै ऐनको प्रमाणीकरण सभामुखबाट साउन ५ गते गरीयो । यस ऐनको दफा १ को उपदफा (२) मा प्रस्तुत ऐन प्रमाणीकरण भएको ३० औं दिनबाट लागू हुनेछ भन्ने प्रावधान बमोजिम २०६४ साल भाद्र ३ गतेबाट सूचनाको हक सम्बन्धी ऐन, २०६४ लागू भयो । ऐन लागू भएको करिब ८ महिना पछि २०६५ साल बैशाख २२ गतेको निर्णयले प्रथम पटक राष्ट्रिय सूचना आयोगको गठन भयो[१५] । नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ जारी गरी कार्यान्वयनमा ल्याईएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएका मुख्य, मुख्य र महत्वपूर्ण प्रावधानहरु मात्र निम्नानुसार उल्लेख गर्ने प्रयास गरीन्छ ।

१. परिभाषा खण्ड

ऐनको परिच्छेद १ मा केही महत्वपूर्ण शब्द शब्दावलीको परिभाषा गरिएको छ । ति निम्न रहेका छन् :

---

१३ नेपालको अन्तरिम संविधान,२०६३ को धारा २७

१४ नेपालको संविधान (२०७२) को धारा २७ को प्रतिबन्धात्मक बाक्यंश : (तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।)

१५ प्रत्येक वर्ष भदौ ३ गते लाई राष्ट्रिय सूचना दिवस र वैशाख २२ गतेलाई आयोग स्थापना दिवस मनाउने गरिएको छ । प्रथम प्रमुख सुचना आयुक्त विजय कसजु,सूचना आयूक्तहरु श्री आचार्य र सविता भण्डारी बराल नियुक्त हुनुभयो ।

'सार्वजनिक निकाय' (दफा २(क))

- संविधान अन्तरगतका निकाय,
- ऐनद्वारा स्थापित निकाय,
- नेपाल सरकारद्वारा गठित निकाय,

'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत् सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी संम्झनु पर्दछ ।(दफा २(ख))

'सार्वजनिक महत्व' भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्दछ ।दफा २(ग)

'लिखत' भन्नले लिपिवद्ध भएको जुनसुकै किसिमको लिखत संम्झनु पर्दछ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अध्यावधिक गरिएको वा मुद्रित वा पुन: प्रस्तुत गर्न सकिने श्रब्यदृश्य सामग्री समेतलाई जनाउँछ ।(दफा २(घ))

'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार संझनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामाग्री वा सो निकायको काम, कार्वाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणीत प्रतिलिपी प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भैररहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामाग्रीको प्रमाणीत नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखीएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकारलाई समेत जनाउँछ ।(दफा २(ङ))

यसका अतिरिक्त सूचना अधिकारी, प्रमुख, आयोग, प्रमुख सूचना आयुक्त, सूचना आयुक्त तोकिएको वा तोकिए बमोजिम भन्ने शब्दको परिभाषा समेत ऐनमा रहेको छ ।

२. सूचना प्राप्तीमा बन्देज

प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ[१६]।

तर सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रदान गरीने छैन[१७] ।

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गंभीर खलल पार्ने ।

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने ।

(ग) आर्थिक, ब्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ् वा व्यापारिक गोपनीयतामा गंभीर आघात पार्ने ।

(घ) बिभिन्न जातजाती वा संप्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।

---

१६ सूचनाको हक सम्बन्धी ऐन,२०६० को दफा ३ को (१)र (२)

१७ ऐ.ऐ को दफा ३ को (३)

(ङ) व्यत्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ , वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भनी सार्वजनिक निकायलाई जिम्मेवार तुल्याइएको पाइन्छ । सूचना प्रवाह गर्न मिल्ने, नमिल्ने के हो सार्वजनिक निकायको अभिलेखमा छुट्याएर प्रवाह गर्न मिल्ने सूचना अधिकारीले निवेदकलाई उपलब्ध गराउनु पर्दछ ।

३. सार्वजनिक निकायको दायित्व

नागरिकको सूचनाको हकको सम्मान र संरक्षणका लागि सार्वजनिक निकायलाई निम्नानुसार दायित्व सुम्पिएको छ[१८] ।

क. सूचना बर्गिकरण र अध्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने ।
ख. सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने ।
ग. आफ्नो काम कारवाही खुला र पारदर्शी रुपमा गर्ने ।
घ. आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

यसरी सूचना सार्वजनिक गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आम संचारका माध्यमबाट गर्नुपर्ने व्यवस्थाले भाषामा समावेशीपन र समान न्याय पनि झल्काएको छ।

४. सार्वजनिक निकायले सूचना प्रकाशन गर्नुपर्ने

सार्वजनिक निकायले यो ऐन लागू हुनु भन्दा कम्तिमा २० वर्ष अधिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना पनि अध्यावधिक गरी राख्नुपर्ने र आफ्नो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नु पर्दछ[१९]।

क. निकायको स्वरुप र प्रकृति,
ख. निकायको काम, कर्तव्य र अधिकार,
ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,
घ. निकायबाट प्रदान गरीने सेवा,
ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,
छ. निर्णयगर्ने प्रकृया र अधिकारी,
ज. निर्णय उजर उजूरी सुन्ने अधिकारी,
झ. सम्पादन गरेको कामको विवरण,
ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद,
ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

---

१८ ऐ.ऐ को दफा ४
१९ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक बिबरण,

ड. तोकिए बमोजिम अन्य विवरण ।

५. सूचना अधिकारी र सूचना प्राप्त गर्ने कार्यविधि सम्बन्धीको व्यवस्था

सार्वजनिक निकायले आफ्नो कार्यलयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने र प्रमुखले निजलाई नियमित रुपमा सूचना उपलब्ध गराउनुपर्ने तथा सूचना शाखाको व्यवस्था पनि गर्नुपर्ने हुन्छ[२०] । कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनुपर्ने हुन्छ भने तत्काल उपलब्ध हुने सूचना तत्कालै दिनुपर्छ र तत्काल दिनसक्ने भए १५ दिन भित्र सूचना उपलब्ध गराउनु पर्दछ[२१] । व्यक्तिको जिउ ज्यान सँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलब्ध गराउनु पर्दछ । सूचनाको स्रोत विग्रने, भत्किने, विग्रिने स्थिती छ भने कारण खोली उपयुक्त स्वरुप उपलब्ध गराउनु पर्दछ । कुनै काम कारवाही, लिखत, अवलोकन वा अध्ययनको लागि निवेदन दिएको भए मनासिव समय पनि प्रदान गर्नुपर्दछ । आफ्नो निकायसँग असम्बन्धित सूचना भाग गरेको भए सोको जानकारी पनि निवेदकलाई तुरुन्त दिनुपर्दछ । निवेदकले सूचना लिन दस्तुर तिर्नुपर्ने रहेछ भने निवेदकले पनि सो दस्तुर तिर्नुपर्दछ[२२] ।

सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा अंशिक सूचना दिएमा सो पाएको मितिले ७ दिन भित्र प्रमुख समक्ष उजूरी दिन सकिने व्यवस्थाका साथै प्रमुखले त्यस्तो भएको देखिएमा जाँचबुझ गरी सूचना अधिकारीलाई विभागीय कारबाही गर्न सक्छ । जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले कारण खोली निवेदकलाई जानकारी दिनुपर्दछ[२३]। प्रमुखले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र सूचना आयोग समक्ष पुनरावेदन दिन पाऊँछ । त्यस्तो पुनरावेदन परेमा आयोगले प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, लिखत पेश गराउन, साक्षी प्रमाण बुझन वा सार्वजनिक निकायबाट लिखतको नक्कल पनि झिकाउन सक्ने[२४]। पुनरावेदनको व्यहोरा मानसिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउँनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न, पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न पनि सक्दछ । सूचना आयोगले पुनरावेदन परेको ६० दिन भित्र सो पुनरावेदनमा कारबाहि गरी अन्तिम निर्णय दिनुपर्दछ[२५] ।

६. राष्ट्रिय सूचना आयोग सम्बन्धी व्यवस्था

सूचनाको हक कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय सूचना आयोगको गठन एक कोशेढुङ्गा नै सावित भएको छ । सूचनाको हक सम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गर्ने प्रयोजनका

२० सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ६
२१ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ७
२२ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ८
२३ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ९
२४ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा १०
२५ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा १० (४)

लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ[२६]। प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्तिको लागि सभामुखको अध्यक्षतामा संचार मन्त्री र नेपाल पत्रकार महासंघका सभापति सदस्य रहेको समिति रहने र सो समितिले संभव भए सम्म समावेशी सिद्धान्तका आधारमा योग्यता पुगेका योग्य व्यक्तिहरु सिफारिस गर्दछ । एकजना महिला समेत रहने सो आयोगको नियुक्ति नेपाल सरकारबाट हुन्छ । प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री समक्ष र सदस्यहरुले प्रमुख आयुक्त समक्ष सपथ लिने व्यवस्था छ । निजहरुलाई संसदको सूचना तथा संचारसँग सम्बन्धित समितिको सम्पूर्ण संख्याको दुई तिहाई बहुमतले कार्यक्षमताको, अभाव, खराब आचरण, ईमान्दारी साथ पदीय कर्तव्य निर्वाह नगरेमा हटाउन सक्छ । पदावधि पाचँ वर्ष हुन्छ र उमेर हद ६५ वर्ष रहन्छ । पुन: नियुक्ति हुन नसक्ने र पदमा पदरिक्त हुनु अगावै एक महिना अगावै नियुक्ति गर्नुपर्ने कानूनी व्यवस्था भएबाट यसलाई एक अविच्छिन्न आयोगको रुपमा परिकल्पना गरीनुलाई सूचनाको हकको महत्वलाई प्राथमिकतामा राखीएको भन्न सकिन्छ ।

७. सूचना आयोगको काम, कर्तव्य र अधिकार

सूचना आयोगको काम कर्तब्य र अधिकार निम्न रहेको पाइन्छ[२७]:

क. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखित तथा अन्य सामाग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

ख. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत तथा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने ।

ग. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

घ. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

ङ. यस ऐन बमोजिमको दायित्व पालन गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने

च. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्न ।

सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रवलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने । तोकिएको शर्तमा प्रयोग र पालना गर्ने गरी पुनरावेदनको काम कारबाही बाहेकका अन्य अधिकार प्रमुख सूचना आयुक्त, आयुक्त वा कुनै निकाय वा अधिकारीलाई अधिकार प्रत्यायोजन गर्न पनि आयोगले सक्दछ । सूचनाको गोपनीयता संरक्षण सम्बन्धमा गोप्य राख्नुपर्ने सूचना वर्गीकरण गर्न मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिव, कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ रहने एक समिति रहन्छ र सो समितिले कति वर्ष सम्म सूचना गोप्य रहने भन्ने निर्धारण गर्दछ । प्रकृति अनुसार बढीमा ३० वर्ष सम्म गोप्य रहन सक्छ, तर प्रत्येक दश बर्षमा पुनरावलोकन गरी अपडेट गरीन्छ । बर्गिकरणमा चित्त नबुझनेले पुनरावलोकनको लागि

२६ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ११

२७ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा १९

आयोगमा निवेदन दिन पाइन्छ र गोप्य राख्नुपर्ने देखिएमा सार्वजनिक गर्न आदेश दिन सक्दछ[२८] । सार्वजनिक निकायले व्यक्तिगत सूचनाहरु अनाधिकृत प्रकाशन र प्रसारण गर्नु हुदैन । सार्वजनिक निकायका कर्मचारीले पनि भष्ट्रचार, अनियमितता र प्रचलित कानूनले अपराध मानिने कार्यको सूचना दिनुपर्दछ । सूचनाको पहिचान गोप्य राखीदिनुपर्दछ । सूचनादातालाई सजाय गरेमा वा पदमुक्त गरेमा, नोक्सान पुऱ्याएमा सो बदर गरी क्षतिपूर्ति दिलाउन सक्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले सूचना नदिएमा, इन्कार गरेमा, गलत सूचना दिएमा, नष्ट गरेमा आयोगले त्यस्तो अधिकारीलाई एक हजार देखि २५ हजार रुपैया सम्म जरीवाना गरी विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्दछ । प्राप्त सूचनाको दुरुपयोग गर्नेलाई आयोगले ५ हजार देखि २५ हजार रुपैंया जरीवाना गर्न सक्छ[२९] । सूचना नदिएको, इन्कार गरेको, गलत सूचना गरेको, सूचना नष्ट गरेको कारणले क्षतिपुगेमा क्षतिपुगेको ३ महिना भित्र आयोगमा क्षतिपूर्तिको लागि निवेदन दिन सकिन्छ । बास्तविक हानीनोक्सानी विचार गरी मानसिव क्षतिपूर्ति पनि आयोगले भराईदिन सक्दछ[३०] । दफा ३२ बमोजिम आयोगले गरेको निर्णय उपर चित्त नबुझ्नेले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन लाग्छ[३१] । सूचना प्रबाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम, कारबाहीमा भने कुनै प्रकारको मुद्दा चलाइने छैन र सजाय गरीने छैन भन्ने प्रत्याभूति पनि सो ऐनमा गरिएको पाइन्छ[३२] ।

३.२.२. सूचनाको हक सम्बन्धित अन्य कानूनहरु

सूचनाको हक सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ बनेको भएतापनि अन्य धेरै ऐन, नियमहरु र संवैधानिक प्रावधानहरु सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयन सँग सम्बन्ध राख्दछन् । ति सबैको चर्चा यसमा गरीने छैन । तथापि ति सबै कानूनहरु अति महत्तवपूर्ण, अन्योन्याश्रित विषयहरु हुन् र मननीय पाठ्य सामाग्री पनि हुन्[३३] । नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ को दफा २८ ले गोप्य राख्ने र विश्वासघात् नगर्ने कुराको सपथ प्रत्येक संचालक, म्यानेजिङ, डाइरेक्टर लगायत सबै कर्मचारीले गर्नुपर्ने व्यवस्था गरेको छ[३४] । संचार संस्थान ऐन, २०२८ को दफा २८ मा पनि यस्तो व्यवस्था गरिएको पाइन्छ[३५] । दूर संचार ऐन,२०५३ को दफा १८ मा नेपाल सरकार आफैंले दूरसंचार सेवा संचालन गर्न सक्ने व्यवस्था गरेको छ भने दफा १९ मा नेपाल

---

२८ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा २७

२९ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३२(४)

३० सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३३

३१ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३४

३२ सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३६

३३ रेडियो ऐन,२०१४ (ख),आन्तरिक हुलाकवस्तु (विमा गर्ने) ऐन,२०१९ (ग) हुलाक ऐन,२०१९ (घ) राष्ट्रिय समाचार समिति ऐन,२०१९ (ङ) गोरखापत्र संस्थान ऐन,२०१९ (च) नेपाल भाषा प्रकाशन संस्था ऐन,२०२१ (छ)चलचित्र (निर्माण प्रदर्शन तथा वितरण)ऐन,२०२६ (ज) संचार संस्थान ऐन, २०२८ (झ) छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन,२०४८(ञ) प्रेस काउन्सिल ऐन,२०४८ (ट) राष्ट्रिय प्रसारण ऐन,२०४९ (ठ) श्रामजीवी पत्रकार सम्बन्धी ऐन,२०५१ (ड) दूरसंचार ऐन, २०५३ (ढ)विधुतिय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ (ण)विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ (त) रेडियो धर्मीपदार्थ (उपयोग तथा नियमन)ऐन,२०७७

३४ अनाधिकृत व्यक्तिलाई कुनै सूचना प्रसारण गर्न नदिन लगायतका गोपनीयताको सपथको व्यहोरा यसै दफा २८ सँग सम्बन्धीत अनुसूचीमा गरिएको छ ।

३५ संञ्चालक महाप्रवन्धक लगायत सबै कर्मचारीले गोप्यराख्ने र विश्वासघात नगर्ने कुराको प्रतिज्ञा गर्नुपर्ने व्यवस्था रहेको छ ।

सरकारको विषेश अधिकार अन्तरगत संकटकालीन अवस्था परि वा राष्ट्रिय सुरक्षाको कारणले खबर आदान प्रदानमा रोक लगाउनु पर्ने भएमा दूरसंचार प्रणाली अस्थायी रुपमा कब्जामा लिने, खबर टेप गर्ने, प्रसारण रोक्ने आदेश दिन सक्दछ । देशको संचार नीति अनुकूल आवश्यक निर्देशन नेपाल सरकारले दिन सक्ने व्यवस्था पनि रहेको छ[३६] । विद्युतीय कारोबार, सम्बन्धी ऐन,२०६३ ले विद्युतीय कारोबार भरपर्दो र सुरक्षित बनाउने, विद्युतीय अभिलेख, सूचना, उत्पादन, प्रशोधन, संचय, प्रवाह तथा संप्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता, विश्वसनीयता आदिका सम्बन्धमा व्यवस्था गरेको छ । विद्युतीय अभिलेखको अनधिकृत प्रयोग गर्न नियन्त्रण गर्नको लागि आवश्यक व्यवस्था गरेको छ । विद्युतीय स्वरुपमा सरकारी कागजपत्रहरु प्रकाशन गर्न सकिने, विद्युतीय स्वरुपमा कागज पत्रहरु स्वीकार गर्ने र सरकारी कार्यालयहरुमा डिजिटल हस्ताक्षरको प्रयोग लगायतको व्यवस्था पनि गरेको पाइन्छ[३७] । विज्ञापन (नियमित गर्ने) ऐन,२०७६ ले कानूनको अधिनमा रहि विज्ञापन गर्नुपर्ने, मंजुरी विना इमेल वा एस.एम.एस बाट विज्ञापन गर्न नहुने, आधिकारिक रुपमा जानकारी नभई विज्ञापन गर्न नहुने लगायतका व्यवस्थाहरु गरेको पाइन्छ[३८] ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४(क) ले मैलिक रुपमा सूचना माग गर्न सक्ने व्यवस्था गरेको छ । निरक्षर र शारीरिकरुपले लेख्न नसक्ने व्यक्ति यस्तो सूचना माग गर्न सक्दछ । त्यसैगरी नियम ५(क) ले सूचना अधिकारीले सूचना नदिएमा ७ दिन भित्र प्रमुख समक्ष उजूरी दिन सक्ने व्यवस्था पनि गरेको छ । त्यस्तो उजूरी परेमा प्रमुखले ७ दिन भित्र सूचना उपलब्ध गराउन पर्दछ । प्रमुखले सूचना नदिएमा सूचना आयोगमा १५ दिन भित्र निवेदन दिन सकिन्छ । निवेदन, पुनरावेदन आदिको सुनुवाइ गर्दा आयोगले आवश्यकता अनुसार पक्ष, विपक्षको कुरा सुनी, वकीलको बहस सुनी निर्णय दिने व्यवस्था समेत भएको पाइन्छ[३९]। यसबाट सूचनाको हकको कार्यान्वयनमा स्पष्ट कानूनी व्यवस्था भै कार्यान्वयन भएको अवस्थालाई अत्यन्त महत्वपूर्ण र सकारात्मक नै भन्न सकिन्छ । सूचना, संचार र संचार प्रविधि सम्बन्धी विभिन्न नियमावलीहरु छन्, जुन सम्बन्धित ऐन अन्तरगत बनेका छन्, ति प्रत्यक्ष वा परोक्षरुपमा सूचनाकै हकसँग सम्बन्धित छन्[४०] ।

३.२.३. सूचना प्राप्तीका अन्य प्रबन्धहरु

संविधानको धारा २७ मा उल्लेखित एकल प्रावधानले मात्रै कृयाशील हुन सक्दैन। यस सँग संविधानमा उल्लेखित अन्य व्यवस्थाहरु पनि अन्योन्याश्रित रहेका छन्। सम्मानपूर्वक बाँच्नपाउने हक अन्तरगत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ[४१] ।त्यसैगरी स्वतन्त्रताको हक अन्तरगत

---

३६ संचार संस्थान ऐन,२०२८ को दफा २०

३७ विधुतीय (इलेक्ट्रोनिक) कारोबार ऐन,२०६३ को दफा ३९,४०, ४१

३८ ऐनको दफा ५(२), दफा ९,१०, ११,१२

३९ सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ६

४०(क)आन्तरिक हुलाक बस्तु बीमा गर्ने नियमहरु,२०१९ (ख) हुलाक नियमावली,२०२० (ग) गोरखापत्र कर्पोरेशन नियमहरु,२०२१ (घ) धनादेश नियमावली ,२०३१ (ङ)हुलाक वचत बैंक नियमावली,२०३३(च) अतिरिक्त हुलाक नियमावली,२०३४ (छ) राष्ट्रिय समाचार समिति नियमावली,२०४१ (छ) रेडियो संचार (लाईसेन्स) नियमावली,२०४९ (ञ) राष्ट्रिय प्रसारण नियमवाली,२०५२ (ट) राष्ट्रिय पत्रकार नियमावली,२०५२ (ठ) श्रमजीवी पत्रकार सम्बन्धी नियमावली,२०५३ (ड) दूरसंचार नियमावली,२०५३ (ढ) मुद्रण सम्बन्धी नियमहरु,२०५५ (ण) चलचित्र (निर्माण,प्रदर्शन तथा वितरण)नियमावली,२०५७ (त) विधुतीय कारोबार नियमावली,२०६४ (थ) सूचना प्रविधि (कार्यविधि) नियमावली,२०६४,संचार पूर्वाधार नियमावली, २०७४ (घ) सूचनाको हक सम्बन्धी नियमावली,२०६४

४१ नेपालको संविधानको धारा १६(१)

कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक बैयक्तिक स्वतन्त्रताबाट बन्चित गरीने छैन । प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुन्छ[४२] ।विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायताका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामाग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाईने छैन[४३] । गोपनीयताको हक अन्तरगत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन[४४] । तर यी अधिकारहरु निरपेक्ष हुन भन्न भने सकिदैन । किनकी केही कारणहरुमा वा अवस्थाहरुमा छापाखाना तथा प्रकाशन, प्रसारणमा रोक लगाउने गरी ऐन बनाउन सकिने व्यवस्था धारा १९ मै गरिएको पाइन्छ । छापा वा संचारका साधनलाई पनि नियमन गर्न ऐन बनाउन पाइने पनि सोही धारा १९(२) मा भएको पाइन्छ । मौलिक हक अन्तरगत सूचनाको हक रहेता पनि नागरिकका कर्तव्यलाई पनि विर्सन मिल्दैन । राष्ट्रप्रति निष्ठावान, राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डताको रक्षा, संविधान र कानूनको पालना, राज्यले चाहेको बखत अनिवार्य सेवा, सार्वजनिक सम्पत्ति सुरक्षा र संरक्षण नागरिकका कर्तव्य हुन् भनी संविधानले नागरिकलाई संझाएको, झकझकाएको, स्मरण गराएको छ[४५] । कर्तवय पालना गर्ने नागरिक स्वभाविक रुपमा संवैधानिक उपचारको हकबाट पनि अवश्य वंचित हुदैनन् । मौलिकहकको प्रचलनको लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचारको हक प्राप्त हुन्छ[४६] ।

३.२.४. सूचनाको हक कार्यान्वयनका सम्बन्धमा बनाइएका निर्देशिका, कार्यविधि तथा आचार संहिताहरु :

क. सूचनाको हक सम्बन्धी अनुगमन निर्देशिका,२०७६

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम, कारबाहीमा पारदर्शिता कायम गर्न आवश्यक भएकोले नेपाल सरकारले सूचनाको हक कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७६ बनाई तत्काल जारी गरेको छ । यसले केन्द्रीय समन्वय ईकाईको व्यवस्था गरी संयोजकमा प्रधानमन्त्री कार्यालयको सचिव र सदस्य द्वयमा संचार मन्त्रालय र सूचना आयोगका सचिवलाई राखेको छ । सदस्य सचिव प्रधानमन्त्री कार्यालयका सहसचिव रहने व्यवस्था छ । यस समन्वय ईकाईले ऐन तथा नियमावलीको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन आवश्यक समन्वय तथा अनुगमन गर्ने गराउने, ऐनको दफा २७ बमोजिमको समितिलाई सूचनाको बर्गिकरण सम्बन्धी काममा सहयोग गर्ने, विभिन्न मन्त्रालय र केन्द्रीय स्तरका निकायबाट सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन भए नभएको कार्यान्वयन गर्ने, गराउने, सूचनाको हक सम्बन्धी नीतिगत विषयमा नेपाल सरकार समक्ष सुझाब पेश गर्ने, नेपाल सरकारबाट र आयोगबाट प्राप्त

४२ नेपालको संविधानको धारा १७(१) तथा धारा १७(२) क
४३ नेपालको संवधानको धारा १९ सूचनाको हक तथा १९(१)
४४ नेपालको संविधानको धारा २८
४५ नेपालको संविधानको धारा ४८
४६ नेपालको संविधानको धारा ४६

निर्देशन पालना गर्ने गराउने आदि कार्यहरु गर्दछ । मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यान्वयनमा अनुगमन इकाइ रहने, प्रदेश स्तरमा मुख्यमन्त्री कार्यालयको सचिवको संयोजकत्वमा प्रदेश अनुगमन ईकाइ रहने , जिल्ला स्तरमा पनि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन इकाई रहने व्यवस्था पनि यस निर्देशिकामा रहेको छ[४७] ।

कार्यान्वयन अनुगमन ईकाई र प्रदेश अनुगमन ईकाइले आफ्नो कार्यक्षेत्र भित्र परेको कार्यहरु सम्पन्न गरी प्रतिवेदन तयार गरी प्रत्येक तीन महिनामा आयोग तथा मन्त्रालयमा पठाउनु पर्दछ[४८] ।

ख. राष्ट्रिय सूचना आयोगको पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७२ (दोश्रो संशोधन, २०७५):-

आयोगले बनाएको यो पुनरावेदन सम्बन्धी कार्यविधि, २०७२ साल चैत्र १५ गते बाट लागू भएको हो । यसले पुनरावेदन दर्ता गर्ने प्रकृया, पुनरावेदनमा खुलाउनु पर्ने कुराहरु, सूचना अधिकारीको काम, कर्तव्यर अधिकार, पुनरावेदन प्राप्त भएपछिको प्रकृया सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । त्यसै गरी आयोगको पुनरावेदन सम्बन्धी निर्णय र आदेश सम्बन्धी कारबाही, पुनरावेदन हेर्ने सम्बन्धमा आयोग र कार्यालयको समन्वय समबन्धमा पनि उल्लेख गरेको पाइन्छ । पुनरावेदन दिने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा पुनरावेदन दिनु पर्ने, जिल्ला प्रशासन कार्यालय वा हुलाक मार्फत पनि पुनरावेदन दिन सकिने, रीत नपुगेको पुनरावेदन दरपीठ हुने, सचिवले दरपीठ गरेमा आयोगले सदरबदर गर्न सक्ने, इमेल वा फ्याक्सबाट पनि पुनरावेदन गर्न सकिने, पुनरावेदन पत्रमा नेपालको नागरिक देखिने प्रमाणका साथै हुलाक रसिद, वारीसको सहीछाप, वारेसनामा, मंजुरीनामा लगायतका आवश्यक कागजातहरुसंलग्न गर्नु पर्दछ[४९] । नियम ४ मा पुनरावेदनमा खुलाउनु पर्ने कुराहरु उल्लेख छन् ।

ऐनले तोकेको अवधिभित्र सूचना अधिकारीले कार्यालय प्रमुखले गरेको निर्णय उपर चित्त नबुझे वा तोकिएको २४ घण्टा भित्र सूचना नपाएका सूचना नपाएमा सूचना मागकर्ता नागरिकले आयोग समक्ष पुनरावेदन पेश गर्न सक्नेछ[५०] । सामान्यत : आयोगले आफू समक्ष परेको पुनरावेदन उपर माग बमोजिम सूचना दिनु भन्ने आदेश जारी गर्नुपूर्व सम्बन्धित निकायलाई स्पष्टीकरण दिने मौका स्वरुप पुनरावेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने कुनै कारणभए सोको सवुदप्रमाण सहित बाटोको म्याद बाहेक आयोगले तोकेको मिति भित्र लिखित जवाफ पेश गर्न विपक्षीलाई पुनरावेदनको प्रतिलिपी संलग्न गरी जानकारी गराई नियमानुसार पेश गर्नु भन्ने आदेश जारी गर्न सक्नेछ[५१] । सामान्यत : आयोगबाट प्रारम्भिक आदेश जारी भै पत्राचार गरेको ६ महिना अवधि सम्म पनि पुनरावेदकले सूचना नपाएको भनी पुन: निवेदन वा उजूरी वा पुनरावेदन नगरेमा उक्त मिसिल तामेलीमा राख्न सक्नेछ[५२] ।

---

४७ सूचनाकोहक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका नियम ४,५,६
४८ सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिकाको नियम ७
४९ पुनरावेदनको कारबाही किनारा गर्ने कार्यविधि,२०७२ को नियम ३
५० पुनरावेदनको कारबाही किनारा गर्ने कार्यविधि,२०७२ को नियम (४)(क)
५१ पुनरावेदनको कारबाही किनारा गर्ने कार्यविधि,२०७२ को नियम (६)(६)
५२ पुनरावेदनको कारबाही किनारा गर्ने कार्यविधि,२०७२ को नियम (६)(७)

ग. सरकारी निकायले स्वत: प्रकाशन (Pro-active Disclosure) गर्नुपर्ने विवरण सम्वन्धि निर्देशिका, २०७१

सूचनामा नागरिकको पहुँच बढाउन यस्तो निर्देशिका बनाएको देखिन्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था रहेको छ । यसका लागि ऐनको दफा ११ को उपदफा (१) मा सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने काममा लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरिएको छ । विभिन्न २७ वटा दफाहरुमा व्यवस्थित यो निर्देशिकामा सरकारी निकायले गर्ने काम कारबाही सेवा दस्तुर खर्च विवरण निवेदन प्रतिवेदन दिनुपर्ने कुराहरु नागरिक वडापत्रको व्यस्थापन काम गर्न लाग्ने समय सम्पर्क अधिकारी लगायतका सरकारी निकायले उपलब्ध गराउने सेवा र सेवाग्राहीको जानकारीका लागि अवश्यक सूचना जानकारी पूर्वरुपमा प्रकाशन गर्नुपर्ने र विभिन्न २० वटा शीर्षकका सूचनाहरु ३/३ महिनामा विस्तृत सूचना प्रवाह गर्नु अनिवार्य दायित्व[५३] व्यवस्था समेटिएका छन् ।यसका अतिरिक्त सूचना विवरण सार्वजनिक गर्ने ढाँचा, सूचना मात्र गर्ने ढाँचा पुनरावेदन ढाँचा पुनरावेदन ढाँचा लगायतका अनुसूची समेतका व्यवस्थाहरु नियमावली र निर्देशिकाबाट व्यवस्थित गरिएको देखिन्छ भने राष्ट्रिय सूचना आयोग मार्फत सूचनामा नागरिकको पहुँच स्थापित गर्न महत्वपूर्ण कार्यहरु भएका छन् ।

४. अनुसन्धान अभियोजन सम्बन्धी कार्यको सूचना / जानकारी

४.१. अपराध पीडितलाई सूचना

फौजदारी मुद्दामा सूचनाको हकलाई कार्यान्वयन गर्ने सम्बन्धमा अपराध पीडित संरक्षण ऐन, २०७५ ले गरेका निम्न व्यवस्था मननीय देखिन्छन् :

- अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबहाहीको सिलसिलामा गोपनीयताको अधिकार ।
- अनुसन्धान सम्बन्धी सूचना पाउने अधिकार ।
- अभियोजन सम्बन्धी सूचना पाउने अधिकार ।
- न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकार ।
- सुरक्षित हुन पाउने अधिकार ।
- सम्बन्धित अधिकारी समक्ष धारणा व्यक्त गर्न पाउने अधिकार ।
- कानून व्यवसायी राख्ने अधिकार र सुनुवाइमा सहभागी हुने अधिकार ।
- अदालतको आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन गर्ने सिलसिलामा सूचना पाउने अधिकार ।
- क्षतिपूर्ति सम्बन्धी जानकारी र सामाजिक पुनस्थापनाको अधिकार ।

५३ स्वत: प्रकाशन गर्नपर्ने निर्देशिकाको दफा २७

४.२. अपराध अनुसन्धान सिलसिलाका अत्यावश्यक सूचना प्राप्तिका माध्यम

यस सम्बन्धमा सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ को परिच्छेद ६(ख) ले सम्पत्ति तथा कोष रोक्का सम्बन्धी विषेश व्यवस्था गरेको छ । ऐनको दफा २९ (ङ) मा आतंककारी क्रयाकलापमा संलग्न व्यक्ति, समूह वा संगठन वा आम विनाशमा हात हतियारको निर्माण तथा विस्तार वा त्यसमा लगानी गर्ने व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने सम्बन्धमा संयूक्त राष्ट्र संघको सूरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचिकृत भएका व्यक्ति संगठनको अध्यावधिक सूचि परराष्ट्र मन्त्रालयले अबिलम्ब आफ्नो वेबसाईटमा राखी सो को जानकारी विद्युतीय माध्यमबाट गृह मन्त्रालयमा पठाउनु पर्ने छ भनी व्यवस्था गरेको छ । सोही ऐनको दफा २९ (च) ले उक्त संगठनको सम्पत्ति रोक्का राखी दिन अन्य मुलुकबाट लेखी आएमा परराष्ट्र मन्त्रालयले गृह मन्त्रालयलाई जानकारी दिनुपर्ने व्यवस्था गरेको छ । यसबाहेक

- Interpol ले अन्तरदेशिय अपराध तथा संगठित अपराधमा सूचना आदान प्रदान गरी आएको छ । Interpol को माध्यमबाट १९४ राष्ट्रको प्रहरी बिचसूचना र कागजको आदान प्रदान गर्ने गरिएको पाइन्छ ।
- पारस्परिक कानूनी सहायता ऐन, २०७० अनुसार पनि प्रमाण उपलब्ध गराउन अनुरोध गर्न सकिन्छ । म्यादका न्यायिक लिखतहरु तामेल गर्न अनुरोध गर्न सकिन्छ ।
- सपुर्दगी ऐन, २०७० को दफा ७ बमोजिमको अनुरोध प्राप्त भएमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सो अनुरोध साथ प्राप्त विवरण, कागजात तथा प्रमाण सहित सपुर्दगी सम्बन्धमा आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा लेखी पठाउनु पर्छ ।
- फरार अभियुक्त वा कसूरदरलाई सपुर्दगी गर्न नेपाल सरकारले अन्य मुलुकलाई कुटनितिक माध्यमबाट अनुरोध गर्न सक्छ ।
- अपराध अनुसन्धान र सूचना प्रवाहमा Interpol, UNODC (United Nations office on Drug and Crime), FATE (Financial Action Task Force), United Nations, SAARC, EUROPOL, BIMSTEC जस्ता संस्थाहरुको पनि महत्वपूर्ण भूमिका रहन्छ ।
- विभिन्न राष्ट्र सँग गरीने MLA र MOU का आधारमा सूचना आदान प्रदान ।
- राष्ट्रिय/ अन्तराष्ट्रिय सामाजिक संजालहरु ।
- CITES, 1973 (convention on International trade in endangered species of wild fauna and flora)को भुमिका बन्यजन्तु सम्बन्धी अपराधको सूचना प्रबाहमा सहयोग ।

४.३. प्रतिवादी वा अभियुक्तसँग सम्बन्धित सूचनाको कार्यान्वयन तर्फ हेर्दा

- पक्राउ पूर्जि, छापा वा विद्युतीय माधयमबाट म्याद तामेल गर्न सकिने व्यवस्था, विदेशमा रहे बसेका अभियुक्त उपर म्याद तामेल गर्न सकिने व्यवस्था ।
- पक्राउ पूर्जिको म्याद समापत भएको भोलि पल्ट देखि लागू हुने गरी अदालतले सम्बन्धित अधिकारी वा अड्डालाई सूचना जानकारी दिनु पर्छ ।
- वयान गराउँदा अभियुक्तलाई Miranda Card, 1966 का सम्बन्धी (चुप लाग्ने अधिकार..... आदि) जानकारी दिनु पर्छ ।

५. सूचनाको हक सम्बन्धी न्यायिक दृष्टिकोण

सूचनाको हकका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट महत्वपूर्ण व्याख्या सहित फैसला भएका छन् । केही फैसलाहरु निम्नानुसार संक्षिप्तमा उल्लेख गरिएको छ ।

१. बालकृष्ण न्यौपाने विरुद्ध प्र.मं गिरीजा प्रसाद कोईराला समेत[५४]

यस मुद्दामा नेपालका प्रधान मन्त्रीको भारत भ्रमणका समयमा टनकपुर बाँध सम्बन्धी सम्झौता भएको भनी २०४८।०९।०८ मा नेपाल राजपत्रमा प्रकाशन भएको थियो । तर यो सम्झौता होइन र सन्धि भएकाले संसदको दुई तिहाई बहुमतले परिणत हुनुपर्ने भनी रिट निवेदक लगायतका नेपाली नागरिकले जानकारी पाउनुपर्छ यो देशलाई नै दीर्घकालीन असरपार्ने विषय हो, सार्वजनिक महत्वको हो भनी व्याख्या भयो ।

२. राधेश्याम अधिकारी विरुद्ध श्री ५ को सरकार[५५]

यसमा राजदूत नियुक्त गर्दा श्री ५ र श्री ५ को सरकार बीच के परामर्श भयो, श्री ५ को सरकारले के सिफारिस गरेको थियो ? जानकारी पाँउ भनी रिट निवेदन परेको थियो । अदालतले व्याख्या गर्दा राजा र प्रधान मन्त्री बीच के छलफल, सल्लाह भयो, सो कुरा निवेदकले जानकारी पाउनुपर्ने विषय होइन । यसमा रिट निवेदकको सार्थक सम्बन्ध तथा सारभूत स्वार्थ (Meaningful Relationर substantial Interest) देखिनुपर्छ, त्यस्तो अवस्थामा नहुँदा रिट खारेज हुन्छ भनी व्यवस्था भयो । PIL (Public Interest Litigation) र Right to Information बीच को सम्बन्ध रहन्छ भन्ने पनि स्पष्ट व्याख्या भयो ।

३. गोपाल शिवाकोटी समेत विरुद्ध श्री ५ को सरकार अर्थ मन्त्रालय समेत[५६]

यसमा अरुण तेश्रो सँग सम्बन्धित कागजात तथा जानकारी सार्वजनिक जानकारीका विषय भएकोले रिट निवेदकले माग्ने हकदैया राख्ने हुँदा जानकारी दिनु भनी निवेदकको उपचारका लागि आठ बूँदे निर्देशन (guidelines) पनि सर्वोच्च अदालतबाट उल्लेख गरी व्याख्या भयो । तत्काला संविधानको धारा १६ को सूचनाको हक र धारा १२(२)क को विचार र अभिव्यक्तिको स्वतन्त्रता समेतमा स्पष्ट उल्लेख भयो सर्वोच्च अदालतको व्याख्यामा ।

४. काशी दाहाल विरुद्ध मन्त्रीपरिषद् सचिवालय समेत[५७]

यसमा लुम्बिनी विकास कोषले मायादेवी मन्दिरमा रहेका पिपलका रुख काट्ने र मन्दिरलाई स्थानान्तरण गर्न तयारी गरीरहेको भन्ने 'राष्ट्रपुकार' तथा नेपाल जागरण पत्रिकाबाट जानकारी भएकोले रोकिपाऊँ भनी रिट दायर गरेकोमा ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका विषय सर्वसाधरणका जानकारीका र सार्वजनिक महत्वका विषय हुन्, सर्वसाधारणले जानकारी लिन पाऊँछन् भन्ने व्याख्या

---

५४ सर्वोच्च अदालत, बुलेटीन वर्ष १.अक १ (१९९२)

५५ ने.का.प २०४८, पृष्ठ ८१०

५६ ने.क.पा २०५१ पृष्ठ २५५

५७ काशिनाथ दाहाल विरुद्ध मन्त्रिरिषद सचिवालय (सर्वौच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी केही महत्त्वपूर्ण नजीरहरु,भाग १० खण्ड क,पृष्ठ-४८१)

भयो । यस भन्दा अगाडि व्यक्तिको सार्थक सम्बन्ध रहनुपर्छ भन्ने व्याख्या भएकोमा यसमा त्यस्तो व्यक्तिलाई मात्र होइन,सबै नागरिकले जानकारी पाउने गरी सूचनाको हकको व्याख्या भयो ।

५. महेशकुमार नेपाल विरुद्ध निर्वाचन आयोग[५८]

यसमा स्थानीय स्तरको प्रथम खण्डमा भएको चुनावको नतिजा दोश्रो खण्डको चुनाव सम्पन्न नभएसम्म प्रकाशन नगर्नु भन्ने निर्वाचन आयोगको निर्णयलाई चुनौती दिइएको थियो । यसरी परिणाम प्रकाशन गर्न रोक्न मिल्दैन । राष्ट्रिय प्रसारण ऐनले निर्वाचन आयोगलाई यो अधिकार प्रदान गर्दैन ।सूचनाको हक सम्बन्धी धारा १६ ले सूचनाको हक अन्तरगत प्रकाशन गर्नुपर्छ भन्ने व्याख्या भयो।

६. ध्रुवलाल श्रेष्ठ विरुद्ध रेवतिरमण खनाल[५९]

यसमा राजदरबारको बायुदेवता गुठीको जमीन दुरुपयोग भएको छ,कहाँ कहाँ के कति जग्गा छ भनी सूचना माग गरेकोमा नदिएकोले सूचना (जानकारी) पाऊँ भनी माग गरेकोमा रिट निवेदक गुठीसँग सम्बन्धित नभएको र यो गुठीको विषय सार्वजनिक महत्वको पनि नभएको भनी रिट निवेदन खारेज भयो ।

७. रविराज भण्डारी विरुद्ध प्र.मं मनमोहन अधिकारी[६०]

यस मुद्दामा प्रतिनिधिसभाको बघटन गर्ने बिषय सार्वजनिक सरोकार भित्रपर्ने सार्वजनिक महत्वको बिषय भएकोले जानकारी दिनुपर्ने भन्ने व्याख्या भयो ।

८. योगी नरहरीनाथ विरुद्ध प्र.मं गिरीजा प्र.कोइराला[६१]

यसमा राष्ट्रको प्राकृतिक स्रोत नेपाली जनताको साझा सम्पदा हुन् । यी विषय आर्थिक विषय र वातावरण संरक्षण सँग सम्बन्धित सार्वजनिक महत्वका विषय हुन् । मेडिकल कलेजलाई जग्गा उपलब्ध गराई त्यहाँका महत्वपूर्ण रुख काट्न मिल्दैन भन्ने व्याख्या भयो ।

९. सुवर्ण पोखेल विरुद्ध श्री ५ को सरकार, गृह मन्त्रालय समेत[६२]

राष्ट्रिय अनुसन्धान विभागको ईन्सपेक्टरबाट बर्खास्त गरेकोले सोको कारण जानकारी पाऊँ भनी दायर भएको रिटमा विशेष सेवा ऐनले राष्ट्रिय सूरक्षा सँग सम्बन्धित विषयमा नेपाल सरकारले बनाएको नियम प्रकाशन गर्न नपर्ने हुनाले नियम प्रकाशित नभएकोले रिट खारेज भयो ।

१०. मोहनमणी दाहाल विरुद्ध न्याय परिषद्[६३]

यसमा आफू रा.प. प्रथम श्रेणीको न्याय सेवाको अधिकृत भएकोमा पुनरावेदन अदालतको अस्थायी न्यायाधीशमा नियुक्त गर्नुपर्ने कारण के हो भनी रिट निवेदन दिएकोमा न्यायपरिषद्को सिफारिस अनुसार राजाबाट नियुक्त हुने पद न्यायधीशको नियुक्तिको प्रथम अदालतमा उठाउन मिल्दैन ।

---

५८ फैसला मिति २०५४/०२/०८

५९ Nepal Law Review (1991)

६० Nepal Law Review (1995) स्वर्ण महोत्सव विशेषाङ्क

६१ योगी नरहरिनाथ विरुद्ध प्र.मं गिरीजा प्र.कोइराला

६२ Nepal Law Review 312 (1997)

६३ स.अ.को २७ डिसेम्बर १९९७ को फैसला, अप्रकाशित (डा.रामकृष्ण तिमलसेना लिखित Right to Information बाट सभार)

यसलाई धारा १६ ले पनि संरक्षण गरेको र निजले एक महिना भित्रमा नियुक्ति नलिएकोले निज सो पदमा नरहेबाट रिट जारी नहुने फैसला भयो ।

११. अधिवक्ता माधव कुमार बस्नेत समेत विरुद्ध श्री ५ को सरकार, सूचना मन्त्रालय समेत[६४]

एफ.एम प्रकाशनलाई सरकारले दिएको निर्देशन संविधान तथा कानूनको भावना विपरित भएको । विधायिकाद्वारा निर्मित कानूनले मात्र संविधान तथा कानूनको परिधि भित्र रहेर मात्र मनासिव बन्देज लगाउन सकिनेमा श्री ५ को सरकार द्वारा जारी गरिएको निर्देशनमा उल्लेखित शर्तहरुले संविधान प्रदत्त नागरिकहरुले विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकमा संविधान तथा कानूनको भावना विपरित बेमानसिव रुपमा बन्देज लगाएको देखिन आएकोले मन्त्रीस्तरबाट निर्णय भएको सो शर्त तथा निर्देशनहरु बदर हुने ।

१२. साप्ताहिक छलफल पत्रिकाको तर्फबाट र आफ्नो हकमा समेत प्रधान सम्पादक तथा प्रकाशक गोपाल थपलिया समेत विरुद्ध अधिवक्ता एकराज वास्तोला[६५]

सच्चाई प्रकाशन गरेकोमा पनि क्षमा याचना नगरेकोले प्रकाशित लेख अपहेलना गर्ने किसिमबाट प्रकाशित भएको देखिने ।

अपहेलना गरेको ठहऱ्याएको पुनरावेदन अदालत, हेटैंडाको फैसला मिलेकै देखिँदा सदर हुने । तर सजायको हकमा उक्त पत्रिकाले सच्चाएको भनी अर्को अंकमा समाचार प्रकाशित गरेको देखिएकोले सो समेतका परिप्रेक्षमा जरीवाना चर्को पर्ने देखिँदा प्रतिव्यक्ति रु.१००/-मात्र जरीवाना हुने ।

१३. नेपाल पत्रकार महासंघबाट अख्तियार प्राप्त एवं आफ्नो हकमा बिनोद ढुंगेल विरुद्ध श्री ५ को सरकार,प्र.मं तथा मं.पं. कार्यालय समेत[६६]

राष्ट्रिय प्रसारण ऐन,२०४९ को दफा ७ ले राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एकपटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घट्ना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण गर्न रोक लगाउने गरी व्यवस्था गरेकोमा राष्ट्रिय प्रसारण नियमावली,२ ०५२ को नियम ८ को खण्ड (च) युद्ध वा संकटकालीन समयमा मंन्त्रालयले कुनै खास कार्यक्रमहरु मात्र प्रसारण गर्नुपर्ने भनी तोकिएको शर्त ऐनको दफा ७ को ले गरेको कानूनी व्यवस्था विपरित भई प्रत्यायोजित विधायन सम्बन्धी सिद्धान्त अनुकूल समेत रहेको नदेखिने।

१४. फ्रिडम फोरमको तर्फबाट अधिवक्ता ऋषिराम धिमिरे विरुद्ध प्रधानमन्त्री तथा मं.प कार्यालय समेत[६७]

नविकरण नगर्नुको अर्थ स्वभाविक रुपमा प्रसारण रुपमा प्रसारण संस्था पूर्ण अवस्थामा रहन गएको हुन्छ । जो कृयाशील रहन नसक्ने अवस्थामा पुग्दछ । त्यसैले नविकरण गर्ने प्रकृयाको सम्बन्धमा

---

६४ पूर्ण ईजलास,२०५७ रीट नं ३४५२ ने.का.प२०५८ अंक ७/८निर्णय नं ७०१८ पृष्ठ ३९२

६५ सर्वोच्च अदालत बुलेटीन,वर्ष ११,अंक १४ पृष्ट १५

६६ ने.क.पा २०६३, अंक ३, निर्णय नं ७६६० पृ.३०१

६७ ने.क.पा २०६७ अंक २, निर्णय नं ३०७ पृ १६४

नियमन गर्ने यस्तो प्रकृतिको व्यवस्थालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५ मा रहेको प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धीहकको ब्यवस्था प्रतिकूल रहेको मान्न नमिल्ने।

१५. अधिवक्ता विनोद कार्की विरुद्ध सं प्रधानमन्त्री शेरबहादुर देउवा समेत[६८]

निवेदकले माग गरेको राजदरबारबाट जारी भएका प्रधान मंन्त्री नियुक्ति लगायतका सूचनाहरु पनि नेपाल राजपत्रमा प्रकाशित हुने र उक्त सूचनाबाट निवेदन तथा आम नागरिकले सो सम्बन्धी जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा निवेदकले माग गरे अनुरुप निवेदकलाई सूचनाको हकबाट वंचित गरेको वंचित गरेको भन्ने अवस्था नहुँदा कारबाही अगाडी बढाउन नपरि कारण देखाउ आदेश जारी नहुने ।

१६. ए.आर.टि.आई.(आरती) का अध्यक्ष तथा आफ्नै तर्फबाट डा.रामकृष्ण तिमिल्सेनासमेत् विरुद्ध नेपाल सरकार, प्र.म.तथा म.प.का. समेत[६९] उत्प्रेषण तथा परमादेश (विशेष इजलास)

राष्ट्रिय सुरक्षा, व्यक्तिगत एवम् व्यापारिक गोपनीयताजस्ता कुराको संरक्षण हुने प्रकृतिका सीमित सूचनाहरु मात्र प्रवाह गर्न नमिल्ने गरी सूचना वर्गीकरण गर्नु पर्नेमा हचुवा तवरबाट पुरै विषयलाई समेटी वर्गीकरण गर्नु संविधान, ऐन, लोकतान्त्रिक मूल्य मान्यता विपरित रहेको हुदा मुख्य सचिबको अध्यक्षतामा गठित सूचना वर्गीकरण समितिको मिति २०६८।०८।२६ को गैर संवैधानिक र गैर कानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पुन वर्गीकरण गर्नु भनी परमादेश जारी गरी पाऊँ भन्ने निवेदनमा निम्न आदेश जारी भएको छ :

संविधानको धारा २७ को सूचनाको हकसम्बन्धी व्यवस्था निरपेक्ष मौलिक हक नभई कानूनले निर्दिष्ट गरेबमोजिम त्यसको प्रयोग र उपभोग गर्न पाउने हक भएकोले कानूनबमोजिम सार्वजनिक सूचनाको सदुपयोग गर्नुपर्ने हुन्छ । यसको दुरूपयोग हुने गरी वा जथाभावी वा आफूखुसीरूपले प्रयोग गर्न मिल्ने देखिँदैन । कुनै कुराको दुरूपयोग हुन्छ भने त्यसले समाजको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका विविध पक्षमा नकारात्मक असर पार्ने भएकोले सार्वजनिक निकायबाट प्राप्त सूचनाको दुरूपयोग भएमा त्यसले पनि समाजको विविध पक्षमा नकारात्मक असर पार्न सक्ने हुँदा यसको दुरूपयोग हुनु हुँदैन भन्ने कुरामा कुनै विवाद रहन नसक्ने ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१ को मूल उद्देश्य नै सूचनाको दुरूपयोग गर्न नहुने भन्ने देखिएको र सो दफाले सूचनाको सदुपयोग गर्नमा कुनै प्रतिबन्ध लगाएको स्थितिसमेत देखिन नआएकोले निवेदन मागबमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१(१) र (२) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ सँग बाझिएको देखिन नआउने ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरू विद्यमान रहेको स्थितिमा मात्र त्यस्ता सूचनाहरू गोप्य राख्न सकिने गरी दफा २७(१) बमोजिमको समितिले वर्गीकरण गर्न सक्ने भए पनि सो दफा ३(३) को कुन खण्डअनुसार गोप्य राख्नु पर्ने हो भन्ने कुरा सो समितिको निर्णयमा खुलेको देखिँदैन । यस्तै सो समितिले सार्वजनिक सूचना गोप्य राख्ने गरी वर्गीकरण गर्दा कति अवधिसम्म गोप्य राख्नुपर्ने हो सो अवधिसमेत खुलाउनु पर्ने व्यवस्था दफा

---

६८ स.अ बुलेटिन वर्ष १३ अंक ६ पृष्ठ २३ (ने.का.प २०६२ अंक २ निर्णय नं ७४९२ पृष्ठ १४०)

६९ ने.क.पा २०७३,अंक १,निर्णय नं ९५२१

२७(२) मा रहेकोमा सो कानूनी व्यवस्थाबमोजिम के कति अवधिसम्म गोप्य राख्नुपर्ने हो भन्ने कुरा पनि सो निर्णयमा खुलेको नदेखिने ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (१) को खण्ड (ख) मा सम्बन्धित मन्त्रालयको सचिव सदस्य हुने व्यवस्था रहेकोमा कुन मन्त्रालयका सचिव के कस्तो आधारमा सदस्य भएका हुन् भन्ने र खण्ड (ग) अनुसारको सदस्य के कसरी तोकिएको भन्ने नदेखिनुका साथै सो ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यवस्थाहरू मध्ये के कुन अवस्था परी सूचना गोप्य राख्नु परेको हो र दफा २७(२) बमोजिम कति अवधिका लागि गोप्य राखीने हो भन्ने सम्बन्धमा केही उल्लेख नगरी भएको वर्गीकरण समितिको मिति २०६८।८।२६ को निर्णय र सो निर्णयका आधारमा जारी भएको मिति २०६८।१०।१ को पत्रसमेत कानूनसम्मत देखिन नआउनेभनी उत्प्रेषण र परमादेश जारि भएको छ ।

१७. प्रेमकुमार राई वि. राष्ट्रिय सूचना आयोग[७०]

यस आदेशमा अदालतको निम्न दृष्टिकोण रहेको छः

लोकतन्त्र भनेको खुला समाजमा विश्वास राख्ने राजनीतिक आस्थाको धरोहर हो । सुसूचित नागरिक नै प्रजातान्त्रिक सरकारको शक्ति र बल हो । कानूनले गोप्य राख्नु पर्ने भनी स्पष्ट रुपमा तोकेका संवेदनशील विषय बाहेक लोकतन्त्रमा अन्य सम्पूर्ण कुराहरु खला हुन्छन । यसो भएमा मात्रै लोकतान्त्रिक मुलुकमा पारदर्शिता कायम भई नागरिकले सुशासनको अनुभूति गर्न पाउने हुन्छन । प्रजातान्त्रिक राज्य राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै थाहा पाउने हक राख्दछन् । सरकारले आफूले गरेको काम कारवाहीको प्रतिक्रिया जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा राज्यका हरेक निर्णयप्रति जनता सुसूचित हुन अति आवश्य हुन्छ । लोकतन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने संविधान र कानूनले तोकेका केही गम्भीर विषय बाहेक अन्य विषय सरकारले नागरिकलाई सूचना उपलब्ध गराई पारदर्शी बन्न पर्छ, गुपचुप र गोप्य राख्नु हुँदैन ।

राज्यमा काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले संविधानमा मौलिक हकको रुपमा र छुट्टै सूचनाको हक सम्बन्धी ऐन, आएको अवस्था छ । यसरी राज्यका काम कारवाही खुला पारदर्शी र लोकतान्त्रिक पद्धतिबाट भए नभएको मापन गर्ने कसीमा सार्वजनिक महत्वको सूचनामा नागरिकका पहुँचको अवस्था कस्तो रहेको भनेर हेर्ने गरीन्छ । रिट निवेदक मन्त्रालय आफै एउटा सार्वजनिक निकाय भएको जहाज खरिद सम्बन्धी नेपाल र चीन सरकारवीच २९ नोभेम्बर २०१२ मा भएको अनुदान तथा खरिद सम्झौताको बारेमा सूचना मागकर्ता राजु ढकालले जानकारी माग गरेकोमा त्यस मन्त्रालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख (सचिव) ले सूचना नदिएको अवस्थालाई राज्यका कामकारवाही खुला र पारदर्शी भएको भन्ने

७० रिट नं०७३-WO-०११५ आदेश मिति २०७४।४।१६

देखिँदैन । निवेदक मन्त्रालयको उक्त कार्य नेपाली नागरिकको संविधान प्रदत्त सूचनाको हकलाई कुण्ठित पार्ने प्रकृतिको भएको देखिन्छ ।

तसर्थ माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं विवेचना समेतको आधारमा रिट निवेदक संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यालय प्रमुख जस्तो सार्वजनिक पदमा रहेको पदाधिकारीले नैतिक जिम्मेवारी बहन गरी आयोगको आदेश बमोजिम सूचना मागकर्ता राजु ढकाललाई नेपाल सरकार र चीन सरकार बीच २९ नोभेम्बर २०१२ मा भएको अनुदान तथा खरिद सम्झौताको सूचना उपलब्ध गराउनु पर्नेमा सो नगरी विपक्षी आयोगको सूचना उपलब्ध गराउनु भन्ने आदेशलाई चुनौती दिँदै नेपाली नागरीलाई संविधानप्रदत्त सूचनाको हकबाट बञ्चित गर्ने गराउने गलत मनसाय लिई दायर गरेको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

६. सूचनाको हक कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगको भूमिका

सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आएको विगत १३ वर्षको अवधिमा राष्ट्रिय सूचना आयोगले नागरिकलाई सुसूचित तुल्याउन, सुशासन अभिवृद्धि गरी राष्ट्रिय सम्वृद्धिलाई मद्दत गर्न, पारर्दर्शिता अभिवृद्धि गर्न एवं विकृति, विसँगति तथा भ्रष्टाचारमा कमी ल्याउन पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । ट्रान्सपेरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनले भ्रष्टाचारको सूचंकाकमा नेपाल केही माथी उक्लिन सफल भएको छ । आयोगबाट भएका महत्वपूर्ण फैसलाहरुले वेथिति र अनियमितता अन्त्य गर्न र सुशासन अभिवृद्धि गर्न सघाउ पुऱ्याएका छन् । आयोगबाट भएका फैसलाहरुको विगत ११ वर्षको तथ्याङ्क निम्नुसार देखिन्छ :

आ. व	पुनरावेदन, उजूरी तथा निवेदनको संख्या	फर्छ्यौट	बाँकी	प्रतिशत
२०६५/०६६	१२	११	१	९१.६७
२०६६/०६७	३९	२९	१०	७४.३६
२०६७/०६८	४७	२२	२५	४६.८१
२०६८/०६९	१३६	९०	४६	६६.१८
२०६९/०७०	२६०	१९९	६१	७६.५५
२०७०/०७१	४७०	४०९	६१	८७.०२
२०७१/०७२	७७७	७६५	१२	९८.४५
२०७२/०७३	६७८	६७४	४	९९.४१
२०७४/०७५	११७६	११७५	१	९९.९९
२०७५/०७६	११४४	११४४	०	१००

(स्रोत:राष्ट्रिय सूचना आयोगको २०७५-२०७६ को वार्षक प्रतिवेदन)

राष्ट्रिय सूचना आयोगको गठन तथा ऐन कार्यान्वयनको १२ वर्ष कै अवधिमा पनि बेथिति र अनियमितता अन्त्य गर्दै सुशासन अभिवृद्धि गर्न आयोगका केही फैसला सहायक सिद्ध भएका छन् । जस्तो कि नक्कली मूल्य अभिवृद्धि कर सम्बन्धी प्रतिवेदन सार्वजनिक भएबाट भ्रष्टाचारमा दण्डभागी भइन्छ भन्ने देखियो । दुई देश बीच भएका सन्धि, संझौता, नागरिकलाई दिन आदेश भएको, चाइनिज जहाज खरीद सम्बन्धी फैसला, आयल निगमको कुपन वितरण सम्वन्धि विवरण सार्वजनिक, राजनीतिक दलहरुलाई सूचना अधिकारी तोक्न आदेश, लोकसेवा आयोग लगायतलाई प्राप्ताङ्क दिनुपर्ने आदेश, दश हजार जनताको भेरिफाईड हस्ताक्षर दिन निर्वाचन आयोगलाई आदेश, उत्तर पुस्तिका हेर्न दिने फैसला, कार्य संपादन मूल्याङ्कनको अंक हेर्न दिनु भन्ने, निजी क्षेत्र, प्रतिष्ठानले पनि सूचना दिनू भन्ने आदेश, धर्म पुत्रको अवस्था बारेमा बाबुआमालाई जनाकारी दिनू भन्ने आदेश, सहकारीको धितो, सावा व्याजबारे जानकारी दिनु भन्ने आदेश, सिंहदरबार भित्र रहेका कार्यालयको सूचनामा जनताको पहुँच पुऱ्याउन आदेश, सूचना प्रवाह गर्नको लागि सूचना मागे पनि सूचना दिनू भन्ने आदेश, सूचनामा दाताको संरक्षण सम्बन्धी फैसला, आदि भएबाट सूचनाको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण कामहरु भएका छन् ।

७. सूचनाको हकको कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु

७.१.समस्याहरु:

- अझै पनि ३९ वटा भन्दा वढी कानूनहरुले गोप्नीयताको स्पथ लिने व्यवस्था गरेको छ । ३२ वटा भन्दा बढी कानूनले कार्यालयका गतिविधि गोप्य राख्ने गरी व्यवस्था गरेका छन् ।
- गोप्यता नै प्रशासनिक संस्कृति जस्तो भएको छ । सूचना प्रबाह राम्रो गरेको आधारमा कर्मचारीको मूल्याङ्कन हुने प्रवृत्ति छैन ।
- कार्यालयको विकृति ढाकछोप गर्न पनि गोप्यतामा ध्यान दिने गरिएको छ, जुन कानून अनुरुप होइन।
- कानूनले तोके अनुसार सरकारी निकायका कार्यक्रम र कार्यहरु प्रकाशन गर्ने गरिएको छैन ।
- सूचना प्रबाहमा पनि कार्यविधिगत एकता छैन । कर्मचारीहरुलाई त्यस प्रकारको तालिम दिइएको छैन।
- सूचनाको हक सम्बन्धी नागरिक शिक्षाको व्यवस्था छैन ।
- आम संचारका माध्यमहरुले स्वतन्त्ररुपले सूचना प्रवाह गर्ने भन्दा आग्रह, पूर्वाग्रह, राजनीतिक दल, आस्था आदिका आधारमा सूचना प्रवाह गर्ने गरेको पनि पाईएको छ ।
- सूचनाको हक सम्बन्धी ऐनले १५ दिन भित्र सूचना नदिएमा उजुर गर्ने व्यवस्था गरेको छ । त्यसपछि प्रमुखले ७ दिन भित्र सूचना दिने भन्ने व्यवस्था छ । यो समय लामो देखिएको छ ।
- सूचनाको हक सम्बन्धी ऐनको दफा २७ ले सूचनाको वर्गीकरण गर्ने भनेको छ । तर वर्गीकरण भएको छैन।
- मौखिक सूचनाको अभिलेख राख्ने चलन छैन ।

- कक्षा ६,७,९,११ मा सूचनाको हकलाई पाठ्यक्रममा राखेपनि ८ र १२ कक्षामा राखीएको छैन ।
- सूचनादाताको संरक्षण सम्बन्धी नियमावली छैन।
- राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकाय वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेश उपर रिट वा पुनरावेदन गरेमा सरकारी वकीलले अनिवार्य प्रतिरक्षा गर्ने व्यवस्था छैन्।
- प्रदेश तथा स्थानीय तहमा छुट्टै सूचना आयोग वा सूचना प्रबाहको संयन्त्र छैन् ।
- कर्मचारीले गोपनीयता सँगै पारदर्शिताको पनि सपथ लिने व्यवस्था छैन ।
- मानवअधिकारको विश्व व्यापी घोषणापत्रको धारा २९ मा सूचना माग्ने, पाउने र प्रबाह गर्ने हक छ । तर नेपालको संविधान र कानूनमा सूचना प्रबाह गर्ने हक छैन ।
- ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले गैर-सरकारी संस्था र नीजिक्षेत्रलाई समेट्दैन ।
- सूचनाको अभिलेख प्रणाली व्यवस्थित छैन ।

७.२.आगामी अग्रगामी पाइलाहरु/समाधानका उपायहरु :-

- नेपालको संविधानको धारा २७ को प्रतिवन्धातमक वाक्यांशमा "तर कानून बमोजिम गोप्य राखीने सूचना दिन वाध्य गरीने छैन" भन्ने उल्लेख भए पनि सूचनाको हक सम्बन्धी ऐनले प्रवाह गर्न नमिल्ने सूचना दिइने छैन भन्नेअर्थमा उल्लेख भएको हो । तर विभिन्न कानूनले गोप्यताको नाममा सूचना संकुचित गरेको र सूचना अधिकारीमा पनि सो भ्रम रहेको हुँदा 'सूचनाको हक सम्बन्धी ऐनले निषेध गरेका सूचना दिइने छैन' भन्ने वाक्यांश राख्नु उपयुक्त हुन्छ ।
- सूचना प्रबाह गर्ने हक वा अधिकारलाई संविधान तथा ऐनमा समेटनु पर्छ।
- गोप्य संस्कृतिलाई निरुत्सासहित गरी पारदर्शि संस्कृतिलाई बढाउनु पर्छ ।
- सूचना प्रवाहमा कार्यविधिगत एकरुपता हुनुपर्छ, सूचना अधिकारीको योग्यता, तालिम पनि हुनुपर्छ ।
- सूचना प्रवाह गर्ने संचार माध्यमहरु yellow journalism मा जानु हुदैंन । निस्पक्षतामा ध्यान दिनुपर्दछ । दण्ड र पुरस्कारको कार्यान्वयन कडाइका साथ गरीनुपर्छ ।
- सूचना दिने समायावधि घटाउनुपर्छ । सूचनाहरु वर्गीकरण गरीनु पर्छ ।
- लिखत, मैखिक सबै प्रकारको सूचनाको स्पष्ट अभिलेखिकरण हुनुपर्छ ।
- कक्षा ८ र १२ मा पनि सूचनाको हकलाई पाठ्यक्रममा समावेश गरीनु उपयुक्त हुन्छ ।
- सूचनादाताको संरक्षण र सुविधा सम्बन्धी नियम बनाईनु पर्छ ।
- राष्ट्रय सूचना आयोगलाई कानूनी सल्लाह र प्रतिरक्षा हुनुपर्छ ।
- प्रदेश र स्थानीय तहमा सूचना प्रवाह संयन्त्र बनाउनु पर्दछ ।
- सार्वजनिक पदाधिकारीले पारदर्शिताको पनि स्पथ लिनु पर्दछ ।
- सार्वजनिक निकायको प्रयोजनार्थ गैह्र सरकारी संस्था र नीजी क्षेत्रलाई पनि सूचनाको हकको परिभाषाको प्रयोजनार्थ ऐनमा समेट्नु पर्छ ।

- सरकारी निकायले आफ्ना कार्यक्रम, आमदानी, खर्च अनिवार्य प्रकाशन गर्नुपर्छ ।
- सूचना प्रबाहमा महत्वपूर्ण भूमिका खेल्नेलाई पुरस्कृत गरीनु पर्छ । नियतबस सूचना लुकाएमा विभागीय कारबाही गरीनुपर्छ ।
- ऐनको दफा ५ अनुसार स्वत: प्रकाशन गर्नु पर्ने कुराहरु प्रकाशन गर्नु पर्छ र गरे नगरेको तालुक कार्यलयबाट पनि अनुगमन गर्नु पर्दछ ।
- हामी विश्वव्यापी प्रतिस्पर्धामा रहेको हुँदा "नागरिकले सूचना माग्ने हक" को सट्टा "व्यक्तिले" सूचना माग गर्ने हक राख्दछ भन्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐनहरु संशोधन र परिमार्जन गरी एकीकृत ऐनमा सबै व्यवस्था समेटिनु पर्छ ।
- लिखतको गोप्यता कायम गर्ने ऐनले सख्त निषेधित र गोप्य गरी लिखतको वर्गीकरण गरेको छ ।तर यसको कार्यान्वयन भएको छैन । कार्यान्वयन हुनुपर्छ ।
- सबै सरकारी निकायहरु सूचना मैत्री र प्रविधि मैत्री हुनुपर्छ ।
- राष्ट्रिय सूचना आयोग लगायतका संस्थाहरुको संस्थागत सुधारमा जोड दिनुपर्छ ।

८. उपसंहार

मानव अधिकारको आधुनिक अवधारणाले नागरिकलाई केवल राजनीतिको निस्कृय सहभागीको रुपमा मात्र नलिई राज्यका हरेक कृयाकलापमा उसको सकृय सहभागिता विस्तार गर्यो । मानिसको ज्ञानको क्षितिज र चेतनाको विस्तारले राज्यहरु उसका नागरिक प्रति प्रत्यक्ष जवाफ दिन बाध्य भए । विश्वव्यापीकरण र यसलाई बल पुऱ्याउने सूचना प्रविधिले सूचनालाई सँगठनिक रुपमा उपयोग गरी शक्तिको रुपमा विकसित गर्न पुग्यो[७१] । ई.स.१७६६ बाट स्वीडेनमा शुरु भएको सूचनाको हकको अवधारणा फिनल्याण्ड, अमेरिका, डेनमार्क, नर्वे हुँदै अन्य देशहरुमा विकास भयो । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २९ मा भएको व्यवस्थाको अनुसरण विश्वभरका धेरै संविधान र कानूनहरुमा भएको छ ।

नागरिक अधिकार ऐन, २०१२ को दफा १९ मा मुद्दाको सूचना शीर्षकमा नेपाल सरकार उपर कुनै मुद्दा दायर गर्नुपर्दा नेपाल सरकारको सचिव र कुनै कर्मचारी उपर मुद्दा दायर गर्नु पूर्व सो कर्मचारीलाई लिखित सूचना दिने व्यवस्था गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ को धारा ३ मा बैयक्तिक स्वतन्त्रता अन्तरगत उपधारा ६ र नेपालको संविधान, २०१९ को धारा ११ को समानताको हक अन्तरगत उपधारा ६ मा गिरफ्तार भएको व्यक्तिलाई कारण सहितको सूचना यधाशक्य चाँडो नदिई थुनामा राखीने छैन भन्ने व्यवस्था रहेको थियो । नेपालको संविधान, २०४७ को धारा १६ मा पहिलो पटक सूचनाको हक सम्बन्धी छुट्टै धाराको व्यवस्था भयो । नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हक सम्बन्धमा स्पष्ट व्यवस्था गरीयो । मौलिक हक अन्तरगतका अन्य सबै हकहरुको शुरु एवं प्रस्थान विन्दु बास्तवमा सूचनाको हक हो । त्यसैले सबै हक र कानूनको प्राणवायु (oxygen) सूचनाको हक नै हो ।यी संवैधानिक व्यवस्थालाई आधार मानी सूचनाको हक सम्बन्धी

७१ गोपीनाथ मैनाली"सूचनाको हक र सार्वजनिक निकायको दायित्व" पृष्ठ १३८, .राज्य संचालनका आधारहरु,२०६६ प्रकाशन-सोपान मासिक

ऐन,२०६४ र सो को नियमावली, २०६५ को कानूनी व्यवस्थाका साथै नेपालमा राष्ट्रिय सूचना आयोग गठन भै परिणाममुखी क्रियाशिलता देखिनु निश्चय पनि गौरबको विषय हो ।

नेपालमा सूचनाको हक सम्बन्धी कानूनलाई हेर्दा उल्लेखित सबै सिद्धान्त र विश्वव्यापी मान्यताहरु परिपालन भए भएनन् भन्ने विषय समीक्षाकै विषय भए पनि मुख्यत: केही महत्वपूर्ण विषयहरु समावेश भएका र कार्यान्वयनमा आएका पनि पाइन्छन् । ऐनमा सार्वजनिक निकायको दायरालाई व्यापक रुपमा समेटिएको, सूचनाको हक नेपाली नागरिकलाई प्राप्त हुने व्यवस्था गरिएको, सूचना दाताको संरक्षणको व्यवस्था गरिएको, सूचनाको वर्गीकरणको व्यवस्था भएको, सूचनाहरु स्वत:प्रकाशन गर्ने व्यवस्था, सूचना नदिए कारबाहीको व्यवस्था, राष्ट्रिय सूचना आयोगलाई अधिकार सम्पन्न निकाय बनाइएको, सर्वोच्च अदालत र राष्ट्रिय सूचना आयोगले आफ्ना फैसलाहरुका माध्यमबाट सूचनाको हक संरक्षण र प्रबर्द्धनमा ठूलो योगदान दिएको, नियम, कार्यविधि र आचार संहिता बनाई कार्यान्वयनमा ल्याइएको समेतका कारण र आधारहरुले नेपालको अवस्था सूचनाको हकको क्षेत्रमा दक्षिण एसिया क्षेत्रमै उच्च रहेको देखिन्छ । सूचनाको हकले नागरिक हक र सुशासन तथा पारदर्शितामा अभिविद्धि गरेको छ । भ्रष्टाचार नियन्त्रण र विकृति, विसँगति नियन्त्रणमा पनि प्रभावकारिता आएको छ।

सूचनाको हक कार्यान्वयनमा केही व्यवधानहरु रहेता पनि ति व्यवधान धेरै जटील र समाधान गर्नै नसकिने अवस्थाका छैनन्। ऐन कानूनमा स्पष्ट भएतापनि भौगोलिक विकटता, आर्थिक, सामाजिक परिवेश, सूचना संस्कृतिको अभाव, राजनैतिक प्रभाव, कर्मचारीमा अपारदर्शिताको लामो सम्बन्ध, सूचना लुकाउने, तोडमोड गर्ने प्रवृत्ति आदि विविध कारणहरुले केही समस्या रहेका छन् । तर नागरिकहरुमा बढेको चेतना, शिक्षा र प्रविधिको विकास आदि कारणले सूचनाको हकमा अब कसैले चाहेर पनि अवरोध हुन सक्दैन । सूचना प्रविधिलाई शासन व्यवस्था र नागरिकको तल्लो तह सम्म पुऱ्याउन सकिएमा कार्यान्वयनमा सहजता हुन सक्छ ।यसको साथै ऐन, नियम र कार्यान्वयनमा भएका कमजोरीहरु विस्तारै हटाउँदै आगामी दिनहरु सूचना आयोग, नागरिक संचारकर्मी, अदालत, राज्यका विभिन्न निकाय, नेपाल सरकार समेतले पारदर्शी भै जनहितमा कृयाशीलता जारी राखेमा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनका बाटाहरु अझ फराकिलो बन्दै जाने विश्वास गर्न सकिन्छ ।

<u>सन्दर्भ सामग्री :</u>

१. नेपालको संविधान
२. नेपालको अधिराज्यको संविधान,२०१५
३. नेपालको संविधान,२०१९
४. नेपाल अधिराज्यको संविधान, २०४७
५. नेपालको अन्तरिम संविधान,२०६३
६. नेपालको संवैधानिक कानून,२०५४ (फ्रीडिल), काठमाण्डौं

७. Dr.Ram Krishna Timalsena (Philosophy Law and Practice), Bigya Timalsena 2003, Kathmandu

१०. लोकतान्त्रिक संविधानका आधारहरु (अग्रसारथी,२०६५) काठमाण्डौ

११. गोपीनाथ मैनाली, राज्य संचनलनका आधारहरु (२०७०,तेस्रो संस्करण) प्रकाशन-सोपान मासिक

१२. सूचनाको अधिकार (A Journal of RTI) वर्ष ५ को अकं ५,२०७७ भाद्र, राष्ट्रिय सूचना आयोग, काठमाण्डौं

१३. सूचनाको हक सम्बन्धी ऐन, नियमावली र कार्यविधि एवं निर्देशिकाको संगालो, राष्ट्रिय सूचना आयोग, काठमाण्डौं, २०७७

१४. आ.व.२०७५/७६ मा भएका महत्वपूर्ण आदेशहरु, राष्ट्रिय सूचना आयोग, २०७६

१५. नजिर संग्रह, २०७०, गौरी बहादुर कार्की, काठमाण्डौं

१६. सूचनाको हक सफलताको कथाहरु, राष्ट्रिय सूचना आयोग, काठमाण्डौं

१७. राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन (२०७५-२०७६)

१८. सूचना प्रवर्द्धनका लागि मन्त्रालयद्वारा जारी गरिएको आचार संहिता,२०७८

१९. सुशासन व्यवस्थापन तथा संचालन ऐन,२०६४

२०. सूचना प्रविधि निति,२०६७

२१. विभिन्न पत्रपत्रिका तथा वेव साईटहरु

वैयक्तिक गोपनीयताको हक सम्बन्धी कानून र न्यायिक दृष्टिकोण[१]

"The wind may destroy, the fire may born but the king cannot enter into Person's dwelling house. A man's home is his castle[२]"

१. विषय प्रवेश

हरेक मानिसको आफ्नै स्वतन्त्र अस्तित्व रहेको हुन्छ । स्वतन्त्रता, समानता र आत्म सम्मान (Self-dignity) मानवको नैसंर्गिक अधिकार हो । समानता र आत्मसम्मानको अधिकारले मानिसको व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूति प्रदान गर्दछ । व्यक्तिको आत्मसम्मानको अधिकारलाई सुरक्षित गर्ने मुख्य आधार तिनको गोपनीयताको अधिकार (Right to Privacy) नै हो । व्यक्तिको जीवनमा कतिपय निजी सरोकारका विषयहरू सार्वजनिक जानकारीका विषय नबनून् भन्ने हुन्छ । निजको गोपनीयताको सरक्षणका लागि राज्यले सरोकार राख्नु पर्दछ । मानिसको जीवनसँगै निजको वैयक्तिक गोपनीयता र स्वतन्त्रता महत्वपूर्ण मानिन्छ । गोपनीयताको अधिकार व्यक्तिगत स्वतन्त्रता एवम् व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार जस्ता विषयसँग सम्बद्ध हुन्छ । यो व्यक्तिको प्राकृतिक कानूनको उपजको रुपमा रहेको नैसर्गिक/मौलिक हक हो जसमा व्यक्तिले आफूले गरेका गतिविधिहरु आफूमानै सीमित राख्ने अधिकार हुन्छ।

गोपनीयताको हकलाई असर गर्ने किसिमका कार्यको नियन्त्रणको लागि फौजदारी दायित्व वहन गराउने गरी राज्यले कानूनको निर्माण गरेको हुन्छ । नेपालको सन्दर्भमा समेत गोपनीयताको हकलाई संविधानमानै मौलिक हकको रुपमा व्यवस्था गरी विशेष कानूनको रुपमा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, विभिन्न ऐन, नियम, निर्देशिकाहरुमा गोपनीताको हक तथा सो सम्बन्धी प्रावधानहरु समेटिएका छन् ।

संविधान प्रदत्त गोपनीयता सम्बन्धी मौलिक हक कार्यान्वयनका लागि आएको वैयक्तिक गोपनीयता सम्बन्धी ऐन लगायत अन्य प्रचलित कानूनी व्यवस्था, वैयक्तिक गोपनीयताका सम्बन्धमा सर्बोच्च अदालतवाट प्रतिपादित सिद्धान्त लगायत कानून कार्यान्वयनको अवस्था र यसमा रहेका व्यवहारिक समस्या तथा समाधानका उपायका सम्बन्धमा सरकारी वकील लगायत सम्बद्ध सवैलाई उपलब्धिमूलक हुन सकोस भन्ने उद्देश्यले यो कार्यपत्र तयार गरिएको छ।

२. गोपनीयताको हक सम्बन्धी सैद्धान्तिक अवधारणा

गोपनीयताको अधिकार "The right of the individual to be protected against intrusion into his personal life of affairs, or those of his family, by direct physical means or by publication of information.[३] हो ।गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । व्यक्तिको

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता, गोपालप्रसाद रिजाल र उपन्यायाधिवक्ता, सविता शर्मा

२ https://scholarship.law.wm.edu/wmjowl/vol8/iss2/2

३ Privacy Law in the UK (ukessays.com)

निजी काम कारवाही र गतिविधिहरूमा अनावश्यकरूपमा सरकार तथा तेस्रो पक्षबाट हस्तक्षेप नहुने प्रत्याभूति आधुनिक युगको गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार (Right to be let alone) सँग सम्बन्धित छ । कुनैपनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्छ।[४] मानव अधिकारको दृष्टिकोणबाट हेर्दा व्यक्तिगत मर्यादा, प्रतिष्ठा, आत्मसम्मान र गोपनीयताको अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । आत्मसम्मान तथा गोपनीयताको अधिकारले सम्मानपूर्वक मर्यादित भएर बाँच्न पाउने (Right to Life with Dignity) अधिकार समेतलाई प्रत्याभूत गर्ने भएकाले व्यक्तिको प्रतिष्ठा एवं आत्मसम्मान र गोपनीयताको विषयवस्तु आम सरोकार, चासो एवं महत्त्वको विषयको रूपमा रहेको हुन्छ । त्यसैले मानव सभ्यताको विकास सँगसंगै मानव मर्यादालाई महत्व दिईदै आएको छ ।

गोपनीयताको प्रावधान प्रारम्भिक हिब्रू संस्कृति, शास्त्रीय ग्रीस तथा प्राचीन चीनमा प्रायः एकान्तको अधिकारमा केन्द्रित गरी संरक्षण गर्ने गरिएको थियो। गोपनीयताको परिभाषा सन्दर्भ र परिस्थितिको हिसाबले फरक फरक हुने गरेको छ। गोपनीयताको संरक्षणलाई मुख्यतः देहाय बमोजिम उल्लेख गर्न सकिन्छः[५]

- **सूचनाको गोपनीयताः** स्वास्थ्य परीक्षणको अभिलेख लगायत व्यक्तिगत सूचनाको संकलन र संरक्षणसँग सम्बन्धित हुन्छ।
- **शारीरिक गोपनीयताः** शारीरिक नमूनाहरू मार्फत व्यक्तिको चरित्र र व्यवहारको निगरानी, शारीरिक वा मनोवैज्ञानिक मापनको लागि उच्च स्तरको पुष्टयाईको आवश्यक हुन्छ।
- **संचारको गोपनीयताः** टेलिफोन, ईमेल र अन्य प्रकारको सञ्चारको सुरक्षा र गोपनीयतालाई समेट्छ।
- **क्षेत्रीय गोपनीयताः** मनोरञ्जनात्मक सुविधाहरू सहित आफ्ना व्यक्तिगत क्रियाकलापहरु केवल व्यक्तिको घरमा मात्र नभै कार्यस्थलमा समेत उपभोग गर्नको लागि निजी स्थानको अधिकार रहन्छ।

नैसर्गिक अधिकारको रुपमा रहेको गोपनीयताको हकलाई एउटा महत्वपूर्ण हकको रूपमा अन्तराष्ट्रिय स्तरमानै मान्यता दिएको पाइन्छ ।गोपनीयताको हकका सम्बन्धमा केही महत्वपूर्ण अन्तराष्ट्रिय दस्तावेजका व्यवस्थालाई संक्षेपमा उल्लेख गरिएको छ ।

२.१ संयुक्त राष्ट्र संघीय मानव अधिकार घोषणा (UDHR), १९४८

यस घोषणापत्रको धारा १२[६] ले व्यक्तिको सम्मान, ख्याति, आवास, परिवार तथा पत्राचारको गोनीयताको अधिकारको सुनिश्चितता प्रदान गरेको पाइन्छ । कसैलाई पनि आफ्नो गोपनीयता, परिवार, घर अथवा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप भोग्न लगाइने छैन न त तिनको सम्मान तथा ख्यातिमाथि चोट

४ बाबुराम अर्यालसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प २०७४, अंक १, नि.नं. ९७४०

५ Privacy and Human Rights - Overview (gilc.nl)

६ "No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honor and reputation. Everyone has the right to the protection of the law against such interference or attacks" Article 12 Universal Declaration of Human Rights

पुऱ्याइनेछ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप अथवा चोटका विरुद्ध कानूनी संरक्षणको अधिकार हुनेछ ।

त्यस्तै नागरिक तथा राजनितिक अधिकारको अन्तराष्ट्रिय प्रतिज्ञा पत्र **(ICCPR)** १९६६ को धारा १७ ले व्यक्तिको सम्मान, ख्याति, आवास, परिवार तथा पत्राचारको गोपनीयताको संरक्षण हुनु पर्नेमा जोड दिदैं गोपनीयताको अधिकारलाई व्यक्तिको अभिन्न अधिकारको रुपमा स्विकार गरिएको छ ।

२.२ बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (CRC), १९८९

यस महासन्धिको धारा १६[७] र यसको इच्छाधिन आलेखमा बालबालिकाको निजिपना, परिवार, घर वा पत्राचार माथि बलजफ्ती वा गैरकानूनी हस्तक्षेप गरीनेछैन नत उनीहरूको मर्यादा र इज्जतमाथिनै गैर कानूनी आक्रमण गरीने छ । यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुने व्यवस्था गरी बालकको गोपनीयताको अधिकारलाई स्वीकारेको पाइन्छ ।

२.३ जैविक आचार तथा मानव अधिकार सम्बन्धी युनेस्को घोषणापत्र (UNESCO Universal Declaration on Bioethics and Human Rights)

यस घोषणापत्रको धारा ९ ले सम्बन्धित व्यक्ति तथा निजको व्यक्तिगत सूचनाको गोपनीयता (Privacy and confidentiality) को सम्मान गरीनु पर्छ । त्यस्ता सूचनाहरू अन्तराष्ट्रिय कानून, खास गरेर अन्तराष्ट्रिय मानवअधिकार सम्बन्धी कानून बमोजिम जून कामको लागि संकलित गरिएको वा अनुमति लिइएको हो सो बाहेक अन्य प्रयोजनको लागि सकेसम्म प्रयोग गर्न वा खुला गर्न हुँदैन (The privacy of the persons concerned and the confidentiality of their personal information should be respected. To the greatest extent possible, such information should not be used or disclosed for purposes other than those for which it was collected or consented to, consistent with international law, in particular international human rights law) भनी गोपनीयता र गोप्यता सम्बन्धमा विशेष व्यवस्था गरेको छ।

२.४ मानव अधिकार सम्बन्धी युरोपेली महासन्धि[८]

धारा ८ अन्तर्गत प्रत्येक व्यक्तिलाई निजको निजी र पारिवारिक जीवन, घर तथा पत्राचार प्रति सम्मानको अधिकार हुने र सो उपर राष्ट्रिय सुरक्षा, सार्वजनिक संरक्षण वा आर्थिक हितको लागि कानून बमोजिम बाहेक कुनै सार्वजनिक निकायबाट हस्तक्षेप नहुनेगरी प्रत्याभूत गरिएको छ ।

२.५ मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि, १९६९[९]

धारा ११ अन्तर्गत सबैलाई आफ्नो ख्यातिको सम्मान र मर्यादा पहिचान गर्ने अधिकार हुने, कुनै पनि व्यक्तिको निजी जीवन, परिवार, घर, पत्राचार वा प्रतिष्ठा गैरकानूनी हस्तक्षेपका विषयवस्तु हुन नसक्ने

७ "No child shall be subjected to arbitrary or unlawful interference with his/her privacy, family, home or correspondence, nor to unlawful attack or his or her honour and reputation. The child has the right to the protection of the law against such interference or attacks"- CRC, Article, 16

८ https://www.echr.coe.int/Documents/Convention_ENG.pdf

९ American Convention Human Rights (thirdworldtraveler.com)

तथा सो उपर कानूनको संरक्षण प्राप्त हुने गरी सुनिश्चित गरिएको छ । अतिरिक्त रोम विधान, शक्तिको दुरूपयोग तथा अपराधबाट पीडितहरूको सम्बन्धमा आधारभूत सिद्धान्तहरूको घोषणापत्र (Declaration of Basic Principles for Victims of Crime and Abuse of Power) (२९ Nov.१९८५) लगायतका अन्तराष्ट्रिय दस्तावेजहरुमा समेत गोपनीयताको हक सम्बन्धी व्यवस्था गरिएको छ ।

३. गोपनीयताको हक सम्बन्धी केही मुलुकको कानूनी व्यवस्था र अभ्यास

३.१ संयुक्त राज्य अमेरिका[१०]

संयुक्त राज्य अमेरिकाको संविधान (१७८७) मा गोपनीयताको हक सम्बन्धमा स्पष्ट व्यवस्था भएको पाइदैन। तथापि पछिल्ला संशोधनहरूले यस सम्बन्धी आवश्यकतालाई आत्मसात गरी व्यवस्था गरेको पाइन्छ ।पहिलो संशोधनले विश्वास, तेस्रो संशोधनले घर, चौथो संशोधनले व्यक्ति र सम्पत्तीको अव्यवहारिक खानतलासी तथा पाचौं संशोधनले वैयक्तिक सूचनाको गोपनीयतालाई प्रत्याभूति गरेको छ ।(The first amendment allows the privacy of beliefs, the third amendment protects the privacy of the home against any demands to be used to house soldiers, the fourth amendment protects the privacy of a person and possessions from unreasonable searches, and the 5th Amendment gives the privacy of personal information through preventing self-incrimination.)

संयुक्तराज्य अमेरिकामा The Privacy Act of 1947[११], ले गोपनीयताको हकको सुनिश्चितता गर्न सूचनाको गोपनीयता, संकलन, संरक्षण र सम्प्रेषण सम्बन्धी स्वच्छ व्यवहारलाई स्थापित गरेको छ ।

संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले समेत गोपनीयताको अधिकार संरक्षण सम्बन्धमा विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेको देखिन्छ।

Griswold v Connecticut (1960)

यसमा गर्भधारण रोक्ने औषधी (Contraceptives) को प्रयोगलाई निषेध गर्नेगरी निर्माण भएको कानूनले वैवाहिक गोपनीयताको हकको हनन भएको भनी उक्त कानूनलाई अवैध मान्ने निर्णय भएको थियो । Supreme Court explained that the state law prohibiting the sale, distribution, possession, and contraceptives to couples who were married was unconstitutional. There were different reasons for this based on the judge, whether it was the gray area of the law or the zone of privacy created by the Bill of Rights.

Stanley v Georgia (1969)

यसमा सर्वोच्च अदालतले कुनै वितरक वा निर्माता विरुद्ध मुद्दा चलाउनको लागि पोर्नोग्राफी आधार हुन सक्ने भएपनि व्यक्तिको लागि अश्लीलता हेर्ने गोपनीयताको अधिकार हो। कुनै पनि राज्यले आफ्नै घरमा बस्ने व्यक्तिलाई ऊ कुन फिल्म हेर्न सक्छ वा कुन किताब पढ्न सक्छ भनेर भन्न सक्दैन भनी पोर्नोग्राफीको अधिकारको विषयमा सर्वसम्मतिले निर्णय गरेको देखिन्छ।

---

१० थप जानकारीका लागि हेर्नुहोस। Right to Privacy - US Constitution - LAWS.com. हेरिएको, मे १०, २०२१

११ https://www.justice.gov/archives/opcl/page/file/844481/download

Cruzan v Missouri (1990)

यस मुद्दामा व्यक्तिलाई आफ्नो जीवन लामो बनाउने (life-prolonging) चिकित्सा उपचार नगर्न सक्ने निर्णय गर्ने अधिकार हुन्छ भनी व्याख्या भएको छ। The Court found that individuals had the right to make their own decisions about terminating medical treatments that were.

Sackler v. Sackler[१२]

Abraham M. Sackler निवेदक र Gloria Sackler प्रतिवादी भएको सम्बन्ध विच्छेद मुद्दाको फैसला पछि श्रीमती प्रतिवादी आफ्नो घरमा गएको केहि महिना पछि निवेदक र पुलिस अफिसर बाहेकका केहि व्यक्तिहरु निजको सहमति तथा खानतालासी अनुमति विना अपार्टमेन्टमा प्रवेश गरी Adultery सम्बन्धी प्रमाणहरु संकलन गरेकोमा सार्वजनिक नीतिको विरुद्धमा नभएको हुँदा उक्त प्रमाणहरु ग्रहण गर्ने गरी फैसला भएको छ ।

Roe V. Wade 410 U.S 113(1973)[१३]

यस मुद्दामा गर्भवती महिलाले आफ्नो गर्भपतन गराउनको लागि रोक लगाएको टेक्सास राज्यको कानूनलाई चुनौती दिएकोमा अमेरिकी सर्वोच्च अदालतले गर्भपतन गराउन पाउने महिलाको अधिकार संविधानको चौथो संशोधन अनुसार गोपनीयताको हकसँग संरक्षित विषय रहेको व्याख्या गर्दै गर्भ पतन गर्न निषेध गरेको राज्य कानूनलाई असंवैधानिक ठहर गरेको पाइन्छ ।

३.२ बेलायत

संयुक्त अधिराज्य वेलायतमा गोपनीयताको हक संरक्षणका सम्बन्धमा छुट्टै विशेष कानून छैन । बेलायतमा Human Right Act, 1998 ले मानव अधिकारको संरक्षण सम्बन्धमा व्यवस्था गरेको छ । उक्त ऐनको दफा ८ मा व्यक्तिको निजी जीवन तथा पारिवारीक जीवन, घर, पत्राचार जस्ता विषयहरुलाई राज्यले सम्मान गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।"Everyone has the right to respect for his private and family life, his home and his correspondence. There shall be no interference by a public authority with the exercise of this right except such as is in accordance with the law and is necessary in a democratic society in the interests of national security, public safety or the economic well-being of the country, for the prevention of disorder or crime, for the protection of health or morals, or for the protection of the rights and freedoms of others." बेलायतमा गोपनीयताको अधिकारको विषय फौजदारी अपराध तथा दुष्कृतिसँग सम्बद्ध रहेको पाइन्छ । There is no freestanding right to privacy in the UK, with the courts repeatedly stating that "English law knows no common law tort of invasion of privacy."[१४]

प्रत्येक व्यक्तिको शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक विकास (physical, mental, emotional or spiritual wellbeing) का लागि कुनै न कुनै रूपमा गोपनीयताको अधिकार आवश्यक पर्ने भएता पनि वेलायतमा यो अधिकारलाई मौलिक वा उपचार प्राप्त गर्ने अधिकारको रूपमा कानूनतः

१२ SACKLER v. SACKLER | 16 A.D.2d 423 (1962) | ad2d4231348 | Leagle.com
१३ https://en.wikipedia.org/wiki/Roe_v._Wade
१४ *Wainwright v Home Office* [2004] 2 AC 406.)

स्वीकार गरिएको पाईदैन ।[१५] वेलायतमा समेत विभिन्न मुद्दाहरूमा गोपनीयताको अधिकारको संरक्षण सम्बन्धमा निश्चित सिद्धान्त प्रतिपादन गरेको देखिन्छ।

- गोपनीयताको अधिकारको संरक्षण सम्बन्धमा व्यक्तिको निजी पत्रहरुको प्रकाशनमा रोक लगाउने गरी फैसला भएको Thompson v Stanhope, (1774) Amb. 737) मुद्दामा Lord Chesterfield बाट निजको छोरोलाई पठाएका निजी पत्रहरूको प्रकाशन रोक्नको लागि अदालतबाट आदेश भएको थियो । An injunction was granted by the court preventing and restraining the publication of private letters that were sent from Lord Chesterfield to his son, by his widow. यो व्याख्यालाई Prince Albert v Strange, (1849] EWHC Ch J20) लगायतका अन्य मुद्दाहरुमा समेत अवलम्वन गरिएको छ । यसमा आत्मविश्वासको अधिकारले गोपनीयतालाई सुरक्षित बनाउने विषयलाई राम्रोसँग चित्रण गरेको देखिन्छ ।
- गोपनीयताको अधिकारको सम्बन्धमा Malone v Metropolitan Police Commissioner, (1979] Ch 344) मुद्दामा थप व्याख्या गरिएको छ । मेट्रोपोलिटन पुलिसबाट मेलोनको टेलिफोन कल अवरुद्ध गरेकोमा आत्मविश्वास तथा निजको गोपनीयतामा गैरकानूनी हस्तक्षेप भएको भनी व्याख्या भएको छ। Malone held that his right to privacy was breached by the Metropolitan Police by means of interception of his telephone calls. He claimed that the police interception of his phone calls had been unlawful on the grounds that it concerned itself with breach of confidence, trespass and an unlawful interference with his privacy.

३.३ भारत

भारतमा गोपनीयताको हक सम्बन्धी छुट्टै कानूनी व्यवस्था नभएपनि गोपनीयताको हकको संरक्षण गर्ने गरी न्यायिक अभ्यास भएको र खासगरी PM Sharma र Kharak Sing को मुद्दाबाट गोपनीयताको हक सम्बन्धमा व्याख्या गरेको पाइन्छ ।

MP Sharma vs Satish Chandra[१६]

Dalmia Jain Airways Ltd. कम्पनीको व्यवसायसँग सम्बन्धित यस मुद्दामा कम्पनीका शेयरहोल्डरहरुले वास्तविक विवरण नखुल्नेगरी ब्यालेन्स सिट पेश गरेको अनुसन्धानको क्रममा देखियो । जाहेरी दर्ता भएपछि अदालतबाट खानतलासी गर्ने आदेश भएकोमा खानतलासीको संवैधानिकता माथि प्रश्न उठाई रिट परेकोमा अदालतबाट गोपनीयताको अधिकार मौलिक अधिकारको रुपमा उल्लेख नभएको भनी व्याख्या भएको देखिन्छ । A power of search and seizure is, in any system of jurisprudence, an overriding power of the State for the protection of social security and that power is necessarily regulated by law. When the Constitution makers have thought fit not to subject such regulation to constitutional limitations by recognition of the fundamental right to privacy, analogous to the American Fourth Amendment, there is no justification for importing into it, a totally different fundamental right by some process of strained construction."

१५ हेर्नुहोस्, Privacy Law in the UK (ukessays.com)

१६ https://www.firstpost.com/india/mp-sharma-and-kharak-singhs-case-privacy-not-a-fundamental-right

Kharak singh vs. State of U.P.[१७]

यस मुद्दामा डाँकाको अभियोग लगाइएकोमा प्रमाणको अभावमा **Kharak singh** लाई छोडिएकोमा भारतको उत्तर प्रदेश प्रहरी नियमावली बमोजिम निजको घरमा प्रहरी हधिकारीबाट निरन्तर निगरानीमा राखेको अवस्थालाई गोपनीयता हकको उल्लंघन भएको भनी रिट परेको अवस्था छ । गोपनीयताको हकलाई संविधानले प्रत्यक्ष रुपमा प्रत्याभूत नगरेपनि व्यक्तिको सम्मानपूर्ण जीवनयापन गर्ने कुरासँग सम्बन्धित रहेको भन्ने व्याख्या गरेको देखिन्छ। The court ruled that "privacy was not a guaranteed constitutional right". It, however, held that Article 21 (right to life) was the repository of residuary personal rights and recognised the common law right to privacy. However, the provision allowing domiciliary visits was called unconstitutional. It pointed out that fundamental rights under privacy were mutually exclusive and self-contained.

R. Rajegopal vs. State of Tamilnadu[१८]

यस मुद्दामा गोपनीयताको हक संविधानको धारा २१ को हकसँग अप्रत्यक्ष रुपमा समाहित रहेको उल्लेख गर्दै प्रत्येक नागरिकको आफ्नो घर, परिवार, विवाह, मातृत्व लगायतका निजी विषयको सम्बन्धमा निजको अनुमति विना प्रकाशन गर्नु गोपनीयताको हकको उल्लंघन हो भनी व्याख्या भएको छ। The right to privacy is implicit in the right to life and liberty guaranteed to the citizens of this country by Article 21. It is a "right to be let alone". A citizen has a right to safeguard the privacy of his own, his family, marriage, procreation, motherhood, child-bearing and education among other matters. None can publish anything concerning the above matters without his consent whether truthful or otherwise and whether laudatory or critical. If he does so, he would be violating the right to privacy of the person concerned and would be liable in an action for damages.

Justice K.S. Puttaswamy (Retd) vs Union of India[१९]

MP Sharma vs Satish Chandra र Kharak Singh vs State of Uttar Pradesh को मुद्दामा भएका व्याख्याका अस्पष्टतालाई हटाउँदै भारतीय सर्वोच्च अदालतले गोपनीयताको अधिकारका सम्बन्धमा महत्वपूर्ण फैसला गरेको छ। Indian Biometric identity scheme Aadhaar को विषयलाई लिएर परेको मुद्दामा अदालतबाट गोपनीयताको अधिकार संविधानको धारा २१ अन्तर्गत मौलिक हकको रुपमा व्यवस्थित जीवनको अधिकारमा नै अन्तर निहित रहेको भनी व्याख्या भएको छ। "The right to privacy is protected as an intrinsic part of the right to life and personal liberty under Article 21 and as a part of the freedoms guaranteed by Part III of the Constitution."

Surjeet Singh vs. Union of India[२०]

निवेदकको उचित प्रतिनिधित्व विना संविधानको धारा २२ विपरित हुनेगरी हिरासतमा राखीएको विषयमा यस मुद्दामा व्याख्या भएको देखिन्छ । It has not been shown that the appellant had the opportunity, which the law contemplates in his favour, of making an effective

१७ AIR, 1963 SC. 1295
१८ AIR, 1995 SC. 264
१९ https://www.eff.org/deeplinks/2017/08/indias-supreme-court-upholds-right-privacy-fundamental-right-and-its-about-time
२० 1981 AIR 1153, 1981 SCR (3) 205

representation against his detention. On this ground alone we declare his detention illegal, and set aside the order of the High Court and the Order of Detention passed against him.

४. नेपालमा गोपनीयताको हक सम्बन्धी कानूनी व्यवस्था

४.१ संविधान

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २२ मा कुनैपनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था गरी गोपनीयताको हकलाई पहिलो पटक मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति गरेको पाइन्छ । नेपालको संवैधानिक ईतिहासमा जारी भएका संविधानहरु[२१] हेर्दा नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ४ मौलिक हक अन्तर्गत व्यक्तिगत सम्पत्तिको हक दिने काम भएको भन्ने उल्लेख देखिन्छ । नेपालको अन्तरिम शासन विधान, २००७ को धारा १८(३)मा अपराधको वात लागेको मानिसलाई आफ्ना विरुद्ध साक्षी हुन कर नलाग्ने भन्ने र धारा १९ मा कानून र रीत बाहेक व्यक्तिगत स्वतन्त्रता नहरिने भन्ने उल्लेख छ । नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ३(३) मा अपराधको आरोप लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था र नेपालको संविधान, २०१९ धारा ११(५) मा समेत अभियोग लागरको व्यक्तिलाई स्वेच्छा विरूद्ध आफ्नो विरूद्ध बयान दिन कर नलाग्ने व्यवस्था गरी फौजदारी मुद्दामा अभियुक्तको हकमा आफ्ना कुराहरु गोप्य राख्न पाउने भन्ने देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २८ र नेपालको संविधानको धारा २८ मा गोपनीयताको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ" भन्ने उल्लेख रहेको छ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने सूचनाको हक रहेपनि प्रतिवन्धात्मक वाक्यांशमा कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य नपारिने प्रावधान रहेको छ ।

४.२. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५[२२]

प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने, सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने तथा व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न नेपालमा पहिलो पटक छुट्टै बिशेष ऐनको रूपमा तुरून्त प्रारम्भ हुने गरी वैयत्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, २०७५।६।२ देखि कार्यान्वयनमा आएको छ । नेपालको संविधानको धारा २८ ले प्रत्याभूत गरेको व्यक्तिको गोपनीयताको हकलाई कार्यान्वयन गर्न बनेको यो ऐन १२ परिच्छेद र ३६ दफामा विभक्त छ । यो ऐनले आवास, वैयत्तिक सूचना, सम्पत्ति, सार्वजनिक निकाय, संगठित संस्था जस्ता महत्वपूर्ण

२१ www.lawcommission.gov.np

२२ नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरु, कानून किताव व्यवस्था समिति / खण्ड ६८) अतिरिक्ताङ्क २० नेपाल राजपत्र भाग २ मिति २०७५।६।२ मा प्रकाशित भई सोही मतिबाट कार्यान्वयनमा आएका ।

शब्दावलीको परिभाषा गर्नुका साथै व्यक्तिको जीउ तथा पारिवारिक गोपनीयता, आवास सम्बन्धी गोपनीयता, सम्पत्ति सम्वन्धी गोपनीयता, लिखत सम्बन्धी गोपनीयता, पत्राचार सम्बन्धी गोपनीयता, चरित्र सम्बन्धी गोपनीयताका अधिकारको संरक्षण सम्वन्धी व्यवस्था गर्नुका साथै विद्युतीय माध्यम र गोपनीयता, वैयत्तिक सूचना संकलन तथा संरक्षण र अन्य विविध विषयमा कानूनी व्यवस्था गरेको छ । सो ऐनलाई कार्यान्वयन गर्न २०७७।५।८ मा वैयत्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७[२३] समेत जारी गरी लागू गरिएको छ । प्रस्तुत कानूनले गरेका मुख्य मुख्य कानूनी व्यवस्था र अदालतको प्रासङ्गिक दृष्टिकोणलाई निम्न बमोजिम सँगसंगै समेटिएको छ :

४.२.१ व्यक्तिको जीउ तथा पारिवारिक गोपनीयता[२४]

व्यक्तिको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरुषत्व, शारीरिक रोग लगायतका विषयको गोपनीयता कायम हुने,

- शरीर वा स्वास्थ्य परीक्षण, उपचार वा आपतकालीन उद्धार कार्य गर्दाको अवस्थामा बाहेक व्यक्तिको मन्जुरी विना शारीरिक गोपनीयता अनतिक्रम्य हुने,
- पति पत्नीको गोपनीयतासँग सम्बन्धित विषय निजहरु बीच चलेको मुद्दाका सन्दर्भमा आवश्यक भएमा बाहेक अनतिक्रम्य हुने,
- सुरक्षा जाँच वा फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले बाहेक कुनै पनि व्यक्तिको मन्जुरी बिना शरीरको तलासी लिन नहुने,
- महिलाको प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी विषय अनतिक्रम्य हुने भन्ने व्यवस्था रहेको छ।

व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयताका सम्वन्धमा सम्मानित सर्बोच्च अदालतवाट कस्तो अवस्था वा कार्यमा गोपनीयताको हक हनन हुने वा नहुने भन्ने सम्बन्धमा महत्वपूर्ण सिद्धान्तहरू प्रतिपादन भएका छन् । सर्बोच्च अदालतवाट प्रतिपादित सिद्धान्तलाई विषय शिर्षक मिल्दो रूपमा वर्गीकरण गरी केहि महत्वपूर्ण सिद्धान्त यहाँ उललेख गरिएको छः

शान्ति बलमपाकी विरूद्ध स्वास्थ्य मन्त्रालय समेत[२५]

प्रकृतिले प्रदान गरेको गर्भधारण र बच्चा पाउने काम महिलाले गर्ने, स्तनपान महिलाले मात्रै गराउन सक्ने भएकोले सानो दुधे बालक रहेको आमालाई राज्यले शिशु स्याहार केन्द्रको व्यवस्था समेत नगरेको, आमाले बच्चा लिई खटिएको ठाउँमा जान र बच्चा स्याहार गर्न कठिन परिस्थिति आई रोजगारीको निरन्तरतामै असर पर्न जाने परिस्थितिमा महिला हतोत्साही हुने वा कामको निरन्तरता गर्न नसक्ने वा सेवामा प्रभावकारिता नरहने अवस्था सिर्जना हुन सक्ने भएकाले राज्यका संरचनाहरूले

२३ www.lawcommission.gov.np

२४ परिच्छेद २ अन्तर्गत दफा ३ मा व्यक्तिको शारिरीक तथा निजी जीवनको गोपनीयता, दफा ४ मा पारिवारिक गोपनीयता, दफा ५ मा शरीरको तलासी लिन नहुने व्यवस्था तथा दफा ६ मा प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी गोपनीयताको व्यवस्था छ ।

२५ ने.का.प. २०७५ अंक ३ नि.नं. ९९७४

आमाको सम्मान गर्न तथा सन्तान जन्माउने महिलाको भूमिकालाई सामाजिक भूमिकाको रूपमा मान्यता दिन सानो बालबालिका रहेको अवस्थाका महिला कर्मचारीलाई उनको सहमतिविना सरूवा गर्न मिल्दैन ।

अधिवक्ता पुष्पराज पाण्डेय विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[२६]

विवाहित दम्पति बाहेक अर्को व्यक्ति मार्फत सन्तान प्राप्ति गर्ने, बच्चाको पितृत्व एवं मातृत्वको निर्धारण गर्ने र बच्चा एवं आमा बाबुको हक अधिकार र दायित्व निर्धारण सम्बन्धी विषय व्यक्तिको प्राकृतिक अधिकार वा स्वेच्छामा निर्भर रहने नभई कानूनद्वारा मात्र स्थापित हुन्छ । सरोगेसी सेवा प्रवाहसँगै अन्तरनिहित भएर आउने विवादित प्रश्नहरूको सम्बोधन गर्न सरोगेसी सम्बन्धमा विधायिका निर्मित कानून अपरिहार्य हुने हुँदा यस्तो कानून नभएको अवस्थामा कोख भाडामा दिने र बच्चा जन्माई उपलब्ध गरे गराएबापत रकम लेनदेन गर्ने व्यावसायिक सरोगेसीलाई बिना कानूनी व्यवस्था प्रयोगमा आउन दिनु समाजको लागि घातक मात्र नभएर महिलाहरूको शोषणजन्य कार्यको प्रोत्साहनसमेत हुन जाने भएकाले बिना कानूनी व्यवस्था कुनै पनि किसिमको Surrogacy सेवा सञ्चालन गर्नु वा गराउनु उचित नहुने ।

श्रीकृष्ण सुवेदी समेत विरुद्ध नेपाल सरकार[२७]

कुनै पत्रिकामा प्रकाशित सामग्रीले कसैको मान प्रतिष्ठा र ख्यातिमा आँच आएमा सोको उचित क्षतिपूर्ति तिर्नु बुझाउनु पर्ने नै हुन्छ ।पत्रपत्रिका अति संवेदनशील व्यवसाय हो । यसले जनताको सुसुचित हुने अधिकारलाई सुनिश्चित गर्छ ।जनताको यो अधिकार कुण्ठित नहोस भन्ने अभिप्रायबाट व्यवसायलाई संविधान र कानूनले सजगताकासाथ सुरक्षित गरेको छ। तर यो अधिकारको प्रयोग गर्दा अनावश्यक तवरबाट आफ्नो व्यक्तिगत फाइदाको लागि वा बदला लिन आत्मसन्तुष्टिको लागि कसैको मानमर्दन गर्न नहुने ।

लक्ष्मीदेवी धिक्त विरूद्ध नेपाल सरकार[२८]

प्रजनन् स्वास्थ्य एवं प्रजनन् अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सो अन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने भएकाले प्रजनन् गर्नै पर्ने बाध्यताको रुपमा नभई प्रजनन् गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ । त्यसैले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने ।

---

२६ ने.का.प. २०७४ अंक २ नि.नं. ९७५७

२७ ने.का.प. २०७३, अंक ९, नि.नं. ९६७० पृष्ठ १६६३

२८ ने.का.प. २०६७ अंक ९ नि.नं. ८४६४

ज्योती पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[२९]

जबसम्म महिला पुरुषभन्दा Inferior भन्ने कुरालाई शिक्षालगायत कानूनी एवं अन्य चेतनाको माध्यमबाट समाजमा Awareness Create गरी त्यस्तो काम सोच बिचार परम्परा प्रचलन र मान्यतालाई Abolish गरीदैन र Criminalize गरिँदैन तबसम्म महिलाविरुद्ध हुने भेदभाव अन्त्य नहुने हुँदा CEDAW द्वारा ब्यवस्थित कुरा समेत समावेश भएको कानून बनाउनु पर्ने ।

महिला पीडित भएका सबै खाले मुद्दा र खास गरी घरेलु हिंसासम्बन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट मुद्दा हेरिँदा महिलाहरूले न्याय पाए पनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा Humiliate भएर न्याय प्राप्ति गर्ने अवस्था आउने भएकाले राज्यले महिला पीडित भएका सबैखाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै Fast Track Court गठन गर्नुपर्ने ।

अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३०]

स्वतन्त्रताको हकलाई सीमित तुल्याउने कानून उचित, निष्पक्ष र तर्कसँगत (just, fair and reasonable) छ छैन भन्ने जाँच अदालतले गर्नसक्छ । अदालती प्रक्रियाबाट मुद्दाको अन्तिम किनारा नलागूञ्जेल अनुसन्धानको क्रममा थुनामा राख्नुपर्ने अवस्थालाई आमजनताको वृहत्तर हितका उद्देश्यले निर्माण गरिएको कानून बमोजिम वारेण्ट जारी गरी वा अन्य प्रक्रियाले म्याद पठाई कसैलाई पक्राउ गर्दा स्वतन्त्रता अपहरण भएको मानिदैन । गोपनीयताको हक पनि राज्यले कानून बनाई नियन्त्रण गर्नसक्ने हक हो । गोपनीयताको हकको निहुँमा अपराधको अनुसन्धान गर्न वा शंकित व्यक्तिलाई पक्राउ गर्नबाटै रोक लगाउने हो भने शान्ति सुरक्षा कायम गर्ने र समाजमा सुव्यवस्था बनाई राख्ने कार्य संभव नहुने भएकाले पक्राउ गर्दा गोपनीयताको हक र वैयक्तिक स्वतन्त्रता कुण्ठित हुने अर्थ गर्न नमिल्ने ।

अन्नपूर्ण राणा विरुद्ध गोरख सम्शेर ज.व.रा.[३१]

कुमारित्व कायम राख्ने वा स्वछन्द भएर आफूले मन पराएको मानिससग यौन सम्पर्क राख्दै जाने भन्ने कुरा सम्बन्धित व्यक्तिको आफ्नो निजी आचरण (Private affair) को कुरा हो । कसैले खुलस्त भएर त्यस्तो आचरण गरी हिड्छन् भने कसैले लुकिछिपी अर्थात् गोप्य रुपमा त्यस्तो आचरण गर्दै जाने पनि हुन सक्छ । त्यस्तो यौन सम्पर्क (Sex) भएको हुदैमा महिलाको कानूनी स्थितिमा खास परिवर्तन हुन सक्दैन ।

संविधानको धारा २२ को गोपनीयताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जीउ अङ्गको गोपनीयतामा अतिक्रमण गनै नपाइने,गरी गोपनीयतामा अतिक्रमण गर्न नपाइने, गरी गोपनीयताको हकको (Right to privacy) स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य

---

२९ ने.का.प. २०६६ अंक १२ नि.नं. ८२८२

३० ने.का.प. २०६६ अंक १२ निर्णय नम्बर ८२७५ बिशेष ईजलाश

३१ ने.का.प. २०५५ अंक ८ नि.नं. ६५८८

अङ्ग निजको मन्जुरी बेगर जाच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको सो गोपनीयताको हकबाट निजलाई बञ्चित गर्नु सरह नै हुने स्पष्ट देखिन आउछ ।

४.२.२ आवास सम्बन्धी गोपनीयता[३२]

- विपद व्यवस्थापन तथा आपतकालीन उद्धार गर्ने प्रयोजनका लागि बाहेक कुनै व्यक्तिको निजी जीवनको गोपनीयता भङ्ग हुनेगरी आवासमा प्रवेश गर्न, गराउन वा खानतलासी लिन नहुने,
- कानून बमोजिम पक्राउ गरिएको व्यक्तिको आवासको समेत खानतलासी लिनु पर्ने मनासिव कारण भएमा छुट्टै आदेश लिई आवासमा प्रवेश गर्नुपर्ने प्रयोजन खुलाई लिखित सूचना दिई खानतलासी लिन सकिने,
- कुनै पनि व्यक्तिको मन्जुरी बिना आवासमा सूचना संकलन हुनेगरी सिसिटिभि जडान गर्न नहुने समेतका व्यवस्था छन् ।

४.२.३ सम्पत्ति सम्बन्धी गोपनीयता[३३]

- सम्पत्ति सम्बन्धी गोपनीयता अन्तर्गत प्रत्येक व्यक्तिको सम्पत्ति सम्बन्धी विवरण गोप्य हुने, सम्पत्ति धनिको मन्जुरी विना घर, जग्गा, सवारी साधन लगायतका सम्पत्तिमा अनधिकृत प्रवेश गर्न नहुने,
- कुनै कसूरको अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीको आदेश बमोजिम वा अदालतबाट माग भएको अवस्थामा बाहेक सम्पत्ति सम्बन्धी विवरण राख्ने निकायले सम्बन्धित व्यक्तिको मन्जुरी विना सम्पत्तिको अभिलेख उपलब्ध गराउन नहुने समेतका व्यवस्था छन् ।

अधिवक्ता लुमासिंह विश्वकर्मा समेत विरुद्ध श्री लोकेन्द्रबहादुर चन्द, तत्कालिन सं. प्रधानमन्त्री सिंहदरवार काठमाडौं समेत[३४]

सम्पत्ति आयोगमा राष्ट्रसेवकले आफ्नो मात्र होइन, आफ्ना परिवारसमेतका नातामा विभिन्न हैसियतबाट आर्जन भई आएको सम्पत्ति, सार्वजनिक ओहदामा बसेका व्यक्तिको पैतृक र त्यसबाट बढेबढाएको सम्पत्तिको विवरण समेत बुझाएको हुँदा त्यस्ता सम्पत्ति जो कोहीको चासो र सरोकारको विषय हुन सक्दैन । सार्वजनिक ओहदामा रहेको व्यक्ति वा पदाधिकारीले आफ्ना परिवारका सदस्यका नाममा रहेको सम्पत्तिको विवरण सरकारलाई विश्वास गरेर दिएको हो, सार्वजनिक गराई माग्नलाई होइन । त्यस्तो विवरण सार्वजनिक गर्दा व्यक्तिको सम्पत्ति माथिको गोपनीयताको मौलिक हकमा गम्भीर असर पर्न जाने हुन्छ ।

---

३२ यस सम्बन्धमा परिच्छेद ३, दफा ७ मा आवासको गोपनीयताको अधिकार, दफा ८ मा आवासमा प्वेश गर्दा सूचना दिनुपर्ने, दफा ९ मा आवासमा सिसिटोभि कायमेरा जडान गर्न नहुने व्यवस्था छ ।

३३ सम्पत्ति सम्बन्धी गोपनीयता सम्बन्दमा ऐनको परिच्छेद ४, दफा १० मा व्यवस्था छ ।

३४ ने.का.प. २०६३, अंक ५ नि.नं. ७६९६ पृष्ठ ५७१

४.२.४ लिखत, तथ्याङ्क तथा पहिचान सम्बन्धी गोपनीयता[३५]

- यस सम्बन्धी अधिकार अन्तर्गत व्यक्तिको सार्वजनिक निकायमा रहेका शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्र, स्वास्थ्य परीक्षण, चिकित्सकीय इतिहास, नागरिकताको प्रमाणपत्र, राहदानी लगायत परिचय खुल्ने कागजात, बैंक खाता र रकम, बैंकिङ कारोवार सम्बन्धित चेक वा विनिमेय अधिकारपत्र, वायोमेट्रिक डाटा, ब्लुबुक, जग्गाधनीप्रमाण पुर्जा लगायत सम्पत्तिको स्वामित्व सम्बन्धी कागजात, धितोपत्र, कर्मचारी सञ्चयकोषको परिचयपत्र लगायतका वैयक्तिक लिखत निश्चित अवस्तथामा वाहेक सार्वजनिक गर्न वा गराउन नहुने,
- निश्चित अवस्थामा वाहेक कुनै पनि व्यक्तिको मन्जुरी विना स्वास्थ्य परीक्षण, सम्पत्ति तथा आय आर्जन, रोजगारी, पारिवारिक विषय, जैविक विवरण, हस्ताक्षर/विद्युतीय हस्ताक्षर, राजनीतिक सम्बद्धता, निर्वाचन, व्यवसाय वा कारोवार सम्बन्धी विवरण कसैलाई दिन, सार्वजनिक गर्न वा गराउन नहुने समेतका व्यवस्था छन् ।

यस सम्बन्धमा सर्बोच्च अदालतवाट प्रतिपादित निम्न सिद्धान्तहरूको उल्लेखन यहाँ सान्दर्भिक देखिन्छः

अच्युतप्रसाद खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३६]

पीडित महिलासम्बन्धी समाचार प्रकाशन गर्दा प्रकाशन हुने विषयबाट पर्नसक्ने प्रभावको सुक्ष्मरूपमा प्रत्येक पाटोको मूल्याङ्कन गर्नुपर्ने दायित्व सम्बन्धित पत्रकार र आम सञ्चार गृहको हो । पत्रपत्रिका तथा छापाखानाको अधिकारको महत्त्व प्रकाशन गृह तथा आम नागरिकसमेतलाई भएपनि उक्त अधिकारमा कसैको पनि मर्यादा तथा आत्मसम्मानमा प्रतिकूल नहुने गरी गोपनीयताको अधिकार अन्तरनिहित हुने ।

प्रभावित पात्रको सम्पूर्ण विवरण उल्लेख गरी तस्वीरसहित यौनकर्मी एवं देह व्यापार र परिवारसमेतको नाम समावेश भई कथा चित्रण गरिएको अवस्थालाई प्रभावित एवं पीडितको संवेदनशील पक्षलाई उपेक्षा नगरेको भनी भन्न मिलेन । साथै यस्तो कार्यले निश्चय नै सम्बन्धित महिला एवं निजको परिवारको इज्जत प्रतिष्ठा एवं आत्मसम्मानमा असर पुगेको स्पष्टतः बुझ्नु पर्ने भएकाले वादी समूहको एक प्रभावित पीडितको नाम र तस्वीर तथा पेसा नै प्रकाशन हुनु प्रचलित कानूनहरूले समाचार प्रकाशन प्रसारण आदि गर्दा गोपनीयता कायम गर्नुपर्ने भन्ने ब्यबस्थाको प्रतिकूल कार्य भएको ।

ख कुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध प्रकाश ओझा[३७]

नाबालकसमेतको नग्न तस्वीर खिच्नु र संग्रह गर्नुपर्ने प्रयोजन पीडितहरूलाई अनुचित प्रभावमा पार्नु, यौन पेसामा संलग्न गराउनु र अश्लील चलचित्र बनाउनुसमेतका कार्य गर्नुबाहेक अरू हुने कुराको अनुमान गर्न सकिँदैन । पीडितसमेतको लागि प्रतिवादी बाहिरी व्यक्ति हुन् । पीडितसमेतको गोप्य अंगहरू प्रतिवादीले हेर्न मिल्दैन । प्रतिवादीले सो हेरेका र त्यसलाई सुरक्षित तवरले चिप्समा राखे

---

३५ लिखत सम्बन्धी गोपनीयताको सम्बन्धमा ऐनको परिच्छेद ५, दफा ११ र नियमावलीको नियम ३ मा लिखतको गोपनीयता हुने, तथ्याङ्क सम्बन्धी गोपनीयतामा ऐनको परिच्छेद ६, दफा १२ मा तथ्याङ्कको गोपनीयता हुने व्यवस्था छ ।

३६ ने.का.प.२०७५, अंक ४ निर्णय नम्बर १००००१

३७ ने.का.प. २०७३, अंक ६, नि.नं. ९६२१

कामबाट त्यो कुरा गोप्य रहेन । पीडितसमेतको नांगा तस्वीरहरू कस्तो हुन्छ भनी हेर्नको लागि खिचेको र संग्रह गरेको भन्ने हक प्रतिवादीलाई छैन । आज एउटी पछि दुइटी गर्दागर्दै सयौंको फोटो कस्तो हुन्छ भनी खिच्ने काम अनैतिक र अश्लील हुन्छ । यो पेसा नै हुन जाने ।

अपूर्व खतिवडा समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेत[३८]

व्यक्तिको सार्वजनिकीकरणले स्वच्छ सुनुवाइमा प्रतिकूल असर परेको भन्नेसमेत निवेदन दाबी रहेको छ। प्रत्येक व्यक्तिले स्वच्छ सुनुवाइसम्बन्धी अधिकार प्राप्त गर्ने भएकोले सार्वजनिकीकरणले न्यायिक निकाय पनि पूर्वाग्रही बन्दछ भनी शङ्का व्यक्त गर्नु उचित होइन । संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तबमोजिम न्याय सम्पादन हुने हुँदा कुनै अमुक सूचनाबाट न्यायिक निर्णयमा असर पर्ने वा न्यायिक निर्णय प्रभावित हुने भनी न्यायिक स्वतन्त्रताको मूल्य मान्यता माथि नै शङ्का व्यक्त गरी गलत धारणा बनाउनु मनासिब नहुने ।कुनैपनि व्यक्ति फौजदारी कसूरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने नहुने ।

राजुप्रसाद चापागाईं समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३९]

महिलालाई यौन एवं भोग्य बस्तुको रुपमा प्रस्तुत गरीने विज्ञापनको प्रकाशन,प्रसारणका कारण यौन हिंसाको सम्भावनालाई मध्यनजर राख्दा यस्ता अमैत्री लैङ्गिक विज्ञापनबाट महिलाको संरक्षणमा सघाउ पुग्न जादैन त्यसैले यौन वस्तुको रुपमा अर्धनग्न,अश्लिल एवं अमैत्री विज्ञापनको प्रकाशन एवं प्रसारणबाट महिलाहरुको आत्मसम्मानमा चोट पुग्न जाने र हिंसाका शिकार बन्न सक्ने खतरा प्रति गैर जिम्मेवार बन्न नमिल्ने हुँदा लैङ्गिक न्याय सम्बन्धी निश्चित मापदण्ड तथा निर्देशिका निर्माण गरी लागू गर्ने र मापदण्डको परिपालना भए नभएको अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु गराउन परमादेशको आदेश जारी भएको ।

सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[४०]

व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास कानूनी प्रयोजनको लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा ब्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्थामा पुग्दछ। एच.आई.भी./एड्स प्रभावित बालकको परिचयात्मक सूचनाको गोपनीयताको संरक्षणको कुरा गर्दा उसको बाबु आमाको स्थिति वा तिनको संरक्षकत्व सम्बन्धी विवादमा पनि सूचनाको हिसाबले संरक्षण दिनुपर्ने हुनसक्छ ।व्यक्तिका तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरण र निज सम्वद्ध अन्य सूचनाहरूको गोप्यताको संरक्षण नहुने हो भने गोपनीयताको हक अत्यन्त संकुचित भै आफ्नो उद्देश्य हासिल गर्न नसक्ने भएकाले विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रूपमा संलग्न

३८ ने.का.प. २०७३ अंक ४, नि.नं. ९५७६ पृष्ठ ६७९
३९ ने.का.प. २०६५ अंक ७ निर्णय नं. ७९८७
४० ने.का.प. २०६४ अंक ९ नि.नं. ७८८०,

महिला, बालबालिका पक्ष भएका वा एच.आई.भी./एड्स संक्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सीधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थिति देखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनीयताको स्तर कायम रहने गरी सम्बन्धित पक्षको हक र दायित्व सहितको कानून निर्माण गर्न निर्देशनात्मक आदेश जारी भएको छ ।

अधिवक्ता बाबुराम अर्याल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[४१]

स्थापित अन्तराष्ट्रिय मान्यताअनुरूप दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले कुनै पनि व्यक्तिलाई दूरसञ्चार सेवा उपलब्ध गराउँदा सो व्यक्तिको गोपनीयताको संरक्षण तथा त्यस व्यक्तिसँग सम्बन्धित तथ्याङ्कको संरक्षणको प्रत्याभूति गर्नुपर्ने हुन्छ । कुनै निश्चित कानूनी आदेश वा अग्रिम अधिकार सहितको औपचारिक लिखतको अभावमा अरूको दबाब प्रभाव वा प्रलोभनको भरमा अर्काको सूचना दिन नमिल्ने भएकाले ।

सूचनाहरू संग्रहित रहेको र त्यसको जिम्मा लिएका संस्था वा विभागले त्यसलाई आफ्नो तजबिजको विषय बनाउन सक्तैन । बरू त्यस्तो सूचना रहेको data bank लाई हरहालतमा संरक्षण गर्नु र कानूनको व्यवस्थाको अभावमा अपवादात्मकरूपमा पनि स्पष्ट कानूनी आधारबेगर अनधिकृत पहुँच दिन इन्कार गर्न सक्नु पर्दछ । गैरकानूनीरूपले सूचना माग गरेमा, दिएमा वा प्राप्त गरेमा हुन सक्ने सजाय र मुद्दा चलाउने धारा २८ को कार्यान्वयनको दृष्टिले अनिवार्य देखिन आएकोले जो चाहिने व्यवस्था गर्नु भनी परमादेश जारी हुने ठहर्छ । कानूनबमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरूरी भई सूचनामा पहुँचको लागि अनुमति दिने प्रयोजनको लागि कानूनमा अन्यथा व्यवस्था नभएसम्म सम्बन्धित जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउनु ।

४.२.५ पत्राचार तथा चरित्र सम्बन्धी गोपनीयता[४२]

- सम्बन्धित व्यक्तिको मन्जुरीले वा फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा बाहेक कुनै पनि व्यक्तिको चिठीपत्र, पत्राचार, इमेल वा विद्युतीय माध्यमबाट प्रवाह हुने सम्वाद अरु कसैलाई उपलब्ध गराउन, प्रकाशन गर्न, प्रसारण गर्न वा अन्य किसिमले सार्वजनिक गर्न नहुने तथा अनधिकृत रुपमा कसैको चिठीपत्र खोल्न नहुने,
- चरित्र, आचरण वा व्यवहारको सम्बन्धमा पश्न उठी कानून बमोजिम कारवाही गर्ने क्रममा बाहेक कसैको चरित्रको सम्बन्धमा टिप्पणी गर्न नहुने,
- कुनै व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मन्जुरी विना तस्विर खिच्न वा बिक्री गर्न नहुने,

४१ ने.का.प. २०७४ अंक १ नि.नं. ९७४०

४२ यस सम्बन्धी व्यवस्था परिच्छेद ७ दफा १३ मा पत्राचारको गोपनीयता, दफा १४ मा चिट्ठीपत्र खिल्न नहुने व्यवस्था, परिच्छेद ८, दफा १५ मा चरित्रको गोपनीयता हुने, दफा १६ तस्वीर खिच्न वा बिक्रि गर्न नहुने, दफा १७ अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने, दफा १८ गोप्य कुरा प्रकट गर्न नहुने समेतका व्यवस्था छन् ।

- अभियोग लागेको व्यक्तिको नाम र अभियोगको विवरण बाहेक सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने,

४.२.६ विद्युतीय माध्यम र गोपनीयता[४३]

- प्रत्येक व्यक्तिलाई विद्युतीय माध्यमवाट आफ्ना वैयक्तिक सूचना, लिखत, पत्राचार, संवाद, तथ्याङ्क वा चरित्र सम्बन्धी विषयको गोपनीयता राख्न पाउने र यसमा अरू कसैको अनधिकृत पहूँच हुन नपाउने,
- सार्वजनिक सूचना गरी शौचालय, स्नान गृह जास्ता गोप्य स्थान बाहेक सार्वजनिक स्थलमा सिसिटिभि क्यामेरा जडान गर्न सकिने,
- कुनै व्यक्तिको आवास वा कार्यालयमा निगरानी वा जासूसी गर्न वा गोप्य कुरा प्राप्त गर्ने उद्देश्यले कुनै माध्यम वा तरिका प्रयोग गर्न नपाईने,
- संरक्षित वा सुरक्षा संवेदनशिल क्षेत्र वा कसैको निजी आवासमा अनुमती विना कुनै किसिमको ड्रोन प्रयोग गर्न नहुने समेतका व्यवस्था यस अन्तर्गत रहेका छन् ।

४.२.७ वैयक्तिक सूचना संकलन तथा संरक्षण सम्बन्धी व्यवस्था[४४]

- वैयक्तिक सूचना नमानिने अवस्थाका बाहेक कानून बमोजिम मञ्जुरी वा अख्तियारी प्राप्त नगरी वा प्रयोजन भन्दा बाहिर गई कुनै पनि व्यक्तिको वैयक्तिक सूचना संकलन, भण्डारण, संरक्षण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न नहुने,
- अधिकार प्राप्त अधिकारीले संकलन वा जिम्मामा रहेका वैयक्तिक सूचनाको संरक्षण गर्नुपर्ने,
- यस्ता सूचना सहमती विना अन्य प्रयोजनका लागि उपयोग वा सार्वजनिक गर्न नहुने,
- तोकिएका संवेदनशील वैयक्तिक सूचना अनिवार्य अवस्थामा बाहेक प्रशोधन गर्न नहुने,
- सार्वजनिक निकायमा रहेका वैयक्तिक सूचना गलत वा तथ्यहिन भएकोमा त्यसवाट लाभ नलिंदै सच्याउन सकिने,

---

४३ ऐनको परिच्छेद ९ दफा १९ मा विद्युतीय माध्यमको गोपनीयता हुने, दफा २० मा सार्वजनिक स्थलमा सिसिटिभि क्यामेरा जडान गर्ने सम्बन्धमा, दफा २१ मा निगरानी वा जासुसी गर्न नहुने, दफा २२ मा ड्रोन प्रयोग गर्न नहुने व्यवस्था छ भने नियमावलीको नियम ४ ले विद्युतीय सूचनाको गोपनीयता, नियम ५ मा विद्युतीय तथ्याङ्कको गोपनीयता, नियम ६ मा सार्वजनिक स्थलमा र नियम ७ मा नीजि स्थलमा सिसिटिभि क्यामेरा डान गर्न सकिने, नियम ८ मा सिसिटिभि क्यामेराको प्रयोग र नियम ९ मा यसको अनुगमनको सम्बन्धी गरेको छ ।

४४ ऐनको परिच्छेद १० दफा २३ मा कानून बमोजिम बाहेक वैयक्तिक सूचना संकलन गर्न नहुने सम्बन्धमा, दफा २४ मा वैयक्तिक सूचना नमानिने अवस्था, दफा २५ मा संकलित सूचनाको संरक्षण गर्ने सम्बन्धमा, दफा २६ मा सहमती बिना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने सम्बन्धमा, दफा २७ मा संवेदनशील सूचना प्रशोधन गर्न नहुने सम्बन्धमा, दफा २८ मा सूचना सच्याउन निनेदन दिन सकिने सम्बन्धमा व्यवस्था गर्नुका साथै नियमावलीको नियम १० मा वैयक्तिक तथ्याङ्कको संकलन, प्रशोधन र विश्लेषण, नियम ११ मा तथ्याङ्कको उपयोग, नियम १२ मा सूचना सच्याउन निवेदन दिने, नियम १३ मा सूचना सच्याउने निर्णय र नियम १४ मा निर्णयको जानकारी दिने व्यवस्था छन् ।

४.२.८ कसूर तथा सजाय[४५]

यस ऐन अन्तर्गत निषेध गरीएका कार्यलाई कसूर कायम गरी तीन बर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना हुने, हानी नोक्सानी वा मर्का पर्नेले क्षतिपूर्ति भरी पाउने साथै तोकिएका कसूरहरू सरकारवादी हुने व्यवस्था,

- कसूरमा संलग्न सार्वजनिक पद धारण गरेको व्यक्तलाई कसूर बापत हुने सजाय र दायित्वका साथै विभागीय कारवाही समेत हुने,
- कुनै पनि सार्वजनिक सूचना प्रवाह गर्नुपर्ने निकायले यस ऐनको प्रतिकूल नहुने गरी सूचना प्रवाह गर्नु पर्ने समेत व्यवस्था छ ।

ऐन अन्तर्गत सरकारवादी हुने फौजदारी कसूरहरुः

मन्जुरी विना कुनै व्यक्तिको जीउ, निजको साथमा रहेको वा प्रयोग गर्ने वस्तुको तलासी लिन नहुने
कुनै व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मन्जुरी विना तस्विर खिच्न वा बिक्री गर्न नहुने
कुनै व्यक्तिको आवास वा कुनै कार्यालयको निगरानी वा जासुसी गर्न नहुने
मुलुकको सिमा क्षेत्र वा सार्वजनिक स्थानमा बाहेक ड्रोन वा त्यस्तै प्रकृतिको यन्त्र प्रयोग गर्न नहुने
पूर्ण जानकारी नदिई कुनै व्यक्तिको वैयक्तिक सूचना संकलन, भण्डारण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न नहुने
निश्चित अवस्थामा बाहेक सम्बन्धीत व्यक्तिको सहमति विना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने
संवेदनशील वैयक्तिक सूचनाको प्रशोधन गर्न नहुने

४.३ वैयक्तिक गोपनीयताका सम्वन्धमा सान्दर्भिक अन्य नेपाल कानूनः

४.३.१ बालबालिका सम्बन्धी ऐन, २०७५[४६]

- ऐनको दफा ११ मा प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने,
- बालबालिकाको चरित्रमा आघात पार्ने किसिमको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो सिर्जना, सूचना संकलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै माध्यमबाट प्रवाह गर्न वा गराउन नहुने,

४५ ऐनको परिच्छेद ११ दफा २९ मा कसूर तथा सजाय, दफा ३० उजुरी गर्ने व्यवस्था, दफा ३१ क्षतिपुर्ति, दफा ३२ विभागीय सजाय हुने, साथै परिच्छेद १२ विविध शिर्षक अन्तर्गत दफा ३३ संरक्षक वा माथवर व्यक्तिको मञ्जुरी लिनुपर्ने, दफा ३४ बाधा पुऱ्याएको नमानिने, दफा ३५ मा यस ऐन प्रतिकूल गर्न नहुने र दफा ३६ मा नियम बनाउने अदिकारको व्यवस्था छ । साथै नियमावलीको अनुसूची१ मा सिसिटिभि क्यामेरा जडान गर्न अनुमतिको लागि दिने निवेदनको ढाँचा, अनुसूची २ मा अनुमतीपत्रको ढाँचा र अनुसूची ३ मा सूचना सच्याउन दिने निवेदनको ढाँचा उललेख गरिएको छ ।

४६ नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरु, कानून किताव व्यवस्था समिति

- कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि लगायतका विषयमा पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्ने उल्लेख गरी बालबालिकाको गोपनीयताको हकको प्रत्याभूति गरेको छ ।

४.३.२ मुलुकी अपराध संहिता, २०७४[४७]

- मुलुकी अपराध संहिता, २०७४ को दफा २९३ देखि ३०४ सम्म गोपनीयता विरुद्धका कसूर, क्षतिपूर्ति तथा हदम्याद सम्बन्धी प्रावधानहरु रहेका छन्।
- यस अन्तर्गत अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न, गोप्य कुरा प्रकट गर्न, अनुमतिविना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न तथा एकको तस्वीर अर्कोलाई दिन, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न, विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गर्न, छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न, अरुको शरीर खानतलासी गर्न तथा अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने लगायतका प्रावधानहरु उल्लेख गरी कसूरदारलाई कसूरको विषयवस्तु र प्रकृतिको आधारमा बढीमा तीन वर्ष कैद समेत हुनेगरी फरक फरक सजाय र पीडितलाई कसूरदारवाट क्षतिपूर्ति भराईदिनु पर्ने व्यवस्था गरिएको छ ।
- मुलुकी देवानी संहिता, २०७४ मा गोपनीयताको अधिकार अनतिक्रम्य हुने अवस्थाहरुको उल्लेख छ।

४.३.३ प्रमाण ऐन, २०३१[४८]

- प्रमाण ऐन, २०३१ को दफा ४० देखि ४६ सम्म साक्षी परीक्षण सम्बन्धमा पक्षको आमाबाबु इत्यादिलाई गवाह दिन, न्यायाधीशको हैसियतले गरेको कुनै कार्य, सरकारी कर्मचारीलाई प्राप्त भएको जानकारी, प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको जानकारीको स्रोत, कुनै व्यक्ति र निजको कानूनी सल्लाहकारको बीचमा भएको कुरा प्रकट गर्न पक्षलाई कर नलाग्ने ऐच्छिक व्यवस्था गरिएको छ,
- पति पत्नी बीचको कुरा, सरकारी कार्यालयमा रहेको अप्रकाशित सरकारी लिखतका कुरा तथा कानून व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने बाध्यात्मक व्यवस्था रहेको छ ।

४.३.४ सूचनाको हक सम्बन्धी ऐन, २०६४[४९]

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाई लोकतान्त्रिक पद्धतिको प्रवर्द्धन गर्न सूचनाको हक सम्बन्धी ऐन लागू भएको हो। यस ऐनले राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाहरु संरक्षण गर्ने गरी गोपनीयताको

४७ मुलुकी अपराध संहिता, २०७४, कानून किताव व्यवस्था समिति
४८ नेपाल ऐन संग्रह खण्ड २, कानून किताव व्यवस्था समिति
४९ नेपाल ऐन संग्रह खण्ड १०, कानून किताव व्यवस्था समिति

हकको समेत प्रत्याभूत गरेको देखिन्छ । ऐनको दफा ३ को उपदफा (३) मा देहायका सूचनाहरु प्रवाह नगरिने व्यवस्था छः

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,
- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- विभिन्न जातजाती वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल ,
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने,
- सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुने व्यवस्था छ।

उल्लिखित कानूनी व्यवस्थाको अतिरिक्त सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५, अपराध पीडित संरक्षण ऐन, २०७५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२, अदालतका नियमावलीहरु, विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४, बन्द इजलाश सञ्चालन तथा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१ लगायतका ऐन, नियम, निर्देशिकाहरुमा गोपनीयता सम्बन्धी प्रावधानहरु उल्लेख छन् ।

५. गोपनीयताको हक सम्बन्धी कानून कार्यान्वयनको अवस्था

संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय प्रतिज्ञा पत्र लगायतका मानव अधिकार सम्बन्धी आधारभूत दस्तावेजहरुले व्यक्तिको सम्मान, ख्याति, आवास, परिवार तथा पत्राचारको गोनीयताको अधिकारको सुनिश्चितता प्रदान गरेका छन् । बालबालिकाको गोपनीयताको हकलाई बालअधिकार सम्बन्धी महासन्धिले प्रत्याभूत गरेको छ । अन्तराष्ट्रिय कानूनी दस्तावेज तथा विभिन्न मुलुकहरुका न्यायिक व्याख्यालाई विचार गर्दा गोपनीयताको अधिकार अन्तर्गत मूलतः सूचना, सञ्चार, सम्पत्ति, व्यक्तिको शरीर तथा क्षेत्र (Space) को गोपनीयतालाई संरक्षण गरेको देखिन्छ ।

विश्वका सबैजसो मुलुकले आफ्नो संविधानमानै गोपनीयताको हकलाई स्पष्ट रूपमा मान्यता दिएका र जसमा न्यूनतम सम्पत्ति र संचारको गोपनीयता समावेश गरेको देखिन्छ । सोभियत संघको संविधानको धारा ५६ मा नागरिकहरूका पत्राचार, टेलीफोनवार्ता र टेलीग्राम, टेलिग्राफ सञ्चारको गोपनीयता कानूनद्वारा संरक्षित गरीनेछ भनी गोपनीयताको हकलाई संवैधानिक प्रत्याभूति गरिएको छ ।संयुक्त राज्य अमेरिका, आयरल्याण्ड, भारत लगायतका मुलुकहरुका संविधानमा गोपनीयताको अधिकारलाई स्पष्टसँग उल्लेख नगरेपनि अदालतले अन्य मौलिक हकमा निहित रहेको भनी व्याख्या भएको पाइन्छ। अमेरिकाको संविधानमा चौथो पटक संशोधन गरी अव्यवहारिक तथा गैर कानूनी रुपमा गरीने खानतलासी तथा बरामदीलाई निषेध गर्ने कार्यको प्रत्याभूति गरी गोपनीयताको हक संरक्षणमा योगदान पुऱ्याएको पाइन्छ भने भारतमा **Justice K.S. Puttaswamy (Retd) v. Union of India**

लगायतका मुद्दाहरुमा गोपनीयताको अधिकार संविधानको धारा २१ अन्तर्गत मौलिक हकको रुपमा व्यवस्थित जीवनको अधिकारमा नै अन्तरनिहित रहेको भनी व्याख्या भएको देखिन्छ ।बेलायतमा Human Right Act, 1998 ले निजी तथा पारिवारिक जीवनको सम्मान गर्ने अधिकार अन्तर्गत गोपनीयतालाई समेटेको देखिन्छ । केहि मुलुकहरुले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध वा मानव अधिकार सम्बन्धी युरोपेली महासन्धि लगायत गोपनीयताको अधिकारलाई मान्यता दिने अन्तराष्ट्रिय सम्झौतालाई राष्ट्रिय कानूनमा अपनाइएको पाइन्छ।

नेपालको सन्दर्भमा पहिलो पटक गोपनीयताको हकलाई नेपाल अधिराज्यको संविधान, २०४७ ले सुनिश्चित गरेको हो । अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धि तथा घोषणापत्रका व्यवस्था बमोजिम जीउ, आवास, तथा पत्राचारको गोपनीयतालाई संवैधानिक प्रत्याभूती गरियो । तथ्यांक र चरित्रको गोपनीयता सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको वर्तमान संविधानमा उल्लेख भएको पाइन्छ । कानून बमोजिम बाहेक गोपनीयताका विषयहरु अनतिक्रम्य हुने संवैधानिक व्यवस्था रहेपनि नेपालमा गोपनीयताको मौलिक हक कार्यान्वयन गर्ने कानून तर्जुमामा ढिलाई भएको यथार्थलाई नकार्न सकिदैन । पछिल्लो समय वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ तथा सो कार्यान्वयनको लागि नियमावली २०७७ सालदेखि कार्यान्वयनमा आएको अवस्था छ ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ मा व्यक्तिको जीउ, परिवार, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्रको गोपनीयताको सम्बन्धमा विस्तृत रुपमा छुट्टाछुट्टै ८ वटा परिच्छेदमा व्यवस्था गरिएको छ ।पछिल्लो समय अन्तर्राष्टिय स्तरमा मान्यता दिएको क्षेत्र (Space/territory) को गोपनीयताको सम्बन्धमा ऐनमा व्यवस्था भएको देखिदैन । न्यायिक अभ्यासलाई हेर्दा शरीरको परीक्षणको गोपनीयता सम्बन्धी **अन्नपूर्ण राणा विरुद्ध गोरख शमशेर ज.ब.रा समेत** तथा तथ्याङ्क र चरित्र जस्ता व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता सम्बन्धी **सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत** भएको मुद्दामा भएका निर्णयलाई Landmark decisions को रुपमा लिइएको छ ।मुद्दाका पक्षको गोपनीयता सम्बन्धमा सपना प्रधान मल्लको मुद्दाबाट निर्देशिकानै जारी भएको थियो । राज्यले कानून बनाई नियन्त्रण गर्न सक्ने हक भएकोले सार्वजनिक हितलाई विचार गरी गोपनीयताको हकको अभ्यास हुनपर्ने समेत भनी अदालतबाट व्याख्या भएको छ ।हाल सम्मको न्यायिक अभ्यासलाई अध्ययन गर्दा खास गरी व्यक्तिको जीउ, सम्पत्ति, तथ्याङ्क, पत्राचार तथा चरित्रका विषयहरुमा केन्द्रित रही व्याख्या भएको पाइन्छ ।

लोकतान्त्रिक शासन पद्धति अवलम्वन गरेका राज्यहरुले सूचनाको हक र गोपनीयताको हकलाई सँगसँगै अभ्यास गर्नुपर्ने हुन्छ ।यी दुवै एक आपसमा अन्तरसम्बन्धित अन्तराष्ट्रिय स्तरमा मान्यताप्राप्त अधिकार हुन जसले राज्यलाई व्यक्तिगत सुरक्षामा उत्तरदायी बनाउछन् । नेपालमा पनि संवेदनशील सूचनाहरुको संरक्षण गर्नेगरी सूचनाको हकको प्रत्याभूति गरिएको छ ।आजको डिजिटल युगमा गोपनीयता अधिकारको प्रबर्द्धन र संरक्षणको लागि विद्यमान व्यावहारिक चुनौतीहरूको सामना गर्नेगरी वैयक्तिक गोपनीयता सम्बन्धी कानूनको प्रभावकारी संरक्षण, कार्यान्वयनको प्रभावकारिताको लागि प्रक्रियागत सुरक्षा सहितका कार्यविधि, मापदण्डको निर्माण, प्रभावकारी निरीक्षण र उपचार सम्बन्धी

सवालहरुको थप छलफल, अध्ययन तथा अन्तराष्ट्रिय परिवेश बमोजिम समय सापेक्ष परिमार्जन गर्दै जानु आवश्यक हुन्छ ।

६. कानूनको प्रभावकारी कार्यान्वयनमा देखापरेका व्यावहारिक समस्या र समाधानका उपायः

- वैयक्तिक गोपनीयता कायम गर्ने सवाल कुनै व्यक्तिको निजी सवालमात्र नभएर यो देशको फौजदारी कानूनसँग जोडिएको बिषय भएको र कतिपय वैयक्तिक गोपनीयता विरूद्धका कसूर सरकारवादी फौजदारी मुद्दासँग सम्वन्धित कसूर भएकाले प्रत्येक व्यक्तिको सम्मानपूर्वक वाच्न पाउने जीवनको हकसँग सम्बन्धित गोपनीयताको हक संरक्षणका लागि सरकारी वकील थप क्रियाशील हुनु पर्दछ।
- कसूर पीडितको सूचनाहरू गोप्य राख्न नसकेको वा सोको प्रत्याभूति दिन नसकेका हुनाले नै समाजमा घटित अपराधिक घटनाहरू सबै उजूरीको रूपमा दर्ता हुन नसकेको पाइन्छ । यस्तो प्रवृत्तिले अपराधकर्मीको लागि थप अपराधको अवसरको रूपमा लिइन्छ भने पीडितको जोखिमयुक्त अवस्था (Vulnerability) लाई यसले अझ बढाई दिन्छ । त्यसैले पीडित तथा बालबालिका जस्तो संवेदनशील बर्गको परिचय तथा अन्य सूचनाहरू अपराध अनुसन्धान थाले देखिनै व्यवस्थित रूपले संरक्षित रहने गरी गोपनीयताको प्रत्याभूति दिन जरुरी छ । हाल सम्म हामीकहाँ शुरु जाहेरी देखि पीडितको सबै विवरण खुल्ला राख्ने, मिसिल र मिसिल कागजात खुल्ला राखीने, सरोकारवालाले नक्कल माग्न सक्ने, निरीक्षण गर्न सक्ने, सन्चार माध्यमले असीमित पहुँच पाउने अवस्था देखिन्छ । यो अवस्थालाई पीडितको आवश्यकता र हितका दृष्टिले नियमन नगरी (Unregulated) छाडिएको भन्न नमिल्ने गरी प्रचलित कानूनको कार्यान्वयन हुन जरूरी छ ।
- गोपनीयताको हक सम्वन्धी ऐन, नियमावली समेत कार्यान्वयनमा आई सकेपछि पनि मुद्दा मामिलामा पीडितको रूपमा संलग्न महिला, बालबालिका पक्ष भएका वा एच.आई.भी./एड्स संक्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थिति देखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनीयताको स्तर कायम रहने गरी कानूनले तोकेको सम्बन्धित पक्षको हक र कानून कार्यान्वयन अधिकारीको दायित्व प्रति संवेदनशील हुन नसकिएको यथार्थतालाई नकार्न सकिदैन । सर्बोच्च अदालतवाट २०६४ सालमै सपना प्रधान मल्लको मुद्दा (ने.का.प. २०६४ अंक ९ नि.नं. ७८८०) मा गोपनीयता कायम गर्ने सम्वन्धी कानून वनाउन आदेश जारी भए पनि वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, नियमावलीले मुद्दा मामिलाको रोहमा पक्षको गोपनीयता कायम गर्ने सम्बन्धमा स्पष्ट र प्रभावकारी व्यवस्था गर्न सकेको देखिदैन भने सर्वोच्च अदालतवाट जारी भएको निर्देशिकाको कार्यान्वयनमा एकरूपता हुन नसकेको र कार्य प्रभावकारिताको अनुगमन मूल्याङ्कन र सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउन पर्ने देखिन्छ ।
- अन्तराष्ट्रिय मानव अधिकार कानूनसँग धेरै हदसम्म सामन्जस्य हुनेगरी नेपालमा गोपनीयताको हकलाई संवैधानिक सुनिश्चितता गरिएकोमा सो बमोजिम विशेष ऐन र नियमावली तर्जुमा गरिएको छ । विश्वका केहि मुलुकहरुमा Data Protection लाई जोड दिदै छुट्टै कानूनी

व्यवस्था गरेका छन् ।नेपालमा तथ्याङकको गोपनीयताको प्रावधान राखी सो विषयको केहि हदसम्म सम्बोधन गरेपनि विषयको संवेदनशीलताको आधारमा Data Protection सम्बन्धमा स्पष्ट र विस्तृत व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

- विश्वका अधिकांश मुलुकहरुमा संरचनात्मक हिसावले स्वायत्त Privacy/Data Protection Commission को व्यवस्था रहेको देखिन्छ । नेपालमा वैयक्तिक गोपनीयताको हक कार्यान्वयनको लागि संरचनात्मक व्यवस्था नरहेको हुँदा राष्ट्रिय सूचना आयोग जस्तै स्वायत्त संरचनाको स्थापना हुन उपयुक्त हुन्छ ।
- सूचनाको हक र गोपनीयताको हक एक आपसमा अन्तर्सम्बन्धित विषय भएकोले सूचनामा पहुँच तथा गोपनीयताका विषयमा सामन्जस्य/सन्तुलन हुनेगरी सार्वजनिक हितको आधारमा दुबै हक सम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गरीनुपर्छ।
- विद्यमान कानूनको उचित र प्रतिफलयुक्त कार्यान्वयनको लागि आवश्यक कार्यविधि, मापदण्डको निर्माण, वित्तिय तथा जनशक्ति लगायतका स्रोतसाधनको व्यवस्थापन, प्रभावकारी र स्वतन्त्र निगरानी प्रणालीको स्थापना गरीनुपर्छ।
- मेक्सिको, क्यानडा, थाइल्याण्ड लगायतका मुलुकहरुमा सूचनाको हक र गोपनीयताका विषयहरुलाई एउटै कानूनमा व्यवस्था गरिएको, एउटै संरचना रहेको अवस्था छ । नेपालमा पनि लागत तथा व्यवस्थापनको हिसावले दुवै हकको सम्बोधन हुनेगरी कानूनी एवम् संरचनात्मक व्यवस्था गर्न सकिने तर्फ थप अध्ययन गर्न आवश्यक रहेको छ । डिजिटल सूचनाहरुको संरक्षणमा जोड दिनुपर्ने देखिन्छ।

७. निष्कर्ष

गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार, जहाँ व्यक्तिगत स्वायत्तता तथा व्यक्ति र समाज बीचको सम्बन्धसँगको विषय जोडिएको हुन्छ । यस अन्तर्गत व्यक्तिको जीउ, परिवार, तथ्याङ्क, सम्पत्ति, आवास लगायतका बिषयहरु समेटिएका हुन्छन् । व्यक्तिको निजी काम कारवाही र गतिविधिहरूमा अनावश्यकरूपमा सरकार तथा तेस्रो पत्रबाट हस्तक्षेप नहुने प्रत्याभूति आधुनिक युगको गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो । अर्थात् Right to be let alone भन्ने सँग सम्बन्धित छ । कुनैपनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्दछ ।

मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनले गोपनीयताको अधिकारको प्रबर्द्धन र संरक्षणको लागि स्पष्ट र विश्वव्यापी ढाँचा/रूपरेखा प्रदान गरेको देखिन्छ।यद्यपि अधिकांश मुलुकहरुमा राष्ट्रिय कानूनी व्यवस्थाको अपर्याप्तता, कमजोर कार्यान्वयन पक्ष, कमजोर प्रक्रियात्मक सुरक्षा तथा प्रभावकारी निरीक्षणको अभावले गोपनीयताको हकमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेपलाई योगदान पुऱ्याएको हुन्छ। सन १९६० देखि विभिन्न मुलुकहरु तथा अन्तरराष्ट्रिय निकायहरु समेतले गोपनीयता सम्बन्धी आधारभूत सिद्दान्तहरु अबलम्बन गरेको पाइन्छ जसलाई Fair Information Practices भनिन्छ।[५०]

५० David Banisar को "The Right to Information and Privacy: Balancing Rights and Managing Conflicts" मा Collection Limitation Principle, Data Quality Principle, Purpose Specification Principle, Use Limitation Principle, Security Safeguard Principle, Openness Principle, Individual Participation Principle and Accountability Principle को उल्लेख गरिएको छ ।

अहिले सूचना प्रविधिको विकसितरूप र व्यापक प्रयोगले गर्दा यो क्षेत्र अत्यन्त संवेदनशील बनेको छ र अपराध अनुसन्धान र न्यायको आवश्यकता तथा व्यक्तिगत हक एवं गोपनीयताको सुरक्षाको सन्तुलित आधारमा तिनको प्रयोगको वाञ्छनीयता छुट्याउन पर्दछ ।

आधुनिक संचारको युगमा व्यक्तिका संवेदनशील विषयका बारेमा सामाजिक सञ्जाल समेतको माध्यमबाट हानी पुऱ्याएको अवस्था छ । कुनैपनि व्यक्तिको निजी जीवनको अधिकारमा राज्य वा व्यक्ति कसैको हस्तक्षेप स्वीकार्य हुदैन ।यस्तो हकको सम्मान र संरक्षण गर्ने दायित्व व्यक्ति र राज्य दुवैको हुन्छ। मुद्दाको पक्षमा मात्र सीमित नगरी Fair Information Practices को अवलम्वन तथा कानूनी व्यवस्थाको उचित र व्यवहारिक अभ्यास, समय सापेक्ष पुनरावलोकन, उपयुक्त संरचनात्मक व्यवस्थाबाट नै नेपालमा गोपनीयताको हकको सम्मान, संरक्षण र प्रबर्द्धन हुने देखिन्छ।

The_Right_to_Information_and_Privacy_Balancing_Rig.pdf

वातावरणीय न्याय, कानून र हाम्रो अभ्यास[1]

१. विषय प्रवेश

मानिसको आवश्यकता, साम्पत्तिक मूल्य तथा मानवीय जीवनको स्तर, अपेक्षा एवं मूल्य मान्यतामा असर पुऱ्याउने वरिपरी रहेका समस्त आर्थिक, सामाजिक साँस्कृतिक, कलात्मक, भौतिक तथा पर्यावरणीय विषयहरु नै वातावरण हो भनी Black's Law Dictionary मा परिभाषा गरेको छ । वातावरण विश्वव्यापी चासोको विषय हो । यसको प्रभाव राष्ट्रिय सीमाभित्र मात्र सीमित नरही अन्तराष्ट्रिय क्षेत्रसम्म फैलिएको हुन्छ । विकसित देशमा ठूलठूला उद्योगले उत्पादन गर्ने सल्फर डाइअक्साईड, नाइट्रोजन अक्साइड, कार्वन मोनोअक्साइड जस्ता वस्तु सोझै प्रवाहित हुँदा त्यसको प्रतिकूल प्रभावले पृथ्वीमा अम्लीय वर्षा, हरितगृह प्रभाव परेको छ । वन विनासले नदीको मुहान सुक्न गई खोला नदीको वहाव घटेको छ । पानीको मुहानमा फोहोर फाल्नाले खानेपानी दूषित भइ रोगव्याधि फैलिएको छ । भौतिक निर्माणले तिव्रता पाउदा नदीनालाको वालुवा, ढुंगा, माटोको अनियन्त्रित दोहोन भइराखेको छ । जसबाट मानव जाती र प्रकृतिबीच कायम हुनुपर्ने तादाम्यता र पर्यावरणीय चक्र खलबलिन गएको छ । वातावरण अस्वस्थकर बन्न गएको छ ।

वातावरणको संरक्षण विना स्वच्छ वातावरणको हक सुनिश्चित हुन सक्दैन । स्वच्छ वातावरणको अधिकार मानव मर्यादा, प्रतिष्ठा र सम्मानपूर्वक बाँच्न पाउने हकसँग सम्बन्धित विषय हो । वातावरण स्वच्छ र स्वस्थ नभएसम्म नागरिक आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सुरक्षित हुन नसक्ने भएकाले सर्वप्रथम नेपालको अन्तरिम संविधान २०६३ को धारा १६(१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुने भनी मौलिक हकको व्यवस्था गऱ्यो । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको हकलाई सुनिश्चित गर्न वर्तमान संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गरेको छ । संविधानमा व्यवस्थित गरीएका मौलिक हकहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ भन्ने वर्तमान संविधानको धारा ४७ को व्यवस्था अनुसार संविधानद्धारा प्रदान स्वच्छ वातावरणको हकको कार्यान्वयन गर्न, स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनिकरण गर्न तथा जलवायु

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता उद्धव प्रसाद पुडासैनी र उपन्यायाधिवक्ता गोकुल बहादुर निरौला

परिवर्तनको चुनौतीलाई सम्मान गर्नका लागि [२] वातावरण संरक्षण ऐन, २०७६ मिति २०७६।०६।२४ देखि मुलुकभर लागू भएको छ ।

२. अवधारणागत पक्ष

वातावरणीय न्याय अपेक्षाकृत नौलो अवधारणा हो । यो वातावरण संरक्षणको कार्य भन्दा भिन्न त्यसबाट उत्पन्न भएको प्रदुषण व्यहोर्नेको लडाइँ हो । धार्मिक र वैदिक संस्कृतिलाई आधार मान्दा प्राचीनकाल देखि वातावरण संरक्षणको कुनै न कुनै रुपमा प्रयास भएको पाइन्छ ।

सन १९७२ को संयुक्त राष्ट्रसंघीय वातावरण सम्मेलन पछि नेपालका हरेक योजनामा वातावरणीय जगेर्नाको प्रयासले तिव्रता पाएको छ । अन्तराष्ट्रियस्तरमै सम्पन्न भएका १७ भन्दा बढी वातावरणीय सन्धि र महासन्धिको नेपाल पक्ष बनिसकेको छ ।

२.१. वातावरणीय न्याय

नागरिकको जीवन स्वतन्त्रता र सम्पत्तिको रक्षा गर्नु राज्यको प्रमुख जिम्मेवारी भित्र पर्दछ ।यस विधिशास्त्रीय मान्यतामा आधारित भएर हरेक राज्यले नागरिकको जीवन रक्षाका लागि विभिन्न उपायहरु अवलम्बन गर्दै आएका पाइन्छ । स्वच्छ, स्वस्थ वातावरण जीवनको समग्रताको अंग भएकोले जीउने अधिकार भित्र स्वच्छ, स्वस्थ वातावरणको हक पनि अर्न्तभूत हुन्छ भनी सम्मानीत सर्वोच्च अदालतले सुर्यप्रसाद ढुंगेल विरुद्ध गोदावरी मार्वल ईण्डीष्ट्रिज प्रा.लि. समेत भएको मुद्धामा[३] तत्कालिन नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६(४) मा राज्यको निर्देशक सिद्धान्त र नीतिमा रहेको वातावरण सम्बन्धी राज्यको आधारभूत नीतिगत सिद्धान्त मध्ये पर्यावरणको संरक्षणलाई महत्वपूर्ण राज्यका निर्देशक सिद्धान्त मानेको अवस्था र तत्पश्चात बनेको संविधानमा वातावरणको हकलाई मौलिक हकको मान्यता दिएको अवस्था रहि आएको छ ।

वातावरणीय नीति, कानून, नियमहरुको तर्जुमा गर्दा, कार्यान्वयन गर्दा सबै जातजाती, संस्कृति र आस्थाका जनताहरुसँग स्वच्छ र समन्वयनकारी व्यबहार गर्नु वातावरणीय न्याय हो । कुनै औद्योगिक वा व्यापारिक कृयाकलाप संचालन गर्दा त्यसबाट उत्पन्न हुने नकारात्मक वातावरणीय परीमाणको हिस्सा कुनै पनि जनजाती, समुदाय वा सामाजिक, आर्थिक रुपमा पछि परेकाहरुले व्यहोर्नु नपर्ने गरी कानूनको निर्माण गरी कार्यान्वयन गर्नु नै वातावरणीय न्यायको मूल मर्म र भावना हो । शक्तिशाली व्यक्ति र राष्ट्रका सफा, स्वच्छ, स्वस्थ, उन्नतिशील र रमाइलो वातावरणमा बाँच्ने अभिलाषा विरुद्ध प्रभावित (पीडित) व्यक्तिको लडाईँलाई वातावरणीय न्याय भनिन्छ । वातावरणीय विनासबाट मुक्त रहन पाउने भेदभाव रहित, विषालु पदार्थको उत्खनन, उत्पादन, विर्सजन, आणविक परीक्षणबाट विश्वव्यापी संरक्षण, निर्णय प्रकृयामा समान सहभागिता, वातावरणीय हानिबाट मुक्ती पाउने,

---

२ वातावरण संरक्षण ऐन, २०७६, प्रस्तावना ।

३ सम्वत २०४९ सालको रि.पू.ई.नं.३५, आदेश मिति २०५२।०७।१४

वातावरणीय पक्ष समेटिएको शिक्षा, प्राकृतिक स्रोत माथि समान पहुँच, समुदायका संस्कृतिको सम्मान र पीडितलाई क्षतिपूर्तिको अधिकार वातावरणीय न्यायका मुलभूत पक्षहरु हुन्।

वातावरणीय न्याय, सामाजिक न्याय र वातावरणीय संरक्षणलाई एकसाथ हेर्ने विषयको रुपमा विकास भएको हो । यो विषय वातावरणीय वहसको प्रमुख सवाल हुन थालेको छ । वातावरणीय न्याय तथा समन्यायका क्षेत्र ब्यबहारिक रुपमा महत्वपूर्ण र विस्तृत छन् ।

अमेरिकामा सन् १९६० को दशकमा नागरिक आन्दोलनसँगै यस विषयको सूत्रपात भएको हो । सन १९८० को दशकमा संयुक्त राज्य अमेरिकाको गोरामुखी वातावरणीय कानून, काला र अन्य अल्पसंख्यक जातजातीको वासस्थान नजिक मात्र प्रदुषक उद्योग स्थापना गर्ने गोराहरुको अलिखित नीति प्रदुषणको मारमा कालाहरु मात्र पर्ने र फाइदा जति सवै गोराहरुले लिने जस्ता अन्यायपूर्ण कृयाकलाप विरुद्ध आन्दोलनको रुपमा अगाडि आएको हो । सन १९९१ मा एकहजार भन्दा वढी प्रतिनिधिहरुको उपस्थितिमा वासिङ्गटन डि.सी.मा First National People of Color Environment Leadership summit मा वातावरणीय अभियानलाई सार्वजनिक स्वास्थ्य, श्रमिकहरुको सुरक्षा, भू-उपयोग समुदायको बाँडफाँड एवं समुदायको सशक्तिकरण जस्ता विभिन्न सिद्धान्त पारित गरेको छ ।

२.२. वातावरणीय न्यायका सिद्धान्तहरु[४]

- पृथ्वीको पवित्रता र सवै प्रजाति वीचको अन्तरनिहितता तथा पर्यावरणीय एकताका साथै पर्यावरणीय विनाशवाट मुक्त रहन पाउने हक ।
- सबैका लागि भेदभाव र पक्षपातरहित परस्पर सम्मान र न्यायमा आधारित नीतिको विद्यमानता ।
- मानव तथा अन्य प्राणीको हितको लागि दिगोपनामा आधारित भूमि तथा अन्य नविकरणीय स्रोतहरुको नैतिक सन्तुलित तथा जिम्मेवारीपूर्ण उपयोग ।
- स्वच्छ हावापानी जमिन र खाद्य पदार्थ पाउनुपर्ने मानव मौलिक अधिकारको हनन् गर्ने खालका आणविक परिक्षणवाट मुक्ति, विशालु तथा हानिकारक पदार्थको उत्खनन्, उत्पादन तथा विसर्जन र आणविक परीक्षणवाट विश्वव्यापी संरक्षण ।
- सबै मानिसको राजनीतिक, आर्थिक, सांस्कृतिक र वातावरणीय आत्म निर्णयको मौलिक अधिकार।
- सबै प्रकारका विषालु हानिकारक र रेडियोधर्मी पदार्थवाट मुक्ति र विगत तथा हालका हानिकारक पदार्थका उत्पादकलाई जनताको वातावरण विषमुक्त बनाउन र उत्पादन स्थलमा नै नियन्त्रण गर्नका लागि उत्तरदायी वनाउन कठोर कानूनी संरचनाको व्यवस्था ।
- आवश्यकताको पहिचान देखि योजना तर्जुमा कार्यान्वयन सञ्चालन मूल्यांकन तथा अन्य कार्य गर्दा सबै तहका निर्णय प्रकृयामा समान साझेदारको रुपमा सहभागी हुने अधिकार ।

४ न्याय प्रशासनका आयामहरु, वातावरणीय न्याय, तिल प्रसाद श्रेष्ठ, सोपान मासिक पृ.५४२-५४३

- असुरक्षित वातावरण वा वेरोजगारी मध्ये एकलाई रोज्नुपर्ने वाध्यता सृजना नगरी सबै मजदुरको सुरक्षित र स्वच्छ कार्यस्थल वातावरण पाउने अधिकारका साथै घरमा काम गर्नेका लागि पनि वातावरणीय हानिवाट मुक्त रहन पाउने हक ।
- वातावरणीय अन्यायवाट पीडितहरुको पूर्ण क्षतिपूर्तिको अधिकार, क्षतिको मर्मतका साथै गुणस्तरीय स्वास्थ्य सेवाको अधिकार ।
- वातावरणीय न्याय विरोधि सरकारी कार्य, अन्तराष्ट्रिय कानून, मानव अधिकार सम्वन्धि विश्वव्यापि घोषणापत्र तथा आमहत्या विरोधि संयुक्त राष्ट्र संघीय महासन्धिको उलंघन हो भन्ने ठहर ।
- सन्धि, सम्झौता, अनुवन्ध तथा दस्तावेजका माध्यमवाट रैथाने जातीहरुको आ-आफनो राष्ट्रसँगको प्राकृतिक तथा विशेष कानूनी सम्बन्ध रहेको वास्तविकतालाई मान्यता प्रदान ।
- सहरी तथा ग्रामिण पर्यावरणीय नीतिले शहर तथा ग्रामिण क्षेत्रहरुको प्रकृतिसँग तालमेल खाने गरी सफा तथा पूनः स्थापना गर्ने नीति लिनुपर्ने र त्यसो गर्दा सबै समुदायहरुको सांस्कृतिक पूर्णताको सम्मान र सम्पुर्ण प्राकृतिक स्रोतसम्मको समान पहुँचको व्यवस्था ।
- सुसुचित सहमतिको सिद्धान्तको कडा पालना र कालो वर्णका मानिसहरुलाई प्रजनन् औषधीजन्य तथा खोपको परिक्षण प्रकृयामा प्रयोग गर्ने कार्य उपर प्रतिवन्ध ।
- बहुराष्ट्रिय कम्पनिका विध्वंसकारी सञ्चालन प्रकृयाको विरोध ।
- भूमि, मानिस, संस्कृति तथा अन्य प्राणी माथिको सैंन्य कव्जा, दमन र शोषणको विरोध ।
- वर्तमान तथा भावि पिढीका लागि वर्तमान पुस्ताका अनुभव र विविध सांस्कृतिक मान्यतालाई कदर गर्ने दृष्टिकोणमा आधारित सामाजिक र वातावरणीय पक्ष समेटिएको शिक्षाको आवश्यकता।
- हरेकले आ-आफ्नो स्तरवाट नै पृथ्वीको कम भन्दा कम स्रोतको उपयोग गरी कम भन्दा कम फोहोर गर्ने खालका उपभोग्य सामाग्रिको छनौटलाई प्राथमिकता दिनुपर्ने र वर्तमान तथा भावि पिढीको भविष्यका लागि संसारको प्राकृतिक वातावरणको सुनिश्चितताको लागि हालको विध्वंसकारी जीवन शैलीलाई चुनौती दिदै पूनः प्राथमिकता निर्धारणका लागि सुसूचित एवं होशियारी पूर्ण निर्णय ।

२.३. वातावरण कानूनका सिद्धान्त [५]

वातावरण कानूनको मूल स्रोत अन्तराष्ट्रिय कानून हो । सन् १९८७ मा विश्व वातावरण आयोगद्वारा प्रकाशित "हाम्रो साझा भविश्य" भन्ने पुस्तक, ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न सम्मेलन १९९२ ले वातावरण कानूनका सर्वमान्य सिद्धान्तहरुलाई अघि सारेको थियो । यी सिद्धान्तहरुमा दिगो विकासको सिद्धान्त, पूर्व सावधानीको सिद्धान्त, रोकथामको सिद्धान्त, प्रदुषकले दायित्व वहन गर्नुपर्ने सिद्धान्त र सार्वजनिक सहभागिताको सिद्धान्त नै मुख्य रुपमा रहेका छन् । यस वाहेक साझा तर

५ वातावरण संरक्षण सम्वन्धी मुद्दाहरुको संगालो, प्रो पव्लिक, जनहित संरक्षण मञ्च ।

भिन्न दायित्वको सिद्धान्त, सार्वभौम र उत्तरदायित्वको सिद्धान्त, असल छिमेकीपन र अन्तराष्ट्रिय साझेदारीको सिद्धान्तलाई वातावरण कानूनको सिद्धान्तको रुपमा लिने गरीन्छ । पछिल्ला तीन सिद्धान्तहरु अन्तराष्ट्रिय सम्वन्धमा प्रयोग हुने हुनाले यसको व्याख्या राष्ट्रिय अदालतवाट हुने गरेको छैन । अव यहाँ वातावरण कानूनका मुलभूत ५ वटा सिद्धान्तको संक्षेपमा चर्चा गरीन्छ ।

(क) **दिगो विकासको सिद्धान्तः-** भावि पुस्ताका आफना आवश्यकता पूरा गर्ने क्षमतामा प्रतिकूल प्रभाव नपारिकन हालको पुस्ताका आवश्यकताहरुलाई पूरा गर्ने विकासका कार्यलाई दिगो विकास भनी ब्रुटल्याण्ड कमिशनले परिभाषा गरेको छ । दिगो विकासको सिद्धान्तको पहिलो आधार वातावरण र भौतिक विकास र प्राकृतिक स्रोतको उपयोगको सन्तुलन गर्नु हो ।यस सन्तुलनले हालको पुस्ताले मात्र प्राकृतिक स्रोतको प्रयोग गर्ने वा प्राकृतिक स्रोतको अस्तित्वलाई सङ्कटमा पुऱ्याउने कुराको समर्थन गर्दैन । यसको अर्थ भौतिक विकासको कुनै पनि कार्यहरु गर्नु हुदैन भन्ने पनि होईन, भौतिक विकासका कार्य गर्दा वातावरण संरक्षणलाई दृष्टिगत गर्दै त्यसलाई सम्वोधन पनि गर्नु पर्दछ भन्ने हो । अन्तरपुस्ता समन्यायले प्राकृतिक स्रोत वा जैविक विविधतालाई यसै पुस्ताका मानिसले आफ्नो प्रयोजनका निमित्त उपयोग गरी समाप्त पार्ने नभइकन अर्को पुस्ताका मानिसहरुले पनि उपयोग गर्ने र त्यसवाट लाभ लिन पाउने गरी वाँकी राख्नु पर्दछ भन्ने हो । प्राकृतिक स्रोतमा एकै वा समपुस्ताका मानिसको पनि समन्यायिक हक रहन्छ । एकै देशमा वस्ने समपुस्ता वा संसारभर वस्ने समपुस्ताका मानिसको प्राकृतिक वा संसारभर बस्ने समपुस्ताका मानिसको प्राकृतिक स्रोत माथिको कुनै न कुनै हक रहेको हुन्छ ।

(ख) **पूर्व सावधानीको सिद्धान्तः-** मानवीय कार्यले वातावरणमा उल्लेखनिय प्रतिकूल असर पार्दछ । जसका कारणले वातावरणलाई पूर्वस्थितीमा फर्काउन सकिदैन भने त्यस कार्यलाई रोक्न पूर्व सावधानी अपनाई वातावरणीय प्रभावलाई कम गर्न वा पूर्वस्थितीमा फर्काउने कार्य गर्नु पर्दछ ।यस सिद्धान्तको अभिप्राय उद्योग वा परियोजनाले गर्ने अहित भन्दा हित वढी हुनु पर्दछ भन्ने हो ।दीर्घकालिन रुपमा अहित गर्ने प्रदुषणजन्य कार्यलाई गर्न दिनु हुदैन भन्ने यसको उद्देश्य हो । यस सिद्धान्तले मानवीय तथा वातावरणमा पर्ने प्रतिकूल प्रभावका विरुद्ध राज्यलाई भूमिका खेल्न वाध्य पार्दछ ।

(ग) **रोकथामको सिद्धान्तः-** यस सिद्दान्तले प्रदुषणलाई सकेसम्म कम गर्ने प्रविधि तथा उपायलाई अवलम्वन गर्ने कुरालाई जोड दिन्छ ।वातावरण विग्रिई सकेपछि त्यसलाई पूनः सफाई गर्ने कार्य गर्नु भन्दा विग्रन नै नदिन उचित हुन्छ भन्ने यस सिद्धान्तको मूल लक्ष्य हो । यस सिद्धान्तले उद्योगहरुले पार्न सक्ने वातावरणीय वा मानवीय प्रभाव वा दुर्घटनालाई रोक्न अपनाउनुपर्ने हरसम्भव उपायहरु अपनाउनु पर्दछ भन्ने कुरालाई जोड दिन्छ । रोकथामको सिद्धान्तले दुर्घटना हुन नदिन अपनाउनु पर्ने सावधानी अपनाउन वाध्य पार्दछ । विकास वा औद्योगिक कार्यले वातावरणलाई प्रतिकूल प्रभाव पर्ने हुदा त्यस्ता कार्य गर्दा पनि वातावरणलाई जोगाई राख्न वातावरण संरक्षणका कार्यहरु पनि सँगसँगै जानु पर्दछ । यो सिद्धान्तले

प्रदुषणलाई घटाउने कार्यहरुमा मात्र सीमित नभईकन दिगो विकास, योजना प्रक्रियामा वातावरण संरक्षणका कुरालाई अन्तरनिहित गराउन, उच्च कोटीको प्रविधिको प्रयोग वढाउन र कमजोर आर्थिक स्थिती भएका वर्गलाई पर्न सक्ने नकरात्मक प्रभावलाई कम गर्न पनि उत्तिकै कृयाशिल हुन्छ ।

(घ) **प्रदुषकले दायित्व वहन गर्नु पर्ने सिद्धान्तः-** यस सिद्धान्तले प्रदुषण गर्ने व्यक्ति वा उद्योगले वातावरणमा पारेको प्रतिकूल प्रभाववाट वातावरण वा मानवीय स्वास्थ्यलाई पूर्व स्थितीमा फर्काउन लाग्ने मूल्य वा लागत व्यहोर्नुपर्ने कुरामा जोड दिन्छ । मानिसका हरेक कृयाकलापले प्रदुषण गरीरहेको हुनाले प्रदुषणकर्तालाई विना जिम्मेवारी स्वतन्त्र हिड्न दिईनु हुदैन तथा प्रदुषण गरेर कसैंलाई आर्थिक रुपमा सम्पन्न र कसैलाई रोगि बनाईनु हुदैन भन्ने मान्यता यस सिद्धान्तमा अन्तरनिहित छन् ।

(ङ) **सार्वजानिक सहभागिताको सिद्धान्तः-** प्राकृतिक स्रोतको प्रयोग वा वातावरणीय व्यवस्थापन सम्वन्धि निर्णयवाट प्रभावित हुने समुदायलाई निर्णय प्रकृयामा संलग्न गराउनु पर्दछ भन्ने यस सिद्धान्तको मूल अभिप्राय हो । यसले स्थानीय समुदायलाई प्राकृतिक स्रोतको उपयोग गर्ने निर्णयमा उनीहरुको समहति लिने कुरालाई अपरिहार्य वनाउँदछ । प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकनका निमित्त क्षेत्र निर्धारण वा स्कोपिङ्ग गर्दा आफूले पेश गरेको प्रस्ताव माथि स्थानीय तह, विद्यालय, स्वास्थ्य चौकी वा सरोकारवाला व्याक्ति वा संस्थाको धारणा बुझ्ने सरोकारवालासँग थप जानकारी लिने र प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाइ गर्ने जस्ता सहभागिताका पद्धति अवलम्वन गर्न सकिन्छ ।

३. वातावरणसँग सम्बन्धित हाम्रो कानूनी व्यवस्था

३.१. संवैधानिक कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ को राज्यका नीतिहरू अन्तर्गत उपधारा (४) मा जनसाधारणमा वातवरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ बन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ भन्ने पहिलो संवैधानिक व्यवस्था गरेको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्य सम्बन्धी हक अन्तर्गत प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ र प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा पाउने हक हुनेछ भन्ने मौलिक हकको रुपमा संवैधानिक व्यवस्था गर्यो । यसै गरी धारा ३५ मा राज्यका नीतिहरु अन्तर्गत उपधारा (५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्धारा वातावरणमा प्रतिकूल असर

पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ भन्ने व्यवस्था गरेको गरेको थियो ।

नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गरिएको छ । उक्त धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।उपधारा (२) मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ र उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने मौलिक हकको व्यवस्था गरिएको छ ।

यसैगरी राज्यका नीतिहरु अन्तर्गत धारा ५१ को देहाय (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीतिमा

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलव्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नविकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्म वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्दान्त अबलम्वन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीतिहरु अबलम्बन गर्ने र धारा ४७ मा मौलिक हकको कार्यान्वयन अन्तर्गत यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ ।

३.२. कानूनी व्यवस्थाहरु

३.२.१. वातावरण संरक्षण ऐन, २०७६

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबिच समुचित सन्तलुन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको यो ऐनले अनुकूलन, उत्सर्जन, जलवायु परिवर्तन, जोखिमपूर्ण पदार्थ, जैविक विविधता, प्रदुषण, प्रारम्भिक वातावरणीय परीक्षण, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन, वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कनको परिभाषा गरी वातावरणीय अध्ययन, प्रदुषण नियन्त्रण, जलवायु परिवर्तन, राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र, जरिवाना तथा क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

३.२.१.१.प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन

Initial Environmental Examination (IEE) & Environmental Impact Assessment (EIA)

वातावरणीय मूल्यांकन (EA) प्रस्तावित कार्यको साथ अगाडि बढ्ने निर्णय गर्नुअघि योजना, नीति, कार्यक्रम वा वास्तविक आयोजनाहरूको वातावरणीय परिणामहरूको मूल्याङ्कन हो। यस सन्दर्भमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) शब्द सामान्यतया व्यक्ति वा कम्पनीहरूले वास्तविक परियोजनाहरूमा लागू गर्दा प्रयोग गर्दछन् । रणनीतिक वातावरणीय मूल्यांकन (ASEA) शब्द प्रायः सरकार तथा यसका अन्य अंगले प्रस्तुत गर्ने नीति, योजना र कार्यक्रमहरूमा लागू हुन्छ। यो वातावरणीय व्यवस्थापनको एक उपकरण हो, जुन परियोजना अनुमोदन र निर्णय लिने कामको एक अंश पनि हो। वातावरणीय मूल्याङ्कन सार्वजनिक सहभागिता र निर्णय लिनेको दस्तावेजको सम्बन्धमा प्रशासनिक प्रक्रियाको नियमहरूद्वारा शासित हुन सक्छ र न्यायिक समीक्षाको अधीनमा हुन सक्दछ।

हाम्रो कानूनमा **प्रारम्भिक वातावरणीय परीक्षण** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरीने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरीने अध्ययन तथा मूल्याङ्कन सम्झिनु पर्छ (वातावरण संरक्षण ऐन, २०७६ दफा २(ड)) र **वातावरणीय प्रभाव मूल्याङ्कन** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावको वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नका साथै

त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्नका लागि अबलम्बन गरीने उपायको सम्बन्धमा विस्तृत रुपमा गरीने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ (वातावरण संरक्षण ऐन, २०७६ दफा २(झ)) भनी परिभाषा गरेको छ ।

वातावरणीय प्रभाव मूल्यांकनका लागि अन्तराष्ट्रिय संघ (IAIA) ले वातावरणीय प्रभाव मूल्याङ्कनलाई बायोफिजिकल, सामाजिक र विकास सम्बन्धी अन्य प्रासंगिक प्रभावहरू लिने प्रमुख निर्णय लिनु र प्रतिबद्धता लिनु अघि वातावरणलाई पहिचान, भविष्यवाणी, मूल्यांकन र कम गर्ने प्रक्रियाहरु हुन, जसलाई पूर्व निर्धारित वातावरणीय परिणामको पालना आवश्यक पर्दैन, बरु उनीहरूले निर्णय निर्माताहरूलाई उनीहरूको निर्णयमा पर्यावरणीय मूल्यहरूको लेखा लिनुपर्दछ र ती निर्णयहरूलाई उचित वातावरणीय अध्ययन र सम्भावित वातावरणीय प्रभावको बारेमा सार्वजनिक टिप्पणीहरूको आधारमा न्यायिक तुल्याउन आवश्यक छ भनी परिभाषित गरेको छ ।

आर्थिक वृद्धि सहितको भौतिक विकास र वातावरणीय ह्रास एक अर्काप्रति प्रत्यक्ष प्रभाव पार्ने विषयहरु हुन । सामाजिक आर्थिक विकासका कार्यहरुबाट आर्थिक वृद्धि र मानव जीवनको गुणात्मक पक्षमा वृद्धि भएतापनि प्राकृति स्रोतहरुको अधिक दोहन तथा प्रदुषण वृद्धिबाट मानव जीवन कष्टकर हुन थालेपछि वातावरण व्यवस्थापनको महत्व र आवश्यकता महशुस हुन थालेपछि सर्वप्रथम संयुक्त राज्य अमेरिकाले सन् १९७० मा वातावरणीय ऐन लागू गरी विकास आयोजनाहरुको कार्यान्वयन पूर्वनै वातावरणीय मूल्यांकन गर्नुपर्ने प्रावधान राख्यो। यस संयन्त्रको प्रयोगबाट विकास र वातावरणलाई सन्तुलनमा राख्न सहयोग पुगेको भनी सन् १९७० र ८० को दशकमा विकसित राष्ट्रहरुले यो संयन्त्रलाई राष्ट्रिय नीति तथा कानूनमा समावेश गरी प्रयोगमा ल्याए । यसै समयमा सम्पन्न भएका अन्तराष्ट्रिय तथा क्षेत्रिय स्तरका वातावरण सम्बन्धी सम्मेलन, गोष्ठी तथा वैठकले विश्व संरक्षण रणनीति, प्रकृति सम्बन्धी विश्व बडापत्र, रियो घोषणापत्र, एजेण्टा २१, जोहानेशवर्ग कार्यान्वयन योजना सम्बन्धमा निर्णय गरी वातावरण संरक्षणलाई प्राथमिकता दिई नीति र कानून मार्फत यस संयन्त्रको व्यापक प्रयोग गर्न राष्ट्रहरुलाई आह्वान गरी दस्तावेजहरु पारित गऱ्यो। यही आधारमा विश्व वैंक तथा एशियाली विकास वैंकले गर्ने विकास सम्बन्धी विभिन्न योजना आयोजनाका क्रियाकलापमा यो संयन्त्रको प्रयोगलाई अपनाउदै आए।

नेपालमा विकास कार्यक्रमहरुको वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटी सन् १९८० को दशकबाट दातृ निकायहरुको सहयोगमा संचालित विकास आयोजनाहरुको कार्यान्वयन गर्नुपूर्व त्यस्ता आयोजना निर्माण एवं कार्यान्वयनबाट भौतिक, जैविक, सामाजिक,आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावको बारेमा मूल्यांकन गरी प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरु अवलम्बन गर्न थालिएको हो । यसै क्रममा वि.स. २०३८ देखि २०४६ सम्म वन तथा भू संरक्षण मन्त्रालय, भू तथा जलाधार संरक्षण विभाग अन्तर्गत संचालित वातावरणीय प्रभाव अध्ययन आयोजनाले यो संयन्त्रको प्रयोगमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यस आयोजनाले वातावरण व्यवस्थापनका साथै वातावरणीय प्रभाव मूल्यांकनको आवश्यकता, महत्व र उपादेयता बारेमा जनचेतना जगाउनुका साथै

पूर्वाधार विकास आयोजनामा वातारणीय प्रभाव मूल्यांकन कार्यलाई आन्तरिकीकरण तथा संस्थागत गराउन सहयोग पुऱ्यायो ।

वि.स. २०४८ सालमा वन तथा वातावरण मन्त्रालय र वि.स. २०४९ मा वातावरण संरक्षण परिषद् स्थापना भएपछि वन क्षेत्रमा संचालन हुने वा यस क्षेत्र भएर लगिने पूर्वाधार विकास कार्यक्रमहरु कार्यान्वयन हुनुपूर्व वातावरणीय पक्ष अनिवार्य रुपमा हेर्नुपर्ने संयन्त्रको विकास तथा कार्यान्वय गर्नमा वन तथा भू संरक्षण मन्त्रालय क्रियाशील रहेको थियो । वातावरणीय पक्षलाई एकीकृत गर्दा प्रतिवेदक, पुनरावलोकनकर्ता एवं निर्णयकर्तालाई सहयोग पुऱ्याउने उद्देश्यले वातावरणीय प्रभाव मूल्यांकन निर्देशिकाको आवश्यकता महसुस गरी तयार पारिएको राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका नेपाल सरकारले वि.स. २०५० सालदेखि कार्यान्वयनमा ल्यायो । हाल राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०७६ कार्यान्वयनमा छ ।

आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पती, प्रकृति तथा भौतिक बस्तुमाथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने उद्देश्यले नेपाल सरकारले वि.स.२०५३ मा वातावरण संरक्षण ऐन र २०५४ मा वातावरण संरक्षण नियमावली लागू गरेको थियो । हाल हाल उक्त ऐन तथा नियमावली संशोधन भई वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ । यी ऐन र नियमावलीले प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृतिका लागि तोकिएको निकाय समक्ष पेश गर्नुपर्ने, प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको आधार र कारण सहितको विश्लेषण गरी सिफारिस गर्नुपर्ने, सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने, पुरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने, सेवा शुरु भएपछि वातावरणीय परीक्षण गर्ने, नेपाल सरकार वा प्रदेश सरकारले वातावरणीय अध्ययन गर्न सक्ने, सवारी साधन, यन्त्र उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेण्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदुषण वा जोखिमपूर्ण पदार्थ निष्काशन वा उत्सर्गबाट हुने असर न्यूनिकरण वा निराकरण गर्नका लागि आवश्यक मापदण्ड निर्धारण गर्नसक्ने, जलवायु परिवर्तन सम्बन्धी व्यवस्था, यो ऐन तथा नियमको बर्खिलाप भएमा वा गरेमा हुने जरिवाना तथा क्षतिपूर्ति समेतको कानूनी व्यवस्था गरेको छ भने यसका अतिरिक्त नियमावलीले ऐनका व्यवस्थाका कार्यविधि समेत स्पष्ट गरेको छ ।

नेपालमा वातावरणीय कानून वि.स. २०५३/२०५४ बाट शुरु भई हाल वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ कार्यान्वयनमा आएयता यस चौबिस वर्षको अवधिमा जम्मा २६३ वटा आयोजना (प्रस्ताव) हरुको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन

प्रतिवेदन स्वीकृत भएको, यसका अतिरिक्त नियमावलीको अनुसूची १ अनुरुपका गर्नुपर्ने थुप्रै आयोजना (प्रस्ताव) हरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत भएका छन् । तथापी हालसम्म प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भएका प्रस्तावहरुको एकिकृत सूचि तयार भएको देखिदैन[६] । यस्तो एकिकृत सूचि तयार नहुनुमा अनुसूची १ अनुरुपका आयोजना (प्रस्ताव) हरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने अधिकार प्रस्तावसँग सम्बन्धित मन्त्रालयहरुको रहने र फरक फरक निकायबाट स्वीकृत भएका प्रस्तावको एकिकृत सूचि तयार पार्ने संस्थागत व्यवस्था नहुनै हो भन्न सकिन्छ ।

३.२.२. वन ऐन, २०७६

राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियति वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्न र निजी, सार्वजनिक र सहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदपुयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्न आएको यो ऐनमा आखेटोपहार, अन्तरप्रादेशिक वन, उपभोक्ता समूह, कबुलियती वन, गैह्र काष्ठ वन पैदावर, टाँचा, धार्मिक वन, निजी वन, प्रदेश भित्रको राष्ट्रिय वन, राष्ट्रिय वन, वन पैदावार, वन संरक्षण क्षेत्र, वन सिमाना चिन्ह, वन व्यवस्थापन पद्दति, वन क्षेत्र, वातावरणीय परीक्षण, वातावरणीय सेवा, सरकारद्धारा व्यवस्थित वन, साझेदारी वन, सामुदायिक वनको परिभाषा गरी राष्ट्रिय वनको भू-स्वामित्व, भू-उपयोग तथा सीमा निर्धारण, सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेरादी वन तथा कसूर र सजाय सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ ।

३.२.३. उपभोक्ता संरक्षण ऐन, २०७५

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी, नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको यो ऐनले उपभोक्ताको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हकहितका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि उपभोक्ता संरक्षण परिषद्को गठन, प्रत्येक उपभोक्तालाई वस्तु र सेवामा सहज पहुँचको अधिकार, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार, वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार, मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने वस्तु वा सेवाको विक्री वितरण वा प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति र उपचार पाउने तथा पीडितलाई क्षतिपूर्ति सहितको कानूनी व्यवस्था गरेको छ ।

६ आर्थिक दैनिक पत्रिका २०७६।०२।२३

३.२.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

वातावरण व्यवस्थापनसँग सरोकार गर्ने विपद् व्यवस्थापन मुख्य विषय हो । नेपालमा पहिलो पटक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बनेको छ । ऐनले विपद् व्यस्थापनका सबै क्रियाकलापको समन्वयात्क र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवंम साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग व्यवस्था निर्धारण गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् व्यवस्थापन कोष तथा विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणा लगायत विपद् व्यवस्थापनको सवाल ऐनले व्यवस्था गरेको छ ।

३.२.५. स्थानीय सरकार सञ्चालन ऐन ,२०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय विकास, वातावरणीय संरक्षण, विपद् व्यवस्थापन लगायत सरोकारको लागि स्थानीय सरकारको काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । स्थानीयस्तरको विकास आयोजना तथा परियोजना, प्राकृतिक स्रोत साधनको पहिचान तथा व्यवस्थापन, आधारभूत स्वास्थ्य सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण नियमन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य, स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, वातावरणीय प्रदूषण र हानिकारक पदार्थको नियन्त्रण, न्यून कार्बन मुखी तथा वातावरणमैत्री विकास अवलम्बन, हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, विपद् व्यवस्थापन सम्बन्धी पूर्व तयारी, प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, पुर्नस्थापना, पूर्ननिर्माण, जलाधार, वन्यजन्तु, खानी तथा अनिज पदार्थको संरक्षण, महामारी नियन्त्रण, यातायात व्यस्थापन, जलवायु परिवर्तन अनुकूलन, भूमि व्यवस्थापन आदिको स्थानीयस्तरमा नीति, कानून, मापदण्ड तर्जुमा, कार्यन्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई ऐनले व्यवस्था गरेको छ ।

३.२.६. पर्यटन ऐन, २०३५

पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित काम राख्न र नेपालमा आउने पर्यटकहरू तथा नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली पर्यटकहरूको स्वास्थ्य, सुविधा र हितको निमित्त आवश्यक व्यवस्था गर्न बनेको यो ऐनले पर्यटक वा अन्य व्यक्तिलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले यात्रा गराउने वा नेपाली हिमश्रृङ्खलाको आरोहण गराउने वा प्रबन्ध र व्यवस्थापकीय कार्य गर्ने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र लिनुपर्ने, परिवर्त्य विदेशी मुद्रामा विल भूक्तानी गर्नुपर्ने, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट र बार संचालन पूर्व इजाजत लिनुपर्ने, पर्वतारोहणको अनुमति, सलामी शूल्क लाग्ने, पर्वतारोही दलले पर्वतारोहण गर्दा वातावरण दूषित हुन नदिन तोकिएको शर्त पालना गर्नुपर्ने, हानी नोक्सानी बमोजिम

क्षतिपूर्ति तिर्नुपर्ने र फोहोर मैला व्यवस्थापनको लागि रकम धरौटी लिन सक्ने सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

३.२.७. औषधि ऐन, २०३५

औषधि वा औषधिका साधक पदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिन त्यसको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधि उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको नियन्त्रण गर्न बनेको यस ऐनमा "औषधि" को परिभाषा गरी औषधि सम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा परामर्श दिन औषधि परामर्श परिषद् तथा ऐनको उद्देश्य कार्यान्वयनका लागि औषधि व्यवस्था विभागको स्थापना र औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्न नेपाल औषधि अनुसन्धानशाला र अन्य अनुसन्धानशाला सम्बन्धी व्यवस्था गरी औषधि उद्योग स्थापना गर्न शिफारिस लिई अनुज्ञापत्र समेत लिनुपर्ने, दर्ता गर्नुपर्ने, निकासी पैठारी गर्न छुट्टै शिफरिस लिनुपर्ने, औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनुपर्ने, जनसुरक्षित, असरयुक्त र गुणयुक्त नहुने गरी उत्पादन गरिएको औषधिबाट कुनै व्यक्तिको मृत्यु भएमा वा स्वास्थ्यलाई हानी हुन गएमा औषधिको उत्पादन गर्ने व्यक्तिबाट मृतक तथा निजका हकदारलाई तोकिए बमोजिम क्षतिपूर्ति व्यहोर्नुपर्ने समेतका कानूनी व्यवस्था गरेको छ ।

३.२.८. प्राचीन स्मारक संरक्षण ऐन, २०१३

प्राचीन स्मारकहरूको संरक्षण, पूरातात्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पूरातत्वसम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षण समेत गरी शान्ति र व्यवस्था कायम राख्न बनेको यो ऐनमा प्राचीन स्मारक, पूरातात्विक वस्तुर क्यूरियोको परिभाषा गरी नेपाल सरकारले कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने, सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पूरातत्व विभागमा रहने, प्राचीन स्मारक रहेको ठाउँ वरिपरि सुरुङ्ग खन्ने वा विष्फोटक पदार्थ हाली जमीन फार्ने काममा नेपाल सरकारले नियन्त्रण गर्नसक्ने, कुनै प्राचीन स्मारकलाई नष्ट गरेमा, भत्काएमा, हटाएमा, परीवर्तन गरेमा, विरूप पारेमा वा चोरी गरेमा त्यस्तो प्राचीन स्मारकको बिगो बमोजिम रकम असूल उपर गरी कैद वा जरिवानाको सजाय सम्बन्धी व्यवस्था, विदेशी नागरिकले इतिहास, कला, विज्ञान आदिको दृष्टिकोणबाट महत्व भएको पूरातात्विक वस्तु नेपालभित्र ल्याउन चाहेमा प्रचलित कानून बमोजिम प्रज्ञापनपत्र भरी ल्याउन सक्ने समेतको कानूनी व्यवस्था गरेको छ।

३.२.९. विष्फोटक पदार्थ ऐन, २०१८

शान्ति र व्यवस्था कायम राख्न विष्फोटक पदार्थहरु उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको यो ऐनमा "विष्फोटक पदार्थ" को परिभाषा गरी समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी विष्फोटक पदार्थ घोषित गर्न सक्ने, विष्फोटक पदार्थको उत्पादन वा कारोबारको अभिलेख राख्नु पर्ने, विष्फोटक पदार्थको निरीक्षण

गर्ने, खानतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार, गिरफ्तार गर्ने अधिकार, दुर्घटनाको जाँचबुझ गर्ने, दण्ड सजाय र जफत गर्न सक्ने कानूनी व्यवस्था गरेको छ ।

३.२.१०. राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना गर्न बनेको यो ऐनमा राष्ट्रिय प्रकृति संरक्षण कोषको स्थापना, संचालक समितिको गठन, कोषको काम, कर्तव्य र अधिकार, वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने, राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने, वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने, वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदासँग सम्बन्धित विदेशी संस्था र अन्तराष्ट्रिय संघ संस्थासँग सम्पर्क राख्ने समेतका कानूनी व्यवस्था गरिएको छ ।

३.२.११. भू तथा जलाधार संरक्षण ऐन, २०३९

बाढी, पैह्रो, भू-क्षय जस्ता प्राकितक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वनेको यो ऐनमा संरक्षित जलाधार क्षेत्र, भू तथा जलाधार संरक्षण र भू--उपयोगिता प्रणाली (लैण्ड यूज सिस्टम) को परिभाषा गरिएको छ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संरक्षित जलाधार क्षेत्र घोषणा गर्न सक्ने, संरक्षित जलाधार क्षेत्रमा गर्न सक्ने कार्यहरु (जस्तै रोकथाम वा नियन्त्रण गर्नेबाँध (डेम), गल्छी नियन्त्रण (चेकडेम), तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार (टेरेस इम्प्रुभमेण्ट), कूलो, सहायक कूलो वा ढल (डाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिंगवाल), परीक्षणस्थल (ट्रायलप्लट) हरुको व्यवस्था), भू-उपयोगिता प्रणाली अपनाई खेती गर्ने, प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्य र नोक्सानीको विगो सहित दण्ड तथा जरिवाना हुने कानूनी व्यवस्था गरेको छ ।

३.२.१२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरुको संरक्षण, सम्बर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न वनेको यो ऐनमा राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, जैविक मार्ग, वन्यजन्तु, आखोटेपहारको परिभाषा गरी नेपाल सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्ने, मध्यवर्ती क्षेत्र तोक्न सक्ने, सुरक्षाको व्यवस्था गर्न सक्ने, क्षतिपूर्ति र राहतको व्यवस्था, राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषिद्ध कार्यहरु, अनुज्ञापत्र नलिई शिकार गर्न नपाइने, विदेशी मुलुकलाई वन्जन्तु उपलव्ध गराउन सकिने, स्थानीय तहको समन्वयमा उपभोक्ता समिति गठन गर्न सक्ने, आखोटेपहारको अनुज्ञापत्र सम्बन्धी व्यवस्था तथा ऐनको बर्खिलाप गरेमा कैद तथा जरिवाना हुन सक्ने समेतको कानूनी व्यवस्था गरेको छ ।

३.२.१३. जलस्रोत ऐन, २०४९

नेपाल भित्रको भू--सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको यो ऐनमा नेपाल भित्र रहेको जलस्रोतको स्वामित्व नेपालमा निहित रहने, अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न नपाउने, जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने, प्रदेश वा स्थानीय तहले कानून बनाई त्यस्तो कानून बमोजिम जलस्रोतको उपयोग वा विकास गर्न सक्ने, नेपाल सरकारले जलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्ने, जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा हानी नोक्सानी वापतको क्षतिपूर्ति सहित बिगो अशूल गरी विगो बमोजिम जरिवाना वा कैद हुन सक्ने कानूनी व्यवस्था गरेको छ ।

३.२.१४. बिरुवा संरक्षण ऐन, २०६४

बिरुवा तथा बिरुवाजन्य उपजको निकासी, पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी बिरुवा तथा बिरुवाजन्य उपजहरुको व्यापार प्रबर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको यो ऐनमा बिरुवा, बिरुवाजन्य उपज, अन्य वस्तु, शत्रुजीव, नियमित शत्रुजीव, क्वारेन्टाइन शत्रुजीव, लाभदायक कीरा, बायोलोजिकल कण्ट्रोल एजेण्ट (परजीवी, प्रति परजीवी, शिकारी कीरा, च्याउ, शाकाणु (व्याक्टेरिया), ढुसी (फंगस), विषाणु (भाईरस) जस्ता वनस्पति), वाहन, कण्टेनर, सङ्क्रमण, स्वस्थता प्रमाणपत्र, शत्रुजीव जोखिम विश्लेषण (पेष्ट रिस्क एनालिसिस), संकटोत्पन्न क्षेत्रको परिभाषा गरी बिरुवा तथा बिरुवाजन्य उपजको क्वारेन्टाइन नीतिका सम्बन्धमा नेपाल सरकारलाई राय, सुझाब दिन एक प्लाण्ट क्वारेन्टाइन समितिको गठन, समितिको काम, कर्तव्य र अधिकार, प्रवेश अनुमतिपत्र, स्वस्थता प्रमाणपत्र र पूनः निकासी प्रमाणपत्र, बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु निरीक्षण गर्न निरीक्षक तोक्न सक्ने, कसूरको वर्गीकरण र दण्ड सजायको कानूनी व्यवस्था गरेको छ ।

३.२.१५. जलचर संरक्षण ऐन, २०१७

शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न जलचरहरुको संरक्षण र तत्सम्बन्धी अरु कुराहरुको व्यवस्था गर्न बनेको यो ऐनमा जल, जलचरको परिभाषा गरी जलचर समात्ने तथा मार्ने तरिकाहरुमा प्रतिबन्ध, फीस ल्याडर तथा संरचनाका ढोका थुन्न वा भत्काउन

नहुने, केही खास प्रकारका जलचरहरुलाई समात्न, मार्न तथा चोट पुऱ्याउन नेपाल सरकारले मनाही गर्न सक्ने, शुरक्षित विष वाहेक अन्य विष प्रयोग गर्न नहुने, जलचर सम्बन्धी अन्य व्यवस्था, प्रदेश तथा स्थानीय तहबाट जलचरको संरक्षण गर्नुपर्ने, नागरिकको अधिकार, दण्ड सजाय समेतको कानूनी व्यवस्था गरेको छ।

३.२.१६. खाद्य ऐन, २०२३

सर्वसाधारण जनताको स्वास्थ तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवान्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त कानूनी व्यवस्था गर्न बनेको यो ऐनमा खाद्य पदार्थ, दूषित खाद्य पदार्थ र न्यूनस्तरको खाद्य पदार्थको परिभाषा गरी दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्न मनाही, झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने, खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण, सञ्चय वा प्रशोधनका लागि अनुज्ञापत्र लिनु पर्ने, फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्व, खाद्य पदार्थको गुण, स्तर तोक्न सक्ने, कुनै दुषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा प्रदेश वा स्थानीय तह समेतले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्ने र दण्ड सजायको कानूनी व्यवस्था गरेको छ ।

३.२.१७. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६

जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, भण्डारण, विक्री वितरण, ओसारपसार, प्रयोग, विसर्जन जस्ता कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न बनेको यो ऐनमा घरेलु विषादी, जीवनाशक विषादी, मिसावट गरिएको विषादी, सक्रिय तत्व, सूचिकृत विषादीको परिभाषा गरी जीवनाशक विषादीको पञ्जीकरण, ईजाजतपत्र सम्बन्धी व्यवस्था, जीवनाशक विषादी व्यवस्थापन समितिको गठन, काम तथा कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था, जीवनाशक विषादीको नियन्त्रण, नियमन, पञ्जीकरण तथा व्यवस्थापन लगायतका कार्य गर्न मन्त्रालय अन्तर्गत एक प्लाण्ट क्वारेन्टीन तथा विषादी व्यवस्थापन केन्द्र स्थापना र संचालन, जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन, कसूरको वर्गीकरण, दण्ड जरिवाना, मुद्दाको अनुसन्धान र दायरी तथा क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

३.२.१८. पशु वधशाला र मासु जाँच ऐन, २०५५

सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण विग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको यो ऐनमा पशु, मासु, मासु सुपरीवेक्षक, मासु बिक्रेताको परिभाषा गरी इजाजतपत्र नलिई कसैले पनि पशु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न नपाइने, पशु वधशालाको स्थापना गर्न वा मासु विक्री गर्न

इजाजतपत्र लिनुपर्ने, नेपाल सरकार वा प्रदेश सरकारले पशु र मासु जाँच गर्नको लागि मासु निरीक्षकको पदमा नियुक्ति गर्नवा तोक्न सक्ने, प्रदेश सरकार वा स्थानीय तहले पशु वधशाला व्यवस्थापन र मासु निरीक्षकको काममा सुपरीवेक्षण गर्नका लागि मासु सुपरीवेक्षक तोक्न सक्ने, परम्परादेखि चलिआएको चाडपर्व, धार्मिक पूजाआजा, कुनै भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला बाहेकका स्थानमा पशु वध गर्न र छाला सहितको मासु उपभोग गर्न बाधा नपर्ने र दण्ड तथा सजाय समेतका कानूनी व्यवस्था गरेको छ ।

३.२.१९. मुलुकी अपराध संहिता, २०७४

परिच्छेद ४ मा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धको कसूर अन्तर्गत दफा ११२ को उपदफा (१) कसैले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पुऱ्याउने गरी फोहोर मैलाको उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार गर्न वा थुपार्न हुदैन । (२) कसैले सर्वसाधारणको स्वास्थया हानी पुऱ्याउने गरी वा ज्यानको लागि खतरा हुन सक्ने गरी प्रदुषण गर्न वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको इजाजत विना यान्त्रिक साधनबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण वा जोखिमपूर्ण फोहोर मैलाको उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार गर्न वा थुपार्न हुदैन । (३) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ । (४) उपदफा (२) वमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

ऐ. परिच्छेदको दफा ११३ मा सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याउन नहुने (१) कसैले कुनै काम गरी वा आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको सम्पत्तिको स्याहार सम्भार नगरी सार्वजनिक बाटो, नदी वा अन्य कुनै सार्वजनिक स्थलमा कसैलाई कुनै खतरा, बाधा वा अबरोध पुऱ्याउन हुँदैन । (२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई पच्चीस हजार रुपैंयासम्म जरिबाना हुनेछ भन्ने व्यवस्था गरेको छ ।

४. वातावरण संरक्षण सम्बन्धमा सर्वोच्च अदालतको भूमिका

नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक वातावरणको हकलाई मौलिक हकमा समावेश गरेको हो । राज्यका निर्देशक सिद्धान्त र नीतिमा रहेको वातावरणको प्रावधानमा टेकेर सर्वोच्च अदालतले यस पूर्व पनि आदेश दिदै आएको छ । अदालतले अन्य सारवान अधिकार जस्तै जीवनको अधिकार वैयक्तिक अधिकार भित्र रहेको मानि वातावरणको अधिकार सुनिश्चित गरेको पाइन्छ। स्वास्थ्य र स्वच्छ वातावरण जीवनको समग्रताको अंग भएकाले जीउने अधिकार भित्र स्वच्छ, स्वस्थ

वातावरणको हक पनि अन्तरभूत हुन्छ[७] भनी **सुर्य ढुङ्गेल विरुद्ध गोदावारी मार्वल ईन्डष्ट्रिज** भएको मुद्दामा आदेश भएको छ ।

यसै मुद्दामा सर्वोच्च अदालतले देशको लागि विकासको आधारशीला उद्योग भएकोमा विवाद देखिन्न। देश र समाज दुवैलाई विकास चाहिन्छ तर उद्योगहरुका साथसाथै वातावरणीय सन्तुलन राख्न पनि अत्यावश्यक छ। विकासको गतिविधिलाई नियमितता दिनुपर्ने आवश्यकता र वातावरण संरक्षणलाई दिनुपर्ने प्राथमिकतावीच सन्तुलन स्थापना गर्न आवश्यक हुन्छ भनी भएको आदेशमा दिगो विकासको अवधारणालाई उजागर गर्दछ । यस मुद्दामा अदालतले दिगो विकासलाई सुनिश्चित गर्न सरकारले उद्योगलाई नियमन गर्नुपर्ने र सकेसम्म प्रदुषण हुन नदिन वा कम गर्न रोकथामका उपाय अवलम्वन गर्ने कुरा उल्लेख गरिएको छ ।

राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुलाई अदालतले लागू गर्न नसक्ने भएता पनि राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु विपरित गएर निर्णय गर्छ भने त्यस्तो अवस्था औल्याउन नसकिने होईन[८] भनी **योगि नरहरीनाथ विरुद्ध सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोईराला समेत** भएको मुद्दामा र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु उपेक्षीत रहेको देखिए यस व्यवस्थालाई प्रभावकारी वनाउने तर्फ अदालतले आवश्यक निर्देशन दिन सक्छ[९] भनी प्रकाशमणी शर्मा विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालय समेत भएको (रानी पोखरीको मुद्दा) मुद्दामा सर्वोच्च अदालतले राज्यका निर्देशक सिद्धान्त र नीतिको वाहिर भएर कार्य गर्न नसकिने र त्यसको सीमा नाघेमा अदालतले निर्देशन दिन सक्ने भनेर नविन विधिशास्त्रीय अवधारणाको विकास गरेको देखिन्छ । योगि नरहरीनाथले दायर गरेको उक्त देवघाटको पूरातात्विक सम्पदाको संरक्षण सम्वन्धि मुद्दामा अदालतले धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वको सम्पदाको संरक्षणको दायित्व सरकारको हुने भनी राज्यलाई थप जिम्मेवार बनाएको छ ।

एभरेष्ट पेपर मिलले मापदण्ड विपरित धनुषाको औरही नदी प्रदुषण गरेकोमा आर्थिक वर्ष भित्रै यन्त्र जडान गरी सुधार गरी सञ्चालन गर्नु भनी **शत्रुधन प्रसाद गुप्ता विरुद्ध ऐभरेष्ट पेपर मिल प्रा.लि.** को मुद्दामा[१०] आदेश भएको छ । यसै मुद्दामा उद्योगले प्रदुषण रोकथाम गर्ने कार्यालाई वेवास्था गर्दै जाने र निरन्तर वातावरणलाई प्रदुषण गर्दै जाने हो भने यसले वातावरणमा अपुरणीय क्षति पुऱ्याउने भएकोले उद्योग बन्द गर्नुपर्छ भन्ने धारणा अदालतको रहेको छ । त्यस्तै गरी यस मुद्दामा प्रदुषण गरेपछी उद्योगले यसको जवाफदेही लिनुपर्छ । प्रदुषण मुक्त स्वच्छ वातावरणमा वस्न र वाँच्न पाउने प्रत्येक नागरिकको मानव अधिकार हो । सार्वजानिक नदी प्रदुषण गर्ने अधिकार कसैलाई पनि हुदैन, यदी

७ पूर्व पाद टिप्पणी ४
८ ने.का.प.२०५३ अंक १ नि.नं.६१२७
९ ने.का.प.२०५४ अंक ६ नि.नं.६३९१
१० ने.का.प.२०६१ अंक ८ नि.नं.७४२७

गरीन्छ भने यसको जिम्मा प्रदुषणकर्ताले लिनु पर्दछ भनी Polluter pays Principle लाई मान्यता दिएको पाइन्छ ।

वातावरण प्रदुषण नागरिकको Right to Pollution free and pure environment र Right to life को अधिकार विपरीत हुन्छ । वातावरण प्रदुषण गर्ने अधिकार कसैलाई पनि हुदैन । ईट्टा उद्योगले प्रदुषण नियन्त्रण यन्त्र जडान नगर्ने वा पूरानो प्रविधिलाई बन्द गरी नयाँ VSBK प्रविधिद्वारा सञ्चालन नगर्ने हो भने Private Interested must yield to Public Interest को सिद्धान्त अनुसार निश्चित समायवधि तोकि वातावरण मन्त्रालय र सम्वद्ध निकायले Large public interest लाई ध्यानमा राखी कडा निर्णय लिन पनि पर्दछ[११] भनी **प्रकाशमणी शर्मा समेत विरुद्ध नेपाल सरकार मन्त्रीपरिषद् सचिवालय समेत** भएको मुद्दामा सर्वोच्च अदालतले जसरी पनि प्रदुषणको रोकथाम गर्नुपर्ने कुरालाई जोड दिएको छ । यसै मुद्दामा प्रदुषणको असर जनस्वास्थ्य, प्राकृतिक एवंम साँस्कृतिक सम्पदामा के कति परेको छ र सो कम गर्न तत्काल र दिर्घकालिन रुपमा कस्तो कदम चाल्दा उपर्युक्त हुन्छ भन्ने सम्बन्धमा वैज्ञानिक रुपमा अध्ययन अनुसन्धान गराई प्रभावकारी उपायहरु अवलम्वन गर्नुपर्ने भनी निर्देशनात्मक आदेश समेत दिएको छ ।

वर्तमान पुस्ताको एउटा प्रमुख जिम्मेवारी अन्तरवंशिय समन्यायको सिद्धान्त अनुसार आफूले भोगेको वा प्राप्त गरेको सबै किसिमको प्राकृतिक, साँस्कृतिक, सम्पदा, बनजंगल, हावापानी, वातावरण एवं जैविक विविधतालाई भावि पुस्ताका लागि सुनिश्चित गर्नुपर्ने हो । प्राकृतिक रुपमा प्राप्त गरेको सामाजिक, आर्थिक, साँस्कृतिक, पर्यावरणीय महत्व भएको फेवाताल भावि पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारी वर्तमान पुस्ताको नै हुने । विकास निर्माणको कार्य आफैमा नराम्रो होइन तर प्रकृतिले दिएको अपार स्रोत साधनको अनियन्त्रित र जथाभावि अतिक्रमण वा दोहन गरी यसको अस्तित्वनै संकटमा पार्ने गरी भएको विकास यथार्थमा दिगो विकास (Sustainable development) नभई क्षणिक हुने । सम्मानपूर्वक वाँच्न पाउने हक अन्तर्गत गुणस्तरीय जीवनयापनको लागि चाहिने सबै अवयवहरु जस्तै वातावरणीय सन्तुलन, स्वच्छता र जैविक विविधतायुक्त पर्यावरण समेतलाई समेटिएको हुने[१२] भनी **अधिवक्ता खगेन्द्र सुवेदी विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत** विपक्षी भएको मुद्दामा सर्वोच्च अदालतले सम्मानपूर्वक वाँच्न पाउने हकको फराकिलो व्याख्या गरेको छ ।

नेपालको संविधानको धारा १६ र धारा ३० ले प्रत्याभूत गरेको मौलिक अधिकारहरु सहजतापूर्वक प्रयोग गर्न पाउने वातावरण बनाउने दायित्व पनि राज्यको नै हुन्छ । नागरिकको हितको संरक्षकको हैसियतले ParensPatriae को सिद्धान्तले पनि सर्वसाधारणको हक हितको संरक्षण गर्ने दायित्व राज्यको हुने कुरा निर्विवाद देखिने[१३] भनी **अधिवक्ता भगवती पाहरी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को**

११ ने.का.प.२०६२ अंक ८ नि.नं.७५८१
१२ ने.का.प.२०७५ अंक ९ नि.नं.१००८६
१३ ने.का.प.२०७५ अंक ९ नि.नं.१००८७

कार्यालय समेत भएको मुद्दामा राज्य अभिभावकको भुमिकामा रहनु पर्दछ भन्ने कुरालाई पूर्ण जोड दिएको छ ।

यसरी नै **अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद् सचिवालयसमेत**[१४]भएको काठमाण्डौमा भूमिगत पानीको दोहन रोकी सुरक्षित वातावरणमा बाँच्न पाउने हक संरक्षणका लागि भनी परेको निवेदनमाप्रकृति प्रदत्त हावा पानी वन जंगल लगायतका चिजवस्तुलाई अव्यवस्थित उपभोग दोहन गर्न वा हुन नदिई तिनीहरुलाई पुस्तौं पुस्ताका लागि सुरक्षित र व्यवस्थित गर्नु राज्यको दायित्व हुने हुंदा भूमिगत जलस्रोतको अनियन्त्रित एवं अनियमित दोहनलाई नियन्त्रित र नियमित रुपमा व्यवस्थापन गरी दिगो एवं सन्तुलित रुपमा दोहन र उपभोग गर्नु गराउनु अनिवार्य रहेको भनी नेपाल सरकारका नाममा आदेश भएको छ भने ।**यीनै निवेदक विपक्षी नेपाल सरकासमेत रहेको** सार्वजनिक स्थलमा धुम्रपान निषेध गर्ने विज्ञापन नगर्ने समेतका २०६२ सालको रिट नं- ३८२२, रिट नं २०६३-WO-०७५२ नि नं ८२१७ तथा यी मुद्दमा भएको आदेशको उपयुक्त र प्रभावकारी व्यवस्थापन नभएको भन्ने अपहेलना[१५] समेतको मुद्दामा सार्वजनिक स्थलमा धुम्रपान गर्न नदिनेसार्वजनिक विज्ञापन गर्न रोक लगाउने लगायत सामाजिक नैतिकता र सार्वजनिक जीवनको रक्षा हुने प्रबन्ध गरी आवश्यक व्यवस्था गर्न भनी र वातावरण संरक्षण सम्बन्धीको यस्तै नेपाल सरकार स्वास्थ्य मन्त्रालयसमेत भएको अर्को मुद्दामा[१६] चिकित्साजन्य फोहोरमैलाको वातावरण मैत्री व्यवस्थापन सम्बन्धमा आवश्यक व्ववस्था गर्न भनी आदेश भएको छ ।

अधिवक्ता राजु प्रसाद चापागाईं विरुद्ध नेपाल सरकार कृषि मन्त्रालयसमेत[१७] भएको बारा, अमलेखगंज लगायतका देशका विभिन्न ठाउँमा रहेका कृषिजन्य विषादी अव्यवस्थित भण्डारणले स्वच्छ वातावरणमा जीउन पाउने अधिकारलाई असुरक्षित बनाएको भन्नेसमेतको यस मुद्दामा व्यक्तिको बाँच्न पाउने नैसर्गिक हकको प्रत्याभूति गरेको र स्वच्छ वातावरणमा बाँच्न पाउने व्यक्तिको हकलाई पनि मौलिक हकै रुपमा स्वीकार गरिएको हुंदा त्यस्ता अधिकारको सम्मान गर्ने पालना गर्ने र परिपूर्ति गर्ने राज्यको दायित्व रहेकोले अन्तराष्ट्रिय समुदाय वा बाह्यराष्टले सृजना गरेको परिस्थितिको लागि महासन्धि बमोजिमको दायित्व वहन गर्न राजनीतिक एवं कुटनीतिक जो चाहिने सबै माध्यमहरु प्रयोग गर्नुप्ने भनी आदेश भएको छ ।

५. स्वच्छ वातावरणको हकको कार्यान्वयका लागि नेपालको संरचनात्मक व्यवस्था

वर्तमान संविधानले स्वच्छ वातावरणलाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।मौलिक हक कार्यान्वयनका लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली २०७७, वन ऐन, २०७६, उपभोक्ता संरक्षण ऐन, २०७५ पर्यटन ऐन, २०३५, राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९, खानी तथा खनिज पदार्थ ऐन, २०४२, भू तथा जलाधार संरक्षण ऐन, २०३९, राष्ट्रिय निकुञ्ज तथा

१४ने.का.प.२०६६ अंक १२ नि.नं. ८२२६
१५ने.का.प.२०७३ अंक ८ नि.नं. ९६५७
१६ने.का.प.२०६९ अंक ११ नि.नं. ८९२२
१७ने.का.प.२०६६ अंक १० नि.नं. ८२३९

वन्यजन्तु संरक्षण ऐन, २०२९, भू तथा जलाधार संरक्षण ऐन, २०३९, जलस्रोत ऐन, २०४९, सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लगायत विषयगत ऐनहरुमा विभिन्न व्यवस्थाहरु गरेको पाइन्छ ।

वातावरण संरक्षण र नागरिक अधिकार रक्षाका लागि कार्यकारिणी अंगको रुपमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा माथिल्लो अंगको रुपमा रहेको र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छुट्टै मानव अधिकार इकाई रहेको छ ।

नीतिगत प्रबन्ध र कार्यान्वयन गर्ने संयन्त्रको रुपमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, राष्ट्रिय योजान आयोग, राष्ट्रिय पूर्ननिर्माण प्राधिकरण, लगानी वोर्डको कार्यालय, वन तथा वातावरण मन्त्रालय र सो अन्तर्गत वन तथा भूसंरक्षण विभाग, वातावरण विभाग, वनस्पति विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्, वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण प्रयोगशाला र वातावरण संरक्षण कोष रहेका छन् ।

वातावरण संरक्षण, सम्वर्द्धनको कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा नीतिगत र कार्यान्वयन तहमा काम गर्न विभिन्न विषयगत मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभाग र कार्यालयहरु क्रियाशील रहेको अवस्था छ ।

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । यो कर्तव्य निर्वाह गर्नका लागि वर्तमान संविधानको भाग २५ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरी राष्ट्रिय मानव अधिकार आयोगको अधिकारहरु सुनिश्चित गरिएको छ । मानव अधिकारको संरक्षणका लागि राज्यले एउटा स्वतन्त्र निकायको व्ववस्था संविधान र कानूनले गर्नुपर्छ भन्ने paris Principle अनुसार नेपालले मानव अधिकारको रक्षाको लागि शक्तिशाली आयोगको व्यवस्था गरेको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना क्षेत्रीय र शाखा कार्यालयहरु मार्फत आफ्नो संवैधानिक कर्तव्य निर्वाहा गरी आएको पाइन्छ ।

संसद्, सर्वोच्च अदालत लगायत उच्च अदालत, जिल्ला अदालतहरु, महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गतका सरकारी वकील कार्यालयहरु, प्रहरी, मिडिया, नेपाल वातावरण पत्रकार समूह, विभिन्न उपभोक्ता समूह, नागरिक समुदाय समेत वातावरण संरक्षण सम्बन्धमा सक्रिय भूमिका निर्वाह गरीरहेका छन् ।

संविधान र कानूनले सृजना गरेको संयन्त्रहरुको क्रियाशीलताको लागि कानूनी अस्पष्टता, अपूर्णता र कतिपय कार्यविधिगत समस्याहरु रहेको पाइन्छ । यो विषय एउटा निकाय वा संस्थाको जिम्मेवारी भित्र मात्र पर्ने नभई एक अर्को निकायसँग अन्तरसम्बन्धित (Interrelated) भएको हुनाले नीतिगत प्रबन्ध र सो को कार्यान्वयनका लागि कार्य योजना बनाउँदा अन्तरनिकाय समन्वय सन्तोषजनक रहेको

पाइन्दैन ।मौजुदा नीतिको कार्यान्वयनका लागि पर्याप्त स्रोतको उपलव्धता नरहेको अवस्था एकातिर छ भने अर्कोतर्फ विज्ञ र दक्ष जनशक्तिको अभाव रहेको पाइन्छ ।

नियमनकारी निकायले मातहत निकायको काम कारबाहीको नियमित र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने अवस्था छ ।

सम्मानीत अदालतबाट जारी भएका आदेशहरुको यथासमयमा कार्यान्वयनका लागि राज्यका संयन्त्रहरु सक्रिय हुनुपर्ने अवस्था छ । राजनीतिक प्रतिवद्धता र प्रशासनिक कटिवद्धता आजको आवश्यकता हो । पूर्वाग्रहबाट माथि उठी निष्पक्षता र तटस्थताको सिद्धान्तलाई आत्मासात गरी सबैले ईमान्दारीपूर्वक निष्ठावान रहि आ-आफ्नो ठाउँबाट कर्तव्य निर्वाह गर्नुपर्ने जरुरी छ ।

६. वातावरण संरक्षण तथा स्वच्छ वातावरणको हकमा प्रचलनमा रहेका समस्या

- विषयगत विशेष ऐनको अभाव रहेको,
- जनसंख्यामा तिब्र बृद्धि हुनु,
- अव्यवस्थित शहरीकरण बढ्नु,
- पूर्वाधार विकास र वातावरणविचमा सन्तुलन कायम हुननसक्नु,
- एकीकृत र योजनाबद्ध विकासमा कमजोरी हुनु,
- अस्पताल, शहरी तथा औद्योगिक क्षेत्रहरुबाट निष्काशन हुने विभिन्न प्रकारको फोहोर तथा प्रदुषणको सही व्यवस्थापन गर्न नसक्नु,
- कृषि क्षेत्रमा अन्धाधुन्ध रुपमा प्रयोग गरीने बिभिन्न विषादीहरुबाट वातावरण बिग्रिनु,
- नीति, कानून, मापदण्डबीचको समन्वय हुन नसक्दा प्रभावकारी कार्यान्वयन हुन नसक्नु,
- वातावरणीय स्वच्छता सम्बन्धी विषयमा सवै निकाय र तहहरुको साझा प्रतिवद्धता जुटाउन नसक्नु,
- ठूला उद्योग, वातावरण तथा शहरी वस्तीमा मानवीय कृयाकलापहरुबाट हुने जल, जमिन, ध्वनी र वायु प्रदुषण नियन्त्रणमा कमि नआउनु,
- विकास आयोजनाहरुका सवै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गर्न नसकिएको,
- स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने संस्थागत संरचनाको अभावले प्रदुषकले नै हानी नोक्सानी व्यहोर्ने सिद्धान्त समेतका आधारमा क्षतिपूर्ति सहितको वातावरणीय न्यायको अनुभूति हुन नसकेको,
- वातावरण संरक्षण र व्यवस्थापनमा नागरिक र बहुसरोकारवालाको भूमिका सशक्त तथा प्रभावकारी हुन नसकेको,
- प्राकृतिक स्रोतको दिगो र एकिकृत व्यवस्थापनमा वातावरण मैत्री संरचना निर्माणमा ढिलाई भएको कारण वातावरणीय लाभको समन्यायिक बाँडफाँड हुन नसकेको,

- वातावरण व्यवस्थापनमा दक्ष जनशक्तिको परिचालन हुन नसक्दा सुशासन, अनुसन्धान र क्षमता विकास सम्बन्धी रणनीतिक योजनाहरु अघि बढ्न नसकेको,
- प्रस्ताव तथा अनुमति अनुसार संचालनमा आएका योजना, आयोजना, परियोजन तथा कार्यक्रमहरुको रेखदेख, अभिलेखिकरण, अनुगमन तथा प्रतिवेदन नियमित हुन नसक्दा अनुगमन र मूल्याङ्कन प्रभावकारी हुन नसकेको,
- अग्ला भवन निर्माण र ती भवनहरु माथि राखीएका होर्डिङ बोर्डहरुले गर्दा दृष्य प्रदूषणको कारण मनोरम दृष्यहरु समेत छेकिरहेका छन् ।
- प्राम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगराई निर्माण तथा संचालनमा रहेका ठूलठूला कम्पनीलाई कानून तथा नियमानुसार कार्वाही गर्नमा ढिलासुस्ती ।
- नीतिगत अवरोध हटाउन र यसको संस्थागत व्यवस्था हुन राजनीतिक प्रतिवद्धताको कमी ।
- राष्ट्रिय मानव अधिकार आयोग, गैर सरकारी संस्था समेत जिम्मेवार निकायको भूमिका प्रभावकारी हुन नसक्नु ।
- मौलिक हकमा समावेश भएको स्वच्छ वातावरणको हकको प्रचारप्रसार नहुनु ।
- स्वच्छ वातावरणको हकको संरक्षणको लागि नीतिगत र संरचनागत कमी हुनु ।
- अदालतबाट भएका आदेशको समयमानै कार्यान्वयन नहुनु,
- वातावरणीय कुटनीति कमजोर रहेको छ ।
- पारिस्थितीकिय प्रणाली (Eco-system[१८])मा क्षति पुगेको छ ।

७. समाधानका उपायहरु

- विषयगत विशेष ऐन जस्तै स्वच्छ वायु सम्बन्धी ऐन, स्वच्छ पानी सम्बन्धी ऐन निर्माण गर्नु पर्छ ।
- नेपाल सरकारले वातावरण संरक्षण गर्ने कार्यमा विद्यालयस्तरदेखि नै वातावरण प्रदूषणबारे पाठ्यपुस्तक तयारी गर्दै जनचेतना फैलाउँदै जानुपर्दछ ।
- आर्थिक तथा मानवीय क्रियाकलापहरु, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक प्रणालीहरु र यिनका आवश्यक तथा ती अवयवहरुको बीचको अन्तर्क्रिया एवं अन्तरसम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेख्य सुधार ल्याउनुपर्छ ।
- बढ्दो जनसंख्या नियन्त्रण एवं व्यवस्थापन हुनुपर्ने ।
- जैविक विविधताको संरक्षण गर्नुपर्ने ।
- प्राकृतिक स्रोत-साधनको समुचित उपयोग गर्दै संरक्षण गर्नुपर्ने ।
- गरीबी उन्मुलन गर्न विभिन्न कार्यक्रमहरु प्राथमिकताका आधरमा संचालन गर्नुपर्ने।
- आणविक तथा रासायनिक हातहतियारको होडबाजी तथा युद्धमा बन्देज लगाउनुपर्ने ।

१८ https://en.wikipedia.org/wiki/Ecosystem "The Ecosystem is the structura/ and functional unit of ecology where the living organisms interact with each other and surrounding environment. In other words, an ecosystem is a chain of interaction between organism and their environment". The term ecosystem was first coined by A.G. Tansley, an English botanist in 1935

- वातावरणीय कुटनीतिलाई व्यापक बनाउनु पर्छ ।
- पारिस्थितीकिय प्रणालीको पुर्नस्थापना गर्नु पर्छ ।
- वैकल्पिक ऊर्जाको विकास र प्रयोग गर्नुपर्ने ।
- औद्योगिकीकरण तथा सहरीकरण विस्तार गर्दा वातावरणीय प्रभावलाई ध्यान दिनुपर्ने ।
- क्लोरोफ्लोरो, कार्बन, मिथेन जस्ता विषालु ग्यासहरुको उत्पादनमा रोक लगाउनुपर्ने ।
- कीटनाशक औषधी र रसायनको प्रयोग कम गर्दै जानुपर्ने ।
- यातायातजन्य प्रदूषण कम गर्नुपर्ने ।
- वातावरणीय शिक्षाको प्रचार-प्रसार गरी जनचेतना वृद्धि गर्नुपर्ने ।
- वातावरण संरक्षण गर्न तर्जुमा भएका कानूनी संरचनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुरुप स्थानीय निकायलाई वातावरण संरक्षणका लागि सक्षम र जिम्मेवारी दिँदै कार्यान्वयनका लागि अग्रसर बनाउनुपर्ने ।
- हावा, पानी तथा ध्वनी प्रदूषणको राष्ट्रिय मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- फोहोर मैला व्यवस्थापन गर्नुपर्ने ।
- नगरपालिका, महानगरपालिकाहरुलाई अनिवार्य रुपमा भू-उपयोग योजना, फोहोरमैला व्यवस्थापन योजना बनाउन लगाई कार्यान्वयनमा जोड दिनुपर्ने ।
- स्थानीय निकायको प्रत्यक्ष संलग्नतामा धार्मिक, सांस्कृतिक र प्राकृतिक स्थलहरुको वातावरण सुधार, संरक्षण र व्यवस्थापन सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- जैविक विविधताको संरक्षण गर्नुपर्ने ।
- विद्युत् शक्तिको खपतमा विकास हुनुपर्ने ।
- प्रयोग भइसकेका वस्तुहरु नवीकृत गरी पुनः प्रयोगमा ल्याउने व्यवसाय तथा संलग्न व्यवसायीहरुलाई प्रोत्साहित गर्नुपर्ने ।
- वातावरण संरक्षणलाई विकास निर्माणका कार्य तथा अन्य सम्बन्धित सबै कार्यहरुसँग आबद्ध गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सरकारले भवन आचार संहितालाई कडाइका साथ लागू गरी प्रभावकारी कार्यान्वयनमा ल्याइनुपर्ने ।
- वातावरण संरक्षण गर्न राष्ट्रिय अन्तराष्ट्रियस्तरबाट पारित सन्धि, महासन्धि तथा प्रस्तावहरुलाई कार्यान्वयनमा ल्याउनुपर्ने आदि।

८. निष्कर्ष

स्वच्छ वातावरणको अधिकार मानव मर्यादा, प्रतिष्ठा र मानिसको सम्मानपूर्वक बाँच्न पाउने हकसँग सम्बन्धित हुन्छ । बाँच्न पाउने हकको संरक्षण गर्नु राज्यको कर्तव्य हो । राज्यको यो कर्तव्य निर्वाह गर्ने क्रममा देशको संविधान र कानूनले वातावरणको हकको व्यवस्था गरी त्यसको प्रचलन र

संरक्षणको लागि विभिन्न व्यवस्था गरेको हुन्छ । मौलिक हकको कार्यान्वयन र रक्षाको लागि हाल प्रचलनमा रहेका कानूनमा समय सापेक्ष सुधार गर्दै जानु पर्दछ । मौजुदा कानूनको कार्यान्वयनमा सहजताका लागि आवश्यक नियमावली, कार्यविधि, दिग्दर्शनको निर्माण गरीनु पर्दछ । वर्तमान समयमा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा वस्न र वाँच्न पाउने वातावरणीय न्यायको हकलाई संरक्षण गरीनुपर्ने मान्यता विकास भएको छ । प्राकृतिक स्रोत र साधनको संरक्षण गर्नुपर्ने पनि राज्यको दायित्व भित्रको विषय हो । कानूनको प्रचार प्रसार, कानूनको कार्यान्वयनका लागि कानून कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धी, अन्तरनिकाय प्रभावकारी समन्वय र अनुगमन मूल्यांकनको पक्षमा राज्यले विशेष ध्यान दिनु पर्दछ ।

स्वच्छ वातावरणको विषयलाई सर्व प्रथम नेपाल अधिराज्यको संविधान, २०४७ ले राज्यका निर्देशक नीति अन्तर्गत समावेश भएको र मौलिक हकको रुपमा नेपालको अन्तरिम संविधान, २०६३ ले वातावरण सम्वन्धि हकलाई मौलिक हकको रुपमा सुनिश्चितता प्रदान गरेको हो । नेपालको संविधानले स्वच्छ वातावरणको हकलाई मौलिक हकमा राखेको छ । मौलिक हक कार्यान्वयन गर्न विभिन्न ऐन निर्माण भई हाल कार्यान्वयनको चरणमा छन् । नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनले कल्पना गरेको संरचना निर्माण गरी उक्त ऐनहरुमा भएको व्यवस्था कार्यान्वयन गर्न आवश्यक पूर्वाधार, स्रोत साधन, जनशक्तिको सुनिश्चितता गर्न आवश्यक छ ।

वातावरण संरक्षणको क्षेत्रमा नेपालको न्यायपालिकाको पनि महत्वपूर्ण योगदान रहेको छ। व्यक्तिलाई स्वस्थ र स्वच्छ वातावरणको अधिकार हुने, वातावरण संरक्षणको विषय सार्वजनिक सरोकारको विषय हुने, वातावरण संरक्षण र विकाश विच अन्तरसम्बन्ध हुने, वातावरण प्रदुषण गर्नेले क्षति व्यहोर्नुपर्ने समेतका विषयवस्तु अदालतको फैसलामा पाइन्छ। अदालतवाट भएको फैसलाको ईमान्दारीपूर्वक सवैले कार्यान्वयन गर्नुपर्ने हुन्छ। वातावरण संरक्षण विना स्वच्छ वातावरणको हक कार्यान्वयन नहुने हुँदा हामी सवैले आ-आफनो ठाउँवाट आ-आफनो काम कर्तव्य जिम्मेवारी वोधका साथ गर्नुपर्ने अवस्था छ । वातावरणको Preservation, Protecton र impromen मा सहकार्य अतिनै जरुरी छ ।

<u>सन्दर्भ सामाग्री</u>

नेपालको संविधान
वातावरण संरक्षण ऐन, २०७६
वन ऐन, २०७६
वातावरण संरक्षण सम्बन्धी मुद्दाहरुको संगालो, प्रो पव्लिक जनहित संरक्षण मञ्च
वातावरणीय न्याय, तिल प्रसाद श्रेष्ठ न्याय प्रशासनका आयमहरु, सम्पादन श्यामकुमार भट्टराई
समसामयिक कानून र अभ्यास, गोविन्द खनाल, पैरवी प्रकाशन
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत अवधारणपत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन,२०६६ संविधान सभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, सिंहदरबार, काठमाडौं
Black's Law Dictionary
नेपाल कानून पत्रिका सर्वोच्च अदालत, विभिन्न अंकहरु
आर्थिक कारोबार सम्बन्धी मासिक तथा पाक्षिक पत्रिकाहरु

शिक्षा सम्बन्धी अधिकार: कानून र व्यवहार[1]

१. बिषय प्रबेश

निरन्तर सिकाइ र प्रयोगबाट ज्ञान वा विवेक प्राप्त गर्नुलाई शिक्षाको रुपमा बुझ्न सकिन्छ। मानिसले जन्मेदेखि मृत्युसैयामा पुग्दासम्म शिक्षा हासिल गरीरहेकै हुन्छ । शिक्षालाई जिवनको अमूल्य साधन मान्नुको पछाडिको कारण खोज्दा शिक्षाले व्यक्तिको आदर्श पहिचान बनाउछ, परिवारमा उज्यालो छाउछ, समाजमा परिवर्तनको वाहक वन्छ र समग्र राष्ट्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउछ। राष्ट्रको समग्र विकास त्यस देशको शिक्षित तथा दक्ष मानवशक्तिमा निर्भर गर्ने भएकोले शिक्षालाई राष्ट्र निर्माणको मेरुदण्डको रुपमा लिन सकिन्छ। त्यसैले शिक्षा व्यक्तिको मात्र नभएर राष्ट्रको नै अनिवार्य आवश्यकतासँग जोडिएको हुन्छ। शिक्षाको विकास नभएको भए सायद विश्व अन्नत कालसम्म पनि अध्यारोमै रहिरहन्थ्यो ।

शिक्षा व्यक्तिको सामर्थ्य बढाउने तथा असमानताहरू सम्बोधन गर्ने सबैभन्दा महत्वपूर्ण साधन भएकोले शिक्षाको पहुँच र गुणात्मक शिक्षाको सुनिश्चिततले प्रत्येक व्यक्तिले उनीहरूको वास्तविक स्वतन्त्रता, उक्त स्वतन्त्रतालाई वास्तविक रूपमा उपभोग गर्न सक्ने क्षमताको विकास गरी असमानता, सामाजिक, लैङ्गिक, जातीय विभेद लगायतका नकारात्मक सामाजिक मूल्य र मान्यताको अन्त्य गर्न सक्छ। शिक्षाको सम्बन्ध बास्तवमा मानिसको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग मात्र होइन नागरिक तथा राजनैतिक अधिकारसँग पनि रहन्छ किनभने शिक्षाको अभावमा मानिसले आफ्नो अधिकारको उपयोगको सक्षमता गुमाउदछ ।त्यसैले अन्तराष्ट्रिय दस्तावेजहरुले आधारभूत शिक्षालाई अनिबार्य र नि:शुल्क हुन पर्ने कुरामा जोड दिएको पाइन्छ ।

नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थान दिएको छ। विशेषत: धारा ३१ को उपधारा (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिबार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानको धारा ४७ ले मौलिक हकको कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्ष भित्र कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। संविधान प्रदत्त उक्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तर्जुमा गरेको छ। यसका साथै शिक्षा सम्बन्धमा अन्य ऐनहरु पनि प्रचलनमा रहेका छन्।

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता शम्भु कार्की र उपन्यायाधिवक्ता सन्तोष शर्मा

प्रस्तुत आलेखमा शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा गरेको संवैधानिक व्यवस्था, सो सम्बन्धी अन्तराष्ट्रिय दस्ताबेजले गरेका प्रबन्ध तथा अन्य केही देशको संबैधानिक व्यवस्था, नेपालमा भएका कानूनी व्यवस्था तथा व्यवहारीक पक्ष समेतको समिक्षा गरी तयार गरिएको छ।

२. शिक्षा सम्बन्धी अधिकारको मानव अधिकारसँगको सम्बन्ध

संयुक्त राष्ट्रसंघको वडापत्रको धारा १ को उपधार (३) ले जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नराखी सबैका निमित्त मौलिक हक एवं मानवअधिकारहरु प्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तराष्ट्रिय सहयोग प्राप्त गर्ने कुरा उल्लेख गरेको छ। वडापत्रको धारा १ मा राष्ट्रसंघको उद्देश्य बर्णन गर्ने धारा हो। अर्थात् संयुक्त राष्ट्र संघ स्थापनाको मुलभूत उद्देश्य नै मानवअधिकारको रक्षा हो जुन कुरा वडापत्रको प्रस्तावनामा पनि प्रतिविम्वित छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले शिक्षाको अधिकारलाई आधारभूत मानवअधिकारको रुपमा मान्यता दिएको छ[२] उक्त घोषणापत्रले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुने, कम्तिमा आधारभूत शिक्षा अनिबार्य र निःशुल्क हुने, प्राविधिक र व्यवसायिक शिक्षा उपलव्ध हुने तथा उच्च शिक्षा योग्यताको आधारमा सबैको पहुँच योग्य हुन पर्ने उल्लेख गरेको छ। उक्त घोषणापत्रले अभिभावबलाई आफ्नो बालबालिकालाई दिइने शिक्षाको छनौट गर्ने अधिकार हुने उल्लेख गरेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (**ICESCR**)[३] ले शिक्षाको अधिकारको सम्बन्धमा धारा १३ र १४ मा व्यवस्था गरेको छ।

ICESCR को धारा १३ को उपधारा (१) ले उक्त प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्ने तथा मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रतिको सम्मान सुदृढ गर्ने, स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरु बीच समझदारी, सहनशीलता र मित्रता प्रबर्द्धन गर्ने तथा शान्ति कायम गर्ने संयुक्तराष्ट्र संघका क्रियाकलापहरुलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिहरुलाई सबल बनाउनेछ भन्ने कुरामा समेत पक्ष राष्ट्रहरु सहमत भएको कुरा उल्लेख गरेको छ। **ICESCR** ले शिक्षाको अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुले देहायका कुराहरु स्वीकार गर्ने कुरा उल्लेख गरेको छ।[४]

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुने,

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा लगायत विभिन्न रुपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट सबैका लागि सामान्यतः प्राप्य र पहुँचयोग्य बनाइने,

२ Universal Declaration of Human Rights Article 26.

३ International Covenant on Economic, Social and Cultural Rights, Adopted and opened for signature, ratification and accession by General Assembly resolution 2200A (XXI) of 16 December 1966 entry into force 3 January 1976.

४ ICESCRArticle 13(2).

(ग) सबैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनवाट उच्च शिक्षा समान रुपमा पहुँचयोग्य बनाइने,

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पूरा नगरेका व्यक्तिहरुको लागि यथासंभव मूलभूत शिक्षालाई प्रोत्साहित गरीने र तीव्र पारिने,

(ङ) सबै तहहरुमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रुपमा अवलम्वन गरीने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरीने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरीने।

ICESCR को धारा १३ को उपधारा (२) ले मुख्य रुपमा शिक्षाको उपलव्धता, पहुँच, स्वीकार्यता र अनुकूलता (Adaptability) मा जोड दिन्छ। यस्तो उपलब्धता भित्र शैक्षिक संस्थाको प्रर्याप्तता र शिक्षाको गुणस्तर दुबै जोडिएर आउछ। यसै गरी पहुँच भित्र भेदभाव रहितता, भौतिक पहुँच र आर्थिक पहुँच जोडिएर आउँछ । स्वीकार्यताको सम्बन्ध पाठ्यक्रम तथा शिक्षण विधिसँग रहन्छ भने अनुकुलताको सम्बन्ध समाजिक र साँस्कृतिक पक्षसँग रहन्छ।[५]

ICESCR को धारा १३ को उपधारा (३) ले पक्ष राष्ट्रहरु आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरु बाहेक पक्ष राष्ट्रहरुले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्ड अनुरुप चल्ने विद्यालयहरु छान्ने र आफ्नो आस्था अनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको र लागू हुने अवस्थामा, कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने कुरा उल्लेख गरेको छ।

यस उपधाराले मुख्य रुपमा दुई कुरा उल्लेख गरेको छ। पहिलो बाबु, आमा वा अभिभावकलाई आफ्ना बालबालिकाको लागि राज्यद्वारा संचालित भन्दा अन्य विद्यालयको छनौट गर्ने अधिकार र दोस्रो आफ्नो आस्था र विश्वास अनुरुपको धर्मिक तथा नैतिक शिक्षा प्रदान गर्ने अधिकार।[६]

यसै गरी **ICESCR** को धारा १३ को उपधारा (४) ले उक्त धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरुको पालनाको तथा यस्ता संस्थाहरुमा दिइने शिक्षा पक्ष राष्ट्रहरुले निर्धारण गरेका न्यूनतम मापदण्डहरु अनुरुप हुनु पर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरु स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरुको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या नगरीने कुराको प्रत्याभूति गरेको छ।

यस उपधाराले बिदेशी लगायत सबैको शैक्षिक संस्था खोल्ने अधिकारको सुनिश्चिता गरेको छ। यस उपधाराले निकायहरु शव्दको प्रयोग गरेकोले यो अधिकारको विस्तार कानूनी व्यक्ति सम्म हुने देखिन्छ। शैक्षिक संस्था शब्दको विस्तार विद्यालयमा मात्र सीमित नरही विश्वबिद्यालय तथा बयश्क

५ UN Committee on Economic, Social and Cultural Rights (CESCR), General Comment No. 13: The Right to Education (Art. 13 of the Covenant), 8 December 1999, E/C.12/1999/10, Para 6.

६ Ibid Para 28 &29.

शिक्षा सम्म हुने देखिन्छ[७] तर उक्त अधिकारका कुरा गर्दा ICESCR को धारा ४ लाई पनि संगै राखेर हेर्न पर्ने हुन्छ जसले कानूनद्वारा निर्धारित सीमाहरु अन्तर्गत राष्ट्रले यि अधिकारहरु सीमित गर्नसक्ने कुरा उल्लेख गरेको छ।

ICESCR को धारा १४ ले उक्त प्रतिज्ञापत्रको पक्ष हुँदाका बखत निःशुल्क अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न नसकेको पक्ष राष्ट्रले योजनामा तोकिने वर्षको उचित अवधिभित्रमा सबैका लागि निःशुल्क अनिवार्य शिक्षाको सिद्धान्तको कार्यान्वयन गर्न, दुई वर्षभित्र विस्तारित कार्य योजना तयार पारी ग्रहण गर्ने कुरा उल्लेख गरेको छ। यद्यपि लामो समय सम्म धेरै राज्य पक्षले अनिवार्य निःशुल्क शिक्षा सम्वन्धी कार्य योजना मस्यौदा गर्ने तथा कार्यान्वयन गर्ने कार्य गरेनन्।[८]

ICESCR को धारा १४ ले प्रथमिक शिक्षा अनिबार्य हुन पर्ने कुरा उल्लेख गरेको छ। यसको अर्थ यो भयो की अभिभावक, बाबु आमा वा राज्य कसैले पनि बालबालिकालाई प्राथमिक शिक्षाबाट बन्चित गर्ने निर्णय गर्न सक्दैन। यसै गरी अनिबार्य शव्दले कुनै पनि तवरको भेदभाव नगरिकन सबैको लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न पर्ने देखिन्छ । यसै गरी धारा १४ मा प्रयुक्त निःशुल्क शव्दले राज्य पक्षको दायित्व इङ्गित गर्छ। यो निःशुल्क शव्दले अप्रत्यक्ष खर्च जस्तो विद्यालय पोशाक समेतलाई इङ्गित गर्दछ।[९]

स्रोतको अभाव जस्तो कारण देखाएर कुनै पनि पक्ष राष्ट्र धारा १४ अनुरुपको कार्य योजना बनाउने दायित्वबाट पन्छिन सक्दैन । राज्यहरुसँग स्रोत अभाव भएको अवस्थामा **ICESCR** को धारा २ को उपधार १ र धारा २३ अनुरुपका अन्तरराष्ट्रिय सहयोगका प्राबधान आकर्षित हुने अवस्था देखिन्छ।[१०]संयुक्त राष्ट्रसंघको वडापत्रको धारा ५६ जस्ले धारा ५५को उद्देश्यको सफलताको लागि अन्तराष्ट्रिय सहयोगको कुरा गर्छ[११]। सबैको लागि शिक्षा विषयक विश्व घोषणापत्र, १९९०[१२] को धारा १० जस्ले अन्तराष्ट्रिय एकता वढाउने कुरा गर्दछ समेत यस सम्बन्धमा महत्वपूर्ण छन्।

अन्तराष्ट्रिय दस्ताबेजहरुले अनिबार्य, निःशुल्क र आधारभूत शिक्षाको कुरा गर्दछन्। यो आधारभूत शिक्षा भनेको के हो भन्ने सम्बन्धमा सबैको लागि शिक्षा विषयक विश्व घोषणापत्र, १९९० को धारा १ र ५ महत्वपूर्ण छ। उक्त घोषणापत्रले बालबालिका युवा र बयस्क तिनिहरुको आधारभूत सिकाईको आवश्यकता पूरा गर्ने शैक्षीक अवसरबाट लाभान्वित हुन पर्ने कुरा गर्छ। यस्तो आवश्यकता मानवलाई जीउन, पूर्ण क्षमताको विकास गर्न, श्वाभिमान पूर्वक बाँच्न, काम गर्न, विकाशमा सहभागि हुन, जीबनको विकाश गर्न, निर्णय गर्न र शिकाईको निरन्तरता दिन उपयुक्त हुन पर्ने तथा प्राथमिक शिक्षा

७ Ibid Para 30.

८ UN Committee on Economic, Social and Cultural Rights (CESCR), General Comment No. 11: Plans of Action for Primary Education (Art. 14 of the Covenant), 10 May 1999, E/1992/23 para 1.

९ Ibid 7.

१० Ibid para 8.

११ वडा पत्रको धारा ५५ (ख)ले शैक्षीक सहयोगको कुरा गर्छ।

१२ World Declaration on Education for All (1990) (Adopted by the World Conference on Education for All, Jomtien, Thailand, 5- 9 March 1990).

विश्वव्यापी बालबालिकाको आधारभूत शिकाइलाई सन्तुष्ट गर्ने सँस्कार, आवश्यकता र समुदायमा अवसर प्राप्त हुने कुरामा ध्यान दिईएको हुन पर्ने कुरामा जोड दिन्छ।

मानव अधिकारको पुस्तावारीको रुपमा हेर्दा शिक्षाको अधिकारलाई दोस्रो पुस्ताको अधिकार मानिने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अन्तरगत राखीने गरे पनि बालबालिकाको अधिकार, महिलाको अधिकार लगायत सामूहिक अधिकार अन्तरगत पनि स्वभाविक रुपमा शिक्षाको अधिकार पर्न आउँछ । बाल अधिकार सम्वन्धी महासन्धि, १९८९[१३] को धारा २८ र २९ शिक्षाको अधिकारसँग सम्बन्धित छ । धारा २८ को उपधारा (१) ले बालबालिकाको शिक्षा निम्न विषयमा निर्दिष्ट हुनुपर्ने कुरा उल्लेख गरेको छ:

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने,

(ख) मानवअधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लिखित सिद्धान्तहरुको आदर गर्ने भावनालाई विकास गर्ने,

(ग) बालबालिकाको बाबुआमा प्रति, उसको आफ्नै सांस्कृतिक परिचय, भाषा र मूल्यहरु प्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्य प्रति, निजको उत्पत्तिको देशप्रति र बालबालिकाको आफ्नो भन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने,

(घ) सम्पूर्ण जनताहरु, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरु बीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग, समानता र मित्रताको भावनाअनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने,

(ङ) प्राकृतिक वातावरणको सम्मानको विकास गर्ने ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको[१४] धारा १०,सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धि[१५]को धारा ५ (ङ)(५), आदिवासी जनजाति सम्वन्धी महासन्धि[१६]को भाग ६, शिक्षामा विभेद विरुद्धको युनेस्को महासन्धि,[१७] सबैको लागि शिक्षा विषयक विश्व घोषणापत्र १९९०,[१८] अपाङ्गगता भएका व्यक्तिहरुका अधिकार सम्वन्धी महासन्धिको धारा २४[१९], भियना घोषणा पत्र र कार्य योजना[२०]को भाग १ को अनुच्छेद ३३ र भाग दुईको अनुच्छेद ८०, दिगो विकाश लक्ष्यको लक्ष्य ४ लगायतका अन्तराष्ट्रिय दस्तवेजले समेत शिक्षाको महत्व र

१३ Adopted and opened for signature, ratification and accession by General Assembly resolution 44/25 of 20 November 1989, entry into force 2 September 1990.

१४ Adopted and opened for signature, ratification and accession by General Assembly resolution 34/180 of 18 December 1979 entry into force 3 September 1981.

१५ Adopted and opened for signature and ratification by General Assembly resolution 2106 (XX) of 21 December 1965 entry into force 4 January 1969.

१६ ILO Convention No 169.

१७ UNESCO Convention against Discrimination in Education 1960, Entry into force: 22 May 1962.

१८ World Declaration on Education for All (1990) (Adopted by the World Conference on Education for All, Jomtien, Thailand, 5- 9 March 1990)

१९ United Nations Convention on the Rights of Personswith Disabilities, 6 December 2006.

२० Vienna Declaration and Programme of Action, Adopted by the World Conference on Human Rights in Vienna on 25 June 1993.

आवश्यकतालाई आत्मसात गर्दै शिक्षालाई मानव अधिकारको अभिन्न विषयका रुपमा स्थापित गरेका छन्।

३. मौलिक हकको रुपमा शिक्षा सम्वन्धी अधिकार

(क) नेपालको संबैधानिक अभ्यास

नेपालमा परम्परागत हिन्दु वैदिक शिक्षाको लामो इतिहास थियो। बौद्ध धर्म दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्मदर्शनमा आधारित शिक्षा र हिन्दु वैदिक शिक्षा अन्तर्गत विशेषतः गुरुकुल प्रणालीका शिक्षा सीमित मात्रामा प्रचलित थिए। नेपालको एकीकरण पूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन। त्यस बेला धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो। परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रही रहेको बेला वि.सं. १९१० मा दरबारस्कूलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो। नेपालमा उच्चशिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ।[२१]

नेपालको पहिलो संविधानको रुपमा आएको नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ६० ले उक्त कानून बमोजिम काम आरम्भ भएपछि सकभर चाँडो र अवस्थाले दिएसम्म मुलुकभर प्रारम्भिक शिक्षा निःशुल्क अनिवार्य हुने र मातृभूमिको सेवालाई चाहिने शिल्प शिक्षा र उच्च शिक्षाको प्रवन्ध सरकारबाट हुने, साथसाथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उति हुन तथा शिक्षाको मुख्य लक्ष्य नैतिक उपदेश, व्यक्तिगत योग्यता र कार्यकुशलता, राष्ट्रप्रेम र अन्तराष्ट्रिय मैत्रीभाव फैलाउने हुनु पर्ने व्यवस्था गरेको थियो। यद्यापि यो व्यवस्था भाग दुईको मौलिक हकहरु अन्तर्गत नगरी भाग छ को विविध अन्तर्गत राखीएको थियो। ब्यबहारमा भने यो ब्यवस्था कहिल्यै प्रयोगमा आएन। बास्तवमा नेपालमा वि.सं.२००७ साल भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायमा भएकाले आम जनसमुदाय शिक्षाको अवसरबाट वञ्चित रहेका थिए। यस तथ्यलाई वि.सं.२००७ सालको शैक्षिक तथ्याङ्कले पनि स्पष्ट पार्दछ। त्यसबेला नेपालको साक्षरता करिब २ प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कूल/पाठशालाहरू ३२१, माध्यमिक स्कूलहरू ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थियो। त्यसबेला एउटा संस्कृत विद्यालयमा औपचारिक रूपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ भने एउटा आयुर्वेद विद्यालयमा पनि उच्च तहको अध्यापनको व्यवस्था रहेको थियो।[२२]

प्रजातन्त्रको स्थापन पछी जारी **नेपाल अन्तरिम शासन विधान,२००७ को भाग २ को राज्य नीतिका निर्देशक सिद्धान्तहरु अन्तर्गत धारा ७** ले सरकारले देशको आर्थिक अवस्था र विकासले दिएसम्म

२१ http://moe.gov.np/content/historical-background.html मिति २०७८।०१।२४ मा हेरीएको।
२२ Ibid no 20.

काम पाउने हक, शिक्षा पाउने हक तथा बेकार, बृद्ध बेरामी अंगहीन र अरु यस्तै अभावावस्थामा सहायता पाउने हक दिलाउन आवश्यक प्रबन्ध गर्नेछ भन्ने व्यवस्था गरेको थियो। उक्त संविधानमा मौलिक हक भन्ने कुनै भागको व्यस्था नभएको र मौलिक हकमा उल्लेख हुन पर्ने प्रकृतिका विषय समेत यसै भागमा व्यवस्थित गरीएका हुंदा यो संवैधानिक व्यवस्थालाई महत्वपूर्ण मान्न पर्छ। वि.स.२००७ को राजनीतिक परिवर्तनपछि राज्यले पनि शिक्षा विस्तारमा लगानी गऱ्यो भने आम जनसमुदायहरू विद्यालयहरू खोल्ने र बालबालिकाहरूलाई शिक्षा दिने कार्यमा सक्रिय रहेका थिए। त्यसबेला शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिक रुपमा वृद्धि भएको थियो भने वि.स. २०११ (सन् १९५४) मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगद्वारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको थियो।[२३]

नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान २०१९ ले शिक्षाको अधिकार सम्बन्धमा कुनै व्यवस्था गरेको थिएन। यद्यपी यस कालखण्डमा वि.सं. २०१८ (सन् १९६१) मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास गरिएको थियो भने वि.स. २०२८ (सन् १९७१) मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरुआत भयो। वि.स. २०३७ (सन् १९८०) देखि हालसम्म विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरीएका छन्। यस अवधिमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरूमा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, प्राथमिक शिक्षा विकास परियोजना, माध्यमिक शिक्षा विकास परियोजना, सबैका लागि शिक्षा कार्यक्रम, शिक्षक शिक्षा आयोजना, जनसङ्ख्या शिक्षा परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, रोजगारीका लागि सीप परियोजना, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना प्रमुख रहेका छन्।[२४]

नेपाल अधिराज्यको संविधान, २०४७ धारा को १८ को उपधारा (२)ले प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने हकलाई मौलिकहकको रुपमा सुनिश्चित गरेको थियो। यसैगरी उक्त संविधानको धारा ११ को उपधारा (३) ले शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको थियो।

यसै गरी उक्त संविधानको धारा २६ ले राज्यका नीतिहरू अन्तर्गत देशका विभिन्न भौगोलिक क्षेत्रहरूको सन्तुलित विकासको लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जन साधारणको

२३ Ibid.
२४ Ibid.

जीवनस्तर वृद्धि गर्ने,[२५] महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने[२६] शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने[२७] अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने[२८] शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने[२९] नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेखगरेको थियो। वि. सं. २०४६ पछि शिक्षामा सुधारका लागि सुझाव दिने गरी सरकारले गठन गरेको राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०४९ (सन् १९९२) मा र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०५५ (१९९९) मा प्रतिवेदन पेस गरे अनुसारका सुझावहरू अनुरूप शिक्षामा सुधारका प्रयासहरू गर्ने कार्य भए।[३०]

नेपालको अन्तरिम संविधान, २०६३को धारा १७ ले निम्न हकलाई मौलिक हकको रुपमा स्थापित गरेको थियो।

(१) प्रत्येक समुदायको कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक।

(२) प्रत्येक नागरिकको राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक।

(३) नेपालमा बसोवास गर्ने प्रत्येक समुदायको आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक।

यसरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ ले ICESCR को धारा १४ अनुरुप सर्वप्रथम निःशुल्क शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा मान्यता दियो। यद्यपि यो धाराले अनिबार्य शव्दको प्रयोग गरेन। यसै गरी यस धाराले "कानूनमा व्यवस्था भए बमोजिम" शव्दावली उल्लेख गरी त्यस्तो हकको उपयोग कानूनमा निर्भर हुने अवस्था भएपनि शिक्षाको अधिकारलाई व्यवस्थित गर्ने विशेष कानून बनेको पाइएन।

नेपालको वर्तमान संविधानको धारा ३१ ले शिक्षा सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थान दिएको छ। जस अन्तर्गत निम्न हकको उल्लेख छ:

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक,

---

२५ उपधारा (१)।
२६ उपधारा (७)।
२७ उपधारा (८)।
२८ उपधारा (९)।
२९ उपधारा (१०)।
३० पूर्वपाद टिप्पणी नं. १९

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिबार्य र नि:शुल्क तथा माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक,

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक,

(४) दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक,

(५) नेपालमा बसोबास गर्नेप्रत्येक नेपाली समुदायलाई कानून बमोजजम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक।

(ख) **शिक्षा सम्वन्धी अधिकारलाई मौलिक हकको रुपमा राख्ने सम्बन्धमा अन्य देशको अभ्यास**

मानिसले मानिस भएर जन्मेकै आधारमा केही अधिकार प्राप्त गर्दछन् भन्ने समबन्धमा कुनै विवाद नभएता पनि यस्ता अधिकारहरु के कस्ता हुन्छन् भन्ने सम्बन्धमा राष्ट्रहरु विच लामो समय विबाद देखिएको तथा समाजबादी मुलुकहरु आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको पक्षमा उभिएका तथा पुँजीबादी राष्ट्रहरु नागरिक तथा राजनैतिक अधिकारको पक्षामा उभिएकाले यसको प्रभाव स्वभाविक रुपमा तिनको संविधानमा पनि पऱ्यो।

शिक्षा सम्वन्धी अधिकारको सम्बन्ध आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसँग वढी रहने हुदा समाजबादी राष्ट्रहरुले सुरुवाती रुपमा नै आफ्नो संविधानमा मौलिक हकको रुपमा शिक्षाको अधिकारको उल्लेख गरेको पाइन्छ। जस्तो जनवादी गणतन्त्र **चीनको संविधान, १९८२** को धारा ४६ ले चिनका नागरिकहरुको शिक्षा लिने अधिकार र दायित्व हुने कुरा उल्लेख गरेको छ। यसै गरी पूर्व **सोभियत संघको संविधानको** धारा २५ ले सार्वजनिक शिक्षाको एउटै स्वरुप (uniform system) हुने कुरा उल्लेख गरेको थियो।[३१]

पुँजीबादी स्वरुपको संविधानको कुरा गर्दा **भारतको संविधान**ले सुरुवाती रुपमा शिक्षाको अधिकारलाई मौलिक अधिकारको रुपमा उल्लेख गरेको थिएन। यद्यपि उक्त संविधानको धारा २९ को उपधारा (२) ले राज्यद्वारा व्यवस्थित वा आर्थिक सहायता प्राप्त शैक्षिक संस्थाले धर्म, वर्ण, जाति,भाषा वा तीमध्ये कुनै कुनैको आधारमा कुनै नागरिकलाई भर्ना गर्नबाट ईन्कार गर्न नपाउने व्यवस्था गरेको थियो।[३२] यसै गरी **सिंगापुरको संविधान** १९६३ को धारा १६ को उपधारा (१) ले भारतिय संविधानको जस्तै व्यवस्था गरेको पाइन्छ। **क्यानडाको संविधान** १९८२ को धारा २३ ले शिक्षाको भाषा छनौटको कुरा उल्लेख गरेको पाइन्छ। **जर्मनीको संविधान**को धारा ७ ले सबै विद्यालयहरु सरकारको सुपरीबेक्षणमा रहने उल्लेख गर्दै निजि विद्यालय खोल्ने अधिकार समेत संरक्षण गरेको छ।

---

३१ https://www.departments.bucknell.edu/russian/const/77cons01.html#chap03 मिति २०७८।०१।२४ मा हेरीएको।

३२ https://legislative.gov.in/sites/default/files/COI_1.pdf मिति २०७८।०१।२४ मा हेरीएको।

यद्यपि **जापानको संविधान**को धारा २६ ले सबै नागरिकलाई समान शिक्षाको अधिकार हुने तथा आफ्नो संरक्षणमा रहेका बालबालिकालाई कानूनद्वारा उपलब्ध गराइएको समान्य शिक्षा ग्रहण गराउनु प्रत्येक ब्यक्तिको कर्तब्य हुने उल्लेख गर्दै अनिबार्य शिक्षा नि:शुल्क हुने कुरा उल्लेख गरेको छ।

तर पछिल्लो समयमा वनेका धेरै जसो मुलुकका संविधानले शिक्षाको अधिकारलाई **मौलिक अधिकारको रुपमा स्थान** दिएको पाइन्छ। उदाहरणको रुपमा **गणतन्त्र दक्षिण अफ्रिका**को संविधान, १९९६ को भाग दुईले मौलिक अधिकार (Bill of Rights) अन्तरगत धारा २९ ले शिक्षाको अधिकारलाई राखेको छ। **स्विटजरल्याल्याडको संविधान**,१९९९ को धारा १९ ले प्रयाप्त र नि:शुल्क आधारभूत शिक्षाको अधिकार (adequate and free basic education) हुने उल्लेख गरेको छ। यसै गरी **गणतन्त्र माल्दिप्स**को संविधान,२००८ को धारा ३६ ले शिक्षाको अधिकारलाई मौलिक अधिकारको रुपमा राखेको छ। ईस्लामीक **गणतन्त्र अफगानिस्तान**को संविधान,२००४ को धारा ४३ ले शिक्षाको अधिकारलाई मौलिक अधिकारको रुपमा उल्लेख गरेको छ।

राज्यहरुले संविधानको संशोधनद्वारा समेत शिक्षाको अधिकारलाई मौलिकहको रुपमा स्थान दिन थालेको पाइन्छ । जस्तो **भारतको संविधान**को सन् २००२ मा भएको छयासीयौ संशोधनबाट धारा २१ क थप गरी ६ देखि १४ बर्ष उमेर समूहका बालबालिकालाई कानूनमा व्यवस्था भए अनुरुप अनिबार्य र नि:शुल्क शिक्षा उपलब्ध गराइने कुरा उल्लेख गरी शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा स्थान दिइयो। यसै गरी **पाकिस्तानको संविधान**मा भएको अठारौ संशोधन २०१० ले धारा २५क थप गरी ५ देखि १६ बर्ष उमेर समूहका बालबालिकालाई कानूनमा व्यवस्था भए अनुरुप अनिवार्य र नि:शुल्क शिक्षाको हक हुने व्यवस्था गऱ्यो। युनेश्कोको सबैको लागि शिक्षा विश्व अनुगमन प्रतिबेदन, २०१० (UNESCO's Education for All Global Monitoring Report 2010) का अनुसार विश्वका १३५राष्ट्रले अनिबार्य र अविभेदकारी शिक्षा सम्बन्धमा संवैधानिक प्रबन्ध गरी सकेका छन्। यद्यपि विश्वका अधिकांश मुलुकले शिक्षामा प्रत्यक्ष खर्च मात्र नि:शुल्क प्रदान गरेका छन्। विश्व बैंकले सन् २००५ मा गरेको एक सर्वेक्षेण अनुसार विश्वका १३ राष्ट्रले मात्र प्राथमिक शिक्षा पूर्ण रुपमा नि:शुल्क गरेका छन्।[३३]

राज्यहरुले आधारभूत शिक्षा कानूनमा व्यवस्था भए अनुरुप अनिबार्य र नि:शुल्क हुने व्यबस्था गरे पनि आधारभूत शिक्षाको परिभाषामा एकरुपता पाइदैन। जस्तो पाकिस्तानको संविधानले पाँच देखि १६ बर्ष उमेर समूहका बालबालिकालाई समेटेको छ भने भारतको संविधानले छ देखि १४ बर्ष उमेर समूहका बालबालिकालाई। यसै गरी अफगानिस्तानको संविधानले B.A. स्नातक तह सम्मको शिक्षा नि:शुल्क हुने कुरा उल्लेख गरेको छ।

३३ https://www.thehindu.com/news/national/India-joins-list-of-135-countries-in-making-education-a-right/article_13_666115.ece मिति २०७८।०१।२४ मा हेरीएको।

४. शिक्षा सम्वन्धी अधिकारको सम्बन्धमा नेपाल कानून

नेपालमा वि.स.२०२८ सालमा नयाँ शिक्षा प्रणाली स्थापना भएपछि शिक्षा क्षेत्रमा आधुनिक कालखन्डको शुरुवात भएको मानिन्छ। नेपालको संविधानले शिक्षाको हकलाई व्यापक र विस्तृत रुपमा राखेको छ। शिक्षाको विकास गर्ने सर्वोपरी लक्ष्यमा निर्माण भएको शिक्षा ऐन, २०२८ समयानुकूल पटक पटक संशोधन हुदै हाल सम्म प्रचलित कानूनको रुपमा रहेको छ। शिक्षा सम्वन्धी अधिकारको विषयमा चर्चा गर्दा हाल प्रचलित कानूनी व्यवस्था निम्न रहेका छन् :

१. शिक्षा ऐन, २०२८:

राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोक तान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मलुक भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गदै गुणस्तरीय शिक्षाको विकास गर्न[३४] शिक्षा ऐन, २०२८ बनेको पाइन्छ। प्रस्तुत ऐनले बिद्यालय शिक्षाको सम्वन्धमा व्यवस्थाहरु गरी तत् सम्वन्धी आवश्यक संरचनाहरुको समेत निर्माण गरेको छ।यस ऐन विद्यालय शिक्षालाई व्यवस्थित र प्रभावकारी वनाउन केन्द्रित भएको छ।शिक्षा ऐन, २०२८ को मिति २०५८।१०।२५ मा भएको सातौ संशोधनबाट माध्यामिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिमको छात्रवृत्तिको व्यवस्था गर्न सक्ने[३५] प्रावधान रहेको छ भने शुल्क सम्वन्धी व्यवस्था[३६] निम्नानुसार रहेको छः

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्याथीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ[३७]।

(ग) दृष्टिविहीन बालबालिकालाई ब्रेनलिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरीनेछ ।

(घ) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरीनेछ .

तर गरीबीको रेखाममुनी रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरीनेछ ।

---

३४ शिक्ष ऐन, २०२८ को प्रस्तावना।

३५ उही ऐन, दफा ११ण.

३६ उही ऐन, दफा १६घ.

३७ शिक्षा ऐन, २०२८ को आठौं संशोधनबाट थप।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ।त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलव्ध गराएको सुविधाको आधारमा दिनेछ।

शिक्षा ऐन, २०२८ मा भएको सातौ र आठौ संशोधनबाट सामुदायिक बिद्यालयको हकमा क्रमशः निःशुल्क शिक्षा प्रदान गर्ने र संस्थागत विद्यालयको हकमा विद्यालयले उपलव्ध गराएको सुविधाको आधारमा मात्र शुल्क निर्धारण हुने व्यवस्था गरिएको पाइन्छ।

शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१क.) खण्ड (छ) मा "विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा" एक लाख रुपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था सोही उपदफा (१क.) मा रहेको छ। प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्र समावेश भई नेपाल सरकार वादी हुने[३८] व्यवस्था रहेको छ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५:

प्राविधिक तथा व्यावसायिक शिक्षा आर्थिक र सामाजिक विकासको मेरुदण्ड हो। विश्वका विकसित राष्ट्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा मुख्य धारकै रूपमा विकसित भएको पाइन्छ। आधारभूत विद्यालय शिक्षा पश्चात् प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्नेको दर ४० देखि ६० प्रतिशतसम्म छ। जस्तैः- स्विट्जरल्यान्ड तथा जर्मनसहित युरोपका धेरै देशमा ६० प्रतिशतको हाराहारीमा पाइन्छ। त्यस्तै एसियाका दुई समृद्ध देश सिंगापुर र दक्षिण कोरियामा पनि करिब ५० प्रतिशतको हाराहारीमा छ। अस्ट्रेलिया यसको राम्रो उदाहरण हो, जहाँ युवा विश्वविद्यालयभन्दा प्राविधिक तथा व्यावसायिक शिक्षा लिन बढी रुचाउँछन्[३९]। व्यवसायिक तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्रस्तुत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ को निर्माण भएको हो। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं तालिम दिने निकायहरु बीच समन्वय कायम गर्न तथा सिपको स्तर निर्धारण एवं प्रमाणीकरणको लागि यस ऐनले परिषद् स्थापना[४०] गरेको छ। परिषद् अन्तरगत कृषि, ईन्जिनियरिङ्ग, स्वस्थ्य र होटल व्यवस्थापन लगायत संकायमा डिप्लोमा/प्रमाणपत्र तह तथा प्राविधिक एसएलसी तहमा गरी १०३७ ओटा संस्थाहरु र छोटो अवधिको सिपमुलक तालिम संचालनका लागि ११३१ भन्दा बढी संस्थाहरुले

३८ शिक्षा ऐन, २०२८। दफा १७ग.

३९ डा. रामहरी लामिछाने, प्राविधिक तथा व्यवसायिक शिक्षा, श्रोत व्यवस्थापन, अन्नपूर्ण पोष्ट दैनिक, प्रकाशित मिति ३० कार्तिक, २०७४ Available at http://annapurnapost.com/news/84128 मिति २०७८।०१।२४ मा हेरीएको।

४० प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ऐन, २०४५ दफा ३।

देशभरी कार्यक्रम संचालन गरीरहेबाट[४१] यस ऐनले अनिवार्य तथा निःशुल्क शिक्षाको वारेमा उल्लेख गरेको नभएपनि प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गर्ने विद्यार्थीको हक कार्यान्वयन गर्न इट्टा थप्ने काम गरेको छ।

३. उच्च माध्यामिक शिक्षा ऐन, २०४६:

तत्कालिन अवस्थामा प्रचलनमा रहेको दश वर्षे विद्यालय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गरी उच्च माध्यमिक शिक्षाको तह सिर्जना गर्न र यस तहको शिक्षाको स्वरूप, स्तर, संचालन र नियन्त्रणको समेत व्यवस्था गर्न[४२] प्रस्तुत ऐन बनेको पाइन्छ। उच्च माध्यामिक शिक्षालाई कक्षा एघार र बाह्रमा दिइने शिक्षालाई[४३] बुझाउने र सो ऐनले उच्च माध्यमिक विद्यालयबाट दिइने शिक्षाको गुणस्तरको वृद्धि गर्ने र त्यस्ता विद्यालयहरू बीच समन्वय कायम गर्ने सम्बन्धमा नीति निर्धारणको लागि उच्च माध्यमिक शिक्षा सभाको गठन[४४] गरेको छ भने उच्च माध्यमिक शिक्षा सभाको कार्य सञ्चालन गर्नको लागि उच्च माध्यमिक शिक्षा परिषद्[४५] गठन गरी उच्च माध्यामिक शिक्षालाई संचालन व्यवस्थापन गरेको छ।

४. स्थानीय सरकार संचालन ऐन, २०७४:

नेपलाको संविधानको अनुसूची-५ को क्रमसंख्या १५ मा केन्द्रिय विश्वविद्यालय, केन्द्रिय स्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रिय पुस्तकालय संघको अधिकार सूचीमा रहेको भने अनुसूची-६ को क्रमसंख्या ८ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा प्रदेशको अधिकार सूचीमा रहेको छ। त्यसैगरी अनुसूची-८ को क्रमसंख्या ८ मा आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा रहेको छ भने अनुसूची-९ को क्रमसंख्या २ मा शिक्षा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेको छ। नेपालको संविधानले व्यवस्था गरे अनुसार संघ, प्रदेश र स्थानीय तह तीनैवटा सरकारले शिक्षाको अधिकारलाई कार्यान्वयन गर्नु पर्ने दायित्व रहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले नेपालको संविधानको भावना अनुरुप गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत आधारभूत र माध्यामिक शिक्षा[४६] नियमित, व्यवस्थित गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था गरेको छ ।

५. राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५:

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्दी गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन,

---

४१ प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम, एकिकृत बार्षिक प्रतिवेदन, २०७६, नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय, पृष्ठ- ८।

४२ उच्च माध्यामिक शिक्षा ऐन, २०४६ को प्रस्तावना।

४३ उही ऐनको दफा २ को उपदफा २.१।

४४ उही ऐनको दफा ४क.।

४५ उही ऐनको दफा ५।

४६ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११, उपदफा (२) को खण्ड (ज)

चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्नको लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोग स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न[४७] प्रस्तुत ऐन बनेको पाइन्छ । यस ऐनको सबल पक्ष भनेकै शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई नियमन बनाउन चिकित्सा शिक्षा आयोगको स्थापना[४८] गर्नु हो। आयोगको कार्यकारी निकायको काम गर्न कार्यकारी समितिको[४९] व्यवस्था गरेको छ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को स्वदेशी लगानीबाट संचालित कलेजहरूले कूल सिट सङ्ख्याको कम्तिमा दश प्रतिशत, नेपाली र बिदेशीको संयुक्त लगानी वा बिदेशीको लगानीमा संचालित शिक्षण संस्थाले कूल सिट सङ्ख्याको कम्तिमा बीस प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको रुपमा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्छ[५०], चिकित्सा शिक्षा अध्ययनको लागि शुल्क निर्धारण आयोगले निर्धारण गर्ने[५१], चिकित्सा शिक्षा अध्ययनका लागि सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार, द्वन्द पीडित, महिला, दलित, आदिवासी जनजाती, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएका क्षेत्र समेतलाई आयोगले तोके बमोजिम सिट आरक्षण गर्ने[५२], नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थालाई प्रोत्साहन गर्न आवश्यक सहलियत वा सुविधा उपलब्ध गराउन सक्ने[५३], यो ऐन प्रारम्भ भएको मितिले दश वर्ष पछि नेपाल राज्यभित्र संचालित चिकित्सा सम्बन्धी शिक्षण संस्था क्रमशः गैर नाफामुलक र सेवामुलक संस्थाको रुपमा रहने[५४] व्यवस्था नेपालको संविधान लागू भएपछि शिक्षा र स्वस्थ्य सम्वन्धी मौलिक हक कार्यान्वयन तर्फ रहेका छन् । यो ऐनले मूलतः चिकित्सा शिक्षालाई सबै विद्यार्थीको पहुँचलाई सुनिश्चित गर्न व्यवस्था गरेको छ।

६. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५:

नेपालको संविधानले मौलिक हक अन्तरगत धारा ३१ मा शिक्षा सम्वन्धी हकलाई समावेश गरी धारा ४७ अनुसार मौलिक हक कार्यन्वयनको लागि कानूनी व्यवस्था गर्न प्रस्तुत ऐन बनेको हुँदा यस ऐनको सर्वाधिक महत्त्व रहेको छ। यस ऐनले मूलतः अनिवार्य तथा निःशुल्क शिक्षामा राज्य र नागरिक दुवैको दायित्व सिर्जना गर्दै दुईवटा पक्षलाई व्यवस्थित गरेको छ । एउटा नागरिकले

४७ राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रस्तावना
४८ उही ऐनको दफा ३
४९ उही ऐनको दफा ८
५० उही ऐनको दफा १७ (४)
५१ उही ऐनको दफा १८
५२ उही ऐनको दफा ४०।
५३ उही ऐनको दफा ४३।
५४ उही ऐनको दफा ४७(१)।

अनिवार्य शिक्षा लिनु पर्ने र अर्को राज्यले निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने। प्रस्तुत ऐनको प्रमुख व्यवस्थालाई निम्नानुसार राख्न सकिन्छः

(क) आधारभूत शिक्षा कक्षा एक देखि आठ सम्मलाई र माध्यामिक शिक्षा कक्षा नौ देखि बाह्र सम्मलाई मानिएको[५५],

(ख) प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुने[५६],

(ग) प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुने,[५७]

(घ) अपाङ्गता भएका नागरिकहरुलाई विशेष शिक्षाको माध्ययमबाट शिक्षा प्राप्त गर्ने अधिकार हुने,[५८]

(ङ) आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने,[५९]

(च) प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्वन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने[६०] र माध्यामिक तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने,[६१]

(छ) आधारभूत तह सम्मको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने,[६२]

(ज) सम्वत २०८५ वैशाख १ गते पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको अवसर प्राप्त गर्न योग्न नहुने[६३]

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी गैर सरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न,

(२) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक शेयरधनी, संचालक वा सदस्य वा कुनै पदाधिकारी हुन

(झ) परम्परादेखि चलिआएका शिक्षा सम्वन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्वा वा मदरसा जस्ता संस्था संचालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सकिने[६४]

---

५५ अनिवार्य तथा निःशुल्क शिक्षा समवन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ) र (ञ)।
५६ उही ऐनको दफा ३(१)।
५७ उही ऐनको दफा ३(२)।
५८ उही ऐनको दफा ३(७)।
५९ उही ऐनको दफा ३(८)।
६० उही ऐनको दफा ४(१)।
६१ उही ऐनको दफा ४(२)।
६२ उही ऐनको दफा ५(१)।
६३ उही ऐनको दफा १९।

(ञ) प्रत्येक नागरिकलाई राज्यबाट माध्यामिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुने[६५]

(ट) स्थानीय तहले शैक्षिक समाग्री प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध गर्ने, दिवा खाजाको व्यवस्था गर्नु पर्ने[६६]

(ठ) निजी लगानीमा संचालित विद्यालय सेवामूलक र लोककल्याणकारी हुनु पर्ने[६७]

अनिवार्य तथा निःशुल्क शिक्षा समवन्धी ऐन, २०७५ को दफा ३२ को उपदफा (१) ले निम्नानुसारको कार्यलाई कसूर कायमा गरेको छः

(क) दफा ९ को उपदफा (१) बमोजिम प्रधानाध्यापकले भर्ना गर्न इन्कार गरेमा वा सोही दफाको उपदफा (४) बमोजिम बालबालिका भर्ना गर्न नसकेको लिखित जानकारी नदिएमा,

(ख) दफा १० को उपदफा (१) बमोजिम आधारभूत तहको शिक्षा लिइरहेको बालबालिकालाई बिद्यालयबाट निष्काशन गरेमा वा उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परिक्षा दिन रोक लगाउने वा बञ्चित गरेमा,

(ग) दफा ११ बमोजिम आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेको विद्यार्थीलाई पूनः भर्ना गर्न इन्कार गरेमा वा दफा १३ बमोजिम आधारभूत तहसम्मको शिक्षा पूरा नगरेका बालबालिका अध्ययन गरीरहेको विद्यालय छोडी अर्को विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा सो स्थानान्तरण प्रमाणपत्र दिन इन्कार गरेमा,

(घ) दफा १६ बमोजिम परम्परागत शिक्षा प्रदान गर्न सकिने विपरितका कुनै कार्य गरेमा र

(ङ) दफा २७ बमोजिम निजी लागानीका विद्यालय सेवामूलक हुने व्यवस्था विपरितका कुनै कार्य गरेमा।

कसैले यस ऐन बमोजिमका कसूर गरेमा सम्वन्धित बालबालिकाको अभिभावकले कसूर गरेको पन्ध्र दिनभित्र सम्वन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्ने व्यवस्था दफा ३२ को उपदफा (२) ले गरेको छ। न्यायिक समितिले गरेको निर्णय उपर सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था दफा ३२ को उपदफा (५) ले गरेको छ।

७. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन,२०७४:

अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रकृयामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण

६४ उही ऐनको दफा १६(१)।
६५ उही ऐनको दफा २०।
६६ उही ऐनको दफा २२,२४,२५।
६७ उही ऐनको दफा २७।

सुनिश्चित गर्ने[६८] उद्देश्यबाट यो ऐन बनेको पाइन्छ। नेपालको संविधानले प्रत्यभूत गरेको मौलिक हक कार्यान्वयन गर्न बनेको यस ऐनले अपाङ्गता भएका व्यक्तिले पाउने अधिकारका विषयमा व्यापक व्यवस्था गरेको छ। अपङ्गता भएका व्यक्तिको शिक्षा सम्वन्धी अधिकारलाई यस ऐनको परिच्छेद-५ मा व्यवस्था गरिएको छ। उक्त ऐनको दफा २० मा अपाङ्गता भएका व्यक्तिले निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका व्यक्तिले निःशुल्क प्राविधिक र व्यवसायिक शिक्षा पाउने अधिकार, उपयुक्त पाठ्क्रम र स्रोत सामाग्रीको माध्ययमबाट उचित शिक्षा दिनु पर्ने व्यवस्था, शिक्षा सम्वन्धी हक सुनिश्चित गर्न ब्रेल वा वैकल्पिक लिपि, सांकेतिक भाषा र प्रविधिको प्रयोग लगायतका माध्ययमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने, आवश्यकता अनुसार आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने, विद्यालय भवन वा भौतिक संरचना अपाङ्गता भएका व्यक्तिको पहुँचको सुनिश्चित हुनु पर्ने आदी जस्ता अधिकारलाई व्यवस्थित गरेको छ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन,२०७४ को दफा ५३ मा "कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न, जानीजानी निजको आत्मसम्मानमा चोट पुऱ्याउने कुनै कार्य गर्न वा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक समाग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्न वा त्यस्तो समाग्री खोस्न वा बिगार्न नहुने" भनी भएको व्यवस्था, दफा ५४ ले अपाङ्गता भएको व्यक्तिलाई भिक्षा माग्न लगाउन नहुने व्यवस्था र दफा ५ मा झुट्टा विवरण दिई अर्को प्रकारको वर्गीकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्न नहुने व्यवस्था विपरितको कार्यलाई दफा ५५ ले कसूर कायम गरी सजायको व्यवस्था गरेको छ। दफा ५५ को उपदफा (१), (२), (३) (४) र (५) अन्तर्गतको सजाय हुने मुद्दा नेपाल सरकार वादी हुने र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था दफा ५७ ले गरेको छ।

८. बालबालिका सम्वन्धी ऐन, २०७५:

यस ऐनको दफा १५ मा बालबालिकाको शिक्षाको अधिकारको चर्चा गरिएको छ।उक्त दफामा छ वर्ष मुनिका बालबाललकालाई आफ्नो उमेर र विकासको स्तर अनसुार उपयुक्त ढंगले सिक्न पाउने र प्रारम्भिक बाल बिकासको अधिकार हुने, प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउनेअधिकार हुने, प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउनेअधिकार हुने, दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुने व्यवस्था गरेको छ।

६८ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ को प्रस्तावना।

यस ऐनको दफा ६६ ले बालबालिका विरुद्धको कसूर कायम गरी सो मुद्दा नेपाल सरकार बादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था दफा ७६ ले गरेको छ।

नीतिगत व्यवस्थाः

(क) राष्ट्रिय शिक्षा नीति, २०७६: शिक्षाको अधिकारसँग सम्वन्धित क्षेत्रगत रुपमा रहेका शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२, अनौपचारिक शिक्षा नीति, २०६३, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीति, २०६९, उच्च शिक्षा नीति, २०७२ र अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी शिक्षा नीति, २०७३ समेत पाँच ओटा नीतिहरू खारेज गरी सवै पक्षलाई समेटेर राष्ट्रिय शिक्षा नीति, २०७६ नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।७।१८ मा स्वीकृत भई लागू भएको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने दूरदृष्टि लिएको छ भने यस नीतिमा "सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने" लक्ष्य रही १३ ओटा उद्देश्यहरु, ३३ ओटा रणनीति तथा अन्य नीति तथा कार्यनीति रहेका छन्। मूल रुपमा प्रस्तुत नीतिले गुणस्तरीय शिक्षामा सवै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्ने दिशा अवलम्वन गरेको पाइन्छ।

५. शिक्षा सम्वन्धी अधिकारको सम्बन्धमा न्यायिक दृष्टिकोण

कुनै पनि राष्ट्रको विकासलाई त्यस देशको शिक्षाको कसिमा हेरिने भएकोले देश विकासको क्रममा शिक्षालाई प्रमुख पूर्वाधारको रुपमा लिइन्छ। शिक्षा सम्वन्धी अधिकारको सम्वन्धमा नेपालको संविधानले गरेको व्यवस्था तथा प्रचलित कानूनी व्यवस्थाको अतिरिक्त न्यायपालिकाले समेत शिक्षाको अधिकार संरक्षण, सम्वर्धन तथा कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। शिक्षा सम्वन्धी हक प्रचलनको लागि न्यायपालिकाले दिएको केही न्यायिक दृष्टिकोणलाई निम्नानुसार राख्न सकिन्छः

१. **राष्ट्रिय नीजि तथा आवासीय विद्यालय एशोसियसन, नेपाल (नेशनल प्याब्सन) का तर्फवाट ऐ.का संस्थापक अध्यक्ष वसन्तवहादुर श्रेष्ठ विरुद्ध मन्त्रिपरिषद् सचिवालय, सिंहदरवार काठमाडौं समेत**[६९]

- विद्यालयलाई विद्यार्थीले तिर्ने शुल्क विद्यालयवाट प्राप्त गर्ने शिक्षाको गुणस्तर तथा भौतिक सुविधा सापेक्ष हुने भएकाले विद्यालयको भौतिक सुविधाको स्तर र प्रदान गर्ने शैक्षिक गुणस्तरका आधारमा विद्यालयको वर्गीकरण गरी सोही बमोजिम शुल्क लिने व्यवस्थालाई संविधान विपरीत भनी अर्थ गर्न नमिल्ने ।

६९ ने.का.प.२०६२,अङ्क ७, निर्णय नं. ७५५९।

- संस्थागत विद्यालयको सञ्चालन र लेखा परीक्षण सम्बन्धमा शिक्षा ऐनमा भएका प्रावधान नै लागू हुने र नलेखिएका कुरामा अन्य प्रचलित कानूनबमोजिम हुने भएवाट एउटै बिषयमा दुईवटा ऐनको प्रावधान लागू हुने अवस्था नदेखिने ।

२. असहाय नानीहरुको साथी (FNC) संस्थाको सोमप्रसाद पनेरु समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत[७०]

- ऐनहरु बनाएर र ऐनमा व्यवस्था गर्दैमा हाम्रो जस्तो परम्परागत रुढीवादी गरीवी, अशिक्षित, अज्ञानता भएको स्थितिमा पठन पाठनको सुविधा आदि उपलव्ध नहुने यावत कारणहरुले गर्दा ऐन र CRC को व्यवस्थाले मात्र बालश्रम निर्मुल हुन नसक्ने ।
- नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरु खास गरी CRC, ICCPR ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय

  Convention हरु बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुने तर्फ बिपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ।

३. जनहित संरक्षण मञ्च (प्रो.पव्लिक) का तर्फवाट र आफ्नो हकमा समेत अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत[७१]

- आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको सन्दर्भमा अपाङ्गहरुलाई झनै वढी समर्थनको जरुरत पर्दछ। शिक्षा विना रोजगारी हुँदैन र रोजगारी विना आर्थिक स्रोत नजुट्ने हुँदा जीवनलाई गुणात्मक रुपमा उपभोग गर्न नसक्ने हुनाले विकासको समग्र चक्रमा यी तीन वटा तत्वको समिश्रण गरी सघाउन राज्यले सहयोग गर्नुपर्ने ।
- राज्यले गर्नुपर्ने अनिवार्य दायित्वको अंग स्वरुप मानिने शिक्षा जस्तो कुरामा उदासिनता राज्यको लागि सुहाउँदो नभई वहिरोपनवाट प्रभावित वर्ग विशेष रुपले थप वहिस्करणमा पर्ने स्थिति देखिन्छ । संविधानको संरक्षण र कार्यान्वयनको दायित्व वहन गर्नुपर्ने अवस्थामा रहेको न्यायपालिकाको हैसियतले सर्वोच्च अदालत मौन वस्न सक्ने स्थिति नरहने।
- कानूनमा समानताको हकको प्रावधान गरीए पनि त्यो हक अन्तर्गत विभिन्न वर्ग र समुदायको अनुभवहरु समेटिएको छैन भने सवैले समान रुपमा त्यसको लाभ लिन सक्ने अवस्था नरहने ।
- अदालतद्धारा निर्देशित व्यवस्था कार्यान्वयन गर्न राज्यले संविधान जारी गर्दा संविधान प्रति वफादार रहने र उसको अक्षर र भावनाको ईमान्दार कार्यान्वयन गर्ने जुन प्रतिवद्धता देखाएको हुन्छ, त्यसलाई व्यक्तिगत र संस्थागत दुवै स्तरमा जिम्मेवार निकाय एवं पदाधिकारीहरुले निर्वाह गर्नुपर्ने।

७० ने.का.प.२०६३,अङ्क ५, निर्णय नं. ७७०५।
७१ ने.का.प.२०६५, अङ्क २, निर्णय नं. ७९३१।

- अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास कार्ययोजना तर्जुमा गरी अविलम्व लागू गर्नुपर्ने हुनाले सो व्यवस्था गर्न पर्ने कुरामा ध्यानाकर्षण गराउँदै तत्कालै देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्वोधन गर्न चालु शैक्षिक सत्र भित्र सांकेतिक भाषाको माध्यमद्धारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहाँ प्रयोग हुने पाठ्यसामाग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहाँका विद्यार्थीहरुलाई आवश्यक पाठ्यसामाग्री यथाशिघ्र उपलव्ध गराउनु, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्था अविलम्व शुरु गर्न परमादेशको आदेश जारी हुने ।

४. अधिवक्ता मोहन साशंकर विरुद्ध शिक्षा तथा खेलकुद मन्त्रालय समेत[७२]

- कुनै खास वर्गका व्यक्तिलाई मात्र विशेष रुपले उक्त विद्यालयमा भर्ना हुन पाउने र सो वाहेकका अन्य जाति वा वर्गका मानिसले त्यस्तो विद्यालयमा भर्ना हुनबाट बञ्चित (Exclusion) हुनुपर्ने अवस्था र प्रकारान्तरमा त्यस्तो व्यवस्थाले अन्य जातका मानिसहरूलाई कर्मकाण्डसम्बन्धी अध्ययन गर्नबाट नै वन्देज लगाएको मान्नुपर्ने हुन्छ । कुनै पनि प्रकारले छुट्याउने (Distinction) प्रतिवन्ध (Prohibition) लगाउने, वाहेक गर्ने (Exclusion) तथा वन्देज (Restriction) लगाउने जस्ता कार्यहरू जसले व्यक्तिहरूको हक अधिकारको उपभोगलाई नियन्त्रित वा खण्डित वा इन्कार गर्दछ, त्यस्तालाई व्यक्तिहरू बीच गरिएको भेदभाव नै मान्नुपर्ने ।
- खास जात जाति वा वर्गको व्यक्तिलाई सार्वजनिक क्षेत्रबाट खर्च व्यहोरिने संस्थाबाट प्रदान हुने शिक्षा जस्तो सर्वसाधारणलाई विना भेदभाव प्रतिस्पर्धाको आधारमा र खास पिछडिएको वर्गको हकमा अझ विशेष सहुलित दिएर पनि पहुँच दिनुपर्ने सेवालाई इन्कार गर्ने र समाजमा परम्परागत रुपमा नै शिक्षा वा राजकीय सेवामा पहुँचको हिसावले प्रभुत्व वा वाहुल्य राख्ने खास खास वर्गलाई एकाधिकार दिने, ती वर्गको परम्परागत नियन्त्रणलाई निरन्तरता दिने प्रत्यक्ष वा परोक्ष कुनै सोच वा प्रयासलाई प्रष्ट रुपमा भेदभावकारी व्यवस्था वा कार्य भन्नुपर्ने ।
- परम्परागत र भेदभावपूर्ण समाजबाट नयाँ समाजमा रुपान्तरित हुन संस्कृत शिक्षाको विद्यमान अवस्थाको पूर्ण मूल्याङ्कन गर्न र छुट्टै रणनीतिसहित राज्यको रुपान्तरणको दर्शनसँग सम्बन्धित गरी यो शिक्षालाई समाहित गर्न जरुरी देखिन्छ । यसको लागि राज्यले संस्कृत शिक्षाको नीति नै नवीन रुपमा वनाई जारी गरी लागू गर्नुपर्ने ।
- परम्परागत र भेदभावपूर्ण समाजबाट नयाँ समाजमा रुपान्तरित हुन संस्कृत शिक्षाको विद्यमान अवस्थाको पूर्ण मूल्याङ्कन गर्न र छुट्टै रणनीतिसहित राज्यको रुपान्तरणको दर्शनसँग सम्बन्धित

७२ ने.का.प.२०६७, अङ्क ५, निर्णय नं. ८३७९ ।

गरी यो शिक्षालाई समाहित गर्न जरुरी देखिन्छ । यसको लागि राज्यले संस्कृत शिक्षाको नीति नै नवीन रुपमा बनाई जारी गरी लागू गर्नुपर्ने ।

- भाषाभाषी एवं जातिपातिमा विविधता भएको देशमा एकजातिले पढ्ने विद्यालयमा अर्को जातिले पढ्न नपाउने जस्तो भेदभावपूर्ण व्यवहारलाई परापूर्वकालदेखि आएको परम्पराको रुपमा स्वीकार गरी मान्यता दिएमा त्यसले राज्यको संविधानले प्रत्याभूत गरेको समानताको हकको ठाडो उल्लंघन भएको मान्नुपर्ने ।
- राज्यको योगदान रहेको कानूनी वा सार्वजनिक संस्थाले दिने शिक्षा वा अन्य सेवाहरू सर्वसुलभ हुनुपर्नेमा जातअनुसार छुट्टाछुट्टै शिक्षालय वा सेवा केन्द्र खडा गर्नुपर्ने भन्ने सोच स्वयंले सेवामा पहुँचलाई निषेधित गरी भेदभावलाई वढवा दिने र अन्ततः सामाजिक एकीकरणको सट्टा विखण्डीकरणलाई प्रश्रय दिने हुँदा विपक्षी पशुपति क्षेत्र विकास कोषबाट सञ्चालन अभिभारा लिएको विद्याश्रम जस्तो पवित्र शैक्षिक संस्थालाई त्यस्तो गलत र भेदभावपूर्ण कुराको माध्यम वा केन्द्र वनाउन नमिल्ने ।

५. जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) तथा आफ्नो हकमा समेत अधिवक्ता राजुप्रसाद चापागाईं समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत[७३]

- रक्षा शिक्षाको निहुँमा कुटपिट गर्नु यातनाको कुरा हुन्छ, परिणाममा मारिन्छ भने अपराधजन्य कार्य हुने। रक्षा शिक्षा गर्ने काम पुनित भएपनि सोहि सिलसिलामा भएको कसूर भने कसूर नै हुन्छ र त्यसलाई त्यही रुपमा हेर्नुपर्ने ।
- ज्यान सम्बन्धीको ६(३) नं. को व्यवस्थाबाट रक्षा शिक्षाको नाममा कुटपिट गर्न पाउने अधिकारलाई मान्यता दिएको समेत देखिएको र त्यसबाट ज्यान गएको अवस्थामा रु.५०।– मात्र जरिवाना हुने व्यवस्था संविधानको धारा १२(१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १३ द्वारा प्रदत्त समानताको हक र धारा २२ को बालबालिकाको हक अन्तर्गत उपधारा (३) द्वारा प्रदत्त यातना तथा शोषण विरुद्धको हक लगायतका हकहरुको प्रतिकूल रहनुका साथै नेपाल पक्ष रहेको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १९(१), २८(२) र ३७(क) समेतका प्राबधानहरुको प्रतिकूल रहेको पाइएको हुँदा त्यस्ता असमान, अन्यायपूर्ण र यातनालाई प्रोत्साहन गर्ने खालको प्राबधानहरु कायम राख्न मिल्ने नदेखिँदा ज्यान सम्बन्धी महलको ६(३) नं. को उक्त प्राबधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) वमोजिम फैसला भएको मितिदेखि अमान्य र बदर हुने ।

७३ ने.का.प. २०६५,अङ्क १०, निर्णय नं.८०१९।

६. अधिवक्ता रामकुमार दीक्षित विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत[७४]

- वर्षात्को समयमा अविरल वर्षाका कारण राप्ती खोलामा आएको बाढीले गर्दा प्रभावित नदी आसपासका गाउँहरू र ती गाउँहरूमा बसोबास गर्ने आम नागरिकहरू भोक, रोग, अशिक्षा, गरीबी र उचित बासस्थानको सुविधाबाट वञ्चित हुने कुरामा राज्यका जिम्मेवार निकाय बेसरोकार रहने कार्य न्यायपूर्ण हुन सक्दैन । त्यस्ता प्रभावित इलाकाका व्यक्तिहरूको शिक्षा, खाद्यान्न र उचित बासस्थानलाई यथासमयमा व्यवस्थापन गरी मानवोचित जीवन जिउन पाउने कुराको प्रत्याभूति गरीनु पर्ने ।

७. निरजकुमार साहसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत[७५]

- राज्यको हरेक संरचनामा सहभागिताको सुनिश्चितताको निमित्त शिक्षा प्रवेशद्वार हो । सम्वृद्ध नेपालको लागि शिक्षामा विशेष अवसर प्रदान गर्न, सामाजिक र आर्थिक रूपमा पछाडि परेको वर्गलाई विशेष अवसर दिई व्यक्तित्व विकास गराउने दायित्व राज्यको हुने।
- उच्च शिक्षामा सबैको पहुँचको सुनिश्चितताको निमित्त आर्थिक सहयोग (Financial support) मा मात्र समावेशीताको सुनिश्चितता नभई भर्ना नीतिमा नै समावेशीताको सुनिश्चितता गर्न आवश्यक छ । अन्यथा शिक्षा वा उच्च शिक्षा, प्राविधिक शिक्षा आर्थिक र सामाजिकरूपले सम्पन्न व्यक्ति वा वर्गमा मात्र सीमित हुनसक्ने।
- भर्नामा विविधता (Diversity) को सम्बोधन हाम्रो जस्तो वहुपहिचान भएको समाजमा (plural society) अपरिहार्य देखिन्छ । विशेष गरी जहाँ सामाजिक, आर्थिक र भौगोलिक कारणले केही वर्गहरू पछाडि रहेका छन् त्यसमा त यो अति जरूरी हुन्छ । तर विविधताको सुनिश्चितताको अर्थ योग्यता (merit) सँग सम्झौता गर्ने नभई केही विशेष उपाय अवलम्बन गर्दै फरक समूहहरूबीच प्रतिस्पर्धा गराउँदै उनीहरूको क्षमता विकास गराउने हो । समानसँग असमानको प्रतिस्पर्धाभन्दा पनि असमानबीच असमानको प्रतिस्पर्धाको साथ विविधतासहितको समावेशीताको सुनिश्चितता आजको आवश्यकता हुने ।हिजोदेखि राज्यको मूल प्रवाहमा नसमेटिएको वर्ग वा समुदायको पहुँचको, सुनिश्चितताको लागि भर्नामा विविधता (Diversity) तत्काल गरीने आवश्यक उपाय हो । यो अनन्तकालसम्म स्थायी रूपले रहने व्यवस्था नहुने ।

८. ओमप्रकाश साह विरूद्ध गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत[७६]

- विद्यार्थीलाई नेपाली नागरिकता नै नबनेको कारणबाट शिक्षा जस्तो नैसर्गिक हकबाट वञ्चित गर्नु संविधानतः मिल्ने नदेखिने ।

---

७४ ने.का.प.२०७५, अंकः ११,निर्णय नं. १०१३०।

७५ ने.का.प. २०७५, अंकः १,निर्णय नं. ९९४२।

७६ ने.का.प. २०७६,अंकः २, निर्णय नं.१०१९५।

९. सुनिल साह विरूद्ध ईन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत[७७]

- एउटा सन्तानले समान हैसियत र अवस्थामा नागरिकता प्राप्त गर्ने र अर्को सन्तानले नागरिकता विहीनताको असहज परिस्थितिको सामना गर्नुपर्दा समानता र समन्याय पराजित हुन पुग्दछ । यस्तो अवस्था स्वीकार्य हुन नसक्ने । नागरिकता प्राप्त गर्न सक्ने संविधान प्रदत्त हक भएको निवेदकले नागरिकता प्राप्त गर्न नसकेको कारण अध्ययन गर्न नपाउने परिस्थिति उत्पन्न हुन पुग्यो र निवेदकले शिक्षासम्बन्धी हकबाट वञ्चित हुने अवस्था पन्यो भने निवेदकलाई वास्तवमा नै अन्याय हुन पुग्ने ।

६. नेपालमा शिक्षा सम्वन्धी अधिकार: वर्तमान अवस्था

नेपालले शिक्षा सम्वन्धी अधिकारलाई सुनिश्चित गर्दै सवैको पहुँचयोग्य बनाउन अन्तराष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको छ। नेपालको संविधानले शिक्षा सम्वन्धी हकलाई मौलिक हकको रुपमा राखेको छ। मौलिक हक कार्यान्वयन गर्ने नेपाल सरकारबाट निर्माण भएका कानूनहरुबाट पनि शिक्षाको अधिकारलाई उल्लेख्य रुपमा समेटिएको छ। शिक्षामा सवैको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय तहहरुबाट पनि कानून निर्माण भई कार्यान्वयन भएको छ। नेपाल सरकारले शिक्षाको अधिकारलाई प्राथमिकतामा राखी राष्ट्रिय शिक्षा नीति पनि लागू गरेको अवस्था छ। शिक्षाको अधिकारलाई न्यायपालिकाले गम्भिरतापूर्वक लिदै न्यायिक दृष्टिकोण दिएको छ। संयुक्त राष्ट्रसंघले सन २०३० सम्ममा हसिल गर्ने गरी निर्धारण गरेको दिगो विकासको लक्ष्यमा नेपालले सहमती जनाईसकेको र उक्त दिगो विकासका लक्ष्य मध्ये चौथो लक्ष्यमा "समावेशी तथा न्ययोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सवैको लागि जिवन पर्यन्त सिकाइका अवसरहरु प्रबर्द्धन गर्ने[७८]," उद्देश्य रहेको र सो उद्देश्य पूरा गर्न सातवटा Targets निर्धारण भएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट "शिक्षा क्षेत्रको योजना २०२१- २०३०" कार्यान्वयनमा ल्याएको छ। संवैधानिक तथा कानूनी रुपमा प्रयाप्त व्यवस्था भएको, शिक्षा नै विकासको प्रमुख पूर्वाधार भएको कुरा सवै पक्षबाट स्वीकार गरेको अवस्थामा शिक्षामा सवैको पहुँच तथा गुणस्तरीय शिक्षाको वर्तमान अवस्थाको वारे चर्चा गर्नु सान्दर्भिक देखिन्छ।

"समृद्ध नेपाल, सुखी नेपाली" समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ्य, शिक्षित, मर्यादित र उच्च जिवनस्तर भएका सुखी नागरिक बसोवास गर्ने मुलुक[७९] भन्ने दीर्घकालिन सोच राखेको पन्ध्रौ योजनाले परिमाणात्मक लक्ष्यहरु निम्नानुसार राखेको छः

---

७७ ने.का.प. २०७६, अंकः ८, निर्णय नं.१०३४१

७८ दिगो बिकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, राष्ट्रिय योजना आयोग, पृष्ट ४१।

७९ पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोग, काठमाण्डौं, पृष्ठ- १९।

क्र.स.	राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक	एकाई	आ.व. २०७५।७६ को स्थिति	आ.व. २०८०।८१ को लक्ष्य
२.२	गुणस्तरीय, रोजगारमूलक तथा जिवनोपयोगी शिक्षा प्राप्त नागरिक			
२.२.१.	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८	९५
२.२.२.	युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९२	९९
२.२.३.	आधारभूत तह (१-८) मा खुद भर्नादर	प्रतिशत	९३	९९
२.२.४	माध्यामिक तह (९-१२) मा खुद भर्नादर	प्रतिशत	४६	६५
२.२.५	उच्च शिक्षामा कूल भर्नादर	प्रतिशत	१२	२२
२.२.६	काम गर्ने उमेर समूहका प्राविधिक तथा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या	प्रतिशत	३१	५०
६.२.१	मातृ भाषामा पठन पाठन हुने विद्यालय	संख्या	२७०	३२४

(**श्रोतः** पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोग, पृष्ट ३८।४० प्रस्तुत विषयवस्तुसँग मात्र सीमित रही तथ्याङ्क साभार गरिएको)

पन्ध्रौ योजनाले आ.व. २०७५।७६ लाई आधार मानी तयार गरेको उपरोक्त तालिकाबाट वि.सं. २०६८ को जनगणनामा १५ बर्ष माथिको जनसंख्याको साक्षरता ५८ प्रतिशत रहेकोमा **युवा साक्षरता दर ९३ प्रतिशत पुग्नु र आधारभूत तहको भर्नादर ९३ प्रतिशत देखिनु सन्तोषजनक मान्नु पर्ने हुन्छ ।** साक्षरता क्षेत्रमा अलौकिक उपलब्धि हासिल गर्दागर्दै पनि नेपालमा तथ्याङ्कको गहन एवम् जावाफदेहितापूर्ण अध्ययन र रिपोर्टिङ क्षमताका अभावका कारण आम जनतामा निरक्षरताको कृतिम कलंक लादिएको छ[८०] ।

आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरीरहेका छन्।प्रारम्भिक बाल विकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन्।लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको छ[८१]।मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५,०५५ वटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन्।शिक्षामा पहूँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन्।अभिभावकको

८० शिवकुमार सापकोटा, नेपालले साक्षरता क्षेत्रमा हासिल गरेको अलौकिक सफलता, Edu खवर, प्रकाशन मिति २०७५।५।१० Avialable At https://www.edukhabar.com/news/12324 (मिति २०७८।२।१० मा हेरिएको)

८१ शिक्षा नीति,२०७६, पृष्ट-३।

लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरीरहेको स्थिति छ[८२]। हालसम्म ५१ जिल्लाहरू साक्षर जिल्ला घोषणा भैसकेका छन्[८३]।

नेपालमा शिक्षाको अधिकारमा पहुँच क्रमशः बृद्धि हुदै गैरहेको तथ्य देखिन्छ। तथापी, उत्साहजनक भने देखिएको छैन। नेपालको संविधान जारी भए पश्चात शिक्षा ऐन, २०२८ प्रतिस्थापनको पर्खाइमा रहेको छ। संघीय शिक्षा ऐन नवनेको अवस्थामा पानि स्थानीय तहले शिक्षा सम्वन्धी कानून निर्माण गरी लागू गरेका छन्। शैक्षिक क्षेत्र सुधार उन्मुख रहेको र नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको अधिकारलाई पूर्ण रुपमा सुनिश्चित बनाउन संघ, प्रदेश र स्थानीय तह समेतले "Together For Education" का साथ समन्वय, सहजिकरण र सहयोग हुन जरुरी देखिन्छ।

७. शिक्षाको अधिकारसँग सम्वन्धित समस्याः

शिक्षा सम्वन्धी अधिकारको सम्बर्द्धन, विकास, संरक्षण गर्ने अन्तरर्ष्ट्रिय महासन्धिहरुको नेपाल पक्षराष्ट्र बनेको छ। शिक्षा सम्वन्धी अधिकारलाई व्यापक र विस्तृत रुपमा संविधानमा मौलिक हकको रुपमा राखीएको छ। मौलिक हक कार्यान्वयन गर्ने ऐनहरुले शिक्षाको हक प्रचलनको लागि व्यवस्था गरेका छन्। अन्य आवश्यक कानूनी व्यवस्था र संरचनागत व्यवस्थाहरु भएका छन्। कानूनी, संरचनागत व्यवस्थाको वावजुत शिक्षा सम्वन्धी हकको कार्यान्वयनमा निम्न समस्या देखिन्छन्:

१. नीतिगत समस्याः

नेपालमा प्रत्येक वर्ष उत्पादन हुने शैक्षिक जनशक्तिलाई उचित रोजगार दिन सकिरहेको छैन। यसको पछाडि मूलतः रोजगारमूलक शिक्षा पद्दतिको अभाव रहेको देखिन्छ। अवको ५, १० वा १५ वर्ष भित्र कस्तो जनशक्ति चाहिन्छ भन्ने पूर्वानुमान गरेर सोही बमोजिमको जनशक्ति उत्पादन गर्न जनशक्ति व्यवस्थापनलाई नीतिगत व्यवस्था हुन सकिरहेको छैन। शिक्षाको अधिकार केवल साक्षरता वा आधारभूत शिक्षासँग मात्र संभव छ, शिक्षित वेरोजगारको कारण पढाई प्रति वितृष्णा उत्पन्न भएका कारण शिक्षा सम्वन्धी अधिकारको कार्यान्वयनमा चुनौती थपिएको छ।

कानून निर्माण- नेपालको संवीधान कार्यान्वयनमा आए पश्चात संघीय शिक्षा ऐन नयाँ वनी लागू हुनु पर्नेमा हालसम्म पनि शिक्षा ऐन, २०२८ प्रतिस्थापनको प्रतिक्षामा नै रहेको छ। नयाँ शिक्षा ऐनसँग नवाझिने गरी स्थानीय तहले शिक्षा ऐन बनाई लागू गर्नु पर्नेमा संघीय शिक्षा ऐन लामो समयसम्म पनि नबनेका कारण कतिपय स्थानीय तहले शिक्षा ऐन बनाई लागू गरेको अवस्था छ। समयमै संघीय शिक्षा ऐन नबनेको कारण पनि शिक्षा सम्वन्धी अधिकार कार्यान्वयनमा समस्या देखिएको छ।

नीतिगत रुपमा शिक्षा सम्वन्धी प्रचलित कानूनले सामुदायिक र संस्थागत विद्यालयको अस्थित्व स्वीकार गरेका छन्। नेपालमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको स्थान नागरिकको

---

८२ पूर्वपाद, पृष्ठ ३
८३ पूर्वपाद, पृष्ठ ३

नजरमा उच्च रहेको छ जसको कारण संस्थागत विद्यालयमा निःशुल्क हुदैन तरपनि विद्यार्थीको चाप बढी छ सामुदायिक विद्यालयमा निःशुल्क छ तर विद्यार्थी संख्या दिन प्रतिदिन घट्दै गएको अवस्था छ। यसले निःशुल्क माध्यामिक शिक्षा प्राप्त हुने अधिकारमा समस्या देखिएको छ।

२. शिक्षाको अधिकार कार्यान्वयन चरणमा समस्याः

शिक्षा सम्वन्धी अधिकार कार्यान्वयनको लागि प्रयाप्त बजेट बिनियोजन हुन सकेको पाइदैन।स्रोत साधनको अभाव देखिन्छ। स्रोत व्यवस्थापन राज्यको आर्थिक अवस्थासँग सम्वन्धित भएकोले राज्यबाट जे जति व्यवस्थापन भएको छ, त्यसको पनि अधिकतम उपयोग भएको छैन ।महालेखा परिक्षकको सन्ताउन्नौ वार्षिक प्रतिवेदन, २०७७ अनुसार सवैको लागि शिक्षा, शिसु विकास कार्यक्रममा ६३ प्रतिशत, विद्यालय क्षेत्र विकास कार्यक्रममा ७२ प्रतिशत, शैक्षिक गुणस्तर परिक्षण केन्द्रका कार्यक्रममा ६४ प्रतिशत, पढाई सीप प्रबर्द्धन कार्यक्रममा ४७ प्रतिशत, पाठ्यक्रम विकास केन्द्रका कार्यक्रममा ४४ प्रतिशत र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका कार्यक्रममा ५३ प्रतिशत मात्र प्रगति भएको[८४] देखिदा पूर्ण रुपमा कार्यक्रम संचालन भएको छैन। यस्तो अवस्थामा शिक्षा सम्वन्धी अधिकार कार्यान्वयनमा समस्या देखिएको छ।

दूर दराजमा बस्ने नागरिकहरु, गरीव, जाती, जनजाती जस्ता लक्षित वर्गले शिक्षा सम्वन्धी संवैधानिक एवं कानूनी अधिकारको जानकारी नै छैन । दूरदराजमा वस्ने नागरिकले अनिवार्य मानिएको आधारभूत शिक्षा प्राप्त गर्ने उमेरका बालबालिकालाई कुनै काममा लगाई राखेका हुन्छन । उदाहरणको लागिः यार्सा संकलन गर्न जाँदा विद्यालय बन्द गर्नुपर्ने बाध्यता रहेको[८५] भएबाट शिक्षालाई गरीवीले जितेको छ।

भौगोलिक विकटता- पहुँच, उपलव्धता, अनूकूलतामा नेपालको भौगोलिक बिकटताले गर्दा पनि समस्या सिर्जना गरेको छ।

नेपालको शिक्षित जनशक्ति राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा प्रतिश्पर्धी, क्षमतावान, नैतिक तथा उत्तरदायी हुन नसकिरहेको अवस्थामा शिक्षामा गुणस्तरीयता नभएको देखिन्छ।निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयले गुणस्तर कायम गर्न नसक्दा हरेक वर्ष विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्[८६] ।सामुदायिक विद्यालयमा विद्यार्थी दर घटेको र संस्थागत विद्यालयमा वढेको कारण सवैलाई निःशुल्क शिक्षा कार्यक्रममा लक्ष्य अनुरुप प्रगती नदेखिएको, नीजिको तुलनामा सरकारी विद्यालयको परीक्षाको नतिजा कमजोर रहेको[८७] पाँइदा गुणस्तरीय शिक्षा पाऊँने अधिकार कार्यान्वयनमा समस्या देखिएको छ।

---

८४ महालेखा परिक्षकको सन्ताउन्नौ वार्षिक प्रतिवेदन, २०७७, पृष्ट- ३३८

८५ https://www.nepalsamaya.com/index.php/detail/103 (मिति २०७८।२।५ मा हेरिएको)

८६ गोपाल संग्रौला, सामुदायिक विद्यालयमा घटे विद्यार्थी, कारोवार दैनिक, Available at Https://www.karobardaily.com/news/863 (मिति २०७८।२।५ मा हेरिएको)

८७ महालेखा परिक्षकको सन्ताउन्नौ वार्षिक प्रतिवेदन, २०७७, पृष्ट- ३३९

३. राजनीतिक समस्याः

सामुदायिक विद्यालयको मुख्य समस्या भनेकै विद्यालयलाई राजनीतिको थलो र शिक्षकहरूलाई कार्यकर्ता बनाइरहने प्रवृत्ति हो। दलका ससाना कार्यक्रममा पनि विद्यालय बन्द गर्ने, शिक्षकहरू कार्यक्रममा सहभागी हुने, विद्यार्थीलाई दलका झण्डा बोक्न लगाउने र अतिथि सत्कारमा सहभागी गराउने प्रचलन अझै हट्न सकेको छैन[८८] शिक्षा क्षेत्रमा राजनीतिले अनावश्यक जरा गाडेर बसेको हुँदा शिक्षाको अधिकार कार्यान्वयनमा समस्या देखिएको छ।

४. अनुगमन मुल्याङ्कनमा समस्याः

शिक्षाको अधिकार कार्यान्वयनमा शिक्षण संस्थाको जिम्मेवारी महत्त्वपूर्ण हुन्छ। शिक्षण संस्थाहरुको अवस्था, जिम्मेवारी, जवाफदेहिता, गुणस्तरको नियमित अनुगमन मुल्याङ्कन गरी पृष्टपोषण लिने, कारवाही गर्ने विषय अत्यन्त कमजोर रहेको छ। केही वर्ष पहिला विद्यालय नै झोलामा सीमित रहेको अख्तियार दुरुपयोग अनुसान्धान आयोगबाट मुद्दा दर्ता गरेकोबाट देखिन्छ।

८. समस्या समाधानका उपायहरुः

१. नेपालको आगामी ५, १०, १५ वा सो भन्दा पछाडी स्वदेश वा अन्तराष्ट्रिय जगतमा कस्तो प्रकृतिको जनशक्तिको आवश्यकता पर्छ भन्ने विषयमा विज्ञ सहितको टोलीबाट अध्ययन गराई सोही बमोजिमको जनशक्ति उत्पादन गर्न जनशक्ति व्यवस्थापन नीति बनाई कार्यान्वयन गर्ने,

२. आवश्यक पर्ने कानूनको निर्माण समयमै वनाउने,

३. सामुदायिक विद्यालयलाई नीजि विद्यालयको प्रतिश्पर्धी वनाउने जसको लागि निम्नानुसारको नीतिगत व्यवस्था गर्नेः

क) शिक्षक, निजामती कर्मचारी, प्रहरी, नेपाली सेना र राजनीतिकर्मीको छोराछोरी अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने । यसो भएमा सामुदायिक विद्यालयमा विद्यार्थी संख्यामा कमी हुदैन र राज्यका सवै निकायका छोराछोरी पढ्ने भएपछि गुणस्तरमा ध्यान पुग्छ।

ख) सामुदायिक विद्यालयका शिक्षक निजी विद्यालयका शिक्षक भन्दा कुनै पनि आधारमा कमजोर हुदैनन् अर्थात क्षमताबान हुन्छन्। गुणस्तरमा कमीकमजोरी देखिए विषय शिक्षकलाई जिम्मेवार बनाउने,

ग) सामुदायिक विद्यालयको सुदृढीककरण गर्दै प्रतिस्पर्धी बनाउने ।

४. राज्यले शिक्षाको अधिकार कार्यान्वयनमा प्रयाप्त स्रोत साधनको सुनिश्चित गर्ने। स्रोतको सुनिश्चितता भई बनेको कार्यक्रम पूरा नगर्ने वा उचित कारण विना प्रगति नगर्नेलाई कारवाहीको दायरमा ल्याउने।

---

८८ सम्पादकिय, अन्नपूर्ण पोष्ट, प्रकाशित मिति २०७६।३।१५, Available at http://annapurnapost.com/news/१३०९४६ (मिति २०७८।२।५ मा हेरिएको)

५. शिक्षाको अधिकारको वारेमा संविधान तथा अन्य कानूले गरेको व्यवस्थाको जानकारी दूर दराज सम्म पुऱ्याउन Awareness कार्यक्रम संचालन गर्ने ।
६. राज्यको आर्थिक क्षमता बृद्धि गर्दै गरीवी निवारण गर्ने।
७. सामुदायिक विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, शिक्षकले राजनीति गरे प्रभावकारी कारवाही गर्ने ।
८. अनुगमन, मुल्याङ्कनलाई प्रभावकारी बनाउने, अनुगमन, मुल्याङ्कनबाट प्राप्त पृष्टपोषणको आधारमा दण्ड सजायको व्यवस्था गर्ने।
९. अभिभावक तथा विद्यार्थी सन्तुष्टी परिक्षण गर्ने, गुणस्तर, सिकाईमा कुनै कमजोरी देखिए सम्वन्धित शिक्षकलाई जिम्मेवार बनाउने।
१०. उपरोक्त सुझाव कार्यान्वयनको लागि कार्ययोजना बनाई लागू गर्ने ।

९. उपसंहार

शिक्षा मानवीय विकासको आधार हो। शिक्षाले व्यक्तिको व्यक्तित्वमा निखार ल्याई जीवन रुपान्तरण गरी परिवार, समाज, राष्ट्र र विश्वलाई नै प्रज्वलित गर्ने माध्ययम हो। अहिलेको युग प्रतिष्पर्धाको युग भएकोले शिक्षा नै प्रतिष्पर्धामा सामर्थ्य वढाउने साधन पनि हो। शिक्षाको अधिकारलाई मानव अधिकार र मौलिक हकको रुपमा स्वीकार गर्दै विश्वका धेरै देशहरुमा अनिवार्य र निःशुल्क शिक्षाको आवाज वुलन्द हुदै आएको छ। शिक्षामा सवैको पहुँच सुनिश्चित गर्न अन्तार्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा ध्यान केन्द्रित भएको छ।

अन्तराष्ट्रिय स्तरमा शिक्षामा सबैको पहुँच सुनिश्चित भनी सर्वप्रथम सन् १९४८ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकारको विश्वव्यापी घोषणापत्रले जोड दिएको पाइन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धि, आदिबासी जनजाति सम्वन्धी महासन्धि, शिक्षामा विभेद विरुद्धको युनेस्को महासन्धि, सबैको लागि शिक्षा विषयक विश्व घोषणापत्र १९९०, अपाङ्गगता भएका व्यक्तिहरुका अधिकार सम्वन्धी महासन्धि, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९, बाल अधिकार सम्वन्धी महासन्धि, १९८९ जस्ता महासन्धिहरुले शिक्षाको महत्व र आवश्यकतालाई आत्मसात गर्दै शिक्षालाई मानव अधिकारको रुपमा स्थापित गरी शिक्षामा सवैको पहुँच सुनिश्चित हुनु पर्ने वारेमा जोड दिदै खास खास समूहको शिक्षाको अधिकार समेत स्थापित गरेका छन्। मूलतः अन्तराष्ट्रिय दस्तावेजहरुले कम्तीमा पनि आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनु पर्ने उल्लेख गरेको पाइन्छ ।

विश्वका सवैजसो राष्ट्रहरुको संविधानमा शिक्षाको पहुँच, विस्तार र विकासको सन्दर्भमा कुनै न कुनै रुपमा उल्लेख गरिएको पाइन्छ। पछिल्लो कालखण्डमा संविधान निर्माण भएका राष्ट्रहरु दक्षिण अफ्रिका, स्विटजरल्याल्याड, गणतन्त्र माल्दिप्स, ईस्लामीक गणतन्त्र अफगानिस्तान जस्ता देशहरुको संवीधानले शिक्षाको हकलाई मौलिक हकको रुपमा प्रत्यभूत गरेको पाइन्छ भने पहिले नै संविधान निर्माण भएका राष्ट्रहरुमा पनि संशोधनको माध्ययमबाट शिक्षाको हकलाई मौलिक हकको रुपमा स्थापित क्रम जारी रहेको पाइन्छ। जस्तोः भारतको संविधानको छयासीयौ संशोधनबाट, पाकिस्तानको

संविधानमा भएको अठारौं संशोधनबाट शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा प्रत्यभूत गरिएको पाइन्छ ।

नेपालको सन्दर्भमा, अनौपचारिक तवरबाट शिक्षाले बामे सर्दै आएरहेको अवस्थामा बि.स. २००७ सालमा प्रजातन्त्रको स्थापना पछि मात्र जनताको पहुँचमा शिक्षा पुगेको थियो। शिक्षाको अधिकारलाई मौलिक हकको रुपमा नेपाल सरकार वैधानिक कानून, २००४ व्यवस्था गरेको थियो।२०२८ सालमा नयाँ शिक्षा ऐन लागू भएपछि नेपालमा शिक्षाको क्षेत्रमा पहुँच, विस्तार र विकासले गतिलिन थालेको थियो।

बर्तमान नेपालको संविधान कार्यान्वयनमा आएपछि शिक्षाको हक, पहुँच, विस्तार र विकासमा नयाँ युगको प्रारम्भ भयो भन्दा अनुपयुक्त हुदैन।नेपालको संविधानले शिक्षाको हकलाई विस्तृत र व्यापक रुपमा मौलिक हक अन्तरगत व्यवस्था गरेको छ।मौलिक हक कार्यन्वयन गर्ने कानूनहरु अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५, बालबालिका सम्वन्धी ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ जस्ता कानूनी व्यवस्थाबाट शिक्षामा सवैको समतामूलक समान पहुँच स्थापित गरी आधारभूत शिक्षालाई अनिवार्य गरीएका छन्।कतिसम्म निःशुल्क शिक्षा गर्ने भन्ने विषय राज्यको आर्थिक क्षमतामा भर पर्ने हुन्छ। नेपालको संविधान तथा हाल प्रचलित कानूनले राज्यको माध्यामिक शिक्षा निःशुल्क गर्नु पर्ने दायित्व छ भने नागरिकको कम्तिमा पनि आधारभूत शिक्षा लिनु पर्ने जिम्मेवारी रहेको छ।मौलिक हक कार्यान्वयनको सन्दर्भमा होस् वा शिक्षा अधिकार सुनिश्चित गर्न नेपालको न्यायपालिकाबाट महत्त्वपूर्ण योगदान हुदै आएको छ।

वि.स. २००७ को शैक्षिक अवस्थालाई आधार मानेर हेर्दा हालको युवा साक्षरता दर ९३ प्रतिशत पुग्नु र आधारभूत तहको भर्नादर ९३ प्रतिशत पुग्नु भनेको शैक्षिक क्षेत्रमा ठूलो फड्को मारेको मान्नु पर्ने हुन्छ।अहिलेको प्रश्न भनेको गुणस्तरीय शिक्षाको माध्ययमबाट प्रतिष्पर्धी, नैतिक र सक्षम जनशक्ति उत्पादन गर्नु हो। मानव विकास सूचकाङ्कका महत्त्वपूर्ण शर्त र देश विकासको मेरुदण्डको रुपमा रहेको शिक्षाको सहज तथा समतामूलक पहुँचको सुनिश्चितता कायम गरी नागरिकको चाहना एंव आवश्यकता अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न संघ, प्रदेश र स्थानीय तह बिच आपसी समन्वय, सहकारीता र सहभागीतामा कार्य गर्नु पर्ने हुन्छ।नेपालको संविधानले प्रत्यभूत गरेको शिक्षा सम्वन्धी हक तथा बर्तमान कानूनले गरेको व्यवस्था अनुसार शिक्षाको हक कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरी त्यसको उच्चतम प्रयोग गर्दै कार्ययोजना बनाएर कार्यप्रकृया अगाडी वढाउनु पर्ने र अनुगमन मूल्याङ्कनलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याई पृष्टपोषण लिने पद्धतिको विकास भएमा शिक्षा सम्वन्धी हकको वास्तविक कार्यान्वयन हुने विश्वास गर्न सकिन्छ। यसका साथै सामुदायिक बिद्यालयको संस्थागत सुधार गरी निजी बिद्यालय र सामुदायिक विद्यालयको शैक्षिक क्रियाकलापमा एकरुपता ल्याउन जरुरी रहेको छ।

सन्दर्भ सामग्री

- प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम, एकिकृत बार्षिक प्रतिवेदन, २०७६, नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय।

- दिगो बिकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, राष्ट्रिय योजना आयोग।
- पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोग, काठमाण्डौं।
- शिक्षा नीति,२०७६।
- महालेखा परिक्षकको सन्ताउन्नौ बार्षिक प्रतिवेदन, २०७७।
- नेपाल कानून पत्रिकाका विभिन्न अंकहरु
- International Covenant on Economic, Social and Cultural Rights
- ILO Convention No 169.
- UNESCO Convention against Discrimination in Education 1960, Entry into force: 22 May 1962.
- United Nations Convention on the Rights of Personswith Disabilities, 6 December 2006.
- Universal Declaration of Human Rights
- UN Committee on Economic, Social and Cultural Rights (CESCR), General Comment No. 13: The Right to Education (Art. 13 of the Covenant), 8 December 1999, E/C.12/1999/10, Para 6.
- UN Committee on Economic, Social and Cultural Rights (CESCR), General Comment No. 11: Plans of Action for Primary Education (Art. 14 of the Covenant),
- World Declaration on Education for All (1990) (Adopted by the World Conference on Education for All, Jomtien, Thailand, 5- 9 March 1990).
- World Declaration on Education for All (1990) (Adopted by the World Conference on Education for All, Jomtien, Thailand, 5- 9 March 1990)
- Vienna Declaration and Programme of Action, Adopted by the World Conference on Human Rights in Vienna on 25 June 1993.
- विभिन्न वेभसाइटहरु

खाद्य तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार: कानून र व्यवहार[१]

१. पृष्ठभूमि

पर्याप्त र गुणस्तरीय खाद्यबिना जीवन असम्भव छ। यसर्थ खाद्य बाँच्न पाउने अधिकारको अपरिहार्य आधार हो । विश्वमा विभिन्न समयमा देखिने महामारी, वातावरणीय क्षयीकरण, जनसङ्ख्या वृद्धि र बढ्दो शहरीकरणजस्ता अनेक कारण खाद्य अभावको समस्या सिर्जना हुन थालेको छ। आर्थिक रूपमा सम्पन्नता र औद्योगिक उत्पादनमा बढोत्तरी भए तापनि कृषि उत्पादकत्व भने अपेक्षाकृत रुपमा वृद्धि हुन सकेको देखिदैन। यहीकारण खाद्य उपलब्धता सबै ठाउँमा समान र पर्याप्त रुपमा हुन सकेको देखिदैन। यस्तो असमानतापूर्ण अवस्था समेतको विद्यमानतासँगै खाद्य सम्बन्धी अधिकार ज्वलन्त रूपमा स्थापित भएको छ ।

खाद्यलाई मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजले व्यक्तिको 'मौलिक मानव अधिकारको रुपमा स्वीकार गरेको छ । नेपालको संविधानले' खाद्यसम्बन्धी हक[२] अन्तर्गत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई नागरिकको मौलिक हकको रुपमा सुनिश्चित गरेको पाइन्छ। खाद्य सम्बन्धी हकलाई कार्यान्वयन गर्न बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५[३]" ले संविधानमा उल्लिखित तीन वटै विषयलाई समेटेको पाइन्छ । ऐनले प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने[४] र प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने[५] व्यवस्था गरेको छ । यी अधिकारको कार्यान्वयनको लागि स्थानीय, प्रादेशिक र संघीय तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति[६] गर्नुपर्ने दायित्वहरुसमेत यसले सिर्जना गरेको छ ।

२. खाद्य सम्बन्धी अधिकारको अवधारणा

पर्याप्त खाद्य माथिको पहुँच मानवीय मर्यादासँग प्रत्यक्ष जोडिएको विषय मानिन्छ[७] । खाद्य वा यसको स्रोतमाथि व्यक्तिको पहुँच नभएमा वा यसमा बन्देज लगाइएमा 'मानवीय मर्यादाको उल्लंघन हुन जाने हुन्छ । त्यसैले खाद्य अधिकार मानव अधिकारको विषय हो । मानव चेतनाको प्रादुर्भाव भएदेखि नै खाद्यसम्बन्धी विभिन्न भनाइहरु रहे तापनि आधुनिक विश्वमा खाद्य अधिकारको शब्दावलीको उत्पत्ति मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ बाट भएको मानिन्छ । सो घोषणापत्रले 'स्तरीय

---

१ कार्यपत्र लेखन सहकार्य: ठाकुरप्रसाद बस्ताकोटी शाखा अधिकृ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।

२ नेपालको संविधान, धारा ३६

३ नेपालको संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका लागि यस संविधान प्रारम्भ भएको ३ वर्षभित्र ऐन जारी गर्नुपर्ने भन्ने व्यवस्था उल्लेख भएसँगै यस ऐन संघीय संसद्ले निर्माण गरी राष्ट्रपतिबाट मिति २०७५।६।२ मा प्रमाणीकरण भएको हो ।

४ खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन,२०७५, दफा ३(१)

५ ऐ दफा १२,

६ ऐ दफा ३,

७ खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी जानकारी विवरण, संयुक्त राष्ट्र संघ,२०२० (Trans.)।

जीवनको अधिकार भित्र खाद्य अधिकार[८]लाई समावेश गरी खाद्य अधिकारलाई औपचारिक रुपमै मानव अधिकारको रुपमा मान्यता प्रदान गऱ्यो । हरेक व्यक्तिलाई पर्याप्त खाद्य प्राप्त गर्ने स्रोतमाथिको पहुँच सुनिश्चितताको लागि यस अवधारणाले 'कानूनी आधार सृर्जना गरेको छ[९] । राज्यबाट हुनुपर्ने सम्मान, संरक्षण तथा परिपूर्तिका बाध्यात्मक दायित्वहरुसमेत यसले नि:सृत गर्दछ भने यससम्बन्धी अधिकार उल्लंघन भएको खण्डमा कानूनी उपचार प्राप्त गर्ने संयन्त्रको पनि व्यवस्था गर्दछ ।

परिवारले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमता प्रयोग गर्ने र आवश्यक खाद्यान्न व्यवस्थापन गर्न नसक्ने वा काबुबाहिरको अवस्था (जस्तै: सशस्त्र द्वन्द्व, विपद् आदि) का कारण खाद्यान्नको पहुँचबाट बञ्चित हुन सक्ने अवस्था आइपर्न सक्छ । त्यस्ता व्यक्ति वा परिवार आफै खाद्य उत्पादन वा व्यवस्थापन गर्न सक्षम नहुन्जेलसम्म राज्यले सिधै खाद्यान्न उपलब्ध गराई निजहरुको खाद्य अधिकार सुनिश्चित गर्नुपर्ने दायित्व रहन्छ ।राज्यलाई आफ्नो सीमाबाहिर अन्य देशमा बसोबास गर्ने व्यक्ति तथा समूहको खाद्य अधिकारको सम्बन्धमा सम्मान, संरक्षण तथा परिपूर्तिको लागि अन्तरदेशीय दायित्वसमेत सिर्जना गर्दछ भन्ने मान्यतालाई यस अवधारणाले शिरोधार्य गर्दछ।

२.१ परिभाषा

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अनुसार खाद्य अधिकार राज्यद्वारा व्यक्ति वा समूहले आफूलाई चाहिने आवश्यक खाद्य मर्यादित रुपमा आफैंले उत्पादन वा खरिद गरी व्यवस्थापन गर्न सक्षम हुने कुराको सुनिश्चितता हो । अर्को भाषामा 'खाद्य अधिकार÷ भन्नाले 'प्रत्येक व्यक्तिले सम्मानपूर्वक स्वस्थ तथा सक्रिय जीवन जिउनको लागि दिगो रुपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृतिजन्य खाना खान पाउने अधिकार÷ भन्ने विद्वान्हरुको भनाइ रहेको पाइन्छ । यही पृष्ठभूमिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ ले खाद्य अधिकारलाई कानूनी मान्यता[१०]प्रदान गरी यस्ता परिभाषालाई थप औपचारिकता दिएको देखिन्छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९ ले पनि खाद्य अधिकार सम्बन्धमा राज्यको दायित्वलाई समेत व्याख्या गरी स्पष्ट[११] बनाएको छ । राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा खाद्य अधिकारको प्राप्ति वा उपभोगको लागि व्यावहारिक मार्गदर्शन मिलोस् भन्ने उद्देश्यले सन् २००४ मा संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको पहलमा खाद्य अधिकार सम्बन्धी स्वेच्छिक मार्ग निर्देशिकासमेत जारी भई यसलाई विशद् बनाएको पाइन्छ । खाद्य[१२] अधिकार सम्बन्धी अन्य केही परिभाषाहरुलाई देहायबमोजिम उल्लेख गरी यसका बहुआयामिकतालाई ग्रहण गर्न सकिन्छ ।

---

८ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा २५

९ खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी जानकारी पुस्तिका, २०७५, FIAN, Nepal, काठमाडौं।

१० आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा ११

११ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९, साधारण टिप्पणी नं. १२ (UN)

१२ खाद्य भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रुपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनुपर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत सम्झनुपर्छ भनी खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५ ले सोही ऐनको दफा २(घ) मा उल्लेख गरेको छ ।

खाद्य तथा कृषि संगठनः खाद्य सम्बन्धी अधिकारले क्यालोरी, प्रोटिन र अरु विशेष पोषणजन्य न्यूनतम् खानालाई मात्रै जनाउँदैन, यसले व्यक्तिलाई स्वस्थ र सक्रिय जीवन जिउन तथा त्यस्ता खाद्यमा सहज पहुँच स्थापित हुने माध्यमलाई समेत जनाउँछ[१३] ।

जिन जिग्लरः खाद्य अधिकारले राज्यलाई सम्मान, संरक्षण तथा परिपूर्ति गनुपर्ने तीनै प्रकारको दायित्व सिर्जना गरी सबैको लागि खाद्य सुरक्षा सुनिश्चित गर्न हरसम्भव उपायहरुको खोजी तथा अवलम्बन गर्न उत्तरदायी बनाउँछ भने खाद्य सम्प्रभुताका लक्ष्य हासिल गर्नका लागि बलियो कानूनी आधारसमेत प्रदान गर्दछ । त्यस्तै विश्व व्यापार प्रणालीका नकारात्मक प्रभावको परिणाम स्वरुप गरीब तथा सीमान्तीकृत समुदायको खाद्य सुरक्षा जोखिममा पर्दै गइरहेको अवस्थामा त्यसलाई सम्बोधन गर्न खाद्य सम्प्रभुता एउटा विकल्प हुन सक्दछ । साथै खाद्य अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको उद्देश्य हासिल गर्नको लागि खाद्य सम्प्रभुतालाई कृषि तथा कृषि व्यापारका वैकल्पिक मोडलको रुपमा अंगीकार गर्नुपर्ने[१४]।

ओलिभर डि सटरः खाद्य सम्प्रभुता खाद्य अधिकारको पूर्ण प्राप्तिको लागि एक शर्तको रुपमा रहेको[१५]।

२.१.२ खाद्य अधिकारका आयामहरु

व्यक्तिको खाद्य अधिकार सुनिश्चितताका लागि राज्यद्वारा निम्न ४ वटा आयामहरु[१६]प्रत्याभूति गरीनुपर्ने हुन्छ । यी आयामहरु राज्यको दायित्वसँग जोडिएका छन् । यसको सुनिश्चितता नगरेमा राज्यले खाद्य अधिकारको सम्बन्धमा दायित्व उल्लंघन गरेको मानिन्छ ।

(क) खाद्यको उपलब्धताः खाद्यको उपलब्धताले व्यक्ति वा परिवारले आफूलाई आवश्यक पर्ने पर्याप्त खाद्य सोझै जमिनबाट उत्पादन गरी वा प्राकृतिक स्रोतबाट प्राप्त गरी वा बजारबाट खारिद गरी उपलब्ध हुने अवस्थालाई जनाउँदछ । यसले 'खाद्य उत्पादन र आपूर्तिको लागि स्रोतको उपलब्धता हुनुपर्ने कुरालाई जनाउँदछ । खाद्य उत्पादनको स्रोत अन्तर्गत उत्पादनशील जमिन, प्राकृतिक स्रोत, रोजगार, सामाजिक सहयोग प्रणाली, बजारमा नियमित र पर्याप्त खाद्य सामग्रीको उपलब्धता आदि पर्दछन् ।

(ख) खाद्यमा पहुँचः व्यक्ति वा परिवारको खाद्य वा खाद्यको स्रोतमाथिको आर्थिक तथा भौतिक दुवै पहुँच सुनिश्चित भएको अवस्थालाई खाद्यको पहुँच भनिन्छ ।

आर्थिक पहुँचः खाद्यमा आर्थिक पहुँचता ले कुनै पनि व्यक्ति तथा परिवारले आफूलाई आवश्यक पर्ने पर्याप्त खाद्य खरिद गर्न सक्ने आर्थिक क्षमतालाई जनाउँदछ । आर्थिक क्षमता सुनिश्चितताको लागि

---

१३ Right to Food at a Glance, Gyaneshwer Parajuli, Bimal Prasad Lamichhane, न्यायदूत,वर्ष ५०, पूर्णांक २१९, पृ १७८, नेपाल बार एसोसिएसन, काठमाडौं ।

१४ UN report on food security, 2006

१५ Ibid

१६ साधारण टिप्पणी नं. १२, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति (UN)

राज्यले अनुकूल वातावरण जस्तैः शिक्षा, रोजगार, सामाजिक सुरक्षा, सहुलियत ऋण आदिको व्यवस्था गर्नुपर्दछ ।

भौतिक पहुँचः शारीरिक तथा मानसिक रुपमा अशक्त (अपाङ्ग, रोगी, बच्चा, वृद्ध, कैदी, शारीरिक तथा मानसिक रुपमा अस्वस्थ व्यक्ति आदि), भौगोलिक रुपमा अति दुर्गम तथा विकट क्षेत्रका बासिन्दा, आपतकालीन अवस्था (द्वन्द्व, मानवीय वा प्राकृतिक रुपमा सिर्जित प्रकोपबाट पीडित आदि) मा रहेका व्यक्ति तथा समुदायको खाद्यान्नमा सहज पहुँच भएको अवस्थालाई भौतिक पहुँच भएको मानिन्छ । यसले आदिवासी/जनजातिको परम्परागत स्रोतमाथिको पहुँचलाई समेत जनाउँदछ ।

(ग) खाद्यको पर्याप्तताः खाद्यको पर्याप्तता खाद्य अधिकार प्राप्तिको महत्वपूर्ण पक्ष हो । यसले खाद्यको मात्रात्मक र गुणात्मक दुवैको सुनिश्चिततालाई जनाउँदछ । मात्रात्मक सुनिश्चितता अन्तर्गत व्यक्तिको शारीरिक आवश्यकता अनुरुपको खाद्य तथा परिमाण गुणात्मक सुनिश्चितता अन्तर्गत स्वच्छ, सुरक्षित, गुणस्तरीय, सांस्कृतिक रुपले स्वीकार्य पोषणयुक्त खाद्यान्न पर्दछ । उपलब्ध खाद्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हानिकारक तत्वहरू मिसावट भएको, विषादी प्रयोग भएको, म्याद नाघेको, सडेगलेको र विषाक्त पदार्थयुक्त हुनुहुँदैन ।

(घ) खाद्यको दिगोपनाः खाद्यको दिगोपनाले खाद्यको उपलब्धता, पर्याप्तता र पहुँचको दिगो सुनिश्चिततालाई जनाउँदछ । यो केही निश्चित समयका लागि मात्र नभई वर्तमान र भविष्यका सन्ततिहरुका लागि समेत सुनिश्चित भएको खण्डमा मात्र खाद्यको दिगोपना भएको मानिन्छ ।

२.२ खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता

खाद्य अधिकारले मुख्य रुपमा सम्मान, परिपूर्ति र संरक्षणलाई अंगीकार गरेको पाइन्छ । खाद्य सुरक्षाले चाहिं मूलतः प्राविधिक पक्षमा जोड दिई प्रमुख चार कुराहरु उपलब्धता, पहुँच, क्रयशक्ति र दिगोपनलाई जोड दिन्छ । खाद्य सम्प्रभुताको अवधारणा सार्वभौमिकतामा आधारित छ जसका ६ प्रमुख मान्यता- जनताको खानामा केन्द्रित, उत्पादकहरूको महत्त्व, उत्पादन प्रणालीलाई स्थानीयकरण, उत्पादन प्रक्रियामा स्थानीय नियन्त्रण, ज्ञान र सीपको विकास र प्रकृतिसँग मेल खाने क्रियाकलापलाई विश्वव्यापी रूपमा अंगीकार गरेको पाइन्छ । यस अवधारणामा निरन्तर परिमार्जन हुँदै फराकिलो दायरा र जिम्मेवारयुक्त प्रक्रियाको विकास भइरहेको हुँदा खाद्य अधिकार, खाद्य सुरक्षा र सम्प्रभुतालाई अभिन्न रुपमा जोडेर हेरिन्छ ।

क. खाद्य अधिकारसँग जोडिएका पक्ष

खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारहरुको समेत प्रत्याभूति हुनु आवश्यक छ । जस्तैः खाद्य अधिकार पानीको अधिकारसँग अन्योन्याश्रित हिसाबले जोडिएको हुन्छ किनकि पानी एकातिर हामीले खाने खाद्यकै एक पाटो हो भने अर्कोतिर खाद्यको उत्पादन, खाना पकाउन तथा खाद्यको उपयोगको लागि नभई हुँदैन । सम्पत्तिको हकको उपभोग त्यसमा पनि मुख्यतः भूमिलगायत अन्य उत्पादनमूलक साधन स्रोतमाथिको पहुँच खाद्य उत्पादनको लागि आवश्यक छ । स्वास्थ्यको

हक खाद्य अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ किनकि खाद्यको उचित उपयोगबिना व्यक्तिको स्वास्थ्य वा स्वास्थ्य सेवा प्रभावकारी हुन सक्दैन । शिक्षाको अधिकारले पोषण, स्वास्थ्य र सरसफाइ सम्बन्धी ज्ञान र चेतना जागृत गर्न सघाउँछ । रोजगारीको अधिकार, उचित ज्याला र सामाजिक सुरक्षाको अधिकारले व्यक्तिलाई खाद्य आवश्यकता पूर्ति गर्न वा आवश्यक खाद्य खरिद गर्न सक्षम बनाउँछ । भोकबाट मुक्त हुन पाउने अधिकार बाँच्न पाउने हकसँग प्रत्यक्ष जोडिएको छ । त्यस्तै समानताको हक, सूचनाको हक, मर्यादित जीवनको अधिकार, शोषणविरुद्धको हक, स्वच्छ वातावरणको हक, पहिचानको अधिकार, उपभोक्ताको हक,आवासको हक, सामाजिक सुरक्षाको हक, स्वास्थ्यको हक, रोजगारको अधिकारजस्ता मौलिक हक र मानवअधिकारसँग यसको गहिरो अन्तरसम्बन्ध छ।

ख. खाद्य सुरक्षा

खाद्य सुरक्षाको अवधारणा सन् १९७० को दशकमा विकसित भएको हो । सबै मानिसको पर्याप्त मात्रामा पोषणयुक्त खाद्य पदार्थमाथिको आर्थिक, सामाजिक र भौतिक पहुँच, उपलब्धता र उपयोगको सुनिश्चितताको अवस्था खाद्य सुरक्षा हो । सबैले खान पाउनुपर्छ, खाद्य अभावमा कसैको पनि ज्यान जोखिममा पर्नुहुँदैन र उपलब्ध खाद्यवस्तु स्वास्थ्यका दृष्टिले स्वस्थ अनि पोसिलो हुनुपर्छ भन्ने मान्यतालाई यसले आत्मसात् गरेको छ । सन् १९७४ मा भएको विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षालाई उत्पादन मूल्यमा हुने घटबढ र खाद्य उपभोगमा हुने वृद्धिलाई धान्न सक्ने आधारभूत खाद्य वस्तुको सबै समयमा हुने विश्वव्यापी आपूर्ति भनी परिभाषित गरेको छ ।

सन् १९८३ मा विश्व खाद्य तथा कृषि सङ्गठनले प्रत्येक व्यक्तिलाई आवश्यक परेको हरेक समयमा आधारभूत खाद्यान्नमा भौतिक आर्थिक पहुँच हुनुपर्नेमा जोड दिएको छ । नेपालको सन्दर्भमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले सक्रिय र स्वस्थ मानव जीवन यापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनुपर्छ[१७] भनी परिभाषित गरेको छ । खाद्य सुरक्षाका चार आधार स्तम्भलाई देहायअनुसार उल्लेख गरीन्छ ।

- आन्तरिक वा बाह्य जसरी भए पनि खाद्य आपूर्ति भएको हुनुपर्दछ ।
- उपलब्ध खाद्यान्न सबै व्यक्तिहरूको पहुँचमा हुनुपर्छ ।
- खाद्य पदार्थमा भएको पोषक तत्त्वहरूको सही उपयोग हुनुपर्दछ ।
- खाद्यको उपलब्धता, पहुँच र उपयोगमा स्थिरता हुनुपर्दछ ।

ग. खाद्य सम्प्रभुता

वातावरणीय दिगोपनालाई विचार गर्दै खाद्यान्नको उत्पादन, वितरण, मूल्य निर्धारण र नियमनका सन्दर्भमा उत्पादनकर्ता किसानको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने अवधारणा खाद्य सम्प्रभुता हो । सन् २००७ मा नलिनी, मालिया भिया क्याम्पेसिनाको पहलमा भएको अन्तराष्ट्रिय खाद्य सम्प्रभूत्ता सम्मेलनले खाद्य सम्प्रभूत्ताको औपचारिक परिभाषा विकास गरेको हो । सन् २००५ मा खाद्य तथा कृषि

१७ दफा २(च), खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्वन्धी ऐन, २०७५ ।

संगठनले आयोजना गरेको खाद्य सम्मेलनले परिभाषित गरेको खाद्य सुरक्षाको परिभाषामा पूर्णता नभएको अर्थमा सम्प्रभुतालाई जोड दिएर उक्त नयाँ आयाम थप गरिएको थियो । यी दुईमा आधारभूत फरक भनेको खाद्य सम्प्रभुत्तालाई परिभाषित गर्ने प्रक्रियाको नेतृत्व कृषक, उपभोक्ता, साना कृषक, जलहरी, वातावरणप्रति सचेत समूह रहेका छन् । यसको सबल पक्ष— खाद्य तथा कृषि संगठनको सदस्य राष्ट्रहरूले पनि आफ्नो स्थानीय परिवेश अनुसार खाद्य सम्प्रभुतालाई अंगीकार गर्न सक्छन् भन्ने हो । नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले प्रत्येक किसानलाई देहायको खाद्य सम्प्रभुताको अधिकार हुनेछ[१८] भनी सोसम्बन्धमा निम्न बुँदालाई समावेश गरेको पाइन्छ ।

(क) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(ख) खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने,

(ग) कृषि कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतमा पहुँच हुने,

(घ)स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,

(ङ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,

(च) कृषि पेशाबाट स्वेच्छाचारी रूपले वञ्चित गर्ने कार्यविरुद्ध संरक्षण प्राप्त गर्ने ।

खाद्य सम्प्रभुताको अवधारणाले खाद्य सुनिश्चितताको प्राविधिक पक्षालाई भन्दा पनि कृषि प्रणालीमाथि कृषकहरूको अधिकार स्थापना गर्ने राजनीतिक मान्यतालाई जोड दिन्छ[१९] जसका सिद्धान्त र मान्यताहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- सबै जनतालाई पर्याप्त, स्वच्छ र उपयुक्त खाद्यान्नमा जोड दिनुपर्ने
- खाद्य उत्पादनकर्ता किसानलाई सम्मान र तिनीहरूको योगदानको कदर गर्नुपर्ने
- स्थानीय जनताको खाद्य आवश्यकता पूरा गरेर मात्र व्यापार व्यवसाय गर्नुपर्ने
- मल, बीउ, सिँचाइ र जैविक विविधताको प्रयोग र व्यवस्थापनमा किसानहरूको नियन्त्रण हुनुपर्ने
- कृषि व्यवसायलाई प्रविधिमैत्री बनाउन किसानहरूमा ज्ञान, सीपको विकास गराइनुपर्ने
- प्राकृतिक प्रकोप, जलवायु परिवर्तन सँग जुध्ने गरी कृषि प्रणालीको उपयुक्त विकासमा कृषकहरूलाई सक्षम बनाइनुपर्ने ।

---

१८ दफा १२, खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५

१९ नेपालमा खाद्य सुरक्षा, भवकृष्ण भट्टराई,डा. मधु सुवेदी, पराग, २०७०, राष्ट्रिय कर्मचारी संगठन, निजामती विभागीय समिति, अर्थमन्त्रालय, सिंहदरबार, काठमाडौं,पृष्ठ ३७६ ।

४. नेपालमा खाद्यसम्बन्धी हकको अवस्था

प्राचीन नेपालमा गोपाल र महीषपाल वंशका शासकहरु क्रमश: गाई र भैंसी पाल्ने व्यवसायका थिए भनिन्छ। "कृषि मूलश्च जीवनम्" भनेझैं आज पनि कृषि नै यहाँको जीवन निर्वाहको मूल आधार र खाद्य सुरक्षाको जग मानिन्छ । वर्तमान संविधानले खाद्य सम्बन्धी हकलाई पहिलो पटक मौलिक हकमा समावेश गरेको पाइन्छ। उक्त मौलिक हक कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ पनि जारी भइसकेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आबद्ध भएको कृषि क्षेत्र समृद्धि हासिल गर्ने मूल आधार[२०] हो भनी चालू पन्ध्रौं पञ्चवर्षीय आवधिक योजनाले कृषि क्षेत्रलाई उच्च महत्व दिएको छ । खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न राष्ट्रिय कृषि अन्वेषण प्रणाली एवं आवश्यक संरचनागत विकासमार्फत् कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण, गरीने [२१] नीतिलाई प्राथमिकतामा राखेको पाइन्छ । खाद्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्न बनेको ऐनले पनि प्रत्येक नागरिकलाई देहायको खाद्यसम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछ[२२]भन्ने सुनिश्चितता गरेको पाइन्छ ।

(क) बिनाभेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने,

(ख) भोकबाट मुक्त हुने,

(ग) खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(घ) भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दिगो पहुँच र पोषण सहायता प्राप्त गर्ने,

(ङ) सांस्कृतिक रूपमा स्वीकार्य खाद्य उपयोग गर्ने ।

नेपालको खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको अधिकारसम्बद्ध तथ्य र अवस्थासमेतलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ ।

- कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर गत चौंधौं योजनाको अन्त्य (आ.व.२०७५/७६) मा ४.२ प्रतिशत रहेकोमा चालू योजनामा ५. ५ प्रतिशत[२३] पुऱ्याउने लक्ष्य राखीएको छ ।
- सन् २०१९ मा विश्वका ११७ देशको सूचीमा भोकमरी सूचकांकमा ७३ औं स्थानमा रहेको छ
- धान, मकै, गहुँ, कोदो यहाँको प्रमुख खाद्यबालीहरु रहेका छन् ।

---

२० पन्ध्रौं योजना(आ.व. २०७६/०७७-८०/८१)को आधारपत्र, परिच्छेद ६, पृष्ठ १२३, राष्ट्रिय योजना आयोग, काठमाडौं ।

२१ कृषि, वन तथा प्राकृतिक स्रोत शीर्षक, ऐ., पृष्ठ २५ ।

२२ खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५, दफा ३

२३ दीर्घकालीन सोंचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरु, पन्ध्रौं योजना(आ.व. २०७६/०७७-८०/८१)को आधारपत्र, राष्ट्रिय योजना आयोग, काठमाडौं । पृष्ठ २१

- विगतमा निर्यात हुने गरेको कृषि वस्तुहरू पछिल्लो चरणमा आयात हुने अवस्थामा छ
- विश्व खाद्य कार्यक्रमको प्रतिवेदनअनुसार नेपालमा ३७ लाख मानिस खाद्य असुरक्षाको स्थितिमा रहेको देखिन्छ । चालू योजनामा आगामी २५ वर्षभित्र गम्भीर खाद्य असुरक्षा र खाद्य गरीबी शून्यमा पुऱ्याइने[२४] लक्ष्य लिइएको छ ।
- हाल करिब ४० जिल्लाहरूमा खाद्य न्यूनता रहेको देखिन्छ ।
- हिमाली र पहाडी भागमा खाद्यान्न उत्पादनले वर्षभरी खान नपुग्ने अवस्था छ
- खाद्यान्न उत्पादनको हिसाबले सबैभन्दा असुरक्षित कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश रहेको देखिन्छ ।

कृषिलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानेर यस क्षेत्रमा आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरण गर्दै कृषकको हकहित, संरक्षण र प्रवर्द्धन गर्न सरकारले कृषि विकास रणनीति सन् २०१५-२०३५ र अन्य धेरै कार्यक्रमसमेत बनाएको छ । दिगो विकास लक्ष्य र सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका उद्देश्य पूरा गर्न पनि यसले सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । चालू आवधिक योजनाले खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुतासहितको दिगो, प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र[२५]निर्माण गर्ने तथा खाद्य सम्प्रभुता, दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज[२६]स्थापना गर्ने सोंच राखेको देखिन्छ । चालू आर्थिक वर्षको बजेटमा कोरोना महामारीका कारण थला परेको अर्थतन्त्रको सुदृढीकरणका लागि कृषि उत्पादनमा जोड दिने उल्लेख भएको छ । यसका लागि मानव स्रोत-साधनको उपलब्धता, विषयगत दक्षताअनुसारको दरबन्दी र बहुसरोकारवाला मञ्चको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ । प्रदेश सरकार र स्थानीय सरकारहरुले पनि कृषि पेशालाई सम्मानित बनाई उत्पादकत्व अभिवृद्धिका लागि विभिन्न योजनाहरु बनाउन थालेको पाइन्छ । कतिपय स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र कार्यरत सेवाप्रदायकलाई दर्ता गर्न र सेवा विशेष क्षमताको आधारमा कामको बाँडफाँड गरेको पनि छ । यसले सेवाप्रदायकबीचमा कामको दोहोरोपन नहुने, जनताले पनि सेवा ग्रहण गर्ने वातावरण बन्ने र स्थानीय सरकारले नियमन गर्न सकिने वातावरण बनेको छ ।

४.१ संवैधानिक, कानूनी एवं नीतिगत व्यवस्था

४.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले पहिलो पटक *खाद्य सम्बन्धी हक*लाई मौलिक हकमा समावेश गरेको छ । यसअन्तर्गत प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ[२७]भन्ने व्यवस्था छ भने प्रत्येक नागरिकलाई

२४ ऐ., पृष्ठ २५ ।
२५ ऐ. पृष्ठ १२३ ।
२६ ऐ. ऐ., पृष्ठ १३१ ।
२७ ऐ धारा ३६(१),

खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ[२८] र प्रत्येक नागरिकलाई कानूनबमोजिम खाद्य संप्रभुताको हक हुनेछ[२९]भन्ने सुनिश्चितता पनि गरिएको छ ।

*संविधानमा उपभोक्ताको हक*अन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ[३०]भन्ने व्यवस्था छ । गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ[३१] भन्ने प्रबन्धसमेत छ ।यस्तै भाग ३ मा रहेको मौलिक हकको व्यवस्थाअन्तर्गत *सम्मानपूर्वक बाँच्न पाउने हक ,स्वन्त्रताको हक, समानताको हक, सम्पत्तिको हक, शिक्षासम्बन्धी हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकको हक* र *सामाजिक सुरक्षाको हक*ले समेत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा खाद्य अधिकारसँग सरोकार राख्दछन् ।

राज्यका नीतिहरू[३२]अन्तर्गत कृषि र भूमिसुधारसम्बन्धी नीति[३३]मा देहायबमोजिमको व्यवस्था रहेको छ ।

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

संविधानमा *नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति*[३४] हरूअन्तर्गत निम्न व्यवस्था रहेको छ । जसमा कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने[३५]उल्लेख छ ।

---

[२८] ऐ धारा ३६(२),
[२९] ऐ धारा ३६(३),
[३०] ऐ धारा ४४(१),
[३१] ऐ धारा ४४(२),
[३२] ऐ धारा ५१,
[३३] ऐ धारा ५१(ङ),
[३४] ऐ धारा ५१(ज),
[३५] ऐ धारा ५१(ज)(१२),

४.१.२ कानूनी व्यवस्था

ऐनहरु: खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ सँगै अन्य विभिन्न ऐन तथा कानूनी व्यवस्थाहरुले खाद्य अधिकारलाई सम्बोधन गरेको पाइन्छ । जस्तो- खाद्य ऐन, २०२३, उपभोक्ता संरक्षण ऐन, २०७५, उपभोक्ता संरक्षण ऐन, २०७५, भूमिसम्बन्धी ऐन, २०२१, विषादी ऐन, २०४८, आदिवासी जनजाति उत्थान ऐन, २०५८, औद्योगिक प्रतिष्ठान ऐन, २०७३, बालबालिकासम्बन्धी ऐन, २०७५, श्रम ऐन,२०७४ आदि यसका केही ज्वलन्त उदाहरण हुन् । मुलुकी *अपराध संहिता,* २०७४ ले खाद्य पदार्थमा मिसावट गर्न नहुने[३६] एवं झुक्यानमा पारी खाद्य पदार्थ बिक्री गर्न नहुने[३७] जस्ता कसूर कायम गरी त्यस्ता कसूरहरुमा क्रमश: पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना[३८] एवं पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय[३९]हुने प्रबन्ध गरेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८: प्रत्येक व्यक्तिलाई भोजन, कपडा, आवास लगायत आधारभूत आवश्यकताको लागि पर्याप्त जीवनस्तरको अधिकार हुनेछ[४०]।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६: (१) प्रत्येक व्यक्तिको पर्याप्त भोजन लगायत आफू तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको अधिकार हुनेछ, र (२) प्रत्येक व्यक्तिलाई भोकबाट मुक्त हुने आधारभूत हक हुनेछ[४१]।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति: पर्याप्त खाद्यको अधिकार तब प्राप्ति भएको मानिन्छ जब हरेक पुरुष, महिला तथा बालबालिकाले एक्लै वा समुदायमा जुनसुकै समयमा पर्याप्त खाद्यान्न वा सो हासिल हुने स्रोत वा यसको उपार्जनको माध्यमसम्म भौतिक तथा आर्थिक पहुँच हुन्छ[४२] ।

४.१.३ नीतिगत तथा कार्यक्रमगत अवस्था

- दिगो विकास लक्ष्यअन्तर्गत Zero Hunger को नीति नेपालले पनि अनुशरण गरेको छ ।
- सन २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यसहित दीर्घकालीन कृषि विकास रणनीति, २०७२ जारी गरिएको छ

---

३६ मुलुकी अपराध संहिता, २०७४, दफा १०७(१), (कसैले सर्वसाधारणले खाने, पिउने वा सेवन गर्ने पदार्थमा खान, पिउन वा सेवन गर्न नहुने कुनै हानिकारक पदार्थ वा खान पिउन वा सेवन गर्न हुने कमसल पदार्थ वा हानिकारक रासायनिक पदार्थ मिसावट गरी उत्पादन गर्न, बिक्री वितरण गर्न वा म्याद नाघेको वा मिसावट भएको खाद्य पदार्थ बिक्री वितरण गर्न वा निर्धारित स्तरभन्दा न्यून स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण गर्न वा पैठारी गर्न वा बिक्री वितरणको लागि राख्न हुँदैन भन्ने प्रावधान यसमा रहेको छ ।)

३७ दफा १०८(१), ऐ (कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा निम्न स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्नु हुँदैन भन्न् प्रावधान यसमा रहेको छ ।)

३८ ऐ. दफा १०७(२),

३९ ऐ. दफा १०८(२),

४० मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८धारा २५,

४१ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६धारा ११,

४२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति, साधारण टिप्पणी नं. १२, (UN)

- स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने लक्ष्य तय गर्दै पन्ध्रौं योजनामा खाद्य तथा पोषण सुरक्षालाई महत्त्वपूर्ण स्थान दिइएको छ ।
- खाद्य तथा पोषण सुरक्षा योजनाका लागि राष्ट्रिय योजना आयोग, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, राष्ट्रिय खाद्य परिषद्, प्रदेश खाद्य परिषद्, स्थानीय खाद्य समन्वय समिति र नेपाल खाद्य संस्थान जस्ता सरकारी संस्थागत व्यवस्था रहेका छन् ।
- विश्व खाद्य कार्यक्रम, सार्क खाद्यान्न बैङ्क, PACT परियोजना, सिँचाइ परियोजनाहरू, RISM FP लगायतका सरकारी तथा गैरसरकारी तवरबाट सञ्चालित खाद्य कार्यक्रमहरू रहेका छन् ।
- शून्य भोकमरी चुनौती, राष्ट्रिय कार्य योजना २०१६-२०२५ ले खाद्य अधिकारलाई खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बोधनका लागि एक औजारको रुपमा लिएको छ ।
- चालू आवधिक योजनाको अन्त्यमा आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको हालको परिवार हालको ४८ प्रतिशतबाट ८० प्रतिशतमा पुगेको हुने[४३]लक्ष्य निर्धारण गरिएको छ ।
- राष्ट्रिय बीउ नीति २०५६, राष्ट्रिय उत्पादकत्व नीति २०५८, राष्ट्रिय कृषि नीति २०६१, सिंचाइ नीति २०६०, कृषि व्यवसाय प्रबर्द्धन नीति २०६३, कृषि जैविक विविधता नीति २०६३, दुग्ध नीति २०६४, पोल्ट्री नीति २०६८, राष्ट्रिय भूउपयोग नीति २०६९ आदिजस्ता धेरै नीति, मार्गदर्शन र निर्देशिकाहरुले समेत यस क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देखिन्छ ।

५. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

नागरिकको संविधानप्रदत्त खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने[४४]मुख्य उद्देश्य लिएर यस ऐन निर्माण भएको देखिन्छ । यसकारण खाद्यसम्बन्धी मौलिक हक कार्यान्वयनका लागि यसलाई विषयगत मानिन्छ । खाद्यसम्बन्धी विश्वका नवीनतम् आयामहरुसमेतलाई समेटी यो ऐन निर्माण भएको हो । यसले खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य संप्रभुता गरी तीन वटै पक्षलाई सम्बोधन गरेको छ।

५.१ मुख्य प्रावधानहरु

५.१.१ हरेक नागरिकलाई खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने

यस अधिकारअन्तर्गत निम्न अधिकार हुने[४५]व्यवस्था गरेको छ ।

- बिनाभेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने,
- भोकबाट मुक्त हुने,

४३ पन्ध्रौं योजनाको आधारपत्र, राष्ट्रिय योजना आयोग, काठमाडौं, पृष्ठ १३१,।
४४ खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५,प्रस्तावना
४५ ऐ. दफा ३,

- खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,
- भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दिगो पहुँच र पोषण सहायता प्राप्त गर्ने,
- सांस्कृतिक रूपमा स्वीकार्य खाद्य उपयोग गर्ने ।

५.१.२. तीनै तहको सरकारको दायित्व हुने:

खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको दायित्व नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको हुने र सो को लागि तीनै तहको सरकारले पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउनुपर्ने[४६]व्यवस्था रहेको छ।

५.१.३. पारस्परिक समन्वय:

प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने र सोको सम्मान, संरक्षण तथा परिपूर्तिको लागि तीनै तहका सरकारले पारस्परिक समन्वयमा गरीने निम्न व्यवस्था रहेको छ ।

क. भोकमरीको रोकथाम र नियन्त्रण गर्नुपर्ने । (दफा ४)

- भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित पहिचान र अभिलेख राख्नुपर्ने
- भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणको लागि आवश्यक खाद्य सञ्चिती र वितरणको व्यवस्था गर्नुपर्ने
- भोकमरी रोकथाम र नियन्त्रणको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन उपायहरुको अवलम्बन गर्नुपर्ने ।

ख. स्थानीय तहले आफ्नो क्षेत्रभित्र खाद्य असुरक्षाको जोखिममा रहेका परिवारको खाद्य सुरक्षाको अधिकार संरक्षणको लागि देहायको काम गर्नुपर्ने प्रबन्धः-

- लक्षित घरपरिवारको पहिचान गर्नुपर्ने[४७]:
  गरीबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कुनै कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको तोकिएबमोजिम पहिचान, अभिलेखीकरण र अद्यावधिक गर्नुपर्दछ । सोहीबमोजिम उक्त अभिलेख प्रदेश खाद्य परिषद् र मन्त्रालयमा समेत पठाउनुपर्दछ । खाद्य असुरक्षाको जोखिममा नरहेका परिवारको विवरणसमेत समावेश भएको पाइएमा वा अभिलेखमा परेको घर परिवार कुनै कारणबाट लक्षित घरपरिवारमा नपर्ने भएमा स्थानीय निकायले तत्काल अभिलेखबाट हटाउनुपर्दछ ।

[४६] ऐ.दफा ३ (२),
[४७] ऐ. दफा ५,

- "खाद्य सहायता परिचयपत्र" जारी गर्नुपर्ने[४८]
  - लक्षित घर परिवारलाई खाद्य सहायता परिचयपत्र जारी गर्नुपर्दछ ।
  - परिचयपत्र जारी गर्दा १८ वर्ष उमेर पुगेका महिला सदस्य भएमा तीमध्ये जेष्ठ महिला सदस्यको नाममा र नभएमा अन्यमध्ये जेष्ठ सदस्यको नाममा जारी गर्नुपर्दछ । महिला सदस्यको उमेर १८ वर्ष पुगेपछि अन्य सदस्यको नाममा जारी गरिएको परिचयपत्र खारेज गरी महिला सदस्यको नाममा जारी गर्नुपर्दछ ।
  - तर १८ वर्ष उमेर पुगेका कुनै पनि सदस्य नभएको खण्डमा उमेर नपुगेका सदस्यको नाममा परिचयपत्र जारी गर्न बाधा पर्ने छैन ।
- निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउनुपर्ने (दफा ७):
  नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले निम्न बमोजिमका व्यक्ति वा घरपरिवारलाई निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलव्ध गराउनुपर्दछ । नेपाल सरकार वा प्रदेश सरकारले यसरी खाद्य सहायता उपलब्ध गराउँदा स्थानीय तहमार्फत वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- खाद्य सहायता उपलब्ध गराउने आवश्यक खाद्यको पोषण तत्वको मापदण्ड तोक्नुपर्दछ ।(दफा ८)
- खाद्य संकटक्षेत्र घोषणा गर्नसक्ने (दफा १०)
  नेपाल सरकारले भूकम्प, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, बाढी, पहिरो, आगलागि, माहामारी, भोकमरीजस्ता कारणले कुनै क्षेत्रमा खाद्यसंकट उत्पन्न भएमा त्यस्तो क्षेत्रलाई निश्चित अवधिका लागि खाद्य संकटग्रस्त क्षेत्र घोषण गर्न सक्दछ ।
- स्थानीय खाद्यलाई प्राथमिकता दिनुपर्ने (दफा ११)
  यस ऐनबमोजिम खाद्य तथा पोषणको प्रबन्ध गर्दा स्थानीय स्तरमा उत्पादन भएको परम्परागत खाद्यलाई प्राथमिकता दिई वितरण गर्नुपर्नेछ ।

५.१.४. प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने (दफा १२)

व्यक्ति वा घरपरिवार खाद्य सहायता लक्षित घरपरिवारलाई सहुलियत मूल्यमा खास प्रकृतिका लक्षित घरपरिवारलाई निःशुल्क विपद्ग्रस्त वा खाद्य संकटग्रस्त क्षेत्र घोषणा गरिएकोमा घोषित अवधिभर सो क्षेत्रमा रहेका व्यक्ति वा परिवारलाई निःशुल्क वा सहुलियत मूल्यमा "खाद्य सहायता परिचयपत्र" जारी गर्दा महिलाको नाममा जारी गर्नुपर्ने भनी महिलालाई प्राथमिकता दिइएको छ ।

५.१.५. सरकारले चाल्नुपर्ने कदमः

कृषि पेशाको संरक्षण र किसानको जीवनस्तर प्रवर्द्धनका लागि सरकारले निम्न कदम चाल्नुपर्दछ[४९]।

[४८] ऐ. दफा ६,

[४९] ऐ. दफा १३देखि १६ सम्म रहेका व्यवस्था,

- कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,
- खाद्य उत्पादनमा उन्नत प्रविधि, वातावरणमैत्री मल, बीउका विभिन्न प्रकार, जीवनाशक विषादी वा कृषि सामग्रीको दिगो प्रयोग तथा पहुँचलाई विस्तार गर्ने,
- नगदे बाली वा निकासीयोग्य बालीलाई विशेष ग्राह्यता दिने,
- बीऊ, बाली वा पशुपंक्षी बीमामा किसानको सरल तथा सहज पहुँचलाई विस्तार गर्ने,
- कृषि बजारमा किसानको पहुँचलाई अभिवृद्धि गर्ने,
- जैविक खेतीका लागि आवश्यक पर्ने पूर्वाधारमा किसानको पहुँचलाई विस्तार गर्ने,
- रासायनिक, विषादीयुक्त वा आनुवांशिक अभियान्त्रिक खेतीबाट हुने हानीबाट संरक्षण प्रदान गर्ने ।
- लामो समयसम्म सञ्चय गर्न सकिने तोकिएका बालीको न्यूनतम समर्थन मूल्य तोक्ने,
- अतिवृष्टि, अनावृष्टि वा खडेरी लगायत मौसमको बारेमा पूर्वसूचना दिने प्रणालीको विकास गर्ने,
- जैविक विविधतामा आधारित दिगो कृषि प्रणाली प्रबर्द्धन गर्ने,
- कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, आधुनिकीकरण र प्रविधीकरण गर्ने,
- महिला किसान तथा कृषिमा आधारित भूमिहीन परिवारलाई प्राथमिकताको आधारमा कृषियोग्य भूमि तथा कृषि सामग्रीमा पहुँच विस्तार गर्ने,
- कृषि उत्पादन वा कृषिबालीको हानी, नोक्सानीविरुद्ध किसानलाई तोकिएको अवस्थामा तोकिएबमोजिमको क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाउने,
- लागत मूल्यमा आधारित भई कृषि उत्पादनको समर्थन मूल्य तोक्ने ।
- किसानको पहिचान र सम्मानका लागि देहायबमोजिम गर्नुपर्ने[५०]
  - नेपाल सरकारले किसानको पहिचान गरी वर्गीकरण गर्नुपर्ने र सोहीबमोजिम स्थानीय सरकारले किसान परिचयपत्र जारी गर्नुपर्दछ ।
  - वर्गीकरणको आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट तथा सुविधा उपलब्ध गराउनुपर्दछ ।
  - कानूनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउनुपर्दछ ।
- कृषियोग्य भूमिको संरक्षण र दिगो उपयोगको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा निम्न कार्य गर्नुपर्दछ[५१]:
  - कृषि योग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्नुपर्दछ ।
  - कृषि योग्य भूमिमा बाली लगाउन प्रोत्साहन वा प्रबर्द्धन गर्नुपर्दछ ।,
  - कृषि योग्य भूमिलाई बाँझो राख्न तथा भूमिको उपयोगको सम्बन्धमा प्रचलित कानूनबमोजिम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि गर्न वा गराउन दिनुहुँदैन,

[५०] ऐ. दफा १४,
[५१] ऐ. दफा १५,

- कृषियोग्य भूमिको खण्डीकरण गर्न दिनुहुँदैन,
- विकास निर्माणका कार्य गर्दा राष्ट्रिय खाद्य योजनाप्रतिकूल नहुने गरी सञ्चालन गर्नुपर्दछ,
- कृषि योग्य भूमिको उपयोगको बारेमा सचेतना अभिवृद्धि गर्नुपर्दछ,
- कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिव कारणबिना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गर्नुपर्दछ,
- सहकारी खेती, कबुलियती खेती, करार खेती वा सामूहिक खेतीलाई प्रवर्द्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्नुपर्दछ ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्थानीय कृषिबाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धन गर्नुपर्दछ ।

- तीनै तहका सरकारले पारस्परिक समन्वयमा दलित, लोपोन्मुख आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि तोकिएबमोजिम लक्षित कृषि विकास कार्यक्रम बनाई लागू गर्ने[५२] ।
- नेपाल सरकारले जलावायु परिवर्तनबाट खाद्य उत्पादनमा पर्न सक्ने असरको न्यूनीकरणका लागि निवारणात्मक उपाहरु अपनाउन आवश्यक व्यवस्था गर्ने[५३]।
- कसैको बाली उत्पादनका सम्बन्धमा नोक्सानी भएमा तोकिएबमोजिम क्षति क्षतिपूर्ति दिने व्यवस्था[५४] ।

५.१.६. स्थानीय तहलाई बढी जिम्मेवारी:

संघ र प्रदेशको अधीनमा रही कृषियोग्य भूमिको दिगो व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । सोको लागि स्थानीय तहले निम्न कार्य गर्नुपर्ने[५५]व्यवस्था छ ।

- कृषियोग्य भूमिको लगत तयार गर्नुपर्दछ,
- स्थानीय स्तरमा रहेको बाँझो जग्गा र अन्य जग्गाको पहिचान गरी अभिलेख राख्नु पर्दछ,
- भूमिसम्बन्धी अभिलेख अद्यावधिक गर्नुपर्दछ,
- बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्न अन्य आवश्यक काम गर्नु व गराउनु पर्दछ ।

५.१.७. खाद्य अधिकारको कार्यान्वयन:

नेपाल सरकारले खाद्य अधिकारको कार्यान्वयनका लागि निम्न कार्यहरु गर्नुपर्ने[५६] व्यवस्था छ ।

- राष्ट्रिय खाद्य योजना तर्जुमा गर्नुपर्दछ ।

---

५२ ऐ. दफा १८,
५३ऐ.दफा १९,
५४ ऐ.दफा २०,
५५ ऐ दफा १७,
५६ ऐनको दफा २१—२४ मा गरिएको व्यवस्था ।

- खाद्य अधिकार, खाद्य/पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता अधिकारको प्रबर्द्धनका विषयलाई आवधिक विकास योजनामा समावेश गर्नुपर्दछ ।
- स्थानीय तहले प्रत्येक वर्ष आवश्यक खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- तीनै तहका सरकारले खाद्य अधिकारसँग सम्बन्धित सूचना तथा शिक्षामूलक जानकारी प्रवाह गर्नुपर्दछ ।
- तीनै तहका सरकारले कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रबर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास गर्नुपर्दछ ।
- ऐनको कार्यान्वयनलाई अनुगमन गर्न 'खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको अनुगमन सूचकांक तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

५.१.८. कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षणको संयन्त्र

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारलाई कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यको लागि निम्न तीन तहकोसंयन्त्रको व्यवस्था[५७]रहेको छः

- राष्ट्रिय खाद्य परिषद्: संघीय कृषि मन्त्रीको अध्यक्षतामा
- प्रदेश स्तरीय खाद्य परिषद्: प्रदेश कृषिमन्त्रीको अध्यक्षतामा
- स्थानीय खाद्य समन्वय समिति: नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्षको अध्यक्षतामा
- स्थानीय खाद्य समन्वय समितिको सचिवालयसम्बन्धित नगरपालिका वा गाउँपालिकामा हुनेछ भने यसको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।

५.१.९. कसूर र सजायः

यस ऐनले देहायको कसूर[५८]मा देहायबमोजिमको सजाय[५९]व्यवस्था गरेको छ ।

- कसैले कसैलाई अत्यावश्यक खाद्यको पहुँचबाट बञ्चित गरी गम्भीर हानि पुऱ्याउने वा भोकमरीको स्थिति सिर्जना गर्ने कुनै काम गरेमा १० वर्षसम्म कैद र १० लाख रुपैयाँसम्म जरिवाना
- आपत्कालीन सहायताको प्रयोजनको लागि सञ्चित तथा संकलित खाद्य वस्तुलाई कब्जा गर्ने, नष्ट गर्ने वा दुरुपयोग गर्ने कार्य गरेमा, आपत्कालीन खाद्य सहायता वितरणमा अवरोध

[५७]ऐनको दफा ३२, ३४ र ३६ मा रहेको व्यवस्था ।
[५८]ऐ दफा ४०,
[५९]ऐ दफा ४२,

सिर्जना गरेमा र आधारभूत खाद्यवस्तुको ढुवानी, आपूर्ति, वितरण तथा बजारीकरणमा संगठित वा असंगठित रुपले बाधा सिर्जना गरेमा३ वर्षसम्म कैद र ३ लाख रुपैयाँसम्म जरिवाना

- जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी बासस्थानविहीन बनाएमा ५ वर्षसम्म कैद र ५ लाख रुपैयाँसम्म जरिवाना
- वितरण गर्नुपर्ने खाद्य लक्षित वर्ग वा पिछडिएको वर्गलाई वितरण नगरेमा,यस ऐन वा यस ऐनबमोजिम बनेको नियमविपरीत अन्य कुनै कार्य गरेमा १ वर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिवाना ।

५.१.१०. क्षतिपूर्तिका लागि निवेदन दिन सकिने:

यस ऐनअन्तर्गतको कुनै कसूरका कारण भएको हानि नोक्सानी बापतको क्षतिपूर्ति भराइपाउने सम्बन्धमा कुनै कसूर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानि, नोक्सानी हुन गएमा त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति भराइपाउन मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनसक्ने[६०]व्यवस्था छ ।

५.१.११. मुद्दाको अधिकारक्षेत्र तथा सरकारी वकीलको भूमिका (दफा ४१)

यस ऐनअन्तर्गतको मुद्दाको अनुसन्धान तथा दायरी गर्ने अधिकार तोकिएको निरीक्षण अधिकृतलाई दिइएको छ भने निरीक्षण अधिकृतले उजूरी प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गर्ने व्यवस्था छ ।मुद्दा दायर गर्दा सरकारी वकीलको राय लिनुपर्नेछ[६१]भनी अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भूमिकालाई निर्देशनकारी बनाइएको देखिन्छ । अनुसन्धानका क्रममा सरकारी वकीलसमक्ष प्राप्त हुने यस्ता मुद्दामा अनुसन्धानको प्रभावकारिताका लागि सरकारी वकीलले निर्देशन दिन सक्छ भने अदालतसमक्ष पेश भएका मुद्दाहरुमा सरकारी वकीलले साक्षी परीक्षण, बहसपैरवी र प्रतिरक्षासमेतको जिम्मेवारी वहन गर्ने गर्दछ ।

५. २ ऐनको संक्षिप्त विश्लेषण:

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले खाद्य अधिकार र सम्प्रभुतासमेतका थुप्रै द्विविधा र कानूनी रिक्तताको मात्रै पूर्ति गरेको छैन । यसले सरोकारवाला र सरकारका सबै तहलाई यस क्षेत्रमा थुप्रै जिम्मेवारी प्रदान गरेको छ । खाद्यलाई वस्तुको रुपमा मात्र नभई अधिकारको रुपमा यसले स्थापित गरी खाद्य असमानताको अन्त्य गर्न विभिन्न प्रबन्धहरुको सुनिश्चितता गरेको छ । खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई 'दाबीयोग्य कानूनी अधिकार- को रुपमा स्थापितसमेत गरेको छ । यसका मुख्य विशेषतालाई देहायका मुख्य बुँदाहरुमा उल्लेख गरी विश्लेषण गर्न सकिन्छ ।

[६०]ऐ दफा ४३,
[६१]ऐ दफा ४१(३),

- भोकमरी तथा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारको आधारभूत खाद्यमा दिगो पहुँचको लागि कानूनी आधार सृजना गरेको छ ।
- खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार कार्यान्वयनको लागि तीनै तहका सरकारलाई सम्मान, संरक्षण तथा परिपूर्तिको दायित्वहरु निर्धारण गरेको छ ।
- खाद्य सहायता परिचयपत्र वितरणमा महिला सदस्यलाई पहिलो प्राथमिकता दिई खाद्य सहायता प्रणालीमा लैंगिक मूलप्रवाहीकरणलाई महत्व दिएको छ ।
- कृषियोग्य भूमिको दिगो उपयोगलाई खाद्य सुरक्षाको आधारको रुपमा समेटेको छ ।
- खाद्य सम्प्रभुताको अवधारणाबमोजिम किसानको अधिकार सुनिश्चितताको लागि कानूनी आधार निर्माण गरेको छ ।
- खाद्य अधिकार कार्यान्वयनको लागि कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ ।
- खाद्य अधिकारको कार्यान्वयनलाई अनुगमन गर्न "अनुगमन सूचकांक" को व्यवस्था गरेको छ ।
- भोकमरी तथा खाद्य असुरक्षाको अवस्था सिर्जना गर्ने कार्यलाई कसूरको रुपमा परिभाषित गरी दण्ड सजायको समेत व्यवस्था गरेको छ ।
- यस ऐनअन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी हुन गएमा सो बापतको क्षतिपूर्ति भराइपाउने अधिकारको व्यवस्था गरेको छ ।

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अलग-अलग अवधारणा भए तापनि नेपालको कानूनी र नीतिगत प्रावधानलाई विश्लेषण गर्दा यी अवधारणाहरुलाई एक अर्काको पूरकको रुपमा अङ्गीकार गरिएको छ । खाद्य सुरक्षाले खाद्य तथा पोषण सुरक्षा प्राप्त गर्नको लागि लक्ष्य निर्धारण गर्न, खाद्य अधिकारले उक्त लक्ष्य प्राप्तिका लागि कानूनी मापदण्डहरु निर्धारण गर्न तथा खाद्य सम्प्रभुताले कानूनी मापदण्डबमोजिम खाद्य तथा पोषण सुरक्षालाई व्यावहारिक रुपमा हासिल गर्नका लागि आवश्यक राजनीतिक तथा आर्थिक नीति र कार्यक्रमलाई कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्ट मापदण्डहरु निर्धारण गर्न सहयोग गर्दछ । यी अवधारणाहरुको अन्तिम लक्ष्य भोकमरी तथा कुपोषणबाट मानव समुदायलाई मुक्त गर्नु रहेकोले अन्तराष्ट्रिय कानूनी व्यवस्थासमेतका पृष्ठभूमिमा यिनलाई एक अर्काको पूरकको रुपमा लिइएको देखिन्छ ।

६. खाद्य सम्बन्धी मौलिक हक कार्यान्वयनका चुनौती

- जोखिममा रहेका समुदायको खाद्य अधिकार प्रवद्धन गर्न जनचेतना अभिवृद्धि गरी आफ्नो अधिकार दाबी गर्न सक्षम बनाउनु,
- समान उद्देश्य भएका अन्य संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्नु,

- कृषि व्यवसाय प्रवर्द्धन नीति, अनुदान नीति आदि जस्ता नीतिगत अन्योलका साथै राष्ट्रिय कृषि अनुसन्धानको संस्थागत दृष्टिकोण र व्यवस्थापन पक्ष सुदृढ बनाई स्थानीय तहसम्म स्पष्टता प्रदान गर्नु ।
- हालको आप्रवासन, विप्रेषणमा आधारित र अनियन्त्रित बजारले गर्दा खाद्य सुरक्षा, अधिकार र सम्प्रभुताका पक्षलाई हेर्ने दृष्टिकोणमा देखा परेका जटिलता समाधान गर्नु ।
- जलवायु परिवर्तनका कारण आएका अवसर र चुनौतीलाई सम्भावना उन्मुख गराउनु ।
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताका क्षेत्रमा देखिएका सबै खाले सम्भावना र चुनौतीलाई उत्तिकै चासोका साथ हेर्नु र प्रभावकारी रुपमा सम्बोधन गर्नु ।
- देश संघीय संरचनामा गइसकेको र संवैधानिक व्यवस्थाको सुनिश्चितता भइसकेको अवस्थामा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता नियमावली ल्याउनुपर्ने आवश्यकतालाई उचित रुपमा सम्बोधन गर्नु ।
- प्रदेश र स्थानीय स्तरमा आवश्यक नीति नियम, ती संरचनाको कार्यसूची र समावेशिता सुनिश्चितता गर्नु । साथै, प्रदेश स्तरमा खाद्य सुरक्षा परिषद् र स्थानीयमा खाद्य सुरक्षा समितिलाई प्रभावकारी बनाउनु ।
- तीनै तहका सरकारबीच खाद्य सुरक्षा र खाद्य सम्प्रभुताका विषयमा उचित समन्वय कायम गर्नु ।
- खाद्य सुरक्षासम्बन्धी व्यवस्था भएका नीतिगत, कानूनी र संरचनागत व्यवस्थाहरू व्यवहारतः लागू गराउने अवस्था सिर्जना गर्नु ।
- भौगोलिक विकटताका कारण आपूर्ति र बजार व्यवस्थापन रहेका कठिनाइ अन्त्य गर्नु ।
- उन्नत मल, बीउ, रासायनिक औषधिहरू समयमा र पर्याप्त मात्रामा उपलब्ध गराउनु ।
- कृषिसम्बन्धी प्राविधिक ज्ञान सीप सर्वसुलभ रूपमा उपलब्ध गराउनु ।
- सिँचाइ सुविधा सबै ठाउँमा पुऱ्याई कृषि कार्यका लागि मनसुनमा भर पर्नुपर्ने बाध्यता अन्त्य गर्नु ।
- जग्गा जमिनको तीब्र खण्डीकरण गर्ने कार्य रोक्नु ।
- कृषि क्षेत्रमा परेको जलवायु परिवर्तनको प्रतिकूल प्रभाव रोक्नु ।
- कृषि अनुसन्धान कार्यलाई गति दिनु ।
- युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन हुने प्रवृत्ति रोकी कृषि कार्यलाई प्राथमिकतामा रोक्नु ।

- खाद्य व्यवस्थापन सूचना प्रणालीको व्यवस्था विकास गर्नु ।
- खाद्य असुरक्षित क्षेत्रको उचित पहिचान गर्नु ।
- कृषि कार्यलाई निर्बाहमुखी अवस्थाबाट व्यावसायिकीकरणतर्फ रुपान्तरण गर्नु ।
- कृषि क्षेत्रको वार्षिक बजेट अपेक्षित मात्रामा वृद्धि गराउनु ।

७. न्यायिक दृष्टिकोण

७.१. माधवकुमार बस्नेत विरुद्ध प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालासमेत[६२]

यस मुद्दामा एउटा उत्तरदायी सरकारको प्रमुख काम, कर्तव्य जनताको जीउधनको सुरक्षा गर्नुपर्ने सन्दर्भमा कर्णालीको हुम्ला जिल्लासमेतमा फैलिएको भोकमरी र महामारीलाई नियन्त्रण गर्न तथा त्यस्ता जिल्लामा राहत सामग्री पुऱ्याउन सरकारका नाममा आदेश जारी भएको पाइन्छ । जनताको खाद्यमा पहुँच गराउन र खाद्यका स्रोतमा समेत पहुँच बढाई उत्पादन अभिवृद्धिमा ध्यान दिन आवश्यक भएको यस आदेशमा उल्लेख छ । कोही नागरिक वा समूह काबुबाहिरको परिस्थितिमा परी खाद्यमा पहुँच नभएको अवस्थामा त्यस्ता नागरिकको खाद्यमा पहुँच हुने गरी सरकारले प्रत्यक्ष रुपमा सम्बोधन गर्नुपर्ने दायित्व बहन गर्नुपर्ने भनी खाद्यान्न अभाव भएका जिल्लाहरुमा प्रत्यक्ष रुपमा खाद्यान्न वितरण गरेर खाद्यमा पहुँच बढाई महामारी र भोकमरी नियन्त्रण गर्न सर्वोच्च अदालतले आदेश दिएको पाइन्छ ।

७.२. प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[६३]

खाद्यान्नको अधिकारको अभावमा स्वतन्त्रताको हक उपभोग हुन सक्दैन र खाद्यान्न अभावको जीवन सम्मानपूर्वक हुँदैन भनी यसमा व्याख्या भएको छ । हुम्लालगायत पहाडी जिल्लाहरुमा खाद्यान्न अभाव भएकोले संभावित भोकमरी रोक्न सरकारका नाममा परमादेश जारी गर्न माग गर्दै दायर भएको सार्वजनिक सरोकारको विषय निहित प्रस्तुत रिट निवेदनमा यसअगाडि नै माधवकुमार बस्नेत वि. प्रधानमन्त्रीसमेत भएको मुद्दामा आदेश जारी भइसकेकोले प्रस्तुत उही विषयमा भएको हुँदा रिट खारेज भए तापनि सम्मानपूर्वक बाँच्न पाउने हक उपभोग गर्न कम्तीमा पनि खाद्यान्नमा अधिकार Right to Food जस्तो Basic Necessity मा प्रत्येक नागरिकको पहुँच हुनुपर्नेभनी सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ । स्वतन्त्रता र खाद्यान्नको अधिकार Right to Food एक अर्काको Mutually Inclusive हक हुन्भनी उक्त आदेशमा व्याख्या भएको छ । "मानिसको लागि Dignified Life अर्थात् सम्मानपूर्वक बाँच्न पाउने हक भनेको मानवीय मूल्य, मान्यता र

६२ सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानूनसम्बन्धी केही महत्वपूर्ण नजीरहरू भाग १०, खण्ड (ख) रिट नं.३३४१ पृष्ठ ११
६३ मुद्दा : परमादेश, नेकाप, २०६८, अंक १, नि. नं. ८५४०

मर्यादामा आधारित जीवन हो ।"यसमा भनीएको छ," नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको लागि लोक कल्याणकारी राज्यमा परिणत गर्न समर्पित राज्यले आफ्ना नागरिकलाई शान्ति सुरक्षा कायम गरी जनधनको सुरक्षा गरी मर्यादित र सम्मानीत मानवीय जीवनका लागि अपरिहार्य न्यूनतम् आवश्यकता जस्तैः खाद्यान्न, पानी, वास, स्वास्थ्य, स्वतन्त्रता, गोपनीयता, शिक्षा, कपडा वस्तुहरू बजारमा सबैको आर्थिक रूपले पहुँच पुग्ने र सबैले प्राप्त गर्न सक्ने अवस्था सिर्जना भएको हुन्छ ।" खाद्यान्नमा Access र खाद्यान्न Available गराइदिनु राज्यको कर्तव्य होभन्ने उल्लेख गर्दै प्रस्तुत मुद्दामा खाद्यान्नको अभावमा खाद्यान्नको अधिकार Right to Food को हक निरर्थक हुने र खाद्यान्नको अधिकार निरर्थक भएपछि नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने हक उपभोग हुन नसक्ने भन्ने समेत व्याख्या भएको छ । जनताको जीउधनको सुरक्षा र संरक्षण गर्न मात्र होइन खाद्यान्नको अधिकार उपभोग गर्न भोकमरी हुन नदिने पनि राज्यको कर्तव्य भएकोले राज्यले आफ्नो काबुभित्रको हरसम्भव उपाय परिचालन गर्नुपर्दछ र काबुबाहिरको परिस्थितिबाहेक अन्य अवस्थामा राज्यको लापरबाही ढिलासुस्ती वा निर्णय लिनमा हुने ढिलाइको कारण खाद्यान्नको अभावले गर्दा नागरिकहरूको ज्यान जान्छ भने सरकार त्यसको जिम्मेवार हुनुपर्नेभनी सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको देखिन्छ । खाद्यान्न अभावमा मानिस मर्न सक्छ भने खाद्यान्नको अभावमा गर्भवती महिलाको पेटमा भएको बच्चा कुपोषणबाट पीडित हुन जान्छ, बालबालिका, वृद्धवृद्धा, रोगी, असहाय, अपाङ्गहरू मर्न सक्छन् भन्नेसमेत उल्लेख गरी प्रस्तुत मुद्दामा नागरिकहरूको खाद्यान्नको अधिकार Right to Food को अधिकार हनन् हुन नदिन समयमै नेपालको भू-भागभरि पर्याप्त मात्रामा खाद्यान्न उपलब्ध र आपूर्ति गर्ने गराउने संवैधानिक कर्तव्यबाट विमुख हुन नहुनेभनी सरकारलाई सजग गराइएको पाइन्छ ।

७.३. भूपेन्द्रबहादुर तामाङ थिङसमेत विरूद्ध मन्त्रिपरिषद्को कार्यालयसमेत[६४]

भूकम्पपीडित नागरिकहरुलाई विश्व खाद्य संगठन, रेडक्रसलगायत संगठनले वितरण गरेको खाद्यान्न गुणस्तरहीन तथा कुहेको रहेको पाइएको हुँदा त्यस्तो कार्य रोकी जनताको जीवनमाथि खेलवाड गरी कुहिएको खाद्यान्न वितरण गर्नेहरुलाई कारबाहीको दायरामा ल्याउन माग गरी प्रस्तुत रिट निवेदन दायर गरिएको थियो । यस मुद्दामा नागरिकले पर्याप्त खाद्यान्न पाउनुपर्छ वा खाद्यान्न खरिद् गर्न सक्ने उपाय उनीहरूलाई उपलब्ध हुनुपर्छ भन्ने व्याख्या भई उपलब्ध खाद्यान्न पोषणयुक्त र प्रदुषणमुक्त हुनुपर्छ, कुहेको सडेको हुनुहुँदैन अर्थात् शारीरिक एवम् मानसिकरूपमा स्वस्थ रहनको निम्ति जे जस्तो खाद्यान्न आवश्यक पर्छ त्यस्तो गुणयुक्त हुनुपर्छ, जुन खाद्यसम्बन्धी हकअन्तर्गत नै पर्ने भनी व्याख्या भएको छ ।पर्याप्त र पोषणयुक्त खाद्यान्न समयमा उपलब्ध हुन नसके भूकम्पको कारण बेसाहारा बनेको व्यक्ति भोकमरीमा पर्छ, बिरामी हुन्छ र अन्ततः मर्छ भन्दै यसमा जनतालाई वस्तु वा सेवा उपलब्ध गराउने कुनै पनि संस्था चाहे राष्ट्रिय होउन् वा अन्तरराष्ट्रिय, ती सबैले

६४ मुद्दा: उत्प्रेषण, नेकाप, २०७४, अंक ९, निर्णय नं. ९८७६

उत्तरदायी ढङ्गले कार्य गर्नुपर्छ भनी आदेश भएको छ । आवाज नभएका, भोकमरीले सताइएका वा विपत्तिमा परेका जनताका भाग्यसँग खेल्ने छुट कसैलाई पनि नहुने भन्दै प्रस्तुत मुद्दामा अन्तरराष्ट्रिय विधिको शासनले सुशासन र उत्तरदायित्व माग्छ जसमा दोषी उपर विभागीय कारबाही, पीडित जनतालाई हानिपूरण र पुनरावृत्ति नहुने सार्वजनिक वचनबद्धताको आवश्यकता पर्ने भनी व्याख्या भएको छ ।

नागरिक जीवनका आधारभूत चासो र सरोकारहरूलाई संविधानको कसीमा हेरी एउटा सम्यक् दृष्टिकोण विकास गर्न सकेमा मात्रै मुलुकमा सामाजिक न्यायले उचित स्थान पाउने भनी यस मुद्दामा देहायबमोजिमको बुँदा उल्लेख गरी निर्देशनात्मक आदेशसमेत जारी भएको पाइन्छ ।

१. नेपालले वर्षेनीजसो कुनै न कुनै राष्ट्रिय विपत्ति व्यहोर्नुपरिरहेको हुँदा नागरिकहरूको खाद्यसम्बन्धी हक सम्मान गर्न, खाद्य सुरक्षा र भोकमरीको जोखिमबाट उनीहरूलाई जोगाउन देशका विभिन्न ठाउँमा सहजरूपमा वितरण हुन सक्ने पर्याप्त खाद्यान्न भण्डारणको व्यवस्था गरी त्यस्तो खाद्यान्नको गुणस्तर उच्च राख्नू ।

२. दीर्घकालीनरूपमा खाद्यान्नको आपूर्ति र सुरक्षाको निम्ति कृषियोग्य भूमिको सुरक्षा गर्न र कृषियोग्य भूमिलाई गैरकृषि प्रयोजनमा रूपान्तरण गर्ने कार्य रोक्नू ।

३. देशभित्र हिमाल, पहाड र तराई क्षेत्रका जनताले दैनिकरूपमा प्रयोग गर्दै आएका र जनताको परम्परागत ज्ञान, सीप, खोज र व्यवहारमा आधारित वैकल्पिक खाद्यान्नबारे अनुसन्धान एवं विकास गर्न र कृषि कार्यमा उपयोग भइरहेको जमिनको उत्पादकत्व वृद्धि गर्न उपयुक्त कानूनको तुरून्त निर्माण गरी लागू गर्नू ।

४. विपत्तिको स्थितिमा छिमेकी तथा अन्तरराष्ट्रिय क्षेत्रबाट प्राप्त हुने खाद्यान्नहरू परीक्षण गरेपछि मात्र वितरण गर्नू, दूषित, सडेगलेका खाद्य वस्तुको सहायता अस्वीकार गर्नू । प्राप्त सहायताको गुणस्तर परीक्षणसमेतको निम्ति क्षेत्रीय स्तरमा प्रयोगशालाहरू निर्माण गरी सञ्चालनमा ल्याउनू ।

५. खाद्यान्न वितरणमा देशभित्र कार्यरत अनियमित कार्य गर्ने गैरसरकारी संस्थाहरूलाई कालोसूचीमा राख्नु।

७.४. बाजुद्दिन मियाँसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[६५]

प्रस्तुत मुद्दामा कोशीटप्पु वन्यजन्तुका वन्यजन्तुबाट किसानका बालीनाली नोक्सानी पुगेकोले क्षतिपूर्तिसमेतको मागदाबी लिई रिट निवेदन दायर भएकोमा सर्वोच्च अदालतबाट नागरिकलाई

६५ मुद्दा: उत्प्रेषणयुक्त परमादेशसमेत, नेकाप, २०६६, अंक ६, निर्णय नं. ८१६९

संविधानले दिएको खाद्य सम्प्रभुत्ताको हक सार्थक बनाउन राज्यको देहायका कर्तव्यहरू हुने गरी आदेश भएको पाइन्छ ।

(क) नागरिक आँफैले आफ्नो खाद्य उत्पादन गरी आफै आत्मनिर्भर बन्ने,

(ख) राज्यले पर्याप्त मात्रामा खाद्य सुरक्षा र भण्डारण गरी बजारमा खाद्य उपलब्ध र आपूर्ति गरी गराई आफ्ना नागरिकलाई खाद्यको कमी हुन नदिने,

(ग) राज्यले नागरिकहरूको खाद्य सम्प्रभुताको हक प्राप्त गर्न खाद्य उत्पादन, बजार र संरक्षण गर्ने काममा सहयोग पुऱ्याउने,

(घ) सबै नागरिकलाई खाद्यमा सहज पहुँच हुने अवस्था र वातावरण सिर्जना गर्ने ।

नागरिकलाई खाद्य सम्प्रभुताको हकबाट बञ्चित नगर्न खाद्य सम्प्रभुताको मौलिक हक उपभोग गर्न राज्यले प्रत्येक नागरिकलाई खाद्यमा सजिलैसँग पहुँच पुग्नसक्ने गरी अर्थात् Access to Food को लागि राज्यले आवश्यक कानून एवं नीतिलगायत अन्य आवश्यक व्यवस्थासमेत गरी उपयुक्त आर्थिक वातावरण समेत सिर्जना गर्नुपर्ने भनी यसमा व्याख्या भएको छ । व्यावसायिक उखु खेती गरीरहेको तथ्यबाट नेपालले चिनी आयातको लागि वर्षेनी खर्चने गरेको करोडौं वैदेशिक मुद्राको बचतमा समेत सहयोग पुऱ्याएको पेशा व्यवसायको विशेष संरक्षण गर्नुपर्ने भन्ने तथ्य उक्त आदेशमा उल्लेख गरिएको पाइन्छ । वनभित्र फँडानी बढ्दै गएको कारण जंगली जनावरहरू आरक्षणबाट बाहिर निस्कनु स्वाभाविक भए तापनि संरक्षित हुनुपर्ने नागरिकको सम्पत्तिमा राज्यका निकायद्वारा संरक्षित जंगली जनावरबाट क्षति पुऱ्याउनु वा त्यस्तो जनावरबाट क्षति हुनुलाई राज्यले जनताको खाद्य सम्प्रभुत्ताको हकप्रति आफ्नो दायित्व पूरा गर्नुपर्ने तथा नागरिकहरूको हित र सरोकार गाँसिएका, खाद्य सम्प्रभुत्ता, स्वास्थ, खाद्यान्न समस्या, सुरक्षा, पेशा व्यवसाय गर्न पाउने वातावरण र त्यसको समुचित सुरक्षा जस्ता यावत विषयमा कानून नभएको र नीति नभएको भनी राज्य आफ्नो संवैधानिक कर्तव्यबाट पन्छिन नमिल्ने सरकारका नाममा देहायका बुँदामा केन्द्रित भई निर्देशनात्मक आदेश जारी भएको पाइन्छ ।

- नागरिकहरूको हक र हितको संरक्षकसमेत रहेको सरकारले आँफूमा रहेको नीतिगत निर्णय गर्न सक्ने अन्तर्निहित अधिकार प्रयोग गरी क्षतिपूर्ति दिने निर्णय गरी आफ्नो संवैधानिक कर्तव्य र दायित्वको पालना गर्नुपर्ने ।

- जंगली वन्यजन्तु र जनावरले यदि कृषिमा आधारित नागरिकहरूको बाली वा खेती नष्ट गर्छ भने राज्यले त्यसमा कुनै प्रत्यक्ष हानि नपुऱ्याए पनि आवश्यक र उचित क्षतिपूर्ति दिन राज्य Tortuously Liable हुन्छ ।

- नागरिकहरूको भोकबाट मुक्त हुने मौलिक अधिकार अर्थात Right To Food सँग सम्बन्धित यस्तो महत्त्वपूर्ण र संवेदनशील विषयमा र एक प्रकारको नियमित समस्यालाई स्थायीरुपले निराकरण गर्न र क्षतिपूर्ति उपलब्ध गराउन निर्देशनात्मक आदेश जारी हुनुका साथै कानून वा नीति नबनेसम्मको लागि आरक्षणमा संरक्षित जनावरले आरक्षणबाहिर आई नागरिकहरूको खेती वा बाली नष्ट गरेमा खेती वा बाली क्षति पुगेका सम्बन्धित धनीहरूलाई क्षतिपूर्ति दिने प्रयोजनका लागि सरोकारवाला निकायहरु, विज्ञ र पीडित किसानको प्रतिनिधित्व हुने गरी सम्बन्धित कानून वा नीति निर्माण भई विस्थापन वा प्रतिस्थापन नभएसम्मका लागि समिति निर्माण गर्न आदेश जारी हुने । आरक्षण भित्रको संरक्षित जनावरले नै क्षति पुऱ्याएको भन्ने प्रमाणबाट देखिए, देखिएको क्षतिको एकिन गरी मनासिव रकम क्षतिपूर्ति दिने व्यवस्था गर्नू, गराउनू ।

७.५. भूपेन्द्र कार्की विरुद्व मन्त्रिपरिषद् सचिवालयसमेत[६६]

सरकारले देशभरि आयोडिनयुक्त नून वितरणको जिम्मेवारी सरकार मातहत रहेको निकायलाई मात्रै अनुमति दिने गरी भएको निर्णय खारेजीको माग गरी हिमाली नून प्रा.लि.को तर्फबाट आँफूलाई पनि वितरणको जिम्मेवारी दिन आदेश माग गरी प्रस्तुत रिट निवेदन दायर भएको थियो । यस निवेदनमा सार्वजनिक हित र सरोकारसँग जोडिएको नूनजस्तो अत्यावश्यक वस्तुको अभाव हुन नदिई देशको सबै ठाउँमा निरीक्षण एवं समुचित बिक्री वितरणको व्यवस्था मिलाउनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको राजपत्रमा प्रकाशित सूचना कानून विपरीतको नदेखिई उक्त सूचनाबाट निवेदकको मौलिक हकमा आघात परेको नदेखिने भनी रिट निवेदन खारेज भएको पाइन्छ । देशको पहाडी तथा दुर्गम हिमाली जिल्लामा पनि नूनको आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने प्रथम दायित्व सरकारको हुने भनी यसमा निजी क्षेत्रलाई खुल्ला राखी प्रतिष्पर्धामा छाड्दा सबै निजी क्षेत्रका आयोडिनयुक्त नून उद्योगहरु तथा साल्ट ट्रेडिङ कर्पोरेशन लि.लेसमेत सुगम र सजिलो ठाउँमा मात्र नून आपूर्ति गरी व्यापार गर्ने र दुर्गम र हिमाली तथा पहाडी जिल्लामा कुनैपनि कम्पनी नगई नूनको आपूर्ति नभै अभाव सिर्जना हुनसक्ने सम्भावना एवं जोखिम देखिन सक्ने भनी व्याख्या गरी नागरिक जीवनको रक्षामा सरकारको जिम्मेवारी नै मुख्य हुने भनी व्याख्या गरिएको पाइन्छ ।

८. आगामी दिनका लागि सुझावहरु:

- खाद्य सम्प्रभुतासहितको भोकमुक्त नेपालको लागि खाद्य अधिकारको हनन् भएका र जोखिममा रहेका नागरिक तथा समुदायको क्षमता अभिवृद्धि गर्ने र आवश्यक कानून निर्माणका लागि पैरवी तथा यसको कार्यान्वयनका लागि सहजीकरण गर्दै न्यायमा पहुँच पुऱ्याउने ।
- खाद्य अधिकार हनन् सम्बन्धी सवाल पहिचान तथा खाद्य अधिकार हननका घटनालाई अनुगमन गर्ने, दस्तावेजीकरण र कानूनी विश्लेषण गरी सामाजिक न्यायका लागि पैरवी गर्ने,

६६ मुद्दा :– उत्प्रेषण, नेकाप, २०६२ अंकः ४, नि. नं. ७५२०

- देश संघीय संरचनामा गइसकेको र संवैधानिक व्यवस्थाको सुनिश्चितता भइसकेको अवस्थामा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता नियमावली ल्याउनुपर्ने आवश्यकता भइसकेको छ । यसैगरी प्रदेश र स्थानीय स्तरमा आवश्यक नीति नियम, ती संरचनाको कार्यसूची र समावेशिता पनि सुनिश्चितता गर्नु अत्यावश्यक छ । साथै, प्रदेश स्तरमा खाद्य सुरक्षा परिषद् र स्थानीयमा खाद्य सुरक्षा समिति बनाउनुपर्छ ।
- सरकारहरूबीचको सहवर्ती अधिकारको प्रस्टता नभएका कारण धेरै अन्योल हुनुका साथै 'पर्ख र हेर' को अवस्था देखिन्छ । सरकारहरूले आवश्यकताका आधारमा नीति ल्याए तापनि संघीय विषयगत मन्त्रालयबाट निर्दिष्ट खाका समयमा नगइदिँदा केही अन्योल पनि थपिदिएको छ । जस्तै, कृषि व्यवसाय प्रवर्द्धन नीति, अनुदान नीति आदि । यस्ता नीतिगत अन्योलका साथै राष्ट्रिय कृषि अनुसन्धानको संस्थागत दृष्टिकोण र व्यवस्थापन पक्ष अझ सुदृढ बनाउने ।
- हालको आप्रवासन, विप्रेषणमा आधारित र अनियन्त्रित बजारले गर्दा खाद्य सुरक्षा, अधिकार र सम्प्रभुतालाई हेर्ने दृष्टिकोणमा जटिलता ल्याइदिएको छ । साथै, जलवायु परिवर्तनका कारण आएका अवसर र चुनौतीलाई पनि सम्भावनाउन्मुख गर्दै लग्नुपर्ने देखिन्छ ।
- जोखिममा रहेका समुदायको खाद्य अधिकार प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धि गरी आफ्नो अधिकार दाबी गर्न सक्षम बनाउने, समान उद्देश्य भएका अन्य संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।
- नीतिगत वकालतको माध्यमद्वारा राज्यलाई उत्तरदायी बनाउनका लागि आवाज उठाउने र जोखिममा रहेका समुदायको खाद्य अधिकार प्रवद्धन गर्ने ।
- कृषिलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानेर यस क्षेत्रमा आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरण गर्दै कृषकको हकहित, संरक्षण र प्रवर्द्धन गर्न सरकारले कृषि विकास रणनीति सन् २०१५-२०३५ र अन्य धेरै कार्यक्रम बनाएको छ । यसका लागि मानव स्रोत—साधनको उपलब्धता, विषयगत दक्षताअनुसारको दरबन्दी र बहुसरोकारवाला मञ्चको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ ।
- ग्रामीण कृषि सडक अनि उल्लेख्य मात्रामा सहकारी संस्थाहरूको व्यवस्था गरी कृषि उत्पादनको बजारीकरणको व्यवस्था मिलाइनुपर्दछ ।
- किसानहरूलाई समयमै मल, बीउ र औषधिहरूको उपलब्धताको व्यवस्थासहित पर्याप्त सब्सिडीको व्यवस्था मिलाइनु पर्दछ ।
- कृषिसम्बन्धी प्राविधिक सेवा सर्वसुलभ रूपमा उपलब्ध हुने व्यवस्था मिलाइनुपर्दछ भने खाद्यान्न भण्डारणको उचित व्यवस्थासमेत हुनुपर्दछ ।
- जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालीको विकासका लागि अनुसन्धानात्मक कार्य गरीनुपर्दछ ।
- पर्याप्तमा मात्रामा सिँचाइ सुविधाको प्रबन्ध गरीनुपर्दछ ।
- जमिन बाँझो राख्ने, अनावश्यक खण्डीकरण गर्ने कार्य निरुत्साहित गरीनुपर्दछ ।

- कृषिको आधुनिकीकरण, व्यावसायीकरण, बजारीकरण गरी युवालाई कृषि व्यवसायप्रति आकर्षित तुल्याउनुपर्दछ ।
- खाद्य व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गरीनुपर्दछ ।
- मानिसहरूको खाद्य बानीमा सुधार गरीनुपर्दछ ।
- स्थानीय स्तरमा उत्पादन हुने बाली तथा खाद्यान्नका विभिन्न परिकारहरूको विकास तथा प्रवर्द्धन गरीनुपर्दछ ।
- खाद्य असुरक्षित क्षेत्रको उचित पहिचानसहित सुहाउँदो खाद्य कार्यक्रमअगाडि बढाइनु पर्दछ ।
- सरकारले कृषि विकास रणनीति सन् २०१५-२०३५ र अन्य धेरै कार्यक्रम बनाएको छ । यसका लागि मानव स्रोत-साधनको उपलब्धता, विषयगत दक्षताअनुसारको दरबन्दी र बहुसरोकारवाला मञ्चको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ ।

९. निष्कर्ष

सक्षम र स्वस्थ जीवन निर्वाहका लागि खाद्यान्नको पर्याप्त मात्रामा उपलब्धताको अवस्थालाई सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । खाद्य सुरक्षा र खाद्य सम्प्रभुता वर्तमान र भविष्यको निर्विकल्प समाधान हो भन्ने तथ्यलाई खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले हृदयंगम गरी हाम्रो कानून प्रणालीमा यसलाई संस्थागत गरेको छ । साँघुरिदो कृषि क्षेत्र र विस्तारित जनसङ्ख्याबीच उचित तालमेल मिलाई उत्पादन र उत्पादकत्व बढाउन सक्नु समय सान्दर्भिक हुन सक्ने भएको हुँदा सो कार्यका लागि खाद्यान्न प्रणालीमा किसानहरू सम्प्रभु हुनु अनिवार्य छ । स्थानीय, प्रदेश तथा संघीय तहका सरकारी निकाय, नीति निर्माता, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र तथा खाद्य अधिकार बाहकलगायत सरोकारवालाहरुले खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको सम्बन्धमा संविधान र कानूनले सुनिश्चित गरेका व्यवस्थालाई व्यवहारमा उतार्न ध्यान दिनु आवश्यक हुन्छ । खाद्य अधिकारको रक्षाका लागि अन्य मौलिक हक र मानव अधिकारका व्यवस्थालाई पनि प्रभावकारी बनाउनु आवश्यक छ । प्राचीन समयदेखि नेपाल खाद्यान्नमा आत्मनिर्भर मात्रै होइन, सीमाबाहिर निर्यातमा पनि सक्रिय थियो भन्ने इतिहासमा पढ्न पाइन्छ । हाल विद्यमान रहेको खाद्य आयातको प्रवृत्तिमा कमी ल्याउन हाम्रो उत्पादकत्वमा बृद्धि हुन आवश्यक छ । यसो गर्न सके खाद्य आत्मनिर्भरतामा बृद्धि भई निर्यातसमेत बढाउन सकिने र खाद्य सुरक्षामा आत्मसुदृढीकरण पनि बढ्ने देखिन्छ । अहिलेका संवैधानिक र कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा व्यवहारमा उतारी अबका योजना तथा कार्यक्रमहरुले कृषिमा अग्रगामी फड्को मार्नुपर्ने महशुस हुनु अपरिहार्य छ । मुलुकको समृद्धि र जन अधिकारको प्रबर्द्धनका लागि खाद्य उत्पादन, सुरक्षा र सम्प्रभुताका सबै पक्षलाई जोड दिई अगाडि बढ्नु उत्तिकै आवश्यक छ । यसले नै आगामी दिनमा हाम्रो खाद्य अधिकार व्यवहारमा सुनिश्चित पार्न सक्दछ ।

सन्दर्भ सामग्री:

१. नेपालको संविधान

२. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५

३. खाद्य ऐन, २०२३

४. न्यायदूत द्वैमासिक, वर्ष ५०, पूर्णांक २१९, नेपाल बार एसोसिएसन, काठमाडौं ।

५. नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरु, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

६. पराग, निजामती कर्मचारी संगठन, अर्थमन्त्रालय, सिंहदरबार, काठमाडौं

७. संयुक्त राष्ट्र संघीय प्रतिवेदनहरु, un.org

८. कृषि तथा खाद्य संगठनका प्रतिवेदनहरु

९. नेपाल कानून पत्रिकाका विभिन्न अंकहरु

१०. खाद्य अधिकार हनन सम्बन्धित घटना दस्तावेजीकरणहरुको संगालो, फियान नेपाल, काठमाडौं ।

११. कृषि तथा सहकारी मन्त्रालयका विभिन्न प्रकाशनहरु

१२. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

१३. सामाजिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ समेतका सन्धिहरु ।

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार[१]

१. पृष्ठभूमि

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार मूलत: महिला अधिकारसँग सम्बन्धित विषय हो। महिललाको शरीर र स्वास्थ्यसँग सम्बन्धित विषय भएको हुँदा यसलाई संवेदनशील रुपमा हेरिन्छ। नेपालको कानून र व्यवहारमा परम्परागत एवं हिन्दू धर्मशास्त्रको प्रभाव रहेको हुँदा यस विषयलाई सुरुका दिनमा महिलाहरूको हक, हित र अधिकारसँग आबद्ध गरिएको थिएन। कानून र व्यवहार संकुचित एवं भेदभावपूर्ण रहेको थियो। आधुनिक महिलावादी विधिशास्त्र (Modern feminist jurisprudence) को अवधारणासँगै महिलाको हक भेदभावरहित समानता र प्रजनन स्वास्थ्य (Reproductive health) अधिकारको रुपमा विकास हुँदै आएको हो। संविधानमा नै महिलाको हकलाई मौलिक हक (Fundamental right) को रूपमा सुरक्षित गरिएको छ। सुरक्षित मातृत्व तथा प्रजनन अधिकारले कुनै पनि बेला अनिश्चित गर्भ रहेमा र त्यसले आफ्नो काम, भविष्य वा स्वास्थ्यमा नकारात्मक असर पार्ने देखिएमा महिलाले त्यो गर्भ त्याग्न सक्ने अधिकारलाई आत्मसाथ गर्दछ। आफ्नो गर्भमा रहेको भ्रुणको कारणले महिलालाई समस्या परेको अवस्थामा गर्भपतन गराउन पाउने तथा महिलाको स्वीकृति बेगर निजको गर्भपतन गराउन नपाउने यी दुई विषय सुरक्षित मातृत्व तथा प्रजनन अधिकारका मुख्य विषय हुन्।

सुरक्षित मातृत्व र प्रजनन अधिकार एवं गर्भपतन सम्बन्धी कानूनसँग अन्तरसम्बन्धित विषय हुन्। नेपालको फौजदारी कानूनमा लामो समयसम्म गर्भपतनलाई गैरकानूनी कार्यको रूपमा लिइएको थियो। गर्भपतन गराउने कार्यलाई अपराध मानिएको थियो। यति मात्र नभई बच्चा जन्माउने वा नजन्माउने अधिकार सम्बन्धित महिलामा निहित रहेको थिएन। गर्भपतन गर्ने कार्यलाई ज्यान सम्बन्धी अपराधको रूपमा लिइने तत्कालीन मुलुकी ऐनको व्यवस्थामा संशेधन गरी निश्चित प्रक्रिया र अवस्थामा गरिएकोमा अपराध नमानिने व्यवस्था गरीयो। हाल गर्भपतन सम्बन्धी कार्यलाई महिलाको प्रजनन अधिकारको रुपमा ग्रहण गरिएको छ। हालको कानूनी व्यवस्था हेर्दा गर्भपतनको कार्य अपराध र अधिकार दुवै हो भन्न सकिन्छ। कुन अवस्थामा अधिकार र कुन अवस्थामा अपराध यही बीचबाट सुक्ष्म रूपमा हेरिनु पर्दछ। विशेष कानूनको रुपमा आएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले यस सम्बन्धमा गरेको व्यवस्थाका सम्बन्धमा यहाँ चर्चा गरिएको छ।

२. सुरक्षित मातृत्व तथा प्रजनन अधिकारको विकास

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ *[Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW), 1979]*[२] को धारा

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता ध्रुवकुमार चौहान र उपन्यायाधिवक्ता सोमकान्ता भण्डारी

११(१)(च) मा "प्रजनन पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने अधिकार एवं कार्यगत अवस्थामा सुरक्षाको अधिकार" को प्राप्ति सुनिश्चित गर्ने दायित्व पक्ष राष्ट्रहरूको हुने भनी उल्लेख गरिएको छ। यसैगरी धारा १२(२) ले "पक्ष राष्ट्रहरूले महिलालाई गर्भधारणको समयमा, प्रसुतिको समयमा तथा सुत्केरी भैसकेपछिको अवधिका सम्बन्धमा चाहिँदो सेवाहरू एवं गर्भवती समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकतानुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था गर्नेछन्" भन्ने व्यवस्था गरेको छ।

नेपालको कानूनी व्यवस्थामा प्रवेश पाउन सर्वोच्च अदालतले सार्वजनिक सरोकारको (Public interest litigation, PIL) माध्यमबाट महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। साथै यस विषयमा भएका विभिन्न अनुसन्धान, शोध कार्य, महिला अधिकारकर्मीहरूको आवाज पनि उत्तिकै महत्वपूर्ण रहेको अवस्था छ। सर्वोच्च अदालतले अदालतमा प्रवेश गरेका विषयहरु मार्फत थुप्रै नयाँ धारणा एवं सिद्धान्तलाई उल्लेख गरेको छ। कानूनमा भएका भेदभावपूर्ण एवं असमान कानूनी प्रावधान हटाउन वा नयाँ कानून निर्माण गर्नका लागि निर्देशात्मक आदेशहरू जारी गरेको छ। कतिपय अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट आफूमा भएको न्यायिक पुनरावलोकन (Judicial review) गर्ने अधिकारको प्रयोग गरी असंवैधानिक कानून भेदभावपूर्ण कानूनी व्यवस्था र असमान कानूनलाई शुन्य घोषणा (Ultra vires) गर्न पुगेको छ।[३] यस्तै सर्वोच्च अदालतबाट नियमित मुद्दाको रोहमा आउने गरेका थुप्रै महिला सम्बन्धी कानूनसँग आबद्ध विषयहरूमा कानूनको सकारात्मक व्याख्याद्वारा महिलाहरूको हकहित संरक्षण र महिला हिंसासँग आबद्ध थुप्रै विषयहरूमा सिद्धान्तहरू प्रतिपादन भएको छ। कतिपय अवस्थामा निर्देशात्मक आदेशसमेत जारी गर्ने देखिन्छ। त्यसैगरी कानून नैनभएका विषयहरूमा अदालतबाट आफैं कानूनको अभाव भएको अवस्थामा निर्देशिकाहरू निर्माण गरी लागू गर्ने गरेको छ।[४] यसरी सर्वोच्च अदालतले महिलाको हक, हित, सुरक्षा एवं तिनीहरूको संरक्षण प्रदान गर्ने सवालमा आफूमा अन्तर्निहित पुनरावलोकन गर्ने अधिकार, व्याख्या गर्ने अधिकार, आवश्यक अधिकार दिने अधिकार तथा आफूमा रहेको स्वविवेकात्मक अधिकारको प्रयोगको माध्यमबाट महिला सम्बन्धी कानूनलाई जीवन्तता दिने, विकसित गर्ने तथा नयाँ नयाँ धारणाहरू नेपाली कानूनमा समाहित गर्ने कार्य गर्दै आएको छ।[५]

पहिलो पटक नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० मा महिलाको हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति (Constitutional guarantee) गरेको थियो। प्रचलित नेपालको संविधानको धारा ३८ मा सोको निरन्तरता र संवैधानिक संरक्षण (Constitutional protection) हुनु

२ यो महासन्धिलाई नेपालले वि.सं. २०४८ वैशाख ९ अर्थात् २२ अप्रिल १९९१ मा अनुमोदन गरिसकेको छ ।

३ प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, नेपालमा गर्भपतन सम्बन्धी कानून : एक सिंहावलोकन, प्रतिपादन वर्ष ७ अंक १ (२०७७), राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजू काठमाडौं, पृ. ७१।

४ सपना प्रधान मल्ल समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत मुद्दाः गोपनीयताको हक सुरक्षित गर्न परमादेश लगायत जारी गराई पाउँ, सअवु. (२०६४) माघ विशेषाङ्क, प्रकाशमणि शर्मा विरुद्ध महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत मुद्दाः क्याबिन डान्स रेस्टुरेन्ट एवं मसाज पार्लर लगायत कार्यस्थलमा हुने यौन शोषण रोक्न परमादेश, नेकाप (२०६५) पृ. ९९९ नि. नं. ८००५ आदि।

५ पूर्वपाद टिप्पणी नं. २, पृ. ७१ ।

आफैंमा नेपालको महिलावादी आन्दोलनले स्थापित गरेको ठूलो छलाङ्ग एवं फड्को मान्न सकिन्छ। यस अवस्थासम्म आई पुग्न महिलावादी आन्दोलन, राजनीतिक परिवर्तनले प्रभाव पारेको देखिन्छ। साथै सर्वोच्च अदालतले निवेदनको रूपमा अदालतमा प्रवेश गरेका रिट र मुद्दाको माध्यमबाट प्रतिपादन गरेको सिद्धान्त, सरकारलगायत सम्पूर्ण सरोकारवाला निकायहरूलाई निर्देशात्मक आदेश (Directive orders)जारी गरी सक्रिय एवं सकारात्मक भूमिका निभाउँदै आएको पाइन्छ।

नेपालको संविधान, २०७२ को धारा ३८ ले महिलाको हक (Rights of women) लाई मौलिक हकको रूपमा घोषणा गरेको छ । धारा ३८ को उपधारा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने भनी (Reproductive Health) लाई महिलाको हकको अभिन्न अंगको रूपमा घोषणा गरेको छ। संविधानमा समावेश गरिएको केही महत्वपूर्ण मौलिक हकलाई कार्यान्वयन र प्रचलन गर्न आवश्यक कानून निर्माण गर्ने क्रममा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि अलग्गै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ कार्यान्वयनमा आएको छ। यो ऐनले प्रजनन स्वास्थ्यका थुप्रै पाटाहरूबारे व्यवस्था गरेको भएपनि यो लेखले गर्भपतन सम्बन्धी अपराधसँग मात्र सरोकार राख्ने भएकोले त्यसैमा सीमित रहेर यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ।

३. नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कानूनको विकासक्रम

सुरक्षित मातृत्व तथा प्रजनन अधिकारसँग भ्रुणको सुरक्षित रुपमा जन्मन पाउने अधिकारलाई सँगसँगै राखेर हेरिनु पर्दछ। भ्रुणको जीवनको अधिकार, महिलाको शरीर माथिको अधिकार, प्रजनन स्वास्थ्य अधिकार (Reproductive Right) र यस सम्बन्धमा विभिन्न धार्मिक अवधारणा समेतले गर्भतपनलाई राजनीतिक रूपमा नै विवादास्पद बनाएको छ।[६] मूलतः भ्रुणणको रक्षा हुनुपर्दछ भन्ने जीवनवादी (Pro-life) र स्वेच्छामा गर्भपतन गर्न पाउनुपर्दछ भन्ने इच्छावादीहरू (Pro-choice) का बीचमा द्वन्द्वात्मक बहसको अवस्था हाल पनि कायम नै रहेको पाइन्छ।[७] मानव जीवनको प्रारम्भिक स्वरूप भएको हुनाले भ्रुण वा गर्भलाई संरक्षण गर्नुपर्ने विषय, कसैले बदनियतले वा जबर्जस्ती वा अन्य कुनै किसिमले जाल प्रपञ्च गरी आमाको इच्छा विपरीत गर्भपतन गराएको अवस्थामा सो कार्यलाई अपराधको रूपमा परिभाषित गरी यसको संरक्षण गर्ने दायित्व राज्यको हो र यही दायित्व पूरा गर्नको लागि फौजदारी कानूनको विषयको रूपमा गर्भपतन रहन गएको हो।[८]

महिलालाई प्रजनन अधिकार हुने भएकोले निजले आफ्नो स्वेच्छामा गर्भपतन गर्न पाउने अधिकार हुनुपर्दछ भन्ने महिलावादी विधिशास्त्र (Feminist Jurisprudence) ले स्थापित गरेको मान्यता हो।[९] यस्तो

६ प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी,फौजदारी कानूनको परिचय,(२०७७), लुम्बिनी प्रकाशन, काठमाडौं, पृ. ४०५ ।

७ रा.न्या.प्र. (२०७०), फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २९५ ।

८ पूर्ववत् पादटिप्पणी नं. ५,पृ. ४०५ ।

९ पूर्वपाद टिप्पणी नं. २,पृ. ७५ ।

अधिकारलाई स्वीकार गर्न संवैधानिक र कानूनी व्यवस्था गरिएको अवस्थामा महिलाको इच्छा विपरीत वा झुक्याई वा अन्य कुनै प्रकारले अन्य व्यक्तिले गर्भपतन गराएमा सो कार्यलाई फौजदारी कानूनले निषेध गर्नु आवश्यक हुन्छ। यही कारणले गर्भपतनको विषयवस्तु निरपेक्ष रूपमा फौजदारी कानूनको दायराबाट बाहिर जान सक्दैन।[१०]

महिलावादी आन्दोलन र महिलाको प्रजनन स्वास्थ्य र प्रजनन हकको मान्यताको आन्दोलनद्वारा गर्भपतन गर्ने अधिकारलाई महिलाको मानव अधिकार र महिलाको जीवन, आत्मनिर्णय र सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग गाँसिएर हेरिन थाले पछि र गर्भपतनलाई छुट्टै धारणाको रूपमा विकसित गरी यसलाई पनि ज्यान सम्बन्धी अपराधबाट अलग्याएर र छुट्टै धारणाको रूपमा हेरिन सुरु गरिएको हो ।[११]

नेपालमा स्वास्थ्य सेवाको पहुँच, जनचेतनाको अभाव, गर्भपतनलाई सामाजिक वा धार्मिक कारणले गलत मानिनु, कानूनी व्यवस्थाको जानकारी नहुनु आदिले गर्दा समयमै अनिच्छाको गर्भपतन गर्ने कार्य सहज नरहेको यथार्थता छ। असुरक्षित रूपमा गरीने गर्भपतनले अकालमा धेरै महिलाले ज्यान गुमाएको अवस्था छ। यसले मातृ मृत्युदर बढाएको छ। मातृ मृत्युको १३ प्रतिशत मृत्यु असुरक्षित गर्भपतनको कारण हुन्छ भने असुरक्षित गर्भपतनको कारण अन्य मातृ रुग्णताको जोखिम पनि हुन्छ।[१२] गर्भपतनले कानूनी मान्यता पाई सरकारबाट सुरिक्षत गर्भपतन सेवा उपलब्ध भए तापनि धेरै नेपाली महिलाहरूको सुरक्षित गर्भपतन सेवामा पहुँच नपुगेको अध्ययनहरूले देखाएका छन्।[१३] नेपालमा अझै पनि गर्भवती महिलाले आफ्नो स्वेच्छाले कानूनी प्रक्रिया पुऱ्याई गर्भपतन गर्दा वा अन्य कुनै कारणले गर्भपतन हुँदा समेत गर्भवती महिलालाई नै विभिन्न प्रकारको लान्छना लगाउने, अपराधी मान्ने र कारबाही हुने गरेको र सोही कारण महिलाहरू जेल सजाय भोग्नु परेका अवस्थाहरू छन्।[१४] सम्मानपूर्वक र स्वस्थ्य जीवन जिउन पाउने अधिकार मानव अधिकारको विषय हो। मूलतः गर्भपतनको विषयलाई फौजदारी कानूनको कठोर विषयको रूपमा लिँदा प्रजनन अधिकार माथि असर परेको देखिन्छ।

गर्भपतन सम्बन्धी कसूरलाई मुलुकी ऐन, १९१० मा "जातकमारा" भनी अपराधीकरण गरिएको पाइन्छ । मुलुकी ऐन, २०२० ले यसलाई ज्यान सम्बन्धी कसूरको रूपमा ग्रहण गरेको थियो। अदालती अभ्यासमा यी कसूरमा सजाय गर्दा तत्कालीन मुलुकी ऐन, अदालती वन्दोवस्तको महलको १८८ नं. को प्रयोग गरी सजाय घटाउने गरिएको थियो। नेपालमा पहिलो पटक मुलुकी ऐन (एघारौं संशोधन), २०५८ द्वारा निश्चित अवस्थामा प्रक्रिया पूरा गरी गर्भपतन गराउन पाउने कानूनी व्यवस्था गरिएको थियो। एघारौं संशोधनले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ नं. संशोधन

---

१० पूर्ववत् पादटिप्पणी नं.,५,पृ. ४०५ ।

११ प्रा. डा. रजितभक्त प्रधानाङ्ग समेत (२०६२) फौजदारी कानूनको परिचय, काठमाडौंः भुकुटी एकेडेमिक पब्लिकेशन, पृ. ४६३ ।

१२ प्रजनन स्वास्थ्य अधिकार,स्रोत सामग्री -२०७६_,राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजू, काठमाडौं, पृ.१० ।

१३ गर्भपतन कानून तथा कार्यान्वयनमा गर्नु पर्ने सुधार : मुद्दाहरूको मिसिल अध्ययनबाट देखिएको तथ्यहरू । (२०७५) महिला,कानून र विकास मञ्च (FWLD) र सेन्टर फर रिप्रोडक्टिभ राइटस ।

१४ प्रजनन स्वास्थ्य अधिकार,स्रोत सामग्री -२०७६_,राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजू, काठमाडौं, पृ.९ ।

गरी गर्भपतन सम्बन्धी दायरमा बढाएको थियो। यसैगरी लैङ्गिक समानता कायम गर्ने ऐन, २०६३[१५] ले महिलासम्बन्धी कानूनमा व्यापक परिमार्जन, संशोधन एवं थपघट गरेको थियो। यो ऐनले गर्भपतन सम्बन्धी कानूनमा केही थप प्रावधानहरूको व्यवस्था गरी ज्यानसम्बन्धी महलको २८क नं. संशोधन गरेको थियो। यसैगरी "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले ज्यान सम्बन्धी महलको ३२नं. मा संशोधन गरेको थियो। फौजदारी कानूनलाई परिमार्जन र आधुनिकीकरण गर्ने गरी जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले गर्भपतन सम्बन्धी कानूनी व्यवस्थालाई निरन्तरता दिएको छ। साथै विशेष कानूनको रुपमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५जारी भई सोही सालको असोज २ गते देखि लागू भएको छ ।

४. सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कानूनी व्यवस्था

४.१ नेपालको संविधान

नेपालको संविधानको मौलिक हकमा गरिएको महिलाको हक अन्तर्गत धारा ३८ को उपधारा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्था गरिएको छ ।प्रजनन स्वास्थ्य सेवाले सुरक्षित गर्भधारण र सुत्केरी पूर्व र पश्चातको स्वास्थ्य सेवा, एचआईभी र एड्स लगायतका अन्य रोगहरूको रोकथाम तथा उपचार,गर्भपतनको अधिकार, बाँझोपनको उपचार, गर्भनिरोधक साधनहरूको सहज उपलब्धतासहित प्रजनन स्वास्थ्य सम्बन्धी वास्तविक सूचना प्राप्त गर्ने लगायतका विषयहरूलाई जनाउँदछ।[१६] यसले प्रजनन पद्धति, प्रक्रिया, प्रजनन क्षमता र प्रजनन कार्यसँग सम्बन्धित शारीरिक विशिष्टता तथा रोगहरूबाट हुने संक्रमणका अतिरिक्त शारीरिक, मानसिक तथा सामाजिक रूपमा पूर्ण स्वास्थ्यको अवस्थालाई जनाउँछ।[१७] त्यसैगरी महिलाको यौन तथा प्रजनन चक्रलाई प्रभाव पार्ने सबै प्रकारका हिंसा सम्बोधन गर्ने विषय पनि प्रजनन स्वास्थ्य अन्तर्गतका विषय पर्दछन्।[१८]

४.२ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

कानूनले निर्धारित शर्त बन्देज र प्रक्रिया पूरा गरी गर्भमा रहेको भ्रुणको (Fetus) नाश वा तुहाउने वा गिराउने कार्यलाई कानूनी गर्भपतन (Legal Abortion) भनिन्छ।[१९] यदि गर्भमा रहेको भ्रुणलाई कानूनी रूपमा वा कानूनले निर्धारण गरेको प्रक्रिया पूरा नगरी गर्भवती महिलाको स्वेच्छा वा स्वेच्छा विरूद्ध गिराउने, तुहाउने वा नाश गर्ने कार्य गरिन्छ भने त्यसलाई आपराधिक गर्भपतन (Criminal abortion) भनिन्छ। "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै

---

१५ यसलाई समान्य बोलीचालीको भाषामा लैङ्गिक समानता कायम गर्ने (पहिलो) ऐन, २०६३ पनि भन्ने गरिन्छ ।

१६ महिलाको प्रजनन स्वास्थ्य अधिकारःसञ्चार स्रोत सामग्री-२०७६_,महिला,कानून र विकास मञ्च (FWLD) पृ. ९।

१७ अन्तर्राष्टिय जनसंख्या तथा विकास सम्मेलन कार्य योजना -ICPD-POA_, १९९४ ।

१८ प्रजनन स्वास्थ्य अधिकार,स्रोत सामग्री -२०७६_, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजू, काठमाडौं, पृ. ५।

१९ पूर्वपाद टिप्पणी नं. २, पृ. ७६ ।

गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ भनी सुरक्षित मातृत्व तथा प्रजनन स्थास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (घ) मा परिभाषित गरिएको छ। यो ऐन आउनु भन्दा अगाडी गर्भपतन सम्बन्धी कसूरको व्यवस्था गरीए पनि कानूनमा नै गर्भपतनलाई परिभाषित गरिएको थिएन । गर्भपतनमा सधैं भ्रुण (Fetus) वा नवभ्रुण (Embryo) को नाश, पतन वा गिऱ्याउने क्रियाकलाप यसको अध्ययनको विषयवस्तुको रूपमा आउने गर्दछ। गर्भपतन सम्बन्धी कानून र कानूनी व्यवस्था तल अलग अलग उल्लेख गरिएको छ।

४.२.१ प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (ढ) मा "प्रजनन स्वास्थ्य" भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यको स्थिति सम्झनु पर्छ भनी परिभाषित गरिएको छ। यसैगरी "प्रजनन स्वास्थ्य अधिकार" भन्नाले दफा ३ बमोजिमको अधिकार सम्झनु पर्छ भनी उल्लेख गरिएको छ। यस ऐनमा प्रजनन स्वास्थ्य अधिकारको व्यवस्था गर्दै देहायका अधिकारको व्यवस्था गरिएको छ:[२०]

(१) प्रत्येक महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी सेवा परामर्श तथा सूचना प्राप्त गर्ने अधिकार हुनेछ।

(३) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ। प्रत्येक महिलालाई गर्भान्तर वा सन्तानकोसंख्या निर्धारण गर्ने अधिकार हुनेछ।

(४) प्रत्येक व्यक्तिलाई गर्भ निरोधका साधनको सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने अधिकार हुनेछ।

(५) प्रत्येक महिलालाई यस ऐन बमोजिम गर्भपतन सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(६) प्रत्येक महिलालाई गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रुग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने अधिकार हुनेछ।

(७) प्रत्येक महिलालाई प्रसूतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, सुत्केरी पश्चातको गर्भ निरोधको सेवा पाउने अधिकार हुनेछ।

(८) प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत आकस्मिक प्रसूति सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आकस्मिक सेवा पाउने अधिकार हुनेछ।

२० सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३ ।

(९) प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रूपले पाउने अधिकार हुनेछ।

(१०) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार हुनेछ।

यसैगरी सो ऐनमा सुरक्षित गर्भपतन गर्न पाउने[२१] कानूनी व्यवस्था गर्दै देहायको अवस्थामा गर्भवती महिलालाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुने व्यवस्था गरिएको छः

(क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भ,

(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरी बमोजिम अठ्ठाईस हप्तासम्मको गर्भ,

(ग) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अठ्ठाईस हप्तासम्मको गर्भ,

(घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा अठ्ठाईस हप्तासम्मको गर्भ,

(ङ) भ्रुणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रुणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा अठ्ठाइस हप्तासम्मको गर्भ।

तर बलपूर्वक गर्भपतन गराउन भने यस ऐनले निषेध गरेको छ।ऐनको दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन । गराउन समेत हुँदैन।उक्त ऐनमा देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिने कानूनी व्यवस्था गरिएको छ :[२२]

(क) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराएमा,

(ख) कुनै रिसइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा,

(ग) खण्ड (क) र (ख) बमोजिमको कुनै कार्य गर्न सहयोग पुऱ्याएमा ।

गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको मानिन्छ । साथै गर्भमा रहेको भ्रुणको लिङ्ग

२१ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा !%.

२२ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा!^.

पहिचान हुने कुनै कार्य गर्न वा गराउन र गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न नहुने तथा लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन समेत नहुने कानूनी व्यवस्था सो ऐनमा गरिएको छ।

साथै उक्त ऐनमा तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई दफा १५ बमोजिमको सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु पर्ने हुन्छ । सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्नु परेमा गर्भवती महिलाले वा होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था वा १८ वर्ष उमेर पूरा नभएका गर्भवती महिलाका हकमा संरक्षक वा माथवरले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्दछ। अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्दछ।[२३]

४.२.२. सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कसूर सजाय

कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :[२४]

(क) दफा ५ बमोजिमको गर्भवती सेवा लिनबाट वञ्चित गरेमा,

(ख) दफा ६ बमोजिम प्रसूति सेवा प्रदान गर्ने कुनै स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) दफा ७ बमोजिम आफ्नो स्वास्थ्य संस्थामा उपचार गर्न सम्भव हुँदाहुँदै वा जानाजान अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गरे वा गराएमा,

(घ) दफा ९बमोजिम स्वास्थ्य संस्थाले जन्म प्रमाणपत्र नदिएमा,

(ङ) दफा ११बमोजिम बलपूर्वक परिवार नियोजन गराएमा,

(च) दफा १२बमोजिम बलपूर्वक गर्भ निरोधको साधन प्रयोग गराएमा

(छ) दफा १६ बमोजिम गर्भपतन गराएमा,

(ज) दफा १७ को उपदफा (१) र (२) विपरित भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गरेमा,

(झ) दफा १७ को उपदफा (३) बमोजिम लिङ्ग पहिचान गरी गर्भपतन गराएमा,

(ञ) दफा १९ को उपदफा (२) विपरित गोपनीयता भङ्ग गरे वा गराएमा,

(ट) दफा २१ विपरित विस्थापन गरे वा गराएमा,

---

२३ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १८.

२४ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २५ ।

(ठ) दफा २९ विपरित भेदभाव गरेमा।

कसैले दफा यस ऐनको दफा २५ अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुने कानूनी व्यवस्था गरिएको छ :-[२५]

(क) खण्ड (क), (ख), (ग), (घ) र (ठ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय,

(ख) खण्ड (ङ) र (च) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना,

(ग) खण्ड (छ), (ज) र (झ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ बमोजिमको सजाय,

(घ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई पचास हजार रुपैंयासम्म जरिबाना,

(ङ) खण्ड (ट) बमोजिमको कसूर गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाखसम्म जरिबाना वा दुवै सजाय।

यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट तोकिए बमोजिम मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्ने[२६] कानूनी व्यवस्था रहेको छ ।यस ऐनको दफा २५ मा कसूर सम्बन्धी व्यवस्था गरिएको भए पनि असल नियतले गरिएको काममा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई उन्मुक्ती दिएको अवस्था छ।यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असल नियतले प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको विषयलाई लिएर कुनै पनि स्वास्थ्य संस्था तथा स्वस्थ्यकर्मी विरुद्ध कुनै किसिमको कानूनी कारबाही चलाइने छैन।[२७]

४.३ मुलुकी अपराध संहिता, २०७४

मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने गरी लागू भएको यस संहिताले समेत गर्भपतन सम्बन्धी कसूरको व्यवस्था गरेको छ।कानूनमा तोकिएको अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउन नहुने कानूनी व्यवस्था गरेको छ।साथै कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन समेत निषेध गरेको छ।कानून विपरित कसैले गर्भपतन गर्ने गराउने कार्य गरेमा देहाय बमोजिमको सजाय हुने कानूनी व्यवस्था रहेको छ :[२८]

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैंयासम्म जरिबाना,

---

२५ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २६।
२६ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २७।
२७ सुरक्षित मातृत्व तथा प्रजननस्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३४।
२८ मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ ।

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिबाना,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना ।

साथै गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको मानिन्छ। कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भपतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस ऐन वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुने कानूनी व्यवस्था गरिएको छ।

कसैले कुनै गर्भवती महिला बिरुद्ध कुनै रिस इवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुने कानूनी व्यवस्था छ :– [२९]

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद।

कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउने कार्यलाई अपराधीकरण गरिएको छ। यदि गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद गर्ने र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई थप एक बर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था गरिएको छ।

संहिताको दफा १८८ मा गर्भपतन गर्न गराउन निषेध गरिएको भए पनि स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा गर्भपतनको कसूर नमानिने व्यवस्था गरिएको छ :[३०]

(क) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,

(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

(ग) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

२९ मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ को उपदफा (६) ।
३० मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ ।

(घ) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा ।

५. सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धमा सर्वोच्च अदालतका दृष्टिकोणहरू

नेपालको सन्दर्भमा महिला सम्बन्धी कानून त्यसमा पनि विशेष गरेर महिलाको प्रजनन स्वास्थ्य र प्रजनन सम्बन्धी हक, हिंसा विरूद्धको हक र महिलाको समानताको हकको परिप्रेक्ष्यमा सम्मानित सर्वोच्च अदालतको न्यायिक सक्रियता (Judicial creativity), अदालती व्याख्या (Judicial interpretation), न्यायिक पुनरावलोकन (Judicial review) तथा सम्मानित सर्वोच्च अदालतमा अन्तर्निहित स्वविवेकाधिकार तथा आवश्यक आदेशहरू जारी गर्न पाउने अधिकारको प्रयोग गरी महिला सम्बन्धी कानूनको विकास र महिला सम्बन्धी कानूनलाई हाम्रो हिन्दू धर्ममा आधारित परम्परागत पितृसत्तात्मक सोचबाट आधुनिक समानतामूलक भेदभावरहित कानूनमा परिवर्तन गर्नमा ठूलो भूमिका निभाएको छ। माथि नै भनीयो, मुलुकी ऐन (एघारौं संशोधन) २०५९ ले गर्भपतनलाई केही निश्चित अवस्थामा कानूनी मान्यता (Legalization) प्रदान गरी सक्दा पनि नेपाल सरकारले समयमा गर्भपतनसम्बन्धी प्रक्रिया नबनाएको कारणबाट यो अधिकार झण्डै दुई वर्षसम्म कागजी अधिकारको रूपमा रहेकोले FWLD ले आवश्यक प्रक्रिया बनाउन सरकारलाई दबाब दिने हेतुले दिएको रिट निवेदनकै कारणबाट सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० नेपाल सरकारले जारी गरेको हो। मुलुकी ऐन (एघारौं संशोधन) २०५८ ले गर्भपतनलाई कानूनी मान्यता प्रदान गरीसकेपछि सम्मानित सर्वोच्च अदालतमा गर्भपतन सम्बन्धी कानूनद्वारा व्यवस्थित गरीएका कानूनी व्यवस्थाहरूको सन्दर्भमा तीनवटा मुद्दाहरू सम्मानित सर्वोच्च अदालतमा रिटको माध्यमबाट प्रवेश गरी सो रिटहरूमा सम्मानित सर्वोच्च अदालतमा निर्णय समेत भई ती मुद्दाहरूमा अदालतबाट सकारात्मक व्याख्या समेत भई सो मुद्दाहरूमा भएको आदेशबाट वर्तमान गर्भपतनसम्बन्धी कानून कार्यान्वयन र प्रचलन गर्नमा सहज तुल्याई दिएको छ। सर्वोच्च अदालतबाट भएको निर्णयहरूलाई वर्तमान गर्भपतन सम्बन्धी कानूनको कार्यान्वयन एवं प्रचलन गर्नमा सकारात्मक भूमिका निभाएको छ। गर्भपतन सम्बन्धी कानूनसँग आबद्ध कानून व्यवस्थासँग सम्बन्धित थुप्रै प्रत्यक्ष र अप्रत्यक्ष विषयहरूमा सम्मानित सर्वोच्च अदालतबाट निर्णयहरू भई सकेको भए पनि ती सबै निर्णयहरूको सम्बन्धमा छलफल एवं विवेचना नगरी मुलतः गर्भपतन सम्बन्धी कानूनको सम्बन्धमा व्याख्या र विवेचना भएका केही महत्त्वपूर्ण मुद्दाहरूका सम्बन्धमा मात्र यहाँ छलफल गरिएको छ ।

५.१ अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[३१]

यो मुद्दा मुलुकी ऐन (एघारौं संशोधन) २०५९ द्वारा गर्भपतन गरे वापत सजाय गर्दा तत्कालीन ज्यानसम्बन्धी महलको २८ नं. र २८कनं.मा गर्भपतनमा सजाय गर्दा गर्भपतन गराउने महिलाको स्वीकृति वा संलग्नतामा गरीने गर्भपतनमा भन्दा महिलाको स्वीकृति बेगर र महिलामाथि गरीने कुनै

३१ नेकाप २०६२, अंक १ पृ. १० नि.नं. ७४७८ ।

हिंसात्मक गतिविधिको बाबजुद आपराधिक क्रियाकलापबाट हुन जाने गर्भपतन वा तुहिन जाने अवस्थामा ठीक आधा सजाय नै फरक पर्ने गरी सजायको व्यवस्था गरिएको समानताको सिद्धान्त विपरित र फौजदारी न्याय विपरित भएकोले सो बदर गरी सो असमान एवं भेदभावपूर्ण कानून महिलाको अधिकार विरूद्ध उक्त प्रावधानहरूलाई उत्प्रेषणयुक्त परमादेशको आदेशद्वारा बदर गरी समानताको सिद्धान्तमा आधारित आवश्यक कानूनी व्यवस्था गर्नु गराउनु भन्ने रिट परेकोमा सम्मानित सर्वोच्च अदालतको विशेष इजलाशद्वारा "गर्भपतनसम्बन्धी कसूरमा गर्भवती महिला र सो कसूरमा संलग्न अन्य पुरुष वा महिलालाई गरिएको सजायमा विभिन्नता देखिएको भएपनि उक्त कानूनी व्यवस्था मुलुकी ऐन एघारौं संशोधनबाट थप भई आएको देखिएको, त्यसको अनौचित्यता र असमानता भएको भन्ने सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान, छलफल र विचार–विमर्श गरी निष्कर्ष निकालिनुपर्ने देखिएको, विधायिकी सक्षमता र बुद्धिमत्तामा समेत अदालतले समुचित ध्यान पुऱ्याउनुपर्ने भएको, अमान्य र बदर घोषित गर्दा गर्भपतनसम्बन्धी अपराधको कानूनी शून्यता र दण्डहीनताको अवस्था समेत सिर्जना हुन सक्ने समेत हुँदा निवेदकले माग गरे बमोजिम सो २८, २८क र ३२ नं. को व्यवस्थालाई हाल असंवैधानिक घोषित गर्न मिल्ने भएन । २८ नं. मा भएको सजायसम्बन्धी व्यवस्था सापेक्षित रूपमा उपयुक्त नै हुँदा सोव्यवस्थासँग सामञ्जस्य हुने गरी २८क र ३२ नं. को कानूनी व्यवस्थालाई आवश्यक संशोधन गर्नु वा गर्भपतनसम्बन्धी अपराधमा सजायसम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशात्मक आदेश जारी गरिएको छ ।

यसरी यस मुद्दामा जारी गरिएको निर्देशात्मक आदेश समेतलाई मध्यनजर गर्दै लैङ्गिक समानता कायम गर्ने ऐन, २०६३ अन्य असमानता सम्बन्धी कानूनको संशोधन र परिमार्जन गर्ने क्रममा ज्यान सम्बन्धी महलको २८ र २८क मा रहेको भेदभावपूर्ण प्रावधानको अन्त्य गरी दुवै अवस्थाका कसूरहरूमा गर्भवती महिलाको गर्भमा रहेको भ्रुणको अवधिको आधारमा गर्भ पतनसम्बन्धी अपराधमा मुलुकी ऐन (एघारौं संशोधन) द्वारा निर्धारित सजायसँग समान हुने गरी २८क लाई संशोधन गरिएको छ भने एघारौं संशोधनले २८क ले लिङ्ग पहिचान गर्ने कार्यलाई छुट्टै अपराध र लिङ्ग पहिचान गरी गरीने गर्भपतन गराउने कार्यलाई छुट्टै अपराधीकरण नगरी सम्मुचमा २८क मा नै सजायको व्यवस्था गरिएकोमा लैङ्गिक समानता कायम गर्ने ऐन, २०६३ ले मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलमा २८ग र २८घ थप गरी लिङ्ग पहिचान गर्ने कार्यलाई छुट्टै र लिङ्ग पहिचानपछि गरीने गर्भपतनलाई छुट्टै अपराधको रूपमा घोषणा गरी दुवैमा छुट्टाछुट्टै सजायको व्यवस्था गरिएको छ ।

५.२ लक्ष्मीदेवी धित्त, महिला कानून र विकास मञ्च समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत[३२]

यस रिटमा निवेदिका लक्ष्मी देवी धित्त सुदूरपश्चिमको एक गरीब परिवारका महिला हुन् । तिनी पाँच वटा बालबच्चाकी आमा छिन् । तिनी छैठौं पटक गर्भवती हुन पुगिन् । तिनी सो गर्भ राख्न

३२ नेकाप २०६७, अंक ९, नि. नं. ८४६४ ।

चाहँदिनन् र सो गर्भपतन गर्न सरकारले निर्धारण गरेको रु. ११३०।– गर्भपतन सेवा लिए वापत लाग्ने रकम सरकारी अस्पतालमा तिनुपर्ने शुल्क नभएको कारणबाट अनिच्छुक गर्भ (Unwanted pregnancy) लाई निरन्तरता दिनुपर्ने भएकोले गर्भपतन सेवालाई सबैको पहुँच सबैलाई सहज हुने गरी कानूनको निर्माण समेत गर्न गराउन पाऊँ भन्ने उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन परेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।२।६।४ मा सुरक्षित गर्भपतन सेवा प्राप्त गर्नमा महिलाहरूलाई विभिन्न अवस्थाहरूले बाधा परेको सुरक्षित गर्भपतन सेवाको पहुँचमा सहजता नभएको महसुस गरी सम्मानित सर्वोच्च अदालतबाट निम्न बमोजिम गर्ने गराउने गरी निर्देशात्मक आदेश जारी गरिएको छ ।

- भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भ भित्रै मात्र हुन्छ । त्यसैले भ्रुणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरुद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने।
- लोग्नेको बाबु हुने अधिकारको दावी बेला बखतमा नहुने होइन, त्यसो भए स्वास्नीको आमा हुने हकको सम्बोधन पनि हुनुपर्ने हुन्छ। लोग्नेलाई बाबु हुने रहर पूरा गर्न पत्नीले सबै अनिच्छा र शारीरिक जोखिम वा प्रतिकूलताको अतिरिक्त बाध्य हुनुपर्छ भनी मानेको खण्डमा पत्नीले आफ्नो शरीरमाथिकै नियन्त्रण गुमाउँछ, जसको परिणामस्वरूप प्रत्यक्ष एवं परोक्ष रूपमा निरन्तर अधिनस्थता कबुल गर्नुपर्ने हुन्छ। जसरी पत्नीले अनिच्छुक पतिलाई बाबु बन्न कर गर्न र शारीरिक क्रिया गर्न बाध्य गर्न सक्तैन, त्यसैगरी पुरुषले पनि महिलालाई बाध्य गर्न नसक्ने।
- प्रजनन स्वास्थ्य एवं प्रजनन अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने।
- प्रजननको अधिकार भनेको प्रजनन गर्नै पर्ने बाध्यताको रूपमा बुझ्न मिल्दैन, प्रजनन गर्न पाउने अधिकारअन्तर्गत प्रजनन गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ। जसरी कुनै काम गर्न पाउने अधिकार अन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन अधिकारलाई हेर्नुपर्ने।
- गर्भपतन सेवाको बैधता वा त्यसको उपलव्धताको सान्दर्भिकता त्यो सेवा जरुरी भएको मानिसको लागि पहुँचयोग्य (Accessible) तथा शुल्क तिर्न सक्ने गरी सुलभ (Affordable) भए मात्रै सार्थक हुने।
- कानूनले प्रदान गरेका हकहरू जनताको हितका प्रश्नहरू पनि हुन, कानूनले कुनै लाभ वा हितको सिर्जना गरेको छ भने सोको समान वितरण गर्ने अर्थात् समान उपभोग गर्ने स्थिति पनि जरुरी हुन्छ। कानूनको समान संरक्षणको हकदार हुनु भनेको कानूनको लाभहरूमा

सबैको समान पहुँच र सर्वसुलभताको पनि हक हो, सो कुरामा न्यायिक उत्तरदायित्व इन्कार गर्न नमिल्ने।

- गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भै जीवनकै हकका रूपमा हेर्नुपर्ने र हाम्रो देशको संविधानले सामाजिक न्यायको हक समेतलाई मान्यता दिएको साथै राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रूपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने।
- संविधान र प्रचलित कानूनले जन्मनु पूर्व नै भ्रुणको हकमा जीवन लगायतको हकको मान्यता विकास नगरेको अवस्थामा गर्भपतनसम्बन्धी विषयलाई ज्यान सम्बन्धी महलको अंग बनाउनुको औचित्य नदेखिने ।
- कठोर फौजदारी कानूनको अंगको रूपमा रहेको ज्यान सम्बन्धी महलको अभिन्न अंगको रूपमा नयाँ अधिकारको रूपमा उदियमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रूपमा छुट्टै कानून बनाई व्यवस्थित गर्नु जरुरी देखिन आउने ।
- गर्भपतन सम्बन्धी समस्यालाई केवल गर्भको भ्रुणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयको रूपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन् वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागि समेत कानूनी उपचारको राम्रो प्रावधान हुन जरुरी देखिन्छ। कानूनी उपचारको बारेमा विचार गर्दा कसूरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति, पीडितको स्वास्थ्य सहुलियत सम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नुपर्ने।
- गर्भपतन सम्बन्धी अधिकारले राज्य पक्ष वा सेवा प्रदायक पक्षसँग निश्चित दायित्वको अपेक्षा गर्ने हुनाले यसलाई राज्यको स्वविवेक वा स्वेच्छिक रूपमा मात्रै हेर्न नमिल्ने।

५.३ अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३३]

- "प्रजनन स्वास्थ्य महिलाको जीवनको अधिकार अन्तर्गतको एक अभिन्न हक हो । महिलाको स्वास्थ्यको हकलाई जबरजस्ती हनन गर्ने अधिकार कसैमा हुँदैन । यदि यी कुराहरूमा महिलाले पारिवारिक वा खास गरी पतिको सहमति प्राप्त गर्नुपर्ने शर्त राख्ने हो भने महिला सशक्तीकरण र सामाजिक उन्नति सम्भव हुँदैन भन्दै सर्वोच्च अदालतबाट अगाडि भनेको

३३ लैंगिक न्यायसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सँगालो, २०६६, काठमाण्डौ : महिला, कानून र विकास मञ्च पृ. ३१३ ।

छ ।" यसरी CEDAW को धारा १६ (१) (ङ) र मुलुकी ऐन ज्यानसम्बन्धीको महलको २८ख को देहाय (१) को व्यवस्थालाई निरपेक्ष रूपबाट हेर्न मिल्ने देखिँदैन । ज्यानसम्बन्धीको महलको २८ख को देहाय (१) ले महिलालाई प्रदान गरेको हक सरसर्ती हेर्दा पुरुषलाई समानताको हकबाट बञ्चित गरे जस्तो देखिए पनि व्यवहारमा अधिकांश अवस्थामा त्यसमा पतिको सहमति अन्तर्निहित रहेको हुन्छ । माथि उल्लेख गरीए जस्तो अपवादको स्थितिलाई उक्त कानूनी व्वयस्थासँग बाझिएको छ भन्न मिल्दैन । यहाँ बिर्सन नहुने कुरा के हो भने CEDAW आफैंमा महिलाहरूको हकहितको लागि जारी भएको दस्तावेज हो । महिला हक र अधिकारहरूको संरक्षण र सम्बर्द्धन गर्दै पुरुषसँग समानताको आधारमा महिलालाई अधिकार सम्पन्न तुल्याई सार्वजनिक जीवनका सबै क्षेत्रहरूमा उनीहरूलाई पुरुष सरह समान हिस्सेदार बनाउने उद्देश्य भएकोले CEDAW को धारा १६ (१) (ङ) को पनि निवेदन जिकिर गरे जस्तो निरपेक्ष व्याख्या गर्न मिल्ने देखिएन भन्दै– ICCPR (International Covenant on Civil and Political Rights, 1966) को धारा २३ र ICESCR (International Covenant on Economic, Social and Cultural Rights, 1966) को धारा १० (१) समेतलाई मिलाएर (Harmonious) व्याख्या गर्नुपर्ने भन्दै अपवादको रूपमा आउने र Rare of the rarest को रूपमा आउने कुरालाई Generalize गर्न नमिल्ने भन्दै सो २८ख को देहाय (१) ले महिलालाई प्रदान गरेको अधिकार CEDAW को धारा १६ (१) (ङ) सँग नबांझिने ।

५.४ अधिवक्ता सपनाप्रधान मल्ल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत[३४]

- ज्यानसम्बन्धीको २८ नं. विशुद्ध गर्भवती महिलालाई सजाय गर्ने व्यवस्था हो भने २८क र ३२ नं. महिला वा पुरुष जोकोहीलाई पनि लागू हुने सजायको व्यवस्था हो। त्यसैले यसलाई लैङ्गिक दृष्टिले भेदभावपूर्ण भन्न मिल्ने अवस्था छैन तर त्यही गर्भपतनको अपराधमा गर्भवती महिलालाई बढी सजाय र सो कार्य गर्न दुरुत्साहन गर्ने अन्य पुरुष वा महिलालाई कम सजाय हुने व्यवस्था भेदभावपूर्ण देखिने। अपराधको गम्भिरता अनुसार गर्भवती महिला बाहेकका अन्य कसूरदारलाई तोकिएको सजाय कम नै देखिन्छ। त्यसलाई गर्भवती महिलालाई हुने सजाय सरह नै कायम गर्न उपयुक्त र विवेकसम्मत देखिने।
- २८ नं. मा भएको सजायसम्बन्धी व्यवस्था सापेक्षितरूपमा उपयुक्त नै हुँदा सो ब्यबस्थासँग सामाञ्जस्य हुने गरी २८क र ३२ नं.को कानूनी ब्यबस्थालाई आवश्यक संशोधन गर्नु वा गर्भपतन सम्बन्धी अपराधमा सजायसम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्नु भनी विपक्षी मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

३४ नेकाप २०६२, अंक १, नि. नं. ७४७८ ।

५.५ नेपाल सरकार वि. लालमाया गुरुङ[३५]

- बच्चा जन्माउने आमाले जीउँदो बच्चालाई कर्तव्य गरी मारेको भनी सजाय गर्न सो कुरा पुष्टि हुने ठोस सबुद आवश्यक पर्ने।
- जीउँदो जन्मेको बच्चा मार्ने मनसाय भए प्रतिवादीले तत्कालै कर्तव्यजन्य कुनै कार्य गरी मार्न कुनै कुराले बाधा पुऱ्याएको देखिँदैन। बच्चा मरेको जन्मेको कारण खोल्सीमा छाडी हिडेको भन्ने प्रतिवादीको भनाई निश्चयात्मक प्रमाणबाट खण्डन नभएसम्म त्यसरी छाडी हिडेको कारणबाट शिशु मरेको भनी अनुमान गरी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने।

५.६ अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत[३६]

- पाठेघर खस्ने समस्यालाई सांकेतिक रूपमा प्रजनन समस्याको एउटा पाटोको रूपमा हेर्न सकिने भएपनि यो समस्याले समग्र प्रजनन स्वास्थ्यको र महिला स्वास्थ्यको समस्याकै प्रतिनिधि समस्याको स्थान ग्रहण गर्ने हुनाले प्रस्तुत विषयवस्तुलाई संवैधानिक एवं कानूनी हक, राज्यको उत्तरदायित्व अनि तिनको कार्यान्वयनको रणनीतिक संरचनाको हिसावले हेर्नु पर्ने।
- प्रतिष्ठापूर्ण ढंगले मानवोचित जीवन जीउन पाउने हक पनि जीवनको हकको आधारभूत विशेषता भएकाले मानव स्वास्थ्यको लागि राज्यले आधारभूत सुविधा वा संरक्षण नदिने हो भने जीवनको हकको उचित संरक्षण हुन सक्दैन, त्यसैले नै जीवनलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्नु पर्ने।
- मौलिक हकको रूपमा स्थापित हकलाई राज्यले कानून र कार्यक्रम मार्फत उपभोगयोग्य बनाउनु पर्दछ। स्वयं क्रियाशिल हुने हकलाई कार्यान्वयन गर्ने संयन्त्रको अभाव हुने स्थिति उत्पन्न भएमा राज्यलाई सुम्पिएको दायित्वको उल्लंघन हुन आएमा त्यस्तो दायित्व पूरा गर्न आवश्यक आदेश वा निर्देश गर्नु न्यायपालिकाको कानूनी एवं अर्न्तनिहित उत्तरदात्यिव हुने।
- प्रजनन स्वास्थ्यको संवैधानिक मान्यता मात्रैले पुग्ने नभै भौतिक सुविधाको रूपमा व्यवहारमा उपलब्ध गराईनु पनि पर्दछ। खास कानूनी, संस्थागत, कार्यविधिगत र परिणाममूलक पूर्वाधारहरूको विकास विना यो हक औपचारिकतामा सीमित हुन पुग्दछ। त्यसैले यो हकलाई क्रियाशील गराउनको लागि रणनीतिकढंगले नीति निर्माण (कानून बनाउने समेत) देखि कार्यक्रम तर्जुमा, कार्यान्वयन, विस्तार र मूल्याङ्कन स्तरसम्मको चरणबद्ध प्रयास हुनुपर्ने।
- संविधानमा प्रजनन स्वास्थ्यको हक समावेश हुनुले महिला स्वास्थ्य र हकको दार्शनीक मान्यता पाएको मान्नुपर्ने हुन्छ भने त्यस सम्बन्धी सुविधा आवश्यक परेको हरेक महिलाले चाहेको बेलामा पाउन सक्ने गरी हकको प्रत्याभूति दिने कानूनको तर्जुमा गर्दै त्यस्तो

३५ नेकाप २०६३, अंक ४, नि. नं. ७६८३ ।
३६ नेकाप २०६५, अंक ८, नि. नं. ८००१ ।

कानूनबाट स्वीकृत सुविधाहरूलाई व्यवहारमा तृणमूल स्तरसम्म पाउने सक्ने गरी सेवा र सुविधा विकेन्द्रीकरण गर्नु र त्यस सम्बन्धी सूचनाको प्रसारण गरी जागरण पनि ल्याउनु पर्ने।

- महिलाको हक एवं प्रजनन स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरूसँग आवश्यक परामर्श गरी पर्याप्त कानूनी व्यवस्था सहितको कानून निर्माणको लागि प्राथमिकता साथ विधेयक तर्जुमा गरी शीघ्र व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।
- प्रजनन स्वास्थ्य सम्वन्धमा विशेष कार्ययोजना बनाई पीडित महिलाहरूलाई निःशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध हुनसक्ने गरी यथाशीघ्र विभिन्न स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्तरमा सेवा पुऱ्याउन जो चाहिने व्यवस्था गर्नु र महिलाको प्रजनन स्वास्थ्यको हक एवं पाठेघर सम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने।

५.७ अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३७]

यस निवेदनमा निवेदकले समग्र महिलाहरूको प्रजनन स्वास्थ्य र प्रजननअधिकारको बारेमा उल्लेख नगरी केवल कामदार वा कर्मचारी महिलाहरूले हाल प्रचलित कानूनबमोजिम आफ्नो सेवा अवधि भरमा दुई पटक मात्र प्रसूति विदा लिन पाउने व्यवस्थाले प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक माथि नियन्त्रण गरेको हुँदा विभिन्न कानूनमा गरीएका व्यवस्था संविधानसँग बाझिएकाले बदर हुनुपर्छ भनी दावी गरेकोमा सर्वोच्च अदालतले देहाय बमोजिम आदेश गरेको छ।

- कुन समयमा र कति संख्यामा बच्चा जन्माउने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार महिलाको प्रजनन अधिकारअन्तर्गत पर्ने भएकाले यस प्रकारको अधिकार प्रयोग गर्दा प्रसूति भएको संख्याको आधारमा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रयोगमा संकुचन गर्न नमिल्ने।
- पहिलो सन्तानको मृत्यु भएमा वा विकलाङ्ग बच्चा जन्मेमा तेस्रो चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वा प्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुनसक्ने अवस्था भएमा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिने व्यवस्थाले महिलाको संविधान प्रदत्त प्रजनन अधिकारको संरक्षण गर्न नसक्ने ।
- प्रसूति बिदाको सुविधा लिनकै निमित्त मात्र पटक-पटक महिला कर्मचारी सुत्केरी हुने र त्यसबाट सो सुविधाको दुरूपयोग हुने सम्भावना रहेको भन्न स्वाभाविक र त्यस्तो अनुमान गर्न नमिल्ने ।
- कुनै पनि नागरिकले प्राप्त गर्ने सामाजिक, सांस्कृतिक वा आर्थिक अधिकार नागरिक वा राजनीतिक अधिकार जस्तो कुनै एउटा निर्णय गरेर वा आदेश जारी गरेर मात्र कार्यान्वयन हुन सक्दैन । यसको लागि पर्याप्त आर्थिक स्रोत साधन र समयको आवश्यकता पर्ने हुन्छ ।

३७ नेपाल कानून पत्रिका २०६७, अंक ६, नि. नं. ८३८४ ।

राज्यले चाहेर मात्रै पनि यस्ता अधिकारहरू आर्थिक स्रोत साधनको अभावमा एकै पटक पूरा हुन सक्दैनन् । यस्ता विषयवस्तुहरू राज्यको आर्थिक एवं वित्तीय अवस्थालाई मध्यनजर राखी क्रमशः कार्यान्वयन गर्दै जानुपर्ने ।

५.८ विश्वनाथप्रसाद तेली वि.नेपाल सरकार[३८]

- बलराम हरिजनलाई कुटपिट गरेको अवस्थामा निजकी श्रीमती निर्मला हरिजन छुट्याउन जाँदा निजलाई पनि कुटपिट गरेको र त्यसको परिणाम निर्मलाको गर्भ तुहिन गएको देखिएकोले यी पुनरावेदकहरू पूर्ण रूपले बेकसूर रहेको देखिन नआएबाट गर्भ तुहाउने मनसायको अभाव भएपनि सोही कुटपिटको कारणबाट नै गर्भमा रहेको बच्चा मरेको भन्ने देखिन आएकोले यी पुनरावेदकहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २९ नम्बर कसूरमा सोही महलको ३२ नम्बरको कानूनी व्यवस्था बमोजिम जनही पाँच सय रूपैंया जरिवाना हुने।

५.९ नेपाल सरकार वि. उत्तिमप्रसाद यादव[३९]

- संवैधानिक तथा कानूनी व्यवस्थाले प्रसुति सेवालाई अत्यावश्यक सेवा मानेको परिप्रेक्ष्यमा मानवीय हिसाबले पनि प्रसुति जस्तो अत्यावश्यक सेवा लिन आएका महिलालाई स्वदेशी वा विदेशी भन्ने आधारमा छुट्याएर व्यवहार गर्नु महिलाको प्रजनन हकको कोणबाट न्यायोचित हुन नसक्ने।

माथि उल्लिखित सर्वोच्च अदालतबाट भएका फैसला र आदेश अध्ययन गर्दा **अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा** तत्कालीन ज्यानसम्बन्धी महलको २८ नं. र २८क नं. मा गर्भपतनमा सजाय गर्दा गर्भपतन गराउने महिलाको स्वीकृति वा संलग्नतामा गरीने गर्भपतनमा भन्दा महिलाको स्वीकृति बेगर र महिलामाथि गरीने कुनै हिंसात्मक गतिविधिको बाबजुदको हुन जाने गर्भपतनमा आधा सजाय नै फरक पर्ने सजायको व्यवस्था समानताको सिद्धान्त विपरित र फौजदारी न्याय विपरित भएको भनी रिट परेकोमा सर्वोच्च अदालतले यस सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान, छलफल र विचार–विमर्श गरी निष्कर्ष निकालिनुपर्ने देखिएको, विधायिकी सक्षमता र बुद्धिमत्तामा समेत अदालतले समुचित ध्यान पुऱ्याउनुपर्ने भएको, अमान्य र बदर घोषित गर्दा गर्भपतनसम्बन्धी अपराधको कानूनी शून्यता र दण्डहीनताको अवस्था समेत सिर्जना हुन सक्ने समेत हुँदा असंवैधानिक नहुने भनी निर्देशात्मक आदेश समेत जारी गरेको थियो।सोही आदेश अनुसार लैङ्गिक समानता कायम गर्ने ऐन, २०६३ ले यस विषयलाई सम्बोधन गरेको थियो। **लक्ष्मीदेवी धित्त, महिला कानून र विकास मञ्च समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत भएको रिट निवेदनमा** सर्वोच्च अदालतबाट गर्भपतनसम्बन्धी छुट्टै विस्तृत ऐन बनाउने, गर्भपतन सेवालाई विस्तार र विकेन्द्रीकरण गर्नुपर्ने ताकि सुरक्षित एवं कानूनी गर्भपतनमा सबैको पहुँच

३८ स.अ.बुलेटिन, वर्ष २०,अंक १४, २०६८, कार्तिक २, पृ. १९ ।

३९ नेपाल कानून पत्रिका, २०७७ अंक २, नि. नं. १०४३२, पृ. २५८ ।

पुगोस्, सरकारद्वारा कोषको निर्माण गरोस् ताकी गर्भपतन सेवा बापत लाग्ने सेवा शुल्क तिर्न नसक्ने गरीब असहाय महिलाले सो सेवा प्राप्त गर्न सकून् र सरकारद्वारा गर्भपतन सम्बन्धी अधिकारको बारेमा राष्ट्रव्यापी सचेतना कार्यक्रम सञ्चालन गर्ने आदि विषयमा निर्देशात्मक आदेश जारी गरेको थियो।

अधिवक्ता अच्युत प्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट निवेदनमा गर्भवती महिला मात्रको मञ्जुरीले १२ हप्तासम्मको गर्भपतन गराउन सकिने र यसमा निजको पतिको मञ्जुरी वा सहमति आवश्यक नपर्ने हुँदा दाम्पत्य जीवनमा बच्चा जन्माउने विषय, बालबच्चाको संख्या निर्धारणको विषय तथा जन्मान्तरको विषय महिला र पुरुष दुवैको सल्लाह र सहमतिमा हुनुपर्ने विषयहरू हुन्। गर्भपतन गर्ने निर्णय लिने विषयमा पुरुषको अधिकारलाई शुन्य तुल्याई महिलालाई मात्र निर्वाध र एकलौटी अधिकार प्रदान गरेकोले नेपालको राष्ट्रिय कानूनको सो व्यवस्था महासन्धिको धारा १६ (१) (ङ) को प्रावधानसँग बाँझिएको भनी उल्लेख भएकोमा CEDAW, ICCPR र संविधानका आधारमा नबाझिएको भनी आदेश गरेको पाइन्छ । **अधिवक्ता अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको अर्को रिट** निवेदनमा प्रचलित कानून बमोजिम आफ्नो सेवा अवधिभरमा दुई पटक मात्र प्रसूति विदा लिन पाउने व्यवस्थाले प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक माथि नियन्त्रण गरेको हुँदा विभिन्न कानूनमा गरीएका व्यवस्था संविधानसँग बाझिएको निवेदन दावी रहेकोमा सर्वोच्च अदालतले पहिलो सन्तानको मृत्यु भएमा वा विकलाङ्ग बच्चा जन्मेमा तेस्रो चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वा प्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुनसक्ने अवस्था भएमा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिने व्यवस्थाले महिलाको संविधान प्रदत्त प्रजनन अधिकारको संरक्षण गर्न नसक्ने भनी स्पष्ट पारेको पाइन्छ।

नेपाल सरकार वि. लालमाया गुरुङ भएको मुद्दामा बच्चा मरेको जन्मेको कारण खोल्सीमा छाडी हिडेको भन्ने प्रतिवादीको भनाई निश्चयात्मक प्रमाणबाट खण्डन नभएसम्म त्यसरी छाडी हिडेको कारणबाट शिशु मरेको भनी अनुमान गरी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने ठहर गरेको देखिन्छ। **अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत भएको रिट निवेदनमा** प्रजनन स्वास्थ्यको संवैधानिक मान्यता मात्रैले पुग्ने नभै भौतिक सुविधाको रूपमा व्यवहारमा उपलब्ध गराईनु पनि पर्दछ। खास कानूनी, संस्थागत, कार्यविधिगत र परिणाममूलक पूर्वाधारहरूको विकास विना यो हक औपचारिकतामा सीमित हुन पुग्दछ। महिलाको हक एवं प्रजनन स्वास्थ्यसँग सम्बन्धी कानून निर्माण गर्नु र महिलाको प्रजनन स्वास्थ्यको हक एवं पाठेघर सम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु गराउनु भनी आदेश जारी भएको देखिन्छ। **नेपाल सरकार वि. उत्तिमप्रसाद यादव** भएको रिट निवेदनमा प्रसुति सेवालाई मुद्दामा संविधान तथा कानूनले अत्यावश्यक सेवा मानेको अवस्थामा प्रसुति सेवा लिन आएका महिलालाई स्वदेशी वा विदेशी भन्ने आधारमा छुट्याएर व्यवहार गर्नु महिलाको प्रजनन हक विरुद्ध हुने उल्लेख गरेको छ।

६. सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कानूनमा रहेका समस्या

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धमा नेपालको कानूनी इतिहास त्यति लामो छैन । गर्भपतनलाई कानूनी मान्यता दिएपछि नेपालको मातृ मृत्युदरमा उल्लेख्य कमी आएको पाइन्छ।[४०] यस कानूनी व्यवस्थाबाट महिलाको जीवनमा सकारात्मक प्रभाव परेको देखिन्छ।हाल सामान्य कानूनको रूपमा मुलुकी अपराध संहिता, २०७४ र विशेष कानूनको रूपमा सुरक्षित मातृत्व तथा प्रजनन स्थास्थ्य अधिकार ऐन, २०७५ हाल कार्यान्वयनमा रहेका छन्।गर्भपतन गर्न पाउने विषय महिलाको स्वास्थ्य र प्रजनन अधिकारसँग गासिएको विषय हो।सुरक्षित गर्भपतन महिलाको निहित अधिकार हो।यसले महिलाको आत्मविश्वास पनि बढाउँछ।[४१]

गर्भपतनका सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ सामान्य कानून र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ विशेष कानूनको रूपमा रहेका छन्।यी दुईमा रहेका केही व्यवस्थाहरू विरोधाभाष रहेको पाइन्छ।सामान्य कानूनसँग विशेष कानून बाँझिएको अवस्थामा विशेष कानून लागू हुने हुन्छ।सामान्य र विशेष ऐन दुवैमा एकै प्रकृतिको कानूनी व्यवस्था गर्नु परेको कारण नै खुलेको छैन।[४२] कार्यान्वयनमा सँगसँगै आएका गर्भपतन गराउन पाउने सम्बन्धी गरीएका कानूनी व्यवस्था अध्ययन गर्दा विरोधाभाष रहेको देखिएको छ।उदाहरणका लागि मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ को खण्ड (ग) मा जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने व्यवस्था गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा सोही अवस्थामा अठ्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन सकिने र खण्ड (ख) र खण्ड (घ) मा विशेष र फरक अवस्थामा अठ्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन सकिने कानूनी व्यवस्था गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा २०७५ भदौ १ गते देखि आएको र सुरक्षित मातृत्व तथा प्रजनन स्थास्थ्य अधिकार ऐन, २०७५ विशेष ऐनको रूपमा २०७५ असोज २ गते देखि लागू भएको हो । झण्डै एक महिनाको अन्तरालमा लागू भएका यी दुई कानूनी व्यवस्थामा "जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको" अठार हप्ता र अठ्ठाइस हप्ताको गर्भ गर्भपतन गराउन सकिने अलग अलग समयावधि राखीनुका कुनै आधार र कारण स्पष्ट छैन ।अभ्यासको क्रममा कुनै जटिलता आएको वा अदालतले कुनै निर्देशनात्मक आदेश जारी गरेको अवस्था समेत यस बीचमा देखिदैन । साथै सो सम्बन्धमा कुनै आधिकारिक अध्ययन अनुसन्धान भएको र सो अनुसन्धानका कारण यस्तो व्यवस्था राखीएको भन्ने पनि देखिएको छैन । महिलाको प्रजनन स्वास्थ्य अधिकार र सुरक्षित गर्भपतन सुनिश्चित गर्न बनेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा

४० दशौं योजनामा ४१५ प्रति लाख जिवित जन्ममा रहेकोमा पन्ध्रौं योजनामा (आर्थिक वर्ष २०७५।०७६ मा) प्रति लाख जिवित जन्ममा २३९ रहेको उल्लेख छ ।

४१ पूर्वपाद टिप्पणी नं. २, पृ. ९३।

४२ पूर्वपाद टिप्पणी नं. २, पृ. ९४ ।

व्यवस्था गर्न बनेको ऐनमा केही विशेष अवस्थामा अठ्ठाइस हप्तासम्म गर्भपतन गर्न मिल्ने प्रावधान गरिएको छ। स्त्री तथा प्रसुति रोग विशेषज्ञले बाइस हप्तासम्मको गर्भपतनलाई मात्र गर्भपतन भनिन्छ, त्यसपछि गर्भपतन गरे पनि सो कार्य बच्चा जन्माउने भनिन्छ। त्यसैले गर्भपतन बाइस हप्ताभित्र नै हुनुपर्छ भनेको देखिन्छ ।[४३]

अठ्ठाइस हप्ता भनेको झण्डै सात महिना हो। सात महिनामा बच्चा जन्मने र त्यस्ता बच्चा बाँचेको प्रशस्तै उदाहरण हामीसँग छ ।पच्चीस देखि सत्ताइस हप्तामा जन्मेका धेरै बच्चा जन्माउन र बाँच्न सफल भएको चिकित्सकको अनुभव रहेको भन्ने छ।[४४]महिलाको अधिकार सुनिश्चित गर्ने नाममा भ्रुणको जन्मन पाउने अधिकार हनन गर्न हुँदैन। बाइस हप्तासम्म गर्भपतन गर्न सकिने व्यवस्था विश्व स्वास्थ्य सङ्गठनले गरेको र सो भन्दा बढीको गर्भपतन गर्न नसकिने चिकित्सकहरूको भनाइ छ। चिकित्सकहरू भन्छन्, 'बाँच्न सक्ने बच्चालाई तुहाउनु महिला स्वास्थ्य विरोधी काम हो, यस्तो कानून स्विकार्न सकिन्न।[४५] विशेष ऐनको रूपमा अएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ले शिशुको बाँच्ने अधिकार हनन गरेको भन्दै उनीहरूले असन्तुष्टि व्यक्त गरेको अवस्था छ। उक्त प्रावधान सच्याएर गर्भपतन गर्न पाइने समय बाइस हप्तासम्म सीमित गरीनुपर्ने उनीहरूको भनाइ रहेको देखिन्छ।[४६] यो ऐनको प्रयोग व्यवहारमा भएमा आमाको नै मृत्यु हुने अवस्था रहन्छ भन्ने स्त्रीरोग विशेषज्ञको भनाइ रहेको छ।[४७]२८ हप्ताको बच्चा मारेर सुरक्षित मातृत्वको अधिकार प्रयोग हुन नसक्ने स्वयं चिकित्सकले भनी रहेको अवस्था छ।

यसैगरी विशेष ऐनको रूपमा रहेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २६ को खण्ड (ग) मा दफा २५ को खण्ड (छ) मा (ज) मा (झ) को कसूर गर्ने वा गराउनेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ बमोजिम सजाय हुने व्यवस्था गरिएको छ । विशेष ऐनले सिर्जना गरेको कसूरमा सामान्य कानून बमोजिम सजाय हुने कानूनी व्यवस्था राखीनु आफैंमा त्रुटिपूर्ण रहेको छ ।सुरक्षित गर्भपतन सेवाको दायरा फराकिलो बढाउँदै जाँदा जथाभावी अर्थात् असुरक्षित गर्भपतन गरी आफ्नो जीवन धरापमा पार्ने किशोरी तथा महिलाको संख्या बढ्न सक्ने तर्फ सचेत हुनु पर्ने अवस्था समेत छ ।महिला तथा किशोरीलाई असुरक्षित गर्भपतनबारे चेतना फैलाउन जरुरी छ। असुरक्षित गर्भपतन हुन नदिन सम्बन्धित गर्भपतन गराउन अनुमित प्राप्त स्वास्थ्य संस्थाको अनुगमन गर्ने र कानून विपरित काम गर्नेलाई कारवाही गर्ने दायित्व पनि सरकारकै हो।

७. निष्कर्ष

नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कानूनी व्यवस्था आउनका लागिसर्वोच्च अदालतले विभिन्न मुद्दामा स्थापित गरेका न्यायिक योगदान, महिला अधिकारकर्मीको अनवरत

४३ https://www.bbc.com/nepali/news-49726151
४४ https://www.bbc.com/nepali/news-49726151
४५ https://ekantipur.com/opinion/2021/02/18/161361555013652348.html
४६ https://www.bbc.com/nepali/news-49726151
४७ https://ekantipur.com/opinion/2021/02/18/161361555013652348.html

क्रियाशीलता र उर्जाले काम गरेको देखिन्छ। संविधानमा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने भनी व्यवस्था गरिएको छ। यस परिप्रेक्ष्यमा विशेष ऐनको रूपमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तर्जुमा भई कार्यान्वयनमा आएको छ। यसैगरी मुलुकी अपराध संहिता, २०७४ मा पनि निश्चित अवस्थामा प्रक्रिया पूरा गरी गर्भपतन गर्न पाइने व्यवस्था गर्दै सो बाहेकको अवस्थामा गरीने गर्भपतन कसूर हुने व्यवस्था गरी सजाय हुने उल्लेख गरेको छ। सामान्य र विशेष ऐनमा गर्भपतन गराउन पाउने अवस्था र अवधिमा विरोधाभाष व्यवस्था भएको हुँदा यसलाई एकरूपतापूर्ण बनाउनतर्फ सबै सरोकारवालाहरूको ध्यान जानु पर्ने देखिन्छ।

सन्दर्भ सामग्री

१. नेपालको अन्तरिम संविधान, २०६३
२. नेपालको संविधान, २०७२
३. मुलकी ऐन, २०२०
४. मुलुकी अपराध संहिता, २०७४
५. सुरक्षित मातृत्व तथा प्रजनन स्थास्थ्य अधिकार ऐन, २०७५
६. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
७. प्रा. डा. रजितभक्त प्रधानाङ्ग समेत (२०६२) फौजदारी कानूनको परिचय, काठमाडौंः भुकुटी एकेडेमिक पब्लिकेशन ।
८. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, नेपालमा गर्भपतन सम्बन्धी कानून : एक सिंहावलोकन, प्रतिपादन वर्ष ७ अंक १ (२०७७), राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजू काठमाडौं।
९. प्रा. डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानूनको परिचय, (२०७७), लुम्बिनी प्रकाशन, काठमाडौं
१०. गर्भपतन कानून तथा कार्यान्वयनमा गर्नु पर्ने सुधार : मुद्दाहरूको मिसिल अध्ययनबाट देखिएको तथ्यहरू । (२०७५) महिला, कानून र विकास मञ्च **(FWLD)** र सेन्टर फर रिप्रोडक्टिभ राइटस ।
११. सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिकाका विभिन्न अंकहरू
१२. लैंगिक न्यायसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सँगालो, २०६६, काठमाण्डौ : महिला, कानून र विकास मञ्च ।
१३. पन्ध्रौं योजनाको (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
१४. अन्तर्राष्टिय जनसंख्या तथा विकास सम्मेलन कार्य योजना-ICPD-POA_,१९९४ ।
१५. महिलाको प्रजनन स्वास्थ्य अधिकारःसञ्चार स्रोत सामग्री-२०७६_, महिला, कानून र विकास मञ्च(FWLD)।
१६. Jonathan Herring (2005), *Criminal Law* (4th ed.), London: Palgrave Macmillan.
१७. Dr. Rajit Bhakta Pradhananga (2001), *Homicide Law in Nepal* (1st ed.), Kathmandu: Ratna Pustak Bhandar.
१८. Smith & Hogan (2003), *Criminal Law* (10th ed.), London: Lexis Nexis.
१९. http://www.lawcommission.gov.np/
२०. https://www.bbc.com/nepali/news-49726151
२१. https://ekantipur.com/opinion/2021/02/18/161361555013652348.html

ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी कानूनी व्यवस्था[1]

१. बिषय प्रवेश

"ज्येष्ठ नागरिक केवल दायित्व मात्र होईनन् परिवार, समाज तथा राष्ट्रका सम्पत्ति पनि हन् तसर्थ तिनको सम्मान र संरक्षण गरौ "

आफनो जीवनको महत्वपूर्ण समय परिवार, समाज र राष्ट्रको लागि समर्पित गरी जीवनको उत्तरार्धमा रहेका नागरिकलाई ज्येष्ठ नागरिकको रुपमा हेर्ने गरेको पाइन्छ । जिंउदो ईतिहासको रुपमा रहेका ज्येष्ठ नागरिकको संरक्षण र सम्मान गर्नु सबैको दायित्व हो।हाम्रो धर्मसंस्कृती मा रहेको "मातृदेवो भवः पितृ देवो भव" भन्ने मान्यतामा पछिल्लो समयमा ह्रास हुदै ज्येष्ठ नागरिकप्रतिको संरक्षण र सम्मानमा समेत हुदै आएको देखिन्छ।सन्तानले बाबुआमाप्रति पूरा गर्नुपर्ने कर्तव्यमा समेत दिनानुदिन ह्रास हुदै गएको पाइन्छ।जसले गर्दा ज्येष्ठ नागरिक अधिकारको महत्वमा अझ वृद्धी भएको छ ।वृद्धवृद्धा वर्तमान पुस्ताको लागि बोझ नभई महत्त्वपूर्ण सम्पत्ति पनि हुने भएकोले उनीहरुको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ताको हुनेगर्दछ।वृद्धवृद्धाहरू दया देखाउने वस्तु नभई उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदानको कदर स्वरुप गरीनुपर्ने सम्मानका हकदार हुन्।सहज, सुरक्षित र सम्मानित जीवन यापन गर्न पाउनु ज्येष्ठ नागरिकको अधिकार समेत हो।ज्येष्ठ नागरिकको अधिकार र तीनको संरक्षण सम्वन्धमा अन्तराष्ट्रिय स्तरबाट समेत विभिन्न प्रयास भएका छन् । राज्यले विभिन्न प्रकारका मानव अधिकारलाई आफनो संविधानमा मौलिक हकमा समावेश गरी त्यस्ता हकअधिकारको हनन् भएमा कानूनी उपचारको व्यवस्था गरी संवैधानिक सुरक्षाको प्रत्याभूतिसमेत गरेको हुन्छ । नेपालको सन्दर्भमा नेपालको संविधानमा विभिन्न एकतीसवटा मौलिक हकको व्यवस्था भएको छ।जस अन्तर्गत ती हक हनन् भएमा तीनको प्रचलनका लागि संवैधानिक

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता लोकराज पराजुली र सहायक न्यायाधिवक्ता विष्णु प्रसाद पनेरु

उपचारको हकको पनि व्यवस्था भएको छ[२]। जसमा ज्येष्ठ नागरिकको हकलाई समेत मौलिक हकको रुपमा समावेश गरी ज्येष्ठ नागरिकलाई राज्यवाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको पाइन्छ [३]।संविधानले मौलिक हकका रुपमा प्रत्याभूत गरेको ज्येष्ठ नागरिकको यो अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न कानूनले आवश्यक प्रवन्ध गरेका छन् । प्रस्तुत लेखमा ज्येष्ठ नागरिकको अधिकार र यसको संरक्षण सम्बन्धमा भएका अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था, नेपालको सर्वोच्च अदालतको न्यायिक दृष्टीकोण एवं नेपाल सरकारले लागू गरेका योजना, नीति तथा कार्यक्रम बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

२. ज्येष्ठ नागरीको अधिकार सम्बन्धी अवधारणा

नागरिकलाई उमेरको आधारमा ज्येष्ठ नागरिकको दर्जा प्रदान गर्ने गरेको पाइन्छ । विभिन्न देशको कानून अनुसार ज्येष्ठ नागरिक हुनको लागि आवश्यक उमेर फरक-फरक रहेको पाइन्छ । नेपालमा ज्येष्ठ नागरिक हुनको लागि ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्दछ। [४] यो उमेर माल्दिभ्समा ६५ वर्ष, भारतमा ६० वर्ष, वंगलादेशमा ६० वर्ष, भुटानमा ५८ वर्ष र श्रीलंकामा ५५ वर्ष रहेको पाइन्छ । संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था विश्व स्वास्थ्य संगठनले ६५ वर्ष उमेर पूरा भएका मानिसलाई ज्येष्ठ नागरिकको रुपमा परिभाषित गरेको पाइन्छ [५]।

बृद्ध अवस्थाका व्यक्तिहरुमा ज्ञान, अनुभव र सीपको भण्डार रहने र देश तथा समाजको जीवन्त ईतिहास समेटिने हुनाले बृद्धावस्था जीवनको एउटा उत्कृष्ट उपलव्धि पनि हो । एउटा ज्येष्ठ नागरिकको मृत्यु हुँदा उसगै वर्षौंको ईतिहास समेत मेटिन्छ ।ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गरी उपयोग गर्नु वर्तमान आवश्यकता हो ।त्यसैले भनिन्छ **"बुढामरे भाषा सरे", "आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको"** ।यस्ता सम्मानित मानव सम्पदाको रुपमा रहेका ज्येष्ठ नागरिक, जो उमेरजन्य शारीरिक कमजोरी समेतका कारणले आफ्नै सन्तती तथा राज्यको संरक्षण र सम्मानका हकदार हुन पुग्छन्, तीनको सम्मान र संरक्षणको लागि राज्यले विशेष प्रबन्ध गर्नुपर्छ भन्ने मान्यतावाट ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी अवधारणा विकास भएको पाइन्छ ।

३. ज्येष्ठ नागरिकलाई छुट्टै अधिकारको आवश्यकता र औचित्य

आफ्नो जीवनको भूमिका र जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी सेवा निवृत अवस्थामा पुगी जीवनको उत्तरार्धमा रहेका मानिसको जीवनलाई थप सहज, सुखकर, सम्मानित र सफल तुल्याई उनीहरुमा रहेको ज्ञान, सीप र अनुभवको उपयोग गरी राष्ट्रिय हितमा उपयोग गर्नको लागिसमेत ज्येष्ठ नागरिक

२ नेपालको संविधानको भाग ३, धारा १६ देखि ४७ सम्म

३ पूर्व पाद ३, धारा ४१

४ ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा २ (क)

५ https://en.wikipedia.org/wiki/Old_age#cite_note-autogenerated4-9 {visited on 5/1/2021}

अधिकारको आवश्यकता हुने गर्दछ। यसका अलवा ज्येष्ठ नागरिकको अधिकारको आवश्यकतालाई निम्न बुँदावाट थप प्रष्ट पार्न सकिन्छः-

- पारिवारिक तथा सामाजिक माध्यमवाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र जीवन यापनको उपर्युक्त वातावरण सृजना गर्न,
- ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्न,
- ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्न,
- ज्येष्ठ नागरिककालागि उपर्युक्त एवं पर्याप्त दिवा सेवा केन्द्र, क्लब, औषधोपचार सहितको आरोग्य आश्रम आदिको निर्माण तथा सञ्चालन गर्न,
- ज्येष्ठ नागरिकलाई सम्मान तथा सहजताको लागि विभिन्न सेवा सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गर्न,
- ज्येष्ठ नागरिकमा एक्लोपना तथा नैरास्यता बृद्धि हुन नदिई सन्ततीले हेला गरे तापनि राज्य छ र राज्यले मेरा लागि संरक्षकत्व प्रदान गर्छ भन्ने भावना विकास गराउन ।

४. ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धी अन्तराष्ट्रिय कानूनी व्यवस्था तथा संयुक्त राष्ट्रसंघीय मापदण्ड/निर्देशन/सिद्धान्त/ कार्ययोजना

मानव अधिकारको अवधारणाको विकास सँगसगै ज्येष्ठ नागरिकको अधिकारले पनि महत्व पाऊँदै गएसगै विभिन्न अन्तराष्ट्रिय कानूनमा ज्येष्ठ नागरिकको अधिकारले स्थान पाउदै गएको छ। यसैगरी तत् सम्बन्धमा संयुक्त राष्ट्रसंघवाट विभिन्न मापदण्ड/सिद्धान्त/निर्देशन जारी गरी अन्तराष्ट्रिय समुदाय समक्ष ज्येष्ठ नागरिकहरुको अधिकार संरक्षणकालागि प्रभावकारी कदम चाल्न आव्हानसमेत हुदै आएको छ । तथापी महिला अधिकार, बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिकोको अधिकार आदिजस्तो ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणार्थ संयुक्त राष्ट्रसंघीय स्तरका छुटै विशेष अन्तराष्ट्रिय महासन्धि/अनुबन्ध भने हाल सम्म भएको देखिदैन । तसर्थ मानब अधिकार सम्बन्धी अन्य विभिन्न अन्तराष्ट्रिय महासन्धि/अनुबन्ध भित्र ज्येष्ठ नागरिकको अधिकार संरक्षणकालगि कुन प्रावधान आकर्षित हुन्छ भनेर खोज्नुपर्ने अवस्था देखिन्छ । ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ अन्तराष्ट्रिय स्तरमा खड्कीएको यो अभावलाई चिर्न संयुक्त राष्ट्रसंघको महासभावाट सन् २०१० मा गठित The Open-Ended Working Group on Ageing for the Purpose of Strengthening the Protection of the Human Rights of Older Persons (OEWGA) ले सन् २०१७ मा नै ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणकालागि Convention on the Rights of Older Persons (CROP) निर्माण गर्नु पर्ने सुझाव प्रस्तुत गरेको देखिन्छ [६]।

अतः ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा हालसम्म छुटै विशेष महासन्धि/अनुबन्ध नभएतापनि मानव अधिकार सम्वद्ध विभिन्न अन्तराष्ट्रिय महासन्धि/ अनुबन्धका

[६] https://en.wikipedia.org/wiki/Convention_on_the_Rights_of_Older_Person[visited on 5/1/2021]

व्यवस्था तथा संयुक्त राष्ट्रसंघको महासभावाट भएका विभिन्न निर्देशन/मापदण्ड/सिद्धान्त/कार्ययोजनालाई ज्येष्ठ नागरिकको अधिकारको संरक्षणार्थ अन्तराष्ट्रिय कानूनको रुपमा आत्मसात् गर्न सकिन्छ । त्यस्ता प्रवन्धलाई मुख्यतः निम्नानुसार उल्लेख गर्न सकिन्छः-

४.१. संयक्त राष्ट्रसंघीय महासन्धि/अनुबन्ध/प्रतिज्ञापत्र

४.१.१.मानब अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

यस घोषणामा प्रत्येक व्यक्तिलाई, ***बुढेसकाल***को परिस्थितिमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ भन्ने व्यवस्था रहेको पाइन्छ ।[७] यसैगरी प्रत्येक व्यक्तिकोलाई समाजको एक सदस्यको हैंसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तराष्ट्रिय सहयोग मार्फत र प्रत्येक राष्ट्रको संगठन र स्रोतहरु अनुरुप निजको प्रतिष्ठाकोलागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र साँस्कृतीक अधिकारहरुको प्राप्तिको अधिकार हुने व्यवस्था रहेको पाइन्छ [८]।

४.१.२.नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रले कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफनो जीवन धान्ने उपायवाट वञ्चित गरीने छैन भन्ने व्यवस्था गरेको छ [९]। यसैगरी सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् । यस सम्वन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरुलाई जन्मसमेतका अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिइनेछ भन्ने व्यवस्था रहेको पाइन्छ [१०]।

४.१.३.आर्थिक,सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६

प्रस्तुत प्रतिज्ञापत्रमा पक्ष राष्ट्रहरुले प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरु जन्मसमेतका अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरीने कुराको प्रत्याभूति दिने [११]। प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई स्वीकार गर्ने,[१२] पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयम र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकार एवं भोकवाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्नुपर्ने व्यवस्था गरेको छ[१३] । यस्तै प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम् प्राप्य स्तरको उपभोग पक्ष राष्ट्रले

---

७ मानब अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५.१

८ ऐ, धारा २२

९ नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १.२

१० ऐ,धारा २६

११ आर्थिक,सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २.२

१२ ऐ, धारा ९

१३ ऐ, धारा ११

स्वीकार गर्दै विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाको सृजना गर्नुपर्ने व्यवस्था गरेको छ [१४] ।

४.१.४.महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि,१९७९

पक्ष राष्ट्रहरुले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरु, खासगरी ***वृद्धावस्था*** समेतका अन्य असक्षमताका अवस्थाहरुमा सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्वन गर्नेछन् [१५] भन्ने व्यवस्था गरी वृद्धाअवस्थाका महिलाको अधिकारको सुनिश्चितता गरेको देखिन्छ ।

४.१.५.सम्पूर्ण आप्रवासी कामदार एवं तिनका परिवारको अधिकार संरक्षण सम्बन्धी महासन्धि,१९९०

यो महासन्धिले सबै पक्ष राष्ट्रले आफनो राज्य भित्रका आप्रवासी कामदार तथा तिनको परिवारको अधिकारको संरक्षणार्थ उमेर समेतका कुनैपनि आधारमा बिना कुनै भेदभाव लागू गरी[१६] तीनका अधिकारको संरक्षण गर्नुपर्ने भनेको छ ।

४.१.६.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६

यस महासन्धिमा पाका व्यक्तिको समेतका अपाङ्गता भएका व्यक्तिकोको स्वास्थ्य सेवामा प्रभावकारी पहुँचका[१७] अतिरिक्त सामाजिक सुरक्षाको अधिकारको कुनै पनि भेदभाव विना उपभोग गर्न पाउने अधिकार तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रबर्द्धन गर्न अपाङ्गता भएका ***वृद्धवृद्धासमेत***को लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरीबी न्यूनीकरण कार्यक्रममा पहुँच सुनिश्चित गर्ने उपाय लगायत अन्य उपयुक्त कदम पक्ष राष्ट्रले चाल्नेछन् भन्ने व्यवस्था रहेको छ [१८]।

४.२. संयुक्त राष्ट्रसंघीय सिद्धान्त/मापदण्ड /निर्देशन/कार्ययोजना

४.२.१. Vienna International Plan of Action on Ageing,१९८२ (VIPAA)

यो ज्येष्ठ नागरिकसँग सम्बन्धित नीति तथा कार्यक्रम निर्माणका लागि संयुक्त राष्ट्रसंघीय स्तरको पहिलो अन्तराष्ट्रिय दस्तावेज हो । जसलाई संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८२ को Resolution no. 37/51 वाट पारित गरेको थियो । यसको मुख्य लक्ष्य ज्येष्ठ नागरिकहरुसँग गरीने व्यवहार र उनीहरुको आवश्यकताको सम्बोधनलाई प्रभावकारी बनाउन सरकार र नागरिक समाजको क्षमता विकास गर्नु रहेको छ [१९]।

---

१४ ऐ, धारा १२

१५ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९ को धारा ११ .१ (ङ)

१६ सम्पूर्ण आप्रवासी कामदार एवंम् तिनका परिवारको अधिकार संरक्षण सम्बन्धी महासन्धि,१९९० को धारा १.१ र धारा ७

१७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ को धारा २५(ख)

१८ ऐ, धारा २८(२) ख

१९ https://www.un.org/development/desa/ageing/resources/vienna-international-plan-of-action.html [visited on 5/4/2021]

४.२.२. International Day of Older Persons

संयुक्त राष्ट्रसंघको महासभाले १४ डिसेम्वर १९९० मा अक्टोवर १ लाई अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने निर्णय गरेको छ । नेपालले सन् १९९६ वाट यो दिवस मनाउदै आएको छ । संयुक्त राष्ट्रसंघको आव्हानमा ज्येष्ठ नागरिकसँग सम्बन्धित भई सेप्टेम्वर २१ लाई विश्व अल्जाइमर चेतना दिवस र जुन १५ लाई ज्येष्ठ नागरिकप्रति गरीने दुर्व्यव्हार विरुद्धको विश्व चेतना दिवस मनाउने गरीन्छ [२०]।

४.२.३. ज्येष्ठ नागरिक सम्बन्धमा संयुक्त राष्ट्रसंघका सिद्धान्त,१९९१[२१]

संयुक्त राष्ट्रसंघको साधारण सभाले १६ डिसेम्वर सन् १९९१ मा Resolution no.46/91 पारित गरी यी सिद्धान्तहरुको घोषणागरी सबै सदस्य राष्ट्रलाई आफ्नो क्षमता अनुसार राष्ट्रिय कार्यक्रममा ज्येष्ठ नागरिकका लागि निम्न पाँचवटा सिद्धान्त अन्तर्गत उल्लिखित विषय अनुरुप काम गर्न निर्देशन गरेको छः-

(क) स्वाधिनता सम्वन्धी (Independence)

- आय, परिवार तथा समुदायको सहायताको व्यवस्थाद्वारा स्वावलम्बन कार्यक्रमका माध्यमबाट पर्याप्त मात्रामा खाना, पानी, आवास, कपडा, स्वास्थ्य सेवा आदिको व्यवस्था गर्ने,
- काम गर्ने अथवा आय आर्जनका अरु अवसरको मौका दिने,
- कहिले र कुनकुन गतिमा श्रमशक्ति हटाइन्छ भन्ने कुराको निर्णयमा सहभागिता जनाउने,
- उचित प्रकारको शिक्षा तथा तालिम सञ्चालन गर्ने,
- व्यक्तिगत रुचि र बदलिँदो शक्ति अनुसार सुरक्षित तथा मनपर्दो वातावरणमा जीवन बिताउने,
- सकेसम्म घरमै रहने व्यवस्था मिलाउने ।

(ख) सहभागिता सम्बन्धी (Participation)

- समाजसँग मिलेर रहने, आफ्नो भलाइका लागि प्रत्क्षय रुपमा प्रभाव पार्ने नीतिहरुको निर्माण र कार्यान्वयनमा सक्रिय रुपमा सहभागी हुने र आफूपछिका पुस्ताको ज्ञान र सीप बढाउन सहभागी हुने,
- आफ्नो रुचि र क्षमताअनुसार उपयुक्त हुने गरी स्वयंसेवी भई समुदायलाई सेवा पुऱ्याउन अवसरहरुको खोजी र विकास गर्ने,
- वृद्धहरुका लागि संगठन तयार गर्ने र प्रचार-प्रसार गर्ने ।

२० https://www.un.org/development/desa/ageing/international-day-of-older-persons-homepage.html[visited on 5/4/2021]

२१ ज्येष्ठ नागरिक र मानव अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर, नेपाल, (भाद्र २०७०),पृ.३१

(ग) हेरचाह सम्बन्धी (Care)

- दैनिक तथा सामुदायीक स्याहारवाट फाइदा पाउने,
- शारीरिक तथा मानसिक स्वास्थ्य कायम राख्न स्वास्थ्य स्याहारमा पहुँच पाउने,
- स्वाधिनताको संरक्षण र स्याहारकोलागि सामाजिक तथा कानूनी सेवामा पहुँच पाउने,
- ज्येष्ठ नागरिकहरुलाई मानवीय तथा सुरक्षित वातावरणमा संरक्षण, पुनःस्थापना एवं सामाजिक र मानसिक प्रेरणा प्रदान गर्न संस्थागत हेरचाहको उपयुक्त तहको उपयोग गर्ने,
- आफ्नो इज्जत, विश्वास, आवश्यकता, गोपनीयता, जीवनको हेरचाह तथा गुणस्तरीयताबारे निर्णय गर्ने अधिकारमा पूर्ण सम्मान हुनुपर्ने,
- कुनैपनि आवस, हेरचाह र उपचार सुविधामा रहँदा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको उपयोग गर्न पाउने।

(घ) आत्मउन्नति सम्बन्धी (Self-Fulfillment)

- आफ्नो शक्तिको पूर्ण विकासका लागि अवसर प्राप्त गर्ने,
- समाजमा भएका शैक्षीक, सांस्कृतिक, आध्यात्मिक तथा मनोरञ्जनात्मक स्रोत, साधनको उपभोगमा पहुँच पाउने ।

(ङ) प्रतिष्ठा सम्बन्धी (Dignity)

- शारीरिक र मानसिक शोषणबाट मुक्त भई प्रतिष्ठित तथा सुरक्षित वातावरणमा बाँच्न पाउनुपर्ने,
- उमेर, लिङ्ग, जातीय पृष्ठभूमि, आर्थिक योगदान, धर्म, सम्प्रदाय, अशक्त, अपाङ्ग वा अन्य जस्तोसुकै अवस्थाको भए पनि बिना भेदभाव स्वच्छ व्यवहार पाउने ।

४.२.४. ज्येष्ठ नागरिकका लागि संयुक्त राष्ट्रसंघीय घोषणा (UN Proclamation of Ageing),१९९२

संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् १९९२ मा Resolution no.47/5 पारित गरी ज्येष्ठ नागरिकको मानव अधिकारको संरक्षणार्थ तीन बुदे घोषणा जारी गर्दै सन् १९९९ लाई ज्येष्ठ नागरिक वर्ष (International Year of Older Person) का रुपमा मनाउने भनेको छ[२२]।

४.२.५. Madrid International Plan of Action on Ageing (MIPAA) ,२००२

“Building a Society for All Age” भन्ने नाराका साथ सन् २००२ मा स्पेनको म्याड्रिडमा भएको वृद्धहरुको दोश्रो विश्व सम्मेलनले १९ बुँदे राजनीतिक घोषणापत्रका साथै वृद्धहरुका सम्बन्धमा म्याड्रिड कार्ययोजना पारित गरेको छ । यो सम्मेलनले २१ औं शताब्दीमा वृद्धहरुका मुद्दा

२२https://www.un.org/development/desa/Resources/international-year-of-older-persons-1999.html [visited on 5/4/2021]

सम्बोधनकालागि महत्वपूर्ण कार्यसूचीको प्रस्ताव गरेको छ, जसमा वृद्ध व्यक्ति र विकास, वृद्धहरुको राम्रो स्वास्थ्य र कल्याण तथा सक्षमता र सामर्थ्य को सुनिश्चितता मुख्य रहेका छन् ।[२३]

४.२.६. Establish of The Open-Ended Working Group on Ageing for the Purpose of Strengthening the Protection of the Human Rights of Older Persons (OEWGA),2010[२४]

संयुक्त राष्ट्रसंघको महासभाले सन्, २०१० को December २१ मा Resolution no.65/182 वाट ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षण गर्ने उद्देश्यले Open Ended कार्यसमूह स्थापना गरेको छ । ज्येष्ठ नागरिकको मानव अधिकारको विद्यमान अवस्थाको अध्ययन गरी तत् सम्वन्धमा भएका कमीकमजोरी पहिचान गर्दै तिनलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा सुझाव प्रस्तुत गर्नेसमेत कार्यदिश सहित स्थापना भएको यो कार्यसमूहले सन् २०१७ मा नै ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणकालागि भेदभाव (Discrimination), गरीबी (Poverty), शोषण र दुर्व्यवहार (Abuse and violation), तिरस्कार (Neglect) तथा शारीरिक र मानसिक स्वास्थ्य (Physical and Mental Health) का असरवाट ज्येष्ठ नागरिकमा उत्पन्न हुने नकारात्मक परिणाम बिरुद्ध लड्दै उनीहरुको बुढेसकालको जीवनलाई सुरक्षित र सम्मानित बनाउन छुट्टै विशेष महासन्धि (Convention on the Rights of Older Persons-CROP) बनाई कार्यान्वयनमा ल्याउनु पर्ने सुझाव प्रस्तुत गरिसकेको छ ।

ज्येष्ठ नागारिकको मानव अधिकार संरक्षणार्थ भएका अन्तराष्ट्रिय कानूनी व्यवस्था समेतका सन्दर्भमा Economic Commission for Latin America and the Caribbean (ECLAC) वाट सन् २०११ मा भएको एक अध्ययन प्रतिवेदनमा ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणार्थ निम्न विषयलाई समावेश गरी अन्तराष्ट्रिय महासन्धि निर्माण गर्नुपर्ने उल्लेख भएको पाइन्छ[२५]:

१. समानता तथा अविभेदको अधिकार (Right to equality and non-discrimination),

२. सचेतना वृद्धी (Awareness raising),

३. बाच्न पाउने तथा सम्मानजनक मृत्युको अधिकार (Right to life and to a dignified death),

४. शारीरिक, मानसिक तथा संवेगात्मक स्वास्थ्यको सम्मानजनक उपचारको अधिकार (Right to physical, mental and emotional integrity and to a dignified treatment),

५. थुनामा ज्येष्ठ नागरिकको सम्मानजनक अवस्थाको अधिकार (Older persons situations of detention of imprisonment),

२३ https://www.un.org/development/desa/ageing/madrid-plan-of-action-and-its-implementation.html [visited on 5/4/2021]

२४ पूर्वपाद ७

२५ Ageing and the Protection of Human Rights: Current Situation and Outlook,(ECLAC-Project Document),Sandra Huenchuan and Luis Rodriguez-Pinero Royo, (march 2011), Printed at United Nations, Santiago, Chile (https://fiapam.org>2014/01>LCW353-|) [visited on 5/4/2021]

६. कानूनी क्षमता तथा व्यक्तित्वको अधिकार (Legal personality and capacity),

७. पर्याप्त मापदण्ड अनुरुपको सामाजिक सेवाको अधिकार (Right to adequate standard of living and social services),

८. शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकार (Right to physical and mental health),

९. सामाजिक, साँस्कृतिक तथा राजनीतिक क्षेत्रमा सहभागिताको अधिकार (Right to participate in the social, cultural and political life of community),

१०. शिक्षा तथा सँस्कृतीको अधिकार (Right to education and culture),

११. आवास तथा स्वस्थ्य वातावरण सहितको आवासको अधिकार (Right to housing and to a healthy environment),

१२. रोजगारको अधिकार (Rights to work),

१३. सामाजिक सुरक्षाको अधिकार (Right to social security),

१४. ज्येष्ठ महिलाको अधिकार (Right of older women),

१५. आदिवासी जनजाती ज्येष्ठहरुको अधिकार (Right indigenous older),

५. ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धी नेपालको विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारको योजना नीति तथा कार्यक्रम

नेपालको अन्तरिम शासन विधान, २००७ ले निर्देशक सिद्धान्त अन्तर्गत राज्यले आफनो आर्थिक अवस्था र विकासले दिएसम्म ***वृद्ध*** अवस्थामा सहायता पाउर्ने हक दिलाउन आवश्यक प्रवन्ध गर्नेछ भन्ने व्यवस्था गरेको थियो [२६]। नेपाल अधिराज्यको संविधान, २०४७ ले मौलिक हकको समानताको हक अन्तर्गत राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ति मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने प्रावधान गरेपनि ***वृद्ध***समेतका केहि विशेष वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रवन्ध गर्दै[२७] राज्यले **वृद्ध**समेतका विशेष अवस्थाका व्यक्तिकोको संरक्षणका लागि सामाजिक सुरक्षासमेतको विशेष व्यवस्था गर्ने नीति उद्घोष गरेको थियो [२८]। यो संविधानका यिनै व्यवस्था समेतका आधारमा ज्येष्ठ नागरिकको हक हित संरक्षण र सम्वर्द्धन गर्न आवश्यक कानून बनाई लागू गर्नू भनी सर्वोच्च अदालतवाट सरकारका नाममा परामादेश जारी भएपश्चात[२९] सरकारले ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ बनाई तत्कालिन प्रतिनिधि सभावाट पारित भई मिति २०६३।०८।०८ देखि कार्यान्वयनमा ल्याएको छ ।नेपालको अन्तरिम संविधान, २०६३ ले पनि नेपाल अधिराज्यको संविधान,२०४७ को उपरोक्त प्रावधानहरुलाई निरन्तरता दिदै ज्येष्ठ नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था समेत

२६ नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६

२७ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांश

२८ ऐ, धारा २६ को उपधारा (९)

२९ ने.का.प.२०६३, वैशाख, नि.नं.७६४३, पृ.११० (आदेश मिति २०६३।०१।२४)

गरेको थियो[३०] ।२०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले ज्येष्ठ नागरिकले राज्यवाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा पाउने हकलाई मौलिक हकका रुपमा समावेश गर्दै पूर्व संविधानहरुको माथि उल्लिखित व्यवस्थाहरुलाई निरन्तरता दिएको छ [३१]। ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ बाहेकका अन्य विभिन्न कानूनमासमेत ज्येष्ठ नागरिकका अधिकार संरक्षणार्थ केहि प्रवन्ध भएका छन् ।ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिताको लागि नेपाल सरकारले विभिन्न योजना तथा नीति लागू गरी सो अन्तर्गत विभिन्न कृयाक्रलाप समेत सञ्चालन गर्दै आएको छ ।यस पृष्ठभूमिमा ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी नेपालको विद्यमान कानूनी व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

५.१. संवैधानिक व्यवस्था

ज्येष्ठ नागरिकको हकलाई नेपालको संविधानमा मौलिक हकमा समावेश गरी ज्येष्ठ नागरिकलाई राज्यवाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ [३२]। समनताको हक अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरीने छैन भन्ने व्यवस्थाको अलावा ज्येष्ठ नागरिक लगायतका विशेष वर्गका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी ज्येष्ठ नागरिकको अधिकारको संरक्षणार्थ सकरात्मक विभेदको सिद्धान्त अवलम्वन गर्न सकिने व्यवस्था गरिएको छ [३३] ।

५.२. अन्य कानूनी व्यवस्था

५.२.१.ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

यो ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षणार्थ बनेको विशेष कानून हो । यस ऐनको मुख्य शीर्षकमा नै ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन भनी उल्लेख गरीनुका साथै प्रस्तावनामा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने यस ऐनको उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ ।यो ऐनले ६० वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिकको रुपमा परिभाषित गरेको छ [३४]। यस ऐनमा मुख्यतः ज्येष्ठ नागरिकको बर्गिकरण गर्दै उनीहरुको अधिकार, उनीहरुप्रति अन्य व्यक्तिहरुको कर्तव्य, ज्येष्ठ नागरिक विरुद्धको कसूर र सजाय एवं ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ संरचनागत कुराका बारेमा व्यवस्था गरेको पाइन्छ, जुन निम्नानुसार छन्:

---

३० नेपालको अन्तरिम संविधान,२०६३ को धारा १३ (३) को प्रतिवन्धात्मक वाक्यांश,धारा १८ को उपधारा (३) तथा धारा ३५ को उपधारा (९)

३१ नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांश र धारा ४१

३२ ऐ, धारा ४१

३३ ऐ, धारा १८

३४ पूर्व पाद् ५

५.२.१.१.ज्येष्ठ नागरिकको बर्गिकरणः

१.असहाय ज्येष्ठ नागरिक

देहायको कुनै वा सबै अवस्थाको ज्येष्ठ नागरिकलाई असहाय ज्येष्ठ नागरिकको रुपमा परिभाषित गरिएको छ [३५]:-

- जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको,
- पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको,
- परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ।

२. अशक्त ज्येष्ठ नागरिक

शारीरिक वा मानसीकरुपले अशक्त ज्येष्ठ नागरिकलाई अशक्त ज्येष्ठ नागरिकको रुपमा परिभाषित गरिएको छ[३६]।

३.सामान्य ज्येष्ठ नागरिक

असहाय र असक्त ज्येष्ठ नागरिक वाहेकका अन्य अवस्थाका ज्येष्ठ नागरिक सामान्य ज्येष्ठ नागरिकका रुपमा पर्ने देखिन्छ ।

५.२.१.२.ज्येष्ठ नागरिकको अधिकार र उनीहरु प्रति अन्य व्यक्तिको/संस्थाले निर्वाह गर्नु पर्ने कर्तव्यः

१. सम्मान पाउने अधिकार[३७]

- ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुने।

२. सामाजिक सुरक्षा तथा पहिचानको अधिकार[३८]

- नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिए बमोजिम भत्ता वा सुविधा उपलव्ध गराउन सक्ने,
- नेपाल सरकारले ज्येष्ठ नागरिकलाई तोकिए बमोजिमको विवरण भएको परिचय पत्र ज्येष्ठ नागरिक बसोवास गरेको गाउँपालिका वा नगरपालिका मार्फत उपलव्ध गराउने ।

---

३५ ऐ, दफा २(ख)
३६ ऐ, दफा २(ग)
३७ ऐ, दफा ३
३८ ऐ, दफा २४ र २५

३. पालन पोषण तथा हेरचाहको अधिकार[३९]

ज्येष्ठ नागरिकलाई खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने जस्ता कार्यलाई ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाहका रुपमा परीभाषित गर्दै[४०] यस अन्तर्गत थप निम्न व्यवस्था गरिएको छः

- ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने,
- ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नुपर्ने,
- कसैले ज्येष्ठ नागरिकको इच्छा विपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु नहुने,
- ज्येष्ठ नागरिक वा निजलाई पालनपोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्ने,
- ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नुपर्ने,
- कुनै ज्येष्ठ नागरिक बेवारिसे अवस्थामा फेला परेमा सोको सूचना नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा प्रहरी कार्यालय वा गाउँ/नगरपालिकामा दिनु प्रत्येक नागरिकको कर्तव्य हुने,
- प्रहरीले कुनै ज्येष्ठ नागरिकलाई बेवारिसे अवस्थामा फेला पारेमा निजलाई नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा जिम्मा लगाउनुपर्ने,
- हेरचाह केन्द्रमा कुनै ज्येष्ठ नागरिकको मृत्यु भएमा निजको सामाजिक परम्परा अनुसार अन्त्येष्टी गराउने व्यवस्था सम्बन्धित हेरचाह केन्द्रले गर्नुपर्ने ।

४. पालन पोषण तथा हेरचाहको अधिकार हनन् विरुद्ध उपचारको अधिकार[४१]

- ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजूरी दिनसक्ने,
- त्यस्तो उजूरीउपर वडा अध्यक्षले आवश्यक जाँचबुझ गरी निज र निजलाई पालनपोषण तथा हेरचाह गर्नुपर्ने परिवारको सदस्य, नातेदार वा हकवालाबीच मेलमिलाप गराइदिनुपर्ने,

३९ ऐ, दफा ४, २१ र २२
४० ऐ, दफा २(च)
४१ ऐ,दफा ५

- मेलमिलाप हुन नसकेमा वडा अध्यक्षले त्यस्तो ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य नातेदार वा हकवालालाई लिखित आदेश दिई सो आदेश सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनुपर्ने,
- वडा अध्यक्षले दिएको आदेश चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित गाउँ/नगरपालिकाको प्रमुखसमक्ष निवेदन दिएमा सम्बन्धित गाउँ/नगरपालिकाको प्रमुखले दुवै पक्षलाई बोलाई सम्झाई–बुझाई ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य, नातेदार वा हकवालालाई लिखित आदेश दिई सो आदेश सम्बन्धित गाउँ/नगरपालिकाको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनुपर्ने,
- वडा अध्यक्ष वा गाउँ/नगरपालिका प्रमुखले दिएको आदेशको पालना सम्बन्धित व्यक्तिले गर्नुपर्ने, निजले त्यस्तो आदेशको पालना नगरेमा त्यस्तो व्यक्तिको सम्बन्धमा कुनै पनि विषयको सिफारिस गर्न वडा अध्यक्ष, गाउँ/नगरपालिकाको प्रमुख बाध्य नहुने ।

५. सम्पत्ति आफूखुस गर्न पाउने अधिकार[४२]

- प्रचलित कानूनबमोजिम अंशबण्डा गरीरहनु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट बढेबढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफू खुश गर्नपाउने ।

६. पारिश्रमिक सहितको सेवा दिन पाउने अधिकार [४३]

- नेपाल सरकार वा प्रचलित कानून बमोजिम स्थापित संस्थाले कुनै क्षेत्रमा विशेष योग्यता वा अनुभव हासिल गरेको ज्येष्ठ नागरिकबाट उचित पारिश्रमिक तथा सुविधा दिई सेवा लिन सक्ने ।

७. सार्वजानिक सेवाको उपभोगमा प्राथमिकता, छुट र सुविधा पाउने अधिकार [४४]

- सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने,
- नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिककोलागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने,
- स्वास्थ्य सेवा प्रदायक प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने,

४२ ऐ, दफा ६
४३ ऐ, दफा ७
४४ ऐ, दफा ९ र ११

- नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदायक संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनुपर्ने,
- खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्ने,
- माथि उल्लिखित छुट र सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिनसक्ने,
- ज्येष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा सम्वन्धित निकायले प्राथमिकता दिई त्यस्तो काम कारवाही सम्पादन गरीदिनुपर्ने ।

८. मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्वको अधिकार[४५]

- ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्ने,
- कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाइ गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नुपर्ने,
- कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनुपर्ने ।

९. कैद सजायमा छुट पाउने अधिकार[४६]

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि जवरजस्ती करणीको कसूर, तेजाव प्रयोग गरी ज्यान मारेको/अंगभंग गरेको/शारीरिक क्षती पुऱ्याएको कसूर बाहेक सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिनेः
    - पैंसट्टी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,
    - सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
    - पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

४५ ऐ, दफा १०
४६ ऐ, दफा १२

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिनसक्ने ।

१०. आफू पीडित भएको कसूरमा क्षतिपूर्ति सहितको न्याय पाउने अधिकार[४७]

- ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने,
- ज्येष्ठ नागरिकलाई निजको ईच्छा विरुद्ध सन्यासी, भिक्षु वा फकिर बनाउने व्यक्तिकोलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने,
- ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गर्ने गराउने हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद वा विगो बमोजिम जरिवाना वा दुवै सजाय हुने,
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानून बमोजिम कसूर मानिने कुनै कार्य गरेमा प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चीस प्रतिशत थप सजाय हुने ।
- अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ३० समेतको व्यवस्था अनुसार आफू पीडित भएको कसूरमा क्षतिपुर्ती पाउने ।

ज्येष्ठ नागरिक विरुद्धको कसूर सरकार वादी फौजदारी मुद्दा हुने र मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को अनुसुचि १ मा समावेश भएको मानिने हुँदा[४८] राज्यले यो कसूरलाई गम्भीर रुपमा लिएको छ । यो कसूरमा जिल्ला अदालतवाट भएको फैसला उपर पुनरावेदन गर्ने म्याद निर्णय सुनिपाएको मितिले पैतीस दिन मात्र हुने भएकोले[४९] यो कसूर सम्वन्धी मुद्दा शिघ्र किनारा लागोस् भन्ने समेत कानूनको उद्देश्य रहेको देखिन्छ ।

५.२.१.३. ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ संरचनागत व्यवस्था

नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ज्येष्ठ नागरिकको हक अधिकार संरक्षणार्थ केन्द्रीय निकायको रुपमा रहेको छ ।प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहको सामाजिक विकास शाखा समेत ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ अधिकार संरक्षण गर्ने निकायका रुपमा रहेका छन् । ज्येष्ठ नागरिकको सम्बन्धी ऐन,२०६३ ले ज्येष्ठ नागरिकको

४७ ऐ, दफा ८ र २६
४८ ऐ, दफा २९
४९ ऐ, दफा २७

अधिकार संरक्षण गरी उनीहरुको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनका लागि निम्नानुसार संरचनागत व्यवस्था गरेको देखिन्छः

१. केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिः

महिला, वालावालिका तथा समाजकल्याण मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा गठन हुने यो समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था रहेको छः

- ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नकालागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,
- नेपाल सरकारबाट स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यानन्वयन र अनगुमन गर्ने,
- जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिबाट प्राप्त हुन आएको ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक राख्ने,
- जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको कामकारबाहीमा समन्वय तथा अनगुमन गर्ने,
- नेपाल राज्यभर स्थापना भएका तथा सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संघ, संस्थाले गरेको काम कारबाहीको अनगुमन गर्ने,
- तोकिए बमोजजमका अन्य काम गर्ने ।

२. जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति[५०]

जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षामा गठन हुने यो समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था रहेको छः

- जिल्ला भित्रका ज्येष्ठ नागरिकको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने,
- जिल्ला भित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति समक्ष पेश गर्ने,
- नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम बमोजिमको जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनगुमन गर्ने,

५० ऐ, दफा १५ र १६

- जिल्लामा स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने तथा अन्य संघ, संस्थाको कामकारबाहीको अनगुमन गर्ने,
- ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्न स्थानीय सामदुायिक संस्थालाई परिचालन गराउने,
- ज्येष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्ने व्यवस्था मिलाउने,
- तोकिए बमोजिम अन्य काम गर्ने।

३. ज्येष्ठ नागरिक कल्याण कोष[५१]

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न यो कोष स्थापना गर्ने व्यवस्था रहेको छ ।

४. हेरचाह केन्द्र/दिवा सेवा केन्द्र[५२]

ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पूर्णकालिन रुपमा पालन पोषण तथा हेरचाह गर्नकालागि स्थापना तथा सञ्चालन भएका घर, आश्रम जस्ता संरचनालाई हेरचाह केन्द्र [५३] एवं दिउँसोको समयका लागि मात्र स्थापना तथा सञ्चालन भएको त्यस्तो घर,आश्रम जस्ता संरचनालाई दिवा सेवा केन्द्र[५४] मानिने व्यवस्था गर्दै नेपाल सरकार वा कुनै व्यक्ति वा संघसंस्थाले नेपाल राज्यको कुनै स्थानमा यस्ता केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

ज्येष्ठ नागरिक ऐनमा भएका उपरोक्त संरचनागत व्यवस्थाका अतिरिक्त मानब अधिकार सम्बन्धी समग्र रुपमा हेर्ने राष्ट्रिय मानव अधिकार आयोग तथा ज्येष्ठ नागरिक विरुद्धका कसूरको अनुसन्धान गर्ने नेपाल प्रहरीको सगठन, अभियोजन गर्ने सरकारी वकीलको संगठन तथा न्याय निरुपण गर्ने न्यायपालिकाको संगठन पनि ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ संरचनागत व्यवस्था अन्तर्गत पर्ने देखिन्छ ।स्थानीय तहका वडा अध्यक्ष तथा गाँउ/नगरपालिकाका प्रमुख समेतलाई ज्येष्ठ नागरिकको हेरचाह तथा पालन तथा पोषणको अधिकारको हनन् विरुद्धका मुद्दामा विवाद निरुपण गर्ने अधिकार प्रदान गरेको देखिन्छ ।

५.२.२.घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

यो ऐनले सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले ज्येष्ठ नागरिक विरुद्ध कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुने[५५] व्यवस्था गरेको छ।

---

५१ ऐ, दफा १७
५२ ऐ, दफा २०
५३ ऐ, दफा २(घ)
५४ ऐ, दफा २(ङ)
५५ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा १३(४)

५.२.३. न्याय प्रशासन ऐन, २०७३

यो ऐनले पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी ईन्साफमा तात्विक असर गरेको मुद्दामा उच्च अदालतको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्थामा मुद्दा दोर्‍याई हेरी पाउन निवेदन दिन सकिने व्यवस्था गरेको छ [५६]।

५.२.४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

यो ऐनले ज्येष्ठ नागरिकसँग सम्बन्धित निम्न विशेष व्यवस्था गरेको देखिन्छः

- महानगरपालिका हुनकोलागि ज्येष्ठ नागरिक मनोरञ्जन स्थल भएको हुनुपर्ने,[५७]
- ज्येष्ठ नागरिकहरुको व्यवस्थापन अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गर्ने, परिचय पत्र वितरण गर्ने, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन गर्ने, ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल र आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने, ज्येष्ठ नागरिक केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने लगायत ज्येष्ठ नागरिकहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने कुरालाई गाउँ/नगरपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख गरेको [५८]।

५.२.५. मुलुकी देवानी संहिता, २०७४

यो संहिताका निम्न व्यवस्था ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी विशेष व्यवस्थाका रुपमा रहेका छन्:

- ज्येष्ठ नागरिक लगायतका विशेष वर्गका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको नमानिने[५९],
- कुनै पनि व्यक्तिले जीवित छँदै आफनो मृत्युपछि गरीने दाहसंस्कार, काजकिरिया वा सद्गतको विधि निर्धारण गर्नसक्ने, त्यसरी विधि निर्धारण नगरेकोमा हकवालाले प्रचलित परम्परा तथा संस्कार बमोजिम निजको दाहसंस्कार, काजकिरिया वा सदगत गर्नुपर्ने[६०],
- प्रत्येक छोराछोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नुपर्नेका साथै प्रत्येक छोराछोरीले आमा बाबुलाई एकासगोलमा बसेको वा कानून बमोजिम भिन्न भइसकेको जेसुकै भए तापनि आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आवश्यक हेरचाह, स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नुपर्ने[६१] ।

---

५६ न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१)(घ)
५७ स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ (ग) (१८)
५८ ऐ, दफा ११ (त)
५९ मुलुकी देवानी संहिता, २०७४ को दफा १९
६० ऐ, दफा ३७
६१ ऐ, दफा १२२

५.२.६. मुलुकी देवानी कार्यविधि संहिता, २०७४

यो संहिताका निम्न व्यवस्था ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी विशेष व्यवस्थाका रुपमा रहेका छन्:

- अति वृद्धावस्थाका कारण अदालतमा उपस्थित हुन नसक्ने साक्षिलाई अदालतले श्रव्यदृश्य सम्वादको माध्यमवाट परिक्षण गर्न आदेश दिन सक्ने [६२]
- पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी ईन्साफमा तात्विक असर गरेको मुद्दामा मुद्दा दोऱ्याई हेरी पाउन निवेदन दिन सकिने व्यवस्था गरेको[६३],
- वृद्धाअवस्थाको कारणले अशक्त भएको व्यक्तिको तर्फवाट निज आफैले मुद्दा गर्न नसकेको अवस्थामा निजको तर्फवाट माथवरले मुद्धा गर्न सक्ने[६४]

५.२.७. मुलुकी अपराध संहिता, २०७४

यो संहिताका निम्न व्यवस्था ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी विशेष व्यवस्थाका रुपमा रहेका छन्:

- पचहत्तर वर्षमाथिको वृद्धावस्थाका व्यक्तिकोको विरुद्ध कसूर गरेको अवस्थामा कसूरको गम्भीरता बढाउने अवस्था रहेको मानिने [६५] ,
- कसूरदारको उमेर पचहत्तर वर्षभन्दा माथि भएको अवस्थामा कसूरको गम्भीरता घटाउने अवस्था रहेको मानिने [६६]।
- आफनो संरक्षकत्वमा रहेको वृद्ध व्यक्तिलाई हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले निजको जिउ ज्यानमा खतरा पुग्न सक्ने गरी फाल्ने, परित्याग गर्ने वा वेवास्ता गरी छोड्ने कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्ष सम्म कैद र तीस हजार रुपैया सम्म जरिवाना हुने, त्यस्तो कसूरवाट वृद्ध व्यक्ति मरेको रहेछ भने कसूरदारलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयासम्म जरिवाना हुने[६७]।

५.२.८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

यो संहिताका निम्न व्यवस्था ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी विशेष व्यवस्थाका रुपमा रहेका छन्:

---

६२ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८२(१)
६३ ऐ, दफा २१९(१)((घ)
६४ ऐ, दफा २६७(१)
६५ मुलुकी अपराध संहिता,२०७४ दफा ३८(ब)
६६ ऐ, दफा ३९(क)
६७ ऐ, दफा १८४(१) र (२)

- वृद्धाअवस्थाको कारण हिडडुल गर्न नसक्ने शारीरिक रुपमा असमर्थ व्यक्तिसँग सरकार वादी फौज्दारी मुद्धाको अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले निज रहेकै ठाउँमा गई सोधपुछ गर्नसक्ने[६८],
- दश वर्ष भन्दा वढी कैद सजायँ हुन सक्ने कसूरमा वाहेक अभियुक्त पचहत्तर वर्ष माथिको वृद्धभएमा निजलाई अदालतले धरौटी वा जमानत लिई तारेखमा राखी मुद्धाको पूर्पक्ष गर्नसक्ने[६९]।

५.२.९.सामाजिक सुरक्षा ऐन, २०७५:-

यो ऐनले ज्येष्ठ नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुने भन्दै तत् सम्वन्धमा निम्न व्यवस्था गरेको छ[७०] ।

- दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेरपूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउने,
- नेपाल सरकारले कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वसोवास गर्ने सत्तरी वर्ष उमेर नपुगेका अन्य ज्येष्ठ नागरिकलाई समेत त्यस्तो भत्ता उपलव्ध गराउन सक्ने।

५.२.१०.जन स्वास्थ्य ऐन, २०७५

यो ऐनले ज्येष्ठ नागरिक स्वास्थ्य सम्वन्धी सेवा अन्तर्गत ज्येष्ठ नागरिकलाई तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने व्यवस्था गरेको छ[७१]।

५.२.११.कारागार नियमावली, २०२०

यो नियमावलीले असल चालचलन भएका पैसठ्ठी वर्ष उमेर पुगेका कैदीहरुको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिने व्यवस्था गरेको छ [७२]।

५.२.१२.ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५

यो नियमावलीले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा व्यवस्था भएका केन्द्रीय तथा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था गर्नुका साथै ज्येष्ठ नागरिक कल्याण कोषको सञ्चालन सम्वन्धमासमेत व्यवस्था गरेको छ ।यसैगरी ज्येष्ठ नागरिकहरुको अभिल्ख तयार गर्ने ढाँचा, हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्नका लागि लिनुपर्ने स्वीकृति सम्बन्धी कार्यविधि एवं त्यस्ता केन्द्रको नियमन सम्बन्धी व्यवस्था, त्यस्ता केन्द्रले

---

६८ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६(३) को प्रतिवन्धात्मक वाक्यांश
६९ ऐ, दफा ६७(३)
७० सामाजिक सुरक्षा ऐन,२०७५ को दफा ३(क) र दफा ४
७१ जनस्वास्थय ऐन,२०७५ को दफा ३(४)(च)
७२ कारागार नियमावली, २०२० को नियम २९(क)

पूरा गर्नुपर्ने न्यून्तम मापदण्ड, भत्ता वा सुविधा उपलव्ध गराउने प्रयोजनार्थ ज्येष्ठ नागरिकको वर्गीकरण, वेवारिसे ज्येष्ठ नागरिकको व्यवस्थापन, ज्येष्ठ नागरिकको परिचय पत्रको ढाँचा एवं ज्येष्ठ नागरिक क्लवको स्थापना सम्वन्धमासमेत व्यवस्था गरेको छ ।ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको अधिकार हनन् भए उपर गरेको उजूरी सम्बन्धमा वडा अध्यक्ष तथा गाँउ/नगरपालिका प्रमुखले त्यस्तो उजूरी परेको मितिले तीस दिन भित्र टुङ्गो लगाई सक्नुपर्ने, हेरचाह वा दिवा सेवा केन्द्रले त्यस्तो केन्द्रमा रहेका ज्येष्ठ नागरिकलाई वर्षको कम्तीमा एक पटक तीर्थाटन र दुई पटक विभिन्न स्थानको दृश्यावलोकन गराउनुपर्ने एवं महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हेरचाह केन्द्र र दिवा सेवा केन्द्रको व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीकालागि आचार संहिता बनाई लागू गर्ने व्यवस्थासमेत यो नियमावलीले गरेको छ ।

५.२.१३. उच्च अदालत नियमावली, २०७३, सर्वोच्च अदालत नियमावली,२०७४ र जिल्ला अदालत नियमावली, २०७५

यि नियमावलीहरुले ज्येष्ठ नागरिक तारेखमा रहेको मुद्धालाई प्राथमिकतामा राखेर सुनुवाइ गर्ने व्यवस्था गरेका छन्[७३]।

५.२.१४. मुलुकी देवानी कार्यविधि नियमावली, २०७५

यो नियमावलीले ज्येष्ठ नागरिक वादी भएको अंश मुद्दामा प्रतिउत्तर परेपछी वा पर्ने अवधि समाप्त भएपछि लगातार कारवाही र सुनुवाइ गरी किनारा गर्ने व्यवस्था गरेको छ [७४]।

५.२.१५.फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६

यो नियमावलीको निम्न व्यवस्था ज्येष्ठ नागरिकसँग सम्बन्धित रहेका छन्:

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन) २०७४ को दफा ३७ मा उल्लेखित कसूर, राज्य विरुद्धको कसूर, युद्ध अपराध, विध्वंशात्मक अपराध र वालवालिका विरुद्धको यौन शोषण वा हिंसा सम्बन्धी कसूरमा सजाय पाएको अवस्थामा बाहेक सरकार वादी भै चलेको कुनै मुद्धामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून बमोजिम कैद कट्टा गर्न सकिने[७५],
- पैसठ्ठी वर्ष उमेर पूरा भएको ज्येष्ठ नागरिक कसूरदारको हकमा निजको परिवारका सदस्य वा त्यस्तो सदस्य नभएमा निजको नजिकको नातेदार वा त्यस्तो नातेदार नभएमा निज कैद पर्नु

७३ उच्च अदालत नियमावली, २०७३ को नियम ८४(३)(घ), सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ७६(५)(त) र जिल्ला अदालत नियमावली, २०७५ को नियम ४५(२)(ज)

७४ मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ३६(१) र अनुसुचि १० को खण्ड (३)

७५ फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को २ र ३

अघि निजलाई पालन पोषण गरी आएको व्यक्ति वा संस्थाले त्यस्तो ज्येष्ठ नागरिकको कैद सजाय कट्टा गरी पाउनको लागि निज कैदमा रहेको कारागार समक्ष निवेदन दिन सक्ने[७६]।

५.३. ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ नेपाल सरकारवाट लागू गरीएका कार्यविधी / निर्देशिका / मापदण्ड / योजना / नीति तथा कार्यक्रम

५.३.१. सार्वजानिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०

यो कार्यविधीले सार्वजानिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले साठी वर्ष उमेर पूरा गरेको नेपाली ज्येष्ठ नागरिकका निम्ति कम्तीमा दुईवटा सीट सुरक्षित राखी त्यसरी सुरक्षित राखीएको सीटमा यात्रा गर्ने कम्तिमा दुईजना ज्येष्ठ नागरिकलाई यात्रु भाडा दरमा पचास प्रतिशत छुट दिनुपर्ने व्यव्था गरेको छ ।

५.३.२. प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्गता नागरिक ग्राम स्थापना तथा संचालनको लागि प्रदेश सरकार, (सामाजिक विकास मन्त्रालय) मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७६

यो कार्यविधिले संघीय सरकारको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको समन्वयमा प्रत्येक प्रदेशमा नमूनाको रुपमा एक ज्येष्ठ नागरिक ग्राम स्थापना गर्ने व्यवस्था गरेको छ।

५.३.३. ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी (नमूना) कार्यविधि, २०७६

यो कार्यविधिले ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तर-पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरी प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

५.३.४. जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७७

ज्येष्ठ नागरिककोलागि सुलभ तरिकाले स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न अस्पतालमा जेरियाट्रिक (ज्येष्ठ नागरिक) मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्नु यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य कार्यान्वयानार्थ यस निर्देशिकामा मुख्यतः निम्न व्यवस्था गरिएको छः

- ज्येष्ठ नागरिकमैत्री पूर्वाधार तथा सेवा व्यवस्थापन गर्ने, ज्येष्ठ नागरिकलाई निःशुल्क वा सहुलियतपूर्ण रुपमा तोकिएका विशेषज्ञ सेवाहरु उपलव्ध गराउने, स्वास्थ्य वीमामा आवद्ध भएका ज्येष्ठ नागरिकलाई अस्पतालवाट सहज रुपमा सेवा उपलव्ध गराउन सहजीकरण

७६ ऐ, नियम ५(२)

गर्ने तथा ज्येष्ठ नागरिकप्रति परिवार तथा समाजलाई उत्तरदायि बनाउन परामर्श सेवा प्रदान गर्ने [७७],

- उपचार शुल्कमा छुट [७८]
  - नेपाल सरकारवाट उपलव्ध गराईएको ज्येष्ठ नागरिक परिचयपत्र वा नागरिकताका आधारमा अस्पताल व्यवस्थापनले उमेरहद, शारीरिक अशक्तता र आर्थिक स्थितिका आधारमा मापदण्ड बनाई ज्येष्ठ नागरिकलाई सेवामा सहुलियत प्रदान गर्नुपर्ने,
  - ६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई अस्पताल व्यवस्थापनवाट तोकिए बमोजिमका निश्चित स्वास्थ्य सेवामा ५० प्रतिशत छुट दिनुपर्ने,
  - ७० बर्ष माथिका ज्येष्ठ नागरिकको स्वास्थ्य वीमा गरेको भएमा सोही वीमा रकमबाट स्वास्थ्य उपचार प्रदान गर्नुपर्ने र वीमा रकम अपुग भएको अवस्थामा अस्पतालले जेरियाट्रिक(ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा कार्यक्रम वा सामाजिक सेवा एकाई वा अन्य स्रोतवाट खर्च व्यहोर्नुपर्ने ।

५.३.५. नेपाल सरकारको पन्ध्रौ योजना (आ.व.२०७६।०७७-२०८०।८१)

यो योजनाले ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति गराउने सोच राखेको छ । ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने लक्ष्य सहित पारिवारिक, आर्थिक र कानूनी संरक्षणको माध्यमवाट ज्येष्ठ नागरिकको संरक्षण र प्रवर्द्धन गर्नु, ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलव्ध गराउनु र ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक सामाजिक रुपान्तरण र विकासमा उपयोग गर्नु यो योजनाको उद्देश्य रहेको छ ।ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सामाजिक विकास र पूर्वाधार निर्माणमा उपयोग भएको हुने, असहाय, असक्त र परित्यक्त ज्येष्ठ नागरिक संरक्षित भएको हुने, ज्येष्ठ नागरिकमाथि हुने हिंसा तथा दूर्व्यवहारमा कमी आएको हुने र ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र एवम् आरोग्य आश्रमको स्थापना र सञ्चालन भएको हुने भन्ने कुरालाई यो योजनाले अपेक्षित उपलव्धिको रुपमा प्रक्षेपण गरेको छ [७९]।

५.३.६. नेपाल सरकारको विभिन्न आर्थिक वर्षको नीति तथा कार्यक्रम र वजेट

नेपाल सरकारले प्रत्येक आर्थिक वर्षका नीति तथा कार्यक्रम र वजेटमा ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी कार्यक्रमहरु प्रक्षेपण भई कार्यान्वयन हुदै आएका छन्। आ.व.२०५१।०५२ देखि सत्तरी वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकलाई प्रती महिना रु १५०।का दरले दिन सुरु गरिएको

७७ जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७७ को दफा ३

७८ ऐ, दफा ७

७९ नेपाल सरकारको पन्ध्रौ योजना (आ.व.२०७६।०७७-२०८०।८१) को बुदा नं. ७.८ को (४)(५)

सामाजिक सुरक्षा भत्ता आ.व.०७७।०७८ मा रु ३०००।— पुगेको छ । यो लगायत ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचार, हेरचाह, मनोरञ्जन समेतसँग सम्बन्धित कार्यक्रम पनि सञ्चालन हुदै आएका छन् ।

६. ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी कानूनको प्रयोग बारेमा न्यायिक दृष्टिकोण

निम्न मुद्दाहरुमा सर्वोच्च अदालतवाट ज्येष्ठ नागरिकको अधिकार सम्वन्धी कानूनको प्रयोगका बारेमा ब्याख्या गर्दै महत्वपूर्ण सिद्धान्त प्रतिपादन सहित मार्गनिर्देशन भएको देखिन्छः

६.१. चन्द्रकान्त ज्ञवाली वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत, मुद्दाः परमादेशसमेत (आदेश मिति २०६३।०१।२४)[८०]

ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी छुट्टै विशेष कानून नभएकोले त्यस्तो कानून बनाउन नेपाल सरकारका नाममा परमादेश जारी हुन निवेदन जिकिर रहेको यो मुद्दामा सो अनुसार परमादेश जारी गर्दै निम्नानुसार सिद्धान्त प्रतिपादन भएको छः

- हरेक ज्येष्ठ नागरिकहरू राज्य प्रति सुरक्षित जीवनका लागि आशा गरेर वसेका हुन्छन् अनि त्यस्तो सुरक्षाको आश गर्नु, राज्यसँग दावी गर्नु, माग गर्नु उनीहरूको न्यायोचित र साश्वत अधिकारको कुरा हुने,
- ज्येष्ठ नागरिकहरू राज्यवाट लाभ प्राप्त गर्ने उपयुक्त अधिकारी भएको हुँदा उनीहरूप्रति राज्यले वेवास्ता गर्न, उनीहरूका जायज हक अधिकारप्रति उपेक्षा गर्न नमिल्ने,
- नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशले वृद्धलाई छुट्टै अस्तित्व भएको वर्गको रुपमा मान्यता दिइरहेकै छ । यस अतिरिक्त सरकारको तर्फबाट उपलव्ध गराइएका खास किसिमका सुविधा सहुलियत र व्यवहारवाट वृद्ध एक छुट्टै वर्ग हो भन्ने कुरालाई पुष्टि समेत गरी रहेको देखिदा यस्ता विशिष्ठ वर्गको हक, हित कल्याणका निमित्त कानून नहुनुलाई उपयुक्त भन्न नसकिने,
- वृद्धहरू केवल दायित्व मात्र होइनन राष्ट्रका सम्पत्ति (Assets) पनि हुन् । राष्ट्र र वृद्धवृद्धाका बीच दोहोरो सम्बन्ध हुन सक्दछ । बुढाबुढीको धेरै लामो समयको अनुभववाट प्राप्त ज्ञान, सीप, क्षमतालाई समाज एवं राष्ट्रको हितमा प्रयोग गर्न सकिन्छ भने बुढाबुढीप्रति राष्ट्रको दायित्व पूरा गरेर उनीहरूलाई आफ्नो बाँकी जीवन सम्मानित सुखकर, सुरक्षित पारेर वुढेसकालको समयलाई समेत उत्पादनमूलक वनाई राष्टको हितमा प्रयोग गर्नु नै हरेक विवेकी र अग्रगामी राष्ट्रको काम हुने,
- अधिकार सिर्जना गर्ने कानूनले नै कर्तब्यको सिर्जना गर्दछ । कर्तब्य च्यारिटीको (Charity) विषय होइन । अर्थात मन लागे गर्ने, मन नलागे नगर्ने कुरा हुँदैन ।

८० ने.का.प.२०६३, वैशाख, नि.नं.७६४३, पृ.११०

किनकि कर्तब्य अदालतवाट प्रचलन गराउन सकिने हुनै पर्दछ । त्यसो हुँदा त्यस्ता कर्तब्य प्रचलन गराउन ज्येष्ठ नागरिकका लागि अधिकार सिर्जना गर्ने कानून हुन अनिवार्य नै हुने ।

६.२. ज्येष्ठ नागरिक समाज केन्द्रीय कार्यालयका तर्फवाट तथा आफनो हकमा समेत सोहि समाजका अध्यक्ष मानबहादुर कामीसमेत बिरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दाः परमादेश (आदेश मिति : २०६६।११।५)[८१]

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १३ बमोजिम गठन हुनु पर्ने विभिन्न तहका समितिहरु तथा ज्येष्ठ नागरिक आयोगसमेत गठन नगरिएकोले त्यस्ता समिति तथा आयोग गठन गर्नसमेत परमादेश जारी गरी पाउन मागदावी लिइएको यस मुद्दामा ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १३ समेतमा भएको व्यवस्था बमोजिम अनन्त काल सम्म पनि त्यस्ता समितिको गठन सम्बन्धमा निस्कृयता देखाई रहनु वाञ्छनीयसमेत नहुने हुँदा तीन महिना भित्र केन्द्रीय तथा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन गर्न निर्देशनात्मक आदेश जारी गर्दै निम्न थप आदेश समेत गरी ज्येष्ठ नागरिकको अधिकार संरक्षण गर्न राज्यलाई निर्देशित गरिएको छः-

- ज्येष्ठ नागरिकको समूह वा वर्ग राज्यको वा समाजको एउटा अवधिको जीवन्त इतिहास र मानवीय प्रतिविम्व नै भएको हुँदा यस्तो वर्ग प्रति राज्यले निर्वाहा गर्ने कर्तव्य र दायीत्व वाट उक्त राज्यको प्रजातान्त्रिक छवि एवं मानब अधिकारको सम्मान गर्ने चरित्रलाई नै पृष्ठ पोषण गरेको देखिने ।
- ज्येष्ठ नागरिकहरुलाई पनि अन्य नागरिकसरह सम्पूर्ण मानव अधिकारहरुको उपभोग गर्न पाउने वातावरण सृजना गरी मर्यादित, भेदभावरहित र सुरक्षित जीवनयापनको सुनिश्चितता गर्ने राज्यको परम कर्तव्य हुन आउने ।

६.३. रामदेव मुखियाविरूद्धनेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत,मुद्दाः बन्दीप्रत्यक्षीकरण (आदेश मिति : २०७२।७।१६।२)[८२]

ज्येष्ठ नागरिक सम्बन्धी ऐनमा भएको ज्येष्ठ नागरिकले कैद छुट पाउने सम्बन्धी व्यवस्थाको कार्यान्वयनसँग जोडिएको निवेदन जिकिर भएको यो मुद्दामा निम्न सिद्धान्त प्रतिपादन भएको छः

- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को व्यवस्था निरपेक्ष हकको रूपमा नभई सम्बन्धित निकायको स्वविवेकको विषय देखिँदा जिल्ला अदालतबाट कैद छुट नदिने गरी भएको आदेश गैरकानूनी भन्न मिलेन । तसर्थ निवेदकको संवैधानिक तथा कानूनी हकमा गैरकानूनी हस्तक्षेप गरी थुनामा राखेको भन्न सकिने मनासिब आधार नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ख) मा सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म कैद छुट दिन सकिने व्यवस्था

८१ ने.का.प.२०६७असार, नि.नं.८३३२, पृ.४३७
८२ने.का.प.२०७३असार, नि.नं.९५५५, पृ.४३१

गरेको छ भने कारागार नियमावली, २०२० को नियम २९(२क) ले सत्तरी वर्ष उमेर पूरा भएका कैदीहरूको पचहत्तर प्रतिशतसम्म कैद छोट्याउन सकिने व्यवस्था गरेको देखिन्छ । दुवै कानूनी व्यवस्थाको उद्देश्य निश्चित उमेरका कैदीहरूको बाँकी कैद छुट गर्नु भएपनि एउटै उमेर समूहलाई सम्बोधन गर्न ऐन र नियममा फरक फरक कानूनी प्रावधानहरू विद्यमान रहेको देखियो । यसबाट कुन कानूनी व्यवस्थाको प्रयोग र पालना हुनुपर्ने हो भन्नेमा अन्यौल र द्विविधाको स्थिति रहने हुँदा यस्तो द्विविधाको अन्त्यका लागि ज्येष्ठ नागरिक ऐनमा नै आवश्यक संशोधन गरी वा ऐनको उद्देश्य पूरा गर्ने नियमावलीमार्फत ज्येष्ठ नागरिकले कैद छुट पाउने विषयमा स्पष्ट आधार र प्रक्रिया किटान गर्नुपर्ने हुँदा तदनुरूपको व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ।

६.४. अधिवक्ता राजु प्रसाद चापागाईँसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, मुद्दाःपरमादेश (आदेश मिति २०७३।२।२६)[८३]

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १६ समेतका कानूनी व्यवस्थाले गरेको कानूनी दायित्वको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गरी असहाय, परित्यक्त, अनाथ तथा चरम गरीबीको अवस्थामा बाँच्न बाध्य नागरिकहरुलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको अर्थपूर्ण उपभोग गर्न सक्ने वातावरण सृजना गर्न परमादेश जारी हुन माग गरिएको यस मुद्दामा जीवननै संकटमा परेका...वृद्धाअवस्थाका नेपाली नागरिकहरुको बाच्न पाउने मौलिक अधिकारको संरक्षणका लागि त्यस्तो अवस्थाका नागरिकहरुको वास्तविक विवरण संकलन गरी एक वर्ष भित्र उचित वासस्थान र भरण पोषणको कार्य सम्पन्न गर्न भनी परमादेश सहित पाँच बुदे निर्देशनात्मक आदेश जारी भएको छ ।

६.५. नरध्वज गुरूङविरूद्ध उच्च अदालत पोखरासमेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण/परमादेश (आदेश मिति २०७४।०८।२९)[८४]

ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२(१)(ग) तथा कारागार नियमावली, २०२० को नियम २९(२क), (३) बमोजिम कैद छुट पाऊँ भन्ने समेत मागदावी भएको यो मुद्दामा ज्येष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधा दिनवाट वञ्चित गर्नु मनासिव नहुने, ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) ले गरेको व्यवस्था अनुसारको सुविधा प्रदान गर्न इन्कार गर्नु पर्ने कुनै कानूनी आधार तथा मनासिव कारण देखिन नआउने, कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित " असल चालचलन भएका" र " सत्तरी वर्ष उमेर पुगेका" कैदीहरुको हकमा नियम२९(१क) मा उल्लेख भए बमोजिम नकरात्मक सूचीमा परेका मुद्दामानै कैद परेको भएपनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने भन्ने नजिर प्रतिपादन गर्दै उक्त कानूनी व्यवस्था समेतका प्रचलित नेपाल कानून

८३ने.का.प.२०७४,साउन, नि.नं.९७९०, पृ.५१४
८४ने.का.प. २०७५,साउन, नि.नं.९९९८,पृ ७७४

बमोजिम के कति सुबिधा दिने हो भन्ने सम्बन्धमा अबिलम्व निर्णय गरी रिट निवेदकलाई निजले कानून बमोजिम पाउने कैद छुट सुविधा दिनु दिलाउनु भन्ने परमादेश जारी भएको छ ।

६.६. टंक बहादुर राउत विरूद्ध नेपाल सरकार, मुद्दाः लागूऔषध अफिम (फैसला मिति २०७४।९।२४)[८५]

हाल मेरो उमेर ७५ बर्ष नाघि सकेकोले ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२(१ग) बमोजिम सजायमा छुट पाऊँ भनी प्रतिवादी टंक बहादुर राउतले पुनरावेदन जिकिर लिएको यस मुद्दामा नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यवाट विशेष संरक्षण तथा सुरक्षाको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको भन्दै कसूर भएको मितिमा प्रतिवादी टंक बहादुर राउत ७५ वर्ष पुगिसकेको देखिदा निजलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१ग) बमोजिम ठहर भएको कैद सजाय वर्ष १९ को ७५ प्रतिशतले हुने कैद १४ वर्ष ३ महिना छुट दिई बाँकी हुन आउने ४ वर्ष नौ महिना कैद हुने भनी फैसला भएको छ ।

अदालत आफैले फैसलावाटै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२(१) अनुसार कैद छुट दिएको यो फैसला सो को कानूनी व्यवस्थाको कार्यान्वयनको रोहमा अग्रगामि प्रकृतिको रहेको छ ।

६.७. पेम्बा गुरूङ विरूद्ध कारागार कार्यालय नख्खु, ललितपुरसमेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण (आदेश मिति २०७५।१०।०१)[८६]

ज्येष्ठ नागरिकलाई नेपालको संविधानले गरेको विशेष संरक्षण तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) मा रहेको कानूनी व्यवस्थासमेतको आधारमा ज्येष्ठ नागरिकको हैसियतले कैद छुट पाऊँ भन्ने निवेदन माग रहेको यस मुद्दामा **कानून र नियममा ज्येष्ठ नागरिकको सजाय छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको सजाय छुट दिन सक्ने अधिकारी तत्कालै किटान गर्नुपर्ने**भनी सिद्धान्त प्रतिपादन गर्दै निम्नानुसार निर्देशनात्मक आदेश जारी भएको छः

- कानून र नियममा ज्येष्ठ नागरिकको सजाय छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको सजाय छुट दिन सक्ने अधिकारी तत्कालै किटान गर्नुपर्ने अवस्था देखिएकोले कैदको सजाय छुट दिन सक्ने अधिकारी तत्कालै किटान गर्नु गराउनु तथा उमेर हदअनुसार पच्चिस, पचास र पचहत्तर प्रतिशतसम्म छुट दिन सक्ने कानूनी व्यवस्था भएकोले छुट दिने तथा प्रतिशत निर्धारण गर्ने आधारसमेत निर्धारण गर्नको निमित्त आवश्यक पर्ने

८५स.अ.बु.२०७५, चैत्र-२, पृष्ठ ३५(०७२-CR-११८१ र १७०९)
८६ने.का.प. २०७६,असार, नि.नं.१०२१९,पृ ५४६

नियम/कार्यविधि तत्कालै बनाउनसमेत नेपाल सरकार, गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने,

- हाल नियम / कार्यविधि र कैद सजाय छुट दिन सक्ने अधिकारी किटान नभएको कारणले संवैधानिक र कानूनी व्यवस्थाको कार्यान्वयन शून्यताको अवस्थामा पुग्न जाने हुँदा संविधानले नै विशेष संरक्षण गरेको ज्येष्ठ नागरिक कैदीहरूको हकमा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार कैद छुट दिन सकिने कैदीहरूको हकमा यो आदेशप्राप्त भएको १५ दिनभित्र कानूनले तोकेको उमेर हदअनुसार सजाय छुट पाउन सक्ने कैदीहरूको उमेर अनुसारको सजाय प्रतिशत छुट तथा कसूरको सूचीसमेत तयार गर्नु गराउनु भन्ने कारागार व्यवस्थापन विभाग, कालिकास्थान काठमाडौंको नाममा निर्देशनात्मक आदेश जारी हुने,
- उच्च अदालत र जिल्ला अदालतहरूले उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५ र कारागार ऐन, २०१९ को दफा १८ को अधिकार समेत प्रयोग गरी यो आदेश प्राप्त भएको १५ दिनभित्र आफू मातहतका वा आफ्नो क्षेत्रभित्र रहेका कारागारमा निरीक्षण गरी ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) अनुसार कैद छुट दिन सक्ने उमेर हद, शारीरिक एवं मानसिक अवस्था तथा कसूरको प्रकृतिलाई हेरी तत्कालै छोड्न आदेश दिनु पर्ने लागेमा छुटको प्रतिशत कायम गरी छुट दिनु पर्ने भए आवश्यक निर्णय लिनु भनी सम्पूर्ण उच्च तथा जिल्ला अदालतहरूको नाममा आदेश जारी हुने,
- कानून र नियममा ज्येष्ठ नागरिकको सजाय छुट दिने अधिकारी हालसम्म किटान भई नसकेको र नियम / कार्यविधिसमेत नभएको कारणले वर्तमान अन्यौलता हटाउन ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२(१) को सजाय छुट प्राप्त गर्न सक्ने उमेर पूरा भई योग्य भएको व्यक्तिको हकमा सजाय निर्धारण गर्दा ठेकिएको कैद सजायमा ज्येष्ठ नागरिकहरूले कानूनअनुसार पाउने कैद छुटको सजाय दिनुपर्ने देखिएमा छुट दिई सजाय निर्धारण गर्न सम्पूर्ण उच्च तथा जिल्ला अदालतहरूको नाममा आदेश जारी हुने,
- मुद्दा हेर्ने र सजाय निर्धारण गर्ने अर्धन्यायिक निकायको हकमा समेत सजाय निर्धारणको अधिकार राख्नेले फैसलामा कैदको छुट दिने लगत राख्ने अख्तियारी छैन भनी भन्न मिल्ने देखिँदैन । नेपालको संविधानले नै ज्येष्ठ नागरिकलाई विशेष संरक्षणको व्यवस्था गरी ज्येष्ठ नागरिकको लागि विशेष कानूनसमेत निर्माण गर्न सक्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा निर्मित ज्येष्ठ नागरिकको उमेर, शारीरिक र मानसिक अवस्थाको कारणले आवश्यक कानून प्रदत्त अधिकार तथा सुविधाको कार्यान्वयनको निमित्त जिम्मेवार निकाय सक्रिय र संवेदनशील हुन र गराउनसमेत सम्बन्धित निकायहरूलाई निर्देशनात्मक आदेश जारी हुने।

६.८. नित्यानन्द पाण्डेविरूद्धनेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दाः परमादेशसमेत (आदेश मिति २०७५।०४।१३)[८७]

८७ने.का.प. २०७६,साउन, नि.नं.१०२३७,पृ.७२७

यस मुद्दामा वृद्धवृद्धा वर्तमान पुस्ताको लागि बोझ नभई एउटा महत्त्वपूर्ण सम्पत्ति पनि हुने भएकोले यस्ता ज्येष्ठ नागरिकको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ताको हुने, वृद्धवृद्धाहरू आफ्नो जीवनयापन आफैंले गर्न नसक्ने भएर दया देखाएको नभई उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदान र वर्तमान पुस्ताको जीवनयापनमा यिनीहरूको महत्त्वलाई गरिएको सम्मान हो र निजहरू यस्ता सम्मानका हकदार हुने भन्ने सिद्धान्त प्रतिपादन गर्दै निम्नानुसार परमादेश जारी भएको छः

- सार्वजनिक यातायातको साधनमा ज्येष्ठ नागरिकको लागि भनी छुट्टयाइएको दुई सिटमा पनि अन्य मानिसहरू बसिदिने भएकोले ज्येष्ठ नागरिकले आरक्षित सिटसमेत नपाउने अवस्था देखिएकोले सार्वजनिक यातायातका साधनभित्र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने खालका जनचेतनामूलक नारा लेख्नु, लेख्न लगाउनु भनी यातायात व्यवसायीहरूलाई जानकारी गराउनू,
- स्वास्थ्य सेवा प्रदान गर्ने संस्थामा पनि कानूनले ज्येष्ठ नागरिकलाई दिएको छुट र सुविधाअनुसारको सेवा ज्येष्ठ नागरिकले प्राप्त गर्न नसकेकोले स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणको लागि छुट्टै किसिमको टिकटको व्यवस्था गरी सो टिकटमा सम्बन्धित संस्थाबाट ज्येष्ठ नागरिकले प्राप्त गर्ने सुविधाहरूको सूची उल्लेख गर्नु गराउनु र ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणको क्रममा प्राथमिकता दिने व्यवस्था गर्नु गराउनु भनी स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूलाई जानकारी गराउनू,
- सार्वजनिक सेवा प्रदान गर्ने निजी, सामुदायिक तथा सरकारी सेवा प्रदायक संस्थाहरूको सेवा लिन पुगेको ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्ने संस्थाले प्राथमिकता दिन दिलाउन व्यवस्था गर्नू ।

६.९. गोपाल शिवाकोटी (चिन्तन) समेत विरूद्धप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दाः परमादेशसमेत (आदेश मिति २०७७।०४।१९)[८८]

ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२(१) ले गरेको व्यवस्था अनुसार ज्येष्ठ नागरिकलाई कैद छुट नदिएकोले सो सुविधा नियमित रुपमा उपलव्ध गराई पाँऊ भन्ने समेत मागदावी भएको यस मुद्दामा ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ को दफा १२ अनुसार कैद छुट दिने कारबाही गर्न कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालयको नाममा परमादेश जारी भएको छ ।

७. ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धी नेपालको बिद्यमान संवैधानिक तथा कानूनी व्यवस्थाले प्रदान गरेको अवसर तथा कानून कार्यान्वयनका चुनौती

संविधानद्वारा ज्येष्ठ नागरिकको अधिकारलाई मौलिक हकमा समावेस गरी सो हक हनन् भएमा उपचारको व्यवस्था समेत गरिनु, ज्येष्ठ नागरिक सम्बन्धी छुटै विशेष कानून भई सो कानूनमा ज्येष्ठ नागरिकका अधिकार संरक्षण सम्बन्धी कानूनी तथा संरचनागत व्यवस्था हुनु, अन्य विभिन्न कानूनहरुले समेत ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्नु, नेपाल सरकारले आफनो योजना,

८८ ०७६-Wo-०९३९, आदेशको पूर्ण पाठको प्रकरण नं.३८ देखि ४७ सम्म हेर्नुहोस ।

नीति तथा कार्यक्रम एवं वजेटमा ज्येष्ठ नागरिकको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम समावेश गरी उनीहरुको सम्मानजनक जीवन यापन सम्बन्धमा चासो दिनु, ति क्रियाकलापको प्रभावकारिताका लागि विभिन्न निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागू गर्नु, ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ बनेका कानून र नीति कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न सर्वोच्च अदालतवाट मार्ग निर्देशन हुनु संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र स्थानीय सरकारको सामाजिक विकास शाखाका माध्यमवाट तीनै तहका सरकारले ज्येष्ठ नागरिकको अधिकार संरक्षणको लागि आवश्यक पहलकदमी लिनु तथा स्थानीय तह बीच ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता तथा अन्य सुविधा उपलव्ध गराउने कार्यमा प्रतिस्पर्धाको वातावरण सृजना हुनुलाई ज्येष्ठ नागरिकको अधिकार संरक्षणका लागि कानूनी, क्रियाकलापगत तथा संरचनागत अवसरका रुपमा लिन सकिन्छ। यस दृष्टिकोण वाट हेर्दा कानूनी कार्यक्रमगत तथा संरचनागत रुपमा नेपालमा ज्येष्ठ नागरिकको अधिकार संरक्षणार्थ कमजोर अवस्था छ भन्नु पर्ने देखिदैन । तर पनि यि सबै कुराको कार्यान्वयनमा प्रभावकारीता देखिएको छैन, जसलाई यस क्षेत्रको मुख्य चुनौतीका रुपमा लिन सकिन्छ।यस पक्षवाट हेर्दा ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्वन्धी कानून कार्यान्वयनका चुनौतीहरु यस प्रकार रहेका छन् :

- विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनु,
- ज्येष्ठ नागरिकहरुलाई सेवा सुविधा प्रदान गर्ने विषयमा सरोकारवाला निकायहरुबीच समन्वय प्रभावकारी नहुनु,
- ज्येष्ठ नागरिकको अधिकार संरक्षणका सन्दर्भमा सर्वोच्च अदालतवाट समय समयमा जारी भएका आदेशको सम्बन्धित निकायवाट कार्यान्वयनमा तदारुकता नदेखाउनुका साथै त्यस्ता आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन र सुपरिवेक्षण नहुनु,
- दिनानुदिन ज्येष्ठ नागरिकको संख्या वृद्धि हुदै जाँदा सो अनुसार सेवा सुविधाको पर्याप्त व्यवस्था हुन नसक्नु,
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वधार निर्माणमा उपयोग गर्न नसक्नु,
- ज्येष्ठ नागरिक उपर हुने घरेलु तथा अन्य कुनै पनि प्रकारका हिंसा तथा दुर्व्यवहार विरुद्धको उपचारको कानूनी व्यवस्थाको प्रभावकारीता नदेखिनु,
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०७३ को दफा १२ मा भएको कैद छुट तथा अशक्त र पचहत्तर वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकलाई कारागारको सट्टा हेरचाह केन्द्रमा राख्न अदालतले आदेश दिन सक्ने व्यवस्थाको कार्यान्वयनमा उचित ध्यान नपुग्नु,
- यथोचित सेवा सुविधा सहितका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब तथा औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन पर्याप्त मात्रामा हुन नसक्नु ।

उपरोक्त चुनौतीहरुलाई सामना गर्न परिवार, समाज र राज्य सबै पक्षले उचित ध्यान दिन जरुरी छ ।तीनै तहका सरकारले हातेमालो गरी ज्येष्ठ नागरिकलाई संविधान तथा कानूनले प्रत्याभूत गरेका हक अधिकारको प्रभावकारी रुपमा उपभोग गराउनु पर्ने अवस्था छ । खासगरी घर दैलोको स्थानीय सरकार यस सम्बन्धमा जागरुक भएमा उक्त चुनौतीको सामना गर्न सकिन्छ ।

८. निष्कर्ष

जीवन चक्रका विभिन्न चरणहरु पार गर्दै प्रत्येक मानिस वृद्ध अवस्थामा पुग्दछ । आज युवा वा वयस्क अवस्थामा रहेको मानिसले भोलि आफू पनि वृद्ध अवस्थामा पुग्ने कुरालाई मध्यनजर गर्दै वृद्धवृद्धा अभिभावकको स्याहार सुसार गरेर आफना सन्ततीलाई असल पाठ सिकाउन सकेको खण्डमा भोलि आफूप्रति पनि असल व्यवहार हुन्छ भन्ने कुरा परिवारका प्रत्येक सदस्यले मनन् गर्नु आजको टड्कारो आवश्यकता हो । राज्यका तर्फवाटसमेत ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभव सदुपयोग गर्न उनीहरुको क्षमता अनुसारको आयमूलक कार्यमा सहभागि गराई उनीहरूप्रति आदर, सम्मान र सद्भाव अभिवृद्धि गर्न सकिन्छ । ज्येष्ठ नागरिकसम्बन्धी समस्याको समाधान गर्न जसरी ज्येष्ठ नागरिकले आफ्नो सम्पूर्ण जीवन परिवार, समाज र राष्ट्रप्रति समर्पण गरेको हुन्छ, त्यसरी नै परिवार, समाज र राष्ट्रले उनीहरुप्रति दायित्व बहन गर्नुपर्ने परिस्थितिको निर्माण गर्नुपर्ने देखिन्छ । हाल ज्येष्ठ नागरिकको स्याहार सुसारको लागि विभिन्न ठाउँमा सरकारी तथा गैर सरकारी प्रयासमा वृद्धाश्रमहरुको स्थापना भई सञ्चालनमा रहेको भए तापनि स्रोत साधनको अभावमा त्यस्ता आश्रमहरु प्रभावकारी रुपमा सञ्चालन हुन सकेको पाईदैन । त्यस्ता आश्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि राज्यले आवश्यक स्रोत साधनको प्रवन्ध मिलाउनुका साथै त्यस्ता आश्रम सञ्चालन सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।सार्वजनिक वा अन्य सेवा प्रदायक संस्था तथा निकायहरुले आफूसँग सम्बन्धित सेवा प्रवाहको क्रममा ज्येष्ठ नागरिकसँग सम्बन्धित सेवालाई व्यवसायिक सामाजिक उत्तरदायित्व वहन गर्दै समय समयमा घुम्ती शिविर सञ्चालन गरी घरदैलोमा सेवा पुऱ्याउने, सेवा प्रदान गर्दा लाग्ने दस्तुरमा छुट दिने तथा ज्येष्ठ नागरिकलाई सेवा प्रवाहमा प्राथमिकता प्रदान गर्ने लगायतका कार्य गर्न सकेको खण्डमा ज्येष्ठ नागरिकको सम्मानको वातावरण सृजना हुन सक्छ ।यि सबै कुरा गर्नका लागि ज्येष्ठ नागरिकको परिवार, समाज र राज्य सबैवाट ज्येष्ठ नागरिकप्रतिको दायित्व वोध सहित संविधान तथा कानूनले ज्येष्ठ नागरिकको अधिकार संरक्षण सम्बन्धी गरेका व्यवस्था कार्यान्वयनार्थ आ-आफनो भूमिकालाई आफैले मनन् गरी सो भूमिका उचित रुपमा निर्वाह गरेमा संविधान र कानूनले ज्येष्ठ नागरिकलाई प्रदान गरेको अधिकार उनीहरुले उचित रुपमा उपभोग गर्न पाई उनीहरुको जीवनको उत्तरार्ध सम्मानित हुने कुराको विश्वास गर्न सकिन्छ तसर्थ तत् सम्वन्धमा सबै लागौं।ज्येष्ठ नागरिकलाई आदर गरौं ।उनीहरुवाट आशिर्वाद प्राप्त गरौं।

अपांगता भएका व्यक्तिको अधिकार : अवधारणा, कानून र व्यवहार[१]

१. विषय प्रवेश

अपांगता भएका व्यक्तिको हकलाई नेपालको संविधानले[२] पहिलोपटक मौलिक हकको रुपमा स्थान दिएको छ। यस्तो हकले अपांगता भएका व्यक्तिको सारभूत तथा मानव अधिकारलाई सम्बोधन गर्दछ । संविधान प्रदत्त यस्ता अधिकारको संरक्षण, सम्बर्द्धन गर्दै सशक्तिकरण-आरक्षणजस्ता माध्यमबाट भएपनि उनीहरुलाई सामाजिक न्यायको सुनिश्चितता गरी विकासको मूलधारमा ल्याउनु राज्यको दायित्व हुनआउँछ । यसका लागि राज्यका कानूनी तथा संस्थागत प्रबन्धहरु क्रियाशील रहेका हुन्छन् । संवैधानिक तथा कानूनी हकहरु राज्यको व्यवहार शैलीबाट लक्षित वर्ग समूहको हित कल्याण तथा उनीहरुको समग्र उन्नति प्रगतिमा कार्यान्वयन गर्न सकिएन भने त्यस्ता अधिकारको सार्थकता रहदैंन । यसैका लागि मौलिक हकको उपयोग-उपभोगमा बाधा अड्चन पैदा भएमा संवैधानिक उपचारको व्यवस्था[३]रहेको हुन्छ भने अधिकारहरुको व्यवहारमा प्रत्याभूति र कार्यान्वयन गरी मौलिक अधिकार अन्तर्गतको उद्देश्य हांसिल गर्न विभिन्न कानून तथा कार्यविधि निर्माणको जरुरत पर्दछ।

संविधानको धारा ४७ बमोजिम संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका लागि राज्यले संविधान प्रारम्भ मितिबाट ३ वर्षभित्र कानूनी व्यस्था गर्नुपर्ने अनिवार्यता गरेअनुरुप मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न १६ वटा कानूनहरुमध्येको एउटा महत्वपूर्ण कानून अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४[४] निर्माण भई कार्यान्वयनमा आएको छ। कार्यान्वयनमा आएको यस कानून निर्माणको पृष्ठभूमि, अवधारणागत पक्ष, कानूनमा समेटिएका विषयवस्तुहरु तथा अदालतको दृष्टिकोणलाई यस लेखनमा समेट्ने प्रयास गरिएको छ ।

२. अवधारणागत पक्ष

अपाङ्गगता भएका व्यक्तिको अधिकार सम्बन्धीको अवधारणा समानता, मानवता, तथा कल्याणकारी दृष्टिकोण सहितको सामाजिक न्यायमा आधारित अवधारणा हो। समानता, स्वतन्त्रता र सम्पत्ति, नागरिकका अहरणीय अधिकार हुन् । यथार्थमा विविधता बिचको समानता, स्वतन्त्रता र तेरोमेरो बिचको सम्पत्ति नै व्यक्तिका अन्य अधिकारका स्रोत पनि हुन् । यस्ता अधिकारको उपभोग-उपयोगमा

---

१ कार्यपत्र लेखन सहकार्य: सहन्यायाधिवक्ता हरिप्रसाद जोशी र उपन्यायाधिवक्ता प्रकाश गौतम

२ नेपालको संविधान, २०७२, भाग ३ धारा ४२ (१)"समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागीताको हक" र उपधारा (३)" विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजिनक सेवा तथासुविधामा समान पहुंचको हक"

३ नेपालको सविधान, २०७२, धारा, ४६

४ प्रकाशित मिति: २०७४।०६।२९ लागू हुने मिति: प्रकाशित मितिले एकानब्बौं दिनबाट

राज्य वा अन्य कसैबाट पनि धर्म, वर्ण, लिङ्ग, जातजाती, वर्ग, समूह, शिक्षा, स्वास्थ्य, आदिमा भेदभाव गर्न मिल्दैन ।बरु लोकतान्त्रिक राज्य व्यवस्थामा कुनै त्यस्तो वर्ग समुदाय आफूमा रहेको असक्षमता, अयोग्यता वा अन्य मानवीय, भौगोलिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आदि कारणले पछाडि परेको छ र विकास उन्नतिको मूलधारमा आउन सकेको अवस्था छैन भने त्यस्तो नागरिक, वर्ग, समुदायको समग्र उन्नति प्रगतिको लागि विशेष संरक्षण, आरक्षण, सशक्तीकरणजस्ता माध्यमबाट भएपनि विकासको मूलधारमा समाहित गर्नु राज्यको दायित्व हुन्छ भन्ने मान्यता रही आएको छ ।

अपाङ्गता शारीरिक वा मानसिक दुर्बलता तथा अक्षमता, अयोग्यता हो । यस्तो शारीरिक वा मानसिक अपाङ्गता समान्यतया आफ्नो कारणले हुने नभई केहीमा प्राकृतिक रुपमा अर्थात् जन्मजात रहन्छ भने कतिपयमा रोगब्याधी, दुर्घटना, आक्रमण, दैबी विपत्ती, प्रकोपजस्ता कारणबाट हुन्छ ।हरेक समाजमा यस्तो शारीरिक दुर्बलता तथा अपाङ्गता भएका व्यक्तिको संख्या उल्लेखनीय रहेको हुन्छ ।नेपालमा यो जनसंख्या जम्मा जनसंख्याको १.९४ प्रतिशत[५]रहेको देखिन आउँछ।

कानूनी शासनमा सर्वसाधारणको अधिकारको संरक्षण, अवसरको उपलब्धता र राज्यले गर्ने व्यवहारमा भेदभाव हुँदैन र गरिदैन पनि । व्यक्तिका राजनीतिक, सामाजिक,आर्थिक, सांस्कृतिक, अधिकार र राज्यले गर्ने व्यवहारमा समानता रहन्छ । नागरिकको आत्मसम्मान स्वतन्त्रताको सुरक्षा तथा कानूनको प्रयोग-उपयोग, अवसरमा समान अधिकार रहने विश्वव्यापी मान्यता हो ।तर समाजको केही वर्ग, समुदाय, समूहका अधिकारलाई राज्यले कानून बमोजिम विशेष संरक्षण गर्नुपर्ने दायित्व रहन्छ । विशेष संरक्षण र सशक्तिकरण गर्नुपर्ने त्यस्तो वर्गमा अपाङ्गता भएका व्यक्तिहरु पनि पर्दछन् र उनीहरुले पनि माथि उल्लेख भएबमोजिम अवसरमा पहुँच तथा समानता, राज्यको व्यवहारमा समता तथा विशेष संरक्षणका अधिकार राख्छन् ।यीनै समानता, स्वतन्त्रता, आत्मसम्मान, राज्यको व्यवहारमा समता र अधिकारको विशेष संरक्षणका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण लगायतका कल्याणकारी कार्य गरी उनीहरुलाई समाजकै सक्षम सदस्य तथा उत्पादनशील बनाउनुपर्दछ भन्ने मान्यतामा अवधारणा विकास भएको छ ।यसै सन्दर्भमा प्राय: सबै राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिका अधिकारहरुलाई मौलिक र नैसर्गिक अधिकारका रुपमा स्वीकारी र कानूनी मान्यता दिई अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तिकरण समेतका माध्यमबाट उनीहरुको समग्र उत्थान र विकास गर्न राष्ट्रिय-अन्तराष्ट्रिय तहमा विभिन्न कानूनी तथा संस्थागत प्रबन्ध गरेका छन्।यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अवधारणा **अपाङ्गहरुको हितसंरक्षण र कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा रुपान्तरित** भएको छ ।

५ https://lalitpurmun.gov.np "अपाङ्गता सम्बन्धी जानकारी र तथ्याङ्क"

२.१. अपाङ्गताको परिभाषा

अपाङ्गगता एक किसिमको असक्षमता, अयोग्यता र मानवीय विविधता हो । शाब्दिक अर्थमा कुनै कार्य गर्नका लागि आवश्यक योग्यता क्षमाता नभएको अर्थात् फरक क्षमता भएको व्यक्ति भन्ने बुझिन्छ ।अपाङ्गगता शब्द स्वयंमा सपाङ्गतामा 'अ' उपसर्ग र यसको विशेषणात्मक अर्थ असक्षमता, अयोग्यतामा पनि 'अ' उपसर्ग जोडिई र अंग्रेजी अर्थ Disability को Ability शब्दमा 'Dis' उपसर्ग जोडिई शब्द रचना भएको छ ।कुनै व्यक्तिमा रहने शारीरिक र मानसिक दुर्बलता प्रकट हुने तत्व हो ।यो विभिन्न प्रकारको हुनसक्छ ।अपाङ्गताको निम्न बमोजिम परिभाषा रहेको छ :

"A **disability** is any condition of the body or mind (impairment) that makes it more difficult for the person with the condition to do certain activities (activity limitation) and interact with the world around them" (participation restrictions)[६].

"The term "**disabled person**" means any person unable to ensure by himself or herself, wholly or partly, the necessities of a normal individual and/or social life, as a result of deficiency, either congenital or not, in his or her physical or mental capabilities"[७].

"a physical, mental, cognitive, or developmental condition that impairs, interferes with, or limits a person's ability to engage in certain tasks or actions or participate in typical daily activities and interactions".[८]

"**अपाङ्गता भएका व्यक्ति** भन्नाले दीर्घकालीन अशक्तताद्वारा सृजित शारीरिक, मानसिक बौद्धिक वा इन्द्रीय सम्बन्धी कमजोरीहरु तथा तिनको विभिन्न अवरोधसँगको अन्तरक्रियाका कारणले समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएका व्यक्ति समेतलाई जनाउँछ"[९] ।

"अङ्गभङ्ग भएको; शरीरको कुनै अङ्ग विकृत भएको; हात–गोडा, आदि भाँच्चिएको वा नाक, कान, आँखा, आदि विकृत भएको; विकलाङ्ग"[१०]।

"अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (Functional Impairment) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ[११]"

६ https://www.cdc.gov/ncbddd/disabilityandhealth/disability.html
७ Declaration on the Rights of Disabled Persons(Proclaimed by General Assembly resolution 3447 (XXX) of 9 December 1975)
८ *https://www.merriam-webster.com/dictionary/disability*
९ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि(CPRD), 2006) धारा १
१० https://nepalishabdakosh.com/
११ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४दफा २ (ख)

२.२. अपाङ्गताका प्रकारहरु

अपाङ्गता शारीरिक, मानसिक दुर्बलता तथा असक्षमताको परिणाम हो ।मानव जीवनमा अपाङ्गता समान्यतया आफै हुने नभई यो प्राकृतिक अर्थात् जन्मजात रोगव्याधि, दैवी, विपत्ति, दुर्घटना, युद्ध, आक्रमणजस्ता कारणले हुनसक्छ ।यस्तो अपाङ्गता समग्रमा शारीरिक र मानसिक गरी २ अवस्थाको हुन्छ।अपाङ्गताको यी अवस्था अन्तर्गत अपाङ्गताका विभिन्न प्रकारहरु रहेका छन् ।ती निम्न बमोजिम रहने गरेको पाइन्छ :

अपाङ्गताका २१ प्रकारहरु: Blindness, Low vision, Leprosy cured person, Hearing Impairment, Locomotors disability, Dwarfism, Intellectual Disability, Mental Illness, Autism spectrum Disorder, Cerebral Palsy, Muscular Dystrophy, Chronic Neurological conditions, Specific Learning capacity, Thalassemia, Haemophilia, Sickle cell disease, Multiple Including deaf blind, Acid Attack victim, Parkinson disease[१२].

प्रकृति र प्रभावका आधारमा अपाङ्गताका ९ प्रकार[१३]: Vision, Hearing, Thinking, Learning, Movement, Mental health, Remembering, Communicating, Social relationships.

अशक्ततको गम्भीरताका (क्षमाता) आधारमा अपाङ्गताका ४ प्रकार[१४]

नेपालमा अपाङ्गतालाई " शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा र अशक्ततको गम्भीरताका आधारमा" गरी मूलरुपमा २ प्रकारमा विभाजन गर्दै अशक्ततको गम्भीरताका आधारमा निम्न किसिमको वर्गीकरण गरेको पाइन्छ :

(१) पूर्ण अशक्त अपाङ्गता: (२) अति अशक्त अपाङ्गताः (३) मध्यम अपाङ्गताः (४) सामान्य अपाङ्गताः

२.३. नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत

२०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्याको १.९४ प्रतिशत अर्थात् ५लाख १३ हजार ३२१ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् ।अपाङ्गताका विविध प्रकार अनुसारको प्रतिशत निम्न रहेको छ[१५]:

- Physical disability: 36.3 percent of the disabled population
- Blindness/Low vision: 18.5 percent
- Deaf/Hard of hearing: 15.4 percent
- Speech problem: 11.5 percent
- Multiple disabilities: 7.5 percent
- Mental disability: 6 percent
- Intellectual disability: 2.9 percent
- Deaf-Blind: 1.8%

१२ https://wecapable.com/types-of-disabilities-list/

१३ https://www.disabled-world.com/disability/types/

१४ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूचीको क्रमसंख्या ख

१५ www.NEPALDISABILITYPORTAL.ORG र www.unicef.org.

२.४. अपाङ्गता भएका व्यक्तिको अधिकार

अपाङ्गता भएका व्यक्तिको अधिकारलाई अन्य सक्षम र शारीरिक रुपमा सबल व्यक्तिसरह समानताका आधारमा सम्बोधन हुने अधिकार र अपाङ्गता संरक्षण, कल्याण र शसक्तिकरणका लागि सम्बोधन गर्नुपर्ने विशिष्ट अधिकारमा विभक्त गरी हेरिन्छ ।राज्यको अगाडि सबै नागरिक समान हुन्छन् । कानूनी संरक्षण, कार्यान्वयन, अवसर, ईत्यादिमा विभेद गर्न पाइदैन।

नागरिकलाई संविधान तथा कानून प्रदत्त सबै अधिकारहरु समान्यतया अपाङ्गता भएका व्यक्तिका हकमा पनि समान रुपमा प्राप्त हुने अधिकार हुन्। संविधान प्रदत्त अधिकारहरु अहरणीय मौलिक तथा मानव अधिकारका विषय हुन् भने कानून प्रदत्त अधिकारहरुले सारभूत तथा कार्यविधिगत अधिकारलाई समेट्छन्।यी अधिकारहरुको उपभोग र कार्यन्वयनमा समानता हुन्छ । कोही कसैलाई पेशा, रोजगार, समूह, जातजाती, वर्ण, लिङ्ग, आदिका आधारमा भेदभाव गरीनु हुदैन । त्यसरी नै केही यस्ता मौलिक अधिकार र कानूनी अधिकारहरु विशेष समूह, वर्ग, क्षेत्रलाई समेट्ने प्रकृतिका रहेका हुन्छन्।बालबालिकाका हक, महिलाका हक, अपराध पीडितका हक, अपाङ्गता भएका व्यक्तिका हक, आदि ।यस्ता अधिकारहरु प्राय: मौलिक र सामाजिक न्यायमा आधारित अधिकारका विषय हुन्छन् ।यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिका अधिकारलाई समान्यतया २ भागमा विभाजन गर्न सकिन्छ।

१. **समानतामा आधारित अविभेदजन्य अधिकारहरु:** कानूनका अगाडि समानता, अवसरमा समानता, राज्य शक्ति तथा स्रोतमा पहुँच, उपलब्धता, उपयोग, उपभोगमा समानता, न्यायिक काम कारबाहीमा समानता, विकास, उन्नति, प्रगतिको अधिकारमा समानता, कानून बमोजिम प्राप्त हुने सारभूत तथा कार्यविधिगत अधिकारमा समानता ।

२. **विशेष संरक्षण (कल्याण) मा आधारित अधिकारहरु:** विशेष सहुलियत, संरक्षण, समावेशीता, आरक्षण, सशक्तिकरण, सामाजिक सुरक्षा, सामाजिक न्याय र मूल प्रवाहीकरणसहितको उन्नति प्रगतिसँग सम्बन्धित विशेष प्रकारका अधिकारहरु ।

यसरी हेर्दा अपाङ्गता भएका व्यक्तिका समग्र अधिकारहरु अन्तर्गत संविधान, कानून प्रदत्त उनीहरुको संरक्षण, उन्नति, प्रगति र आत्मसम्मान सहितको समानतामा आधारित अधिकारको संरक्षण सम्बर्द्धन र उपभोग गर्न आवश्यक पर्ने सबै अधिकारहरु जस्तै; आरक्षण, समावेशीकरण, सशक्तिकरण लगायतका सामाजिक न्याय र कल्याणकारी अधिकारहरु तथा मूलप्रवाहीकरणका लागि उपलब्ध हुने सबै अधिकारहरु पर्दछन् ।

२.५. अपाङ्गता संरक्षण तथा कल्याण सम्बन्धी कानूनको ऐतिहासिक पृष्ठभूमि

२.५.१. अन्तराष्ट्रिय स्तरमा

अपाङ्गता भएका व्यक्तिका अधिकारहरु मौलिक मानव अधिकार र सामाजिक न्यायका विषयवस्तु हुन् । अपाङ्गता विषयको विकासक्रमलाई अन्तराष्ट्रिय रुपमा हेर्दा दोस्रो विश्व युद्धपछिको समयलाई

गणना गर्ने गरीन्छ ।प्रथम र द्वितीय विश्व युद्धपछि संसारभरी नै अपाङ्गता भएका व्यक्तिहरुको संख्या थपिन पुग्दा अपाङ्गताका क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु स्थापना हुन थाले । सन् १९६० को दशकबाट अपाङ्गता भएका व्यक्तिका सांगठनिक विस्तारले संसारभरीका देशहरु र संयुक्त राष्ट्र संघमा दबाब परेको कारणले अपाङ्गता सम्बन्धी विभिन्न घोषणापत्रहरु संघबाट पारित भए । विश्व जनसंख्याको दश देखि पन्ध्र प्रतिशत[१६] अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या रहेको छ ।ठूलो हिस्सामा रहेका उनीहरुको हकहित संरक्षण र सशक्तिकरणको सवाल स्वभावत: विश्व समुदायको चासो, प्राथमिकता र समस्याको विषय रही आएको छ । यस समस्याको सम्बोधनका लागि विभिन्न प्रयासहरु भएका पाइन्छन् । विश्व राष्ट्रहरुको छाता संगठन संयुक्त राष्ट्र संघको वडापत्रले नागरिकहरुको आत्मसम्मान, अधिकारमा समानता, संरक्षण, मानव अधिकारको संरक्षण, भेदभाव रहितता, शोषणको अन्त्य जस्ता सिद्धान्तलाई आत्मसाथ गर्दै सो अनुरुप पक्ष राष्ट्रहरुले नागरिकका हक अधिकारको सम्बोधनका सवालमा दायित्व निर्वाह गर्नुपर्ने प्रतिबद्धता गरेको छ ।यस वडापत्रमा उल्लेखित प्रावधानहरु र त्यस अन्तर्गत निर्माण भएका सन्धि, सम्झौता, कानून तथा संयन्त्रहरु पक्ष राष्ट्रका लागि बाध्यकारी हुन्छन् ।

संयुक्त राष्ट्र संघको वडापत्रको प्रस्ताबना[१७]ले व्यक्तिका मौलिक मानव अधिकारको प्रत्याभूति, मानवीय मूल्य र मान्यताको सम्मान, महिला पुरुषबीच समानताका आधारमा पक्ष राष्ट्रले आवश्यक व्यवस्था गर्ने प्रतिबद्धता जनाइएको छ भने धारा १ को उपधारा (३)[१८] ले बिना भेदभाव आर्थिक, सामाजिक, सांस्कृतिक र मानव अधिकारको प्रत्याभूति गर्नेछन् भन्ने प्रतिबद्धता गरेको छ ।यसको साथै धारा ५५ र ५६ ले उनीहरुका आर्थिक, सामाजिक, उन्नति, विकास र जीवन तथा रोजगारका लागि उच्च मान्यताहरुको अवलम्वन गर्नुपर्ने[१९] व्यवस्था गरेको छ।वडापत्रमा उल्लेखित मौलिक मानव अधिकार तथा सामाजिक न्यायका सवाल जुन् अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा पनि उत्तिकै महत्वपूर्ण छन्; लाई सम्बोधन गर्न विभिन्न सन्धि महासन्धिहरु भएका छन् । ती निम्न[२०] रहेका छन् :

The core United Nations human rights conventions are:

- International Covenant on Civil and Political Rights;
- International Covenant on Economic, Social and Cultural Rights;
- Convention on the Elimination of All Forms of Racial Discrimination;
- Convention on the Elimination of All Forms of Discrimination against Women

१६ http://www.himalkhabar.com/news :"अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि समावेशी आवाज खोई"? २०७७ मंसिर १८ मा प्रकाशित टीका दाहालको लेख

१७ to reaffirm faith in fundamental human rights, in the dignity and worth of the human person, in the equal rights of men and women and of nations large and small, andto promote social progress and better standards of life in larger freedom.

१८ To achieve international co-operation in solving international problems of an economic, social, cultural, or humanitarian character, and in promoting and encouraging respect for human rights and for fundamental freedoms for all without distinction as to race, sex, language, or religion; and

१९ States have undertaken to promote "higher standards of living, full employment, and conditions of economic and social progress and development".

२० https://www.un.org › esa › socdev › enable › disovlfInternational Legal Framework

- Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment ;
- Convention on the Rights of the Child;
- International Convention on the Protection of the Rights of All Migrant Workers and Members of their Families.

International and regional human rights conventions to protect the rights of or have provisions concerning persons with disabilities are:

- ILO Convention concerning Vocational Rehabilitation and Employment (Disabled Persons)
- Inter-American Convention on the Elimination of All Forms of Discrimination Against Persons With Disabilities
- African Charter of Human and People's Rights (art. 18(4));
- European Social Charter (article 15); and
- Protocol of San Salvador (Additional Protocol to the American Convention on Human Rights in the Area of Economic, Social and Cultural Rights) (article 6 & 9)

Several disability-specific non-binding international instruments have been adopted at the international level:

- Universal Declaration of Human Rights.
- Declaration of the Rights of Mentally-Retarded Persons, 20 Dec. 1971
- Declaration on the Rights of Disabled Persons, 9 Dec.1975
- World Programme of Action concerning Disabled Persons,

उल्लेखित विभिन्न अन्तराष्ट्रिय कानूनी संयन्त्रहरु मध्ये निम्न संयन्त्रका सम्बन्धमा मात्र संक्षिप्त चर्चा गरिएको छः

(१) Declaration on the Rights of Disables Persons, 1975

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको महासभाबाट पारित पहिलो Declaration on the Rights of Disables Persons, 1975[२१] ले वडापत्रमा पक्ष राष्ट्रहरुले जनाएको प्रतिबद्धता अनुरुप विशेषत: अपाङ्गता भएका व्यक्तिका जीवन, आत्मसम्मान, रोजगार, आर्थिक, सामाजिक, उन्नति-प्रगतिका लागि निर्वाह गर्नुपर्ने दायित्वका विषयमा उल्लेख गरेको छ । यस घोषणापत्रले अपाङ्गता भएका व्यक्तिको परिभाषा (धारा १) गर्नुका साथै उनीहरुले अपवाद र भेदभाव (....Birth or other situation applying either to the disable person....Art.2) बिना अधिकारहरुको उपभोग गर्नपाउने उल्लेख गरेको छ भने अपाङ्गता भएका व्यक्तिको आत्मसम्मानको अधिकार (धारा

२१ Proclaimed by General Assembly resolution 3447 (XXX) of 9 December 1975

३), समान राजनीतिक तथा नागरिक अधिकार (धारा ४), उत्थानका लागि सशक्तिकरणका उपाय अवलम्वन (Entitled to the measures designed to enable them. Art. 5), शिक्षा, स्वास्थ्यको सुबिधा, अवसर र विकास, आर्थिक, सामाजिक संरक्षण, शोषण, भेदभाव, दुरुपयोग विरुद्ध संरक्षण, कानूनी सहायता लगायतका अधिकारहरुको राज्य पक्षले सुनिश्चित तथा प्रत्याभूति गर्नुपर्ने व्यवस्था रहेको छ । नेपालमा साबिकमा प्रचलनमा रहेको अपाङ्ग तथा कल्याण सम्बन्धी ऐन, २०३९ को स्रोत यो घोषणापत्र पनि थियो ।

(२) **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६** (Convention on Rights of Persons with Disabilities (CRPD), 2006)

संयुक्त राष्ट्र संघीय घोषणापत्रहरु बाध्यात्मक नभएका कारणले आशा गरेअनुरुप उपलब्धी हासिल हुन नसकेको अवस्थालाई बोध गरी यो महासन्धि अस्तित्वमा आएको छ ।१६ डिसेम्बर २००६ मा संयुक्त राष्ट्रसंघको ६१औं महासभाबाट पारित यस महासन्धिमा १६४ राष्ट्रले हस्ताक्षर गरेका र हालसम्म १८२ राष्ट्रले अनुमोदन गरीसकेका छन् ।यस महासन्धिले मानव अधिकारको विश्वव्यापी घोषणा, नागरिकका समानतामा आधारित अधिकार तथा मानवका नैसर्गिक मर्यादा, मूल्य र समान तथा अहरणीय अधिकार सम्बन्धीका विभिन्न अन्तराष्ट्रिय महासन्धिहरुका व्यवस्थालाई जानकारीमा लिंदै अपाङ्गता भएका व्यक्तिका अधिकारहरु, तिनको उपलब्धता र पहुँचको संयन्त्र, पक्ष राष्ट्रको दायित्व, आपसी सरसहयोगजस्ता विविध विषयहरु समेटिएका छन्।

५० वटा धारामा रहेको यस महासन्धिको उद्देश्य (धारा १) अपाङ्गता भएका सबै व्यक्तिहरुका सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग, प्रबर्द्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरुका नैसर्गिक मर्यादाको सम्मानजनक प्रबर्द्धन गर्नु रहेको छ ।यसैगरी धारा ३ मा समान्य सिद्धान्तहरु, धारा ४ मा पक्ष राष्ट्रका सामान्य दायित्वहरु, धारा ५ देखि ३४ सम्ममा समानता र गैर भेदभाव नहुने सम्बन्धी, अपाङ्ग महिलाका अधिकार, अपाङ्ग बालबालिकाका अधिकार, सचेतना अभिबृद्धि सम्बन्धी, पहुँचयुक्तता, जीवनको अधिकार, कानूनको अगाडि समानता, न्यायमा पहुँच, व्यक्तिको स्वतन्त्रता र सुरक्षा, शोषण, हिंसा, दुर्व्यवहारबाट स्वतन्त्रता, समुदायमा समावेश हुन पाउने, सहभागीता, लगायत आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक अधिकारका साथै आत्मसम्मान, बासस्थान, शिक्षा, स्वास्थ्य, अवसर समेतका अधिकारहरुको प्रत्याभूति गरिएको छ।

२.५.२.नेपालमा अपाङ्गता भएका व्यक्तिको हक संरक्षण तथा कल्याण सम्बन्धमा भएका प्रयासहरु

नेपालमा अपाङ्गता भएका व्यक्तिका अधिकारको कानूनी विकासको अवधारणा हेर्दा उनीहरुको हकहित संरक्षण-सम्बर्द्धनको विषय साबिकमा अधिकारवादी अवधारणाभन्दा कल्याणकारी अवधारणाको रुपमा सम्बोधन हुँदै आएको पाइन्छ।यस सम्बन्धमा छुट्टै कानूनी व्यवस्था नभै सारभूत समानता (स्वतन्त्रता, समानता र सम्पत्ति लगायतका हकमा) र कार्यविधिगत सहुलियत (मुलुकी ऐन, सरकारवादी मुद्दा सम्बन्धी ऐन, तथा अदालती नियमावलीहरु, साक्षी प्रमाणमा उपस्थिति, प्रतिनिधित्व, रोहबर लगायत)

सम्बन्धीका केही संवैधानिक तथा कानूनी प्रबन्धहरु छिटपुटरुपमा रहेको पाइन्छ। त्यस समयका संविधानहरुले मौलिक र नैसर्गिक मानव अधिकार व्यवस्था गरेका भएपनि छुट्टै कानूनी संरचनाको माध्यमबाट अपाङ्गहरुको समस्या सम्बोधन हुन सकेको थिएन । अपाङ्ग व्यक्तिको हक, हित कल्याण तथा उनीहरुको आत्सम्मानमा आँच आउने कार्य गर्नेउपर सजायको व्यवस्था सन्दर्भमा नेपालमा पहिलोपटक अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ निर्माण[२२] भई कार्यान्वयनमा आएको पाइन्छ ।

यस ऐनले अपाङ्गहरुको हितको संरक्षण सम्बर्द्धन गर्न, अपाङ्ग हुने परिस्थतिको रोकथाम गरी निराकरण गर्न, अपाङ्गहरुको स्वास्थ्य, शिक्षा, स्याहार, तालिम र उनीहरुको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी आवश्यक व्यवस्था गरी अपाङ्गहरुलाई समाजकै सक्षम सदस्य एवं सक्रियरुपमा उत्पादनशील बनाउने[२३] उद्देश्य राखेको थियो । २५ दफा रहेको यस ऐनमा अपाङ्गको परिभाषा र अपाङ्गपनको निर्धारण, अपाङ्गहरुको हित संरक्षणार्थ आवश्यक व्यवस्था गर्नुपर्ने राज्यको दायित्व, समानताको हक र अवसर तथा संरक्षण, सुबिधा, सहुलियत, अपाङ्गको पालन-पोषण, कुष्ठ अपाङ्ग तथा सामाजिक विक्षिप्तता भएका अपाङ्ग सम्बन्धीको छुट्टाछुट्टै व्यवस्था, अपाङ्ग सम्बन्धी अपराध र दण्ड सजाय, संस्थागत र प्रशासनिक व्यवस्था लगायतका अपाङ्गहरुको कल्याणमा आधारित व्यवस्था यसमा समेटिएका छन् ।

२०४६/०४७ सालको जनआन्दोलनपछि कार्यान्वयनमा आएको नेपाल अधिराज्यको संविधान, २०४७ ले ".....शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति.....वर्गको संरक्षण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेगरी र राज्यले .....अपाङ्ग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्ने[२४] व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको अधिकारलाई केही हदमा सम्बोधन गरेको छ। यसको अलावा समानुपातिक प्रतिनिधित्व र समावेशीताको सिद्धान्त अनुरुप सबै वर्ग, समूहको हकहित संरक्षण र कल्याणमा आधारित लोकतान्त्रिक प्रणाली अवलम्वनको प्रतिबद्धता संविधानले गरेको छ। यस अनुरुप समानुपातिक प्रतिनिधित्वका सवालमा निर्वाचन सम्बन्धी कानूनहरु, अवसर र स्रोत साधनको पहुँचको सवालमा समावेशी व्यवस्थाका निजामती सेवालगायत सरकारी तथा सार्वजनिक सेवाका कानूनहरुमा र अपाङ्गसमेतको सामाजिक कल्याण र सशक्तिकरणका सवालमा स्वास्थ्य, शिक्षा, सहुलियत, सुबिधा, भत्ताका विषयमा विभिन्न कानूनहरुमा समेटिएको थियो।

यसैगरी यस अवधिमा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ जारी भई कार्यान्वयनमा आएको छ भने माओवादी संघर्ष (Insurgency) तथा दोस्रो जनआन्दोलनको समयमा भएका अपाङ्ग

२२ लालमोहर र प्रकाशन मिति क्रमशः २०३९।०८।०६ र २०५१।०८।१२

२३ अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ को प्रस्तावना

२४ नेपाल अधिराज्यको संविधान २०४७ धारा ११ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांस र धारा २६ राज्यको नीति

अशक्तहरुको तत्काल र दीर्घकालीनरुपमा समस्या समाधान गरी हित संरक्षण गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र सो सम्बन्धी ऐन बनी कार्यान्वयनमा आएको छ ।

अन्तराष्ट्रिय स्तरमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ (Convention on Rights of Persons with Disabilities (CRPD), 2006) को नेपालले सन् २००९ को डिसेम्बर २७ मा अनुमोदन गरी पक्ष राष्ट्रको हैसियतमा यस अनुरुप दायित्व निर्वाह गर्दै आएको छ ।

नेपालको संविधान २०७२ ले पहिलोपटक अपाङ्गता भएका व्यक्तिको हकलाई सामजिक न्यायको हक अन्तर्गत उनीहरुको विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुबिधामा समान पहुँचको हक हुने व्यवस्था गरेको छ भने उनीहरुको व्यवस्थापनको विषय स्थानीय तहको अधिकारको सूचिमा राखीएको छ[२५]। यसको साथै संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न आवश्यक पर्ने कानून बनाई कार्यान्वयनमा ल्याउनुपर्ने संवैधानिक व्यवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ निर्माण भई कार्यान्वयनमा आएको छ ।यस ऐनले अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने[२६] उद्देश्य लिएको छ ।यस विषय विस्तृतमा अर्को भागमा उल्लेख गरिएको छ ।

यी मुख्य कानूनी संरचनाहरु लगायत प्रचलित कानूनहरुलाई कार्यान्वयनमा ल्याई अपाङ्गता भएका व्यक्तिका संवैधानिक तथा कानूनी हक अधिकारको संरक्षण, सम्बर्द्धन गरी व्यवहारमा प्रत्यभूति गर्न र उनीहरुको हित-कल्याणका पक्षमा कार्यान्वयनमा ल्याउन केन्द्रदेखि स्थानीय निकायसम्म विभिन्न संस्थागत प्रबन्धहरु रहेका छन् भने यस क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्थाहरु क्रियाशील रहेका छन् ।

३. अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धीको कानूनी व्यवस्था

अपांगता भएका व्यक्तिको अधिकारलाई नेपालको संविधानले मौलिक हकको रुपमा राखेको छ भने सो हकलाई कार्यान्वयन गर्नका लागि अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धि नियमावली, २०७७ मुख्य कानून कार्यान्वयनमा रहेका छन् । अपाङ्गतालाई अन्य कानूनहरुले पनि छिटपुटरुपमा सम्बोधन गरेको पाइन्छ। यस सम्बन्धमा संक्षिप्त चर्चा देहायमा गरिएको छः

२५ नेपालको संविधान धारा ४२उपधारा (३) र अनुसूचि ८ को क्रमसंख्या १६

२६ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रस्तावना

३.१ नेपालको संविधान

नेपालको संविधानले समानता, स्वतन्त्रता, भेदभाव रहितता, समावेशीता, सशक्तिकरण, समता मूलक समाज, विविधताबिचको एकता, सहिष्णुता र सामाजिक सदभाव, सामाजिक न्याय, आत्मसम्मान जस्ता विश्वव्यापी मान्यताहरुलाई आत्मसाथ गरेको छ ।जीवन र आत्मसम्मानको हक, समानताको हक, स्वतन्त्रताको हक, न्याय सम्बन्धी हक, सम्पत्तिको हक, लगायतका हकहरु सबै नागरिकलाई समानताका आधारमा उपलब्ध हुने मौलिक हक हुन् भने विविध खालको असमानताबिच सामाजिक न्याय र समतामूलक प्रबन्धका मान्यताका आधारमा समानता तथा सकारात्मक विभेदका माध्यमबाट विशेष संरक्षणका हकका रुपमा रहेका छन् । संविधानमा अपाङ्गता भएका व्यक्तिका हक सम्बन्धमा देहाय बमोजिम प्रत्याभूति गरिएको छ ।

समानताको हक[२७]

यस सम्बन्धी व्यवस्थामा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरीने छैन (धारा १८(२)) भन्ने उल्लेख छ भने राज्यले नागरिकबिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन (धारा१८(३)) भन्ने उल्लेख रहेको छ । यस किसिमको समानताभित्र पनि **अपाङ्गता भएका व्यक्तिका हक**मा समेत उनीहरुको संरक्षण सशक्तिकरण वा विकासका लागि कानून वमोजिम विशेष व्यवस्था गर्नसकिने गरी सम्बोधन गरेको छ ।

छुवाछूत तथा भेदभाव विरुद्धको हक[२८]:

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा **शारीरिक अवस्थाको आधारमा** कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनैप्रकारको छुवाछूत वा भेदभाव नगरीने(धारा२४(१)),उत्पत्ति, जात, जाति वा **शारीरिक अवस्थाको आधारमा** कुनै व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने (धारा २४(३)), कुराको प्रत्याभूति गर्दै यस धाराको प्रतिकूल हुनेगरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (धारा२४(५)) भन्ने व्यवस्था रहेको छ ।

---

२७ नेपालको संविधान धारा १८

२८ नेपालको संविधान धारा २४

शिक्षा सम्बन्धी हक[२९]

यस हक अन्तर्गत अपाङ्गता भएका नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक (धारा ३१ (३)) र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक (धारा३१(४)) हुने कुराको सुनिश्चितता गरिएको छ ।

बालबालिकाको हक[३०]

बालबालिकाका हकमा असहाय, अनाथ, **अपाङ्गता भएका**, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई **राज्यबाट विशेष संरक्षण र सुविधा पाउने** हक हुनेछ (धारा३९(९)) भन्ने उल्लेख भएकोछ।

सामाजिक न्यायको हक[३१]

यस हक अन्तर्गत अपाङ्गता भएका व्यक्तिले सामाजिक न्यायका दृष्टिकोणबाट उनीहरुको राज्यका निकायमा सहभागीता अवसर पहुँच संरक्षण र प्राथमिकता पाउने समेतका हकहरुको व्यवस्था गरिएको छ । जस अनुसार आर्थिक, सामाजिक वा शैक्षिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, **अपाङ्गता भएका व्यक्ति**, सीमान्तीकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक (धारा४२(१)), **अपाङ्गता भएका नागरिक**लाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक (धारा४२(३)), नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन-आन्दोलन, सशस्त्र **सङ्घर्ष र क्रान्तिका क्रममा** जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, **अपाङ्गता भएका व्यक्ति,** घाइते तथा पीडितहरूलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक (धारा ४२ (५)) मा सुनिश्चतता गरिएको छ ।

सामाजिक सुरक्षाको हक[३२]

आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, **अपाङ्गता भएका**, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुखजातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने उल्लेख भएको अवस्था छ ।

---

२९ नेपालको संविधान, धारा ३१
३० नेपालको संविधान, धारा३९
३१ नेपालको संविधान, धारा ४२
३२ नेपालको संविधान, धारा ४३

संविधानमा उल्लेखित यी मौलिक हकका अलावा निम्न व्यवस्था रहेको छः

- समानुपातिक समावेशीकरण सहभागीता र **सामजिक न्याय**का माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चत गर्ने लगायतको राजनीतिक उद्देश्य सहितको राज्यका **मार्ग निर्देशक सिद्धान्त** हुने[३३],
- यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमनगरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र **अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने** (धारा ५१ (ज)) (१४),
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा **अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व** हुने व्यवस्था (धारा ८४२) (३),
- प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानूनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक जना दलित र **एक जना अपाङ्गता भएका व्यक्ति** वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित छपन्न जना रहने (धारा ८६) (२) (क),
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा **अपाङ्गता भएको व्यक्तिको** समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ धारा १७६(६) (७),
- राष्ट्रिय समावेशी आयोगले **अपांगता भएका व्यक्ति**हरुको हकमा पनि उनीहरुको अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्नेअधिकार हुने (धारा २५९),
- स्थानीय तहको अधिकारको सूचीमा उल्लेख भएको वुदा नं १६ मा **अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन** सम्बन्धीको अधिकार राखीएको छ (अनुसूची ८)

३.२ अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ र अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी नियमावली, २०७७

अपाङ्गता भएका व्यक्तिका संविधान प्रदत्त अधिकारलाई कार्यान्वयनमा ल्याउन यो कानून निर्माण भई कार्यान्वयनमा आएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार, यसको संरक्षण, सम्बर्द्धन उनीहरुलाई सहुलियत, सुबिधा, सामजिक न्यायका मान्यताका आधारमा सकारात्मक विभेदसहितको सशक्तिकरण,

३३ नेपालको संविधान, धारा ५०

लगायत राज्यको दायित्व र उनीहरुका अधिकारको उल्लंघनकर्तालाई सजायसमेतको विशेष व्यवस्था यसमा रहेको छ ।यो विशेष कानून भएकोले यसमा लेखिएका कुरा जति यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुन्छ । **अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ को प्रमुख कानूनी व्यवस्थाहरु निम्न रहेका छन् :**

१. अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी कानूनको उद्देश्य[३४]

- अपांगता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न,
- अपांगता भएका व्यक्तिलाई सशक्तिकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न,
- अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न,

२. परिभाषा

यो ऐन मिति २०७४।०६।२९ मा राजपत्रमा प्रकाशित भएको भएपनि ऐनको दफा १ को उपदफा (२) अनुसार ९१औं दिनबाट प्रारम्भ हुने भएकोले २०७४ माघ १ देखि कार्यान्वयनमा आएको मान्नुपर्ने हुन्छ।यस ऐनको **प्रारम्भिक परिच्छेद**मा ऐनमा प्रयुक्त केहि शब्द र शब्दावलीको **परिभाषा** गरिएको छ ।त्यसमध्येका असहाय अपाङ्ग तथा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुको अधिकारको संरक्षणका लागि पहुँचयुक्त अवस्था के हुने सम्बन्धमा भएको परिभाषा यस सन्दर्भमा महत्वपूर्ण रहेका छन् ।ति निम्न छन्[३५]:

"**अपाङ्गता भएका असहाय व्यक्ति**" भन्नाले आफ्नो सम्पत्ति नभएका स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ। "**अपाङ्गता भएका व्यक्ति**" भन्नाले शारीरिक मानसिक बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता कार्यगत सीमितता फङ्सनल इम्प्रिमेण्ट वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ ।

"**पहुँचयुक्त**" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न जीवनका हरेक पक्षमा पूर्णरुपले सहभागि हुनसक्नेगरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना यातायातका साधन सूचना र संचारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरीएका सेवा तथा सुविधा बिना अवरोध समान रुपमा उपयोग गर्नसक्ने अवस्था सम्झनुपर्छ ।

३४ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रस्तावना

३५ ऐजन ऐन, दफा २(क) (ख) (छ)

३. अपाङ्गताको वर्गीकरण परिचयपत्र र अभिलेख सम्बन्धी व्यवस्था

ऐनको परिच्छेद २ को दफा ३ देखि ६ सम्म यसरी सम्बन्धी व्यवस्था रहेको छ।ऐनको दफा ३ ले अनुसूची १ बमोजिमको अपांगताको वर्गीकरण हुने व्यवस्था गरेको छ । यस अनुसार अपाङ्गता दुई किसिमको रहेको पाइन्छ, जुन निम्न बमोजिम रहेको छः

(क) शारीरिक अपांगता वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपांगता भएका व्यक्ति : यस अन्तर्गत निम्न किसिमका अपांगता रहेका छन्:

१. **शारीरिक अपांगता** : स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अंगको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अंगविहिन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइ भन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. **दृष्टि सम्बन्धी अपांगताः** दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रंगको ज्ञान नहुने,

(क) दृष्टि विहिनताः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यून दृष्टियुक्तः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहिनः पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति

३. **सुनाइ सम्बन्धी अपांगताः** सुनाइका अंगको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने,

(क) बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुनपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैसठ्ठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. **श्रवण दृष्टिविहिन अपांगताः** सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपांगता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपांगताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. **स्वर र बोलाइ सम्बन्धी अपांगता:** स्वर र बोलाइ सम्बन्धी अंगमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति।

६. **मानसिक वा मनोसामाजिक अपांगता:** मस्तिष्क र मानसिक अंगमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. **बौद्धिक अपांगता:** उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो: डाउन्स सिन्ड्रोम समेत)

८. **अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपांगता:** अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. **अटिज्म सम्बन्धी अपांगता:** जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

१०. **बहुअपांगता:** एउटै व्यक्तिमा माथि उल्लेखित दुई वा दुईभन्दा बढी प्रकारका अपांगताको समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षघात आदि)

(ख) अशक्तताको गम्भीरताका आधारमा अपांगताको वर्गीकरण

(१) **पूर्ण अशक्त अपांगता:** आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

(२) **अति अशक्त अपांगता:** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

(३) **मध्यम अपांगता:** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

(४) **सामान्य अपांगता:** सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति

उपरोक्त वर्गीकरण सम्बन्धीको व्यवस्था लगायत अपांगताको परिचयपत्र सम्बन्धी व्यवस्था, झूट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुने सम्बन्धी, स्थानीय निकायले यसको अभिलेख राख्नुपर्ने सम्बन्धीका व्यवस्था[३६] रहेका छन्। परिचयपत्र प्राप्तिका तरिका लगायत यस सम्बन्धी नियमावलीमा उल्लेख भएको छ। यस अनुसार अपांगता भएका व्यक्तिहरुको वर्गीकरण सिफारिस समितको व्यवस्था नियमावलीको नियम ३ मा रहेको छ भने अपांगता परिचयपत्र प्राप्त गर्न निवेदन दिने प्रकृया नियम ४ मा र परिचयपत्र दिने प्रकृया नियम ५ मा रहेको छ भने परिचयपत्र नदिने निर्णय उपर उजूरी दिने व्यवस्था नियम ६ मा रहेको छ । नियमावलीको नियम ५ मा पूर्ण असक्त अपांगताको लागि रातो, अति असक्त अपांगताको लागि निलो, मध्यम अपांगताको लागि पहेलो, सामान्य अपांगताको लागि सेतो रंगको परिचयपत्र स्थानीय तहले दिने व्यवस्था गरेको छ ।

अपांगता भएका व्यक्तिले अपांगताको परिचयत्र प्राप्त गर्न निज आफैले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले सम्बन्धित वडा कार्यालयको सिफारिस सहित स्थानीय तहमा निवेदन दिनु पर्ने, त्यस्तो व्यक्तिले आफैले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक नभएमा सम्वन्धित वडाका वडा अध्यक्षले अपांगता परिचयपत्रको लागि निवेदन दिन सक्ने, यसरी प्राप्त निवेदन उपर स्थानीय तहले आवश्यक जाँचबुझ गरी अपांगता देखेमा त्यस्तो व्यक्तिलाई अपांगताको वर्गीकरणसमेत उल्लेख गरी तोकिएको ढाँचामा अपांगताको परिचयपत्र दिनु पर्ने, स्थानीय तहले जाँचबुझ गर्दा अपांगताको वर्गीकरण प्रष्ट नभएमा वा अपांगता भए नभएको सम्वन्धमा द्विविधा भएमा स्थानीय तहले समन्वय समितिमा पेश गर्ने, समन्वय समितिले सिफारिस गर्नु अघि परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न अवश्यक देखेमा स्थानीय तहको खर्चमा नजिकको सरकारी अस्पतालमा निजको स्वास्थ्य परीक्षण गरी अपांगताको परिचयपत्र दिनु पर्ने, जाँचबुझ वा शारीरिक परीक्षण गर्दा परिचयपत्र दिन नमिल्ने देखेमा सो को कारण सहितको जानकारी निवेदकलाई दिनु पर्ने, अपांगताको परिचयपत्र दिन नमिल्ने गरी स्थानीय तहले गरेको निर्णय उपर सम्वन्धित व्यक्तिले ३५ दिन भित्र सम्वन्धित मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजूरी दिनु पर्ने र सो उजूरी उपर मन्त्रालयले गरेको निर्णय अन्तिम हुने व्यवस्था ऐनले गरेकोछ[३७] ।नियमावलीको नियम ६(३) बमोजिम त्यसरी उजूरी परेको मितिले ३० दिन भित्र छानविन गरी निर्णय गरी सो को जानकारी स्थानीय तह वा उजूरीकर्तालाई दिनुपर्ने व्यवस्था समेत रहेको छ ।

४. अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी व्यवस्था

ऐनको दफा ७ देखि २० सम्म १४ प्रकारका अपाङ्गता भएका व्यक्तिका अधिकारको उल्लेख गरिएको छ । ती अधिकारहरु समग्रतामा अपांगता भएका व्यक्ति सबैका समानता वैयक्तिक स्वतन्त्रता भेदभाव

३६ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७५ दफा ४, ५, ६

३७ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४

रहितता सामुदायिक जीवन र संरक्षण सहभागीता संगठन वा सुविधा तथा न्यायमा पहुँच समाजिक सुरक्षा सूचना तथा आवतजावतका अधिकारहरु र अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकारका रुपमा रहेका छन् ।जुन निम्नानुसार रहेका छन् :

- प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने, दफा ७
- भेदभाव विरुद्धको अधिकार, दफा ८.
- सामुदायिक जीवनको अधिकार, दफा ९
- संरक्षणको अधिकार, दफा १०
- राजनीतिक सहभागिताको अधिकार, दफा ११
- नीति निर्माणमा सहभागिताको अधिकार, दफा १२
- संस्था खोल्ने अधिकार, दफा १३
- सांस्कृतिक जीवनमा सहभागि हुने अधिकार, दफा १४
- सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, दफा १५
- सामाजिक सुरक्षाको अधिकार, दफा १६
- सूचना तथा जानकारीको अधिकार, दफा १७
- आवतजावतको अधिकार, दफा १८
- अपांगता भएका महिलाको अधिकार, दफा १९
- अपांगता भएका बालबालिकाको अधिकार, दफा २०

५. अपांगता भएका व्यक्तिको शिक्षा सम्बन्धी व्यवस्था

यस ऐनले अपांगता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्तिक संस्था, वा नेपाल सरकारद्वारा तोकिदिए बमोजिमको शैशिक संस्थाले निःशुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराउनु पर्ने, भर्ना हुदा कुनै प्रकारको शुल्क लिन नपाउने, तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्रीको वितरण र पहुँचमा भेदभाव गर्न नहुने, शिक्षा हासिल गर्न सहज बनाउन आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौंतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने, नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपांगताको गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपांगता भएका व्यक्तिलाई आवास सुविधा सहितको शिक्षा प्रदान गर्न सक्ने, अपांगताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपांगता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्ने, शिक्षण संस्थाले अपांगता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नु पर्ने, निजी क्षेत्रबाट सञ्चालित शैक्तिक संस्थाले नेपाल सरकारले निर्धारण गरे

बमोजिमको सङ्ख्यामा अपांगता भएका विद्यार्थीलाई निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्ने[३८] र अपांगता भएका विद्यार्थीलाई निःशुल्क नगरिएको शिक्षाको लागि छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने, विशेष शिक्षा कार्यक्रम संचालन गरेका विद्यालयको भौतिक पूर्वाधारमा सहयोग पुऱ्याउने तथा उनीहरुको गुणस्तरीय शिक्षामा पहुँच अविबृद्धि गर्न आवश्यक व्यवस्था गर्ने[३९] लगायत सकारात्मक विभेद र सशक्तिकरण तथा संरक्षणका मान्यतामा आधारित **राज्यको दायित्व सम्बन्धी**का व्यवस्था गरेको छ। यसै दफाको आधारमा नियमावलीको नियम १५ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले अपांगता भएका वालवालिकाको लागि विभिन्न विशेष कार्यक्रमहरु सन्चालन गर्ने भनी कार्यक्रमहरुको उल्लेख गरेको देखिन्छ।

६. अपाङ्गता भएका व्यक्तिको सीप विकास र रोजगारी सम्बन्धी

अपांगता भएका व्यक्तिको तालिम लगायतका माध्यमबाट सीप क्षमाता विकास गरी सशक्तिकरण गराउने र स्वरोजगारका लागि सक्षम बनाउने सम्बन्धीको व्यवस्था ऐनको परिच्छेद ६ मा रहेको छ । जस अनुसार:

- व्यावसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउने,
- सहुलियत दरमा ऋण उपलब्ध गराउने,
- रोजगार र सोसँग सम्बन्धित विषयमा भेदभाव गर्न नहुने,
- सहज ढंगले काम गर्ने वातावरण श्रृजना गर्ने,
- अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न नपाउने,
- रोजगारी दिने निकाय तथा संस्थाले रोजगारीका सिलसिलामा अपांगता भएको कामदार तथा कर्मचारीलाई रोजगारीबाट हटाउन वा पदबाट घटुवा गर्न नपाइने,
- कार्यसम्पादन गर्न नसक्ने गरी अपांगता भएको अवस्थामा पनि तलब सुबिधा फरक नपर्नेगरी अर्को काममा लगाउने, पद सृजना गर्ने वा अतिरिक्त पद कायम गरी राख्नेसमेत सेवा सुबिधाको सुरक्षा सम्बन्धी समेत[४०],
- कुनै प्रतिष्ठानमा अपांगता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म कुनै खास सङ्ख्यामा नियुक्ति गर्ने गरी तोक्न सक्ने[४१],

३८ अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ को दफा २१
३९ ऐऐ को दफा २२
४० ऐऐ दफा २४
४१ ऐऐ दफा २५

- कार्यरत अपांगता भएका व्यक्तिको अभिलेख राख्ने[४२]
- यस व्यवस्थाको पालन नगरेको कारणबाट कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो व्यक्तिले व्यवस्थापक समक्ष उजूरी दिन सक्ने,
- उजूरी उपर १५ दिन भित्र जाँचवुझ गर्नु पर्ने र सो उजूरी मनासिव देखिएमा त्रुटि सच्याउनु पर्ने[४३] व्यवस्था गरेको पाइन्छ ।

७. स्वास्थ्य पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरन्जन सम्बन्धी

- तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपांगता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने लगायतमा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था मिलाउने[४४],
- नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, साहाराविहीन वा बौद्धिक अपांगता भएका र मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिलाई पुनर्स्थापना सम्वन्धी व्यवस्था गर्ने,
- अपांगता भएका व्यक्तिलाई पुनःस्थापना गर्नका लागि नेपाल सरकारले एक पुर्नस्थापना केन्द्र र पुनःस्थानपना कोषको स्थापना गर्ने[४५],
- अन्य व्यक्ति सरह आवश्यकता अनुसार विशेष व्यवस्था गरी खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउने[४६],
- मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी निःशुल्क उपचार गराउने व्यवस्था मिलाउने[४७],
- फौजदारी कसूरमा कारवाही चलिरहेका वा सजाय पाएका अपांगता भएका व्यक्ति वाहेक अन्य अपांगता भएका व्यक्तिलाई उपचार वा संरक्षणको नाउमा कारागारमा नराखीने[४८],

नेपाल सरकारले अपांगता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बन पूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपांगता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा

४२ ऐऐ दफा २६
४३ ऐऐ दफा २७
४४ ऐऐ दफा २८
४५ ऐऐ दफा २९ र ३०
४६ ऐऐ दफा ३४
४७ ऐऐ दफा ३५
४८ ऐऐ दफा ३६

निःशुल्क रुपमा देहाय बमोजिमका सामाजिक **सुरक्षा कार्यक्रम** कार्यान्वयनमा ल्याउने व्यवस्था[४९] रहेको छः

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपांगता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

(ग) जीवन बीमा, स्वास्थ्य बीमा र दुर्घटना बीमा गराउन,

(घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा बृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिएको अवस्थाका अपांगता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

(छ) अपांगता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,

(ज) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

उल्लेख गरीए बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा अपांगताको विविधता, लिंग, उमेर, आर्थिक तथा सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाइने व्यवस्था रहेकोछ ।

८. अपांगता भएका व्यक्तिलाई सहुलियत र सुबिधा सम्बन्धी[५०]

नेपाल सरकारले अपांगता भएका व्यक्तिलाई स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । यसका लागि सर्वजनिक यातायात रेल हवाइजहाजवाट यात्रा गर्दा ५० प्रतिशत छुट दिने, उनीहरुको शिक्षा तालिम स्वरोजगारका लागि प्रयोग हुने मालसामान यन्त्र पार्टपूर्जा लगायतमा कर छुट, छोराछोरीलाई निःशुल्क शिक्षा, सामजिक सुरक्षा कायम गर्ने संस्था बैंकहरुले उपलब्ध गराउने, ऋण लगायत करमा सहुलियत उपलब्ध गराउने सम्बन्धीका व्यवस्था रहेका छन्।

९. संस्थागत संयन्त्र सम्बन्धी[५१]

अपांगता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने नीति निर्माण तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक केन्द्रमा **अपांगता राष्ट्रिय निर्देशन समिति** रहने व्यवस्था छ भने अपांगता भएका व्यक्तिहरुको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक

४९ ऐऐ दफा ३२
५० ऐऐ दफा ३७
५१ ऐऐ दफा ३८,४१ र ४२

कार्यक्रम तयार गरी कार्यान्वयन गर्न समेतको लागि सम्बन्धित विषय हेर्ने **मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरको समिति** गठन गर्न सक्ने र अपांगता भएका व्यक्तिको हक हित संरक्षणका लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति रहने व्यवस्था रहेको छ ।

१०. अपांगता भएका व्यक्तिप्रति सरकारले निर्वाह गर्ने दायित्व सम्बन्धी

राज्यका तर्फबाट अपांगता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रुपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीनै तहको दायित्व हुने[५२], व्यवस्था ऐनले गरेको छ ।यसका साथै शिक्षण संस्थाको दायित्व, परिवारका सदस्य वा संरक्षकको दायित्व, चिकित्सकको दायित्व, समाजको दायित्व जस्ता दायित्वहरु दफा ४६ देखि ४९ उल्लेख गरेको अवस्था छ ।

११. अपांगता भएका व्यक्तिको अधिकारको संरक्षण तथा प्रचलन सम्बन्धी व्यवस्था

कसैले ऐनमा उल्लेख भएका अपांगता भएका व्यक्तिको अधिकारको उल्घङ्गन गरेमा वा अपांगता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगरेमा अपांगता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्ने, ७ दिन भित्र जाँचवुझ गर्नुपर्ने र सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउन सम्वन्धित व्यक्तिलाई आदेश दिन सक्ने[५३], सो निवेदन प्रमुख जिल्ला अधिकारीकोमा नदिई अदालतमा पनि दिन सकिने र अदालतले सम्वन्धित व्यक्ति वा निकायलाई उपयुक्त आदेश दिन सक्ने अवस्था रहेको[५४] समेतका व्यवस्था यस अन्तर्गत रहेका छन्।

१२. कसूरजन्य कार्य र सजाय सम्बन्धी

यस ऐनमा अपांगता भएका व्यक्तिहरुलाई घृणा, हेला, उपहास, तिरस्कार[५५] र भिक्षा माग्न लगाउने[५६] गरी २ किसिमको अपराधिक कार्य कसूर (Commission Crime/Mala in se), झूठा विवरण पेश गरी अपांगताको परिचयपत्र लिएमा, सहि सूचना दिएर अपांगताको परिचयपत्र माग गरेकोमा दिइएको सूचना भन्दा फरक प्रमाणपत्र जारी गरेमा, उनीहरुको अधिकार उल्लंघन गरेमा तथा दायित्व निर्वाह नगरेकोजस्ता कर्तब्यच्यूतजन्य (Ommission Crime/Mala in prohibita) कसूर र त्यसमा हुने सजाय सम्बन्धीको व्यवस्था रहेको छ, जुन निम्न रहेको छ:[५७]

५२ ऐऐ दफा ४५
५३ ऐऐ दफा ५१
५४ ऐऐ दफ ५२
५५ ऐऐ दफ ५३
५६ ऐऐ दफ ५४
५७ ऐऐ दफा ५५

(१) कसैले दफा ५ को उपदफा (१) (झुठा विवरण दिई परिचयपत्र प्राप्त गरेमा) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५३ विपरीत (घृणा, हेला वा तिरस्कार गरेमा) कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई तीन महिनादेखि नौ महिनासम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा ५४ विपरीत कुनै काम गरेमा भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानून बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कसूर गर्ने दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा सो उपदफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजायसमेत हुनेछ ।

(६) कुनै व्यक्तिले यस ऐन बमोजिम प्रदत्त अपांगता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(७) माथि उपदफाहरुमा लेखिएदेखि बाहेक यस ऐन विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

ऐनको दफा ५५ बमोजिम सजाय हुने विषयमा सो काम भए गरेको मितिले ३ महिना भित्र मुद्दा दायर गरीसक्नुपर्ने[५८],

दफा ५५को उपदफा (१), (२), (३), (४) र (५) अन्तरगतको मुद्दा नेपाल सरकार वादी हुने र

सो मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा परेको मानिने[५९] भन्ने

समेतका कानूनी व्यवस्था रहेको छ ।

३.३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्य केही कानूनमा रहेका व्यवस्थाहरु

अपांगता भएका व्यक्तिका अधिकार को संरक्षण सम्बर्द्धन सेवा सुबिधामा उनीहरुको पहुँच, सशक्तिकरण सहुलियत सुबिधा अवसर तथा उनीहरुका उपर हुने कसूरको गम्भीरता लगायतका विषयमा विभिन्न अन्य कानूनहरुमा पनि व्यवस्था रहेको पाइन्छ । संक्षिप्त चर्चा निम्न बमोजिम रहेको छः

५८ ऐऐ दफा ५६
५९ ऐऐ दफा ५७

निजामती सेवा ऐन, २०४९ निजामती सेवाका पदमा पदपूर्ति गर्दा समावेशीताका आधारमा गर्नुपर्ने र त्यसरी पदपूर्ति गर्दा अपांगता रहेका व्यक्तिको पाँच प्रतिशत आरक्षण हुने व्यवस्था रहेको छ ।(दफा ७ को उपदफा (७) खण्ड (क)) । यस अनुसार रिक्त दरबन्दीको पचास प्रतिशतलाई सतप्रतिशत मानी त्यसको पाँच प्रतिशत अपांग आरक्षण हुने व्यवस्था छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ "अपांगता भएका"को परिभाषा ऐनको दफा २ को खण्ड (ख) र अपंगता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउने सम्बन्धीको व्यवस्था दफा ३ को उपदफा (१) को खण्ड (ङ)

बालबालिका सम्बन्धी ऐन, २०७५ अपांगताका आधारमा भेदभाव विरुद्धको अधिकार दफा ५ (१)अपांगता भएका बालबालिकाले विशेष संरक्षण पाउने अधिकार दफा ७ उपदफा (४) अपांगता भएका बालबालिकाको विशेष अधिकार सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार रोजगारी मनोरन्जनको अवसर सार्वजनिक सेवासुबिधामा समान पहुँच र उपभोगको अधिकार लगायत गम्भीर अपांगता भएका कारण जीवन जोखिममा रही उपचार हुन नसकी जीवन यापन गर्न कठिनाई भएका बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना गर्नुपर्ने राज्यको दायित्व सम्बन्धी व्यवस्था दफा ४८ उपदफा (१) को खण्ड (झ)

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०७५ ले **अशक्त ज्येष्ठ** नागरिकको परिभाषा (दफा २ (ग)), गर्नुका साथै उनीहरुको हेरचाह, पालनपोषण लगायतको कर्तब्य (दफा ४), छुट सुबिधार मुद्दा मामिलामा प्राथमिकता (दफा ९, १०), लगायत **असहाय ज्येष्ठ नागरिक**लाई छुट्टै वर्गीकरणमा राखी भत्ता सुबिधा परिचयपत्र उपलब्ध गराउनु पर्ने (दफा २४, २५) सम्बन्धीका महत्वपूर्ण व्यवस्था रहेका छन्।

जनस्वास्थ्य सेवा सम्बन्धी ऐन, २०७५ ऐन बमोजिम उपचार गर्दा अपांगता भएका व्यक्तिलाई समान व्यवहार गर्नुपर्ने भेदभाव गर्न नहुने सम्बन्धी दफा १२

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार लगायतका समानताका अधिकार र अपांगता भएका नागरिकहरुलाई विशेष शिक्षाको माध्यमबाट शिक्षा प्राप्त गर्ने **अपांगता भएका व्यक्ति** र निजहरुका छोराछोरीले निशुल्क शिक्षा र विशेष अवसर पाउने अधिकार सम्बन्धी दफा ३ उपदफा (१),(७),(८),(९) अपांगता भएकालाई भर्ना गर्न इन्कार गर्न नहुने दफा ९ उपदफा (२), छात्रवृत्ति प्रदान गर्नुपर्ने सम्बन्धीको दफा २३ उपदफा (१), अपांगता तथा दलित नागरिकको विशेष अधिकार सम्बन्धी दफा ३३ को व्यवस्था ।

समाज कल्याण ऐन, २०४९ अनुसार समाजका कमजोर **असहाय र अशक्त व्यक्ति**का लागि सेवा पुऱ्याउने कार्यलाई **समाज कल्याण**को कार्य (दफा २ (क)) मान्दै बालक बृद्ध असहाय वा अपांगहरुको हित र कल्याण गर्न नेपाल सरकारले **विशेष कार्यक्रमहरु** संचालन गर्ने (दफा) ४ (क) सम्बन्धी व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिक, **अपांगता भएका व्यक्ति र अशक्तहरु**को व्यवस्थापन गर्ने सन्दर्भमा सामजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, संचालन तथा व्यवस्थापन, लगत अध्यावधिक, परिचयपत्र वितरण, सामाजिक भत्ता तथा सुबिधाको व्यवस्थापन र वितरण, **पुनर्स्थापना केन्द्र** तथा अशक्त स्याहार केन्द्रको संचालन, व्यवस्थापन, अशक्त, मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सन्चालन, व्यस्थापन, अनुगमन र नियमन लगायत उनीहरुको व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य अधिकार र कर्तब्य निर्धारण गरेको छ (दफा ११ को खण्ड (त))।

अपराध पीडित संरक्षण ऐन, २०७५ अनुसार शारीरिक वा मानसिक अस्वस्थता अपांगता वा वैचारिक आस्था लगायत कुनै आधारमा भेदभाव गर्न नहुने र कानून वमोजिम विशेष व्यवहार गर्नुपर्ने सम्बन्धीको (दफा ५) व्यवस्था रहेको छ ।

मुलुकी फौजदारी अपराध संहिता, २०७४ अपराधिक दायित्व वहन गराउन अपांगता भएका अर्थात् मानसिक अस्वस्थताका कारणले आफूले दिएको मन्जुरीको गुण दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी नमानिने दफा २० खण्ड (ख), अपांगताको कारणले आफ्नो वचाव गर्नसक्ने स्थितिमा नभएको व्यक्तिउपर भएको कसूरलाई कसूरको गम्भीरता बढाउने अवस्था मानिने सम्बन्धी, अपांगताका कारण भेदभाव र अपमानजन्य व्यवहार गर्न नहुने र गरेमा सजाय हुने व्यवस्था दफा १६० उपदफा (१), (२) अपांग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई जबरजस्ती करणी गरेमा थप कैद सजाय हुने सम्बन्धी दफा २१९ उपदफा (७) का व्यवस्थाहरु ।

४. अपांगता सम्वन्धमा सर्वोच्च अदालतको दृष्टिकोण

१) अधिवक्ता प्रकाशमणि शर्मा समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[६०], मुद्दा उत्प्रेषण,

वहिरा विद्यार्थीहरुका लागि विशेष पाठ्यपुस्तकको व्यवस्थाको साथै सांकेतिक भाषाको माध्यमवाट पढाई हुने गरी देशभर स्कुल तथा उच्च शिक्षालयको स्थापना गर्नु,गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ,भन्ने समेत व्यहोराको निवेदन माग दावी ।

अपाङ्गका शैक्षिक हकको व्यवस्थाको आवश्यकताको पृष्ठभूमिमा खास कार्ययोजना तर्जुमा गरी अविलम्व लागू गर्नुपर्ने हुनाले सो व्यवस्था गर्न पर्ने कुरामा ध्यानाकर्षण गराउँदै तत्कालै देखि विद्यालय वा महाविद्यालयमा शिक्षा प्राप्त गर्न चाहने वहिरोपनको असर परेको व्यक्तिहरुको आवश्यकतालाई सम्वोधन गर्न चालु शैक्षिक सत्र भित्र सांकेतिक भाषाको माध्यमद्धारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नू, त्यहाँ प्रयोग हुने

६० ने.का.प २०६५ अंक २ निर्ण. ७९३१

पाठ्यसामाग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहाँका विद्यार्थीहरुलाई आवश्यक पाठ्यसामाग्री यथाशिघ्र उपलव्ध गराउनू, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्था अविलम्व शुरु गर्न परमादेशको आदेश जारी भएको छ।

२) दीपक भट्टराई समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[61], मुद्दा उत्प्रेषण परमादेश समेत,

देशभरीका अन्धा अपाङ्गहरूको लगत लिई खाद्य, आवास, स्वास्थ्य, शैक्षिक प्रतिष्ठान, ब्रेललिपिमा पाठ्यपुस्तक, सीपमूलक तालिम, सूचना तथा सञ्चार सहितका एकीकृत सामाजिक सुरक्षाको प्याकेजसहित ऐनको दफा ४ अन्तर्गत हाललाई कम्तीमा ५ विकास क्षेत्रमा अन्धा अपाङ्ग (दृष्टिविहीन) संरक्षण केन्द्रको पूर्वाधार विकास गरी आगामी आर्थिक बर्षबाट ऐनको ठोस कार्यान्वयनका अतिरिक्त विशेष गरी अन्ध अपाङ्ग (दृष्टिविहीन) हरूका लागि राज्यले गर्नुपर्ने कल्याणकारी व्यवस्था कार्यान्वयन गर्नु गराउनु भनी विपक्षी निकायहरूका नाउँमा परमादेश जारी गरीपाऊँ भन्ने व्यहोराको निवेदक दीपक भट्टराईको निवेदन ।

लोक कल्याणकारी राज्यले नागरिकहरूलाई अनुकूलतामा मात्र अधिकार उपभोग गर्न सक्षम बनाउने होइन । सरकारले नागरिकहरूलाई समानरुपले अधिकार उपभोग गर्न सक्ने बनाउन पूर्वावस्थाको प्रबन्ध गर्नुपर्ने । शारीरिक अपाङ्गहरूलाई कानूनले प्रदान गरेको सुविधा प्रदान गरी सक्षम बनाउनै पर्दछ । त्यसैले राज्यले समन्यायको आधारमा वितरणमुखी नीति अवलम्बन गरी पिछडिएका नागरिकहरूलाई विशेष व्यवस्था गर्नुपर्ने ।
अपाङ्गहरूमा समेत अन्धा र अन्य अङ्गहरूको अपाङ्गताबीच अन्तर रहेकाले उनीहरू बीच सकारात्मक विभेद गर्नु जरुरी हुन जान्छ । सवै अपाङ्गहरूलाई एकै वर्गमा राखी अधिकारको सुनिश्चितता गरेको भन्ने तर्कले अधिकार सुनिश्चित गरेको भन्न सक्ने अवस्था नरहने ।

देशभरिका दृष्टिविहीन अपाङ्गहरूको छुट्टै लगत लिई खाद्य, आवास, स्वास्थ्य, शैक्षिक प्रतिष्ठान, सुरक्षा ब्रेललिपिमा पाठ्यपुस्तक, सीपमूलक तालिम, सूचना तथा सञ्चारसहितका एकीकृत सामाजिक सुरक्षाको प्याकेजसहितका नीति निर्माणको अतिरिक्त दृष्टिविहीन संरक्षण केन्द्रको पूर्वाधार विकास गरी दृष्टिविहीन अपाङ्गहरूका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नु गराउनू । सो अपाङ्ग संरक्षण तथा कल्याण ऐनको प्रभावकारी कायान्वयन गर्नु गराउनु र अपाङ्ग सेवा कार्य योजना, २०६० को राष्ट्रिय नीतिलाई थप परिमार्जन तथा समसामयिक बनाई कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी भएको छ ।

६१ ने.का.प २०६८ अंक ४ निनं. ८६०२

३) **कल्पना शाक्य समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[६२], **मुद्दा उत्प्रेषण परमादेश समेत,**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ को देहाय (ङ) को व्यवस्था संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हकविपरीत भएको र सो व्यवस्थाले हामी निवेदकहरूलाई सि.आर.पि.डी.को प्रस्तावना तथा धारा ५ र ९ बमोजिमको हकअधिकारको प्रचलनमा बाधा पुगेको हुँदा सो कानूनी व्यवस्था संविधानको धारा १०७ को उपधारा (१) र (२) समेतको आधारमा अमान्य र बदर गरी हामी निवेदकहरूलाई महासन्धिसमेतको आधारमा चालक अनुमतिपत्र दिने कुरामा भेदभाव नगर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत गरीपाऊँ भन्नेसमेत व्यहोराको निवेदनपत्र ।

सडकको भौतिक पूर्वाधार, सवारी साधनको मापदण्ड, सवारीसम्बन्धी नियमहरूको व्यवस्था लगायतका भौतिक एवं कानूनी पूर्वाधारहरूको विकास भएका समाजमा बहिरोपनबाट प्रभावित व्यक्तिलाई पनि सवारी चलाउन योग्य मानिएको देखिएबाट बहिरोपन सवारी चलाउनको लागि अयोग्य हुने कुनै वैज्ञानिक आधार रहेभएको मान्न नमिल्ने।

सडक सुरक्षाको बहानामा अपाङ्ग वर्गलाई सवारी चलाउन सधैंको लागि अयोग्य मान्नु पर्ने तर्कसँगत कारण नहुने।

कानूनमा नै अयोग्यता तोकिएपछि त्यसको पुष्टिको के आवश्यकता रह्यो भन्ने एउटा कुरा हो, तर स्वयं कानून पनि विज्ञान, विवेक, औचित्य र व्यवहारसम्मत हुनु नपर्ने होइन । कानूनद्वारा नै कुनै वर्गलाई राज्यको कुनै सुविधाको लाभ पाउन अयोग्य घोषित गर्नुपूर्व त्यस्तो अयोग्यताको औचित्य र आवश्यकताको बारेमा विवेकसम्मत र वैज्ञानिक अनुसन्धानबाट पुष्ट्याँई गर्नु जरुरी हुने ।

श्रवणशक्ति कुनै कारणले प्रभावित भएको वर्गलाई त्यत्तिकै कारणले मात्र समाजमा उपलब्ध स्रोतसाधनको पहुँच बाहिर राख्ने पर्दछ भन्ने होइन । बरु कसरी उसमा पनि सवारी चालकको हैसियतमा काम गर्नसक्ने क्षमता अभिवृद्धि गर्न सकिन्छ र कसरी निजलाई सवारी चालकको अनुमतिपत्र दिँदा सामान्य रूपमा अरु श्रवणशक्ति प्रभावित नभएका व्यक्तिसरह सुरक्षित र होशियारीपूर्वक सवारी चलाउने कुरा सुनिश्चित् गर्न सकिन्छ भन्ने विषय ज्यादै महत्वपूर्ण देखिन आउँदा राज्यले उपलब्ध गराएको सडक र यातायात सबैको लागि हुने हुनाले त्यसको पूर्ण सदुपयोग गर्ने अधिकारबाट बहिरोपनबाट प्रभावित वर्ग वा यस्तै अन्य वर्गलाई समेत वञ्चित गर्न नमिल्ने ।

श्रवणशक्तिमा अवरोध भएको कारणले मात्र दृश्यशक्ति र अरु सामान्य सुझबुझ दुरुस्त रहेको अवस्थामा सवारी चालक प्रमाणपत्रको लागि सर्वथा अयोग्य हुन् भनी मान्नु पर्ने वैज्ञानिक आधार नदेखिने । बहिरोपन प्रभावित व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राखेर आवश्यक पूर्वाधार विकास र सचेतना अभिवृद्धि गरिएको खण्डमा प्राविधिक रूपमा यस वर्गको व्यक्तिले सवारी चालक अनुमतिपत्र प्राप्त गर्न नसक्ने कुनै प्राकृतिक अयोग्यता देखिँदैन भने तदनुरूपको नीति विश्लेषणसहित कानून

६२ ने.का.प २०७० अंक १ निनं. ८९३९ (विशेष इजलास)

पुनरावलोकन गरी आवश्यक शर्त र सुविधाहरूको विकासमा राज्यले ध्यान दिनुपर्ने भनी निर्देशनात्मक आदेश जारी भएको छ ।

४) राजेन्द्र दुलाल विरुद्ध नेपाल सरकार[६३], मुद्दा उत्प्रेषण परमादेश,

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ४, दफा ६ को उपदफा (२), (३) दफा ७ को उपदफा (१), (२), (३) दफा ८ को उपदफा (१)(२)(५)(६), दफा ९, दफा १० को उपदफा (१)(२)(३)(४), दफा १६ को उपदफा (१), दफा १८ को उपदफा (३)(५) को "सक्नेछ" वा "सकिने छ" भन्ने व्यवस्था तथा शिक्षा नियमावली, २०५९ को नियम ६० अपाङ्गका लागि विशेष शिक्षाको व्यवस्था गर्न सकिने छ भन्ने व्यवस्थासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी सो स्थानमा अनिवार्यरूपमा दृष्टिविहीन अपाङ्गको हितका लागि गर्नुपर्ने काममा "गर्नेछ" "गरीने" भन्ने जस्ता बाध्यात्मक कानूनी व्यवस्थाहरू गर्नु गराउनु र निजामती सेवा ऐन, २०४९ को दफा ७ को प्रावधान तथा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा अन्य आवश्यक कानूनमा आवश्यक संशोधन परिमार्जनसमेत जो गर्नुपर्छ गरी, दृष्टिविहीन अपाङ्गहरूलाई विशेष अपाङ्गको श्रेणीमा राखी निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को खण्ड (ङ) मा भैरहेको पाँच प्रतिशत भन्ने व्यवस्थामध्ये २.५% अर्थात आधा जति कोटा दृष्टिविहीन अपाङ्गको लागि आरक्षण गर्ने गरी संसदमार्फत् उक्त कानूनमा तथा अन्य प्रचलित सबै नेपाल कानूनमा उपर्युक्तबमोजिम दृष्टिविहीन अपाङ्गका हितका लागि आवश्यक सबै कानूनी प्रबन्ध गर्नु गराउनु भन्नेसमेत व्यहोराको परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरीपाऊँ भन्ने निवेदनपत्र ।

सबै प्रकारका अपाङ्गलाई राज्यको तर्फबाट संरक्षण सेवा सुविधा प्रदान गरीनुपर्ने कुरामा विवाद हुन सक्तैन । तर सबै प्रकारका अपाङ्गहरूलाई एउटै धरातलमा राखी समान व्यवहार गर्दा असमान हुनजान्छ जुन समानताको सिद्धान्तको मूल मर्मको विपरीत हो । यस अर्थमा अपाङ्गहरूबीच पनि अपाङ्गताको आधारमा वर्गीकरण गरी सोहीबमोजिमको संरक्षणको आवश्यकता छ भन्ने कुरामा पनि दुईमत हुन नसक्ने ।

५) राजु प्रसाद चापागाईं समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[६४], मुद्दा परमादेश,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम मुलुकी ऐन २०२० को गरीब कंगालको महल लगायतका कल्याणकारी कानूनी व्यवस्थाहरू अनुरूप प्रत्येक जिल्लामा परित्यक्त, असहाय, बेसहारा तथा आश्रयविहीन नागरिकहरूको यथोचित भरणपोषण तथा आवासको लागि उपयुक्त स्थानको व्यवस्था गर्न, स्थानीय निकायसम्बन्धी कानूनले यस्ता प्रकारका व्यक्तिहरूको लागि उचित व्यवस्था गर्नुपर्ने दायित्व निर्धारण गरेको हुनाले नेपाल राज्यभरका स्थानीय निकायलाई आ-आफ्नो

६३ ने.का.प २०७२ अंक १ निनं. ९३२० (विशेष इजलास)
६४ ने.का.प २०७४ अंक ४ निनं. ९७९०

क्षेत्रभित्र परित्यक्त तथा असहाय नागरिकहरूको अद्यावधिक अभिलेख राख्न लगाई सोहीबमोजिमको व्यवस्था तत्काल गराउनको राज्यले प्रत्यक्षरूपमा अभिभावकत्व दिनुपर्ने तथा सामाजिक संरक्षणको आवश्यकता भएको नागरिकहरूको पहिचान, भरणपोषण तथा आवश्यकताअनुसार अस्थाई वा स्थाई आवास, स्वास्थ्य तथा शिक्षालगायतका सामाजिक सुविधाका सम्बन्धमा छुट्टै राष्ट्रिय मापदण्ड बनाएर लागू गर्ने तथा यससम्बन्धी छिरिएर रहेका कानूनहरूलाई संहिताकृत गर्न सामाजिक संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा वा सेवासुविधा उपलब्ध गराउँदा मानसिक अपाङ्गता तथा शारीरिकरूपमा अशक्त व्यक्तिहरू, बालबालिका, गर्भवती तथा बालबच्चासहितका महिलाहरू एवं वृद्धवृद्धाहरूलाई विशेष प्राथमिकता दिनु भनी नेपाल सरकारका विभिन्न निकायका नाममा परमादेशको आदेश जारी गरीपाऊँ भन्नेसमेत व्यहोरा रिट निवेदन ।

राज्यको आर्थिक क्षमताले सकेको खण्डमा सबै मौलिक अधिकारहरू नागरिकले प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गरीदिनुपर्ने भए पनि बाँच्न पाउने अधिकारको प्रत्याभूति मानव जीवनको अस्तित्वसँग सम्बन्धित भएको हुँदा असक्त तथा घर परिवारबाट परित्यक्त विभिन्न अवस्थाका नागरिक जसको जीवन नै संकटमा छ त्यस्ता नागरिकको जीवनको सुरक्षाको विषयलाई राज्यले स्रोत र साधनको अभाव भन्ने कारण देखाई कार्यान्वयनको क्रममा गरीने ढिलाईलाई मानवीय दृष्टिकोणबाट समेत उचित मान्न नसकिने ।

समाजमा रहेका मानिसहरू जो आफ्नो बारेमा स्वयम् बुझ्न सोच्न र जान्न सक्दैनन् । त्यस्ता वृद्ध, असक्त, असहाय, अनाथ बालबालिकासमेतका व्यक्ति वर्ग र समुदायको आधारभूत आवश्यकताको परिपूर्ति राज्यका तर्फबाट हुनुपर्ने विषय सामाजिक सुरक्षासँग सम्बन्धित हुने हुँदा यस्तो विषयलाई लोक कल्याणकारी राज्यमा अनिवार्यरूपमा स्वीकार गर्नुपर्ने हुन्छ । जीवन नै संकटमा परेका वर्ग र समुदायको रक्षा गर्ने महत्त्वपूर्ण संरक्षणात्मक उपाय सामाजिक सुरक्षासम्बन्धी विशेष योजना र कार्यक्रम नै रहेको हुन्छ । राज्यले प्रदान गर्ने निश्चित अवस्थाका सबै नागरिक समेटिएको सामान्य भत्ताको व्यवस्थाबाट विशेष अवस्थामा रही सामाजिक सुरक्षाको आवश्यकता रहेका नागरिकहरूको हकमा उचित सम्बोधन हुनसक्ने नदेखिने ।

६) निरज कुमार साह समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[६५], मुद्दा उत्प्रेषण,

छात्रवृत्तिको लागि सिट संख्या नछुट्याई समावेशी सिद्धान्तको विपरीत विद्यार्थी भर्ना लिँदै आएकोले उक्त भर्ना कार्य उत्प्रेषणको आदेशबाट बदर गरी समावेशी सिद्धान्तको आधारमा विद्यार्थी भर्ना गर्ने कार्य गर्नु, गर्न लगाउनु भनी विपक्षीहरूको नाऊँमा परमादेशको आदेश जारी गरी मिति २०६९।५।१८ गतेको गोरखापत्रको सूचनाको आधारमा विद्यार्थी भर्ना लिन लिखित परीक्षालगायतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा प्रतिषेधको आदेशसमेत जारी गरीपाऊँ साथै

६५ ने.का.प २०७५ अंक १ निनं. ९९४२

छात्रवृत्तिसम्बन्धी नियम बनाउनु बनाउन लगाउनु भनी विपक्षीहरूको नाऊँमा निर्देशात्मक आदेश जारी गरी पाऊँ भन्ने निवेदन व्यहोरा ।

राज्यको मूल प्रवाहमा आउन नसकी राज्यबाट उपलब्ध साधन, स्रोत र पहुँचमा प्रतिनिधित्व हुन नसकी बहिस्करण (Exclusion) मा परेका वर्गलाई राज्यको मूल प्रवाहमा समावेश (Inclusion) गर्नको लागि त्यस्ता पक्षको साधन, स्रोत, र अवसरमा पहुँच र प्रतिनिधित्वको सुनिश्चितता हुन अपरिहार्य हुन्छ । त्यसका लागि निश्चित वर्ग वा समुदायको लागि फरकफरक उपायहरू अवलम्बन गरी, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका अवसरहरूमा उचित प्रतिनिधित्व गराउनु पर्ने ।

उच्च शिक्षामा सबैको पहुँचको सुनिश्चितताको निमित्त आर्थिक सहयोग (Financial support) मा मात्र समावेशीताको सुनिश्चितता नभई भर्ना नीतिमा नै समावेशीताको सुनिश्चितता गर्न आवश्यक छ । अन्यथा शिक्षा वा उच्च शिक्षा, प्राविधिक शिक्षा आर्थिक र सामाजिकरूपले सम्पन्न व्यक्ति वा वर्गमा मात्र सीमित हुनसक्ने ।

भर्नामा विविधता (Diversity) को सम्बोधन हाम्रो जस्तो वहुपहिचान भएको समाजमा (plural society) अपरिहार्य देखिन्छ । विशेष गरी जहाँ सामाजिक, आर्थिक र भौगोलिक कारणले केही वर्गहरू पछाडि रहेका छन् त्यसमा त यो अति जरूरी हुन्छ । तर विविधताको सुनिश्चितताको अर्थ योग्यता (merit) सँग सम्झौता गर्ने नभई केही विशेष उपाय अवलम्बन गर्दै फरक समूहहरूबीच प्रतिस्पर्धा गराउँदै उनीहरूको क्षमता विकास गराउने हो । समानसँग असमानको प्रतिस्पर्धाभन्दा पनि असमानबीच असमानको प्रतिस्पर्धाको साथ विविधतासहितको समावेशीताको सुनिश्चितता आजको आवश्यकता हुने ।

संविधानको प्रावधानहरूको कार्यान्वयन आवश्यक अपरिहार्य देखिएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय तथा वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सरकारको अनुदानमा सञ्चालन हुने प्रतिष्ठान भएकोले छात्रवृत्ति ऐन, २०२१ र छात्रवृत्ति नियमावली, २०६० मा संविधानअनुरूप परिमार्जन र मानकहरूको निर्धारणसमेत आवश्यक देखिन्छ । तसर्थ छात्रवृत्ति प्रदानसम्बन्धी नियम बनाउनु पर्ने र भर्नामा आवश्यक न्यूनतम योग्यतासँग सम्झौता नगरी विविधता (Diversity) को सुनिश्चितता गर्न तत्काल आवश्यक मापदण्डसमेत तयार गरी तत्पश्चात् अबको भर्नामा उक्त विश्वविद्यालयहरू अन्तर्गतका अध्ययन संस्थान र क्याम्पसहरू एवं शैक्षिक कार्यक्रमहरूमा जुनजुन वर्ग र समूहबाट नेपाली विद्यार्थीहरू भर्ना गरीने हो सो सबैमा समानुपातिक समावेशीता कायम गर्नको लागि कानून निर्माण र कार्यान्वयन गर्ने एवं विद्यार्थी भर्ना लिने दायित्व भएका विपक्षीहरूका नाउँमा सो कार्यहरू गर्न गराउन निर्देशनात्मक आदेश जारी गरिएको छ ।

७) चित्रवहादुर खत्री विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत[६६] मुद्दा उत्प्रेषण समेत

पर्वतारोहण सम्वन्धी नियमावली २०५९ मा भएको पाँचौ संशोधन २०७४ को नियम ३ को उपनियम (२) (क) को खण्ड (ग) मा दुवै हात वा खुट्टा नभएको वा दुवै आँखाले देख्न नसक्ने व्यक्तिलाई

६६ रिट नं ०७४-WC-००४६ (संवैधानिक इजलास) आदेश मिति २०७६।३।१३

पर्वतारोहण गर्न रोक लगाउने गरी भएको उक्त कानूनी व्यवस्था उत्प्रेषणको आदेशद्वारा वदर गरी पाऊँ भन्ने निवेदन ।

अपांगता भएक व्यक्तिहरु क्षमता विहिन व्यक्ति नभई फरक क्षमता भएक व्यक्ति हुँदा त्यस्ता व्यक्तिहरुको क्षमता दक्षता र तत्परता समेतमा प्रश्न उठाई त्यस्ता व्यक्तिहरु प्रति पूर्वाग्रही बनी राज्यवाट त्यस्ता व्यक्तिहरको क्षमताको अवमूल्यन गर्नु संविधान तथा अन्तरराष्ट्रिय मानव अधिकारको मान्यता विरपरित हुन्छ ।अपांगता भएका व्यक्तिहरुलाई स्व निर्भर भई जिउन तथा जीवनका हरेक पक्षमा पूर्णरुपमा सहभागी हुन सक्षम तुल्याउन त्यस्ता व्यक्तिहरुलाई सवै प्रकारका सार्वजनिक सुविधा र सेवामा पहुँच सुनिश्चित गर्न उपयुक्त उपाय अवलम्वन गर्ने राज्यको दायित्व हो ।अपांगता भएका व्यक्तिहरुलाई पर्वतारोहणका लागि अनुमति नै नदिने गरी भएको कानूनी व्यवस्था समानताको सिद्धान्त विपरित भई विभेदपूर्ण रहेको र सो व्यवस्थाले अपांगता भएका व्यक्तिहरको आत्मसम्मानपूर्वक तथा मर्यादित जीवनयापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच कायम हुने अवस्थालाई निरुत्साहित गर्ने त्यस्ता व्यक्तिको मानवीय संवेदनशीलतामा आघात पार्ने आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा र सुविधामा समान पहुँच कायम हुने अवसरवाट वन्चित गर्ने गरी तर्जुमा गरिएको देखिएको पर्वतारोहण सम्वन्धी नियमावली, २०५९ को नियम ३ को उपनियम (२) (क) को खण्ड (ग) को व्यवस्था कायम रहन नसक्ने हुँदा उक्त खण्ड (ग) को कानूनी व्यवस्था आजैका मितिवाट अमान्य र वदर घोषित गरीदिएको छ ।

८) पुरावेदक प्रतिवादी नविन कार्की विरुद्ध धनकुटा ख को जाहेरीले वादी नेपाल सरकार[67] मुद्दा जवरजस्ती करणी,

पीडितले आफैं जाहेरी दिएकी एवं मौकामा र अदालतमा बयान गर्दा विना संरक्षक सबै सवालहरूको स्पष्ट रूपमा जवाफ दिएको तथा सुरू अदालतले समेत प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३क. को प्रयोजनार्थ अपाङ्गको श्रेणीमा राख्नु शंकास्पद देखिएको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको ३क. आकर्षित गर्नु न्यायोचित नहुने ।

माथि उल्लिखित सर्वोच्च अदालतबाट भएका आदेशहरु अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण, सम्बर्द्धन र उत्थान-विकासको पक्षमा रहेका छन् । यी आदेशहरुलाई निम्न बमोजिम विवेचना गर्न सकिन्छ :

राज्यका श्रोत साधनमा उनीहरुको पहुंच विस्तार सकारात्मक विभेदसहित सामाजिक न्यायको मान्यतामा उनीहरुको संरक्षण विकास गर्ने दयित्व राज्यको हुने र राज्यले विशेष संरक्षणको मान्यता समेतका आधारमा उनीहरुलाई संबोधन गर्नुपर्ने लगायत आदेश गरी उनीहरुको अधिकार सवालमा महत्व राज्यको मूल प्रवाहमा आउन नसकी राज्यबाट उपलब्ध साधन, स्रोत र पहुँचमाप्रतिनिधित्व हुन नसकी बहिस्करण (Exclusion) मा परेका वर्गलाई राज्यको मूलप्रवाहमा समावेश (Inclusion) गर्नको

६७ ने.का.प २०७६ अंक ६ निनं. १०३००

लागि त्यस्ता पक्षको साधन, स्रोत, रअवसरमा पहुँच र प्रतिनिधित्वको सुनिश्चितता हुन अपरिहार्य हुन्छ । त्यसकालागि निश्चित वर्ग वा समुदायको लागि फरकफरक उपायहरू अवलम्बन गरी, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका अवसरहरूमा उचित प्रतिनिधित्व गराउनु पर्दछ। कानूनमा समानताको हकको प्रावधान गरिए पनि त्यो हक अन्तर्गत विभिन्न वर्ग र समुदायको अनुभवहरु समेटिएको छैन भने सबैले समान रुपमा त्यसको लाभ लिन सक्ने अवस्था रहदैन ।सरकारले नागरिकहरूलाई समानरुपले अधिकार उपभोग गर्न सक्ने बनाउन पूर्वावस्थाको प्रबन्ध गर्नुपर्ने हुन्छ। त्यसैलेअपाङ्गता भएका व्यक्तिहरूलाई कानूनले प्रदान गरेको सुविधा प्रदान गरी सक्षम बनाउनै पर्दछ । अपांगता पनि विभिद किसिमका हुने हुँदा अपाङ्गताबीच सकारात्मक विभेद गर्नु जरुरी हुन जान्छ । सबै अपाङ्गहरूलाई एकै वर्गमा राखी अधिकारको सुनिश्चितता गरेको छ भनिन्छ भने अधिकार सुनिश्चित गरेको भन्न सक्ने अवस्था रहदैन ।

समाजमा बालक, वृद्ध, स्वस्थ, अस्वस्थ, शिक्षित, अशिक्षित, सम्पन्न, विपन्न, सबलाङ्ग वा अपाङ्गका साथै विभिन्न लिङ्ग, वर्ग, जातजातिका मानिसहरू रहन्छन् । हरेक वर्गभित्र धेरै विविधतायुक्त उपवर्गहरू हुन्छन् । समाजमा एकै खालको उमेर, अनुभव, शरीर, क्षमता, योग्यता वा पृष्ठभूमि भएका मानिसहरू निकै कम हुन्छन् । तर मानवको रूपमा सम्मानीत समाजका सबै सदस्यहरूको आफ्नो समाजप्रतिको निश्चित् हक वा दायित्वहरू निर्धारित भएका हुन्छन् र तिनको प्रयोग र पालना गर्ने वा दावी गर्ने हकहरू पनि तिनीहरूसँग रहन्छ । त्यसैले सार्वजनिक यातायात, सञ्चार वा विकासका सबै सुविधाहरूमा सर्वसाधारणको पहुँच पुऱ्याउने नीति राज्यले अख्तियार गर्नुपर्ने हुन्छ । तर सामान्यतया व्यवहारमा हेर्दा औसत रूपमा शिक्षित, सक्षम, सबलाङ्ग, लिङ्गको हिसाबले पुरुष र धर्मको हिसाबले बहुसंख्यक समुदायले राज्यका सुविधाहरूको अत्याधिक लाभ वा हिस्सा पाउने र सोबाहेक अरुले चाहिं बाँकी बचेको वा गौण लाभ वा हिस्सा मात्र पाउने गरेको पाइन्छ । राज्यका स्रोतसाधनहरूको वितरणसम्बन्धी नीति तर्जुमा गर्दा वा कार्यक्रमहरू निर्धारण गर्दा नै त्यस्ता वर्गको आवश्यकतालाई बढी जोड दिइने र जसलाई वास्तविक रूपमा आवश्यक छ, त्यो वर्गको हकमा राज्यको नीतिनियम र कार्यक्रमहरू प्राथमिकतामा कम परेको पाइन्छभन्ने नै सर्वेच्च अदालतवाट प्रतिपादित सिद्धान्तको मूल आशय रहेको पाइन्छ ।

५. अपांगता भएका व्यक्तिको हक कार्यान्वयनमा सरकारी वकीलको भूमिका

सरकारी वकीललाई संविधानले हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको संरक्षक, सम्बर्द्धकको रुपमा स्वीकार गरेको छ भने सर्वोच्च अदालतबाट भएका नेपाल सरकारका नामका विभिन्न आदेशहरुको कार्यान्वयनको स्थितिको सुपरीवेक्षण गर्ने कर्तब्य र अधिकार तोकेको छ ।यीनै अधिकार कर्तब्यको सिलसिलामा महान्यायाधिवक्ताको कार्यालयले कारागार तथा हिरासत कक्षको अनुगमन सुपरीवेक्षण गर्ने कार्य गरिरहेको छ। साथै मौलिक मानव अधिकार तथा कानूनी हकको कार्यान्वयन र पालनाको सवालमा नेपाल सरकारका संयन्त्रहरलाई सहजीकरण गरिरहेको छ । अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनले किटान गरेका कसूरसँग सम्बन्धित मुद्दा सरकारवादी मुद्दा हुने र

अनुसूचीभित्र परेकोले ती मुद्दाको अनुसन्धानको कामलाई निर्देशनसमेतका माध्यमबाट वस्तुगत, तथ्य प्रमाण संकलन गर्न लगाई अभियोजनको आधारभूमि तयार पार्ने र मूल कार्य अभियोजन तथा न्यायिक कारबाहीको समग्र कार्यमा सरकारी वकीलको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अपांगता भएका व्यक्तिको अधिकार कार्यान्वयनका सवालमा सरकारी वकीलको भूमिका निम्न रहेको छ :

- ऐन अन्तर्गत कसूरका मुद्दाको अनुसन्धानलाई वस्तुगत, तथ्य प्रमाणयुक्त, भरपर्दो, विश्वासिलो र प्रभावकारी बनाउन अनुसन्धानमा आवश्यकतानुसार निर्देशनसमेतका माध्यमबाट सहयोग र सहजीकरण गर्ने,
- गुणस्तरीय र प्रभावकारी अभियोजन र न्यायिक कामकारबाही लगायतको समग्र अभियोजनको कार्यमा सरकार पक्ष भई उनीहरुका अधिकारका पक्षमा कार्य गर्ने,
- अपराध पीडित अपांग र कसूरजन्य कार्यमा संलग्न अपांगलाई न्यायिक काम कारबाहीका सिलसिलामा समानता स्वतन्त्रता तथा आवश्यकतानुसार सकारात्मक विभेद समेतका आधारमा व्यवहार र अधिकारको प्रत्याभूति गर्ने,
- अनुसन्धानदेखि अभियोजन र न्यायिक प्रक्रियामा समेत अपांग अनुकूल वातावरण बनाउन सहजीकरण गर्ने,
- हिरासत तथा कारागारमा रहेका अपांगता भएका व्यक्तिको हक अधिकारको संरक्षण हेतु आवश्यक कार्य गर्ने,
- मुद्दाको अनुसन्धानको सिलसिलामा अपांग पीडितको अन्तरीम व्यवस्थापन र उपचार, न्यायपूर्ण क्षतिपूर्ति, विगो भरीभराउ, परिपूरणसमेतको सुनिश्चतता र प्रत्याभूति गर्ने,
- मुद्दाको न्यायिक काम कारबाहीको जानकारी, प्रमाण संरक्षण र प्रस्तुति, अपराध पीडित अपांगलाई क्षतिपूर्ति, विगो भरिभराउ तथा परिपूरणमा आवश्यक सहयोग र सहजीकरण गर्ने,
- अपंगता भएका व्यक्तिका पक्षमा भएका अदालतका आदेश, निर्देशनहरुको पालना र कार्यान्वयनमा सरकारलाई सहजीकरण गर्ने,
- अपांगता भएका व्यक्तिका संविधान, कानून प्रदत्त अधिकारको प्रत्याभूति र प्रचलनका लागि सम्बन्धित निकायलाई उत्प्रेरित गर्ने,
- उनीहरु अनुकूल वातावरण र सहुलियत सुबिधाको उपलब्धतालाई बढावा दिने सुधारका कार्यक्रम लगायत कानूनमा सुधार परिमार्जन गर्न सम्बन्धित निकायसँग समन्वय र सहयोग पुऱ्याउने,
- अपांगता हक संरक्षण, सम्बर्द्धनका काम कारबाहीमा कानूनी अडबड परेमा कानूनी रायका माध्यमबाट हक संरक्षण गर्ने,
- समानताको हक प्रबर्द्धनका साथसाथै सकारात्मक विभेद तथा सशक्तिकरण समेतका तरिकाबाट अपांगता भएका व्यक्तिको राज्यबाट प्रत्याभूत हुने सेवा सुबिधामा पहुँच विस्तार गरी अवसरको सुनिश्चतता गर्ने कार्यमा सहजीकरण गर्ने, आदि ।

६. अपांगता भएका व्यक्तिको हक कार्यान्वयनका समस्या र समाधानका उपायहरु

क. समस्याहरु

अपांगता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण गर्नका लागि ऐन तथा नियमावली आएको भएतापनि निजहरुको अधिकार प्रचलनका लागि अझै पनि केहि समस्याहरु रहेको देखिन्छ जो निम्न रहेका छन् :

- अपांगता भएका व्यक्तिप्रतिको सामाजिक दृष्टिकोण सोचमा अपेक्षित परिवर्तन, सुधार हुन सकेको छैन ।अपंगतालाई अझै कतिपय अवस्थामा घृणा, द्वेष, हेलाका दृष्टिले हेर्ने गरीन्छ भने उनीहरुलाई सुबिधा, सहुलियत, संरक्षण गर्ने कुरालाई पनि दया, अनुराग तथा कल्याणको विषय बनाइन्छ ।उनीहरुको संरक्षण, सम्बर्द्धन, सशक्तिकरण, लगायत मूलप्रवाहीकरणको सवाललाई अधिकारको अवधारणाको मान्यताबाट अपेक्षित सम्बोधन हुन सकेको छैन,
- अपांगतामा लगानी र संरक्षण, सम्बर्द्धन अनुत्पादक मानिने र उनीहरु लक्षित कार्यक्रमहरु सरकारका प्राथमिकताका विषय नहुने अन्तराष्ट्रिय र वैदेशिक सहायता, सहयोगमा भर पर्नुपर्नेअवस्था,
- राज्यको सेवा, सुबिधामा पहुँच विस्तार, शिक्षा, स्वास्थ्य, विकास लगायतको अवसरको उपलब्धताका विषयका साथै सशक्तिकरणका प्रयासहरु अपेक्षाकृत प्रभावकारी हुन नसक्नु,
- मुद्दाको न्यायिक काम कारबाहीमा अपराध पीडित अपांगता र कसूरजन्य कार्यमा संलग्न अपांगता भएकालाई अन्य सिमान्तकृत बालबालिका, महिला सरह विशेष संरक्षणका मान्यताका आधारमा सम्बोधन हुन नसकेको,
- संविधान कानूनले अपांगताका विभिन्न अधिकार र तिनीहरुको समुचित कार्यान्वयन गर्ने राज्यको दायित्व हुने व्यवस्था गरेको भएपनि व्यवहारमा समुचित कार्यान्वयनमा ल्याउन नसकिएको र जवाफदेहीतामा कमी रहेको,
- अपांगता अनुकूल न्यायिक वातावरण र काम कारबाहीमा अपेक्षित उत्प्रेरित व्यवहार हुन नसकेको,
- शिक्षा, स्वास्थ्य, सुबिधा र अवसर, सहुलियत, संरक्षण, सशक्तिकरण प्रत्याभूतिका पहुँचयोग्य र पर्याप्त संस्थागत संयन्त्र तथा कार्यप्रणालीको प्रबन्ध हुन नसकेको,
- अपांगतालाई कानूनन् स्थानीय तहले सम्बोधन गर्नुपर्ने भएपनि हालसम्म स्थानीय सरकारको अपांगता सम्बन्धीको नीति बन्न नसकेको र उनीहरुको संरक्षण, सम्बर्द्धन, सशक्तिकरणको सवाल अन्यौलग्रस्त रहेको,
- उपलब्ध सहुलियत, सुबिधा, कार्यक्रमहरु शहर केन्द्रीत रहेका, दूरदराजका अपांगता भएका व्यक्तिको पहुँच नभएको,
- अपांगता भएका व्यक्तिहरु के, कुन समस्या र गम्भीरताका, कस्तो अवस्था, परिवेश र स्थितिका, सम्बोधनका के, कस्ता प्रबन्ध योजना छन् लगायतको स्पष्ट र तथ्यांकमा एकरुपताको अभिलेख व्यवस्थापन र सो अनुरुप सूत्रबद्ध योजना कार्यान्वयनमा आउन नसकेको,

- राज्यले उपलब्ध गराएका अवसर र सुबिधामा पनि टाठाबाठा, पहुँच भएका, काम गर्न खासै बाधा नहुने किसिमको अपांगता भएका व्यक्तिहरुले फाइदा लिएका, अत्यावश्यक परेका लक्षित समूह र व्यक्तिको पहुँच नभएको,
- अपांगता भएका व्यक्तिका अधिकार र उनीहरुलाई उपलब्ध हुने सेवा, सुबिधा सशक्तिकरण, मूलप्रवाहीकरणका कार्ययोजनाहरु बारे अपेक्षाकृत सचेतना हुन नसक्नु, आदि ।

ख. समाधानका उपायहरु

- अपांगता भएका व्यक्तिका अधिकारहरुलाई राज्यका संयन्त्रमार्फत कार्यान्वयनमा ल्याउन आवश्यक र पर्याप्त संरचनागत संयन्त्रहरुको निर्माण र व्यवहारमा क्रियाशील गराउने,
- अपांग मैत्री वातावरणमा मुद्दाको न्यायिक काम कारबाहीको व्यवहारिक सुनिश्चतता प्रत्याभूति गर्ने गराउने,
- अवसर सशक्तिकरण र पहुँच विस्तारका सरल सहज र प्रभावकारी कार्यप्रक्रियामा जोड दिई अपांगताको पहुँच अभिवृद्धि गर्ने,
- अपांगता भएका व्यक्तिको अभिलेखमा एकरुपता र स्पष्टता कायम गरी योजनाबद्ध लक्षित कार्यक्रमहरु संचालन गर्ने र सहुलियत सुबिधाका आवश्यक मापदण्ड बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउने,
- अपांगता लक्षित कार्यक्रमहरुलाई राष्ट्रिय प्रदेशिक तथा स्थानीय सरकारको छुट्टाछुट्टै सम्बोधनको विषय यकिन गरी प्राथमिकतापूर्वक उनीहरुको संरक्षण विकास र उत्थानका कार्यक्रमहरुलाई योजनाबद्ध ढंगबाट कार्यान्वयनमा ल्याउने,
- अपांगता लक्षित कार्क्रमहरुलाई पहुँच भएका र नाम मात्रका अपांगभन्दा आवश्यक र अप्ठ्यारोमा परेका अपांगता लक्षित गरी र दूरदराजमा रहेका अपांगता सम्म पहुँच विस्तार गर्न स्थानीय निकायहरलाई क्रियाशील गराउने,
- न्यायिक प्रक्रियामा अपराध पीडत अपांगलाई अनुसन्धानदेखि नै न्यायी कारबाहीको सम्पूर्ण चरणमा सकारात्मक विभेदको मान्यतासमेतको सामाजिक न्यायका आधारमा पीडितलाई अनुसन्धानको अवस्थामा अन्तरिम क्षतिपूर्ति व्यवस्थापन कानून बमोजिम पाउने क्षतिपूर्ति विगो भरिभराउ परिपूरणसमेतको सुनिश्चतताको वातावरण बनाउने,
- अपंगता भएका व्यक्तिका अधिकार तथा कानूनका विषयमा सचेतना हुने प्रकारका विविध कार्यक्रमहरु जनस्तरमा लगी उनीहरु लक्षित संरक्षण सम्बर्द्धन तथा सशक्तिकरणका कार्यहरुलाई जनस्तरमा सम्प्रेषण गर्ने,
- स्थानीय निकायले अपांगता सम्बोधनको विषयलाई प्रथमिकतामा राखी सो अनुरुप उनीहरुको आवश्यक व्यवस्थापन प्रबन्धलाई प्रभावकारी बनाउने,
- अपांगता लक्षित अदालतबाट भएका आदेश निर्देशनहरुको पालना र कार्यान्वयनलाई प्रभावकारी परिणामदायीरुपमा कार्यान्वयनमा ल्याउने, आदि ।

७. निष्कर्ष

अपांगता शारीरिक, मानसिक दुर्बलता, असक्षमता र अपांगता भएका व्यक्तिको जीवनको समस्या हो ।यो विविध प्रकारको हुनसक्छ ।व्यक्तिमा अपांगता स्वयंको कारण नभई अन्य कारणले हुने र

यस्तो अपांगताले व्यक्तिमा अयोग्यता, अशक्तता, अक्षमाता सृजना गर्नुका साथै राज्यको सेवा प्रवाहका पहुँच, अवसर, सुबिधाबाट बन्चित गराई अझ कतिपय अपांगताले त नारकीय जीवन जीउन वाध्य पार्ने अवस्थामा पुऱ्याउँछ ।त्यसैले उनीहरुलाई **अविभेद तथा समानताको मान्यतामा आधारित** नागरिकका नैसर्गिक अधिकार प्रत्याभूतिका अतिरिक्त संरक्षण, सशक्तिकरण, सुबिधा र सकारात्मक विभेदजस्ता **विशेष संरक्षणका सिद्धान्त**मा आधारित सामाजिक न्यायको हकको सुनिश्चितता कार्य व्यवहारबाट प्रत्याभूति हुनेगरी उनीहरुको संरक्षण, सम्बर्द्धन, उत्थान र समग्र विकास हुने कार्य राज्यले गर्नुपर्छ ।यो राज्यको दायित्व पनि हो ।यीनै तथ्यमा अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धीको अवधारणा र यस सम्बन्धित कानूनी तथा संगठनात्मक संयन्त्रहरुको विकास भएको पाइन्छ ।

नेपालमा अपांगतालाई सम्बोधन गर्ने प्रमुख अन्तराष्ट्रिय कानूनमा Convention on Rights of Persons with Disabilities (CRPD), 2006 र नेपालको सविधान, अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र ऐजन नियमावली, २०७७ प्रमुख राष्ट्रिय कानूनका रुपमा कार्यान्वयनमा रहेका छन्। नेपालको संविधानले पहिलोपटक अपांगता भएका व्यक्तिको विशेष संरक्षणका सिद्धान्तमा आधारित मौलिक हकको सुनिश्चितता गरेको छ भने अधिकारमुखी अवधारणामा आधारित भई निर्मित कार्यान्वयनमा रहेका कानूनहरुले अपांगता भएका व्यक्तिका अधिकारहरु सुनिश्चत गर्नुका साथै ती अधिकारहरुको संरक्षण, सम्बर्द्धन, सशक्तिकरण, उपयोग-उपभोगका कार्य प्रकृया तथा कार्यान्वयनका संस्थागत संयन्त्रहरु र उनीहरुको दायित्व तथा जवाफदेहीता सम्बन्धीको महत्वपूर्ण व्यवस्था गरेको छ।यसका साथै उनीहरुलाई अपहेलना, घृणा गर्ने, भिक्षा माग्न लगाउने लगायत ऐन प्रदत्त हक अधिकारको कार्यान्वयन र उपलब्धताको सवालमा बाधा व्यवधान गर्ने जवाफदेहीता निर्वाह नगर्ने जस्ता कार्यलाई कसूर मानी त्यस्तो कार्य गर्नेउपर सजायको व्यवस्था गरिएको छ र त्यस अनुरुप केही संयन्त्र र कार्यविधि निर्माण भई व्यवहारमा प्रभावकारी क्रियाशीलताको सकारात्मक प्रयास पनि भएका छन् ।

संविधान तथा कानून कार्यान्वयनको यस अवधिमा यस क्षेत्रमा वान्छित परिवर्तन र सुधारको अपेक्षा र महत्वाकांक्षा आफैमा हतारको विषय रहेको छ भने कानूनको व्यवहारिक कार्यान्वयनका क्षेत्रमा अधिकार कार्यान्वयनका अपर्याप्त संयन्त्र, संरचना, समस्याको प्राथमिकीकरण नहुने, अभिलेख प्रणाली चुस्तदुरुस्त नरहेको, अपांग मैत्री वातावरण तथा अनुकूल न्यायिक व्यवहारको अभाव, सेवा प्रवाहमा सम्बन्धित निकायहरुको काम चलाउ र न्यून सक्रियता जस्ता समस्या र चुनौतीहरु यस क्षेत्रमा रहेका छन्।यसका लागि राज्य संयन्त्र र यस क्षेत्रका सरोकारवाला सबैको कार्य व्यवहारमा थप प्रभावकारीता र क्रियाशीलताको आवश्यकता रहेको छ ।

Consumer Law and Practice in Nepal[1]

1. Background

There is an inequality of bargaining power between the consumer and the producer which leads to the exploitation of the consumer.[2] With the rising human expectations, hopes and desires towards consumerism have led to state regulation and protection of consumer interests in harmony with opposing interests and goals of industry and manufacturers, and today consumer jurisprudence has also become a variant of human rights jurisprudence encompassing some basic rights of human-like, right to live and life, right to health, right to information and other due-processual rights in this new age of liberalization and laissez-faire conducive to the generation of more entrepreneur freedom of trade and business within the framework of business ethic concerning consumer justice.[3] It has been observed that consumerism has its roots in diverse social movements seeking to enhance the economic well-being and political power of consumers.[4] Specifically, during the 1970s, after Ralph Nader emerged as a leader in consumer advocacy,[5] his idea that the term 'consumer' could be acquainted with the word citizen and the consumer protection law should be regarded as an aspect of the civil law,[6] gave a new direction to the consumer movement.

2. Defining the term 'Consumer'

There are varied definition of the term consumer. Black's Law Dictionary defines a consumer as one who uses economic goods and so diminishes or destroys their utilities; opposed to a producer.[7] In the majority of countries, the legal definition of the consumer clearly defines consumption as only relating to the supply and household use of goods and services. Certain jurisdictions do not define the consumer explicitly, as indeed is also the case in the United Nations Guidelines for Consumer Protection, whereas Australia, France and the UK do not have single definitions.[8] From the Nepalese legal perspective, the term 'consumer' has been defined as a person or institution that consumes or uses any goods or services.[9]

3. Principles of Consumerism

Consumerism is the social movement seeking to augment the rights and powers of the buyers in relation to sellers. Philosophy of consumerism or consumer protection

---

1 Assistant Government Attorney, Ashma Khadka and Assistant Government Attorney Prabhat Chhetri
2 B.W. HARVEY & D.L PARRY, THE LAW OF CONSUMER PROTECTION AND FAIR TRADING 13-14 (1996)
3 Mahesh Koolwal, *Consumer Jurisprudence* 2.1. NALCAR LAW REVIEW 194 (2004-5)
4 J.A. Jolowicz, *The Protection of the Consumer and Purchaser of Goods under English Law* 32 MODERN LAW REVIEW 1-2 (1969)
5 Diya Berger, *A Tale of Two Movements: Consumer Protection in the U.S. from 1969 to 2010* COLLEGE UNDERGRADUATE RESEARCH ELECTRONIC JOURNAL 21 (2013)
6 GURJEET SINGH, CONSUMER PROTECTION AND THE LAW 1 (1996)
7 BLACK'S LAW DICTIONARY 389 (4th ed. 1968)
8 CONSUMERS INTERNATIONAL, THE STATE OF CONSUMER PROTECTION AROUND THE WORLD 4 (2013)
9 Consumer Protection Act, 2075 (2018), Sec. 2(d)

emphasizes the protection, preservation, and enhancement of human life. There are four principles of consumerism. They are:

- **Caveat Emptor:** Caveat Emptor is a Latin term which means 'let the buyer beware. It is a traditional principle related to consumerism. This principle means let the buyer be beware. It means that it is the responsibility of the buyer or consumer to check the goods and services before buying them. This implies that even if the product or service bought by the consumer is not up to the standard, the consumer cannot seek any remedy against the seller because it was the consumer's responsibility to check the product before buying. In ancient times when markets were small and consumers had very few things to buy this principle worked well. But as the markets grew the choice of products also grew. This gave rise to unfair marketing practices to attract consumers which made application of this principle difficult.[१०]
- **Caveat Venditor:** The principle of Caveat Emptor could not exist for a long time because in modern times the technical details of the products are a mystery for the consumers. There are so many products available in the market. The consumers either have very little information or no information at all about the complicated and sophisticated production process. It puts them in a difficult situation to make a purchase decision. This gave rise to the development of the principle of Caveat Venditor as an exception of the principle of Caveat Emptor. Caveat Venditor means 'let the seller beware'. It is a tacit warning to the sellers that, unless they expressly disclaim any responsibility, they will be held liable if the sold items are found defective in any way or vary from the specifications. It is believed that this principle turned the direction of the market and developed a balance between the welfare of producers and consumers.[११]
- **Doctrine of Consumer Sovereignty:** This is the most important principle of consumerism. Consumer is the king of the market. Market depends on the consumer. Consumer decides whether he wants to buy a product or not. He has the right to either accept or reject a product in the market. This principle is quite democratic and consumer-friendly. But, to realize the spirit of this principle it is important that consumers are educated and aware. They should have knowledge of all the products available in the market. Consumers should have the right not only to select the product of their choice but should also have the right to seek redress if there is any discrepancy in the price or quality of the product.[१२]
- **Principle of Respectfulness:** The main theme of this principle is that the respect given by the producer, sellers, and service providers to the consumers is the basis for attracting more consumers. Here respecting consumer means accepting its

[10] TEK PRASAD DHUNGANA ET AL., CONSUMER PROTECTION: CONCEPT, LAW AND PRACTICE 8 (2062)
[11] Id., at 9
[12] Id.

responsibility towards consumers, not creating any problems for them. In totality, respecting consumer means to respect the feelings of the consumer.[१३]

In the present context some of the most common business malpractices leading to consumer exploitation are given below[१४]:

1. Sale of adulterated goods which means the addition of inferior substances to the product being sold.
2. Sale of sub-standard goods meaning the sale of goods that do not conform to the prescribed quality standards.
3. Use of false weights and measures leading to losses.
4. Supply of defective goods.
5. Misleading advertisements, that is the advertisements falsely claiming a product or service to be of superior quality, grade or standard.
6. Sale of spurious goods, which means selling something of little value instead of the real product.
7. Sale of duplicate goods.
8. Hoarding and black-marketing which leads to scarcity and rise in prices.
9. Charging more than the maximum retail price (MRP) fixed for the product.
10. Supply of inferior services, that is the quality of service is lower than the quality agreed upon.

4. Need for consumer protection

Primacy of consumers can be traced by to Adam Smith's proposition: "Consumer is the sole-end purpose of all production and the interest of the producer ought to be attended to only so far as it may be necessary for promoting that of the consumer."[15] The study of marketing is focused on the point that consumer satisfaction is the primary motto of commerce. It is the consumer on whose choice the entire marketplace is established.[16] Noting this, the need for consumer protection may be summarized as follows:

(a) Social Responsibility: Business must be guided by certain social and ethical norms having the morale to serve the consumers. They have the obligation to provide the right quality and quantity of goods at fair prices to the consumers.

---

13 Id., at 10

14 Lavanya Ajaykumar Panicker, *Contemporary Issues of Consumer Protection* 4 INTERNATIONAL JOURNAL OF LAW MANAGEMENT & HUMANITIES 1909 (2021)

15 ADAM SMITH, THE WEALTH OF NATIONS 155 (1937)

16 RAJENDRA KUMAR NAYAK, CONSUMER PROTECTION LAW IN INDIA: AN ECO-LEGAL TREATISE ON CONSUMER JUSTICE 155 (1991)

(b) Provide Market Information: Still the majority of the consumers have no information about quality, type, price and other marketing facilities. They buy without product knowledge resulting in losses.

(c) To increase Awareness: With increasing malpractices in business consumers ought to have knowledge about the malpractices by the business. There are many consumer organizations that are making efforts to aware consumers in this regard and helping them to enforce their rights.

(d) To restrict unfair trade practices: When consumers are aware about their rights along with the products, possible malpractices in business this causes pressure to the manufacturers, middlemen and traders to avoid conducting the trade by unfair means.

(e) Avoiding Monopoly: Monopoly is the crown of modern market. Irrespective of various restrictions many business organizations follow monopoly practice. Because of which consumers are getting affected and are in need of protection. Thus, consumer Protection is very important in terms of avoiding and regulating monopoly.

(f) Prevention from Malpractices: Along with the change in market business malpractices are also rapidly growing. To catch up with those changes businessmen tends to follow unfair trade practices, restrictive trade practices and monopolistic trade practice. Thus consumer protection plays a cardinal role to prevent such malpractices.

(g) Consumer Satisfaction: Consumers' satisfaction is regarded as the key to success of any business. Thus, the businessmen should take every step to serve the interests of consumers to satisfy them with the goods and services provided to them.

(h) Survival and Growth of Business: In this era of globalization and competition if the business fails to provide up-to-date service to their consumer they slowly cease to exist. Thus they should become consumer-oriented to survive and grow as well as to run the business in the long run.

5. Basic Consumer Rights

The basic consumer rights were first outlined by American President John F. Kennedy in his special message to Congress on protecting the consumer interest delivered on March 15, 1962. The consumer rights addressed in his speech are:[17]

[17] *See* P. SIVAPRAKASAM AND S. RAJAMOHAN, CONSUMER EMPOWERMENT: RIGHTS AND RESPONSIBILITIES 14-16 (2001)

- **The right to safety**: to be protected against the marketing of goods that are hazardous to health or life.

- **The right to be informed**: to be protected against fraudulent, deceitful, or grossly misleading information, advertising, labeling, or other practices, and to be given the facts he needs to make an informed choice.

- **The right to choose**: to be assured, wherever possible, access to a variety of products and services at competitive prices; and in those industries in which competition is not workable and Government regulation is substituted, an assurance of satisfactory quality and service at fair prices.

- **The right to be heard**: to be assured that consumer interests will receive full and sympathetic consideration in the formulation of Government policy, and fair and expeditious treatment in its administrative tribunals.

Consumer protection relates to efforts to ensure that products purchased by consumers are safe to use, meet all expressed or implied performance standards, purchased with adequate information on safe use, free from fraudulent methods of marketers, purchased fairly in a competitive marketplace. Consumer International (CI) materialized the idea put forth by Kennedy and set out eight different rights as consumer rights, which have been encapsulated into the UN Guidelines for Consumer Protection.

6. Basic Consumer Rights Adopted in UNGCP

The United Nations set a milestone in the development of consumer law when it adopted the United Nations Guidelines for Consumer Protection in 1985 (UNGCP), establishing for the first time a set of international consumer law principles.[18] The basic consumer rights adopted in UNGCP are highlighted below:

- **Right to Satisfaction of Basic Needs**: According to this right every consumer has the right to have access to food, clothing, education, healthcare and shelter.
- **Right to Safety**: A consumer has the right to demand safe goods and be protected from unsafe products and services.
- **Right to Information**: A consumer has the right to demand information regarding a certain product like the quality, purity, standard, the cost of goods, etc.
- **Right to Choose**: A consumer has the right to choose the product among a variety of products, which he/she likes.
- **Right to be heard**: Consumers have the right to express themselves if they have been cheated.
- **Right to Seek Redress**: The right to legal redress when they are cheated.

[18] *See* I. Benöhr, *The United Nations Guidelines for Consumer Protection: Legal Implications and New Frontiers* 43(1) JOURNAL OF CONSUMER POLICY 105-124 (2020)

- **Right to Consumer Education**: Consumer has the right to be educated on "consumer evils" in the society as informed consumers cannot be exploited.
- **Right to a Healthy Environment**: A consumer has the right to work in an environment that does not affect his/her progress and health.

7. Nepalese Constitutional and Legal Provision

7.1. Background

Prior to the enactment of the Consumer Protection Act, 2054 (1998), there were few statutes (such as Food Act, 2023 (1967), Standard Measurement and Weight Act, 2025 (1968), Black-marketing and Some Other Social Offenses and Punishment Act, 2032 (1975), etc. that aimed at protecting the interests of the consumer in several ways. With the promulgation of the Constitution of the Kingdom of Nepal, 2047 (1990) [which although did not explicitly provide consumer protection], the consumers' issues started gaining importance, as the constitutional provisions (be it the fundamental rights or the Directive Principles and State Policy) were aimed at protecting the life and security of the consumers.[१९] After 13 years long struggle and advocacy by the consumer organizations and civil society organizations for a separate and comprehensive protection law, Consumer Protection Act, 2054 (1998) was introduced,[२०] and its regulation came into force it was expected to enforce the consumer rights from all avenues, however, the Act did not incorporate the right to basic needs and right to a healthy environment enshrined by the UN Guidelines which are believed to be the basic rights of consumers, calling for a new legislative regime pertinent to consumer protection.

7.2. Constitution of Nepal (2072)

Constitution of Nepal (2072) for the first time explicitly incorporated consumers' right as the fundamental right, realizing the fact that it can be used to establish or reinforce basic or fundamental consumer rights, as well as provide some guiding principles such as the responsibility of the state or public authorities for promoting and protecting consumer rights, namely by setting up the adequate, comprehensive and effective legal and institutional framework for consumer protection.[२१]

Constitution of Nepal & Consumer Rights

Following are the explicit provisions ensured by the constitution relevant to the consumers' rights:

- Every consumer shall have the right to obtain quality goods and services.[२२]
- A person who has suffered injury from any substandard goods or Services shall have the right to obtain compensation in accordance

[19] See Mihir Kumar Thakuri, *Annual Survey of Law of Consumer Protection in Nepal* 3 ANNUAL SURVEY OF NEPALESE LAW 172-173 (2002)

[20] Id., at 173

[21] *To understand the importance of incorporating the consumers' rights in constitution see* R. Greenstein, *Social rights, essential services, and political mobilization in post-apartheid South Africa* 29 INTERNATIONAL JOURNAL ON CONSUMER LAW AND PRACTICE 417–433 (2006).

[22] Constitution of Nepal (2072), art. 44(1)

with the law.[२३]

- There shall be a right to constitutional remedy in course of implementation of rights granted in this part.[२४]
- For the enforcement of the rights conferred in this Part, the State shall make legal provisions, as required, within three years of the commencement of this constitution.[२५]
- Under the state's Policy Relating to economy, industry and commerce, the state has a policy to protect the interests of consumers by maintaining trade fairness and discipline by making national economy competitive, while ending activities such as creating black marketing, monopoly, artificial scarcity, and restricting competition.[२६]

7.3. Consumer Protection Act, 2075 (2018)

Consumer Protection Act, 2075 (2018) was enacted by realizing that it is expedient to make an amendment to and consolidation of the legal provisions relating to consumer protection in order to protect and promote constitutional rights of the consumers to obtain quality goods and services, to provide a judicial remedy for the enforcement of the rights obtained by the consumers, and provide compensation for harm and injury likely to be caused to the consumers.[२७] It repealed the Consumer Protection Act, 2054 (1998).[२८]

Major Provisions/Features of Consumer Protection Act, 2075 (2018)

1. Definitions

The Act provides definitions of the following major terms pertinent to consumer right:

- "Consumer" means any person or institution that consumes or uses any goods or services.[२९]
- "Goods" means the substance which the consumers consume or use or the materials made of the mixture of goods which do not inflict harm and injury or any kind of side effect to health, and this term also includes the raw material, color, fragrance or chemical to be used in the production of such goods.[३०]
- "Service" means electricity, drinking water supply, telephone, information technology, health, education and consultation, transport,

[23] Constitution of Nepal (2072), art. 44(2)
[24] Constitution of Nepal (2072), art. 46
[25] Constitution of Nepal (2072), art. 47
[26] Constitution of Nepal (2072), art. 51(d) (7)
[27] Consumer Protection Act, 2075 (2018), Preamble
[28] Id., Sec. 65
[29] Id., Sec. 2 (d)
[30] Id., Sec. 2(m)

drainage, banking or other services of similar nature, and this term also includes legal, medical or engineering services.[३१]

The previous Act had limited the area of service to labor, facility or consultancy but this new consumer statute has recognized services such as electricity, drinking water supply, telephone, information technology, health, education and consultation, transport, drainage, banking or other services of similar nature, including legal, medical or engineering services.

2. Regulation of Goods and Services

Compared to the previous Act, this Act has elaborated how the goods and services are to be regulated. As per the Act, the Government of Nepal shall regulate the supplies, price, quality, measurement, label, advertisement of the goods and services regularly in order to protect the rights of the consumers.[३२]

3. Regulation of Price

The Act provides the following provisions relevant to Regulation of Price:

- The Government of Nepal shall regulate the supplies, price, quality, measurement, label, advertisement of the goods and services regularly in order to protect the rights of the consumers.[३३]
- To make necessary provisions to maintain uniformity in the price in general, by managing a wholesale or retail business.[३४]
- The maximum price of essential food and other goods or services shall also have to be fixed in the list pursuant to sub-section (1) The maximum price of essential food and other goods or services shall also have to be fixed in the list pursuant to sub-section (1).[३५]
- While selling the goods or service pursuant to sub-section (1), the seller shall not sell, or cause to be sold, the same in a price higher than that referred to in sub-section (2).[३६]
- The agency as prescribed shall prepare the standards relating to the determination of price of goods or services as prescribed.[३७]
- While preparing standards relating to price determination pursuant to sub-section (1), profit amount to be taken by the seller also shall have to be accepted as basis in such a way that production cost of the goods, transport expenses, custom, tax, charge paid by the importer pursuant to law shall not be more than the percentage fixed while selling.[३८]

[31] Id., Sec. 2 (q)
[32] Id., Sec. 4 (1)
[33] Id.
[34] Id., Sec. 4(2)(h)
[35] Id., Sec. 19(2)
[36] Id., Sec. 19(3)
[37] Id., Sec. 21(1)
[38] Id., Sec. 21(2)

4. Regulation of Profit Margin

- No one shall sell, distribute or transport or hinder the sale and distribution of any goods by taking profit higher than that prescribed and over the cost invested in the production, import, transport, hoarding or sale and distribution of that goods.[३९]

5. Regulation of Supply

- To implement the policy relating to quality, price determination and supply system of goods or services.[४०]
- To fix the maximum quantity of the storage of the goods in any special circumstance, or at any particular place, for the period prescribed.[४१]
- To receive foods from the producers at the prescribed price and sell them to the general people with determining certain quantity of such foods in case there is a shortage of any foods produced within Nepal.[४२]

6. Regulation of Quality

- The Government of Nepal shall regulate the supplies, price, quality, measurement, label, advertisement of the goods and services regularly in order to protect the rights of the consumers[४३]
- Bad business practice – selling without fulfilling the structure, measurement or standard if any, prescribed for selling or providing any goods or service selling without fulfilling the structure, measurement or standard if any, prescribed for selling or providing any goods or service[४४]
- No one shall do or cause to be done any of the following acts, regarding any goods or services: producing, selling or importing substandard goods knowingly[४५]
- While carrying out inspection, investigation or search pursuant to subsection (2), if it seems unsafe, affected goods or goods having no quality are being produced or sold and distributed, or service provided or activities are contrary to this Act and the rules framed under this Act, the Inspection Officer may impose restriction on producing or selling and distribution of such goods or providing services for prescribed period by taking samples of such goods as prescribed.[४६]
- If the goods are not found to have the quality as prescribed while testing the samples of such goods forwarded to the laboratory for testing pursuant

[39] Id., Sec. 17(1)
[40] Id., Sec. 4(2)(a)
[41] Id., Sec. 4(2)(f)
[42] Id., Sec. 4(2)(g)
[43] Id., Sec. 4(1)
[44] Id., Sec. 16(2)(q)
[45] Id., Sec. 18(a)
[46] Id., Sec. 33(3)

to Section 34, such goods shall be confiscated and shall, as required, be destroyed as prescribed.[४७]

- When the goods are confiscated and destroyed pursuant to subsection (1), the producer, importer or seller shall have to bear the expenses for confiscating or destroying such goods[४८]

7. Regulation regarding label

- Affixing label mentioning various particulars about the goods was also a requirement in the previous act however the existing act prohibits import, sale and distribution of goods on which label is not affixed.[४९]

Thus by regulating the price, supplies, quality, measurement, labels and advertisement of the goods and services the existing Act has prohibited various activities like:

- To conduct unfair trade and business activities:
- The Act elaborates on the unfair trade and business activities which include:
- Selling or providing goods or services by lying, concealing or hiding,
- Creating artificial shortage of, hoarding or selling any goods,
- Refusing to issue bill or invoice of the sold goods or service or not issuing bill or invoice,
- Providing service without specifying the price, quality of service, etc.
- To cause adverse impact on demand, supply or price:
- Distribution, transport, or hindering the sale and distribution of any goods by taking profit higher that that prescribed and over the cost invested in the production, import, transport, hoarding or selling and distribution of such goods is prohibited by the Act.
- Producing, selling or importing sub-standard goods knowingly,
- Selling any goods or services by lying or deceiving that the goods or services are other goods or services and stating high standard goods or services,
- Producing or selling the goods or service that cause adverse impact upon the health of consumer.[50]

8. Control Mechanism

Regarding the complaints to be filed either in verbal or written or in electronic form the act provides that complaint should be filed to the central marketing

[47] Id., Sec. 35(1)
[48] Id., Sec. 35(2)
[49] Id., Sec. 6
[50] https://www.svlclaw.com/resource/highlights-of-consumer-protection-act-2018/

monitoring committee, Department or Inspection Officer along with the information or proof and evidence under his or her custody.

Relevant Authorities under the act regarding consumer protection are:

- Ministry of Industry, Commerce and Supplies
- Department of Commerce, Supplies and Consumers Welfare Protection Department
- Consumer Protection Council
- Central Market Monitoring Committee[५१]
- Provincial Market Monitoring Committee[५२]
- Local Market Monitoring Committee[५३]
- Consumer Court
- District Court

9. Consumer Protection Council

The Consumer Protection Council of Nepal comprises 15 members. The Minister of Industry and commerce is the head of the council.[५४]

10. Inspection Mechanism

- The Department may carry out casual inspection for the protection of the rights, interests of the consumers.[५५]
- If there is reasonable ground to believe that the unsafe goods having adverse effect or sub-standard goods are being produced or sold, or services have been provided, or any acts are being done contrary to this Act and the rules framed under this Act, the Inspection Officer may, by entering into such a place at any time as necessary, inspect, inquire or search, arrest the person who commits such act and hold such a person in detention for seven days with the permission of the case trying authority.[५६]

11. Investigation and filing of case

The Inspection Officer shall carry out the investigation and file the cases relating to the offense under this act.[५७]

12. Consumer Court

Consumer Protection Act provides for the establishment of a consumer court to try and settle out cases or complaints. Such cases and complaints are transferred to the concerned district court only if the consumer court gets dissolved by the Government.[५८]

13. Compensation

If bodily, mental, financial, physical or other kinds of harm and injury are caused to any consumer by use of the goods or services sold or distributed

[51] Id., Sec. 25
[52] Id., Sec. 27
[53] Id., Sec. 28
[54] Id., Sec. 22
[55] Id., Sec. 31(1)
[56] Id., Sec. 33(1)
[57] Id., Sec. 59
[58] Id., Sec. 41

contrary to this Act, or damage is occurred as a result of defective production of goods, the consumer himself or herself, or any consumer association on his or her behalf, or the heir of the consumer if the consumer is incompetent or has already died, may make a complaint to the Court for compensation from the person who has produced, imported, hoarded, transported, sold and distributed or provided such goods or services within six months from the date of harm and injury caused.[५९]

14. Reward to informant:

The existing Act also provides for reward of ten percent of the claimed amount recovered or one million rupees, whichever is the lesser, to the person who provides information that the offense has been or is going to be committed.[६०] There were no such provisions in the previous Act.

Apart from the Consumer Protection Act, 2075 (2018), the laws relating to consumers have been provided in the following statutes:

1. Black-marketing and Some Other Social Offenses and Punishment Act, 2032 (1975)
2. Competition Promotion and Market Protection Act, 2063 (2007)
3. Food Act, 2023 (1967)
4. Nepal Standards (Certification Mark) Act, 2037 (1980)
5. Standard Measurement and Weight Act, 2025 (1968)
6. Mother's Milk Substitutes (Control of Sale and Distribution) Act, 2049 (1992), etc.

7.4. Contemporary Issues

7.4.1. Need of the Consumer Court

Unlike the Consumer Protection Act, 2054 (1998), the new Consumer Protection Act, 2075 (2018) has envisioned the Consumer Court(s) in order to try and settle the cases other than the cases to be prosecuted pursuant to subsection (1) of Section 40 of the Act.[६१] Nevertheless, until the Court is constituted the concerned District Court shall have the authority to take action, hear or try the case,[६२] by virtue of which District Courts are exercising the same jurisdiction. In comparison to a complaint filed in a regular court, consumer court can take away a lot of burden from the regular courts and can be quick, private, fair, and inexpensive. The consumer courts have been established with the twin objective: a) for the speedy redressal of consumer complaints, and a) to establish quasi-judicial authorities unlike civil courts to provide compensation to consumers.[६३] The consumer court can help to provide

[59] Id., Sec. 50
[60] Id., Sec. 56
[61] Consumer Protection Act, 2075 (2018), Sec. 41
[62] Id., Sec. 48
[63] Sheetal Kapoor, *Mediation And Consumer Protection* 7 INTERNATIONAL JOURNAL ON CONSUMER LAW AND PRACTICE 76 (2019)

inexpensive and speedy redressal to consumers, where a consumer could itself plead its case in the consumer courts.[६४]

7.4.2. Claims against Medical Services and Concern Over the Frivolous Consumer Claims

An analysis of the cases related to consumer protection concludes that there are several cases filed before the judicial and quasi-judicial bodies for the protection, enforcement, and reformation of consumer rights. It is pertinent to note that majority of such cases are related to upholding the right of health service seekers and the quality of medical services. On the other hand, there have been several concerns regarding frivolous consumer claims which have serious impacts upon the seller and service providers.

8. Judicial Approach of the Supreme Court of Nepal regarding the Consumerism

In order to protect the rights and interests of the consumers, the Nepalese Supreme Court has been setting valuable precedents, playing an important role in the implementation of the consumer-related laws, protecting the rights of consumers, and setting the required standards. Following are some notable decisions of the Supreme Court in that regard, which have been divided into several headings for the ease of understanding:

I. Natural of Consumer Rights, and its nexus Policy and Economy

8.1. Bharatmani Gautam vs. Office of Prime Minister and Council of Ministers et al.[65]

In this case, the Supreme Court of Nepal highlighted that the consumers should be active to make Consumer Act functional. Court also observed that the state is the party to the case under this Act and thus such cases should be prosecuted according to the procedures set.

8.2. Jyoti Baniya vs. Hotel Association, Nepal[66]

In this case, the Supreme Court laid down the principle that only a market under a competitive liberal economy can determine whether the price of a service determined by a service provider is right or wrong. Accordingly, punishment can be imposed on those who charge excessive prices. Even the government cannot intervene regarding the price of goods or services except for otherwise provided in the law for the public interest of the consumer and to prevent acts of cartelling or unavailability of goods and services.

[64] *See* V.K. AGGARWAL, CONSUMER PROTECTION: LAW & PRACTICE (2015)
[65] NKP 2060, Vol.11, 12, Decision No. 7304
[66] NKP 2064, Vol.11, Decision No. 7904

8.3. Chandrakanta Gyawali vs. Office of the Prime Minister and Council of Ministers[67]

In this case, the Supreme Court laid down the following principles:

- Since it is the policy of the government to decide the issues of accessibility and quality of products, the judiciary cannot speak in this regard. Accordingly, the Nepal Oil Corporation cannot be considered as an obstacle to ensuring the consumption of accessible and quality petroleum products.
- The Government of Nepal must be held accountable for the effective implementation of various legal provisions on consumer rights. Respect for the law may gradually be declined, if the required action is not taken towards enforcement.
- Whether the state sees its role in any industry, trade or service depends on the political system adopted by the state, economic policy, and the capacity of the state as well as the capacity and credibility of the private sector.
- Judicial decisions cannot guarantee the protection of interest of the consumers by an easy and accessible supply of petroleum products if the Oil Corporation has been disbanded and if it is operated by the private sector.
- Judiciary cannot intervene in matters where the role of the state is indispensable even when the state itself takes over the private sector.

8.4. Sumi Distilleries vs. Biageo Bronds SBV[68]

In this case, the Supreme Court has laid down the following principles:

- Patent design and trademarks are important in the industry. No matter how liberal the economy is and the role of the government may be limited to the licensing regime, the industry will have a monopoly on industrial property such as patents, designs, and trademarks.
- In a country with an open economy, it is the government that encourages competition to prevent monopoly. Law is also made accordingly. However, it is also considered as a public duty of the state to protect the patent, design, and trademark used in any product or service and to protect the interest of the consumer consuming the product or service of the product or service made by an entrepreneur. The main responsibility of the state will be to protect such intellectual property as any other property acquired by a person.

8.5. Nirmal Kumar Shrestha vs. Ministry of Physical Infrastructure[69]

In this case, the Supreme Court laid down the following principle:

67NKP 2067, Vol. 3, Decision No. 8324
68 NKP 2068, Vol. 3, Decision No. 8577
69 NKP 2075,Vol 1, Decision No. 9926

- Syndicate practices prohibit a fair and competitive open economy. In the age of globalization, even Nepal has embraced the principles of economic liberalization and consumers have the right to choose the market. Accordingly, the consumers have the right to choose clean, quality, and competitive services.
- Even in the transportation service, it is the right of the citizen to ride in the new, reliable, trustworthy, and quality transport or to travel in the new vehicle by abandoning the old, dilapidated and non-environment friendly vehicle. No one has the right to syndicate/cartel and operates the old vehicles
- In today's competitive age, no government body can be exempted from not registering new transport on any pretext since it is the natural right of the citizen to do business by purchasing new, quality, and reliable means of transportation.
- No one has the right to a monopoly over the public transport service. It should be operated based on proper competition. No one can force the consumers to take the service by maintaining the monopoly of the market as it is deemed as an act of frustrating the constitutional and legal right.

8.6. Tulashi Simkhada vs. Office of the Prime Minister and Council of Ministers et al.[70]

The Supreme Court observed that Article 44 of the Constitution guarantees that every consumer shall have the right to obtain quality goods and services, and a person who has suffered injury from any substandard goods or services shall have the right to obtain compensation. According to the constitution, it is the constitutional right of every citizen to receive services as per the criteria prescribed by law and assurance of safe services. Regarding the operation of vehicles on long routes, operating vehicles without fulfilling the criteria prescribed by the Vehicle and Transport Management Act is against the interest of the consumers and is deemed punishable according to the law. The Constitution and the prevailing laws do not leave any space for negligence regarding the services afforded to the consumers.

II. Liability and Compensation

8.7. Ramakanta Mainali vs. Dhrubabahadur Karki[71]

In this case, the Supreme Court observed that since the cement used in the construction was deemed inferior quality by the test report obtained by the Department of Quality and Measurement, the defendant is obliged to pay the compensation to the plaintiff.

8.8. Ahamad Miya vs. Prithivi Chandra Hospital et al.[72]

The Supreme Court held the hospital was found negligent as the septicemia infection could have been prevented if the basic physical facilities were available at the hospital and therefore the patient was entitled to compensation.

8.9. Amar Nath Amatya vs. Surya Kumari Adhikari[73]

70 NKP 2075, Vol. 60, Issue 11, Decision No. 10129
71 NKP 2058 Vol 11,12, Decision No.. 7046
72 NKP 2075, Vol. 60, Issue 7, Decision No. 10061
73 NKP 2076, Vol. 61, Issue 10, Decision No. 10377

The Supreme Court held that patient's full consent should be obtained for his/her treatment. According to the consent of the patient (Doctrine of Informed Consent), an appropriate procedure should be adopted for treatment. The service provider should not be excluded from the vicarious liability arising out of the damage resulting from the improper management.

8.10. Yeti Airlines Pvt. Ltd. vs. Gham Raj Luitel[74]

Service providers should be made accountable by ensuring that the air transport service providers bear the responsibility and provide compensation in the case where the consumer is harmed due to negligence or due to lack of quality service. Therefore, a directive order was issued in the name of the Council of Ministers to ensure the quality of air transport by determining the quantum of compensation.

III. Call for a Pro-active Role of State and Reforms thereof

8.11. Bishnu Prasad Timsina Vs. National Academy of Medical Sciences[75]

In this case, the Supreme Court laid down the following principle:

- Citizens' access to medicine is one of the vital aspects of the fundamental rights of the citizen regarding health. It is an important right to guarantee the right to health. The state should make the sale and distribution of medicine easy, effective, and accessible. And it is the duty of the state to ensure that the citizens are acquiring medicines easily and effectively.
- The state should take adequate precautions in the sale and distribution of goods as it is directly related to the rights to health. The activities of the state in this regard should be based entirely on the public interest and public welfare.
- The price of medicine affects the citizens' access to medicine. Citizens' access to medicine does not only mean the availability of medicine. The state of access to medicines should be looked in relation to the question of whether or not the citizens can buy the available medicines and whether the citizens should bear any additional cost while purchasing the medicines.
- The hospital having its own land and building to operate the pharmacy has allowed the private pharmacy to operate instead of operating the pharmacy itself. It results in an extra-economic burden to the citizens and it is a violation of the citizen's right to health.
- The state should not neglect the fundamental rights of citizens such as free basic health care provided by the constitution due to lack of financial resources.
- The rights provided by the constitution as fundamental rights are the promises made to the citizens by the constitution and it is the responsibility of the state to guarantee it to the citizens by implementing those rights.

[74] NKP 2075, Vol. 60, Issue 4, , Decision No. 9989
[75] NKP 2075, Vol.2, Decision No. 9957

- Pharmacy service is an integral part of hospital service. The fact that a pharmacy is operating near a hospital does not mean that the hospital has provided pharmacy services.

8.12. Kanchan Krishna Neupane vs. Office of the Prime Minister and Council of Ministers et al.[76]

The Supreme Court observed that the laminated bags should be used to pack the cement to maintain hygiene, consumers' interest, workers' interest, and public health, and therefore it was necessary to formulate and implement certain criteria regarding the production, storage, transportation, and sale of cement. A directive order was issued in the name of the respondents to make necessary arrangements for effective monitoring, regulation, and control in the transportation and distribution of goods packed in inferior or laminated bags.

8.13. Tulsi Simkhada vs. Office of the Prime Minister and Council of Ministers et al.[77]

The Supreme Court observed that viewing from the eyes of the consumer, excessive use of pesticides has a direct impact on human health and the environment, which is detrimental to human health. In such a situation, the Government of Nepal should immediately form a body to register the sale and purchase of pesticides.

8.14. Bishnu Prasad Pokhrel et al. vs. OPMCM et al.[78]

The Supreme Court pronounced that to make more effective legal arrangements to control poisonous or substandard alcohol and to compensate in case of damage caused to the public interest, public health, and public interest due to the sale and distribution of such illegal products.

The existing Liquor Act, 2031 (1974) is not sufficient to promote public health, public interest, and doesn't cover the issues like the right to compensation, protection of consumer rights, and control and punishment of illegal acts and fails to prohibit, prevent and regulate unwanted or immoral acts. Therefore it is necessary to revise and amend the existing Liquor Act and enforce the right to life and human rights, including consumer rights, environmental rights, and fundamental rights.

<u>Analysis of the Cases:</u>

The decisions of the apex court reflect the progress, successes, and shortcomings of legal and institutional regimes of consumer protection. In some cases, the court has recognized that some matters related to consumer protections fall under the exclusive domain of the executive and the court can't interfere in it, whereas in the majority of the cases, the court has been setting valuable precedents, playing an important role in the implementation of the consumer-related laws, protecting the rights of consumers, and setting the required standards. The apex court has indeed recognized consumer

[76] NKP 2075, Vol. 60, Issue 10, Decision No. 10125
[77] NKP 2076, Vol. 61, Issue 3, Decision No. 10230
[78] NKP 2076, Vol. 61, Issue 2, Decision No. 10186

rights as an absolute and special right linking them with constitutional and other legal rights. It may be concluded that several petitions have been brought before the court and the court's verdicts in such cases create an impression of remarkable judicial activism in the arena of consumer justice in Nepal.

9. Findings:

Consumer rights have become fundamental in the wake of globalization and the development of consumers' jurisprudence. This has shifted the regime of consumer law to public law, departing from private law (specifically contractual and tortious law). Accordingly, consumer rights have been entrenched in the constitution and other legal instruments. Furthermore, the Supreme Court has played an important role in establishing the judicial principles, revising and interpreting the laws related to consumer protection.

Consumers in Nepal are still in the dark about their basic rights and obligations as consumers. In the absence of effective implementation of laws, consumers are being cheated and exploited by some dishonest businessmen and vested interest groups. There exist overlapping and contradiction in the legal provisions regarding the institutional mechanisms for dispute settlement or investigation process. There is no clear demarcation of the jurisdiction of different government agencies and also there is a lack of good coordination among them. This has ultimately created several problems for the realization of the rights of the consumers.

Consumer Sovereignty is the motto of Consumer Jurisprudence. However, in Nepal, markets are guided by only the business and profit-oriented motive by which consumers are facing many problems. There are limited Non-Governmental Organizations relating to consumer protection. Their role is limited only to the center level, and their network has not been expanded at the district or local level. Mass Media and Civil Society are the standing point of the consumers but in Nepal, their role is not satisfactory in reality.

The concept of tort liability is the heart and soul of consumer protection. Although Nepalese law is greatly impacted by the common law, it has not been able to adopt this concept properly. There are many laws and mechanisms to ensure consumer welfare. Despite having consumer protection laws in Nepal, the consumers have been still widely victimized. Various factors are responsible for this sad situation. Some of them are:

- The reluctant attitude of the government agencies to implement the law in true spirit.
- Lack of awareness among consumers about their rights and duties.
- The majority of consumers are poor and illiterate.

- Consumer's negligence about their right or quality of goods or services.
- The landlocked situation of the country and open border with India, etc.

10. Suggestions:

- Consumers' right to redress is very crucial. Therefore, Consumer Court should be established at the district, regional as well as national levels. Alternatively, each court should have a consumer bench entrusted with the responsibility of hearing consumer-related cases.
- For the effective enforcement of the present legal provisions relating to Consumer Protection, we need to make a powerful monitoring mechanism with a participatory approach of all stakeholders such as different governmental agencies, civil society, media person, consumer rights activist, etc. Then, they should start the effective monitoring about goods and services both provided by the market.
- Consumer protection awareness is to be built in all levels of student life. Therefore, the curriculum is to be made mandatory to provide consumer education at the school to college level.
- The consumer protection law should be amended as per the current global, regional, and national scenarios as consumer issues are becoming very complex day by day.
- The principle of tort liability is the heart and soul of consumer protection. Therefore, the concept of tort liability should be adopted properly to protect all types of consumers' rights which are not covered by the present legal instrument properly.
- The low-income group is the least educated group, and they lack awareness about their rights and responsibilities. So this group needs to be armed with a lot of information and training on the major consumer protection issues and their rights.
- The government must be committed to enabling consumers to get redress that is speedy, fair, inexpensive, and accessible justice.
- All the state agencies which are set up for the protection and promotion of consumer rights must work in a coordinative manner with each other.
- The Department of Commerce should set up a national hotline for providing advice and counseling services for consumers.
- Non Governmental Organizations relating to consumer protection, Mass Media, and Civil Society should be active and conscious of the protection of consumers' rights.

- Nepal, being a landlocked country with open borders, has the disadvantage of inflow of low-quality goods and services at high prices. Therefore, consumer protection measures and enforcements must be set up to check and control such activities.

- The law alone is not enough to protect consumer rights. There should be effective implementation of this legislation. In this context, the following are the suggestions for the effective protection of consumer rights practically:

    - Educate consumers to develop an understanding of their rights and responsibilities as consumers.

    - Organize the consumer together to develop the strength and influence and to promote and protect their interest.

    - Punishment should be imposed more effectively so that manufacturers, shopkeepers, and service providers should think twice before adopting the fraudulent practices.

    - Set a campaign in motion to involve each consumer to make them more conscious and aware of their rights and responsibilities.

    - Make intensify efforts for the publicity aimed at consumer protection.

    - Inspect the market regularly to control the quality of goods and services.

    - Make the consumers fully aware and educate them about defective goods or deficiency of services.
- Given the new developments and changing patterns of consumer behavior (eg: use of ICT), laws should be amended to address the emerging issues.

Suggestions Provided by the Administrative Reform Suggestion Committee on Strengthening the Bodies Related to Consumer Interest Protection

Administrative Reform Suggestion Committee has noted that the ultimate goal of good administration is consumer satisfaction, and therefore special efforts should be made to improve the market and protection of consumer interests. For this, the committee has recommended the following suggestions:[७९]

- Monitoring should be prioritized.
- District-level offices should be established to regulate, inspect and monitor the goods and services.
- Local bodies should be empowered to issues reformative

[79] See Administrative Reform Suggestion Committee, *Report of Administrative Reform Suggestion Committee 2070*, at 485-488 (2014)

measures.

- Prevailing laws of Nepal relating to goods and services should be reviewed in the line of United Nations Guidelines for Consumer Protection, 1985, and an integrated policy on consumer protection should be formulated.
- Adequate penalties should be imposed based on the nature of the offense.
- Awareness programs should be conducted.
- Consumer Protection Fund should be established.
- Advertisements should be regulated.
- An action plan should be formed to control and regulate the malpractice related to the prevailing measuring and weighing system.
- Consumer protection issues should be incorporated into the school and university syllabus.
- An action plan should be prepared to control and regulate the monopoly, cartel, and syndicate.
- Necessary Services Operation Act and the Essential Commodities Control Act should be effectively implemented by amending the relevant provisions to ensure the proper supply of essential goods or services.
- Strict action should be taken against the suppliers involved in the black-marketing of the goods or services, and those involved in the improper storage, fraudulent sale, and distribution of the goods.
- Acts like black-marketing, sale and distribution by misrepresentation, and unnecessary storage of goods should be strictly punishable under the prevailing Black Marketing Act.
- The capacity of the stakeholder should be built, and relevant studies and research should be conducted.
- Activities like developing the consumer and consumers' associations as the demand side for consumer protection, strengthening such organizations by regulating them, emphasizing research, and continuously implementing the measures for improvement should be undertaken.
- Consumer rights should be protected by establishing consumer courts in each district for the effective implementation of the Consumer Protection Act.

11. Conclusion

Consumer rights have become fundamental in the wake of global technological and scientific developments. It can be said that without the quality of goods and services, quality of life is impossible. Therefore, above mentioned suggestions are put forward to improve the situation and ensure consumer rights thereof. If the suggestions outlined above are implemented properly, they will address several contemporary consumer protection issues and problems in Nepal. However, they are not an exhaustive list.

It can be concluded that consumer rights in Nepal have started to get huge importance after it was ensured as the fundamental right by the constitution, however, several statutes including the specific Act related to consumer rights were enacted before it.

Because of mass illiteracy, particularly in the poor and the disadvantaged section, the consumers are not aware and conscious of their rights and responsibilities as consumers. Generally, illiterate consumers are caught in a vicious circle of food and commodity adulteration, being cheated in weighing and measuring, hoarding, and artificial price-hike. Awareness remains the key factor to the successful implementation of consumer rights.

References

Books/Report:

- Administrative Reform Suggestion Committee. *Report of Administrative Reform Suggestion Committee 2070*. Kathmandu: Administrative Reform Suggestion Committee, 2014.
- Aggarwal, V.K. *Consumer Protection: Law & Practice*. New Delhi: Bharat Law House, 2015.
- Consumers International. *The State of Consumer Protection Around the World*. London: Consumers International, 2013.
- Dhungana, Tek Prasad and et al. *Consumer Protection: Concept, Law and Practice*. Kathmandu: Makalu Publications, 2062.
- Harvey, B.W. & D.L Parry. *The Law of Consumer Protection and Fair Trading*. Oxford: Oxford University Press, 1996.
- Majumdar, P.K. *Law of Consumer Protection in India*. New Delhi: Orient Publishing Company, 2005
- Nayak, Rajendra Kumar. *Consumer Protection Law in India: An Eco-Legal Treatise on Consumer Justice*. New Delhi: Indian Law Institute, 1991.
- Singh, Gurjeet. *Consumer Protection and the Law.* New Delhi: D & D Publication, 1996.
- Sivaprakasam, P. and S. Rajamohan. *Consumer Empowerment: Rights and Responsibilities*. New Delhi: Kanishka Publishers Distributors, 2001.
- Smith, Adam. *The Wealth of Nations*. New York: Modern Library, 1937.

Journal Articles:

- Benöhr, I. *The United Nations Guidelines for Consumer Protection: Legal Implications and New Frontiers* 43.1. JOURNAL OF CONSUMER POLICY (2020)
- Berger, Diya. *A Tale of Two Movements: Consumer Protection in the U.S. from 1969 to 2010* COLLEGE UNDERGRADUATE RESEARCH ELECTRONIC JOURNAL (2013)
- Greenstein, R. *Social rights, essential services, and political mobilization in post-apartheid South Africa*. 29 JOURNAL OF CONSUMER POLICY (2006).
- Jolowicz, J.A. *The Protection of the Consumer and Purchaser of Goods under English Law* 32 MODERN LAW REVIEW (1969)
- Kapoor, Sheetal. *Mediation And Consumer Protection* 7 INTERNATIONAL JOURNAL ON CONSUMER LAW AND PRACTICE (2019)
- Koolwal, Mahesh. *Consumer Jurisprudence* 2.1. NALCAR LAW REVIEW (2004-5).
- Panicker, Lavanya Ajaykumar. *Contemporary Issues of Consumer Protection* 4 INTERNATIONAL JOURNAL OF LAW MANAGEMENT & HUMANITIES (2021)
- Thakuri, Mihir Kumar. *Annual Survey of Law of Consumer Protection in Nepal* 3 ANNUAL SURVEY OF NEPALESE LAW (2002)
- Verma, D.P.S. *Developments in Consumer Protection in India* JOURNAL OF CONSUMER POLICY (2002)

Websites:

- Basant Kumar. (2014). *Consumer Protection Legislations in South Asian Countries: The Emerging Trend*. Available at: http://www.besiweb.com/wpcontent/uploads/2014/12/OrdCont06.pdf.
- Cunniff John, (1999). *'The Consumer is King'*. Available at: http://www.bouldernews.com
- Kamal Kant Poudel.(2011). *Understanding Provisions of Consumer Protection in Nepal*. Available at : http://www.consumersinternational.org
- Mihir K. Thakur. (2014). *'State of Consumer Protection in Nepal'*. Available at: http://www.hss.ruh.ac.lk/ejournal/publications/consumers_rights.pdf.